# महानगर साहित्य दर्पण-३



भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान

# महानगर साहित्य दर्पण-३, २०८१

## प्रकाशन/सम्पादन मण्डल




**रेनु दाहाल**
प्रमुख / कुलपति
संरक्षक



**चित्रसेन अधिकारी**
उप-प्रमुख
सल्लाहकार



**लक्ष्मीप्रसाद पौडेल**
प्रमुख प्रशासकीय अधिकृत
सल्लाहकार



**इन्द्रप्रसाद रेग्मी**
उपकुलपति
सल्लाहकार



**सुवासचन्द्र आचार्य**
शिक्षा निर्देशक
सल्लाहकार




**केदारनाथ खनाल**
प्रधान सम्पादक



**प्रकाश चापागाई**
सम्पादक




**जगन्नाथ पण्डित**
सम्पादक



**सुरेन्द्र अस्तफल**
सम्पादक



**बालकृष्ण थपलिया**
कार्यकारी सम्पादक




# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
# भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

कृति : **महानगर साहित्य दर्पण, अङ्क-३**

संरक्षक : रेनु दाहाल, महानगर प्रमुख/कुलपति
सल्लाहकारहरू : चित्रसेन अधिकारी, उप-प्रमुख
लक्ष्मीप्रसाद पौडेल, प्रमुख प्रशासकीय अधिकृत
इन्द्रप्रसाद रेग्मी, उपकुलपति
सुवासचन्द्र आचार्य, शिक्षा निर्देशक
**प्रधान सम्पादक : केदारनाथ खनाल**
सम्पादकहरू : प्रकाश चापागाई, जगन्नाथ पण्डित, सुरेन्द्र अस्तफल
**कार्यकारी सम्पादक : बालकृष्ण थपलिया**

आवरण कला : प्रकाश थापा (प्रथा)
पछाडि भित्री आवरण चित्रः दिविजा रेग्मी
प्रकाशक : भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान**
भरतपुर, चितवन

सर्वाधिकार © : भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान

प्रकाशन वर्ष : २०८१, असार

कम्प्युटर : आर.सी./सञ्जय आले मगर

मुद्रण : सिद्धबाबा प्रेस प्रा.लि.
भरतपुर, चितवन, सम्पर्कः ९८५५०५००४०

यस दर्पणमा समावेश भएका लेख रचनाहरूको जवाफदेहिता लेखकहरू स्वयम्मा रहने छ।

**– सम्पादक मण्डल**

# भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान

**भरतपुर महानगरपालिका**

भरतपुर चितवन, बागमती प्रदेश, नेपाल

स्था: २०७८

प.सं.:

च.नं.:

मिति २०८१ असार १७

## शुभ-कामना !

मानिसहरू जुनसुकै पेसा-व्यवसायमा होउन्, साहित्य, कला, सङ्गीतबाट टाढा रहन सक्दैनन् । मानिसका रूचिअनुसार यसप्रतिको अनुराग धेरै-थोरै हुन सक्छ तर कोही पनि यसबाट निरपेक्ष रहन भने सक्दैनन् भन्ने लाग्छ । हाम्रो दैनिक कार्यव्यहारमा पनि साहित्य, कला, सङ्गीतको गहिरो प्रभाव परेको हुन्छ । साहित्यलाई समाजको ऐना हो भनिन्छ । साहित्यमा समाजको यथार्थ चित्र प्रतिबिम्बित भएको देखिन्छ पनि । सर्जकहरूले आफूले भोगेको वर्तमान र सोचेको भविष्य साहित्यमा उर्ताछन् । सभ्य समाजका अगुवा, नीति निर्माता, सरोकारवालाहरूलाई यसले पृष्ठपोषणको कार्य गर्दछ ।

भाषा, कला, साहित्य, सङ्गीत हाम्रा अमूल्य निधि हुन् । यसको खोजी गर्नु, संरक्षण गर्नु, प्रवर्धन गर्नु हामी सबैको दायित्व पनि हो । यसैक्रममा भरतपुर महानगरपालिकाले महानगर प्रज्ञा-प्रतिष्ठानको स्थापना गरेर विविध साहित्यिक, सांस्कृतिक, प्राज्ञिक गतिविधिहरू सञ्चालन गर्दै आएको छ । यसका माध्यमबाट राष्ट्रिय प्रतिभाहरूको जयन्ती विशेष कार्यक्रम, निबन्ध, कथा, कविता, गीत, चित्रकला आदि प्रतियोगिताहरू सञ्चालन, महानगरबासी साहित्य साधकहरूलाई सम्मान, महानगर प्रज्ञा पुरस्कारको स्थापना र अर्पण, पाण्डुलिपि प्रोत्साहनजस्ता कार्यक्रम सम्पन्न भएका छन् । प्रतिष्ठानको माध्यमबाट यहाँका भाषा-साहित्य, कला-संस्कृतिका अनुरागीहरूका प्राज्ञिक सिर्जनाहरू फुल्न, फल्न, मौलाउन, फैलन मद्धत पुगेको विश्वास लिएको छु ।

अन्त्यमा, महानगरको भाषा-साहित्य, कला-संस्कृति टल्काउने र यहाँका साहित्यिक प्रतिभाका लेखन सीप र सिर्जना झल्काउने **महानगर साहित्य दर्पण** अङ्क तीनको प्रकाशन तथा सम्पादन कार्यमा जोडिनु भएका सबैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै यसको गुणस्तरीय प्रकाशनको कामना गर्दछु ।

..............

रेनु दाहाल

नगर प्रमुख/ कुलपति

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

## BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive

Bharatpur, Chitwan, Bagmati Province, Nepal

# शुभ-कामना !

भरतपुर महानगरपालिका, भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानले भाषा-साहित्य, कला-संस्कृतिको संरक्षण गर्ने प्रयासस्वरूप **महानगर साहित्य दर्पण अंक-३** प्रकाशन गरेको छ । महानगरले यहाँको साहित्य, कला, संस्कृति झल्कने खालका लेखरचना समावेश गरी प्रकाशन गरेको दर्पणका माध्यमबाट आगामी दिनमा यसबारे गहन खोज, अनुसन्धान गर्न र कतिपय सन्दर्भमा नीति निर्माण तहमासमेत प्रभावकारी कार्य गर्न सहायक हुनेछ भन्ने विश्वास गरेको छु ।

महानगरको दशौं नगरसभाबाट भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ऐन २०७८ पारित गरेसँगै प्रज्ञा-प्रतिष्ठान गठन भएको हो । प्रतिष्ठानले राष्ट्रियस्तरका विविध प्रतियोगितात्मक साहित्यिक कार्यक्रमहरूका अलावा महानगरभित्रका साहित्यकारहरूलाई प्रोत्साहन पुग्ने थुप्रै गतिविधिहरू सञ्चालन गरिरहेको छ । म आफूले पनि भ्याए पाएसम्म यस्ता कार्यक्रमहरूमा सम्लग्नता जनाउने गरेको छु । यी कार्यक्रमहरूबाट यहाँको कला र संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण र प्रवर्धन हुने अपेक्षा लिएको छु । प्रतिष्ठान र यसले सञ्चालन गर्ने कार्यक्रमहरूका माध्यमबाट यहाँका सम्पूर्ण साहित्यिक स्रष्टाहरू, संस्थाहरू, सस्कृतिकर्मीहरूको साझा चौतारी बन्न सकोस् भन्ने कामना गर्दछु ।

अन्त्यमा, लेख रचना उपलब्ध गराउनु हुने समस्त विद्वान लेखकहरू, अन्वेषक तथा समीक्षकहरू, सम्पादन मण्डलमा रहेर सक्रिय भूमिका निभाउनु हुने प्रधान सम्पादक केदारनाथ खनाल लगायत सम्पादकज्यूहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यसको प्रकाशनमा प्रत्यक्ष तथा परोक्षरूपमा सहयोग गर्नुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

.....................

चित्रसेन अधिकारी

उप-प्रमुख

उप-प्रमुख

मिति : २०८१ असार १७

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

**BHARATPUR METROPOLITAN CITY**

**Office of Municipal Executive**

Bharatpur, Chitwan, Bagmati Province, Nepal

## शुभ-कामना !

साहित्य समाजको दर्पण हो । प्रतिविम्व हो । साहित्य, कला- संस्कृतिका माध्यमबाट समाजको वास्तविकता अध्ययन गर्न सकिन्छ । भापा-साहित्य, कला-संस्कृति हाम्रा अमूल्य निधि पनि भएकाले यसको यसको खोजी, संरक्षण, प्रवर्धन गर्नु हामी सबैको दायित्व हो । साहित्यमा लागेकाहरूलाई हौसला दिनु, प्रोत्साहन गर्नु, समाज, समुदाय र सरकारको जिम्मेवारी पनि हो ।

भापा-साहित्य, कला-संस्कृतिको उन्नयनका लागि भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान गठन भइ यसले सञ्चालन गरेका विविध कार्यक्रमबारे जानकारी पाउँदा ज्यादै खुसी लागेको छ । प्रज्ञा-प्रतिष्ठानले सञ्चालन गरेका विविध कार्यको अभिलेखीकरण र स्थानीय प्रतिभाहरूका कलात्मक सिर्जनाहरूले रङ्गिएको **महानगर साहित्य दर्पण अङ्क** तीनका माध्यमबाट यहाँको साहित्य, कला, संस्कृतिका विविध पाटा खोतल्ने, उत्खनन गर्ने वा मीठामीठा कथा, कविता, निबन्धको आस्वादन गरेर रमाउने साझा आँगन वा थलो बन्न सकोस् भन्ने अपेक्षा गर्दै यसको निरन्तर प्रकाशनको कामना गर्दछु ।

यस दर्पणमा लेखक, समालोचकहरूको गहन परिश्रमबाट भरतपुर महानगरको साहित्यिक इतिहास र विविधतालाई जीवन्तता दिने प्रयास गरिएको छ । यसमा समावेश भएका कविता, कथा, निबन्ध, कलाकार परिचय, प्रज्ञाप्रतिष्ठानका विगत-आगतका कार्यक्रमहरूको अध्ययनबाट यहाँको सामाजिक, आर्थिक, राजनीतिक अवस्थाको अध्ययन, अनुसन्धान, अन्वेपण गर्नेहरूका लागि सहायक सामग्री हुने विश्वास लिएका छु । यी सामग्रीका समावेशले दर्पणको महत्त्व बढाएको महसुस गरेका छु ।

अन्त्यमा, समृद्ध र सुसंस्कृत भरतपुर महानगर बनाउने महानगरको महान् उद्देश्यपूर्तिको लागि भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानमार्फत गोलबद्ध हुनुहुने सम्पूर्ण साहित्य, कलासंस्कृति अनुरागीहरूप्रति आभारी रहँदै दर्पणका लागि गहन लेखरचना उपलब्ध गराउनुहुने सबै लेखकहरू प्रति हार्दिक धन्यवाद र आभार प्रकट गर्दछु । प्रकाशन समिति तथा सम्पादन मण्डलका साथीहरूको अथक मिहिनेतले नै यसले पूर्णता पाएको हो । उहाँहरूको योगदानको कदर गर्दै हृदयतः धन्यवाद ज्ञापन गर्दछु ।

मिति : १८ असार २०८१

लक्ष्मीप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रकाशकीय/सम्पादकीय

## साहित्य दर्पणको निरन्तरता र साहित्य, कला, संस्कृतिको प्रतिबिम्ब

साहित्य, कला, सङ्गीत नभएको व्यक्ति सिङ र पुच्छर नभएको पशुसमान ( 'साहित्य सङ्गीत कला विहीन, साक्षात् पशु पुच्छ विषाणहीन ! ) हुन्छ भनिन्छ । हाम्रा सभ्यता, संस्कार र शिष्टतामा पनि साहित्य, कला, सङ्गीतले गहिरो प्रभाव पारेको हुन्छ । साहित्यलाई समाजको दर्पणकोरूपमा लिइन्छ । साहित्यमा समाज देखिन्छ । सभ्य समाजका अगुवा, नीति निर्माता, सरोकारवालाहरूले यसलाई आत्मसात गर्छन् र समाज रूपान्तरणमा यसले सकार ात्मक प्राभाव पारेको हुन्छ ।

भाषा, कला, साहित्य, सङ्गीत हाम्रा निधि हुन् । यसको खोजी, संरक्षण गर्नु, प्रवर्धन गर्नु हामी सबैको दायित्त्व हो । यसैक्रममा भरतपुर महानगरपालिकाले महानगर प्रज्ञा-प्रतिष्ठानको स्थापना गरेर विविध साहित्यिक, सांस्कृतिक, प्राज्ञिक गतिविधि सञ्चालन गर्दै आएको छ । यसका माध्यमबाट राष्ट्रिय प्रतिभाहरूको जयन्ति, राष्ट्रियस्तरका प्रतियोगितात्मक कार्याक्रम महानगरबासी साहित्य साधकहरूलाई सम्मान, महानगर प्रज्ञा पुरस्कारको स्थापना र अर्पण, पाण्डुलिपि प्रोत्साहनजस्ता कार्यक्रम सम्पन्न भएका छन् । प्रतिष्ठानको चौतारीमा गोलबद्ध भई साहित्य, कला संस्कृतिका अनुरागीहरूका प्राज्ञिक सिर्जना मौलाउन, फुल्न, फल्न,फैलन मद्दत पुगेको विश्वास लिएका छौं । २०७८ सालमा प्रकाशित **महानगर साहित्य दर्पण**लाई निरन्तरता दिँदै यस अङ्कलाई समसामयिक अङ्कारूपमा प्रस्तुत गरेका छौं ।

भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानको संयोजनमा आयोजित राष्ट्रिय खुला कथा प्रतियोगिता २०८०, "मेरो सपनाको भरतपुर" शीर्षकमा आयोजित चितवन जिल्लास्तरीय निबन्ध प्रतियोगिता २०८०, भरतपुर भ्रमण वर्ष २०२४ का लागि "घुमौं भरतपुर" को मूल भावमा आह्वान गरिएको गीतहरू मध्ये उत्कृष्ट गीतहरू, राष्ट्रिय पर्या कविता प्रतियोगिता २०८० का उत्कृष्ट कविताहरू समावेश गराउन पाउँदा यस दर्पणको ओभ्फ बढेको महसुस भएको छ । यसपटक छिमेकी पालिकामा गठन भएका प्रतिष्ठान आवद्ध प्राज्ञहरूको रचनाहरूलाई मित्र साहित्यकारूपमा समेत समेट्दा आपसी हार्दिकता र मित्रता भ्फाँगिने अपेक्षा गरेका छौं । दर्पणमा सकेसम्म महानगरबासीका रचनाहरूका माध्यमबाट यहाँको ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक महत्त्वका सामग्रीहरूलाई प्राथमिकता दिदाँ अन्य धेरै साहित्यकारका रचनाहरू छुटेका छन् । मूर्धन्य कवि, लेखक, समालोचक, अन्वेषकहरूको गहन मिहिनेतबाट सिर्जित विविध सिर्जनाहरू मौलाएका छन् । यिनको अध्ययनबाट यहाँको कला साहित्यको अवस्था आङ्कलन गर्न सकिन्छ भन्ने हाम्रो ठम्याई छ ।

यसमा समाविष्ट लेख रचनाकाबारे स्वयम लेखकहरू नै जिम्मेवार छन् । कथा/निबन्ध/लेख प्रकारका लेखहरूलाई लेखकको वर्णानुक्रम र कविता तथा लघु रचनाहरूलाई स्थान उपलब्धताको आधारमा निर्धारण गरिएको छ । मर्मज्ञ पाठक, समीक्षकहरूबाट सकारात्मक प्रतिक्रियाको हामी सँधै स्वागत गर्छौ । यहाँहरूको रचनामत्क टिप्पणी हाम्रा निम्ति सँधै अपेक्षित छन् ।

अन्त्यमा, **महानगर साहित्य दर्पण अङ्क ३** प्रकाशनका क्रममा हामीलाई निरन्तर हौसला, प्रेरणा र मार्गनिर्देश गर्नुहुने महानगरका प्रमुख तथा प्रतिष्ठानका कुलपति रेनु दाहाल, उप-प्रमुख चित्रसेन अधिकारी, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल, शिक्षा निर्देशक सुवासचन्द्र आचार्य प्रतिष्ठानका उपकुलपति इन्द्रप्रसाद रेग्मीप्रति हार्दिक कृतज्ञ छौं । कार्यकारी सम्पादक बालकृष्ण थपलियाको निरन्तर साधना र सम्पादन मण्डलका साथीहरू प्रकाश चापागाई, जगन्नाथ पाण्डित, सुरेन्द्र अस्तफलको मिहिनेतको जति प्रशंसा गरे पनि कमी हुन्छ । उहाँहरूप्रति साधुवाद ! कम्प्युटर डिजाइनर सञ्जय आले, सिद्धबाबा प्रेस परिवारप्रति आभारी रहँदै विज्ञ पाठक, समालोचक, अन्वेषकहरूको न्यानो स्नेह र रचनात्मक राय-सुभ्फाव पाइरहने अपेक्षा गर्दछु ।

**केदारनाथ खनाल**
**प्रधान सम्पादक**

# विषयसूची


| क्र.सं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| १ | सँधै लेखी राखौं | प्रेमविनोद नन्दन | १ |
| २ | विचरा भोजाड ! | इन्द्रप्रसाद रेग्मी | ३ |
| ३ | प्रकृतिको भाषा | गोविन्दराज विनोदी | ३ |
| ४ | अन्तिम पथ | अनन्त लम्साल | ४ |
| ५ | प्रतीक्षा | सुवास आचार्य | ११ |
| ६ | निर्माणले चुस्त बनोस् भरत्पुर | जगन्नाथ पण्डित | ११ |
| ७ | मृत्युको अपिल | अनिता पन्थी | १२ |
| ८ | हाम्रो चितवन राम्रो चितवन | विज्ञानलाल श्रेष्ठ | १८ |
| ९ | सबको रोज्जा राम्रो चितवन | श्रीभक्तअच्युत वाग्ले | १८ |
| १० | मेरो सपनाको भरतपुर | अनुस्का न्यौपाने | १९ |
| ११ | महानगरको प्रशंसनीय कार्यः पाण्डुलिपि प्रोत्साहन | डा.एकनारायण पौड्याल | २१ |
| १२ | मिथिलाको चाडबाड तथा पूजा संस्कृति | एन.पि. परिहस्त | २४ |
| १३ | घुमौ भरतपुर | सरला जोशी | ३२ |
| १४ | गुरु-ज्ञान | लकाश पौडेल | ३२ |
| १५ | चितवनको उपरदाङगढी : ऐतिहासिक तथा सामरिक महत्त्वको स्थल | प्रा.डा. कर्णबहादुर बानियाँ | ३३ |
| १६ | भरतपुर महानगरमा बालसाहित्यको स्थिति | प्रा. कपिल अज्ञात | ४० |
| १७ | चितवनका दरै जाति : सङ्क्षिप्त परिचय | केदारनाथ खनाल | ४४ |
| १८ | पर्यावरणको अस्तित्व | डा. घनश्याम न्यौपाने परिश्रमी | ५१ |
| १९ | मान्छे | बद्रीप्रसाद दाहाल | ५१ |
| २० | मेरो भरतपुर | प्रभातकुमार जोशी | ५२ |
| २१ | भरतपुर गान | दीपक प्रधान | ५२ |
| २२ | भरतपुर नगरी | कमल कँडेल “प्रकृति” | ५२ |
| २३ | भ्रमण वर्ष २०२४ भरतपुर घुम्न जाऔ | किसान प्रेमी | ५३ |
| २४ | भ्रमण वर्षमा, २०२४ मनाऔ हर्षमा | प्रकाशबाबु ढकाल | ५३ |
| २५ | भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानद्वारा सम्मानित स्रष्टाहरूको : सङ्क्षिप्त परिचय | केदारनाथ खनाल<br>सुरेन्द अस्तफल | ५४ |
| २६ | भरतपुर महानगरको एक प्राज्ञिक कर्मः भरतपुर प्रज्ञा | डा. केशवराज चालिसे | ५८ |
| २७ | सूत्र कथा | गणेश श्रमण | ६१ |

| क्र.सं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| २८ | चितवन जागे देश जाग्छ | गायत्री श्रेष्ठ | ६२ |
| २९ | मेरो सपनाको भरतपुर | चिरञ्जीवी दाहाल | ६५ |
| ३० | महानगर प्रज्ञाप्रतिष्ठान र भरतपुर प्रज्ञाबारे केही कुरा | डा. धनेश्वर भट्टराई | ७० |
| ३१ | चितवन र यस वरपरका महाकाव्य तथा महाकाव्यकारहरू | प्रा.डा.नारायणप्रसाद खनाल | ७३ |
| ३२ | महानगर साहित्य दर्पण-२ को सङ्क्षिप्त सर्वेक्षण | पूर्णप्रसाद अधिकारी | ८५ |
| ३३ | जेल डायरी | पोषराज पौडेल | ९४ |
| ३४ | अँध्यारो खाडल | प्रकाश चापागाई | १०० |
| ३५ | भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानः वर्ष २०८०/०८१ को सान | बालकृष्ण थपलिया | १०५ |
| ३६ | चितवन जिल्लाका थारूहरूको संस्कार र संस्कृति | भजुमनराम महतो | ११३ |
| ३७ | समकालीन नेपाली कथाको शक्ति र सीमा | भूपिन | १२६ |
| ३८ | पहिचान | मन्दिरा मधुश्री | १३३ |
| ३९ | भरतपुर महानगर  प्रज्ञा-प्रतिष्ठान र भावी कार्यदिशा | महेन्द्र पौड्याल | १४३ |
| ४० | भरतपुर महानगर भित्रका सालिकहरू | मुक्तिनाथ घिमिरे | १४७ |
| ४१ | अमरत्व प्राप्त गर्ने शहीदको विवरणभित्र चितवन | रमाकान्त सापकोटा | १५० |
| ४२ | भरतपुर महानगरवासी स्रष्टाका वि.सं. २०७९ मा प्रकाशित कृतिहरूको सामान्य चिनारी | रमेश प्रभात | १६० |
| ४३ | सिमाना गीत | रेशमलाल श्रेष्ठ | १६६ |
| ४४ | भरतपुर | रह शर्मा | १६७ |
| ४५ | अब लजाउँदैन लज्जावती | राधिका कल्पित | १६८ |
| ४६ | कर्मसन्न्यास | रामबाबु घिमिरे | १७८ |
| ४७ | चितवनको विकासमा राप्तीदून विकास परियोजनाको भूमिका | रामशरण गैरे | १८० |
| ४८ | चित्रकलाको विकासक्रममा, चितवन र डी. बराल | रामहरि श्रेष्ठ | १८९ |
| ४९ | झगडिरहन्छु म रामबाबुसँग | लक्ष्मण अर्याल | १९३ |
| ५० | भरतपुर भ्रमण वर्षमा 'देवघाटधाम अनुष्ठान | विश्वराज सुवेदी ' पि.एचडी' | १९७ |
| ५१ | भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानका प्राज्ञहरूको सङ्क्षिप्त परिचय | विष्णुदेवी तिवारी उषा | २०२ |
| ५२ | सम्भावना नै सम्भावना बोकेको चितवन | विष्णुराज महतो | २१६ |
| ५३ | सहारा | शान्ति शर्मा | २१९ |
| ५४ | राजघोल दरबार : उत्खनन्को पर्खाइमा | श्यामजी अतिथि सेढाई | २२३ |

| क्र.सं. | शीर्षक | लेखक | पेज नं. |
|---|---|---|---|
| ५५ | मेरो सपनाको भरतपुर | सन्तोष सुवेदी | २२९ |
| ५६ | भाग्यको कुरो | समीप खड्का | २३४ |
| ५७ | हाम्रो भरतपुर राम्रो भरतपुर | पुण्यप्रसाद ओली 'सरोज | २३९ |
| ५८ | मेरो सपनाको भरतपुर | स्वस्तिक शर्मा | २४० |
| ५९ | मेरो सपनाको भरतपुर | हरिप्रसाद तिवारी रवि | २४४ |
| ६० | भरतपुर गान | गोविन्द गोपाल खतिवडा | २४७ |
| ६१ | घुमौं भरतपुर | सुरेन्द्र अस्तफल | २४७ |
| ६२ | गीत | नवीनराज पौडेल | २४८ |
| ६३ | हाम्रो भरतपुर | विष्णुबाबु देवकोटा | २४८ |
| ६४ | हाम्रो भरतपुर | मुक्तिप्रसाद सापकोटा | २४९ |
| ६५ | भरतपुर गाथाः | पदम अर्याल | २४९ |
| ६६ | भरतपुर भ्रमण वर्ष २०२४ को गीत | विश्ववन्धु गुरुङ | २५० |
| ६७ | भरतपुर गान | रमेश प्रभात | २५० |
| ६८ | घुमौं भरतपुर | बाबुराम पोखरेल | २५१ |
| ६९ | मध्य नेपालको सुन्दर सहर भरतपुर | विनोद सापकोटा "सौगात" | २५१ |
| ७० | चौतारो : एक आत्मालाप | सुवास सजल | २५२ |
| ७१ | उभिएर आफ्नै चिहानमाथि | रेणुका जि सी | २५३ |
| ७२ | भेन्टिलेटरको सहर | परिवेश चापागाई | २५३ |
| ७३ | अनन्त मुस्कान | समर्पण न्यौपाने | २५४ |
| ७४ | मान्छे र पृथ्वी | खगेन्द्र अटल | २५५ |
| ७५ | इन्द्रेणी सपना | भरत थापा | २५५ |
| ७६ | पर्वतको यात्रामा.. | सिजन श्रेष्ठ | २५६ |
| ७७ | धर्ती रहेसम्म हो | सुलभ अधिकारी | २५७ |
| ७८ | परलोकको बाटो | बुध्दिबल श्रेष्ठ | २५७ |
| ७९ | धर्तीको बकपत्र | सुन्दर शिरीष | २५८ |
| ८० | प्रज्ञा प्रतिष्ठान आबद्ध पदाधिकारीहरुको सूची | - | २५९ |
| ८१ | पत्रपत्रिकामा प्रज्ञा प्रतिष्ठान | बालकृष्ण थपलिया | २६२ |
| ८२ | छायाँ चित्रमा प्रज्ञा प्रतिष्ठान | बालकृष्ण थपलिया | - |

हस्ताक्षर

# सँधै लेखी राखौं



— प्रेमविनोद नन्दन*

मैले आफ्नै गीत भित्र देखें तिमीलाई
त्यै गीतले आँखाभरी लेखें तिमीलाई

शरदको घाम जस्तो झलमलाइदि तिमी
शरदकै नदी जस्तै कलकलाउदै तिमी
म चित्रकै आकाशमा फैलिरह्यौ तिमी
म सधैँ यो धरतीमा मौलाइरह्यौ तिमी

तिमीलाई देखेपछि आउँछ खुसियाली
तिमीलाई भेटेपछि छाउँछ हरियाली
त मरेता गीतभित्र बाँचिरहने तिमी
मैले रच्ने संसारमा हाँसी रहने तिमी

तिमी मेरो भावनाको गण्डकी हौ तिमी
यो जुनीमा तिमी मेरै जिन्दगी हौ तिमी
तिमीलाई जति गीतमा सधैं देखी राखौं
तिमीलाई गीत बनाइ सधैं लेखी राखौं

* भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानद्वारा स्थापित **नारायणी प्रज्ञा सम्मान** २०७९ बाट सम्मानित सुप्रसिद्ध गीतकार

# साहित्यकार-कलाकार (वाङ्मय ) कोशका लागि विवरण उपलब्ध गराउने बारे जरूरी सूचना

भरतपुर महानगर प्रज्ञा–प्रतिष्ठानबाट निकट भविष्यमा प्रकाशन गरिने साहित्यकार-कलाकार (वाङमय) कोश प्रयोजनको लागि चितवनका पालिकाहरूमा स्थायी बसोबास भएका वा चितवनलाई मूल कर्मक्षेत्र बनाएका कम्तीमा एउटा साहित्यिक कृति प्रकाशन गरेका साहित्यकारहरू र स्थापित कलाकारहरूले देहाय बमोजिमका विवरण **नेपाली युनिकोड कालीमाटी या प्रीति फन्टमा टाइप गरी** एकप्रति फोटोसहित यथाशीघ्र प्रज्ञा-प्रतिष्ठानको सचिवालयमा आइपुग्ने गरी उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

**तपसिल**

साहित्यिक/ उपनाम: वास्तविक नाम :
जन्म मिति : जन्मस्थान :
आमा-बुबाको नाम : हालको ठेगाना :
सम्पर्क नं : टेलिफोन नं. : मोबाइल नं इमेल :
शैक्षिक योग्यता : सेवा /सम्प्रति / सम्लग्नता :
पहिलो प्रकाशित रचना/ कला : स्रोत/माध्यम : वर्ष :
प्रकाशित कृति/ कलाकृतिहरूको विवरण ( वर्ष समेत ):
एकल सम्पादित साहित्यिक कृतिहरू: (प्रकाशन वर्ष समेत)
सामुहिक सम्पादित साहित्यिक कृतिहरू: (प्रकाशन वर्ष समेत)
कलाकारहरूका लागि विधा/क्षेत्र : ललित कला ( चित्रकला, मूर्तिकला, वास्तुकला, संगीत, नाट्य, अभिनय, गायन, वाद्यवादन, नृत्य, अभिनय, चरित्रचित्रण, हास्यब्यङ्ग्यकला, अन्य), रङ्गमञ्च/चलचित्र (लेखन/सम्पादन/अभिनय/निर्देशन):
प्रमुख कला कृति / प्रदर्शनी/ अभिनय, चलचित्र
प्रमुख मान सम्मान तथा पुरस्कार विवरण :
विशेष अभिरूचिको क्षेत्र :
भ्रमण :
विशेष कार्य अनुभव :
साहित्य/कलाकृति सम्बन्धी मान्यता /भनाई :

**द्रष्टव्य :** वाङ्मय कोशमा नाम दर्ता हुन कम्तीमा एक पुस्तकाकार साहित्यिक कृति प्रकाशन भएको र ललितकला, रङ्गमञ्च, र साङ्गीतिक क्षेत्रका कलाकारको हकमा विशिष्टताको आधार उल्लेख भएको हुनुपर्नेछ।

**थप जानकारी तथा समन्वयको लागि**

उपकुलपति : श्री इन्द्रप्रसाद रेग्मी ९८४५०५५२९२
संयोजक/प्रधान सम्पादक : श्री केदारनाथ खनाल ९८५५०५३१२८
प्राज्ञ-सभा सदस्य : श्री विष्णुबहादुर भुजेल ९८५५०९२३३७
प्राज्ञ-परिषद सदस्य : श्री प्रकाश चापागाई ९८५५०५९३१७
प्राज्ञ-परिषद सदस्य : श्री विष्णुदेवी तिवारी उषा, ९८४५०७५७९५
सदस्य सचिव/कार्यकारी सम्पादक : श्री बालकृष्ण थपलिया ९८४५०५११२७
इमेल: pragyapratisthanbhr078@gmail.com

कविता

## विचरा भोजाड !



इन्द्रप्रसाद रेग्मी*

छिचलिन नसक्नुको ढङ्गाडाघारीमा पुर्खौं बिताएको
गाईखर्कमा पशुहरू खर्कायाएर दिनहरू गुजारेको
ठुला ठुला घोलहरूमा ढडिया थापेर
माछा बल्झाएको
तीन वित्ताको लङ्गौटी बेरेर
चोयाको छत्रे टोपीमा टाउको लुकाउँदै
दिनभरि गाई धपाएर
बिहानभरि हलो जोतेर
बेलुकीपख एक डबका जाँड सुर्क्याएर
नुन र खुर्सानीको छोपसँगै
भिनुवाको एकथाल भात डकारेर
लामखुट्टे उपियाँ र उडुसको खप्की खाएर पनि
रातभरी निदाइरहन सक्ने मेरो भोजाड
सिजनमा घोलमा भेटिने
घोगीँ चुस्दै ऊ सन्तोषको सास फेरिरहेछ
धाने ब्याज र तोरी ब्याजको नाममा
सारा पसिना महाजनहरूको सन्दुकमा थन्क्याएर पनि
प्रतिकारको नाममा चुँ गर्न नसक्ने कठै यो भोजाड !
साँच्चै अहिले एउटा ठट्टा बनेर बाँचिरहेको छ
पूर्व,पश्चिम,उत्तर दक्षिणबाट
आएका रङ्गीचङ्गी मान्छेहरूले भरिएका छन्
यसका आँगन करेसा र भित्री बारीहरू
ऊ भने पाखा लागेर
टुलुटुलु हेरिरहेको छ
यहाँका कथित समृद्धिहरू
जसले उसको उसको बास उजाड्यो
जसले उसको गाँस खोस्यो
र उसलाई भित्तो लगाईदियो
अहिले यिनैका करकस फलाकाहरू
ऊ सुनिरहेको छ
विकासमा लम्किरहेको भोजाड
कठै कठै मेरो भोजाड !

卐

* उपकुलपति : भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान

मित्र साहित्य
कविता

## प्रकृतिको भाषा



गोविन्दराज विनोदी*

भनेको होला के सिरिरिरि चलेको पवनले
भनेको होला के रङ बदलिराख्ने गगनले
भनेका होलान् के विहगगणले चिर्बिर गरी
बुझूँ मैले वाणी सरस यिनको लौ न कसरी ?
१
निहार्दै होलान् के प्रिय हरिणका ती नयनले
सिकेका होलान् के समयसित साना सुमनले
दिँदैछन् के शिक्षा शिखर सरिता कल्कल गरी
बुझूँ भाषा खासा प्रकृति रचनाको म कसरी ?
२
भनेका होलान् के प्रिय रवि शशीका किरणले
भनेका होलान् के टलपल सफा शीतकणले
छरूँ भन्दै धर्तीभरि सृजनको निर्मल जल
कुरा कस्तो गर्लान् ? नभतिर डुली बादल दल
३
तुवाँलाको पर्दा झटपट हटाई परतिर
उठाई बिस्तारै हिमशिखरले उन्नत शिर
दिएका छन् कस्तो अभिनव सुशिक्षा मनुजमा
मलाई भन्देलान् कुन विबुधले यो समयमा ?
४
हुनन् इन्द्रेनीका पनि विविध सौन्दर्य-सपना
रुझेका पाखाका कति कति हुनन् सृष्टि-जपना
हुनन् आशा कस्ता कुसुमित लताका अधरमा
हुनन् भाषा कस्ता ? प्रमुदित उषाका नजरमा
५
कठै ! दुख्तो होला मन कति डढेका विपिनको
रुँदो होला आत्मा कति अमुक बाँझो जमिनको
खुसीको, पीडाको, कटु समयको, कष्ट-धृतिको
सुन्यौं कैले वाणी कुन समयमा खै प्रकृतिको ?
६

卐

* उपकुलपति : गैंडाकोट नगर प्रज्ञा प्रतिष्ठान

कथा

# अन्तिम पथ



अनन्त लम्साल*

मोबाइलको घन्टी फेरि बज्यो । यो खेप उसले आफू गुटमुटिएको सिरक भित्रैबाट झिँजो मान्दै हात निकाली र छामछुम गर्दै टेवलबाट मोबाइल उठाएर कानमा टाँसी ।

उताबाट आवाज सुनियो, 'अझै सुतिरा'की छेस् ? ह्याऽऽ कमसेकम फोन बजेको ता सुनिन्छ होला नि !'

'कति फोन गरेको ! भन् छिटो, के भन्न लागेकी !'

'एउटा अफर आ'को छ, दुई दिनको लागि दुई जना । तँ र म जाउँला, भरे सात बजे नाइटमा जाने । के भन्छेस् ?'

'म जान्न, मलाई सन्चो छैन ।' उसले ओठ लेप्च्याएर जवाफ फर्काई ।

'धेर् नाटक नगर् के ! मौका मिल्या बेलाँ याँ त्याँ बहाना नबना । पैसा पनि राम्रै आउँछ, पूरानै मान्छे हुन् ।'

'भो चाहिएन, म जान्नँ तैँ जा !'

'भरे चार बजेसम्म खबर गरे पनि हुन्छ, मन बनाइस् भने चार बज्नुअघि मेरो कोठामा आइपुग्नू, अर्कोमा मेरो फोन आयो, बाइ !'

उताबाट आएको फोन उतैबाट काटियो ।

उसले ओछ्यानबाटै पर्दाको छेउ समातेर बिस्तारै बायाँतर्फ सारी । अस्तिदेखि बादल लागेर धुम्मिइरहेको आफ्नो मानषाकाशलाई बाहिरको झलमल्ल घामले झनै खिसी गरेको भान भयो उसलाई । सडकको छेउछाउ रङ्गीबिरङ्गी स्कुले पोसाकमा सजिएका केटाकेटीको कल्याङमल्याङले उसको ध्यान खिच्यो । कोही आमाको हात समातेर उभिइरहेका थिए, कोही बाउको अँगालोमा चपक्क टाँसिएका थिए त कोही, जो अलि हुर्किसकेका थिए, ती एकापसमा चरा झैं चिर्बिराइरहेका थिए । उसलाई ती केटाकेटी कोही फूलजस्ता, कोही चराजस्ता र कोही पुतलीजस्ता लागे । केटाकेटी हेर्दाहेर्दै उसका ओठ पनि सहसा फूल जस्तै मुसुक्क मुस्कुरायो ।

यी केटाकेटीको वयमा ऊ पनि फूल जत्तिकै सुन्दर थिई अरे, र त उसका आप्पाले उसको नाम ' म्हेन्दो' राखिदिएका । ऊ सानी छँदा उसकी आमाले उसलाई भनेको सम्झना छ । ऊ चरा जस्तै चिर्बिराउँदै बनपाखा डुल्थी र पुतलीझैं फुर्फुर-फुर्फुर गर्दै चञ्चल हुन्थी । म्हेन्दोलाई उसका ग्राहकहरू यदाकदा हिजोआज पनि फूल र पुतलीको उपमा दिँदै उसका गालाहरू चिमोटिरहन्छन् । उसले थाहा पाउने भएदेखि धेरैले, धेरै तरिकाले उसका गालाहरू चिमोटिरहे । भाइबहिनी हेरेर घरमा बसेको दिन आमाले उसका दुवै गाला प्रेमले मुसार्दै कुटुक्क चिमोट्दै भन्थिन् 'मेरी म्हेन्दो, म्हेन्दोभन्दा राम्री छे ।'

गाउँबाट लगभग एक घण्टाको ठाडो उकालो काटेर म्हेन्दो स्कुल पुग्दा उसका राता गाला झनै राता हुन्थे मानौं अब ती गालाबाट रगत चुहिन्छ । पहिलो घन्टी पढाउने गणित शिक्षकका हातहरू म्हेन्दोका राता स्याउ झैं गाला चिमोट्दै कान र गर्धनसम्म पुग्दथे, ऊ असहज अनुभूत गर्थी र निर्जीव भएर घोप्टिरहन्थी । शिक्षक भन्थ्यो 'यसरी सधैं ढिलो आएर पनि पढिन्छ ?' ठिक उसै गरी एकान्तको मौका छोपी उसका टाढाका दाजु पर्ने ग्याल्जेन पनि म्हेन्दोका गाला सुम्सुम्याउँदै भन्थ्यो 'कस्तो रातो गाला मेरो बुरिङको ! मेरो बारीको स्याउ जस्तै, देख्दैमा टोकुँटोकुँ लाग्ने !'

ऊ ह्वास्स जाँड गन्हाउने मुख म्हेन्दोतर्फ बढाउँथ्यो, म्हेन्दो घिनले दिगमिगाउँथी र डरले निलीकाली हुँदै गोठतिर दगुर्थी । ग्याल्जेन कथाको

---

* भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित **राष्ट्रिय खुल्ला कथा प्रतियोगिता** २०८० का सर्वोत्कृष्ट कथाकार

राक्षसझैं तिघ्रा ठटाउँदै अट्टाहास गर्थ्यो ।

स्कुल बस आएर सडक किनारमा रोकियो। सबै केटाकेटी आ-आफ्ना अभिभावकलाई हात हल्लाउँदै बसभित्र छिरे ।

सहसा म्हेन्दोलाई पनि सानी स्कुले केटी बनेर तिनीहरूको हुलमा हराउने रहर भयो । उसले उसको गाउँको स्कुल पढ्दा यो सहरको जस्तो सुखसुविधा र चलन भोग्न पाइन । थोत्राथाम्रा टालेका लुगाले आङ ढाकेर ठाडो उकालोमा स्याँस्याँ र फ्याँफ्याँ गर्दै एक घण्टा उक्लेपछि उसको स्कुल नामको सानो झुप्रो आउँथ्यो । एकातिरको किलाले साथ छाडेपछि अपाङ्ग झैं देखिने रङ्ग उडेको बोर्डमा धमिला अक्षरमा उसको स्कुलको नाम लेखिएको थियो 'गोसाइँकुण्ड प्राथमिक विद्यालय'। त्यही झुप्रो विद्यालयबाट उसले अक्षर चिन्न सक्ने भई। उसको बालापनले भोगेको सामाजिक, भौगोलिक र आर्थिक दरिद्रता सम्झेर ल्याउँदा म्हेन्दोको आङ अझै पनि जिरिङ्ग हुन्छ। यी सबै दरिद्रता, दुःख र कष्टका दिनहरू सिरीखुरी यादको एउटै पोको बनेर आउँदा त्यो बडेमानको पोकोभन्दा आप्पाको सानो धमिलो तस्विर उसलाई झनै बोझिलो लाग्छ।

म्हेन्दोलाई उसको आप्पाको सम्झना नै नभएको भने होइन, सम्झना त छ तर धमिलोधमिलो। कताकता हो कि होइन जस्तो, तर उसलाई त्यही हो कि होइन जस्तोले आजका दिनसम्म भर दिइरहेको छ । उसले मन भरिने गरी आप्पाको बुइ चढ्ने मौकै पाइन । आप्पाको पिठ्युँले बाँचुञ्जेल छोराछोरीभन्दा भारी ज्यादा बोक्यो । जिम्मेवारीको लगाममा लादिएर गोठ, खर्क, बजार र खेती गर्दागर्दै कुनै एक साँझ भिरको बाटोबाट पहिले आप्पाको पिठ्युँको भारी छुट्यो त्यसपछि जीवन । हिउँ परेको भिरको बाटोबाट चिप्लिएका आप्पाको लाश देखेपछि म्हेन्दोकी आमा नीमा पनि लाश जस्तै भएकी थिइन् । उपरान्त उनको जीवनलाई दुःख, पीडा, रित्तता, अभाव, निराशा र अत्यासका कहालीलाग्दा यथार्थहरूले न्याकिरहे ।

सारा गाउँलेकी 'ठुल्दिदी' एकदिन उसको घर पुगिन्, सहानुभूतिका हातहरूले नीमाको शिर सुम्सुम्याइन् र दया गरेर म्हेन्दोलाई आफूसँगै लैजाने बताइन् । नीमालाई पनि लाग्यो 'गाउँमा भन्दा छोरीले उतै सुख पाउली, राम्रो स्कुलमा पढ्ली, पेटभर खान पाउली, भोलि केही गर्न सकिछ भने भाइबहिनिलाई पनि हेर्ली ।'

भोलिपल्ट बिहानै ठुल्दिदी आँगनीमा झुल्किइन्। भाइ र बहिनी ठुल्दिदी, आमा र म्हेन्दोतिर शून्य नजरले पालैपालो हेर्न थाले । आमाले मधुसबाट मायाले पट्याएर राखेको आफ्नो सबैभन्दा राम्रो पछ्यौरी र कलेजी रङ्गको सुर्के थैली झिकिन्। पछ्यौरी छोरीलाई सपक्क ओढाइदिँदै सुर्के थैली उसको सानो चोलीको सानो गोजीमा घुसारिदिइन् । छोरीका टिल्पिलाएका आँखा देखेपछि उनको हिक्का छुट्यो । प्रथम गर्भको उत्साह, प्रसवको पीडा र त्यसपछिको मातृसुख, डर, चिन्ता र अनिँदा रातका शृङ्खला एकाएक आँखा सामुन्ने आए। उनले झपक्क अँगालो ओढाइन् र छोरीलाई छातीमा टाँसिन्। छोरीका आँसुले आमाको छाती भिज्यो र आमाको आँसुले छोरीको काँध । आँखाबाट झरेका आँसु बग्दैबग्दै म्हेन्दोका ओठसम्म पुगे र त्यसैबेला उसले आँसुको नुनिलो स्वादबारे पहिलो पटक थाहा पाई ।

गाउँ, घर, आमा, भाइ, बहिनी र झुप्रे स्कुल छाडेर म्हेन्दो एक साँझ ठुल्दिदीको साथ लागेर काठमाडौंको निस्सासिँदो झिलिमिलीमा त आइपुगी । झिलिमिलीभित्र पनि यति डरलाग्दो अन्धकार र ऐँठन हुन्छ भन्नेबारेमा त उसले कहिल्यै सोचेकै थिइन, त्यो पछि जानेकी हो । यसरी, राम्रो लगाउने, मिठो खाने र ठुलो स्कुलमा पढ्ने रहरसँगै काठमाण्डौ आएकी म्हेन्दोले गाउँ र सहरको भिन्नता बिस्तारै देख्दै गई । सहरका सडक र गल्लीहरूमा दौडिरहने मोटरगाडीबाट निस्कने ट्याँट्याँ र टिँटिँको आवाज उसका गाउँ, घर र आँगनमा चिर्बिराइरहने चरीका झैँ मनोहर र सङ्गीतमय थिएनन् । घरको आँगनीबाट देखिने सेताम्य हिमाल, हरिया पहाड र हिमाली झरनाहरूको साटो कङ्क्रिटले पुरिएको सहरमा म्हेन्दो त्यसैत्यसै निस्सासिन्थी। घरहरू रातो माटोले लिपिएर चिटिक्क थिएनन्। सहरका घरमा वर्षाकालमा बलेँसीबाट तप्पतप्प चिसो पानी चुहिएर

फराकिला र बाटुला आँगनमा जम्मा हुँदैनथे जसमा ऊ कागजका डुङ्गा बनाएर घन्टौँसम्म खेलिरहन्थी ।

सेलाएर आफ्नो मन जस्तै चिसो भइसकेको चियाको मैलो कपबाट म्हेन्दोले सुरूपप पारी र मुख बिगारेर त्यसलाई टेबलमै पछारी । भित्रभित्रै द्वन्द्वको भुमरी चले पनि उसका आँखा र ध्यान अझै पनि झ्यालबाहिर नै छ । उसको कोठा सामुन्ने स-सानो सडक छ, त्यो सडकसँग जोडिएको ठुलो कम्पाउन्डभित्र ठुलो घर छ, जहाँ ठुलाबडा मान्छे बस्छन्, उसले नबुझ्ने, भाषणजस्ता कुरा गर्छन्, ती कस्ता र कति ठुला कुरा हुन् ऊ लख काट्न सक्दिन । त्यहाँ फराकिला बैठकमा, पार्टी, भोज, नाचगान, रामरमिता हुन्छन् । यी सबै ठुलाहरूको बिचमा निसास्सिरहेकी अर्की एउटी सानी केटी छे, माया, जसको कृशकाय र श्यामल वर्ण छ । त्यो घरको कौसीमा भान्सा छ र कौसीकै एउटा कुनामा धारो छ । माया जाडो, गर्मी, वर्षा, बादल जहिल्यै धारोकै वरिपरि थुप्रिएका भाँडाहरूको माझमा पुरिएकी जस्तै देखिन्छे । तराईको कुनै गरिब परिवारकी छोरी मायालाई यस घरमा सबैले माया माया भनिरहन्छन्, तर गर्दैनन् । उसलाई माया गरे जस्तो गर्दै उसको कामलाई माया गर्नु ठुलाघरका मान्छेहरूको चरित्र हो । अहिले पनि माया उसै गरी जुठा भाँडाको थुप्रोमा हराइरहेकी छे । म्हेन्दो र मायाका आँखा चार भए । मायाले म्हेन्दोको अनुहारबाट आँखा हटाएर आफूभन्दा ठुला भाँडालाई हेरी । म्हेन्दोले त्यो मायाको अनुहारमा आफ्नो अनुहार कताकता देखी, उसलाई हो जस्तो पनि होइन जस्तो पनि लाग्यो ।

म्हेन्दोले ठुल्दिदीलाई सम्झी, ठुल्दिदीको होटेल सम्झी र त्यहाँ बिताएका कहालीलाग्दा दिन र रातहरू सम्झी । ती दिनहरूमा उसले पनि मायाले जस्तै न जाडो भन्न पाई, न गर्मी भन्न पाई, न बिसन्चो भन्न पाई न ता थकान । ठुल्दिदीमा एउटा विशेषता थियो, उनी जस्तोसुकै अवस्थामा पनि काम गर्नेहरूलाई फकाइफुल्याइ काममा लगाउन सिपालु थिइन् । देशका विभिन्न कुनाकाप्चा र दुर्गम भूगोलबाट आइपुगेका ' म्हेन्दोहरू'लाई काम र मामको व्यवस्था गरेर पुण्य गरेको ठुल्दिदीको आफ्नै तर्क थियो । उनको होटेलमा आउने ग्राहकहरू विभिन्न तह, वर्ग र हैसियतका थिए । भरिया, ज्यामी, रिक्सावाल, ड्राइभरदेखि शिक्षक, कर्मचारी, ठेकेदार, व्यापारी र नेतासम्म । ग्राहकले तिर्नसक्ने शुल्कका आधारमा तिनको स्थान र तिनलाई दिइने सेवाको समेत वर्गीकरण गरिएको थियो । भरिया, ज्यामी, रिक्सावाला जस्ता निम्नवर्ग जो गोजीमा खजमजिएका मैला नोट र थकित अनुहार लिएर आउँथे तिनका लागि भुइँतलामा व्यवस्था गरिएको थियो । शिक्षक, कर्मचारी जो केही सुकिलामुकिला थिए तिनका लागि पहिलो तला र त्योभन्दा माथिल्लो तलामा ठेकेदार, व्यापारी र नेता, जो नोटका बिटा र रवाफको राँको बोकेर आउँथे, तिनको सेवाका लागि व्यवस्था गरिएको थियो । म्हेन्दोलाई गाउँबाट आउँदा एउटा आशा थियो कि सहरको स्कुलमा पढ्न पाउने । ठुल्दिदीको होटलको गञ्जागोलमा छिरेपछि न म्हेन्दोले स्कुलको बारेमा कुरा गर्ने साहस जुटाई न त ठुल्दिदीले आफूले के बोलेकी थिएँ भनेर नै याद गरिन् । यसरी उसको एउटा कलिलो रहर परिस्थितिको ठिहीमा ठिंगुरियो ।

म्हेन्दोले देखी, घर सुनसान भएपछि ठुलोघरको भान्साबाट एउटा अधबैंसे पुरुषले प्लेटमा केही खानेकुरा बोकेर कौसीमा निस्कियो, जहाँ माया नामकी केटी सानो प्लास्टिकको पिर्कामा बसेर धोएका भाँडालाई एक-एक गर्दै कपडाले पुछिरहेकी छे । त्यो पुरुषले खानेकुराको प्लेट ऊतर्फ बढाएपछि उसले पुछ्दापुछ्दैको किस्तीलाई कतै राखी र प्लेट समाती । अधबैंसेको हात मायाको गाला र कपाल हुँदै पिठ्युँसम्म पुग्यो । ऊ अलिकता पर सरी । अधबैंसेले कसैले देखे कि ! भन्ने आशङ्काले आफ्नो चारै दिशामा पल्याकपुलुक नजर डुलायो र सुरुक्क भान्सामा छिर्यो ।

म्हेन्दोको शरीरमा काँडा उम्रियो, एकाएक श्वासप्रश्वास बढ्न थाल्यो । के गरुँ र कसो गरुँको द्विविधाले उसलाई कोठाभित्रै घुमाइरह्यो ।

केही बेरपछि हातमा पानीको गिलास बोकेर अधबैंसे पल्याकपुलक हेर्दै फेरि मायाको नजिकै गयो । पिर्काबाट उठेर मायाले गिलास समाती । यस पटक जसै

मायाले अधबैंसेको एउटा हातबाट गिलास समाती, त्यसको अर्को हात मायाका छातीतिर सल्बलाउन थालिसकेको थियो । मायाको हातबाट गिलास झर्यो, उसले त्यो डरलाग्दो हातलाई आफ्ना दुवै हातको बलले हुत्याइदिई र त्यहाँबाट बेपत्ता भई ।

मायाले भोगिरहेको त्यो अत्याचारको सघन पीडा प्रत्यक्ष देख्दा म्हेन्दोका आँखा डब्डबाए, घाँटीमा श्वास अड्किए झैँ भयो । उसले लामो निःश्वास छाडी र स्मृतिका ती अँध्यारा कुनाहरूमा पुगी जहाँ उसले आजकी मायाको अवस्था भोगेकी थिई ।

दुई वर्षको भाँडा मस्काइपछि ठुल्दिदीले म्हेन्दोको पदोन्नति गरिदिएकी थिइन् । 'आजदेखि भाँडा मस्काउनु पर्दैन, अब तँ ठुली भइस् । हुर्किस् । तेरो काम अब ग्राहकको सेवा गर्ने हो ।'

म्हेन्दोलाई एकमन खुसी लागेको थियो, अब यो सारा संसारको जुठो छुनु पर्दैन । तत्क्षणै उसलाई अर्को मनले सावधान पनि गरायो, 'ग्राहक सेवा भन्नु कति कष्टकर कर्म हो तर तेरो कर्म हो ।' ऊभन्दा पहिलेकी अन्य तरूणी दिदीहरूले ग्राहकलाई दिने र दिइरहेका सेवाबारे उसलाई धेरथोर मेसो थियो । उसको नाइँनास्तिले कुनै अर्थ नराख्ने भएर होला सायद, उसले कुनै प्रतिक्रिया गरिन ।

ग्राहक सेवा-शुश्रूषाको प्रथम दिनै उसले साह्रै नमिठो र अत्यन्त कष्टदायी शारीरिक पीडा भोगी । त्यो भोगाइको नङ्ग्राले उसलाई आजपर्यन्त कोपर्छ र तिखा दाँतले टोक्छ, त्यसका डाम उसका मनमा अझैसम्म छ । खानेकुराको ट्रे टेबलमा राखेपछि त्यो मान्छेले ऊसँगै बस्न करकाप गर्यो, त्यसका हातहरू खानामा भन्दा बढी जिउका उकाला, ओराला र कुनाकाप्चामा सल्बलाउन थालेपछि ऊ त्यहाँबाट उठेर के हिँड्न आँटेकी थिई त्यस मान्छेले म्हेन्दोका नाडी अँठ्याएर आफूतिर तान्दै भन्यो-

'मैले ठुल्दिदीसँग कुरा गरिसक्या छु, खै, कता हिँडेकी तँ ? यतै बस् !'

डरले म्हेन्दोको ढुकढुकी बढ्यो, श्वास रोकिएला जस्तो भयो ।

उसले म्हेन्दोको गाला चिमोट्दै सोध्यो- 'के खान्छेस् ?'

'खान्न केही पनि !' उसले त्यसको हात फेरि हुत्याई ।

'आम्मामा !!! कस्ती जिरे खुर्सानी रछे हौ, साह्रै पिरो !'- ऊ फकाउने मेसोमा लाग्यो ।

उसले तानेर आफूसँग बसाउँदै जर्खरिएका पाखुराले म्हेन्दोलाई कच्यापकुरूप पार्‍यो । उसको छातीमा एक्कासि हात पुर्‍यायो र उसका भर्खरै उम्रँदै गरेका कलिला स्तनहरूलाई निर्दयतापूर्वक मिच्यो । म्हेन्दोलाई ती आफ्ना छातीका मुन्टा अरूले चिमोटेको देखेर साह्रै रिस पनि उठ्यो र कता हो कता कहिल्यै नभोगेको दुःखाइ उसले अनुभव गरी । खै ! उसलाई कताबाट के बल आयो कुन्नि, उसले जोडले त्यो मान्छेको छातीमा मुड्की बजारी र धक्का दिई । ऊ कुनै हिंस्रक पशुको पञ्जाबाट फुत्किएको मृगशावक जसरी लगलग काम्दै त्यहाँबाट भागी ।

म्हेन्दोलाई आजसम्म पनि त्यो पिशाचको अनुहार याद छ । उमेरले आफ्नो मेमे जस्तै देखिने त्यो पुरुषले आफ्नी नातिनी सरहकी सानी केटीबाट कुन प्रकारको प्यासतृप्तिको अपेक्षा गरेको होला ? आज यी कुराहरू सम्झिरहँदा पनि उसको माथिङ्गल शून्य हुन्छ । ऊ घरी मायालाई सम्झन्छे घरी दुनियाँको चरित्रबाट अनभिज्ञ, त्यो डाँडाकाँडामा कावा खाँदै निस्फिक्री डुल्ने, जङ्गली फूल टिप्दै हिँड्ने म्हेन्दोलाई सम्झन्छे ।

लगभग बाह्र बजेतिर माया फेरि कौसीमा देखिई । म्हेन्दो सिरक पट्याउँदै थिई । अधबैँसे भने मायाले भाँडा माझ्ने ठाउँ नजिकै बसेर नाङ्लोमा कुन्नि के केलाउँदै थियो । म्हेन्दोले मनमनै सोच्छे - 'आखिर यो माया त्यो घरबाट किन भाग्दिन ?'

उसले फेरि सोची, 'भागेर कहाँ जाओस् ! उसको यो सहरमा को छ कि जसले उसलाई बुझोस्, उसका पीडाहरूमा दुःखोस् ! उसका पनि घरमा रोगी विधवा आमा र स-साना भाइबहिनी होलान् । उसले यति सास्ती पचाएकी छे र त घरको चुलो जलेको होला र भाइबहिनीको पेटमा चारो जुटिरहेको होला । ऊ पनि त उसकी आमाकी आशाको दियो होली, समाउने र टेक्ने हाँगो होली ।'

म्हेन्दोले मायाका सम्भावित बाध्यताहरूमा खुइय गरी । उसले आफ्ना बाध्यतामा यसरी सुस्केरा हाल्ने फुर्सद पनि कहाँ पाई र ! म्हेन्दोले पर क्षितिजमा देखिएको पहाडलाई एकनासले हेर्दै आफ्ना जीवनका कुइनेटाहरूलाई सम्झिरही ।

एकरात म्हेन्दो र सानीले ठुल्दिदीको होटलबाट भाग्ने निधो गरे । उनीहरूको एकै मत थियो 'यदि अरूलाई यो शरीर सुम्पेर नै गुजारा गर्नु छ भने त्यसका लागि हामी ठुल्दिदीको दास किन बनिरहनु ! आफ्नो शरीर ओछ्याइ ठुल्दिदीलाई धनी बनाएर उसैले खटाएको जुठोमा किन आफू पालिनु ! हाम्रो नियति नै यही छ भने अब आफ्नो नियतिको मालिक पनि हामी आफैं हुनुपर्छ ।'

यसरी उनीहरूले ठुल्दिदीको दासताबाट मुक्तिका लागि विद्रोह गर्ने र आफ्नो मर्जीका मालिक बन्ने निधो गरे । तर ठुल्दिदीको पासोबाट उम्कनु मात्रै ठुलो कुरा थिएन, ठुल्दिदीको होटलबाट उनीहरूसँगै उनीहरूका आफ्नै भोका पेट, पारिवारिक जिम्मेवारी जस्ता यावत् बाध्यता पनि अघि लागे ।

'जे जसो गरेर पनि खाइन्छ' भन्ने उनीहरूको स्वाभिमान समयक्रममा अभिमानमा परिवर्तित भयो । अन्ततः उनीहरूले दुनियाँको सबैभन्दा सहज र सबैभन्दा असहज कर्म एकैसाथ सुरु गरे । आफूसँग जे छ त्यसैको उपयोग गर्नु सायद उनीहरूलाई उचित लाग्यो र बाध्यता पनि । आखिर ठुल्दिदीले उनीहरूलाई जे बनाउँदै थिइन्, उनीहरू स्वयं त्यही बने, तर आफ्नै लयमा ।

यो दश वर्षको अन्तरालमा म्हेन्दोलाई दुःख, पीडा, अपमान, घृणा र दुर्व्यवहारको पहाडले थिचिरह्यो । उसलाई कहिलेकाहीँ त कस्ताकस्ता विचार आउँथे । सोच्थी 'यो संसार र यी मान्छेहरूबाट कतै टाढा, कसैले नदेख्ने ठाउँ पुगूँ, नभए एकबारको यो दुःखी जिन्दगीलाई कतै लगेर बिसाइदिऊँ, या कतै डुबाइदिऊँ ।'

फेरि उसका सामु बहिनी र आमाको अनुहार पालैपालो आउँथे, आमाको रगत उडेको फुङ्ग अनुहार र रुग्ण शरीर उसको मानसपटलमा धमिलो देखा पर्थ्यो । झट्ट ऊ फेरि त्यस्ता विचारहरू त्याग्दथी र आफ्नै लयमा बगिरहन्थी ।

म्हेन्दो जुरुक्क उठेकी मात्र के थिई, भनन्न रिँगटा लाग्यो, भित्तो समाउँदै ऊ फेरि खाटमा थ्याच्च बसी । आजकल उसलाई सामान्य अवस्थामा पनि निकै गलेको अनुभूति हुन्छ, शरीरमा स्फूर्ति छैन । खानामा पनि रुचि छैन, दुवैलाउँदै गएकी छ । बेलाबेला ओइरिरहने ज्वरो र पखालाले उसको कसिलो शरीर धागो फुस्किएको स्वेटर जस्तै खुकुलो भएको छ, गालाको गुराँस ओइलाएको छ । लामो समय यही क्रम चलेपछि उसले साथीसंगातीसँग सल्लाह गरी र डाक्टरलाई देखाई । रगत, खकार, दिसापिसाबको जाँचपछि उसको रोग पत्ता लाग्यो । उसले पहिले कतै सुनेको तर खासै नबुझेको रोगको बारेमा डाक्टरले बताएपछि म्हेन्दो छाँगाबाट खसे जस्तै भई । भन्न त डाक्टरले भनेको छ 'एक पटक सङ्क्रमण भएपछि पूर्णरूपमा निको पार्न नसकिए पनि नियमित रूपमा औषधी खाएमा तथा उचित आहारका साथ व्यायाम गरेमा लामो समयसम्म स्वस्थ रहनमा मद्दत पुऱ्याउछ ।' यसको मतलब म्हेन्दोले बुझिसकी कि यो दीर्घरोगको निदान उसको शरीरबाट ऊ नमरेसम्म हुनेवाला छैन । यस रोगको कारण, यस सम्बन्धी लक्षण, सावधानीका उपाय तथा यसको चरम आदित्यादिका बारेमा उसले धेरै व्यक्ति तथा प्रकारबाट जान्ने कोसिस गरी । यी सबै कुरा थाहा पाइसकेपछि उसलाई लाग्यो कि 'यो बारेमा केही जान्न नै नपाएको भए बरु मलाई सहज हुँदो हो ।'

मेथी पड्काएको तातो तेलको राग झ्यालबाट सिधै म्हेन्दोको नाकमा छिर्यो । उसले देखी, तल्लो तलाको छिँडीमा बस्ने कविता, छोरोलाई तेल लगाउने ध्याउन्नमा छे । उसको काखमा देख्दै रहरलाग्दो घुतमुने छोरो घोप्टे परेर सुतेको छ । कविताका चिप्ला हातहरू छोराको तिघ्रा, पुठ्ठा, कम्मर र ढाडमा खेलिरहेका छन् । कविताको लोग्ने बिहानै काममा निस्कन्छ र साँझमा कोठा आइपुग्छ । घरबाहिर र भित्रको काममा बराबरको भाग पाएझैं त्यो पुरुष कहिले लिटो खुवाइरहेको, कहिले टालो फेरिरहेको, कुनै बेला लुगा धोइरहेको देखिन्छ भने कहिले भान्सामा कवितालाई सघाइरहेको देखिन्छ ।

जोइपोइको यत्ति साह्रो मेल देख्दा म्हेन्दोलाई कताकता काउकुती लाग्छ र कहिलेकाहीँ मिठो ईर्ष्या हुन्छ । साँच्चै भनौं भने कविता र उसको परिवारलाई देखेर नै म्हेन्दोले आफ्नो कल्पनामा नै भए पनि एउटा बेग्लै संसारको सृष्टि गरेकी थिई । माया गर्ने, सहयोगी र आकर्षक लोग्ने अनि कविताको जस्तै अँगालाभरिको छोरो उसको काल्पनिक सृष्टिका प्राणहरू थिए । ऊ आफ्नो लोग्नेको रूपमा, सानो छँदा आमाले सुनाउने गरेको कथाको राजकुमारलाई कल्पिन्छे । दराजको ऐनामा आफ्नो अनुहार हेर्छे र फिस्स हाँस्छे। उसको यो हाँसो म्हेन्दो स्वयम्बाहेक अरू कसैले बुझ्दैनन् । उसले शरीर त धेरै पुरुषलाई सुम्पिई तर ज-जसले उसलाई प्राप्त गरे या भनौं उसको शरीरलाई पाए, तिनले उसको शरीरलाई भोगुन्जेल मात्रै माया गरे । जीवनको यो मोडमा आइपुगेपछि उसमा मातृसुख र पत्नीसुखको भोक यतिसम्म बढ्यो, ऊ सिरानिलाई छोरो मानेर छातीमा टाँस्दै कोल्टेमा रात बिताउँथी । बिहान उसका खजमजिएका तन्ना देख्नेहरू भए भन्दा हुन्- 'रातभरि मोज गरी ।' तर रातभर मरुँला झैं को छटपटाहटमा खजमजिएको उदास तन्नाको कथा ऊबाहेक कसले पो बुझ्न सक्थ्यो र !

कविताको छोरोले आमाको नाकमा उसका कोमल औंलाले छुस्स हान्यो र आमाको अनुहार हेरेर निकै बेर खित्खितायो । कविताले हाँस्दै छोराको निधारमा म्वाइँ खाई र छातीमा टाँसी। म्हेन्दोले अनायास झ्यालको पर्दा बन्द गरी र ओछ्यानमा गएर डङ्ग्रङ्ग पल्टिई ।

ऊ ओछ्यानमै पल्टिरहेकी छे । उसका आँखासामु घरी भाइ आउँछ त घरी बहिनी आउँछे । आमाको अनुहार सम्झन्छे, उसले फोन गर्दा सुनिने उत्साहित आवाज अनुभूत गर्छे । तिनका मुहार सम्झेर ल्याउँदा उसका आँखामा फूल फुल्छन् र ओठमा आएर ओइलाउँछन् । दुःख र सुखका भावहरू एकैपटक उसको मुहारमा यसरी छचल्किरहन्छ जसरी धर्तीको छातीमा घाम र पानी एकैपटक बजारिइरहेको होस् । आमा, भाइबहिनिलाई साथै लिएर गाउँदेखि तल सदरमुकाम झरेकी छिन् । भाइबहिनीले उसले भन्दा राम्रो स्कुल पढेका छन्, भिरपाखा, उकाली ओराली गर्नुपरेको छैन। शारीरिक श्रम गर्न नपरेपछि आमा पनि तैबिसेक छिन्, जिउज्यान अलिकति तङ्ग्रेको छ । यो सबै सम्झिरहँदा उसको मनमा सन्तोष त हुन्छ तर त्यो सन्तोष धेरै अडिन पाउँदैन । उसको स्वास्थ्यसम्बन्धी डाक्टरको सल्लाह, सुझाब, सावधानी र सतर्कताका बुँदाबुँदा उसका छातीमा छड्किरहन्छन् ।

'यदि मैंले यो वृत्ति नगरे, अरू के गरूँ ? मैले जानेको के छ ? जसबाट मेरो र पूरै परिवारको गुजारा होस् । बाउले छाडेर गएका भाइबहिनी र रोगी आमाको जिन्दगीलाई मैले जानीजानी कसरी अँध्यारोमा धकेल्नु ! म त यसै सकिएँ सकिएँ । म जलेर पनि उनीहरूको जीवनमा उज्यालो छर्नु नै हुर्के बढेकी छोरीको कर्तव्य होइन र ! म यसै गरी दोधारमै रुमल्लिरहे भाइबहिनीको स्कुल फिस, आमाको औषधि, घरखर्च लगायतका खर्चको व्यवस्था कहाँबाट हुनसक्ला !'

ऊ घरी यता घरी उता कोल्टे फेर्छे र लामो निःश्वास छाड्दछे ।

'ओहो ऽऽ ! म त बर्बाद हुने भएँ भएँ, अनि आफ्नो र परिवारको स्वार्थका लागि म सारा संसारलाई कहिल्यै ठिक नहुने यस्तो प्राणघातक रोग सल्काउँदै हिँड्नु ? यो पापले कहिल्यै मेरो भलो हुन देला र !'

मोबाइल बज्यो । उसले स्क्रिनमा देखी, पोहोर ल्होसारमा खिचेको फोटोमा आमा, भाइ र बहिनी सेता दन्तलहर देखाएर हिमाल हाँसिरहेका थिए । उसलाई अनायासै मुनामदन भन्ने काव्यको एक श्लोक याद आयो, जुन काव्यको पुस्तक उसलाई सानीले दिएकी थिई । बढो यत्नसाथ आद्योपान्त पढेकी म्हेन्दोले मोबाइलको स्क्रिनमा हेर्दै श्लोक गुन्गुनाई :

अनार-दाना दाँतका लहर खोलेर हाँसन ।
तिमीले हाँसे म हाँक्न सक्छु ईन्द्रको आसन ।।

निकैबेर बजेपछि मोबाइल आफैं चुपचाप भयो ।

उसले झल्याँस्स सम्झी कि आज पाँच गते हो । भाइबहिनीको स्कुल फिस र घरभाडाको महिना मरेको आज पाँच दिन बितिसकेछ । अरूबेला ऊ आफैं

सम्झन्थी, यसपालि उसले केही पनि सम्झन सकेकी छैन । म्हेन्दोले भित्तामा झुन्ड्याइराखेको ब्यागबाट घरदेखि हिँड्ने बेला आमाले गोजीमा घुसारिदिएको सुर्के थैली निकाली, सायद उसले खोजेको चीज त्यहाँ थिएन । दराज खोली, उसका कृत्रिम गहनाले भरिएको डब्बाभित्र यत्नसाथ ओल्टाइपल्टाई गरी । उसलाई त्यहाँ पनि निराशा मात्रै हात लाग्यो । फेरि ओछ्यानमै पल्टिई । सोची 'यही पाराले बसिरहने हो भने उता भाइबहिनी भोकै मर्लान्, यता म औषधी खान नपाएर मरुँला ।'

कसैले ढकढक् गऱ्यो, उसले चुकुल खोली । ढोकाबाहिर घर साहुनिलाई देखेपछि उसलाई याद भयो कि यता पनि महिना मरेको पाँच दिन भैसक्यो ।

'माथि नै आउनुहुन्छ होला भनेर कुर्दाकुर्दै आउनुभएन, म त आफैं आएँ ।'

'हैन हैन दिदी ! हजुरलाई ठिक पारेको पैसा घरतिर पठाउने काम पर्‍यो, म अब हजुरलाई तीन दिनपछि मात्रै भेट्छु है ! यसपालि अलि ढिला हुने भयो, माफ गर्नुहोला ।'

'ल है सकेसम्म चाँडै गर्नू, के गर्नु ! छोराको होस्टलबाट फोन आ'को दुईपल्ट भैसक्यो ।'

साहुनी माथितिर उक्लेपछि उसले ढोका बन्द गरी र चुकुल लगाई ।

म्हेन्दो निकै बेरसम्म घोप्टो परेर ओछ्यानमै पल्टिरही । उसको मनमा चलिरहेको द्वन्द्वको छायाँ उसको अनुहार, शरीर र हावभावमा झल्किरहेको छ । थाहा छैन ऊ के सोचिरहेकी छे, के योजना बनाइरहेकी छे । तर उसका भिजेका परेलीहरूले बताइरहेका छन् कि ऊ जे सोचिरहेकी छे, जस्तो योजना बनाइरहेकी छे त्यो उसका लागि त्यति सहज पक्कै छैन । दिउँसोको एक बज्यो, साढे दुई बज्यो र ओछ्यानमा पल्टि-पल्टि उसले तीन पनि बजाई । ऊ निदाएकी छैन र उसका आँखा उघारै पनि छैनन् ।

भित्तेघडीले साढे तीन बजाइसकेको थियो । ऊ जुरुक्क उठी । दराजको ऐनामा उसले आफ्नो अनुहार हेरी, रङ्ग उड्दै गएको, गालाभरि आँसुका डोरा, खजमजिएको कपाल, राता र सुन्निएजस्ता आँखा देखेपछि उसलाई आफ्नो नाम 'म्हेन्दो'ले नै खिसी गरिरहेझैं लाग्यो । बाथरुम छिरेर उसले हातमुख धोई र पुनः ऐनासामु उभिई, अब अनुहार तमतमाइलो देखियो । धपक्क बले झैं देखिएको उसको अनुहारमा एउटा निश्चय थियो, दृढता थियो । दराजबाट दुई तीन जोर कपडा झिकी र ब्यागमा कोची । काइयोले कपाल सम्याए जस्तो गरी, अनुहारमा केही क्रिम र पाउडर दली र अन्त्यमा कलेटी परेका ओठमा लिपिस्टक घुमाई ।

दृढता र निश्चय जस्ता जीवन्त र प्राकृतिक सौन्दर्यले आलोकित उसको अनुहारमा कृत्रिम प्रसाधनको औचित्य नदेखिए पनि उसले सानो औपचारिकता पूरा गरी ।

ताल्चा लगाइसकेको ढोका खोलेर उसले टेबलबाट औषधिको पोको उठाई र ब्यागमा राखी ।

गल्लीको बाटो सकिने बित्तिकै किराना पसलबाट ऊ दायाँतर्फ मोडिई । म्हेन्दोलाई लाग्यो, बाटो हिँड्ने बटुवा, किराना पसले र मगन्तेलगायतले उसैलाई हेरिरहेका छन् । सारा संसारले आफैंलाई हेरिरहेका छन् भन्ने बुझाइले म्हेन्दोको चाललाई अझ तेजिलो र वेगवान् बनाइदियो । उसको वेग बढ्यो । उसले पछाडि फर्किएर हेरिन । किराना पसलेकी सुत्केरी श्रीमती पसलको एउटा कुनामा बसेर बच्चालाई दुध चुसाइरहेकी छे । मुडामा बसिरहेको किराना पसलेले म्हेन्दोलाई पछाडिबाट एकटक्कारले हेरिरह्यो । छिटोछिटो हिँड्दा हल्लिएका उसका फराकिला नितम्ब हेरेर ऊ एकाएक मुडाबाट जुरुक्क उठ्यो र त्यसैत्यसै अकरिएर आङ तान्यो ।

मोबाइलको घन्टी बज्यो । उसले फोन उठाई ।
'तँ नजाने नै हो ?'
'जाने ।'
'के रे ! जाने भए आउन पर्दैन त ?'
'आउँदै छु त, चार बजेसम्ममा भनेको हैन ? बाटोमा छु ।'

म्हेन्दोले फोन काटी, फेरि एकपटक लामो निःश्वास छाडी र अन्तिम पथतर्फ पाइला बढाई ।

***बागेश्वरी-४, नुवाकोट***

卐

कविता

# प्रतीक्षा



सुवास आचार्य *

बिहान शान्त छ
मधुर छ अनि
मन फुरूङ्ग छ।

न धुलो, न धुवाँ, न डढेलो !
तिम्रा कुकर्मलाई
एक झोक्कामा नाश गरिन् प्रकृतिले
जल वर्षा गरेर।

पहाड खन्छौं
खोला खान्छौं
बाटो खान्छौं
पुगेन ! के के खान्छौं ?
कति थुपाछौं ?

एक झोक्का वर्षाले
धुलो बगाए
धुवाँ उडाए
डढेलो निभाए
जलनका जीव शान्त भए !
सुकेका वनस्पति जागृत भए।

अँ साँचै !
त्यस्तै वर्षाद हुने दिन
पृथ्वीले जित्ने दिन
तिम्रा दूर्भावनाले हार्ने दिन
कहिले आउला ?
सूर्योदयको त्यो क्षण
प्रतीक्षामा छु म।

卐

* शिक्षा निर्देशक : भरतपुर महानगरपालिका

कविता

# निर्माणले चुस्त बनोस् भरत्पुर



जगन्नाथ पण्डित *

पहाड या हिमाली होस् मधेस पूर्व-पश्चिम
चितौन जिन्दगी ज्यूने इच्छाले हुन्छ सक्षम
मेची-काली जताको होस् मध्य केन्द्र सरासर
अनेकभित्रको एक सभ्यता हो भरतपुर।

पानी जीवन सौन्दर्य कल्कलाएर गण्डकी
उर्लिँदै ओर्लिँदै गर्ने पानी जस्तै छ जिन्दगी
राग-द्वेष कहाँ हुन्न मित्रता हुन्छ तैपनि
सौभाग्यले जुराएको रमैलो हुन्छ जिन्दगी।

खुल्दुली तीव्र इच्छाले हुन्छ यात्रा बरोबर
निकुञ्ज जङ्गली हात्ती, गैँडा, पन्छी खुला-घर
माटोको ममता हो कि ! किसानी मन-उर्वर
पाखुरी सिपमा जुट्छ जिन्दगी हुन्छ सुन्दर।

मैदान बस्ती चुचुरा अनेक छन्
अनेक गन्तव्य सुरम्य स्थान छन्
यात्री खुसी फुर्फुरमा फुरुङ्ग छन्
तीर्थालु तीर्थाटनमा रमाउँछन्।

चितौनको प्राकृत रङ्ग-कुञ्जमा
नेपालको प्राङ्गण मध्य-बिन्दुमा
चौबीस-कोठी मनमा तरङ्ग होस्
यात्री रमून् मित्र-मिलाप दङ्ग होस्।

सुस्वास्थ्य शिक्षालयमा सुधार होस्
स्वरोजगारी श्रम-सिपले जुरोस्
विकासको निर्मित सभ्यता तिर
निर्माणले चुस्त बनोस् भरत्पुर।

卐

* निवृत्त सह प्राध्यापक : त्रि.वि., वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर

कथा

# मृत्युको अपिल



अनिता पन्थी *

केही दिनदेखि म यस्तो कथाको खोजीमा छु। जुन अद्भुत होस्, जसले मलाई उत्कृष्ट कथाकार भनेर चिनाओस्। म चाहन्छु एउटै कथाले मलाई चिनाओस्। त्यसपछि अर्को कथा लेख्नु नपरोस्। जस्तो लेख्छु त्यो आश्चर्य पार्ने खालको लेख्न सकूँ। त्यसमा सम्मोहित गर्न सक्ने कला भर्न सकूँ। मेरो यो कस्तो चाहना हो ? आफैँलाई सोध्छु। कति बेला आफैँलाई लाग्छ म धेरै लहडी भएछु। असम्भव- असम्भव कुरा देख्ने, लक्ष्य राख्ने। लक्ष्य राख्न पाउने मेरो अधिकार हो भलै त्यो पूरा नहोस्। त्यसमा केही आपत्ति छैन।

हो म एउटा कथा लेख्न चाहन्छु। नलेखी भएको छैन। सोच्छु के लेख्ने होला ?

कथाको प्लट कल्पना गर्दै थिएँ त्यसै बखत पुरानो मित्र निरज अकस्मात् आउँछ भेट गर्न। फोन खबर नगरी ऊ यसरी आयो कि मानिलिऊँ यो सपना हुनुपर्छ। उसले कसरी थाहा पायो म यहाँ छु भनेर ? विश्वस्त थिएँ कि 'म यहाँ छु' भन्ने नै कसलाई थाहा छैन।

अचेल म अर्कै भएको अनुभव गर्छु। केही समयदेखि भूमिगत जीवनमा छु। मलाई ऐकान्तिकता मन पर्छ। भीड मन पराउन छोडिदिएँ। प्रशंसा रुचाउन छोडिदिएँ। म अन्तर्मनको यात्रामा छु। अब केही थोकले पनि नछुने अभ्यासमा छु। त्यसपछि मलाई जति गाली दिए पनि हुन्छ, घृणा गरे पनि हुन्छ, आलोचना गरे पनि हुन्छ। म त्यही साधनाको लागि भूमिगत भएको हुँ।

म अवाक् छु निरजसँगको भेटमा। मित्र मिलनको यो क्षण कतै भ्रम त होइन ? मैले उसको स्वभावमा उसलाई पाउन सकिनँ। शायद ऊ अर्कै निरज हुन सक्छ। निश्चय गरेँ ऊ अर्कै निरज हो। पहिलेको ऊ निकै कठोर स्वभावको थियो। अलिक क्षुद्र, रूखो, संवेदना सायद उसमा निकै कम्ती थियो। तर यस निमेषको ऊ बडो जाती छ, भलो छ। ऊ मलाई केही मद्दत गर्न चाहन्छ। उसलाई मेरो अवस्था दयनीय लागेछ क्यार। माया, सद्भाव, स्नेह देखाउन जान्ने, मनोभावना बुझ्ने, हृदयको आवाज सुन्ने ऊ कोमल चित्तको भएछ।

लामो बातचितमा अझै उसलाई ठम्याउन सकिनँ। के ऊ पहिलेकै निरज हो ? म बडो असमञ्जसमा छु। उसँग चिनेर बोल्दैछु या नचिनेर ? 'तिमी कुन निरज हौ ?' भेट गर्न आएको मित्रलाई कसरी सोधूँ यस्तो प्रश्न। फेरि उसले के भन्ला ? गौरव त बौलाएछ यही ठान्ने छ उसले। जानाजान यसरी बौलाउनु भएन। म चुप लागेँ।

केहीछिन बसेर ऊ फर्किन्छ। 'त्यस्तो केही पऱ्यो भने मलाई सम्झिनू' जाने बेला उसले फेरि सहयोगको वचन बोल्यो। एउटा हुरी चलाएर ऊ गयो। अनेक सम्झना गर्न खोज्छु अतीतको निरज बारे। कसै गर्दा पनि ऊ आजको निरज हुन सक्दैन। सामञ्जस्य देखिदनँ थोरै पनि।

त्यसै क्षण थाहा पाएँ मैले उसको विषयलाई लिएर धेरैबेर सोचेँछु। अनि थाहा पाएँ जीवनभर मैले अरूलाई नै चिन्ने चेष्टा गर्दै आएको रहेछु। कति हाँस उठ्दो कुरा मैले अरूलाई चिन्ने भएको रे ! भरे त आफैँलाई चिनेको रहेनछु। 'म को हुँ ?' मलाई नै थाहा छैन।

मनमा केके कुरा आइरहेका छन्, गइरहेका छन् पत्तो पाउँदिनँ। फोनको घन्टी बज्छ। त्यस बखत होस भयो मेरो हातमा आजको दैनिक-नागरिक

* भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित **राष्ट्रिय खुल्ला कथा प्रतियोगिता** २०८० का उत्कृष्ट कथाकार

पत्रिका रहेछ । अग्र पृष्ठको प्रमुख समाचारले ध्यान खिच्छ–देशमा बढ्दो आर्थिक सङ्कटले संवेदना उत्पत्ति गर्ने औषधी आयात हुन सकेन । औषधीको मूल्य दोब्बर भयो । सर्व साधारण नागरिकको पहुँचबाट टाढिँदै छ संवेदना जागृत गर्ने इन्जेक्सन । त्यसको असर बस्ती बस्तीमा परेको छ । पत्थर हुँदै गएका छन् नागरिकहरू । हृदयहीन, पाषाण हुँदै गएका छन् । तब त सम्पूर्ण राष्ट्र नै कठोर हुने छ । वञ्जर हुने छ । सभ्यताको विपरीत जस्तो अर्थ निस्किन्छ हो त्यसको पराकाष्ठ नाघ्ने छ, ... आदिआदि ।

दोस्रो पृष्ठको फेरि अर्को समाचारले म चक्कराउँछु । त्यसमा लेखिएको छ–न्युरो सर्जन डाक्टर हरूको अनुसन्धानअनुसार नेपालीहरूको मिरर न्युरोन खिइँदै गएको छ ! यो ज्यादै खराब–मानव सभ्यतालाई नै ध्वस्त गर्ने पूर्व सङ्केत हो । सामूहिकता न रुचाउने, व्यक्तिवादी हुँदै गएको छ नेपाली समाज । त्यसैले होला भ्रष्टाचार बढेको, तस्करहरू शक्तिशाली भएका । विधानको शासन हुन नसकेको । नीतिको उल्लङ्घन हुने गरेको ।

अकस्मात् मेरो मस्तिष्कमा झड्का लाग्छ । विभ्रान्त मुडबाट ब्युँझिएको आभास हुन्छ । या त तन्द्राबाट ब्युँझिएको थिएँ । तर म निदाएको थिइनँ । विपनामा कसरी सपना देख्न सकिन्छ ? निश्चय गरेँ यसो हुन सक्दैन । तर म अलमल स्थितिमै छु । चेत अचेतको यस्तो सङ्घारमा खुट्याउँछु आकाशमा घाम लागिरहेको छ । मेरो छाया बरन्डामा नाचिरहेको छ । म घाम ताप्दै छु ।

बिस्तारै मैले परिस्थिति बोध गर्न लागेँ । अघि आएको निरज सम्झिएँ । उसप्रतिको मेरो अन्योलता टुङ्गिन्छ । वास्तवमा ऊ पूरानै निरज थियो । संवेदना पैदा गर्ने इन्जेक्सनले उसलाई नयाँ निरज बनाएको रहेछ । हाँस्दा देखिने अगाडिका दाँत उस्तै छन् । त्यो चेहरा उस्तै छ । कद उस्तै छ । सबै उस्तै उस्तै छ । त्यो शुष्क हृदय भने बदलिएछ । धन्य छ आजको प्रविधिलाई जसले मेरो मित्रलाई नयाँ निरज बनाइदियो । तर ... के उसले जीवनभर औषधीको खर्च धान्न सक्ला ? मैले कामना गरेँ उसलाई खर्चको अपुग कहिल्यै नहोस् । उसको मरेको संवेदना नित्य ब्युँतिरहोस् ।

एउटा नलेखिएको कथा तयार गर्न हतार भइसकेको थियो । लेख्छु भन्दै थिएँ त्यसै बेला निरज आयो । अनि त मेरो लेख्ने मुड हरायो । मुड मात्र होइन कति कति बेला म आफैँ हराइरहन्छु । केही समय यता फ्लोअपमा नियमित हस्पिटल गइरहेको छु । अहिले पनि म हस्पिटलमा छु । टिचिङको गणेशमान बिल्डिङ परिसरमा छु । तामाको रातो सालिकमा गणेशमान ठिङ्ग उभिएका छन् । धातुका उनी अहिल्यै बोल्छन् जस्ता देखिन्छन् । हातमा लौरो लिएका छन् । म भयभीत छु कतै गल्ती गरिहालेँ भने यिनले बाँकी राख्ने छैनन् । फेरि हस्पिटल आउने बाटो नै बन्द हुन सक्छ । त्यसैले म होसियार छु । टोकन लिँदा, टिकट काट्दा अरूको पालो नमिच्ने वाचा गर्छु आफैँसँग ।

ठन्डी मच्चिन थालेको छ । अहिले प्रभातको आठ बजेको छ । सूर्यको कलिलो आभाले अस्पताल एरियालाई केही न्यानो बनाउन खोज्छ । म गणेशमानको आँखा छलेर सालिक पछाडिको चिसो फलामे बेन्चीमा बस्छु । कठोर शीतलताले हेर न कसरी डाम्दो रहेछ । आगाले पनि त यसरी नै डाम्छ । बेन्चीमा बस्न नसकेर उठ्छु । तर कतिन्जेल उठ्नु ? डाक्टर अहिल्यै आउने छैनन् । फेरि बस्छु ।

म बसेको ठाउँमा आवागमन पातलो छ । उता पर पर सल्याङबल्याङ बाक्लो छ । मानिस यता उता गरिरहेका छन् । कोही टोकन लिएर पनि पङ्क्तिबद्ध छन् काउन्टरतिर, टिकट काट्ने ठाउँतिर । मेरो हातमा शङ्कर लामिछानेको एब्स्ट्र्याक्ट चिन्तनः प्याज छ । शङ्करका निबन्ध पढेर होला मलाई यो परिवेश नै अमूर्त अमूर्त लाग्दै छ ।

मेरो आडैमा एक भद्र पुरुष छन् । अर्को आडमा बच्चा लिएर एउटी आमा बसेकी छन् । तिनीहरू कस्ता छन् ध्यान दिँदिनँ, म पढिरहेको छु । ती पुरुष फोनमा ज्यादै बोलेका छन् । मलाई त्यो आवाज मन पर्दैन । पठनमा बाधा भएको अनुभूति गर्छु । तिनले कति कति बेला मलाई हेर्दै छन् । मेरो हातको पुस्तकलाई नियालेका छन् । म यो सब कुरा अन्सार अन्सारले बुझ्छु । अझ छड्के आँखाले देख्छु । उनको छाया कहिलेकाहीँ म

भएपट्टि फर्किएको थाहा पाउँछु । यसरी मैले किताब भित्रका शङ्कर लामिछाने र आडैका पुरुषलाई एकसाथ पढिरहेँ ।

समय अझ केही बाँकी छ । म एक्लै छु । आडका मानिसहरू गए । एउटा सानो छायाँ मेरो अगाडि आएको आवाज सुन्छु । यस पटक मैले टाउको उठाएर हेरेँ । चिसोले कुक्रुक्क परेको ख्याउटे, सानो गाँठिको, मुख तिखरिएको, रौँ खुइलिएको, कान थोरै फाटेको कुकुर टुक्रुक्क मलाई हरेर बसेको देखेँ । केही भन्न खोजे जस्तो, केही मागे जस्तो उसको अपेक्षात्मक दृष्टिले मलाई केही सोच्न लगायो । उसलाई देखेर माया लाग्यो । ऊ मबाट के चाहन्छ ? किन ऊ मेरो सम्मुखै यसरी उभिएको छ ? निश्चय केही सोचेर ऊ मेरो अगाडि बसेको छ । म त्यो भाषा बुझ्न चाहन्छु । उसको मनोभावना बुझ्न खोज्छु ।

सायद उसले केही खाने कुरा खाजेको छ । म अप्ठ्यारोमा परेँ । के दिने होला उसलाई ? नजिकै पसल पनि छैन । ब्यागमा काजु बदाम छ भन्ने मैले त्यसै क्षण सम्झेँ । उसले त्यो खाँदैन होला तैपनि आफूलाई सन्तुष्टि दिन एउटा काजु निकालेर दिएँ । यदि उसले त्यो खायो भने अवश्य ऊ भोको छ मलाई थाहा हुने छ । म बाहिर गएर भए पनि उसलाई बिस्कुट किनेर दिने छु । मैले काजु दिएको एकछिन उसले हेरिरह्यो । भुइँको काजु उसले झट्टै टिपेन । एक खेप उसले मलाई हेर्‍यो । सायद त्यो खानलाई स्वीकृति मागेको थियो । तब मात्रै मुखले च्यापेर टुक्रा बनायो । अब उसले चपाउने छ । म खुसी भएँ । फेरि अर्को पनि दिन्छु भन्दै थिएँ मुखबाट ओकल्यो । अघि खुसी भएको म फेरि दुःखी भएँ । किन उसलाई काजु मन परेन ?

जब म केही जान्न चाहन्छु त्यतिखेर सरस्वती माताको सम्झना गर्न लाग्छु, 'हे ज्ञानकी देवी म त्यो अबोध कुरा ज्ञात गर्न सकूँ' । अहिले पनि मैले उसै गरी सरस्वती मातालाई सम्झिएँ काजु मन नपराएको उसको भाषा बुझ्न सकूँ भनेर । हरेक वाणीमा उनै देवी छिन् म विश्वस्त छु । तर मैले उसको भावना बोध गर्नै सकिनँ ।

म चाहन्थेँ ऊ मेरै नजिक बसोस् । म उसलाई खाने कुरा किनिदीने छु । ऊ गयो । मैले आफू निसङ्ग भएको अनुभूति गरेँ । ऊ गएको बाटो हेरिरहेँ । भोको पेट, जीर्ण देह, हेर्दाको असुन्दर । तर मलाई राम्रै लाग्यो । मेरो माया शायद उसले बुझेन । मलाई थाहा छ मैले जति माया यहाँ उसलाई अरूले गर्ने छैनन् ।

फेरि म किताबमा फर्किन्छु । मन अडिदैन । अघिको एकाग्रता पाउँदिनँ । पढ्न मन लाग्दैन । बिहान छिप्पिसकेको छ । मानिसको आवागमन अहिले निकै बढेको छ । भीडलाई हेरेर आफूलाई भुलाउन खोज्छु । त्यसै बखत अस्पष्ट खल्याङबल्याङ आवाज नजिकिँदै थियो । जिन्दाबाद भने जस्तो सुनिन्छ फेरि मुर्दाबाद भने जस्तो पनि सुनिन्छ । चनाखो हुन्छु कता के भइरहेछ ? यो आवाज भीडको हुनुपर्छ । अब गणेशमानले पनि सुन्ने भए । अरू पनि सचेत भएर परिस्थिति नियाल्दै छन् । हेर्दाहेर्दै प्रवेश द्वारबाट धागो तानिए जस्तो भीड भित्रिएको छ । स्वास्थ्य जाँचको लागि यसरी आउनु नपर्ने हो । यस्तो अस्वाभाविक आगमनले के भन्न खोजेको हो ?

परिस्थिति खुट्याउन सक्दिनँ । एकचोटि गणेशमानलाई हेर्छु उनी मौन छन् । ठुलो जमातलाई निर्निमेष हेरेका छन् । निश्चय उनी विरक्तिएको हुनु पर्छ मानव लहरको असन्तुष्टि देखेर । अहिले आफ्नो राजनैतिक जीवनलाई नै उनले धिक्कारेका हुनु पर्छ । देश र जनताको लागि उनले कसरी लडे, कत्रो त्याग थियो उनको । अझै पनि यस मुलुकमा नागरिकको हित हुन नसकेको, कदर हुन नसकेको देख्दा उनले के सोचेका होलान् ?

अकस्मात् परिस्थिति बदलिएको छ, कल्पनै गर्न नसक्ने भएको छ । भीडले हस्पिटल परिसर भरिएको छ । हात हातमा प्लेकार्ड, पोस्टर बोकेकाहरूको एउटै स्वर छ । समवेत स्वर आकाश चिर्ला जस्तो तिखो छ । मेरो अपलक दृष्टि भीडमा हराउँछ । ठुलै हुलदङ्गा हुने हो कि ? म किनारा लाग्छु । नारा बाजी गर्ने र बिरामी भएर आउनेहरू एकै ठाउँमा मिसिएका छन् ।

यस्तो अवस्थामा डाक्टरले कसरी बिरामी जाँच्न सक्लान् ? तोडफोड हुन पनि सक्छ । ओ.पी.डी बन्द भइसकेको छ । ताला झुण्डिएको छ प्रवेश द्वारमा । भीडको एउटै अपिल छ–

इच्छा मृत्युले वैधानिकता पाउनु

पर्छ । अस्पतालले युथनेसिजया (मृत्यु गराउने इन्जेक्सन) सहज उपलब्ध गराउन सक्नु पर्छ । हामी अब जीवनको उपासना होइन मृत्युको प्रार्थनामा छौँ । पुनः पुनः क्षण क्षणमा मर्नु भन्दा बरु एकचोटि मात्रै मर्न चाहन्छौँ । कुपोषणले, अभावले, मानसिक तनावले सद्दे हुन नसकेका हामीलाई यस अस्पतालले बचाउने चेष्टा नगरोस् । मृत्यु भन्दा कठोर जीवन हामी बाँच्न चाहँदैनौँ । हामीलाई बचाउँदै मार्दै नगरियोस् । मार्नु नै छ भने किन बचाउनु ? जीवितै मरेको जीवन बाँच्नु भन्दा निको छ प्राण उठाए मर्नु ।

ज्युँदै मार्ने सरकारको नीति हामीलाई स्वीकार्य छैन । बरु हामीलाई मारियोस्, हाम्रो लाशमाथि शासन गरियोस् । हो, त्यतिखेर सरकारको विरोधमा बोल्ने कोही हुने छैन । हामीले जस्तै इच्छा मृत्यु नस्वीकार्नेहरूलाई मृत्यु दण्ड दिइयोस् । जसरी पनि उनीहरूलाई सिध्याउनु पर्छ । तब मात्रै सरकार सफल हुने छ ।

ओ राष्ट्र महानायक ! हामीलाई आफ्नो इच्छामा मर्न देऊ । बिरामीको उपचारमा खटिएका स्वास्थ्यकर्मीहरूलाई भनिदेऊ अब हाम्रो उपचार गर्न आवश्यक छैन । तिम्रो नालायक व्यवहारले नै आज हामी जीवनको विरोध गर्ने भएका छौँ; ... ।

हामी बाँच्नुको अब कुनै लक्ष्य छैन । हाम्रो सपना मृत स्थितिमा छ । राज्यव्यवस्था कहिल्यै पनि नागरिकको हितमा हुँदैन, सरकार जनताको पक्षमा हुँदैन, सत्तासीन आफैँ मनमौजीमा रम्छन् भने हामी बाँच्नुको औचित्य कहाँ छ ? राष्ट्र समृद्ध हुनु नहुनुको उसलाई सरोकार छैन । नागरिक सन्तुष्ट हुनु नहुनुको वास्ता छैन । उल्टै भोका, असहाय, निर्धा जनतालाई शोषण गर्ने योजना बनाउने राज्यव्यवस्थाको नागरिक हुन हाम्रो स्वाभिमानले दिँदैन । हाम्रो चेतनाले दिँदैन; ... ।

धेरै अघिदेखि मेरो मनमा पनि यही भीडको आवाज गुञ्जिएको थियो । म एकदम क्रुद्ध थिएँ सरकार र राज्यव्यवस्थाप्रति । मृत्युको माग गरेको भीड जायजै लाग्यो । यो मेरो पनि आवाज हो, सम्पूर्ण नेपालीको आवाज हो । मृत्यु रोजेर सरकारको अवज्ञा ... बाफ्रे कति महान् छन् नेपाली । बरु मृत्यु स्वीकार्छन् अन्याय अब किञ्चित सह्य छैन । विरोधको तरिका, अवज्ञा गर्ने तरिका बडो विचित्रको लाग्यो । कुन दिमाखले रचेको होला यस्तो अद्भुत योजना ।

म पनि त्यही भीडमा मिसिएँ । अब उपचार आवश्यक छैन । मृत्युको चयन भएपछि अस्पतालको पनि काम छैन । एक दुई गर्दै सबै बिरामीहरू जुलुसमा मिसिए । उनीहरूको आवाज झन् चर्को सुनिन थाल्यो । यतिखेर मैले फेरि फ्रान्सको इतिहास सम्झिएँ । हाम्रै स्थिति भोगेका फ्रान्सेली जनताको माझमा, मध्ये नगरको भीडमा नरेश लुई र मारीको शिर त्यसै छेदन भएको थिएन । चरम अत्याचारमा त्यसरी अकल्पनीय घटना घट्दो रहेछ । मृत्युको माग गरिएको यो जुलुस पनि साधारण कुरा होइन । लुई र मारीको हत्या भन्दा जटिल छ यो ओन्दोलन । हजारौँ लाखौँको मृत्युको कुरा छ यहाँ । आम नेपालीको मृत्युको कुरा छ यहाँ ।

'हेलो एस्क्युज मि !'कोही नारी आवाजले मलाई बोलाउँछ मद्दतको भावमा । म झस्याँस्स हुन्छु । त्यो भीड उतिनखेरै हराउँछ । साँच्ची नै म अचेल बडो अनौठो भएको छु । तन्द्रा, सपना, विपना अलग गर्न नसक्ने गरी विभ्रान्त छु । म किन यसरी अवचेतनको स्थितिमा पुग्छु थाहा छैन । अघिको जुलुस कल्पना हो या तन्द्रा अझै पनि म प्रस्ट छैन । भ्रम नै सही तर त्यो घटना बडो गजबको लाग्यो । अर्थपूर्ण लाग्यो ।

अझ पनि म कथाकै खोजीमा छु । एउटै कथा लेखेर कहलिन चाहन्छु । त्यसको लागि अद्भुतको हुनु पर्छ घटना । एकै पठनमा पाठकको मन जित्न अब मैले के गर्नु पर्ला ?कस्तो कथा लेख्नु पर्ला ? बडो सोचमा परेको छु ।

कि म अब आफ्नै कथा लेखूँ ? आफैँलाई लिएर कथा लेखूँ कि नलेखूँको यस्तो असमञ्जस स्थितिमा हेनरी मिलरलाई सम्झिन्छु । एक ठाउँमा उनले भनेका छन्–आउँदा साहित्य प्रथम वचनमा लेखिएको व्यक्तिको आफ्नो अनुभव हुने छ र त्यसमा दिनपरदिन असत्यवादिता कम हुँदै गएको हुने छ । स्रष्टालाई पात्र परिवेश निर्माण गरेर तृतीय पुरुषमा कथा लेख्ने फुर्सद हुने छैन । त्यसो हुँदा ऊ (स्रष्टा) आफ्नै कथा लेख्ने छ । हो म पनि अब आफैँलाई लेख्ने छु, आफ्नै कथा लेख्ने छु । प्रिय पाठक ! विश्वस्त रहनू म मेरै कथा लेख्ने छु ।

विस्मित नहुनु यो मेरै कथा हो, तिम्रो पनि कथा हो। मानव संवेदनाको कथा हो, हामी सबैको कथा हो, हामी सबैको नियति हो।

पर्ख एकैछिन, धैर्य गर म तिमीलाई 'मेरो प्रेम कहानी' सुनाउने छु। कति अनौठो छ मेरो प्रेम। सायद तिमी विश्वास नगरौला ? लाग्ला यस्तो पनि हुन सक्छ ?

त्यस दिन म उनलाई भेट्न जाँदै थिएँ। मेरी प्रेमिकालाई भेट्न । एउटा हृदय विदारक घटनाले बिथोलिन्छु। तिमीलाई थाहै छ म कति लहडी छु अघि नै मैले भनिसकेँ आफू अलमस्त भएको कुरा। बिचैबाट उनलाई नभेटी आउँछु। मेरो कुरा सुनेर तिमीलाई अवश्य लाग्यो 'कस्तो मान्छे होला ?' हो म यस्तै छु।

चोकमा पुसको घाम तापिरहेका मानिसहरूको संवादले मलाई अशान्त बनायो। त्यो कारुणिक संवादले क्लान्त भएको म। प्रेमिकालाई भेट्न जाँदै छु भन्ने नै बिर्सिएँ। ती घाम ताप्नेहरू एउटा बुढो भिखारीको कुरा गर्दै थिए। उसको दुःखद अन्त्यको कुरा गर्दै थिए। त्यस भिखारीको जीवनमा मैले आफैँलाई पाएँ। तपाईंहरूलाई पाएँ, सम्पूर्ण नेपालीहरूको नियतिलाई पाएँ। अनि म निराश भएर फर्किएको थिएँ।

त्यो बूढो माग्नेलाई सम्झिँदा एउटा अमूर्त दृश्य आँखा अगाडि आउँछ। चिसो याम छ। घामले ओड्ने फाल्न सकेको छैन। बादलको आवरणले सूर्य किरण कहीँ अस्तित्त्वमा देखिँदैन। ताप दिन ऊ असमर्थ छ। सडकको एक किनारमा भिखारी लुगलुग कापिरहेको छ। संयोगवश त्यही बाटो भएर एक नायक, राष्ट्र नायक हिँड्दै हुन्छन्। उनलाई कसो कसो माग्नेप्रति दया भाव उत्पन्न हुन्छ या त अरूको दृष्टिमा दयालु भएको देखिन मन हुन्छ या त उनलाई दया नै लाग्छ। या त दया उत्पन्न गर्ने इन्जेक्सनको प्रभावले उनमा त्यो भाव आएको थियो।

भिखारीको नाङ्गो शरीर देखेर तातो कपडा लगाएका उनले आफूलाई जाडो भएको महसुस गरे। हो त्यतिखेर उनी थरथर काँप्छन्। यो क्रूर सिरेटोको समय हो, माग्नेलाई जाडो भइरहेको छ भन्ने उनलाई बोध हुन्छ। उसलाई ठन्डी लागेको छ यो स्वाभाविक कुरा हो। तर यो स्वाभाविकतालाई भुलेर उनी अनायासै सोध्न पुग्छन् "के तिमीलाई जाडो भएको छैन ? कसरी निर्वाह गर्छौ ?"

"जाडो त किन नहुनु हजुर। तर म खप्न सक्छु। यस्तो चिसो मौसम मैले हरेक साल भोग्दै आएको छु। म अहिले लगलग काँपिरहेको छु। तर सहन गर्न सक्छु। मैले जीवनभर यसरी नै जाडो कटाएँ। म अभ्यस्त छु ठन्डीसँग जुध्न। शिशिर र तुसारोसँग लड्ने शक्ति मलाई मेरै अभावले दिएको छ।"

माग्नेको अवस्था देखेर उनी द्रवित हुन्छन्। एउटा न्यानो कपडा दिने वचन गर्छन् "म तिम्रो लागि न्यानोको व्यवस्था गर्ने छु। भरे तिमीलाई यही बाटो बाक्लो लुगा लिएर आउने छु।" माग्ने यस वचनप्रति कृतज्ञ हुन्छ। कृतज्ञ भावमा हात जोडिरहन्छ। भीआईपी आफ्नो बाटो लाग्छन्।

माग्ने भरेको प्रतीक्षामा बस्छ। उसलाई विश्वास छ आजको रात तातो हुने छ। ऊ सन्ध्याको कामना गर्न थाल्छ। चार प्रहर दिवा छिट्टै ढलोस् ऊ चाहन्छ।

भीआईपी दिनभरि मिटिङमा व्यस्त हुन्छन्। देश र नागरिकको चिन्तामा लामो बैठक चल्छ। त्यतिखेर उनले भिखारीको जाडो भुसुक्कै बिर्सिन्छन्। उनलाई भिखारी पनि यही देशको नागरिक हो भन्ने हेक्का भएन। अनि हेक्का भएन आफूले उसलाई दिएको वचन।

भोलिपल्ट बिहान बल्ल उनलाई होस हुन्छ– भिखारीले आफूलाई पर्खिरहेको छ भन्ने। उसको लागि न्यानोको केही व्यवस्था गरेकै थिएनन्। पहिले पहिलेका आफ्नै अर्धानु लुगा लिएर जान्छन् ।

सडक सुनसान छ। फुटपाथमा मानिसहरू केही पातला छन्। बेला बेला बाइक स्कुटीहरू हुइँकिन्छन्। भित्री सडक हुँदा ठुला गाडी यहाँ चल्दैनन्। यस सहरमा कसैलाई फुर्सद छैन।

भीआईपी भिखारी छेउ पुग्छन्। ऊ खाली भुइँमा ढलिरहेको छ, सडक किनारमा। ऊ बोल्दैन। अब ऊ कहिल्यै बोल्ने छैन। संयोगवश त्यही रात उसको मृत्यु भएको रहेछ। यस सहरलाई थाहा छैन उसको चोला उठिसकेको छ।

त्यो करुण दृश्यले भीआईपी खिन्न हुन्छन्।

बडो पश्चात्ताप हुन्छ । एकै क्षणको निम्ति भए पनि भिखारी बाँचोस् उनी कल्पना गर्छन् । उसको मृत्युमा त्यहाँ कोही आएको छैन । कसैलाई वास्ता छैन । कति सस्तो छ उसको मृत्यु ।

आफू हिजो बेलुका नआएकोमा पछुतो मानेका भीआईपी फर्किन लाग्दै थिए त्यसै बेला एक भिखारी आउँछ । ऊ पनि त्यस्तै निरीह छ । ठन्डीले लगलग काँपेको छ । भीआईपीको प्रश्नात्मक दृष्टिले ऊ त्यहीँ रोकिन्छ । हात जोड्छ तर अपेक्षात्मक हात उसले जोडेको हुँदैन ।

"के तिमी उसलाई चिन्छौ ?" मृत माग्नेको चासो लिँदै भीआईपी त्यस भिखारीलाई सोध्छन् "उसको मृत्यु कसरी भयो ?"

"चिन्छु हजुर किन नचिन्नु । प्रायः हामी सँगै हुन्थ्यौँ । हिजो बेलुकीसम्म ऊ आरामै थियो । कसरी उसको मृत्यु भयो ? त्यसको उत्तर मसँग छैन ।" माग्ने हात जोडिरहेकै छ ।

" अकस्मात् के ऊ ढल्यो ? उसको मृत्यू तिमीले देख्यौ ? "

"अकस्मात् ऊ ढलेको होइन । राति अबेरसम्म बर्बराइ रहेको थियो । कतिखेर बर्बराउन छोड्यो थाहै भएन म निदाएँछु । बिहान ब्युँझँदा ऊ निश्चेष्ट थियो । प्राणहीन थियो ।"

'बर्बराइ रहेको थियो' सुनेर भीआईपी केही सन्देह गर्छन् कतै बुढो माग्ने मेरै प्रतीक्षामा थियो कि ? कतै आफू वचनबद्ध हुन नसक्दा गाली पो गऱ्यो कि ? सोध्छन् "के उसले कसैको सम्झना गरेको थियो ?"

"हजुर एकदमै सम्झना गरेको थियो" भिखारीको आवाज दबिन्छ । मित्र शोकले शिथिल भएको ऊ करुण स्वरमा बोल्छ "मेरो मित्र वीरे हिजो दिनभरि एकदमै खुसी थियो । उसले भनेको थियो 'भरे मलाई गरम कपडा आइपुग्ने छ । बाटोमा हिँड्दै गरेका एक जना साहेबले वचन दिनु भएको छ जाडोको कपडा ल्याइदिने ।' ऊ त्यही साहेबको पर्खाइमा थियो । तथापि साहेब आएनन् । ऊ निराश भयो ।"

बोल्दा बोल्दै भिखारीको वाणी अवरुद्ध हुन्छ। सुँकसुँकाउँछ। रसिला आँखा पुछ्दै राति बर्बराएको वीरेको कुरा ऊ सुनाउन थाल्छ । "वीरे कुन साहेबको पर्खाइमा थियो मलाई थाहा भएन । तर साहेबको कुरा उसले धेरै गऱ्यो । रात्रिमा ऊ एकोहोरो बोलिरहेको थियो–साहेब ! म हजुरले ल्याउने तातो कपडाको प्रतीक्षा गर्दै छु । मलाई बडो कठिन हुँदै छ । दुरूह हुँदै छ मेरो अवस्था । तातो कपडा विना मैले धेरै वर्ष व्यतीत गरेँ । मेरो गुजरा चलेकै थियो । म शक्तिशाली थिएँ कस्तो शक्तिशाली भने एकसरो लुगाले म जाडो छल्न सक्थेँ । तर अहिले छल्न नसक्ने भएको छु । बिहान हजुरले मलाई लुगा ल्याइदिन्छु भन्ने जुन आशा छोडेर जानु भयो त्यसपछि म कमजोर भएँ । यो आशाले मलाई कमजोर बनायो । भरे त मलाई गरम लुगा आउँछ भन्ने विचार बढ्दै गएपछि जाडोलाई खप्नै सकिनँ मैले । कतिखेर म मर्छु थाहा छैन । तर अब मर्दै छु । निमेष निमेषमा मरिरहेको छु । मलाई थाहा थियो भरे भोलि नै म मरिहाल्ने थिइनँ । यसरी जाडोले मरिहाल्ने म त्यस्तो दुर्बेल थिइनँ । किन्तु भरे लुगा आउँछ भन्ने अपेक्षाले मलाई दुर्बेल बनायो । म कमजोर भएँ । आशाले मलाई कमजोर बनायो अनि त मैले भिड्न सकिनँ ... !"

यति भनिसक्दा थरथराएको भिखारीको वाणी रोकिइसकेको थियो । ऊ रोयो नै । उसको साथी वीरेको कारुणिक मृत्युले म पनि रोएँ ।

प्रिय पाठक ! अहिले म स्तब्ध छु । शोकको धुन बजिरहेको छ, अभावको धुन बजिरहेको छ । चुनौतीको धुन बजिरहेको छ सडक किनारमा । भिखारीको त्यो दुःखद अन्त्यले मेरो मुड बिग्रिएको छ । अब म कुनै कथा लेख्न असमर्थ छु । मलाई माफ गर मैले उत्कृष्ट कथा लेख्छु भनेँ तर कथै लेख्न सकिनँ । मलाई माफ गर म वचनबद्ध हुन सकिनँ । अहिले मैले जस्तो लेखेँ यो पढ्दा तिम्रो समय मात्रै बर्बाद हुने छ । यो त एउटा भिखारीको जीवन न हो । उसलाई पढ्न सायद आवश्यक छैन । यस्तो अनावश्यक विषय लेखेकोमा म फेरि पनि क्षमा चाहन्छु । त्यति ठुलो गल्ती त मबाट भएको छैन भन्ने लाग्यो भने विश्वास छ तिमीले निश्चय क्षमादान गर्ने छौ; ... !

**राईनास-३, लमजुङ**

卐

गीत

## हाम्रो चितवन राम्रो चितवन

विज्ञानलाल श्रेष्ठ *



स्वर्गभन्दा प्यारो लाग्छ हामीलाई हाम्रो यो चितवन
जहाँ जाऊँ डुली हिँड्छ मनभरि राम्रो यो चितवन

सबै जिल्लावासीहरू अट्ने यो तपोवन
बहुलभाषी सबैजाति भेट्ने यो उपवन
जन्मैं यहीं हुर्कें यहीं मर्छौं यही माटोमा
उर्वरभूमि यो माटोलाई साथलिई छातीमा

नेपाली कला, साहित्य संस्कृतिमा अव्वल
स्वास्थ्य, कृषि, शिक्षा, उद्योग, पर्यटनमा सवल
ऋषिभूमि देवभूमि ज्ञानको यो भण्डार हो
स्वर्गबाट सिञ्चिएको चोखो पुण्यभूमि हो

द्रुतगतिमा विकास गर्दै बढाउँदैछ हाम्रो मान
गौतमबुद्ध अन्तर्राष्ट्रिय रङ्गशाला हाम्रो शान
सिराइचुली शिर बनी चुलिएको गगनमा
प्रकृतिको सुन्दरतामा रम्छ मस्ती मगनमा

卐

* *पूर्व अध्यक्ष : नारायणी कला मन्दिर*

कविता

## सबको रोज्जा राम्रो चितवन

श्रीभक्तअच्युत वाग्ले *



राम्रो चितवन रोज्जा चितवन
नेपालको मुटु हो चितवन
नारायणीको जलले सिञ्चित
उर्बर माटो हाम्रो चितवन ।
सिराईचुलीको शिरमा झुल्की
भानु छर्छन्  ताप प्रकाश
सुनका बाला झुल्दै फुल्ने
कावा खेल्ने हाम्रो चितवन ।
सोमेश्वरको बनमा रम्दै
हिड्ँने नाच्ने मयुर ताँती
विश्व भरिका पर्यटकको
प्यारो लाग्ने हाम्रो चितवन ।
थरिथरिका भेष भुषामा
सजिई हिड्छ्न नरनारी
दराई,  कुमाल,  थारूखाना
हात्ती,  गैडा भा को चितवन ।
लामो झरना छाँगा सुन्दर
नाच्दछ खुसीले मनको मन्दिर
सूर्योदयको दिब्य उपवन
चेपाङ जातिभाको चितवन
देवताहरूको कुञ्ज विहार
गर्ने चोखो घाट यहीं छ
नारायणीको जलमा डुङ्गा
कावा खेल्ने हाम्रो चितवन
हरिण, मृग,  शावक वनमा
सुन्दर पंछी ताल तालमा
घडियाल गोही राप्ती तटमा
हेर्नै पर्ने हाम्रो चितवन
सूर्यास्तको मोहक दृश्य
नारायणीको जलमा चुम्ने
पर्यटकको तृष्णा मेट्ने
सबको रोज्जा राम्रो चितवन ।

卐

* *पूर्व अध्यक्ष : चितवन साहित्य परिषद्*

निबन्ध

# मेरो सपनाको भरतपुर



अनुस्का न्यौपाने *

सामान्यर्थमा, निद्रामा आवाज, चित्र र भावनाको अनुभव हुनु नै सपना हो । तर मेरो विचारमा सपना भनेको जीवनको लक्ष्य हो । सपना देख्नु मानिस हुनुको अर्थ हो । आँखा बन्द गरेर देखेका र आँखा खोलेरै देखेका पनि मेरा थुप्रै सपनाहरू छन् । र तिनै सपना मध्येको एउटा सपना हो "भरतपुर" । मेरो सपना छ- उज्ज्वल भविष्यको मार्गमा मेरो भरतपुर लम्कियोस । वर्तमानको विसङ्गतिहरूलाई पन्छाउँदै चितवन मात्र होइन, सारा राष्ट्रभरि उदाहरणको चम्किलो तारा बनी चम्कियोस् । मेरो भरतपुर निदाएर देखिएको सपना मात्र होइन, सुन्दर भविष्यको कल्पना र आशा हो । स्वर्गको टुक्रा मेरो भरतपुरले गौरवमय अतीत सँगै उज्यालो आगत र स्वर्णिम भविष्यको सङ्केत गरेको छ ।

२०७१ साल तिरै साक्षर घोषणा भइसकेको भरतपुरबासीहरू आफ्नो अधिकार बुझ्ने मात्रै हैन आफ्नो कर्तव्यसमेत बुझ्नेछन् । मेरो सपनाको भरतपुरमा शिक्षाको ज्योति चारैतिर फैलिनेछ । अक्षर चिन्ने मात्र नभई चेतना र ज्ञानका दृष्टिले पनि सबै साक्षर बन्ने छन् । त्यहाँ कोही पनि विद्यार्थि पैसाको अभावले शिक्षाबाट बञ्चित हुनुपर्ने छैन । शैक्षिक प्रमाणपत्र हातमा लिएर बेरोजगार टहलिरहेका नागरिक मेरो सपनाको भरतपुरमा हुने छैनन् । त्यहाँ त प्राविधिक-व्यावसायिक शिक्षा लिएका र आफ्नै पेसा व्यवसायमा आत्मनिर्भर बनेका नागरिकहरूको जमात हुनेछ । हात-हातमा सिप र रोजगारको रिबन हल्लाऊँदै ओहोर र दोहोर गरेका मानिस भरतपुरभरि छरपस्ट हुने छन् । शिक्षा र अवसरका लागि फल्नो ठाउँ राम्रो छ ढिस्कनो ठाउँ त ठिक छैन भन्ने कुरा कसैको कानले सुन्नु पर्ने छैन । भरतपुरको वार्ड १ देखि २९ सम्मै चाहे त्यो कविलासको डाँडो होस् या गोलाघाटको समथर बलौटे फाँट, शिक्षा र अवसर अनि सिप र ज्ञान अनुसारको रोजगारी सबैतिर समानता भन्दा पनि समतापूर्ण तरिकाले बाँडिएको हुने छ । हरेक घरको हरेक व्यक्ति आफ्नै घरको आँटो पिठो खाएर आफ्नै गाउँघरबाट शिक्षा लिन, रोजगार पाउन धाउन सक्ने छ । यहाँ मान्छेलाई यन्त्र मात्र होइन मानवता र आध्यात्मिक भावनाले समेत ओतप्रोत गराउने शिक्षा प्रदान गरिने छ। जसरी सूर्यको किरणले सारा जगतलाई जीवित राखेको छ, त्यसरी नै प्रत्येक पल शिक्षा र चेतनाको किरणले सारा भरतपुरको विकास तथा प्रगतिलाई जीवित राख्ने छ। मेरो सपनाको भरतपुरमा भौतिक प्रगति त हुन्छ नै, त्यसको सँगसँगै पद्धति, नियत, नैतिकता जस्ता कुरा पनि सुधारमा खर्हो उत्रने छ ।

मेरो सपनाको भरतपुरमा श्रमको महत्त्व बुझिने छ र श्रमिक सम्मानित हुने छन् । श्रम गर्नेहरूले अपमानित हुने डरले मुख छोपेर कामको खोजी गर्दै विदेश हान्निनुपर्ने अवस्था रहने छैन । त्रिभुवन विमानस्थलका कुनै विमानहरूले श्रम र पसिना परदेशमा पोख्न जाने कुनै भरतपुर निवासीलाई बोक्नुपर्ने छैन । मेरो भरतपुरले जाँगरिला हातको स्याहार र आफ्नै निवासीको न्यानो प्रेम पाउने छ । मेरो भरतपुरमा गरिबी, रोग र भोकको नामो निसान देखिने छैन। अनि मेरो देश न्युयोर्क, लन्डन, बेइजिङ जस्ता सहरका लागि नमुना बन्ने छ । भरतपुरको ठुलो खचाखच भीडको बजारमा कुनै पनि बालबालिका निर्दोष नयन लिई सडक सडक हिँडेको देखिने छैनन् । कुनै असहाय, वृद्धवृद्धा सडक छेऊ भिख माग्दै, फोहोरमा फालिएका प्लास्टिक, सिसा जस्ता बस्तु उठाउँदै सडक सडक टहलिएको मेरो सपनाको भरतपुरमा हुने छैनन् ।

राजमार्ग मात्र हैनन् भरतपुर भित्रका हरेक सडक फराकिला र पिच हुने छन्, फुटपाथ बिस्तार अनि व्यवस्थित हुने छन् । फुटपाथमा व्यवसाय गर्नेहरूको उचित व्यवस्थापन हुने छ । साँच्चै मेरो सपनाको

* भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानद्वारा **मेरो सपनाको भरतपुर** शीर्षकमा आयोजित चितवन जिल्लास्तरीय निबन्ध प्रतियोगिता २०८० का उत्कृष्ट निबन्धकार

भरतपुरमा फुटपाथमा सामान बेचिन्थ्यो रे भन्ने दन्त्यकथा जस्तो सुनिने छ । सडकहरूमा सानादेखि ठुला सवारी साधन गुड्नका लागि छुट्टाछुट्टै लेन हुनेछन् । सडक दुर्घटना त भरतपुरमा ठप्पै हुने छन् । मेरो सपनाको भरतपुरमा कतै विद्युतका पोल र त्यहाँ तुर्लुङ्ग झुन्डिएका तारका झुन्ड देखिने छैनन् । सारा विद्युतीय तारहरू त जमिनमुनिबाट सूरक्षित र उचित अनि व्यवस्थित ढङ्गले लगिने छ । मेरो सपनाको भरतपुरमा कहीं कतै सडकमा पैदल यात्री देखिने छैनन् । न त सडकको पेटीमा लुरुलुरु हिँडिरहँदा पल्सरको हर्न या साइकलको घन्टी सुनिने छ । सडकको कालोपत्रे अहिलेको जस्तो बनाउन नपाउँदै उक्किने हुने छैन । सडकमा प्रकृति संरक्षण ओझेल नपरी प्रविधि भित्रिने छ । हिजो म बाटोमा हिँडिरहँदा बाटोको छेउछाउमा देखिएका प्लास्टिक, कागज, सिसा, फलाम जस्ता फोहोरका डङ्गुर मेरो सपनाको भरतपुरमा देखिने छैन । मेरो सपनाको भरतपुरमा चुरोटका ठुटा, सुर्ति र गुड्खाका प्याकेटहरूले रंगाइएको बाटो देखिने छैनन् न त भोला, पान खाएर थुकिएका राता सडक र भित्ता देखिने छ । फोहोर व्यवस्थापन गर्न सरसफाइ अभियान्ताहरू चोक चोकमा खटिएका हुने छन् । मेरो सपनाको भरतपुरमा कतै पनि कुनै किसिमका फोहोर यत्रतत्र फालिएको र प्लाष्टिक जन्य वस्तु बालिएको पाइने छैन ।

मेरो सपनाको भरतपुर स्वास्थ्य केन्द्रको रूपमा हुनेछ । विभिन्न जिल्लाबाट बिरामीहरू उपचारका लागि मेरो भरतपुर आउने छन् । त्यहाँ कोही पनि बिरामीहरू पैसा कै अभावले अकालमै ज्यान गुमाउनु पर्ने छैन । कुनै इमानदार, निष्ठावान् र असल डाक्टर कुटिने छैनन् न त कुनै बिरामी वा बिरामी कुरुवा अन्यायमा पर्नेछन् । “न्याय नपाए गोर्खा जानु” भनी सुनिराखेका हामीले अब “न्याय नपाए भरतपुर जानु” भन्ने उखान पनि सुन्न पाउनेछऊँ । न्याय सस्तो र प्रशासन सुलभ बन्नेछ । पेसाप्रति निष्ठावान् शिक्षक, कर्मचारीहरूको अपमान हुनेछैन । मेरो सपनाको भरतपुरमा सम्मान र इज्जतका लागि राजनैतिक दलका पाउमा सेवा चढाउन शिक्षक कर्मचारीको दौडधुप कदाचित हुने छैन । बाँचुन्जेल तिरस्कार र मरेपछि पुरस्कारको प्रथा त्यागिने छ साथै जीवनभर अपमानित गर्ने र मरेपछि सम्मानित गर्ने आठौँ आश्चर्यले मेरो सपनाको भरतपुरमा कदापि स्थान पाउने छैन । मेरो सपनाको भरतपुरमा संस्कृतिको ससम्मान विकास र विकृतिहरूको विनाश गरिनेछ । त्यहाँ हरेक जाति, धर्म, संस्कृति र परम्पराका मानिसले एकअर्काको चाडपर्व, रीतीरिवाज, संस्कृति र परमपराको सम्मान गर्नेछन् । त्यहाँ विविधतामा एकताको नारा नामको मात्र होइन कामको हुनेछ ।

मेरो सपनाको भरतपुरमा एउटा स्वच्छ-पवित्र, भ्रष्टचाररहित जनहितका लागि विकासको राजनीति हुनेछ । जनताको आस्था र विश्वास जितेर जनमतले नै निर्वाचित प्रतिनिधिहरू व्यक्तिगत स्वार्थ चिन्तन अनि सोचको गर्तबाट माथि उठेर स्वच्छ राजनीति, विकासप्रेमी सोच र मुख्यत भरतपुर विकासका अभियानमा संलग्न हुने छन् । मेरो सपनाको भरतपुरमा जो चोर उसकै ठुलो स्वर हुने छैन । अपराधीहरू खुलेआम ठाडो शिर बनाएर हिँड्ने अवस्था रहनेछैन । प्रशासन यन्त्रमा राजनीतिक हस्तक्षेप हुने छैन । मेरो सपनाको भरतपुरमा सबै काम ‘आज’ हुने छन् । भरतपुर भयमुक्त शान्तिको प्रतिमुर्ति बन्नेछ । भरतपुरको बिकास, उन्नति र प्रगति देख्ने मात्रै नभइ सुन्नेहरूको पनि आँखा ठुला ठुला र मुख खुला खुला रहने छन् । त्यहाँका कुनै नदी, कुण्ड, ताल वा पोखरीमा कतै फोहोर जन्य वस्तु देखिने या भेटिने छैनन् । ती जलाम्मे स्थलहरू शुद्ध, कञ्चन पानीका साथमा जलसौन्दर्यको आनन्द उठाउन सकिने छ । नारायणी नदीमा पानीजहाज कुद्ने छ भने रापति नदी पनि विशेष पर्यटकीय क्षेत्र बन्ने छ । मेघौलीको विमानस्थल विस्तार हुने छ । गोलाघाट क्षेत्रका होमस्टेका साथै ठुला होटल तथा लज समेत खोलिने छ । मेरो सपनाको भरतपुरमा पर्यटकीय क्षेत्र दुवैसरी मौलाएर जाने छ ।

यो मेरो सपनाको भरतपुर सपना मात्र होइन; प्रार्थना अनि मेरो मनोकामना हो; मेरो सपना मेरो सोचाइ हो, यथार्थ हो, सङ्घर्ष र मेरो बासस्थान, मेरो जन्मठाउँप्रतिको समर्पित लक्ष्य र प्रतिबद्धता हो । मेरो सपना भनेकै सुनौलो, समृद्ध भरतपुर; समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य पूरा गर्न हिँडेको होइन दौडेको साक्षात् छवि हो । मेरो सपना चाँडै सुन्दर विपना भएको हेर्न आतुर छु ।

**भरतपुर-२५, चितवन**

卐

समीक्षा

# महानगरको प्रशंसनीय कार्य : पाण्डुलिपि प्रोत्साहन



डा.एकनारायण पौड्याल *

भरतपुर महानगरपालिकाले भौतिक वा बाह्य संरचनाको निर्माणलाई मात्र विकास नठानी व्यक्तिको आत्मिक वा आन्तरिक विकासलाई पनि विकासको एउटा पाटो ठानेको छ । यसको प्रमाण हो- महानगर प्रज्ञा प्रतिष्ठान । महानगरले प्रतिष्ठान स्थापना मात्र गरेको छैन, प्रत्येक वर्ष स्थानीय तथा राष्ट्रिय प्रतिभाहरूलाई पुरस्कृत गर्ने, सम्मान गर्ने, कविता, कथा आदि विधामा प्रतियोगिता गराउने, भ्रमण गराउने र अन्य विविध किसिमका कार्यक्रम सञ्चालन गर्ने गरेको छ । यसै श्रृङ्खलामा साहित्यकारहरूलाई लेखनमा अभिप्रेरणा जगाउन र त्यसलाई निरन्तरता दिन सकून् भन्ने ध्येयले कृति प्रकाशन गर्नुपूर्व तयार गरिएको पाण्डुलिपिलाई "पाण्डुलिपि प्रोत्साहन" भनी आर्थिक रूपमा सहयोग गर्दै आइरहेको छ । यो प्रोत्साहन रकम पर्याप्त छैन तर थालनीमा जेजस्तो व्यवस्था गरिएको छ यसले उज्यालो भविष्यको सङ्केत गरेको छ । यस प्रतिष्ठानले गर्नुपर्ने कार्य धेरै छन्, जेजति काम भएको छ त्यो अति न्यून छ तथापि थालनी जसरी भएको छ यसले देशभरिकै पालिकालाई पछि पारेको छ र भविष्यमा केही गर्दछ भन्ने कुराको सङ्केत गरेको छ ।

पाण्डुलिपि प्रोत्साहन कार्यक्रम थालनी भएको दुई वर्षमात्र भएको छ । यस अवधिमा धेरै जनाले यो सहयोग-सम्मान प्राप्त गरिसक्नुभएको छ । यस अवधिमा अरू पनि कृति छापिएका छन् तर लेखकलाई यो सूचना जानकारी नभएका कारणले र अन्य कारणले गर्दा कृति प्रकाशन गर्नेजति सबै जनाले यो प्रोत्साहन रकम प्राप्त गर्न सक्नुभएको छैन । आगामी दिनमा यस प्रोत्साहनले स्रष्टालाई अझ सक्रिय बनाउने छ र महानगरभित्रका कुनै पनि विधाका रचना सङ्ख्याका दृष्टिले धेरै प्रकाशनमा आउने छन् र ती गुणात्मक दृष्टिले पनि अझ उच्च हुनेछन् भन्ने आशा गर्न सकिन्छ । समयानुकूल यसको रकम र दायरा अझ फराकिलो हुँदै जानेछ भन्ने पनि विश्वास लिइएको छ । यहाँ २०७९/०८० र २०८०/०८१ मा प्रस्तुत प्रोत्साहन प्राप्त गर्नुहुने स्रष्टाको विवरण उल्लेख गरिएको छ ।

**पाण्डुलिपि प्रोत्साहन २०७९/०८०**

| क्र.स. | लेखकको नाम | ठेगाना | पुस्तकको नाम | विधा | प्रोत्साहन |
|---|---|---|---|---|---|
| १ | तुलसी पण्डित | भमनपा १३ | तरङ्ग | गीत | १५,०००।- |
| २ | डी.आर.पोखरेल | भमनपा १० | हायु जातिको सांस्कृतिक सम्पदा | संस्कृति | २०,०००।- |
| ३ | अष्टदेव खनाल | भमनपा ९ | अन्तश्चेतना | उपन्यास | २५,०००।- |
| ४ | पोषराज पौडेल | भमनपा ७ | खोरिया | काव्य | २०,०००।- |
| ५ | भरतबाबु ढकाल | भमनपा ७ | सुधाङ्कुर | कविता | १५,०००।- |
| ६ | कमल कँडेल | भमनपा २ | प्रकृति | निबन्ध | १५,०००।- |
| ७ | पदमप्रसाद अर्याल | भमनपा ९ | अङ्कुरम् | कविता | १५,०००।- |

* त्रिवि, वीरेन्द्र क्याम्पसका सहप्राध्यापक डा. पौड्याल भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्य हुन् ।

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | शिवहरि पण्डित | भमनपा ६ | आमा | शोक खण्डकाव्य | १५,०००।- |
| ९ | देवदत्त अधिकारी | भमनपा ७ | ध्रुवमानस यात्रा | महाकाव्य | १५,०००।- |
| १० | रमेशकुमार श्रेष्ठ (रमेश प्रभात) | भमनपा १० | अलिकति फरक कुरा | निसमालोचना सङ्ग्रह | २०,०००।- |
| ११ | किसान बि.क. (किसान प्रेमी) | भमनपा १२ | झुपडीको व्यथा | लघुकथा सङ्ग्रह | २०,०००।- |
| १२ | जगन्नाथ पण्डित | भमनपा १२ | घरबारीमा तोरी फुल्यो | गीत-कविता सङ्ग्रह | २०,०००।- |
| १३ | होमनाथ घिमिरे | भमनपा १० | जिन्दगीका तरङ्गहरू | कविता | १५,०००।- |
| १४ | विष्णुदेवी तिवारी उषा | भमनपा ३ | जवाहर टनल (अनूदित कृति) | कविता | २०,०००।- |
| १५ | डा.एकनारायण पौड्याल | भमनपा १२ | नेपाली कथामा आञ्चलिकता | समालोचना | २५,०००।- |
| १६ | चन्द्रप्रकाश कडेल (विवेकी) | भमनपा ४ | चस्मा | कविता | २५,०००।- |
| १७ | सुभाष घिमिरे | भमनपा १५ | मौन विद्रोह | उपन्यास | १५,०००।- |
| १८ | कृष्णप्रसाद पण्डित | भमनपा ११ | लोककथा सङ्ग्रह | लोककथा | १५,०००।- |
| १९ | कपिलमणि शर्मा रेग्मी | भमनपा १२ | समीक्षाका विविध आयाम | समालोचना | २०,०००।- |
| २० | श्यामजी अतिथि शर्मा | भमनपा १२ | माटोको सुगन्ध | निबन्ध | २०,०००।- |
| | | | | **जम्मा** | ३,७०,०००।- |

**पाण्डुलिपि प्रोत्साहन २०८०/०८१**

| क्र.स. | लेखकको नाम | ठेगाना | पुस्तकको नाम | विधा | प्रोत्साहन |
|---|---|---|---|---|---|
| १ | प्रभातराज सुवेदी | भमनपा १२ | विदेशी साथी | कथा | १५,०००।- |
| २ | मणिराम शर्मा (मणि काफ्ले) | भमनपा ७ | मुक्त चेतना | कविता/गीत | २०,०००।- |
| ३ | रेशम विरही घिमिरे | भमनपा १६ | प्रतिरोधको लय | कविता | २०,०००।- |
| ४ | पूर्णप्रसाद अधिकारी | भमनपा १० | अनुरञ्जन आफैँभित्र | संस्मरण | २०,०००।- |
| ५ | हरिभक्त अधिकारी | भमनपा १२ | स्मृतिका आयामहरू | संस्मरण | १०,०००।- |
| ६ | शशिकिरण रेग्मी (रह शर्मा) | भमनपा १० | मीमांसाको सोपानमा रह | समालोचना | २०,०००।- |
| ७ | विद्या के.सी. (विद्या चिराग) | भमनपा १२ | हजुरबाको लौरी | सचित्र बालगजल | १५,०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | चेतनाथ अधिकारी (सिर्जन अविरल) | भमनपा ५ | तथागत | उपन्यास | २०,०००।- |
| ९ | गणेशप्रसाद शर्मा (गणेश श्रवण) | भमनपा ५ | आगो लिएर गाउँ गाउँमा | कविता | २०,०००।- |
| १० | नरेन्द्रकुमार राना | भमनाप | ऊ र म | कविता | २५,०००।- |
| ११ | उदयनाथ अधिकारी (उदय अधिकारी) | भमनपा ११ | साकार समय | अन्तर्वार्ता | १५,०००।- |
| १२ | दीपकप्रसाद गौतम | भमनपा ४ | अमर त्यागीका कवितामा वस्तुविधान | समालोचना | १४,०००।- |
| १३ | उपेन्द्रबाबु त्रिपाठी | भमनपा ७ | अक्करे भीरको बाटो | कविता | १४,०००।- |
| १४ | टीकाराम रेग्मी | भमनपा ७ | बाँसुरीको धून | कथा | २०,०००।- |
| १५ | राम कुँवर | भमनपा २० | आमा र लोग्ने | कथा र उपन्यास | २०,०००।- |
| १६ | होमनाथ पौडेल हिमांशु | भमनपा १० | हीरा सति | महाकाव्य | २८,०००।- |
| १७ | गरुप्रसाद न्यौपाने सुशील | भमनपा १ | सिर्जनाको फूल | कविता | १४,०००।- |
| | | | | जम्मा | ३,१०,०००।- |
| | | | | कुल जम्मा | ३८०,०००।- |

**स्रोत : भरतपुर महानगर प्रतिष्ठान**

यसरी आर्थिक वर्ष २०७९/०८० र २०८०/०८१मा गरी ३७ जना स्रष्टाका ३८ वटा कृति प्रकाशनमा आएका देखिन्छन् । यी कृति कविता, महाकाव्य, कथा, निबन्ध, संस्मरण, उपन्यास, समालोचना, संस्कृति, गजल, गीत र अन्तर्वार्ताजस्ता साहित्यका विधा-उपविधासँग सम्बन्धित छन् । स्रष्टालाई पाण्डुलिपि प्रोत्साहन रकम कम्तिमा दस हजारदेखि अट्ठाइस हजारसम्म उपलब्ध गराइएको छ । स्रष्टाले पाँच हजार सहयोग माग्दा पनि मगन्ते ठान्ने र अपमान गर्ने परिस्थितिबाट यस अवस्थामा आइपुग्नु भनेको स्रष्टाका लागि पनि सम्मानको कुरा हो र महानगरको चिन्तन र चेतनाको विकासको कुरा पनि हो । आगामी दिनमा यसलाई अझ व्यवस्थित र फराकिलो बनाउन सकेका खण्डमा अझ राम्रो हुने थियो साथै स्रष्टाबाट छापिएपछि दुई प्रति पुस्तक अनिवार्य बुझाउनुपर्ने व्यवस्था गरी ती कृतिलाई लाइब्रेरी बनाई सूरक्षित राख्न सकेका खण्डमा यसको इतिहास, उपलब्धि र प्रसार अझ राम्रो हुने थियो भन्ने ठम्याइ रहेको छ ।

आगामी दिनमा यस सुविधाबारे जानकारी प्राप्त हुँदै जाँदा भरतपुर महानगरवासी अझ बढी स्रष्टा लाभान्वित हुनेछन् भने यसको प्रभाव अन्यत्र पनि पर्न गई यस अनुकरणीय कार्यको फाइदा देशभरका अन्य पालिकाका स्रष्टाले पनि लिन सक्नेछन् । प्रोत्साहन कार्यको थालनीका लागि महानगर तथा प्रतिष्ठानलाई धन्यवाद तथा प्रोत्साहन प्राप्त गर्नुहुने स्रष्टाज्यूहरूलाई धेरै धेरै बधाई । अस्तु ।

卐

संस्कृति

# मिथिलाको चाडबाड तथा पूजा संस्कृति



एन.पि. परिहस्त *

भरतपुर महानगरपालिका नेपालको मध्य भागमा अवस्थित रहेको छ । यो चितवन जिल्लाको केन्द्रको रूपमा रहेता पनि यहाँ समथर उब्जाउ भूमि प्राकृतिक सम्पदा विविध सांस्कृतिक, सामाजिक, धार्मिक परिवेशले गर्दा आन्तरिक पर्यटकलाई मात्र नभई विश्वकै प्रर्यटकहरूको रोजाइको गन्तव्य बनेको छ । वर्तमान भरतपुर चितवन वासीको सचेतना, अग्रगामी चाहना आदिले भरतपुर मेडिकल, शैक्षिक, आधुनिक कृषि आदि विकसित सिटीको रूपमा प्रख्याति वटुल्दै गरेको अवस्थामा आफै पनि नेपालभरी नागरिकहरूको स्थायी बसोवासको लागि आकर्षक वनेको छ। नेपालका विभिन्न ठाउँबाट आएका नागरिकहरूको आ–आफ्ना पारम्परिक संस्कार सांस्कृतिक चाडवाड रहनसहनले भरतपुरको सौन्दर्यामा थप टेवा पुगेको छ । यसै गरी तराईको समथर पूर्वीभागबाट बसाईसराई गरी आएको मैथिली मधेशी हिन्दु समुदायका उपस्थिति उल्लेखनीय रहेको छ र तिनीहरूको कला सांस्कृतिक चाडवाड पहिरन भाषिक मधुरता आदिले भरतपुरको पहिचानको सौन्दर्यतामा सयौ थुँगा फूलको मालाको सुगन्ध थपिएको छ । भरतपुरमा बसोबास गरेका मधेशी हिन्दु समुदायहरूले मनाउदै आएका चाडपर्वहरू निम्नानुसार रहेका छन् :-

१) जुडशीतल/सिरुवा/वाईस पावैन – नयाँ वर्षको दिन मेषक संक्रान्ति तिथिमा
२) अक्षयतृतीया – वैशाख शुक्ल तृतीया तिथिमा
३) वटसावित्रीव्रत (वरसायती) - जेठ कृष्णपक्षको औशी तिथिमा
४) गंगा दसहरा – जेठ शुक्ल दशमी तिथिमा
५) अदरा पावैन (असारको घडी पावैन) – असार शुक्लपक्ष
६) अशुन्यशयन व्रत – श्रावन कृष्ण पक्ष तिथिमा
७) मधुश्रावणी व्रत – श्रावन कृष्ण पञ्चमी तिथिमा
८) नागपञ्चमी (लगपाचे) – श्रावन शुक्ल पंचमी तिथिमा
९) राखी/रक्षावन्धन – श्रावन शुक्ल पक्षको पूर्णिमा तिथिमा
१०) सोमवारी – श्रावन महिनाको सोमवार
११) बिहुला पूजा –भदौ कृष्णपक्षको चतुर्थी तिथिमा
१२) कृष्णाष्ठमी –भदौ कृष्णपक्षको अष्टमी तिथिमा
१३) कुशी आमावश्या/कुशेऔशी –भाद्र औशी तिथिमा
१४) चौठी चाँद। चौठचन्द्र। चौरचन –भाद्रशुक्लपक्षको चर्तुथी
१५) अन्नत पूजा – भाद्रशुक्ल चतुर्दशी तिथिमा
१६) पितरपक्ष मातृ नवमी – असोज कृष्णपक्षबाट
१७) जितिया। जितवाहन व्रत - असोज कृष्ण अष्टमी
१८) नवरात्र। दसहरा। दशमी – असोज शुक्लपक्षबाट दशमीसम्म
१९) कोजागरा –असोज शुक्ल पूर्णिमा
२०) गवहा संक्रान्ति – कार्तिक तुला पूर्णिमा
२०) दियावाती (दिपावली) – कार्तिक कृष्णपक्ष औशीमा
२१) गोवर्धन पूजा – कार्तिक द्बितीया
२२) भातृद्बितीया । भईयादुज । भाइटीका – कार्तिक शुक्ल द्बितीया
२३) चित्रगुप्त पूजा – कार्तिक शुक्ल द्बितीया तिथिमा

** मावि शिक्षक : बालकुमारी माध्यमिक विद्यालय, नारायणगढ*

२४) छठिव्रत (छठ पूजा) – कार्तिक शुक्ल षष्ठी तिथिमा
२५) तुलसी उदयापन (आकाश दीप) –कार्तिक संक्रान्तिबाट मसान्तसम्म
२६) अक्षय नवमी –कार्तिक शुक्ल नवमी
२७) देवोत्थान एकादशी – कार्तिक शुक्ल एकादशी
२८) सामा (समाचकेवा) पूजा – कार्तिक शुक्ल पूर्णिमा
२९) कार्तिक कृत्या (कार्तिक स्नान) – कार्तिक संक्रान्तिबाट मसान्तसम्म
३०) हरिसौ पावनी – कार्तिक शुक्ल पक्ष
३१) रविव्रत (रैव) - (दिनकरक कक्षा) –मङ्सिर शुक्लपक्ष प्रथम आईतवार
३२) नवान्न – मङ्सिर महिनामा
३३) मकर (तिला) संक्रान्ति – माघ मकर संक्रान्ति
३४) पृथ्वी पूजा – मकर संक्रान्ति दिनबाट
३५) तुसारीपूजा – मकर संक्रान्ति दिनबाट
३६) साँफ पावनी – मकर संक्रान्ति दिनबाट
३७) नरक निवारण चतुर्दशी – माघ कृष्णपक्ष चर्तुदशी तिथिमा
३८) एकादशी (हरिवोधनी) – माघ शुक्ल पक्षको एकादशी
३९) वसन्त पञ्चमी – माघ शुक्ल पक्षको पञ्चमी
४०) माघ सप्तमी – माघ शुक्ल पक्षको सप्तमी तिथिमा
४१) शिवरात्री व्रत – फाल्गुन कृष्ण चर्तुदशी
४२) फगुवा (फागू) – फाल्गुन पूर्णिमा
४३) सपता विपता कथा – चैत्र कृष्ण पक्षबाट
४४) रामनवमी – चैत्रशुक्ल नवमी
४५) जनार – गोठमा गाईवस्तुमा विघ्नवाधाबाट बचाऊन कृष्णको पूजा
४६) हनुमान अराधना - रामायणको सुन्दरकाण्डको गीतिलयमा वाचन
४७) अष्ठजाम – अखण्ड भजन, (हरेकृष्ण हरेकृष्ण कृष्ण कृष्ण हरे हरे हरेराम हरेराम राम राम हरे हरे) २४ घण्टे, ४८ घण्टे, ७२ घण्टे
४८) भगैत– झाँक्रीहरूले देवीलाई रिझाउने आराधना,
४९) पराती – प्रातकालमा बृद्धबद्धाद्वारा गरिने गायन स्तुति
५०) कोर भर्नु –विफर ठेउला निको हुदाँ देवीलाई गरिने पूजा
५१) महादेव पूजा – दशमीकालमा महादेवको गरिने आराधना
५२) तराईको डिहवार, राजाजी, पहाडको कालिका
५३) सातुयनारायण पूजा
५४) गब - प्रकृति पूजाको रुपमा खेत रोपाई गर्नुपूर्व खेतको हिलोमा रोपाइ गरिने ।

वर्तमान सन्दर्भमा कतिपय चाडपर्व लोपहुँदै गइरहेको छ भने कतिपय चाडवर्प संरक्षण र पहिचानको अभावको कारणले छायाँमा परेको छ । नेपाल वहुसांस्कृतिक वहुधार्मिक वहुभाषिक राज्य भएकाले हिमाल पहाड तराई हिन्दु, मुस्लिम, वौद्ध, जैन, इशाई, क्रिश्चियन, मैथिल, भोजपुरी अवधि तामाङ्, मगर गुरुङ्ग, राई, लिम्बु, किराँत आदिको धर्म संस्कृति चाडपर्वसँग एकअर्काको पहिचान हुन जरुरी छ जसले सयौ थुँगाको एउटै माला वन्न सार्थक तुल्याउँछ। बुझाईको अभावमा, सङ्कीर्णता भावको कारणले पहाडको हिन्दु धर्मावलम्वीले मनाउने स्वस्थानी व्रतकथा, कालिका, पहाडका कालिका र भीमसेन पूजा र तराईका हिन्दुहरू नै यसबाट अनभिज्ञ छन् । त्यस्तै तराईको डिहवार, राजाजी, आदि पूजाहरूको साथै पहाडी समुदायहरू पूर्णतया अनभिज्ञ छन् । चितवनको सन्दर्भमा छठ जितिया जस्ता पर्वहरू जनमानसमा भिजिसकेता पनि केही तराईका चाडपर्वहरू पहाड र हिमालमा पूर्णतया प्रचलनमा छैन । तसर्थ तराईको मिथिला सँस्कृतिमा आधारित केही व्रत, चाडपर्व, सांस्कृतिक पूजापाठको सङ्क्षेपमा वर्णन गरिएको छ

**जुडशीतल, सिरुवा, वाइस पावैन (वैशाख महिनाको १ गते)**

धर्मशास्त्रानुसार वैशाख महिना सवैभन्दा उत्तम मानिएको महिना हो । यसलाई भगवान् विष्णुलाई

खुसी पार्ने महिनाको रूपमा मान्ने प्रचलनरहेको छ। मेष संक्रान्ति उत्सवलाई विभिन्न ठाउँ, परिवेशमा मनाउने प्रचलन रहेको छ । यो पर्व नयाँ वर्षको आगमनसँग नववर्षकै दिन मनाइन्छ। कतै कतै वैशाख महिनाकै २ गते पनि मनाउने गर्दछ तर एक दिन अगाडि नै चनाको सातु खाने गर्छन जसलाई सातुआइन भनिन्छ। यही दिन पितृहरूको लागि गाग्रीमा पानी जौको सातु टिकुला (आपको कोपिला) खिर आदि सामग्री ब्राह्मणहरूलाई दान दिने प्रचलन भएता पनि हाल यो प्रचलन लोप हुदै गइरहेको देखिन्छ । घरका गृहिणीहरू सवेरै उठेर इनार, कुवा, पोखरी आदि पँधेराबाट पानी ल्याई घर आँगन, बोट वृक्ष, पशुपंक्षी आदिमा पानी हालेर शीतलता (जुडवै) प्रदान गर्ने गर्छन । सोही दिन घरका वुज्रुकहरूले अनुजहरूलाई कलशमा जल (पानी) लिई टाउकोमा राखी वर्षभरी जीवनको शीतलता प्रदान गर्ने हेतु आशीर्वाद दिने गर्छन। गाउँघरमा रहेको तुलसी मठ शिवलिङ्ग जलधरी (जलविशेक) गर्दै इनार पोखरी जलाशयको सफासुग्घर (खनखुन-उडाहल) गर्छन् । सोहीक्रममा वाँसको पिचकारीले पानी एकअर्कालाई छ्याप्दै हिलो खेलेर युवाहरू रमाइलो गर्दै आनन्द लिने गर्छन । यस्तो हिलो खेल्ने परम्परा मिथिलाको साथै राजवंशी समुदायमा पनि रहेको देखिन्छ । यस्तो उमङ्गको खेलको उद्देश्य वर्षभरी शीतलता प्रदान होस् घाम उदाउनु भन्दा पहिल्यै खाना बनाउन सुरु गर्छन् । जसलाई महिना परिवर्तन भएकोले उक्त खाना वासी भएको मान्यता राख्छन। त्यसैले यसलाई वाइस पावैन भन्ने गर्दछन् । सवैको घरमा आफ्नो सामर्थ्य अनुसार स्वादिष्ट व्यञ्जन पकाएर खाने चलन रहेको छ । जसको उद्देश्य वर्षभरी मिठामसिना व्यञ्जनहरू खान पाइन्छ भन्ने पौराणिक कथन रहेको छ, गाउँ घरमा भन्ने गर्छन् । सिरुवाको भात र भादवको (भाद्र) गोवरले खासै मान्यता राख्दैन किनकि विना नोता (निमन्त्रणा) नै एकअर्का घरमा गई वोलाएर खान दिने गर्छन। यस पर्वमा बडी (वेशनको परिकार) अदौरी (मसौरा) तिलारी, (तिसौरी), तरुवा (फ्राई व्यञ्जन) विशेषगरी सोइजन, टिकुला लगायत, दुध दही, सकलौरी, (दुध परिकार, मांशाहारी व्यञ्जनहरू) माछा मासुका थरीथरीका परीकार वनाएर घरका अन्य सदस्यहरूलाई खुवाउनभन्दा अधि खाना पकाउने चुल्हामा असग्नकरण (अग्नि पूजा) को साथै पितृहरूलाई चढाएर (अर्पण) भाग खुवाउने चलन प्रचलित छ।

यस पर्वमा एक आपसमा सद्भाव साटासाट गरी भोजन गराउने प्रकृतिको स्वरूपमा रहेको पशुपंक्षी वृक्ष बाटोघाटो जलाशय सरसफाई गरी जलसिंचन गरेर जीवनमा शीतलता प्रदान गर्ने मान्यताहरूबाट आशीर्वाद थाप्ने, समकक्षीहरूको वीच खेलखेली आनन्दित हुने नव भण्डारीहरूलाई व्यञ्जन तयार गर्न सिक्ने सिपको अवसर पाउने आदि विशेषताले भरिभराउ छ। नुनिलो, गुलिया, अमिलो सवै मिठा स्वादको संगमको प्रतीक नववर्ष शुभकामना सद्भाउ बाँड्ने जीवन्त पर्वको रूपमा मिथिलाञ्चल भरी हर्षोउल्लासको साथ मनाउने गर्छन । तसर्थ यो पूजाले निम्नानुसार संस्कारहरूको द्योतक बनेको छ।

१) अविष्णुको अर्चना अग्निदेव को रूपमा चुलाको पूजा गर्ने ।
२) प्रकृति तथा पर्यावरण संरक्षण हेतु जलस्रोतको सफाई तथा वृक्ष सिंचन ।
३) अतिथी सातुकारको रूपमा व्यञ्जन परिकारको तयारी ।
४) उमङ्ग उत्साह क्रिडा स्वरूप हिलो तथा पानी छ्याप्ने ।

**नागपूजा (नागपञ्चमी, लगपाचे)**

नागपूजाको प्रचलन मिथिला क्षेत्रमा बैदिक कालदेखि देखिरहेको जनविश्वास छ। यो पर्व श्रावन महिनाको शुक्ल पंचमी तिथिमा धुमधामले मनाउने प्रचलन रहेको छ। यस पर्वलाई लगपाचे, नागपञ्चमी, नागपूजा नामले बुझिन्छ।

यो पर्व मनाउनुको पछाडि एउटा प्रख्यात कथा रहेको छ जो यसप्रकार छ : एउटा बुढिया - बुढी आमा) सधै नुहाउन पोखरीमा जाने गर्थे, एक दिन पोखरीमा

एउटा पातमाथि पाँचवटा जीवहरू, ती जीवहरू मानवीय आवाजमा भने, ए बुढिया ! सबै गाउँलेहरूलाई पञ्चमीको दिन घर आँगन सरफाई गर्दै माटोले लिपपोत गरी पवित्र बनाएकै स्थानमा माटोको पाँचवटा थुम्का वनाएर त्यसमाथि सिन्दुर, पिठार (चामलको लेदो) लगाएर पूजा गर्न जसमा कुश धानको लावा दुध आदि चढाएर, मानवकल्याण हुने आशय अनुसार गाउँभरी बुढी आमाले प्रचार गर्थिन् । सोअनुसार नागको पूजा गर्नेहरूको उन्नति प्रगति हुन थाल्यो । जसले विश्वास गरेन तिनीहरूको मृत्यु भयो । पुनः बुढी आमा सोही पोखरीमा गई मृत्युको कारण खोजी गर्दा ती पाँच जीवले विषहरा नागकोप्रसाद ती मृत मानिसहरूको मुखमा राख्दा पुनः जिवित भएकाले सोही दिनदेखि नागपूजाको प्रचलन रहेको जन विश्वास छ ।

यस्तै मधु श्रावणी कथामा नाग पञ्चमीको यस्तो धारण रहेको पनि पाइन्छ । एक दिन महादेव पोखरीमा नुहाउन गएको बखत चिप्लेर खस्दा त्यहाँबाट वीर्य स्खलित भई पाँच दिदी वहिनी विषहरा (नागिन) को जन्म भयो । महादेव यस उप्रान्त घण्टौ लगाएर पोखरीमा नुहाउन लागे पार्वतीमाता यस्तो व्यवहारबाट क्रोधित भइन् अनि महादेवले पार्वतीको क्रोध शान्त पार्न यिनीहरूको उत्पतिको घटनासँगै नागिन विषहराहरूको पूजा मानव कल्याण गर्ने आश्वासन दिए तसर्थ सबैले श्रावणको शुक्लपञ्चमीको दिन नागपञ्चमी मनाउन लागेका छन् ।

नागपञ्चमी मिथिलाञ्चल भरी श्रावणको शुक्लपक्षको पञ्चमी तिथिमा मनाउने परम्परा छ । तराई भूभागमा नागपञ्चमीको दिन सवेरै उठेर गाईको गोवर र माटोले आँगनमा लिपपोत गरी भित्तामा गोवरबाट बनाएको नागलाई दही चामल दुवौ चढाउने साथै आँगनमा माटो ढिस्का वनाएर चामलको पिठार, सिन्दुर, लावा, दुध, दुवो, कागती आदि चढाउने गर्छन । अमिलोले सर्पको दाँत कुडिने र टोक्न नसक्ने वा सर्पदंशबाट बच्ने धारणा रहेको पाइन्छ । साथै दुध र लावामा रातोमाटो मिलाएर सर्पको पढेर मन्त्राएर घर आँगनमा छर्ने चलन रहेको छ जसबाट विषहरा प्रसन्न रहन्छ ।

मैथली संस्कारमा नागलाई प्रसन्न पार्न विषहराको गीत गाउने प्रचलन रहेको र कतै कतै विषहरालाई कुलदेउताको रूपमा पूजा गरिन्छ ।
झारफुक गर्ने झाँकीहरूले सर्प दम्सको उपचार गर्ने उद्देश्यको मन्त्रहरू सिक्ने र सो दिन उपवास बस्ने मन्त्र सिक्ने गर्छन । नागपञ्मीको साँझमा खीर, पुरी लाई (चिउरा र वेलीबाट वनेको लड्डु) आदि चढाएर नागको पूजा सम्पन्न गर्ने चलन रहेको छ ।

**रक्षा वन्धन (राखी)**

राखी पर्व तराई मधेश (मिथिला क्षेत्र) को अत्यन्त लोकप्रिय चाड हो । यो पर्व आदिकालदेखि नै चल्दै आइरहेको छ भन्ने जनविश्वास छ । प्राचीन कालमा ऋषिमुनि तथा व्राह्मणहरूले धार्मिक अनुष्ठान (यज्ञ) पश्चात् यजमानको हातमा रङ्गिन धागो डोरी बाध्ने परम्परारहेको छ । यस पर्वलाई नेपालमा स्थानीय परिवेश अनुसार राखी, रक्षावन्धन, जनै पूर्णिमा, झुलन आदि नामकरण गरिएको पाइन्छ । यो पर्व श्रावण शुक्लपक्षको पूर्णिमा तिथिमा कुलगुरुको हातबाट डोरो बाध्ने वा भाइ दाइलाई दिदी वहिनीद्वारा राखी (कलात्मक डोरो) हातमा बाध्ने र गुरु, दिदी वहिनिलाई दक्षिणा दिने र आशीर्वाद थाप्ने गर्छन गुरुहरूले डोरो बाँध्छन ।

“येन बध्दो वलिराजा दानवेन्द्र महावलः, तेनत्वां प्रतिवध्नामि रक्षोमाचल माचलः” मन्त्र सहित आशीर्वाद दिइन्छ भने दिदीवहिनी दाजुभाइको दिर्घायु सुस्वास्थ्य साथै उन्नति प्रगतिको शुभकामना दिने गर्छन् । यो पर्व हिन्दु समाजमा विभिन्न ढङ्गले मनाइता पनि यसवारे शास्त्रहरूमा विभिन्न भनाइहरू प्रचलित रहेका छ :-

१) माहाभारत अनुसार, पाँचपाण्डवहरूको दुःखको क्षणमा हस्तिनापुर आई श्रीकृष्णले रक्षाकवजको रूपमा डोरी बाध्ने सल्लाह दिएका थिए जसबाट

बिजय प्राप्त गरे र जीवन सुखी भए।

२) देवासुर संग्राम बाह्र दिनसम्म चलिरहेको अवस्था देवताहरू "त्राहीमाम्" भएर इन्द्राशन हलिरहेको अवस्थामा देवगुरु वृहस्पतिले देवताहरूलाई ऋषिमणिद्वारा अभिमन्त्रित डोरो रक्षावन्धन (रक्षाकवच) हातमा बाध्ने सल्लाह दिए। अन्तमा दानवहरूलाई हराएर विजय भए।

३) प्राचीन कालमा राजारजौटाहरू युद्धमा जाँदा उनीहरूका पत्नीले पतिको रक्षा (कवच) बन्धन बाँधेर पठाउने प्रचलन थियो।

४) द्रोपदीले श्री कृष्णलाई हातको घाउको दर्द कम गर्न आफ्नो आँचल च्यातेर रक्षाकवचको रूपमा बाँधेकी थिइन्। तसर्थ कृण्णले वहिनी द्रौपदीलाई आपतमा रक्षा गर्ने वचन दिएको दृष्टान्त रहेको छ।

तसर्थ यो चाडले दिदी भाइको बिच प्रेम सदभाव सामञ्जस्य भावना अभिप्रेरित गर्ने तथा गुरुको आशीर्वादले रक्षाकवचको जीवन सुखमय बनाउने आपतबाट मुक्त हुने जनविश्वास रहेको पाइन्छ।

## कोजागरा

आश्विन शुक्लपक्षको पूर्णिमा तिथिमा मनाइने चाड कोजागरा हो। यस चाडमा विशेषतः धनधान्यकी देवी लक्ष्मीलाई पूजा गरिन्छ। अन्न धन लक्ष्मी घर आउ, दालिद्र बाहर जाउ भन्नेमन्त्रको जप गर्ने गर्दछन्। पूर्णिमाको दिन सवेरै घर आगन लिपपोत गरिन्छ। लक्ष्मीको पूजाको लागि अङ्कुरण गेडागुडी, पान, मखान, केरा, मिश्री, नरिवल आदि पूजा सामग्रीको भोग लगाएरप्रसाद वितरण गरिन्छ। नवविवाहित दम्पतीहरूको ससुरालीबाट लुगाफाटो आउँछ, जुन वस्त्र लगाएर रातीमा चुमोओन (आशिष) गरिन्छ। यो पूजाको लागि नै छरछिमेकीलाई निमन्त्रणा दिई वोलाइन्छ। मध्यरातीमा चुमोओन (एक आशीर्वाद कार्यक्रम) गरिन्छ। जसमा घरको आँगनमा लिपपोत गरि पिठार (चामलको लेदो) सिन्दुर पूजास्थल बनाइन्छ। एउटा ढक्कीमा पाँचवटा र नरिवल पाँच हत्था केरा, मखान, पान, सुपारी मखानको माला, जनै, चाँदी सिक्का, धान, दुवो, दही आदि सामग्रीबाट पहिले वर (वेहुला) को आँखामा गाजल लगाई सिंगारेर नयाँ ससुरालीबाट आएको नयाँ वस्त्र लगाएर पूर्वपट्टि फर्केर आसन गर्छन्, चुमाउनेको पट्टि श्रेष्ठ व्यक्ति गुरु, अग्रज कम्तीमा पाँच जनाहरू दुवौ, धान, दही आदिबाट आशीर्वाद दिने प्रचलन छ अनि वेहुलाले श्रेष्ठ व्यक्तिहरूलाई पाउमा प्रणाम गर्दै आशिक लिने गर्छन्। अन्तमा आ-आफ्नो गक्षानुसार भोजभतेर गर्छन, केही नभए पनि पान मखान बाडिन्छ।

## नवान्न

नवान्न - खेतबाट प्राप्त नयाँ अन्न बाली, नयाँ अन्न तयार हुदा पितृलाई अर्पण गरिने एकप्रकारको श्राद्ध हो। घरमा नयाँ अन्नको आगमन भन्ने बुझिन्छ।

मिथिला क्षेत्रको किसानहरूले प्रकृतिलाई गर्ने पूजा मध्ये नवान्न पनि एक हो। यस क्षेत्रमा किसानहरूले विशेष महत्त्व दिएर मनाउने गरेको पाइन्थ्यो। तर अचेल आधुनिक प्रविधियुक्त खेतीपातीमा लगाउने विकासी धान मङ्सिरभन्दा पहिले नै घरमा भित्रीने हुँदा यो पर्व हराउँदै गएको छ। यो पर्वको तयारी गवाह संक्रान्तिको दिनबाटै शुरु हुने गर्छ। यो पर्व मङ्सिर महिनामा मनाउने गर्छन। यस दिन घरका पुरुष, श्रेष्ठ व्यक्ति, सवेरै धान खेत गई नयाँ धानको वुटा मुठी काटेर ल्याउछन्। धान काट्न जाँदा र धान काटेर फर्किदा काट्ने व्यक्ति मौन रही कोहीसँग कुनै वार्तालाप नगरी घर फर्कन्छन्। धानको वाला अग्नि देवतालाई अर्पन गर्छन्, जसबाट घरको महिलाहरूले चिउरा बनाउँछन। उक्त नयाँ धानको चिउरा कुलदेवतालाई अर्पण गर्छन। महिलाहरूले चिउरा तयार गर्छन् ५/५ घान ५/५ पटक ओखलमा राखि चिउरा बनाउने चलन छ। उक्त चिउरा, काचो दुध र गुड (भेली) राखी चढाई सकेपछि परिवारको सदस्यहरूमाप्रसाद वितरण गरिन्छ। ब्राह्मणलाई नयाँ

चामलबाटै चिउरा दही भोजन गराई नयाँ चामलबाटै भात पकाएर खाने खुवाउने प्रचलन पनि रहेको छ।

**रैव (रवि) व्रत**

मिथिला क्षेत्रमा मनाइने चाडपर्व मध्ये रैव व्रत पनि एक विशेष महत्त्वको साथ मनाइन्छ। रैव भन्नाले आइतवारलाई जनाउछ। रैव (रवि) व्रत मङसिर महिनाको वृश्चिक संक्रान्ति) शुक्लपक्षको अन्तिम आइतवारको दिन शुरुवात (टेकल) गरिन्छ भने वैशाख महिनाको मेष संक्रान्तिमा अन्त (सौपल) गरिन्छ। यो व्रत सन्तानहरूको सु–स्वास्थ्य, निरोगिता, उन्नति, प्रगति समस्त उन्नयनको लागि छ महिनाको एक मात्र स्वातविक नून विनाकोप्रसाद ग्रहण गरी कठोर सूर्यउपसना गरिन्छ। यो व्रत शुरुवात गर्दा नदी तलाउमा गई स्नान गरी चोखो भएर जलाशयमा कलशमा पिठार (चामलको लेदो) सिन्दुर लगाएर आँपको पलै (आँपको टुप्पो) राखी डोराले बाँधिन्छ, जसमाथि दियो वालेर राखिन्छ। पूजा सामग्री-ठोकुवा, केरा, पान, सुपारी, पाँच थरीको फल आदिलाई) सूर्य देवतालाई अर्घ्य दिई यो कठिन अनुष्ठानको प्रारम्भ हुन्छ। यसरी शनिवारदेखि नै सात्विक भोजन गरी आइतवार एक छाक मात्र वा निराहार रहि सूर्यदेवको आराधना सहित ६ महिना गरिन्छ। आइतवार पानीविनाको निराहार व्रत गर्दा ठाडै रैव भन्ने चलन छ। यसैगरी भाद्र महिनामा स्त्रीगणहरू एउटा आइतवार व्रत लिने चलन रहेको देखिन्छ। सूर्यदेवलाई अर्घ्य दिँदा तामाको अर्घमा गाईको दुध रातो फूल चन्दन अविर, दुवो अक्षता पिठार आदि राखी चढाइन्छ। ठाउँ परिवेश अनुसार रैव व्रतको कथा पनि सुन्ने र सुनाउने गरिन्छ। रैव व्रत लिने व्रतालुले शनिवार, आइतवार माछा मासु बन्देज गरिएको भोजन बाह्रै महिना छाड्ने गरेको देखिन्छ। यो व्रत सन्तान भएका विवाहित महिलाहरूले आफ्ना सन्तान तथा परिवारजनहरूको सुस्वास्थ्य दीर्घायु निरोगिताको लागि लिने चलन छ।

**अन्नत पूजा**

भविष्य पूराणअनुसार अन्नत पूजा भाद्र महिनाको शुक्ल चर्तुदशीको दिन मिथिला क्षेत्रमा भव्य तथा श्रद्धा भक्तिको साथ मनाउने प्रचलन रहेको छ। कम्तीमा चौध वर्षको उमेरसम्म यो पूजा गर्ने पर्छ तर मानिसहरू यो पूजा जीवनभरनै गर्छन्। किनकि यो पूजा गर्ने मानवहरूद्वारा गरिएको पाप क्षय हुने जीवनमा सुखः आनन्द प्राप्त हुने जनविश्वास रहेकोछ। पूजा पश्चात कलात्मक धागोद्वारा बनाएको अन्नत (विशेष गाठोले बनाएको डोरो) पुरुष महिलाले क्रमशः दाहिने देव्रे पाखुरामा बाँध्ने गर्छन। यो पूजाको सामग्री तयार गर्दा निम्न मन्त्रको पाठ गरी तयार गर्ने चलन रहेको छ।

ॐ अपवित्रः पवित्रो वा सर्वावस्थाङ् गतो पिवा।
यः स्मरेत पूण्डरीकाक्षः सार्बा्ह्याभ्यान्तरो सूचिः

अन्नत पूजा समापन गरी पूरोहितहरूले जजमानहरूलाई अन्नत लाउँदा निम्न लिखित मंत्रको उच्चारण गरी लगाइदिने गर्छन।

ॐ अनन्ताय नमस्तुभ्यं सहस्त्र शिरसे नमः।
नमोस्तुते पद्मानाभ नागानां पतये नमः।
अनन्त संसार महासमुन्देमग्नान समभ्युद्धर वासुदेव।
अनन्तरूपे विनियोजयस्व अनन्त रूपाय नमोनमस्ते।

मिथिला समाजमा यो पूजा मनाउने प्रथा निम्न लिखित कथामा अधारित रहेको पाइन्छ।

पाण्डवहरू, जुवा खेलमा सर्वस्वः हारिसकेपछि अज्ञात वासमा हुँदा युधिष्ठिर आफ्ना दुखास्वथाले अत्यन्त चिन्तित र व्याकुल थिए। अचानक श्री कृष्णको आगमनले आफू संकटमा परेको दुःख पीडामा परेको वृतान्त सुनाए। युधिष्ठिरले आफ्ना हितैसी परम मित्र श्री कृष्ण प्रभुसँग आग्रह गर्नुभयो। हामीलाई यो संकटबाट निवारण हजुरले गर्नसक्नु हुन्छ, तसर्थ कुनै उपाय बताइदिनुहोस् भन्दा भगवान् श्रीकृष्णले अनन्त पूजा गर्ने सल्लाह उपदेश दिनुभयो। पूजाको विधि विधान सोध्दा भगवान्ले यो कथा सुनाउनु भयो।

सत्ययुगमा सुमन्त नामक एउटा ब्राह्मण थिए उनले भृगुक नामक व्राह्मणको छोरी दीक्षासँग विवाह गरेका थिए। दीक्षा अत्यन्तै रूपवती, शिष्ट, मिजासिली नम्र स्वभावकी थिइन्। सुमन्त उनीसँग अत्यन्तै ह्रर्षित

पारिवारिक वातावरणमा बस्न थाले कालाअन्तरमा उनीहरूको कोखबाट शीला नाम गरेको छोरी जन्मिईन् तर दुर्भाग्यवस आमा दीक्षाको मृत्यु भयो । पत्नीको स्वर्गवास भएपछि सुमन्तल अत्यन्तै दुःखी र शोकाकुल रहन लागे। आश्रम लथालिङ्ग अवस्थामा पुग्यो। समय वित्दै गयो । धेरैपछि सामाजको करकापले सुमन्तले कर्कशा नामक कन्यासँग अर्को विवाह गरे । तर सुमन्तले सोचे अनुसार भएन। पहिलो पत्नी सुशीला नम्र मृदुभाषी थिइन तर कर्कशाको स्वभाव विपरीत थियो। अव शीलाले सौतेली आमाको दुष्चक्रमा कष्टमै जीवन विताउन बाध्य भइन्, शीला भगवान्‌को परमभक्त थिइन्। छोरीको वैश बढदैजादाँ बुवा सुमन्त चिन्तित बन्दै थिए। एक दिन अनायाश आश्रममा कौडिण्य ऋषिको आगमन भयो । ऋषि शीलाको सौन्दर्यमा लठ भए र पिता सुमन्तसँग शीलाको कन्यादान आफूसँग गरिदिन प्रस्ताव राखे। उक्त प्रस्ताव सुमन्तले सहर्ष स्वीकार गरी आफ्नी छोरीको कन्यादान कौडिण्य ऋषिसँग गरिदिए । छोरी अन्माउने वेलामा दोस्री पत्नी कर्कशालाई आफ्नो घरबाट आवश्यक सामग्री दिन आग्रह गर्दा झर्केर कस्तो कंगाल रहेछ भनी जवाफ फर्काइन अन्तमा सुमन्तले केवल बाटो खर्च दिई छोरी ज्वाईलाई विदाई गरिदिए। युगल जोडी कहारमा गइरहदा बाटोमा पर्ने यमुना नदीको किनारमा असख्यं महिलाहरूको उपस्थिती देखे। जिज्ञासा राख्दा केहीवेर कहार त्यही ठाउँमा कौडिण्य ऋषि नित्यकर्ममा लागे र शीला महिलाहरूको नजिक गई भेलाको उद्देश्य जानकारी लिइन । उनीहरूले अन्नत चर्तुदशी महात्म्य सुनाए साथै अन्नत चर्तुदशीको व्रत गर्न सल्लाह दिई डोरा बाँधिदिए। शीला आफ्नो ऋषि आश्रममा पुगिन् र दिनप्रतिदिन उनीहरूको दाम्पत्य जीवनमा उत्तोतर सुखः समृद्धि प्राप्त भयो । कौडिण्य ऋषि अत्यन्तै हर्षित भई उत्साहपूर्वक जीवन बिताउन लागे। एक दिन अचानक शीलाको पाखुरामा बाँधेको डोरा देखेर जिज्ञासा राख्दा शीलाले बाटोको पूर्ण घटनाको वृतान्त पतिदेवलाई सुनाइन् उक्त कुरा सुनेर ऋषिले सुन चाँदीको गहनाको सट्टा डोरो लगाउने भने प्रश्न गर्दै डोरा तोडेर आगोमा फालिदिए। शीलाको चिरपोषित निष्ठाबाट विचलित भइन् । दौडेर आगोबाट अनन्तको डोरा झिक्दै दुधमा धोइन् र फेरि लगाइन, अब शीलाको दाम्पत्य जीवनमा आएका खुशियाली क्रमशः ह्रास हुँदै अनेकौ कष्ट पिडा भोग्नथाले । अन्तमा दुवै पतिपत्नीले घरसल्लाह गरी पुनः अनन्तपूजा सुरुवात गर्दा जीवन सुखमय सुधार हुन थाल्यो। तसर्थ मिथिला क्षेत्रमा सुखद पारिवारिक वातावरणको लागि यो पूजा प्रचलन रहेको छ।

**समाचकेवा पर्व**

नेपालको पूर्वी तराई क्षेत्रमा कार्तिक शुक्लपक्षको द्वितीया तिथिदेखि प्रारम्भ भई पूर्णिमासम्म अत्यन्तै उत्साह, उमङ्गपूर्वक महिलाहरूले मनाउने गरेको चाडमध्ये एक समाचकेवा पनि हो। यस पर्वमा दिदीबहिनीहरू आ-आफ्ना दाजुभाइलाई कृतज्ञता व्यक्त गर्दै गीतिलयमा स्नेह र प्रेमभाव प्रस्तुत गर्ने गर्दछन्। यो चाड मिथिला क्षेत्रमा द्वापरयुगदेखि मनाउँदै आइएको जनविश्वास रहेको देखिन्छ । यस पर्वमा चुक्ली प्रवृत्तिलाई समाप्त पार्ने संस्कार प्रतीकको रूपमा मनाइने गरिन्छ। कृष्णकी छोरी सामा र उनको भाइ साम्वका बिच अत्यन्तै स्नेहभावपूर्ण सम्बन्ध थियो। दिदीले आफ्नो भाइ साम्बलाई ज्यादै स्नेह र माया गर्थिन्। सामाको पनि चक्रवाक थिए। उनको घरमा काम गर्ने छलैक डिहुली नाम गरेको नोकर थियो। प्रत्येक दिन सामा आफ्नो फूलबारीमा घुम्न जान्थिन् । एकदिन छलैकले कृष्ण भगवान्‌लाई सामा फूलबारीमा घुम्न जाँदा ऋषिहरूसँग प्रेमभावपूर्ण रमाइलो गर्छे भनेर कुरा लगाए । यो कुरा सुनेर कृष्णले तत्काल आफ्नी छोरी सामालाई पंक्षी बनोस् भनेर सराप दिनुभयो। सोही सरापअनुसार सामाले रुवारूप लिइन् । यो कुरा सुनेर उनका पति चक्रवाक अत्यन्तै दुखित भई स्वेच्छापूर्वक नै आफू पनि पंक्षी बने। यसरी सामा र चक्रवाकं चखेवा चखेवीका रूपमा वृन्दावनमा विचरण गर्न थाले। केही दिनपछि सामाको भाइ साम्व घर आउँदा दिदीको विजोग थाहा पाए। यो. समस्याबाट मुक्ति दिलाउन भाइ साम्बले कठोर तपस्या

सुरु गरे। कठोर तपस्याबाट बुवालाई खुसी पारी दिदी भिनाजुलाई श्राप मुक्त गरे। उक्त दिनबाट सारा आ-आफनो दिदीबहिनीहरू दाजुभाइको सुस्वास्थ्य तथा दीर्घायुको कामना गर्दै यो पर्व मनाउँदै आएका छन्। यस पर्वमा दिदीबहिनीले समा, चकेवा, सातुमैया (सातवटा चराको समूह) चुगला आदिको मूर्ति बनाउने गर्छन्। यसमध्ये चुगलाको मूर्तिमा विशेष प्रकारको जुटको जुँगा बनाएर कुसंस्कारको प्रतीकको रूपमा राखिन्छ। यी मूर्तिहरूलाई पिठार (चामललाई पिंधेर बनाउने रंग) पोतेर विभिन्न रंग लगाएर मूर्ति सिंगारिन्छ। यसको साथै नयाँ रबर र कुचोबाट वृन्दावन बनाइन्छ। सामा चकेवाका मतिहरूलाई दही, चिउरा, सख्खर आदिप्रसाद चढाएर पूजा गर्ने गरिन्छ। यस क्रममा वृन्दावनमा आगो लाग्दा आगो निभाउन नारीहरूले आफ्ना दाजुभाइसँग गीतको माध्यमबाट सहयोग पनि माग्दछन्। यसरी वृन्दावनको आगो निभाउन दाजुभाइहरूले सहयोग गर्ने गर्दछन्। यो खेल मध्यरातमा गाउँघरको चौबाटोमा नारीहरूले उत्साहपूर्वक खेल्ने गर्दछन्। यसमा हरेक जात, धर्म, सम्प्रदायका नारीहरूले उत्तिकै उत्साह, उमङ्गका साथ यो पर्व मनाउँदै चुगल प्रवृत्तिलाई समाप्त गर्ने कोसिस गर्छन्। यसले नारी- पुरुषबिच विश्वास र आस्था कायम गराउँछ। हाल हाम्रो देशको राजनैतिक क्षेत्रलाई धरासायी बनाउन यो प्रवृत्ति चरितार्थ भएको, छ जसबाट राजनैतिज्ञहरू चुगला प्रवृत्ति त्यागेर जनताको सेवामा लागुन् भन्ने प्रेरणा यस पर्वले दिने गर्छ। यस अवसरमा "अयलह कार्तिकमास हो मैया समालेल अवतार, चिठ्ठी लड कड जैहे हजमा नैहर हमर" गीत गाउँदै नारीहरूले चुगला प्रवृत्तिबाट आफूलाई पर्ने दुःख, पीडाबाट बचाउन दाजुभाइहरूलाई आग्रह गरिरहेका हुन्छन्। यसबाट वर्तमान समाजमा नारीलाई सहयोग गर्न दहेज, भ्रुण-हत्या, घरेलु हिंसा, शिक्षाको अभाव आदि समस्याबाट मुक्त गर्नुपर्छ भन्ने चेतना पनि प्रसारित हुन्छ। साँच्चै तराईका थारू जातिमा यो पर्व विशेष उत्साहपूर्वक मनाउने गरिन्छ।

अन्तमा, समाचकेवा पर्वले हरेक सम्प्रदाय, समुदायका दिदीबहिनीहरूको रक्षा गर्ने शक्ति दाजुभाइमा प्रदान गरोस्, प्रेमसद्भाव बढोस् भन्ने कामनाको साथ दिनप्रतिदिन यो पर्व मनाउने क्रम बढ्दै गएको छ रहस्तकला सिपकला विकास कार्यलाई प्रोत्साहान गर्नुपर्ने देखिन्छ।

**सन्दर्भ सामग्री** :

डा. रेवतीरमण लाल, मिथिला सांस्कृतिक परम्परा, रामानंद युवा क्लब जनकपुरधाम नेपाल

डा. रमानन्द झा (रमण), मिलियाक ब्रत आ पाबनि-तिहार उर्वशी प्रकाशन हनुमान नगर, कंकडबाग, पटना

डा. रामदयाल राकेश, फल्क फेष्टिवल अफ मिथिला, नेपाल एकेडेमी र मिथिलाञ्चल लोकसंस्कृति कविता झा युटुव भिडियो चितवन पोष्ट दैनिक वर्ष १२ अङ्क ८५ २०६६ कार्तिक १७ नारीको आस्था र विश्वासको प्रतीक समाचकेवा पर्व

卐

गीत

## 'घुमौ भरतपुर'



सरला जोशी *

मनै हर्ने अति मधुर लय अनि सुर
दुई  हजार चौविसमा घुमौँ भरतपुर ।

चितवनको गैंडा, हात्ती, बाघ रम्छ वनमा
सुन झुल्छ फाँटभरि मयुर नाँच्छ मनमा
सु-कुमारी सुन्दरी झै बीस हजारी ताल
कल-कल प्रवाहित बग्छिन् नारायणी छाल
विकासमा छलाङ्ग मार्न सब छन् आतुर
दुई हजार चौबिसमा घुमौँ भरतपुर ।

विश्वमा नै चर्चित छ देवघाट पुण्य धाम
प्रशस्त छन् मठमन्दिर अयोध्यापुरीमा राम
लामो झरना मस्त सँग हावामा लहराउँछ
पटिहानीको छाता पनि चट्ट फर्फराउँछ ।

होमस्टेको स्वागतले मन हुन्छ फुर-फुर
दुई हजार चौबिसमा घुमौँ भरतपुर ।

नेपालकै  मुटु बन्यो चितवनको माटो
हरियाली स्वच्छ सुन्दर चौडा छ यो बाटो
उद्योगधन्दा कृषि व्यापार सबैमा अगाडि
नेपाली हौ भन्दैनौ कैल्यै मधेसी पहाडी
हिमाल झै उच्च राखौ गर्वले नेपाली शिर
दुई हजार चौबिसमा घुमौँ भरतपुर ।

卐

** कार्य समिति सदस्य : चितवन साहित्य परिषद्*

कविता

## गुरू-ज्ञान



लकाश पौडेल *

प्रतिदिन गुरु सम्झी योग्य ज्ञानी विनीत
अगम निगमचारी मूर्तिविद्या प्रतीत
तृषित मन पिपासा ज्ञान पीयूष दाता
परम गुरु पदैमा ढोग्दछौं नित्य प्रातः।

प्रखर विषय विज्ञ नैतिकी होस् चरित्र
निरत समय बुझ्ने ज्ञानले झन् पवित्र
गुरुतर अभिभारा योग्य चेला प्रमाण
गुरु तिमिर विनाशी गर्छु नित्यै प्रणाम।

अजर अमर विद्या मन्त्र दीक्षा दिने यी
असल गुण सिकाई योग्यता भर्दिने ती
मधुर वचन मीठा ज्ञान आलोक भर्न
अतिशय मनतिर्खा शान्त पार्ने प्रयत्न ।

ऋषिमुनिसरि कोही बन्न सक्तैन ज्ञानी
तर पनि समवर्ती भावमा स्वाभिमानी
अवनिभर नियाल्दा लाग्छ प्रज्ञा प्रपूर्ण
असल गुरु नछान्दा ज्ञान होला अपूर्ण ।

कतिपय गुरु देख्छु स्वार्थमा छन् डुबेका
तन-मन धन जोड्नै आत्म बेच्नै पुगेका
मनभरि अरू चिन्ता छैन प्रज्ञान पक्ष
अकुशल गुरु देलान् के सही शास्त्रशिक्षा ?

卐

** अध्यक्ष  : छन्दोबद्ध कविता अभियान, चितवन*

उत्खनन

# चितवनको उपरदाङगढी : ऐतिहासिक तथा सामरिक महत्त्वको स्थल



प्रा.डा. कर्णबहादुर बानियाँ *

## विषय प्रवेश

चितवनमा अनेकौं महत्त्वपूर्ण स्थानहरू छन् । ती ठाउँहरूको आ-आफ्नै किसिमको विशेषता छ । कुनै स्थान ऐतिहासिक दृष्टिले, कुनै प्राकृतिक दृष्टिले त कुनै ठाउँ धार्मिक दृष्टिले महत्त्वपूर्ण छन् । त्यस्ता महत्त्वपूर्ण स्थलहरूमध्ये उपरदाङगढी पनि एक हो जसको ऐतिहासिक तथा सामरिक महत्त्व छ । त्यही स्थानका बारेमा चर्चा गर्नु यस आलेखको उद्देश्य रहेको छ ।

## अवस्थिति

वर्तमान नेपालको प्रशासनिक विभाजनअनुसार बागमती प्रदेशको चितवन जिल्लामा सात वटा स्थानीय तह छन् । ती स्थानीय तहमध्ये इच्छाकामना गाउँपालिका पनि एक हो जसको सात नम्बर वडामा उपरदाङगढी छ । यसको पूर्वमा काउले, पश्चिममा दाहखानी, उत्तरमा चण्डीभञ्ज्याङ र दक्षिणमा शक्तिखोर पर्दछन् । यो ठाउँ भरतपुरबाट १६.५ किलोमिटर टाढा उत्तरपूर्वमा पर्दछ ।

## गढीको परिचय

नेपाली बृहत् शब्दकोशमा 'गढी'को अर्थ सेना वा हातहतियार तैनाथ गरिएको ठाउँ भनिएको छ । प्राचीनकालदेखि नै राज्यमा सुरक्षाको बन्दोबस्त मिलाउनका लागि गढीको निर्माण गरिएको हुन्थ्यो (पोखरेल र अरू (सम्पा.), २०४० : ३२०) । गढी विशेष किसिमको संरचनामा निर्माण गरिएको हुन्थ्यो । उदाहरणका लागि उपरदाङगढीको दक्षिणतिर छङ्गाछुर भीर छ । पूर्व, पश्चिम र उत्तरतिर ठुल-ठुला खाडल खनिएको छ जसलाई 'खाई' भनिन्छ । यस गढीको भित्री भागलाई ६ मिटर उचाइ र २ मिटर चौडाइ भएको ढुङ्गाको गारोले घेरिएको छ । भित्रपट्टिको मैदानी भागमा आठ वटा खण्ड छुट्टाइएको छ (घिमिरे, २०७० : ९९) । यस किसिमको संरचना बनाउनुको कारण शत्रु सहजै प्रवेश गर्न नसकोस भन्ने हो ।

## ऐतिहासिक महत्त्व

चितवनको उपरदाङगढी अत्यन्त महत्त्वपूर्ण ऐतिहासिक स्थल हो । यो क्षेत्रको अध्ययनबिना चितवनको समग्र इतिहास थाहा पाउन सकिन्न । यो ठाउँको ऐतिहासिक महत्त्व दर्शाउने विभिन्न तत्त्वहरू छन् ती मध्ये यस ठाउँको ऐतिहासिकता र चितवन इलाकाको सदरमुकामको रूपमा यसको महत्त्व बारे यहाँ चर्चा गरिन्छ ।

(१) **ऐतिहासिकता** : उपरदाङगढीको ऐतिहासिकता बारे विभिन्न मत पाइन्छ । एकथरी विद्वान्हरूले मध्यकालमा सेनवंशी राजाहरूले यस क्षेत्रको सुरक्षाको लागि यो ठाउँमा सैनिक राख्न थालेपछि यहाँ गढी निर्माण गरेका हुन् र त्यसपछि यो ठाउँ अस्तित्त्वमा आएको हो भनेका छन् । उनीहरूको भनाइअनुसार मध्यकालको उत्तरार्द्धतिर रिडीदेखि पूर्व कोसीसम्मको महाभारत पर्वत शृङ्खला र त्यसदेखि दक्षिणको मैदानी इलाका सेन शासकहरूको अधीनमा थियो । त्यतिखेर उनीहरूले पहाडी क्षेत्रका

** निवृत्त प्राध्यापक : भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ सभासद् हुनुहुन्छ ।*

विभिन्न घाँटीहरूमा गढी निर्माण गरेका थिए । ती गढीहरू बल्ढेङ गढी, नुवाकोट गढी, प्याउली गढी, कविलास गढी, उपरदाङगढी, कान्द्राङ गढी, मकवानपुर गढी, हरिहरपुर गढी, सिन्धुली गढी, चौदण्डी गढी आदि हुन् (उही, ९८) । यस भनाइबाट उपरदाङगढी मध्यकालमा नै बनेको हो भन्ने देखिन्छ।

अर्कोथरी विद्वानूहरूले नेपाल-अङ्ग्रेज युद्धका बेला यहाँ गढी निर्माण गरिएको हो र त्यसपछि मात्र यो ठाउँ अस्तित्त्वमा आएको हो भनेका छन् । उनीहरूको भनाइअनुसार 'पृथ्वीनारायण शाहका नाति शत्रुभञ्जन शाहले उपरदाङगढी बनाएका हुन् । नेपाल-अङ्ग्रेज युद्धको प्रारम्भमा यो किल्ला बनेको हुनाले अङ्ग्रेजहरूलाई रोक्न नै यो किल्ला बनेको भन्न सकिन्छ' (शर्मा र मल्ल, २०६० : १०) ।

यी दुई विवादास्पद भनाइले अन्योल सिर्जना भएको छ । यस सम्बन्धमा विचार गर्दा नेपाल र अङ्ग्रेजबिच युद्ध हुनुभन्दा बाह्र वर्ष पहिले वि.सं. १८५९ तिर नेपाल आएका अङ्ग्रेज विद्वान् फ्रान्सिस बुचानन् ह्यामिल्टनले यो ठाउँमा सहर बसेको र सैनिक स्टेसन रहेको बताएका छन् । उनले यसो भनेका छन्- From Kavilas to Upadrang is a day journey through a hilly country. Upadrang is a town and military station. (पहाडी मुलुक हुनाले कविलासबाट उपरदाङगढी पुग्न एक दिनभर हिंड्नु पर्छ । उपरदाङगढी एक सहर हो जहाँ सैनिक स्टेशन छ ।)" (ह्यामिल्टन, १९८६ः १८३) ।

चितवन नेपालमा गाभिएको २५ वर्ष पछि नेपाल आउँदा ह्यामिल्टनले उपरदाङगढीमा सहर र सैनिक गढी देखेको हुनाले पक्कै पनि यो गढी त्यो समयभन्दा पहिले नै बनाइएको हुनुपर्दछ । किनभने कुनै पनि ठाउँमा  रातारात सहर बसाउन सकिने कुरा होइन । साथै सेना बस्नका लागि बनाइएको सूरक्षित ठाउँ भनेकै गढी हो । उपरदाङमा पहिलेदेखि कै बस्ती र गढी हुनाले नै नेपाली सेनाले चितवनका कविलासपुर गढी, उपरदाङगढी र सोमेश्वर गढी विजय गरिसकेपछि त्यसको सुरक्षाका लागि रामकृष्ण कुँवरलाई केही सेनासहित त्यही उपरदाङगढीमा खटाएको हुनुपर्छ । यो तथ्यबाट के स्पष्ट हुन्छ भने उपरदाङगढी मध्यकाल वा त्यो भन्दा अगावै बनाइएको हुनुपर्छ ।

एक अभिलेख अनुसार वि.सं. १८८४ देखि १८८७ सम्म तीन वर्ष लगाएर यो गढी निर्माण वा मरमत गरिएको हो भन्ने देखिन्छ । लेफटेन रणवीर महतमार्फत् बही बुझाइएको कागजमा यो गढी बनाउनका लागि लागेको खर्चको विवरण दिइएको छ जसबाट सो कुराको ज्ञात हुन्छ (योगी, २०५५ : २७६-२८१) । यो अभिलेख र विभिन्न विद्वानूहरूका भनाइका आधारमा के भन्न सकिन्छ भने यस ठाउँमा पहिलेदेखि नै सानो आकारको कच्ची गढी थियो । वि.सं. १८७१-१८७२ को नेपाल-अङ्ग्रेज युद्धपछि पनि सो परिस्थिति पुनः दोहोरिन सक्दछ भन्ने आँकलन गरी यहाँ पक्की गढी बनाइएको हुनुपर्दछ । किनभने वि.सं.१८८४-१८८७ को खर्च तहसिल गरिएको कागजमा एक ठाउँमा ' आगे लेफटेन रणवीर महतके मकवानपुर गढीका मरमत निमित्य' भनिएको छ भने सोही मितिका अन्य कागजमा 'आगे लेफटेन रणवीर महतके उपद्राङ गढी बनाउदा' भन्ने व्यहोरा उल्लेख गरिएको छ (उही, २८१) । यो अभिलेखका आधारमा उपरदाङमा रहेको पुरानो गढी मर्मत मात्र नगरेर नयाँ आकारको गढी निर्माण गरिएको थियो भन्ने बुझिन्छ ।

यस ठाउँको ऐतिहासिकताको खोजी गर्दा लिच्छवीकालसम्म पुग्नुपर्ने देखिन्छ । लिच्छवीकालमा स्थानीय प्रशासन सञ्चालनका लागि ग्राम, तल र द्रङ्गको व्यवस्था गरिएको पाइन्छ (बज्राचार्य, २०५३ : १९४-१९५) । 'द्रङ्ग' भनेको प्रशासनिक दृष्टिअनुसार

व्यापारको केन्द्र भएको नगर भन्दा सानो गाउँ वा बस्ती भन्ने बुझिन्छ । यसलाई लिच्छवीकालीन कुनै बजारअड्डा पनि भनिन्छ (पोखरेल र अरू (सम्पा.), २०४० : ६७६) ।

अब प्रश्न उठ्छ लिच्छवीकालमा यहाँ बजारअड्डा थियो कि थिएन ? लिच्छवीकालमा नेपाल मण्डलबाट वर्तमान भारतमा पर्ने तत्कालीन मगधलगायतका राज्यहरूमा ऊन, कस्तुरी, चमर, फलाम र तामाका भाँडा निकासी हुने गरेको र ती चिजको व्यापारमा सरकारी नियन्त्रण रहेको कुरा टिष्टुङ र भटुवालको अभिलेखबाट थाहा हुन्छ (बज्राचार्य, २०५३ : ३०९-३१४) । नेपाल मण्डलबाट वर्तमान भारतमा पर्ने तत्कालीन मगधलगायतका राज्यहरूतिर जाने एउटा बाटो काठमाडौंबाट थानकोट, चन्द्रागिरी, चित्लाङ (टिस्टुङ), योगीमारा, उपरदाङगढी, कविलास, देवघाट, लेराघाट, अरूण दुमोहन, बेनमोहर, भेलोञ्जी हुँदै शिवपुर जान्थ्यो भन्ने विद्वान्हरूको भनाइ छ (ह्यामिल्टन, १९८६ : १८३-१८४) । यो बाटोबाट आवतजावत गर्ने व्यापारीबाट राजश्व असुल गर्न टिस्टुङमा शुल्कशाला र गुल्म थियो भन्ने पनि विद्वान्हरूको भनाइ छ (बज्राचार्य, २०५३ : ३१३) । त्यसकारण यही बाटो हिँड्ने व्यापारीबाट छुट कर असुल गर्न र आसपासको क्षेत्रमा आवश्यक पर्ने मालसामान बिक्रिवितरण गर्न सजिलो होस भनेर उपरदाङमा पनि सानो बजार अड्डा राखिएको र त्यसलाई 'उपरदाङगढी' भनिएको थियो कि भन्ने कुरा विचारणीय हुन आउँछ । यदि त्यसो हो भने यो ठाउँ लिच्छवीकालदेखि नै अस्तित्त्वमा थियो भन्न सकिन्छ । 'उपरदाङगढी' भन्ने शब्द आधुनिककालको पूर्वार्द्धसम्म पनि प्रयोगमा आएको पाइन्छ । त्यही शब्दको अपभ्रंश भएर 'उपरदाङ' भन्ने शब्द बनेको हुनसक्ने सम्भावना अत्यधिक छ ।

(२) **चितवन इलाकाको सदरमुकामको रूपमा :** नेपालको एकीकरणको सिलसिलामा गोरखाली सेनाले वि.सं.१८२७ देखि नै तनहुँ राज्यमा आक्रमण गर्दै आएको थियो । तर चौबिसी राज्यहरूको साथसहयोग पाएको हुनाले सो राज्यउपर गोरखालीहरूको पूर्ण अधिकार कायम हुन सकेको थिएन । त्यही समयमा अङ्ग्रेजहरूले बङ्गाल र बिहार हुँदै अवधसम्म आफ्नो आधिपत्य जमाइ सकेका थिए । त्यसकारण तनहुँका राजाले सहयोग गरेमा उनको अधीनमा रहेको चुरे पर्वतदेखि दक्षिणको रामनगर र चुरे पर्वतदेखि उत्तरमा रहेको चितवनसमेत अङ्ग्रेजहरूले कब्जा गर्नसक्ने सङ्केत देखिएको थियो । त्यसकारण बेतियामा निर्वाशित जीवन बिताइरहेकाबहादुर शाहले जतिसक्दो छिटो चितवनमा आक्रमण गरी सो क्षेत्र आफ्नो अधीनमा लिन दाजु प्रतापसिंह शाहलाई पत्र लेखेका थिए । साथै त्यसबखत दरबारमा हर्ताकर्ता भइ बसेका ब्रजनाथ पण्डितले पनि सो कार्यमा ढिलाइ गर्न नहुने सल्लाह दिएका थिए (आचार्य, २०२२ : ७५-७६) । त्यसकारण वि.सं. १८३४ श्रावण ३ गते गोरखाली सेनाले चितवनको कविलासपुर गढीमा आक्रमण गऱ्यो । यो अभियानमा पूर्वको किरात प्रदेश कब्जा गरेर त्यसको सुरक्षार्थ त्यहीं काजमा रहेका अभिमानसिंह बस्न्यात, रामकृष्ण कुँवर र पारथ भण्डारीलाई खटाइएको थियो । उनीहरूको सहयोगका लागि काठमाडौंबाट काजी स्वरूपसिंह कार्की केही सेनासहित चितवन पुगेका थिए । त्यहाँ पुगेको गोरखाली सेनाले पहिले कविलासपुर गढी र उपरदाङगढी कब्जा गरेको थियो । तनहुँका राजाले वर्षा मासको समय हुनाले उर्लंदो भेल सहितका सप्तगण्डकी पार गरेर चितवन पुगी सो क्षेत्र फिर्ता गराउने साहस गर्न सकेनन् । त्यसपछि गोरखाली फौजको हिम्मत बढ्यो र चितवनको दक्षिणमा रहेको सोमेश्वर गढीमा आक्रमण गर्ने योजना बन्यो । श्रावण २६ गते सोमेश्वर

गढी आफ्नो अधीनमा लिइसकेपछि चितवनको सम्पूर्ण भूभागमा गोरखाली सेनाको आधिपत्य कायम भयो। चितवन क्षेत्र नेपालमा गाभिएपछि यस क्षेत्रको सुरक्षाका लागि रामकृष्ण कुँवरलाई खटाइएको थियो। उनको नेतृत्वको फौजले उपरदाङगढीमा बसेर यस क्षेत्रको प्रशासन चलाउँथ्यो (अधिकारी, २०५५ : ५६-६२)। त्यसबेलादेखि नै उपरदाङगढी यस क्षेत्रको सदरमुकाम जस्तै बनेको थियो। वि.सं. १९५२ मा नेपाललाई ३५ जिल्लामा विभाजन गर्दा चितवन चिसापानी जिल्ला अन्तर्गत पर्दथ्यो। चिसापानी जिल्लालाई चिसापानी गढी, चितवन र नवलपुर गरी तीन इलाकामा विभाजन गरिएको थियो (नेपालको नक्सा, २०१५)। त्यतिखेर पनि चितवन इलाकाको सदरमुकाम उपरदाङगढी नै थियो।

वि.सं. २०१३ सालमा गोरखा, धादिङ, मकवानपुर र लमजुङका बाढी पहिरो पीडित तथा नेपालभरका गरिब, सुकुम्बासी र तराईमा बसोबास गर्न चाहने सबै वर्गका मानिसलाई व्यवस्थित बसोबास गराउने उद्देश्यले राप्ती दुन विकास योजना लागू गरिएको थियो (शर्मा र मल्ल, २०६० : ग)। त्यसपछि मात्र चितवनमा जनसङ्ख्या वृद्धि हुनुकासाथै विभिन्न ठाउँमा तीव्र रूपमा बस्ती विकास हुन थालेको हो। त्यही सिलसिलामा भरतपुरमा पनि बस्ती विस्तार भएपछि यस क्षेत्रको प्रशासन सञ्चालन गर्न सजिलो होस भन्ने हेतुले वि.सं. २०१४ पछि चितवनको सदरमुकाम उपरदाङगढीबाट भरतपुरमा सारिएको देखिन्छ (जिल्ला पार्श्वचित्र चितवन, २०६१ : ६)। ऐतिहासिक तथ्य केलाउँदा उपरदाङगढी १८० वर्षसम्म (वि.सं १८३४ देखि २०१४ साल) चितवन इलाकाको सदरमुकामको रूपमा रहेको पाइन्छ।

## सामरिक महत्त्व

उपरदाङगढी सामरिक दृष्टले पनि अत्यन्त महत्त्वपूर्ण स्थल हो। चितवन क्षेत्रको सुरक्षाका लागि यो गढीलाई मजबुत किल्लाको रूपमा विकास गरेको पाइन्छ। नेपाल-तिब्बत युद्ध र नेपाल-अङ्ग्रेज युद्धका बेला यसको महत्त्व झन् बढेको पाइन्छ।

(१) **एकीकरणका बेला** : तनहुँका राजाले सहयोग गरेमा उनको अधीनमा रहेको चुरे पर्वतदेखि दक्षिणको रामनगर र चुरे पर्वतदेखि उत्तरमा रहेको चितवनसमेत अङ्ग्रेजहरूले कब्जा गर्नसक्ने सङ्केत देखिएको हुनाले बेतियामा निर्वासित जीवन बिताइरहेकाबहादुर शाहले जतिसक्दो छिटो चितवनमा आक्रमण गरी सो क्षेत्र आफ्नो अधीनमा लिन दाजु प्रतापसिंह शाहलाई पत्र लेखेका थिए भन्ने कुराको चर्चा माथि गरिसकिएको छ। चितवन क्षेत्र नेपालमा गाभिएपछि यस क्षेत्रको सुरक्षाका लागि रामकृष्ण कुँवरको नेतृत्वको फौजले उपरदाङगढीमा बसेररणका बेला उपरदाङगढीको यस क्षेत्रको प्रशासन चलाउँथ्यो भन्ने कुरा पनि माथि नै उल्लेख गरिसकिएको छ। त्यसबाट के स्पष्ट हुन्छ भने एकीकरणका बेला उपरदाङगढी सामरिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण स्थान मानिन्थ्यो।

(२) **नेपाल-तिब्बत युद्धका बेला** : नेपाल र तिब्बतकाबिचमा पटकपटक युद्ध भयो। पहिलो पटक वि.स..१८४५-१८४६ मा भएको युद्धमा नेपालले विजय हासिल गरेको थियो। त्यतिखेर तिब्बती पक्षलाई बेफाइदा भएको थियो। त्यसकारण उसले केरुङ सन्धिका सर्त मान्न इन्कार गऱ्यो जसको फलस्वरूप दोस्रो पटक वि.सं. १८४८-१८४९ मा पुनः युद्ध भयो। त्यस युद्धमा तिब्बतले चीनको सहायता लिएको हुनाले युद्धमा नेपाली पक्ष कमजोर देखिन थाल्यो। त्यसकारण उसले पनि इस्ट इन्डिया कम्पनीसँग सैनिक सहायताको माग गऱ्यो। चतुर अङ्ग्रेजले नेपालसँग वाणिज्य

सन्धि (वि.सं.१८४९) गरेर आफ्नो व्यापार बढाउने चालबाजी मात्र गर्‍यो सैनिक सहायता दिन आलटाल गर्‍यो। चिनियाँ फौज निकै ठुलो भएकाले उसका अगाडि नेपाली पक्षको केही जोड चलेन । त्यो फौज बिस्तारै राजधानी काठमाडौंबाट १३ कोस नजिक नुवाकोटमा आइसकेको हुनाले नेपाल दरबारमा खेलाबैला चल्न थाल्यो । त्यतिखेर राजधानी नै चिसापानी गढी र उपरदाङ्गढीको आसपासमा सार्ने कि भन्ने योजना पनि बनेको थियो भन्ने भनाइ छ । कतिपय विद्वानूले त नेपालको अधिकांश फौज युद्धमा होमिएको हुनाले राजधानीमा २०० भन्दा बढी सैनिक थिएनन् । सुरक्षा दस्ता कम भएको हुनाले नेपालको सरकारी ढुकुटीका बहुमूल्य चिजहरू मकवानपुरतिर पठाइसकिएको थियो पनि भनेका छन् (कर्कपेट्रिक, १९८६ : ३४७-३४८)। यस तथ्यबाट त्यतिखेर उपरदाङ्गढीमा बलियो किल्ला भएको हुनाले नै सो गढीको आसपासमा राजधानी सारेमा सूरक्षित हुन सक्दछ भन्ने सोचाइ रहेको देखिन्छ।

(३) **नेपाल–अङ्ग्रेज युद्धका बेला** : वि.सं. १८७१-१८७२ मा भएको नेपाल-अङ्ग्रेज युद्धमा पनि उपरदाङ्गढीको सामरिक महत्त्व रहेको देखिन्छ। त्यो युद्धमा अङ्ग्रेजहरूले नेपालमा विभिन्न क्षेत्रबाट आक्रमण गर्ने योजना बनाएका थिए। त्यसमध्ये मेजर जनरल मार्लेको नेतृत्वमा रहेको ६५०० जवान सेनाले मकवानपुरतिरबाट आक्रमण गरेर काठमाडौं प्रवेश गर्ने योजना बनाएको थियो। त्यसको प्रतिरोध गर्न करिब ४००० सेनासहित कर्णेल रणवीरसिंह थापा मकवानपुरमा तैनाथ थिए (शर्मा र अरू (सम्पा.), २०४९ : ३८१-३८२) । त्यतिखेर उपरदाङ्गढीमा रहेका प्रशासकलाई त्यतातिरको युद्धको खबर पठाउन र चनाखो रहन आदेश दिइएको थियो। त्यही जिम्मेवारी बहन गर्दै सुब्बा गजबल बानियाँले जनरल भीमसेन थापा र काजी रणध्वज थापालाई वि.सं. १८७२ असार वदी ५ रोज ४ मा उपरदाङ्गढीबाट लेखेको पत्रमा यस्तो व्यहोरा उल्लेख छ-

"...कुइराको समाचार लस्करको षबर. रामणगरमा आयाको कुइराको जरनेल १ कवडांण ४ लपटंसमेत साहेव ७ पलटं २ अंगरेजी नाल १४०० तुरुक असवार २२० उतंका असवार ८० हाती ५ णवापको लस्करसमेत : तेतीमा णवापको सुवेडार १ षरषजाना छाडि भागी गइछ ... रामणगरको फुलवारी णरिवलको वोत १ छोडि सबै साफ गरिराषेछ गरे उतरपटिको मुहुवा गवुको वघैचा गाउ समेत साफ गर्‍यो पुर्वपटिको सुर्षेर गाउ णरायेनपुर गाउ २।१५।१६- सय रूपैञा उठन्या गाउ पणि उठयाइ सबै साफ गर्‍यो उतरपटिको जुध्यानदीषि समेसोरको वाटो वनाउन लागीरहेछ." (पूर्ण विवरण परिशिष्टमा दिइएको छ)।

यो पत्रमा अङ्ग्रेजलाई कुइरे भनी सम्बोधन गरिएको छ । अङ्ग्रेजहरूले जनरलको नेतृत्वमा रामनगरमा आइ उधुम मच्चाएको कुरा यस पत्रमा उल्लेख छ । उनीहरूले नेपाल पस्नका लागि सोमेश्वरको बाटो बनाइरहेको र पर्वतेहरूलाई पक्रिएर जनरलकहाँ पठाइ केरकार गर्ने र नेपालको युद्ध योजना बारे कुरा धुत्ने गरेको व्यहोरा पनि यसमा छ। कुमाउ जित्यौं भनेर बढाइँ गरेको; राम नगरकी रानी, चौतरिया र काजी उनीहरूतिरै मिलेको तर राजगुरु, पूरोहित, थरघर र सुवेरदारले त्यो कुराको विरोध गरेको हुनाले दरबारको देउडीदेउडीमा चौकी राखेको समाचार पनि यो पत्रमा उल्लेख छ। यो अभिलेखबाट नेपाल-अङ्ग्रेज युद्धका बेला उपरदाङ्गढीको महत्त्वपूर्ण भूमिका रहेको कुरा ज्ञात हुन्छ।

## निष्कर्ष

नेपालका अनेकौं गाउँठाउँजस्तै चितवन जिल्लाको उपरदाङ्गढी पनि ऐतिहासिक तथा सामरिक महत्त्वको स्थल हो। मध्यकालमा सेनवंशी शासकको


अधीनमा रहेको यो ठाउँ एकीकरणको सिलसिलामा वि.सं. १८३४ मा नेपालमा गाभिएको थियो । चितवनका कविलासपुर गढी, उपरदाङगढी र सोमेश्वर गढी विजय गरिसकेपछि यस क्षेत्रको सुरक्षाका लागि केही सेनासहित रामकृष्ण कुँवरलाई यही उपरदाङगढीमा खटाइएको थियो । त्यसपछि १८० वर्षसम्म यो ठाउँ चितवन इलाकाको सदरमुकामको रूपमा रहेको पाइन्छ। त्यस अवधिमा यस क्षेत्रको चर्चा निकै चलेको पाइन्छ । नेपाल तिब्बत युद्धका (वि.सं.१८४८-४९) बेला चीनले तिब्बतलाई सहयोग गरेपछि चीनिया फौज नुवाकोटसम्म आइसकेपछि नेपाल दरबारमा खैलाबैला चल्यो र राजधानी चितवन सार्ने कि भन्ने कुरा चलेको थियो भन्ने भनाइ छ। नेपाल-अङ्ग्रेज युद्धका बेला पनि यो क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको पाइन्छ। त्यसकारण वि.सं. १८३४ देखि २०१४ सालसम्म अर्थात् १८० वर्षसम्म चितवन इलाकाको सदरमुकामको रूपमा रहेको उपरदाङगढी ऐतिहासिक तथा सामरिक दृष्टिले महत्त्वपूर्ण स्थान हो भन्न सकिन्छ।

राप्ती दून विकास परियोजनाको कार्यान्ययनको सिलसिलामा पहाडी इलाकाबाट मानिसहरू चितवनमा ओइरिन थालेपछि पश्चिमी चितवनमा अत्यधिक बस्ती विकास हुन थाल्यो जसको फलस्वरूप चितवन इलाकाको सदरमुकाम उपरदाङगढीबाट वि.सं. २०१४ सालपछि भरतपुरमा सारियो । त्यसपछि यो स्थानको महत्त्व घट्दै गयो ।

### सन्दर्भ सामग्री


- आचार्य, बाबुराम (२०२२), **नेपालको संक्षिप्त वृत्तान्त**, काठमाडौं : प्रमोद शमशेर र नीरविक्रम 'प्यासी' ।
- अधिकारी, सूर्यमणि (२०५५), **तनहुँ राज्यको इतिहास**, चितवन : चन्द्रप्रभा प्रकाशन ।
- कर्कपेट्रिक (१९८६), **एन एकाउण्ट अफ द किङ्गडम अफ नेपाल**, न्यू दिल्ली : एसिएन एजुकेशनल सर्भिसेज ।
- घिमिरे, विष्णुप्रसाद (२०७०), चितवनको ऐतिहासिक एवम् पूरातात्त्विक परिचय, चितवनः सिर्जाशील अनुसन्धान केन्द्र ।
- जिल्ला पार्श्वचित्र चितवन (२०६१), जिल्ला विकास समितिको कार्यालय, चितवन ।
- **नेपालको नक्सा** (२०१५), (थुम/प्रगन्ना विभाजित जनगणना जिल्लाहरू), सङ्ख्या-विभाग ।
- पोखरेल र अरू (सम्पा.) (२०४०), **नेपाली बृहत् शब्दकोश**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।
- बज्राचार्य, धनबज्र (२०५३), **लिच्छवीकालका अभिलेख**, काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।
- योगी, नरहरिनाथ (२०५५), **इतिहासप्रकाशमा सन्धिपत्रसंग्रह**, रोल्पां : बालाराम घर्तीमगर ।
- शर्मा, जनकलाल र मल्ल, कृष्णबम (२०६०), **रापती उपत्यका**, चितवन : चितवन अध्ययन केन्द्र ।
- शर्मा र अरू (सम्पा.), (२०४९), **नेपालको सैनिक इतिहास**, काठमाडौं : शाही नेपाली जङ्गी अड्डा ।
- ह्यामिल्टन, फ्रान्सिस बुचानन् (१९८६), **एन एकाउण्ट अफ द किङ्गडम अफ नेपाल**, न्यू दिल्ली : एसिएन एजुकेशनल सर्भिसेज ।

**परिशिष्ट १** : नेपाल-अङ्ग्रेज युद्ध (वि.सं. १८७१-७२) का बेला चितवनका सुब्बा गजबल बानियाँले उपरदाङगढीबाट जनरल भीमसेन थापालाई लेखेको पत्र



**स्रोत** : माइक्रोफिल्म रिल नं. डि.एन.ए. १।१७, राष्ट्रिय अभिलेखालय, काठमाडौं ।

卐

समीक्षा

# भरतपुर महानगरमा बालसाहित्यको स्थिति



प्रा. कपिल अज्ञात*

भरतपुर, चितवनमा साहित्यको विकास तीव्र गतिले अघि बढ्न थालेको छ । एकै वर्षमा कैयौँ कृतिहरू प्रकाशित हुन थालेका छन् । भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानबाट पाण्डुलिपि प्रोत्साहनको योजना लागू भएकाले पनि साहित्यकार बढी प्रोत्साहित भएका छन् । यहाँ अहिले साहित्यका प्रमुख विधा, उपविधाको पनि उत्तिकै विकास हुँदै गएको स्थिति छ । यस विषयमा खोज-अनुसन्धान, अध्ययन, समीक्षा पनि भइरहेका छन् । कैयौँ कथाकारहरूबाट हजारौँ कथा लेखिएका छन् । प्रतियोगिताकै आयोजन भए पनि सयौँको उपस्थिति भेटिन्छ । त्यस्तै कैयौँ उपन्यासकाहरूबाट सयौँ उपन्यासहरू प्रकाशनमा आएका छन् । कविता-काव्यको उत्तिकै विकास भइरहेको देखिन्छ । कैयौँ कविहरूबाट हजारौँ कविता रचिएका छन् । एक जना नाम चलेका कवि छन् - कृष्णशरण उपाध्याय पौडेल, उनले त पाँच हजारभन्दा बढी कविता रचना गरेको दावी गरेका छन् । अब उनीजस्ता कविसँग एक अनुरोध गर्नु छ - तपाईँजस्ता प्रतिभाशाली कविले बालिकालिकाका लागि भनेर बालकविताहरूको पनि रचना गर्नुहोस् र आफ्ना रचनाद्वारा बालकहरूको मनोबल उकास्नुहोस् । स्तरीयताका दृष्टिले हेर्दा पनि सामयिक कविताहरू उत्कृष्ट छन् । सुदेश सत्यालहरू यसका साक्ष्य छन् । केही दशकअघि केहीका मात्र महाकाव्य थिए । अहिले महाकाव्य पनि दर्जनौँ पुगिसकेका छन् । गजल र लघुकथामा त लहरै उर्लिँदै गएको स्थिति छ । संस्मरण, नियात्रा, आत्मकथा, जीवनी तथा निबन्धका पनि अनेकौँ कृतिहरू देखापरेका छन् । साहित्यसृजनको यति राम्रो समृद्ध परम्परा हुँदाहुँदै पनि बालबालिकाको लागि भनेर लेखिएको बालसाहित्यको सृजना भने अत्यन्त न्यून स्थितिमा रहेको देखिन्छ । साहित्य र संस्कृतिको जगेर्ना गर्न बालसाहित्यको निकै खाँचो छ । साहित्य समृद्ध हुनका निम्ति बालसाहित्य महत्त्वपूर्ण आधार हो भन्नेमा दुईमत छैन तर बालसाहित्यका निम्ति न कहीँ अन्तर्क्रिया चलेको देखिन्छ, न गोष्ठी, न सम्मेलन भइरहेका छन् । साँच्चिकै यसका स्रष्टा हातको औलामा पनि गन्न नपुग्ने स्थितिमा छन् ।

चितवनको साहित्यिक परम्परामा सर्वप्रथम बालबालिकाका लागि भनेर गोविन्दराज विनोदीले बालकविताको रचना गरेका छन् । यस क्षेत्रमा उनको पहिलो कृति आँखाको नानी (२०५७) हो । यसपछि उनका दुई कृति नानीका गीत र वनभोज सम्पूर्ण पुस्तक पसल, नारायणगढले प्रकाशित गरेको छ । यसबाहेक नानीका गजल, सयपत्री नानी गरी उनका पाँच-छवटा कृति प्रकाशित भैसकेका छन् । उनको बालकाव्य पनि प्रकाशोन्मुख स्थितिमा छ । विनोदीपछि शशिकिरण रेग्मीको सेलरोटी (२०६२) नामक बालकविता कृति देखिन्छ । यस्तै उनका अरू दुई कृति परेवाको खेल र म प्रकाशित छन् । पाल्पाबाट चितवन बसाइ-सराइ गरी आएका बानियाँ कान्छा (प्रा.डा. कर्णबहादुर बानियाँ) को चकलेटको पोको (२०६२) बालकथा कृति देखापर्छ । यसअघि उनका अटेरी चल्लो (२०४४) र एक अनौठो जङ्गल (२०४९) बालकथासङ्ग्रह रहेका

*निवृत्त प्राध्यापक : त्रि.वि. वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन*

छन् । चितवनको माटोमैँ जन्मिएका अमर न्यौपानेको कलिलो मन, भैँसी र बाख्रा, आमा र धरती तीन बालकथा प्रकाशित छन् । यसै गरी रमेश प्रभातको प्रायश्चित (२०५२) बालचित्रकला देखापर्छ। रविकिरण निर्जीवको ऐँजेरु लागेको पीपल (२०६३) बालकाव्य पनि देखिन्छ। रामकृष्ण ताराको सिर्जनाका कोसेलीहरू (२०६६) बालकविता देखिन्छ। विद्या भण्डारी 'चिराग' इन्द्रेणीको गेट (२०६२) बालकविता लिएर देखापर्छिन्। उनको हाटबजार (२०७१) बालकविता पनि छ। यसैगरी उनको बालकविता चरीमाथि आकाशमा (२०७१) पनि छ भने हजुरबा (सचित्र बालगजल) र वर्षात् (सचित्र बालकविता) प्रकाशित छ । यसैगरी श्रीकान्त कोइरालाको बालसुसेली (२०५२) बालकविता, डा. हेमनाथ घिमिरेको बादलपानी (२०७८) र महिना र ऋतु (द्दण्टढ) बालकविता देखापर्छन् । श्रीहरि शर्माको फिस्टो र फर्सी (२०७४) सचित्र बालकथा पनि देखापर्छ । जलेश्वरी श्रेष्ठ र प्रभा आचार्य भट्टराई पनि चितवनकै मानेर बालसाहित्यको लामो सूची पाउन सकिन्छ तर उनीहरू राजधानीबासी भएरै भएका ती सिर्जना हुन् । यथार्थमा ती चितवनेली परिवेशका उपज होइनन् । त्यस्तै हाल गोविन्दबहादुर कुँवर चितवनबासी भए पनि उनका बालसाहित्य लमजुङमै रहँदाका हुन् । हाल चितवनका शक्तिशाली आख्यानकार र निबन्धकार रहेका रेशम विरहीका पनि नेपागञ्जकै वातावरणमा रमाउँदाका बालसाहित्यिक रचना देखिन्छन् । कतिपय लेखकले आफ्नो रचनालाई बालसाहित्य भने पनि सैद्धान्तिक रूपमा त्यो बालसाहित्यको रचना हो कि होइन भनेर परीक्षण गर्नु पर्ने पनि हुन्छ ।

भरतपुर महानगरमा यी बाहेक बालसाहित्य सृजना गर्ने कवि-लेखक देखिँदैनन् । कहीँ कोही छुटेका छन् कि भनेर बालसाहित्यको स्थिति बुझ्न फेसबुकमा पनि समाचार पोष्ट गरियो । केही नाम त आए तर तिनको कृति उल्लेख नहुँदा प्रमाण मान्न सकिएन । गैँडाकोटलाई पनि चितवनकै परिवेशभित्र मानिन्छ तर अहिले नारायणीले सीमा पार तुल्याएको छ । विनोदीलाई नारायणी सीमा पार रहेको गैँडाकोटकै मान्ने र बानियाँलाई पाल्पाकै मान्ने हो भने भरतपुरमा को-को छन् बालसाहित्यकार भनेर खोजिएको खण्डमा सर्वप्रथम स्पष्ट रूपमा देखिने यिनै शशिकिरण रेग्मी, विद्या भण्डारी 'चिराग', तुलसी पण्डित प्रभृति नै हुन् । अन्य कोही छन् भने जानकारी गराउन अनुरोध छ ।

जुन विधा महत्त्वपूर्ण छ, जुन बढी प्रयोजनीय छ, जुनमा सृजनाको अभाव छ त्यसमा साहित्यकारहरू लागेका देखिँदैनन् । त्यही अभाव देखिएको विधामा कलम चलाउनु कति महत्त्वपूर्ण हुन्छ बुझ्नुपर्ने कुरा छ । आम साहित्य त हरकसैले सृजना गर्न सक्छन् तर बालसाहित्यको सरलतामा सौन्दर्य सृष्टि गर्नु बडा चुनौतीपूर्ण छ । बालसाहित्यको भाषा र शैली नै सरल, सहज, सम्प्रेष्य र सुमधुर हुनुपर्छ, त्यसपछि विषय पनि बालबालिकाको मानसिक स्तर सुहाउँदो नैतिक र भावनात्मक विकासका निम्ति उपयोगी पनि हुनुपर्‍यो । त्यसले उत्साह, जाँगर र प्रेरणा जगाउनुका साथै आशावादी स्वर मुखरित गराउनुपर्‍यो । प्रकृतिप्रति प्रेम, जीवनप्रति लगाव जगाउने हुनुपर्‍यो । अन्धविश्वासको कुरा भत्काएर आत्मविश्वास बढाउने हुनुपर्‍यो । बालसाहित्यको जे सिद्धान्त छ त्यसैको वृत्तमा रहेर सिर्जिएको रचना हुनुपर्‍यो । यी सबै रचनात्मक जटिलताले त बालसाहित्य सिर्जनामा स्रष्टाको उपस्थिति कम देखिन्छ । पहल र प्रोत्साहन भए यसको सङ्ख्या वृद्धि हुन सक्थ्यो होला । जे होस्, बालसाहित्य समृद्ध स्थितिमा रह्यो भने पक्कै पनि त्यसले साहित्य पनि समृद्ध हुनपुग्छ । बालसाहित्यको यस स्थितिलाई उदेकलाग्दो खडेरी नै परेको त नभनौँ तर अलि बढी हराभराको अपेक्षा राख्दै साहित्यिक संस्था एवम् साहित्यकारसँग म

के अनुरोध गर्छु भने बालसाहित्यको सृजना गर्न सुन्दर वातावरण तयार पारौँ । बालकले लेखेका र बालकका लागि लेखिएका सृजनामा प्रतिस्पर्धा गराउन सके स्तरीय बालसाहित्यको सृजना हुन सक्थ्यो भन्ने लाग्दछ ।

बालसाहित्य रोचक, मनोरञ्जक र ज्ञानबर्द्धक सामग्री हो । संसारका विकसित मुलुकले बालसाहित्यको महत्त्वलाई ध्यानमा राखेर यसको लेखन-प्रकाशनका साथै पठनपाठनको पनि विशेष व्यवस्था गराएका हुन्छन् भनिन्छ । अहिले भरतपुर महानगरपालिकामा साहित्य र संस्कृतिको उत्थान र जगेर्ना गर्न प्रज्ञाप्रतिष्ठानको नै स्थापना भएको छ । साहित्यिक सम्बर्द्धनमा लाग्नु यसको दायित्वभित्रकै विषय हो । ऊसँग पर्याप्त आर्थिक स्रोत पनि हुन्छ । बालसाहित्यिक कार्यक्रमका योजनाहरू ल्याएर बालगोष्ठी, बालरचना प्रतियोगिता, बालपत्रिका आदिको व्यवस्था गरेर बालसाहित्यको राम्रो विकास गर्न सक्यो भने साहित्य र संस्कृतिको विकासमा ठुलो टेवा पुग्न सक्छ ।

बालसाहित्य भन्नासाथ बालकालिकाको निम्ति लेखिएको साहित्य भन्ने बुझिन्छ । बालकले लेख्ने साहित्य पनि बालसाहित्य नै हो तर बालकलाई केन्द्रमा राखेर सैद्धान्तिक रूपबाट सृजिएको साहित्यलाई नै बालसाहित्य भन्ने बुझिन्छ । बालक भन्नाले शैशवावस्थादेखि सोह्र वर्षसम्मको किशोर अवस्थालाई जनाए पनि एक वर्षदेखि आठ वर्षसम्मको उमेरलाई मात्र बुझ्नुपर्ने हुन्छ । बालसाहित्यभित्र बालगीत, बालकथा, बालउपन्यास, बालनाटक, प्रेरणाप्रद जीवनी आदि पर्दछन् । मानव समाजमा सभ्यताको विकास र समृद्धिका निम्ति बालविकासको महत्त्वपूर्ण भूमिका हुन्छ, त्यसैले त आजका बालक भोलिका कर्णधार हुन् भनिन्छ । हाम्रो लोकसाहित्य र लोकसंस्कृतिमा पनि बालसाहित्यको सुन्दर स्वरूप पाउन सकिन्छ । बाललोकगीत, बालखेलगीत, लोककथा, गाउँखाने कथा त्यसैका सुन्दर नमुना हुन् । पूर्वीय संस्कृत साहित्यका हितोपदेश, पञ्चतन्त्र आदि ग्रन्थ बालहित र बालविकासकै निम्ति रचिएका ग्रन्थ हुन् । यी संस्कृतका बालसाहित्यका उत्कृष्ट नमुना हुन् ।

नेपाली बालसाहित्यको लेखन परम्पराको अग्रपङ्क्तिमा राजा पृथ्वीबहादुर सिंहको नाम आउँछ । बालसाहित्यको महत्त्व र उपयोगितालाई हृदयङ्गम गरेर नेपाली साहित्यका महान कविहरू लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, चक्रपाणि चालिसे, माधवप्रसाद घिमिरे, कृष्णप्रसाद पराजुली प्रभृत्तिले पनि बालसाहित्यको रचना गरेका छन् । यसैक्रममा दैवज्ञराज न्यौपाने र रामबाबु सुवेदीको पनि महत्त्वपूर्ण योगदान रहेको पाइन्छ । पहिले-पहिले कविताबाटै भएको बालसाहित्यको विकास पछिपछि कथा, गीत, उयपन्यास र नाटक आदिमा फैलिएको पाइन्छ ।

बालसाहित्य बालशिक्षाको अभिन्न अङ्ग हो । बालसाहित्यले बालबालिकाको मानसिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । सभ्यता र संस्कृतिको विकासमा बालसाहित्यको पनि महत्त्वपूर्ण भूमिका हुन्छ भन्ने तथ्यलाई मनन गरेर नेपाली बालसाहित्य समाज अर्थात् नेबाससको पनि गठन भएको छ । यसले बालसाहित्यसम्बन्धी अन्तर्क्रिया, गोष्ठी, सम्मेलन र रचना प्रकाशन आदि गरेर साहित्यको क्षेत्रमा ठुलो योगदान पुऱ्याएको देखिन्छ । यसै सन्दर्भमा जनकप्रसाद हुमागाइँले नेपाल बालसाहित्यका विषयमा विचारात्मक र विवेचनात्मक सिङ्गो कृति नेपाली बालसाहित्य (२०५६) प्रस्तुत गरेर महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ ।

बालसाहित्यको कुरा गर्दा म आफैले नेपाली साहित्यका विविध विधा आख्यानबाहेक मुक्तक, गीत, गजल, कविता, संस्मरण, नियात्रा, समीक्षा आदिमा कलम चलाए पनि बालसाहित्यमा फाटफुट

केही रचना गरेको भए पनि ममा त्यसको राम्रो सिप बसिसकेको स्थिति छैन। बालसाहित्य सृजनको आफ्नो बेग्लै र विशेष प्रकारको संरचनात्मक प्रक्रिया छ। त्यस प्रक्रियामा नढालिएसम्म सही बालसाहित्य बन्न सक्दैन। जो बालबालिकासँग रिफे-भिजेको छ, जोसँग बालहृदयलाई पोषण गर्ने भावना वा अनुभूति हुन्छ उसैले बालहितकारी भावना प्राप्त गर्न सक्छ। बालहृदय पोषण गर्ने भावना वा अनुभूति सृजित हुनु पनि गाह्रो कुरा रहेछ। सामान्य भएको भए त साहित्यकारमध्ये अधिकांश बालसाहित्यकार पनि हुन सक्थे। प्रज्ञाप्रतिष्ठानसामु यो अवस्था बोध गराउनुपर्ने यो दायित्व र कर्तव्यभित्रकै विषय भएकाले यहाँ यी तथ्यहरू उल्लेख गरेको हुँ। प्रज्ञाप्रतिष्ठानले यस दिशातर्फ पहल गरोस्।

हालै कविता र गीतिकवितको रचना गर्ने आख्यानको समेत सृजना गर्ने तुलसी पण्डितको बालसाहित्य विषयक पहिलो तर महत्त्वपूर्ण बालकथा कृति प्रकाशनमा आएको छ। यसमा बालहित र बालविकासलाई ध्यानमा राखेर रचिएका अठारवटा कथा रहेका छन्। बालकथा कृतिको नाम हो - एलियनलाई प्रश्न (२०८०)। बालसाहित्यले बालमन-मस्तिष्कमा छिटो-छरितो ढङ्गले प्रभाव पार्दछ। यसले बालबालिकालाई आनन्द दिनुका साथै मनोरञ्जन पनि प्रदान गर्दछ। हजुरबा, हजुरआमाबाट उनका नाति-नातिनाले बालकथा सुनेर उनका चेतना समृद्ध हुन पुगेका तथ्यहरू कतिपय लेखक-साहित्यकाहरूका संस्मरणबाट पनि थाहा पाउन सकिन्छ। बालबेला भनेकै खेल्दै, रमाउँदै र सिक्दै जाने बेला हो। बालवय भनेको काँचो माटोजस्तै हो त्यसलाई जुन रूपमा ढाल्न खोज्यो त्यही बन्छ। बालमन संवेदनशील अवस्थाको भएकाले तिनको विकासमा अभिभावकहरू पनि सचेत र जागरुक हुनुपर्छ। बेलैमा ध्यान पुऱ्याउन सकियो भने त्यसले सुन्दर परिणाम दिन्छ। उपयुक्त रचनाकार लामो समयसम्म शिक्षणकार्यमा संलग्न देखिन्छन्। कक्षामा हरेक दिन गीत, कविता, नाटक बनाएर उनी बालकहरूलाई सुनाउने गर्थे। त्यसले बालकहरूमा सकारात्मक प्रभाव परेको अनुभव गरे। त्यस प्रेरणाबाटै उनमा बालसाहित्यको रचना गर्नेतर्फ रुचि जाग्यो। परिणाम स्वरूप उक्त कृतिको सृजना भएको आफ्नो रचनागर्भ पनि लेखकले बताएका छन्, जुन बालसाहित्य सृजनाकार सबैका निम्ति उपयोगी तथ्य हो। विविध विषयमा आधारित रहेको उक्त कृतिका कुनै कथाले आत्मविश्वास जगाउँछन्, कुनैले उत्साह जगाउँछन्, कुनैले प्रेरणा दिन्छन्, कुनैले असल बानीको विकासमा उत्प्रेरित गर्छन्, कुनैले मिहिनेतको फल मिठो हुने बताउँदै सफलताको सूत्रबोध गराउँछन्, कुनैले अनुशासित बन्न सिकाउँछन्, कुनैले स्वास्थ्यसम्बन्धी ज्ञान सिकाउँछन्, कुनैले व्यावहारिक ज्ञान दिन्छन्। यसरी सबैखाले कथाले असल पक्षपोषण गर्ने, नैतिकता, इमानदारिता, सदाचार र सभ्यताको पाठ सिकाउँछन्। यसले बालसाहित्य कस्तो हुनुपर्छ भन्ने विषयमा स्रष्टालाई सिद्धान्ततर्फ पनि सचेत हुन अभिप्रेरित गर्दछ। अन्तमा भन्नैपर्ने कुरा के छ भने बालसाहित्य सृजनका विषयमा साहित्यकार रह शर्मा अर्थात् शशिकिरण रेग्मीबाट सोधखोज गरी बालसाहित्यकारको यथोचित विवरण महानगर साहित्य दर्पण-२ मा आइसकेको छ। त्यसैको पुनरुक्ति गर्नु यस लेखको उद्देश्य होइन। बालसाहित्य उपयोगी र महत्त्वपूर्ण विधा हुँदाहुँदै त्यसको सिर्जनमा किन न्यूनता रहेको छ, त्यसका जटिलता के छन्, त्यसका तथ्यहरू पहिल्याउनु र त्यसको सृजनातर्फ साहित्यकारहरूलाई अभिप्रेरित तुल्याउने उद्देश्यले नै यसको चर्चा गरिएको हो।

卐

जाति चर्चा

# चितवनका दरै जाति : सङ्क्षिप्त परिचय



केदारनाथ खनाल *

## पृष्ठभूमि

विश्व मानचित्रमा नेपाल सानो मुलुक भए पनि हिमाल, पहाड, तराईजस्ता भौगोलिक विविधता, अनुपम प्राकृतिक सुन्दरता, जैविक एवम् बहुभाषिक, बहुधार्मिक र सांस्कृतिक विविधताका दृष्टिकोणले विशाल छ । १, ४७, १८१ (चुच्चे नक्सा जोड्दा १, ४७, ६४१.२८) वर्ग कि.मि. मात्र क्षेत्रफल भएको नेपालमा १२५ जातजाति र १२९ प्रकारका भाषाभाषी छन् । परापूर्वकालदेखि 'अनेकतामा एकता' नेपालको विशेषता रहिआएको छ । २०४६ सालको राजनैतिक परिवर्तनपछि मुलुकभित्रका सबै जातजातिले आआफ्नो भाषा, धर्म, संस्कार, संस्कृतिअनुसारको क्रियाकलाप गर्न र संरक्षण गर्न पाउने व्यवस्था भएको छ । यसै आधारमा २०४७ सालमा 'आदिबासी-जनजाति महासङ्घ' गठन र त्यसको केही समयपछि 'आदिबासी जनजाति उत्थान प्रतिष्ठान' गठन भएको छ । यी दुवै संस्थाका माध्यमबाट नेपालभित्र बसोबास गरेका आदिबासी, जनजातिको खोज, पहिचान गरी ६१ जातिलाई सूचीकृत गरी पेश भएकोमा ५९ जातिलाई निम्नानुसार पाँच समूहमा वर्गीकरण गरिएको छ :

**लोपोन्मुख समूह** : कुसुण्डा, वनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, कुशवाडिया र मेचे :- १०

अति सीमान्तकृत समूह : माझी, सियार, ह्लोमा, थुदाम, धानुक, चेपाङ, सतार, झागड, थामी, बोटे, दनुवार, बरामु :- १२

**सीमान्तकृत समूह** : सुनुवार, थारु, तामाङ, भुजेल, कुमाल, राजवंशी, गन्गाई, धिमाल, भोटे, दरै/दराई, ताजपुरिया, पहारी, तोप्केगोला, डोल्पो, फ्री, मुगाली, लार्के, ह्लोपा, दुरा, बालुङ :- २०

उन्नत समूह : गुरुङ, मगर, राई, लिम्बु, छैरोतन, ताङ्वे, तीनगाउँले, बाह्रगाउँले, मार्फाली थकाली, शेर्पा, याक्खा, छन्त्याल, जिरेल, व्यासी, ह्यालमो :- १५

सुविधा समूह : नेवार र थकाली :- २

उपर्युक्त वर्गीकरणमा परेका आदिबासी जनजातिहरूमध्ये दरै/दराई सीमान्तकृत समूहअन्तर्गत अल्पसङ्ख्यक विपन्न समूहमा पर्दछन् ।

## दराई/दरैको बसोबास क्षेत्र

चितवनमा मानवबस्ती विकाससँगै जङ्गली हिंस्रक जनावर र औलोसँग पौठेजोरी खेल्दै बसोबास गर्ने जातिमा थारु पछि दराईको नाम आउँछ । चितवनमा आएका दरैका मूलथलो खोज्दै जाँदा तनहुँ, गोरखा, धादिङ, लमजुङ, नवलपुर पुगिन्छ भन्ने एकथरी विद्वान्हरू छन् भने अर्काथरीचाहिँ चितवन नै हो भन्ने पनि छन् । हालसम्मको अध्ययनअनुसार दरै बसोबास भएको ठाउँ भारतको ठाडी (पूर्वी चम्पारण र रमपुरुवाका दुई गाउँ) र नेपालका चितवन, नवलपरासी, मकवानपुर, धादिङ, गोरखा, तनहुँ, पाल्पा, बाँके, बर्दिया, स्याङ्जा, कपिलवस्तु, सुनसरी, मोरङ, झापा जिल्ला देखिन्छ ।

वि.सं. २०५८ को जनगणनाअनुसार नेपालमा दरैको कुल जनसङ्ख्या १४,८५९ जना भएकोमा चितवन जिल्लामा मात्र ७,२०८ थियो । २०६८ सालको जनगणनामा बढेर महिला ८,९५३ र पुरुष ७,८३६ गरी कुलजनसङ्ख्या १६,७८९ भएकोमा हिमाली क्षेत्रमा ३९, पहाडमा ६,२५८ र तराईमा १०,४९२ जनाको बसोबास ९,०६५ र महिला ९,६३० जना अर्थात्

* *अध्यक्ष : चितवन साहित्य परिषद्*

नेपालको कूल जनसङ्ख्या २,९१,६४,५७८ को ०.०६४१ प्रतिशत हो । २०७८ को जनगणनाअनुसार नेपालभरि दरैको कुल जनसङ्ख्या १८,६९५ अर्थात् नेपलको कूल जनसङ्ख्याको ०.०६ प्रतिशत रहेको छ । यसै गरी वि.सं. २०७८ को जनगणनाअनुसार चितवन जिल्लमा दरैको सङ्ख्या ८,८५० जनामध्ये पुरुष ४,३१६ र महिला ४,५४३ जना छन् । चितवनको कुल जनसङ्ख्या ७,१९,८५९ को १.२२९ प्रतिशत दरै रहेका छन् । जातिगत हिसाबले चितवन जिल्लाका दरै १३औँ स्थानमा पर्छन् । चितवन जिल्लाको स्थानीय तहगत दरैको जनसङ्ख्या निम्नानुसार रहेको छ :

| क्र. सं. | स्थानीय तह | दरैको कूल जनसङ्ख्या | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | कालिका नगरपालिका | १२४ | ६३ | ६१ |
| २ | रत्ननगर नगरपालिका | ९५८ | ४७० | ४४८ |
| ३ | खैरहनी नगरपालिका | ३,२६० | १,५५१ | १,७०९ |
| ४ | राप्ती नगरपालिका | ५३५ | २८१ | २५४ |
| ५ | भरतपुर महानगरपालिका | ३,४१३ | १,६७७ | १,७३६ |
| ६ | माडी नगरपालिका | ५१५ | २४६ | २६९ |
| | **जम्मा** | ८,८५० | ४,२८८ | ४,४७७ |

उपर्युक्त तथ्याङ्कअनुसार सबैभन्दा बढी भरतपुर महानगरपालिकामा ३,४१३ र त्यसपछि खैरहनी नगरपालिकामा ३,२६० जना देखिन्छ । नेपालभरिका दरैका कूल जनसङ्ख्या १७,४६० मध्ये चितवन जिल्लामा मात्र ८,८५० जना भएकाले आधाभन्दा २६० जना बढी यसै जिल्ला देखिन्छ । इच्छाकामना गाउपालिका शून्य र कालिका नगरपालिकामा दुई जना तथा राप्ती नगरपालिकामा महिलाभन्दा पुरुषको सङ्ख्या २७ जना बढी देखिनु अपवादै मान्नुपर्छ ।

## चितवनमा दराईको बसोबास क्षेत्र

पहाडको बेसी, नदीकिनार र तराईमा बसोबास गर्दै आएका दराई जातिको नेपालमा अस्तित्त्व कम्तीमा पनि ५०० वर्ष अघिदेखिको छ भनिन्छ । आफूलाई 'भूमिपुत्र' भन्न रुचाउने दरैहरू चितवनको विभिन्न क्षेत्रमा छरिएर रहेका छन् । राप्ती नगरपालिकाको डढुवा, चौकीडाँडा, भण्डारा, करैया, पाक्रिबास आदि गाउँमा र खैरहनी नगरपालिकाको बहेरी, लदरी, रामकोला, काशीगाउँ, धुसरी, उनान्टोल, महल, डाँडागाउँ, गैँडाहा, खरखुट्टे, सुण्डी, पिद्रहनी, घोक्रेला, कपिया, हर्नरी आदि गाउँमा बसोबास गर्दछन् । त्यसै गरी रत्ननगर नगरपालिकाअन्तर्गतका पिठुवा, अमिलिया, माधवपुर, जयमङ्गला, जिरौना, सालघारी, टिकौली, बेलटाँडी, बद्रहनी, ओदरा, दोरङ्गीलगायतका गाउँ-ठाउँमा बस्दछन् । कालिका नगरपालिकाअन्तर्गत जुटपानी, मालपुर दुई गाउँमा र भरतपुर महानगरपालिकाअन्तर्गत वडा नं. २ आँपटारी, वडा नं. ६ का इन्द्रपुरी, चोकबजार, गीतानगर, वडा नं. ८ का सल्यानी, वडा नं. ९ का गोन्द्राङ, कटसिक्री, वडा नं. १० भरतपुर, वडा नं. ११ का बसेनी, भोजाड, नौरङ्गे, वडा नं. १२, वडा नं. १३ को उज्ज्वलनगर, वडा नं. १४ को शान्तिपुर, वडा नं. १५ का मङ्गलपुर, रामपुर, मोहनपुर, वडा नं. १६ का ढड्डाघारी, वडा नं. १७ को शारदानगर, वडा नं. २३ का जगतपुर र खड्गौली, वडा नं. २६ का जुनेलीगाउँ र दिव्यनगर, वडा नं. २७ को खयरघारी र वडा नं. २८ को सहजापुरमा दरैको बस्ती रहेको छ । त्यस्तै माडी नगरपालिकाअन्तर्गतका बरुवा, वसन्तपुर, खैरहनी, रमाइलो डाँडा, वनटोली, राधापुर, रामराज्य, बाँदरझुलासमेत गरी राप्तीका ५, खैरहनीका १५, रत्ननगरका ११, कालिकाका २, भरतपुर महानगरपालिकाका २४ र माडी नगरपालिकाका ८ गाउँसमेत चितवनका ६ नगरपालिकाका सानाठुला ६५ गाउँमा दरैहरूको बसोबास रहेको पाइन्छ ।

## रूपरङ्ग

रूपरङ्ग झट्ट मुखाकृति हेर्दा गोलो आँखा, बाटुलो अनुहार मङ्गोलियन जस्ता काला-काला देखिने छोटो कदका दरै जातिको भाषा, संस्कृतिचाहिँ खस-आर्यसँग मिल्दोजुल्दो पाइन्छ । पहाडको बेसी, घाँच, टार, भित्री मधेशको नदी किनारमा बस्ने, माछा मार्ने दराईको अनुहार माझी, बोटे, दनुवारहरूसँग मिल्दोजुल्दो

हुने भएकाले कसैकसैले दनुवारबाट दरै भएका हुन् भन्ने तर्क गरेका छन् भने केही यिनका पुर्खा भारतको दरभङ्गाबाट आएका हुनाले 'दरभङ्गे' भन्दाभन्दै 'दराई' भनिएको तर्क गर्छन् । मध्ययुगमा भारतमा मुसलमानको आक्रमण हुँदा भागेका आर्यनारीहरू र पहाडिया मङ्गोल पुरुषहरूसँगको संयोगबाट जन्मेका यो क्रस जाति लज्जालु प्रकृतिका बेसी, घाँच तराईतिर डराइडराइ, लुकीछिपी बस्ने भएकाले 'दराई' भनिएको भन्ने पनि छन् । भेषभुषा थारु, कुमालको जस्तो र भाषा भारोपेली परिवारअन्तर्गतको भोजपुरी, अवधि मिश्रित छुट्टै र अलग संस्कृति भएका दराईहरू चितवनमा थारूपछिका आदिबासी मानिन्छन् । सोझा-सिधा, दराई जाति खोरिया फडानी गरी, खेतीपाती गर्ने, घाँस-दाउरा, वनजङ्गल, बस्तुभाउ पाल्ने, माछा मार्ने र समूहमा मिलेर बस्ने जातिमा पर्दछन् ।

## भेषभूषा तथा शृङ्गार र गरगहना

दरै पुरुषको भेषभूषामा टोपी, भोटो/दौरा, लगौँटी, कछाड/फाड, पटुका र टाउकोमा फेटा गुथ्छन् भने महिलाहरू कालो पनेला/छिटको गुन्यू, चोलो, रातो ब्लाउज, सेतो कपडाको पछ्यौरी, पटुका बाँध्छन् । बदलिँदो समय र परिस्थितिसँगै दरै महिला-पुरुष सबै आधुनिक रहनसहन र भेषभुषामा ठाँटिन थालेका छन् । दरै पुरुषहरूमा गरगहना, सिँगारपटारको खासै चाख देखिँदैन । महिलाहरू भने हातमा चाँदीको औँठी, नाकमा सुनको फुली, नत्थ, कानमा चाँदीको ठेम्ना, कर्णफूल, घाँटीमा सिक्री, काठीपोते, हारमाला, जन्तर, औँलामा चाँदीको औँठी परम्परित गरगहना भए पनि चाडबाड, विवाह, उत्सवमा मात्र सीमित हुन थालेको छ । कपाल कोरेर जुरो बनाई रातो रिबनले बाँध्ने, आँखामा गजल लगाउने, नङ पालिस गर्ने दरै महिलाहरूको सिँगारपटारमा पनि क्रमशः परिवर्तन आउँदै छ ।

## भाषा

भारोपेली भाषा परिवार शतम् वर्गअन्तर्गत पर्ने दराईको छुट्टै आफ्नै भाषा छ । वक्ताको ठाउँ, भूगोलअनुसार लवजमा सामान्य रूपमा फरक हुनु स्वाभाविकै हो । लिपिचाहिँ देवनागरी नै प्रयोग हुन्छ । स्कुल, कलेजको पठनपाठन र युवा पुस्तामा आधुनिक सभ्यता र संस्कृतिको प्रभाव र मोहका कारण कालान्तरमा दरै भाषा इतिहासको गर्तमा नपर्ला भन्न सकिँदैन । राष्ट्रिय भाषा - थारु, नेवार, मगर, राई, मैथिली, भोजपुरी, ऐच्छिक विषय आधारभूत तहमा पढाइ हुने भए पनि दरै भाषाको पाठ्यक्रम बनेर पढाइ भएको थाहा छैन । २०४७ सालमा लक्ष्मण दराईले दराई भाषासम्बन्धी एउटा पुस्तक पनि प्रकाशन गरेका छन् भन्ने सुनेको छु तर पढ्न पाएका छैनन् ।

## धर्म

प्रकृतिपूजक दराईहरूको थारुको जस्तै जस्तै आफ्नो छुट्टै किसिमको रीतिरिवाज, धर्म, संस्कृति र परम्परा छ । गुरौ, धामी, झाँक्रीमा विश्वास गर्ने यो जाति कुलदेवताको रूपमा पितृलाई अति मान्दछन् । 'शत्रु रिसाइ एकनाश पितृ रिसाई सर्वनाश' भन्ने दराईहरू सामूहिक रूपमा रूखमा, घरभित्र, भुइँमा, भित्तामा पूजा गर्छन् । तिहारमा कुलपूजा गर्छन् । रूख, वन, नदी, वायुलाई पूजा गर्ने दराईहरू प्रकृति पूजक हुन् ।

## संस्कार

दरै समुदायमा जन्म, मृत्यु, विवाह आदि विविध प्रकारका संस्कार प्रचलनमा छन्, जस्तै :

**जन्म** : गर्भिणी दराई महिलालाई लागु-भागु नहोस् भनेर गुरौद्वारा झारफुक गराइन्छ र सुढेनीको सहयोगद्वारा सुत्केरी गराइन्छ । बच्चा र आमाको हेरचाह अलग्गै सूरक्षित तरिकाले हुन्छ । नाइटो झरेपछि छोरीको ९ दिन र छोराको ११ दिनमा नुहाइ-धुवाइ, सफासुग्घर गराएर भान्जा तथा ज्वाइँ, पुरेतबाट न्वारान हुन्छ । गहुँत खाएर, सुँढेनीलगायत न्वारान संस्कारमा संलग्न सबैलाई दान-दक्षिना, खानपिन गराएर जन्मसंस्कार सम्पन्न गरिन्छ ।

**भातख्वाइ/पास्नी (मुह जुठाइके)**: बच्चा जन्मेको ९ महिनाभित्र सोमबार, बुधबार वा शुक्रबार पारेर भात खुवाइ गरिन्छ। नुहाई-धोई गराएर, नयाँ लुगा लगाएर बच्चाको पास्नीमा इष्टमित्र बोलाइन्छ, कन्यालाई टीका लागाएर दक्षिणा दिने, भोज खुवाउने कार्य हुन्छन्। दराईको भोजमा माछा-मासु, जाँड-रक्सीको व्यापक प्रयोग हुन्छ।

**विवाह संस्कार** : दराई जातिमा हाडनाता र दुधनाता छोडेर मागी विवाह, चोरी विवाह, भाउजू घर विवाह गर्ने प्रचलन छ । कुनै हाडनाता वा पानी नचल्ने केटाकेटीहरूको विवाह भएमा त्यस्ता केटाकेटीलाई सामाजिक वहिष्कार गर्ने र तोकिएको दण्ड-सजायको रकमले भोज खुवाएमा स्वीकार्य हुन सक्ने व्यवस्था छ। मागी विवाहमा केटा पक्षबाट दुई जना लमी (पुइठे) केटी पक्षकहाँ पठाइ केटी माग्नेदेखि लिएर विवाहसम्बन्धी सम्पूर्ण काम - कोसेली, जन्ती, भोज-भतेरको चाँजोपाँजो मिलाउने काम हुन्छ। मागी विवाहअन्तर्गत फुट्टै प्रथा, सट्टा प्रथा र घरज्वाइँ बस्ने प्रथा पनि पर्दछ।

**फुट्टै प्रथा** : यो प्रथा परम्परागत रूपमा पुइठे पठाएर केटी मागी दुई पक्षको बिचमा रीतिरिवाज सम्पन्न गर्न मन्जुर गराउनु हो। केटी पक्षबाट दाइजो माग्ने, माइती पक्षलाई भोज खुवाएर माइती-मावली चिनाउने, गन्यमान्य सबैलाई खसी, हाँस, कुखुरा, जाँड-रक्सीको भोज खुवाएर दुवै पक्ष सन्तुष्ट भएपछि मागी विवाह (फुट्टै) सम्पन्न हुन्छ।

**सट्टापट्टा** : मागी विवाहमा छोरी दिई बुहारी ल्याउने दरै जातिको पुरानो चलन हो। सट्टापट्टा एकाघर वा गाउँको बिचमा पनि हुन सक्छ । दुवै पक्षबाट मञ्जुरी भएमा पुइठेमार्फत् टीका पठाइन्छ र केटी पक्षबाट स्वीकृति भएमा दाइजो (छाङ्ग्रा) र भोजको कुरासमेत निधो हुन्छ।

**घरज्वाइँ** : दरै समुदायमा मागी विवाहअन्तर्गत घरज्वाइँ (घरुवा) बस्ने पुरानो चलन पनि छ । ससुराली बसेर काम गर्ने शर्तमा विवाह भएमा त्यसलाई घरज्वाइँ विवाह भनिन्छ । छोरा नभएका र खेतबारी प्रशस्त भएका तथा सासु-ससुराको स्याहारसुसार र खेतीपाती हेर्नुपर्ने कुनै परिवारमा यस्तो विवाहको प्रचलन छ । घरज्वाइँ विवाहअन्तर्गत केटीका बुबाआमाले अर्को परिवारको केटालाई आफ्नै घरमा ल्याई आफ्नी छोरीसँग विवाह गरिदिने र केटी भित्र्याउनका लागि केही दिनका लागि मात्र केटाको घरमा पठाउने गरिन्छ । केटाको घरमा दुलाहा-दुलही केही दिन बसेपछि पुनः केटीकै घरमा उनीहरू फर्किएर घर-व्यवहार चलाउँछन्।

**चोरी विवाह** : सामाजिक स्वीकृति र घर-परिवारको अनुमति वेगर केटा-केटीको सल्लाहमा लुकीछिपी भागी गरिने विवाहलाई चोरी विवाह भनिन्छ । आजकल यसले प्रेम विवाहको उपाधि पाएको छ।

**भाउजूसँग विवाह** : दाजुको मृत्यु भएमा भाउजूको मन्जुरीमा गाउँलेलाई भोज खुवाएर गाउँलेको समर्थनमा भाउजूसँग पनि विवाह गर्ने चलन छ।

**सधुवा विवाह** : कुनै विवाहित महिलालाई विवाहित वा अविवाहित पुरुषले ललाई-फकाई विवाह गरेमा पञ्च भलादमीले पुरानो लोग्नेलाई पनि बोलाएर जानकारी दिने र सोवापत् जारले साधुलाई रु. १००।- जरिवाना तिराई सो रकमबाट आधा र अरू खर्च जारले थपेर भोजमा सामञ्जस्य गराई सधुवा विवाह सम्पन्न गरिन्छ।

**विधवा विवाह** : दराई समुदायका कुनै विधवा आइमाइले राजीखुसी विवाह गरेमा भद्रभलाद्मी बोलाई भोजभतेर, टीकाटाला गरेर समाजमा स्वीकार गरिन्छ। आजकल अन्तरजातीय विवाह बढ्दै गएको परिप्रेक्ष्यमा विवाहसम्बन्धी पुराना रीतिरिवाज खुकुलो हुँदै गएका छन् र भाउजू विवाह गर्ने चलन त प्रायः शून्य नै भएको छ।

चितवनका दरै समुदायको परम्परित विवाहमा रोचक पक्षक के छ भने जन्त जान दुलाहा अनमाउनुभन्दा पहिले दुलाहालाई नुहाई-धुवाई गराएर नयाँ कपडा फेराई फेता गुथाइन्छ । गुरौले मन्त्र फुक्दै सेतो अक्षता लगाइदिने, छर्कने गरेपछि दुलाहालाई आमाले बर्कोले छेकेर तीन पटक दुध चुसाउँछिन् अनि दिउँसै भए पनि राँको बालेर जन्ती दुलहीको घरतर्फ

प्रस्थान गर्छन् । दुलहीको घरको मूलढोकामा जन्तीलाई मुसल तेर्स्याइ केटीहरूले बाटो छेक्छन् । माग बमोजिम पैसा दिएपछिमात्र भित्र पस्न दिन्छन् । जन्ती पक्षबाट लगेको खसी, चामल, कुखुरा आदि सुख्खा दिने कि पकाएर ? भनी सोध्छन् । दुलही पक्षको मागअनुसार सामान त्यत्तिकै दिने वा पकाएर दिनुपर्ने दुलही पक्षको मागअनुसार गर्नुपर्छ ।

दुलहीको घरमा जन्ती स्वागत, सिन्दूर हाल्ने, माहुर चटाउने कार्यक्रमपछि भोज-भतेर खुवाएर विवाह सम्पन्न हुन्छ । विवाह भएको पहिलो वर्षको दसैँमा दुलहाले सुँगुरको सपेटो, कुखुराको भाले, रक्सी एक घ्याम्पो, जाँड, रोटी, चामल, एक पेरुङ्गो माछा आदि सगुन लिएर टीका फुकाउन ससुराली जानुपर्छ । बदलिँदो समय र चेतना बृद्धिसँगै टीका फुकाउन परम्परित रीतिरिवाजमा सुधार आइरहेको पनि छ ।

## अन्तिम संस्कार

मृत्यु, दाहसंस्कार र क्रिया संस्कार निम्नानुसार छन् :

**दाह संस्कार** : गर्भावस्थामैं मृत शिशु जन्मेमा सो बच्चालाई माटोको हाँडीमा राखी खोलाको किनार जङ्गलमा लगी गाडिन्छ । गर्भिणीको मृत्यु भएमा श्रीमान्ले माउबाट बच्चा निकाली मृत आमालाई चितामा राखी जलाइन्छ । अन्य कार्य दाहसंस्कारअनुसार गरिन्छ । जन्मेको छ महिनाभित्र वा दुध खाँदैको बच्चाको मृत्यु भएमा दुध आउने रूखको फेदमा गाडिन्छ । दराई समुदायकी घरबुढीको मृत्यु भएमा बुहारीहरूले आँगनमा सुताइराखेको लाशलाई पानीले शुद्ध गरी तोरीको तेल लगाएर गोडाको पानी खाएर लाश उठाउँछन् । मृतक पुरुष भएमा निजको श्रीमतीले निधारमा उल्टो सिन्दूर दलेर सिन्दूर फकाउने गर्छन् । त्यसै गरी दरै समुदायमा कसैको मृत्यु भएमा गाउँलेलाई खबर गरी, कोदालो, धान, मकै, तोरी, चामल, गहूँ, तिल, पिना, केरोको पात सहित लाशलाई सेतो कात्रोमा बेरेर मलामीले दोबाटो-चौबाटोमा बुर्की (धान, चामल, मकै, गहुँ र खुद्रा पैसा) छर्दै घाटमा लगेर चितामा भात, जाँड, पानी दिएपछि दागबत्ती दिएर चितामा जलाउँछन् । छोराहरूले कपाल काटी नुहाएर फर्कँदा काँडा कुल्चने, गोबरको गुइँठाको धूप लिने, सुनपानी छर्कने गर्छन् । दाहसंस्कार गरेर फर्केका मृतकको घरमा गाउँलेले दुधभात उठाएर सहयोग गर्ने पनि चलन छ । सामान्यतयाः दाहसंस्कार गरेपछि पाँचौं दिनसम्म मृत्यु संस्कार नियमित रूपमा दराईका क्रियाकर्म सक्छन् भने कसैले आफ्नो अनुकूलताअनुसार गाई तिहारे औंसीसम्म लामो या छोटो तरिकाले सम्पन्न गर्छन् । क्रियाकर्म गर्दा पुरुषको भए केराको पातमा कुखुराको भाले र स्त्री भए पोथी कुखुराको वलि, जाँड-रक्सी चढाइन्छ । छोरी-ज्वाइँ, भान्जा-भान्जीलाई खुवाइन्छ । समापनमा बडघरे वा मुखियाको घरमा गाउँ-सामाजको उपस्थिति हुन्छ । चितवनका दराईहरू अमौसा, बड्कीभात, सोहोराई, सतौरामा गर्दै पितृकार्य सम्पन्न गर्छन् :

**मृत्यु संस्कार गीतको एक उदाहरण :**

लुभुलुभु मुखियाहा रानी, लुभुलुभु मुखिया हा रानी,
तोरे कपडु हे तेरे कपडु,
हे हेरिमा लेहु ठोरीमा लेहु, घरक मुखेनिजे लोभाइमा लोभाइ,
बुझाइ देह, बुझिमा लेहु, तोरे कपडु, हे तोरे कपडु ।
(मङ्गलराम दराई) ।

## प्रमुख चाडपर्वहरू

चितवनका दराईहरू अन्य जातिहरू जस्तै विविध चाडपर्वहरू मनाउँछन् । प्रमुख चाडपर्वहरू सङ्क्षेमा यसप्रकार छन् :

**साउने सङ्क्रान्तिः पावनी** : दरैहरू साउने सङ्क्रान्तिलाई नववर्ष सुरुको जेठो चाडको रूपमा मनाउँछन् । साउन एक गते भलायोको पात, कुकुरडाइनोको लहरा ल्याएर ढोकाको माथि सिउरी बेलुका बल्दो अगुल्टोमा तेलको धूप हालेर लुतो पिलो, खटिरा, पठिरा लैजा है भन्दै फाल्छन् । गाउँको मुखियालाई माछा, गावा जे सकिन्छ कोसेली दिएर परिवारका साथ मिठो-मसिनो खाना खाई

मनाउँछन् ।

**कृष्णाष्टमी** : कृष्णाष्टमी दराईको दोस्रो चाड हो । यो पर्वमा दरै समुदायका महिलाहरूले गाउँको एउटा घर सिगार्न अनुमति माग्छन् । अष्टमीको रात माछा-मासुसहित दर खाएका महिलाहरू सो घरमा गएर पूर्वतर्फ घाम, पश्चिमतर्फ जून, बिचमा तारागणको चित्र बनाएर घिरौँलाको पात, अङ्गार आदिले बनाएको रङ्गले सिँगार्छन् । हात्ती, घोडा, जरायो, मयुर, खजुरो, बिच्छी, पीपलको रूख आदिका साथै शिव-पार्वतीको चित्र बनाउँछन् । साँझ केरा, उखु, बेलको पात-धागो बेरेर जगाएपछि उपवास बसेका युवायुवती आआफ्नो घरमा फलाहार गरेर मौलिक गरगहना, भेषभुषामा सजिई भित्तामा लेखिएको घरमा पूजा सामग्रीसहित भेला हुन्छन् । महादेवको आराधना र आफ्ना मान्यजनसँग आशिष लिन्छन् । उनीहरू सामूहिक रूपमा गीत गाउँछन् : 'चारै कुना चारै दिशा नेउतल वर्तहर्नी आयी हो सव बैठे ईश्वरी महादेउ ............ ।'

**हरितालिका** (**तीज**) : पहाडिया क्षेत्री-बाहुन महिलाले तीज मनाएजस्तै चितवनका थारु महिलाहरूले 'जितिया पावनी' भव्य रूपमा मनाउँछन् भने दराई महिलाहरू कृष्णाष्टमीजस्तै महत्त्वका साथ हरितालिका (तीज पावनी) मनाउँछन् ।

**पितृऔँसी** (**अमौसा**) : दराई समुदायमा घटस्थापना औँसीलाई 'पितृऔँसी'का रूपमा मान्ने चलन छ । यो दिन बिहान घरको मूल पुजारी नदी तलाउमा स्नान गरी सिरुको कुचोले घर-आँगन र सबैतिर बडार-कुँडार गरी गाईको गोबरले लिपपोत गरेर आफ्ना पितृको स्मरण गर्छन् । घरभित्र, चोटाकोठा, ढोका सबैतिर गण, धनी, गैडु-सौनी पितृको पूजा गुइँठाको धूप बाली गर्छन् । बेलुकापख, महिला-पुरुष कुनै घरमा जम्मा भएर नाचगान गर्छन् । गीतको बोल - 'हे दशही अैल सोहोराइ अैल, दशही अैल, सोहोराइ अैल, राखीके जवरा, ऐवे राखिके गवरा ...।'

**बडादशैँ** : बडादशैँलाई दराई भाषामा 'दशही पावनी' भनिन्छ । द्वितीयामा मकैको जमरा राख्ने, अष्टमीको दिन डोरीको पिङ हाल्ने, नवमीको दिन कुभिण्डो वलि दिने र खसी-बोका काटी कुलदेवताको थानमा चढाएर दशैँ मनाउँछन् । राम्रा र नयाँ लुगा लगाउने, माछा-मासु खाने, घरमुलीबाट टीका, जमरा तथा आशीर्वाद लिई हर्षोल्लासका साथ दशैँ मनाउँछन् ।

**बड्कीभात पावनी** : दराई समुदायमा बड्कीभातलाई छैठौँ चाड मान्ने चलन छ । अमौसा मानेको विहीबारपछिको अर्को आउने विहीबार बड्कीभात पर्व पर्छ । यो पर्वमा मिठो-मसिनो खाई अमौसामा जस्तै इच्छुक मानिसहरू जम्मा भएर सोहोराइको भाकामा रातभरि नाचगान गरी बासुरी बजाएर मनोरन्जन गर्दछन् । गीतको बोल, जस्तै - वारिनी गङ्गा, पारिनी गङ्गा, वारिनी गङ्गा, पारिनी गङ्गा बिचैमा छतेवन, सैबै बिचैमा छतेवन । त्यो छतेवनको डालै नी भाँची, त्यै छतेवनको डालै नी भाँची लेउ चेली दतेवन, सैबै लेउ चेली दतेवन ...... ।

**तिहार** (**सोहोराई**) : सोहोराइ चाड पितृपूजासँग जोडिएको दराईहरूको महत्त्वपूर्व पर्व मानिन्छ । गाई तिहार औँसीको अघिल्लो दिन घरभित्र र बाहिर राम्रोसँग लिपपोत गरी सिँगार-पटार गरिन्छ । बेलुका गाई-गोरुलाई दौ (सातु) खाने निम्तो दिइन्छ । औँसीको दिन बिहान सबेरै उठेर नुहाई-धोई, गोठमा सरसफाई गरेर फूल-प्रसादी चखई, दियो बाली गाई पूजा गरेर दौ (सातु) खुवाइन्छ । घरको विभिन्न स्थानमा अग्गुवार, गण, दाखिनानी, धेनी, द्वारगैँडु, गोठगैँडु आदिमा चामल, रोटी, पूल आदिले पूजा गरेपछि सेतो परेवा, कालो भाले, छिर्बिरे कुखुराको पोथी वा रातो भालेको वलि दिई सेवा-ढोग गर्दै कुलपूजा सम्पन्न गरिन्छ । भोलिपल्ट फूल, अक्षता बिसर्जन र तीन दिनसम्म बत्ती बालिन्छ । सोहोराइभन्दा अघि क्रियाको विधि सम्पन्न गरिसकेको हुनुपर्ने प्रावधान छ । सोहोराइमा घरघर डुली रातभर बाँसुरी बजाउँदै नाचगान गर्छन् । सोहोराइ गीतको **उदाहरण** :

हे ऐ भङ्गेरीले गुडौ नी लायो, ऐ भङ्गेरीले गुँडैनी लायो घरमे बत्तीमा, सैबै घरमे वातीमा, हंशनी उड्यो इन्द्रासन

पुग्यो, हंशनी उड्यो इन्द्रासन पुग्यो जिउ पुग्यो मट्टीमा, सैबै जिउ पुग्यो मट्टीमा। डेली र भावी - भुन रिसा वावी डेली र भावी भुन रिसा बाबी जिउ पुग्यो मट्टीमा।

**ठुलो एकादशी** (**बडक एकादशी**) : चितवनका दरैहरूले ठुलो एकादशी पर्व पनि मनाउँछन्। अघिल्लो दिन खाएर भोलिपल्ट बिहानै नुहाई-धोई गरी दिनभरि व्रत बसी साँझ आँगनमा गाईको गोबरले लिपेको शुद्ध स्थानमा बत्ती बालेर फूल, अक्षता, नैवेद्य पूजा गर्छन्। महिला-पुरुष मिली गाउँमा भैलो खेल्छन्। भैलोमा सङ्कलित मकैको जाँड बनाई माछा मारेर सामूहिक रूपमा पिकनिक खाएर रमाइलो गर्छन्।

**माघे सङ्क्रान्ति** : माघे सङ्क्रान्तिको अघिल्लो दिन मछुवारी गर्ने, खसी-बोका काट्ने, सखरखण्ड तथा तरुल पोलेर-उसिनेर भोलिपल्ट खाने गर्दछन्। खानपिनपछि मान्यजनहरूको घरघर गएर नाचगान (भाम्रै-चुट्का गाएर) मनोरन्जन गर्छन्।

**फगुवा** : फगुवा दरै जातिको ठुलो चाड हो। यो चाडमा फागु खेल्छन्। घरघरमा डम्फु बजाउँदै, गाउँदै, नाच्दै जाँड-रक्सी खाएर मस्त हुन्छन्। घरघरका छानाबाट थुतेको खरको मुठी खुल्ला ठाउँमा बालेर अण्डा पोल्दै चिरदाह गर्छन्। भोलिपल्ट पूर्णिमाको दिन सबै जना जम्मा भई डम्फु बजाउँदै चिरदाह गरेको वरपर घुम्दै विगुत लगाएपछि नदी-खोलामा नुहाउँछन्। बिहानको खाना खाएपछि मयुरको प्वाँख टाँसेको आआफ्ना डम्फु लिएर निश्चित ठाउँमा जम्मा भई गाउँदै नाच्छन्। गीतको बोल -

दरैनी जे पहिरल छिठामा छिठा दरैनी जे पहिरल २
थरुनी देखले सिङ्गारे हो गोरी तिरिया, हो आगे चलु बहिया डोलाए .....।

चैते दशही : चितवनका दरैहरू चैते दशैँलाई सानो दशैँको रूपमा माछा-मासु, जाँड-रक्सी खानपिन गरी गाउँ घुमी मनाउँछन्। यो चाडमा कसराको विक्रमबाबा र माडीको गोद्दकमा मेला भरेपछि वर्षैभरिको चाडबाड समाप्त भएको ठान्छन्।

**उपसंहार**

दराई जाति आफूलाई चितवनको आदिबासी थारूपछिको दोस्रो भूमिपुत्रको रूपमा लिन्छन्। प्रकृतिपूजक दराईहरू लज्जालु स्वभावका, ज्यादै सिधा, सरल स्वभावका हुन्छन्। यिनीहरू भूतप्रेत, लागुभागु, धामी-भाँक्रीमा विश्वास गर्छन्। दराईको सरलता र सोभोपनको फाइदा उठाएर टाठाबाठाको शोषण र दमनमा परेका केही छन् भने कैयौँ दरैहरू आर्थिक प्रलोभनमा परेर क्रिश्चियन धर्मतिर लागेर आफ्नो गौरवमय संस्कार, संस्कृति, परम्परा र अस्तित्त्व गुमाउँदै पनि छन्। आधुनिक युवायुवतीहरू आधुनिकताको नाममा आफ्नो भाषा, धर्म र संस्कृतिबाट टाढिँदै छन्। यसर्थ दरै समुदायका युवा पुस्तालाई अगुवामार्फत् समयमै उपयुक्त शिक्षादीक्षा, चेतना दिएर आफ्नो जातीय पहिचान, भाषा, संस्कृतिप्रतिको कर्तव्यबोध गराउनु समयको माग हो। अस्तु।


**सन्दर्भ सामग्री** :


१ रत्ननगर-१३, जयमङ्गलाका पूर्वपरिचित फेरेला, सुकुम्बासी, मङ्गलराम, विकुवा दरैहरू।
२ गोरखा शहीद लखन गा.पा.-४, ठेउवाटारका मानबहादुर र रामबहादुर दरै।
३ भरतपुर-१२, चितवनका मङ्गलराम दराई।
४ शाखा तथ्याङ्क कार्यालय, भरतपुर-१०, चितवन।
५ दराई, मङ्गलराम (२०७७), चितवनको सेरोफेरोका दरै जातिको भेषभूषा, भाषा-धर्म, संस्कार-संस्कृति एक सिंहावलोकन।
६ कैनी, प्रभा (२०६३), दराई जनजीवन एक अध्ययन, नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि., कीर्तिपुर।


卐

मित्र साहित्य
कविता

## पर्यावरणको अस्तित्व



डा. घनश्याम न्यौपाने परिश्रमी *

प्राकृतिक ऐनमाथिको
उल्लङ्घनको खबर
सर्वत्र फैलिएको छ
वनमा लागेको डढेलोजस्तै ।

त्रस्त छ प्रकृति,
आतङ्कित छ पर्यावरण,
भयावहताको मौन कोलाहल
व्याप्त छ वैश्विक पर्यटकीय मञ्चहरूमा,
वर्तमान युगमा
हावाले पछ्याउन पाएको छैन
स्वस्थ श्वासप्रश्वासको रीत
पानीले गाउन पाएको छैन
स्वच्छ प्रवाहको गीत
माटोले लाउन पाएको छैन
उर्वरतासँग चोखो प्रीत
आकाशका भित्ताहरू
चर्केझैं लाग्दै छन्
धरातलका मैदानहरू
मरुवत् हुँदै छन्
भत्किन सक्छ कुनै पनि बेला
गगनको मनोहर महल
भासिन सक्छ कुनै पनि बेला
धर्तीको प्रगाढ सौन्दर्य,
किनभने-
सृष्टिको परम्परित विधान
च्यातिरहेछन् स्वार्थी मान्छेहरू
जो आफ्नै जीवनमाथि
गर्दै छन् डरलाग्दो खेलबाड
र आफ्नै भविष्यमुनि
रोप्दै छन् विनाशलीलाका बिरुवा ।
ञ
त्यसैले त
अब हामीले
अपनाउनुपर्ने छ सचेतता
रोक्नुपर्ने छ,
पर्यावरणमाथिको गोप्य अतिक्रमण,
सृष्टिको विधानमाथिको खुल्ला आक्रमण
अनि रोप्नुपर्ने छ
प्रकृतिसंरक्षणका बीजहरू
र बचाउनुपर्ने छ
सृष्टिको सुन्दर विधानलाई ,
पर्यावरणको अस्तित्वलाई ।

卐

** कुलपति : बर्दघाट प्रज्ञा प्रतिष्ठान, नवलपरासी*

मित्र साहित्य
कविता

## मान्छे



बद्रीप्रसाद दाहाल*

यै मान्छे समता दिएर ममता वात्सल्यमा पोखिने
यै मान्छे जडता पिएर अचला विध्वंसमा होमिने
यै मान्छे करुणा र दान पलमा बिस्तीर्ण छाती लिने
यै मान्छे उपियाँ बनी चुसिदिई सम्पन्न आफै हुने ।

१,

मान्छे हुन् शिव शान्ति कान्ति भवको सर्वोच्च सञ्चालक
स्रष्टा हुन् नव रङ्गका रस सुधा सत्शास्त्रका पालक
भन्दै, ईश्वरले दिए अवनिको दायित्व विश्वासमा
मान्छे बिर्सन हुन्न जीवन सबै उस्तै छ निश्वासमा ।

२,

मान्छे दम्भ घमण्ड चण्ड नबनी शालीन औ भद्र हुन्
हात्ती बाघ किरा हिरा जतनले छाया दिने छत्र हुन्
जो कौतूहल गुह्यता प्रकृतिको अन्तर्यका खोजक
विज्ञानी अनि ज्ञानका उदधि भै मान्छे बन्यो योजक ।

३,

आत्मा निर्मल हुन्छ इन्द्रिय भने हुन्छन् सधैं चञ्चल
त्यै दुर्गन्ध बगाउने प्रण गरी गङ्गा बनौं अब्बल
चर्को मोह र क्रोध लोभ नरका वैरी कडा शत्रु हुन्
हेर्यौं प्रेम दया र स्नेह रसले प्राणी सबै मित्रु हुन् ।

४,

मान्छे बारुद ग्याँस वा बम बने मास्छन् धरा उर्वरा
हिंसा द्वेष र राग द्वन्द्व चुलिँदा नास्छन् सबैका जरा
माता हुन् धरणी भवाब्धि–तरणी 'प्राणीजगत्को भलो'
द्यौता जित्छ मनुष्यले भुवनमै 'सत्शान्ति सग्लो बलो' ।

卐

** अध्यक्ष : नीलकण्ठ प्रज्ञा प्रतिष्ठान, धादिङ*

गीत

## मेरो भरतपुर



प्रभातकुमार जोशी *

पसिनाको बाला झुल्छ जहाँ पहेँलपुर
झर्दैगरेको स्वर्ग त्यही हो मेरो भरतपुर
.............मेरो भरतपुर, मेरो प्यारो घर ।
जहाँ चल्छ विकासको हावा सरर्र
निर्माणको ध्वजा जहाँ उठ्छ हरर्र
..............मेरो भरतपुर, मेरो प्यारो घर ।

निमुखा भै मान्छे जहाँ हुन्न थरर्र
बिकाललमा मर्छु भन्ने जहाँ हुन्न डर
...........मेरो भरतपुर, मेरो प्यारो घर ।

जहाँ छैन ठूलो सानो सबै एक थर
जात, भाषा, धर्म जहाँ आपसको भर
................मेरो भरतपुर, मेरो प्यारो घर ।

जहाँ उठ्छ स्वाभिमानले नेपालको शिर
त्यहाँ खुल्छ आगनीमा जीवनको सार
...............मेरो भरतपुर, मेरो प्यारो घर ।

नारायणी र रापतीको जहाँ मिल्छ धार
समृद्धिको डुङ्गा गर्छ त्यही वार-पार
..............मेरो भरतपुर, मेरो प्यारो घर ।

卐

* *पूर्व अध्यक्ष : नारायणी कला मन्दिर*

गीत

## भरतपुर गान



दीपक प्रधान *

तोरी फुल्छ, धान झुल्छ, जहाँ फल्छ फापर
नारायणी झैँ निश्चल यो, शान्त र सुन्दर
चरा गाउँछ, मयुर नाच्छ, राप्ती खोला किनार
स्वर्ग भन्दा सुन्दर मलाई, हाम्रै भरतपुर ।
देवभूमि, तपोभूमि, देवघाटधाम हो शिर
स्वाभिमानी नेपालीको, हो यो तस्बिर
जात,जाति, भाषा, धर्म एउटै छ संस्कार
स्वर्ग भन्दा सुन्दर मलाई, हाम्रै भरतपुर ।
स्वास्थ्य, कृषि, पर्यटनको बलियो आधार
वन,जंगल, प्रकृतिले, गरेको छ शृङ्गार
गर्विलो छ इतिहास, भूगोल झन सुन्दर
आफूभन्दा प्यारो मलाई, हाम्रै भरतपुर ।

* *पूर्व अध्यक्ष : नारायणी कला मन्दिर*

कविता

## भरतपुर नगरी



कमल कँडेल "प्रकृति" *

पाण्डवले रमण गरेको
प्रिय चितवन भरतपुर
नारायणी तटमा अँकुरित
भरतपुर नगरी
देवताहरुको देवस्थल
पुण्य शान्तिभूमि
भरतपुर नगरी
देवघाटदेखि गोलाघाटसम्म
विचरण गर्नैपर्ने
हो यो भरतपुर नगरी
सिराईचुलीदेखि शिवघाटसम्म
रामनगरदेखि रामघाटसम्म
घुमौ भरतपुर वर्षौ वर्षसम्म
रमाउँ भरतपुरमै युगौ युगसम्म

* *कार्य समिति सदस्य : चितवन साहित्य परिषद्*

गीत

## भ्रमण वर्ष २०२४ भरतपुर घुम्न जाऔ



किसान प्रेमी*

विविधताको गाउँ/ रमाइलो ठाउँ
सबै मिलेर/ भरतपुर घुम्न जाऔं
बिद्याको मन्दिर यही/ देवधाम यही
कतै लालिगुरुस/ कतै सम्मो भूमि
कमलपोखरी यहा'/ शान्ति नगर वन
नारायणीसंग संगै/ सुसाउककछ पवन
दियालोबंगलाक/ दरवार सुन्दर ठाउँ
सबै मिलेर / भरतपुर घुम्न जाऔ
गैडा हात्ती यही/ निकुञ्जमा छ नि
सामुदायिक बनमा/ बाघ मृग पनि
बीसहजारी ताल यै/ राइनो ताल यही
बज्छन् खैजडी क्यै/ डम्फू मादल कही
कविलासगढी/ ऐतिहासिक सुन्दर ठाउँ
सबै मिलेर/ भरतपुर घुम्न जाऔं
पटिहानी जगतपुर/ मेघौली घुमौ
जाऊ सीतामाई/ वागेश्वरी पुगौ
बन्बन् चरा उडेछन्/ चुडाई जंजिर
पर्यटकको आकर्षण/ धनगढा मन्दिर
महा बौद्धगुम्बा/ गणेशघाम् सुन्दर ठाउँ
सबै मिलेर / भरतपुर घुम्न जाऔ
उर्लेर आयो / विकासको लहर
विकासमा लम्केको / छ सुन्दर सहर
अन्तराष्ट्रिय सभाहल/क्रिकेट रंगशाला
ठुला अस्पताल यही/ यही प्रयोगशाला
बखान सहकारी पहिलो /चलेको हो नाउ
सबै मिलेर/ भरतपुर घुम्न जाऔ
बिबिधताको गाउकक/ रमाइलो ठाउँ
लौ न साथी हो / भरतपुर घुम्न जाऊँ
सबै मिलेर/ भरतपुर घुम्न जाऔं

** प्राज्ञसभा सदस्य : भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान*

गीत

## भ्रमण वर्षमा, २०२४ मनाऔ हर्षमा



प्रकाशबाबु ढकाल*

घुमौ रमौ हेरेर भरतपुर
विकासमा दकुर्दै आफ्नै सुर। .......................
भ्रमण वर्षमा, २०२४ मनाऔ हर्षमा।
देवघाट, मठ मन्दिर, गणेश धाम
साथी भाईलाई भनौ है घुम्न जाम। .................
भ्रमण वर्षमा, २०२४ मनाऔ हर्षमा।
गोंद्रांगदेखि पुल्चोकसम्म
बाइपास सडक विदेश झैं अचम्म।...................
भ्रमण वर्षमा, २०२४ मनाऔ हर्षमा।
गोलाघाट, पटिहानी सीतामाई
पुगेपछि लोभ्याउछ पाहुनालाई।......................
भ्रमण वर्षमा, २०२४ मनाऔ हर्षमा।
बिसहजारी ताल, बाटुली पोखरी
वन्य जन्तु हेर्ने हो कसरी।............................
भ्रमण वर्षमा, २०२४ मनाऔ हर्षमा।
कविलास छ पहाडको रानी
मनोरम प्राकृतिक खानी। ...........................
भ्रमण वर्षमा, २०२४ मनाऔ हर्षमा।
नारायणी किनार बजारको छेउ। ....................
भ्रमण वर्षमा, २०२४ मनाऔ हर्षमा।
मोटर बोट, क्रुज पनि चढिदिऊ
स्वास्थ्य, शिक्षा, मेडिकल सिटी
कृषि क्यामपस, सिटीइभीटी।........................
भ्रमण वर्षमा, २०२४ मनाऔ हर्षमा।
दरै, थारु, कुमाल रैथान
मौलिकता र संस्कारको पहिचान।..................
भ्रमण वर्षमा, २०२४ मनाऔ हर्षमा।
घुम्ने फिर्ने गन्तव्य पैल्याऊ
भरतपुर नै हो शन्देस फैल्याउ।..................
भ्रमण वर्षमा, २०२४ मना औ हर्षमा।

** भरतपुर महानगरपालिका पशु विकास शाखा*

प्रतिभा परिचय

# भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानद्वारा सम्मानित स्रष्टाहरूको : सङ्क्षिप्त परिचय





केदारनाथ खनाल *
सुरेन्द्र अस्तफल *

भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान (२०७८) ले हरेक वर्ष फरकफरक विधामा स्रष्टाहरूलाई सम्मान एवम् पुरस्कृत गर्ने परम्पराको थालनी गरेको छ। भरतपुर महानगरपालिकालाई कार्यक्षेत्र बनाएका स्रष्टाहरूलाई सम्मान र उनीहरूका कृतिहरूलाई पुरस्कृत गर्ने क्रममा २०८० सालमा सम्मानित स्रष्टा र तिनका कृतिको अति सङ्क्षिप्त परिचय यस आलेखमा प्रस्तुत गरिएको छ।

## १. भरतपुर महानगर प्रज्ञा सम्मान – २०८०

प्रकाश थापा (२०२७) मूलत : चित्रकार तथा मूर्तिकार हुन्। आमा वेदकुमारी थापा र पिता नरबहादुर थापाका पुत्ररत्नका रूपमा उनको जन्म काभ्रेपलाञ्चोक जिल्लाको कुसादेवीमा भएको हो। हाल भरतपुर– ४ मा बसोबास गरेका थापा अन्तर्मुखी स्वभावका देखिन्छन्। उनी कलाको क्षेत्रमा प्रथाको नामले चिनिएका छन्। थापा चितवन आर्टिस्ट सङ्घ चितवन, ललित कला प्रतिष्ठान, गोदार थापा राष्ट्रिय सेवा समाज, शारदानगर जेसिज, चितवन साहित्य परिषद् र त्रिवेणी साहित्य प्रतिष्ठान र अन्तर्राष्ट्रिय जल तरङ्ग समाज नेपाल जस्ता सङ्घसंस्थासँग आबद्ध छन्।

कलाको क्षेत्र (चित्रकला, मूर्तिकला, वास्तुकला, धातुकला, काष्ठकला, अभिनय आदि)मा विशिष्ट योगदान दिएका साधक/कलाकर्मीलाई सम्मान गरिने **महानगर प्रज्ञा सम्मान** २०८० (राशि रु ५०,०७८) चित्रकर्मी **श्री प्रकाश थापा (प्रथा)** लाई अर्पण गरिएको हो।

घर-परिवार र प्रकृतिबाट कलाकारितामा प्रेरित थापाले २०५४ सालमा रेडक्रस भवन चितवनमा 'प्रयास', २०५७ सालमा स्मल हेभेन स्कुल चितवनमा 'दलन' र नेपाल चितवन सम्पर्क समाजको आयोजनामा 'परदेशीको पीडा' शीर्षकमा एकल चित्रकला प्रदर्शनी गरेको देखिन्छ। २०४८ सालमा ललित कला क्याम्पस, काठमाडौँ, २०५२ सालमा नारायणी कलामन्दिर चितवन, २०५८ सालमा शारदा कलेज चितवन, २०५३ देखि २०५९ सालसम्म चितवन महोत्सव नारायणगढमा र २०५६ सालमा सामूहिक चित्रकला प्रदर्शनी गरेका प्रकाश थापा बालुवाले चित्र बनाउने नेपालका प्रथम चित्रकार हुन्।

चित्रकार थापाले जिल्लास्तरीय पोस्टर प्रतियोगिता चितवन – २०४७ र २०४८ सालमा प्रथम, खुल्ला चित्रकला प्रतियोगिता – २०६९ सालमा प्रथम र खुल्ला कला प्रतियोगिता – २०४९ तथा ललित कला क्याम्पसमा द्वितीय पुरस्कार प्राप्त गरेका थिए। राष्ट्रिय क्यारिकेचर प्रतियोगिताका विजेता श्री प्रकाश थापा २० वर्षदेखि व्यावसायिक कलाकारितामा समर्पित छन्। उनी चितवन साहित्य परिषद्ले अर्पण गर्ने चिसाप प्रतिभा सम्मान – २०७८ बाट सम्मानित र पुरस्कृत भइसकेका छन्।

## २. कृष्ण बम मल्ल प्रज्ञा सम्मान– २०८०

प्रा.डा. कर्णबहादुर बानियाँ (२०१२) मूलत : इतिहासविद् तथा संस्कृतिविद् हुन्। उनको साहित्यिक नाम बानियाँ कान्छा हो। माता कृष्णकला र पिता दिलबहादुर बानियाँका पुत्ररत्नका रूपमा बेनी नगरपालिका, म्याग्दीमा जन्म भएको हो। उनले इतिहास विषयमा विद्यावारिधि तथा कानुन विषयमा स्नातक गरेका छन्।

इतिहास, संस्कृति आदिका क्षेत्रमा विशिष्ट

* प्राज्ञ परिषद् सदस्य : भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान
* प्राज्ञसभा सदस्य : भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान


योगदान दिएका साधक/कलाकर्मीलाई सम्मान गर्ने प्रज्ञाको नियमानुसार **कृष्ण बम मल्ल प्रज्ञा सम्मान**–२०८० (राशि रु ५०,०७८) प्रा. डा. कर्णबहादुर बानियाँलाई अर्पण गरिएको हो ।

बानियाँको अटेरी चल्लो (बालकथा–२०४४), एक अनौठो जङ्गल (बालकथा–२०४९), मनका तरङ्गहरू (कवितासङ्ग्रह–२०५३), अनामिका (लघुकथा सङ्ग्रह–२०७५), पाल्पाको भगवती जात्रा (२०५३) पाल्पा गौडा : एक ऐतिहासिक अध्ययन (२०६३), म्याग्दीको इतिहास, संस्कृति र सम्पदा २०७५) जस्ता एक दर्जन कृतिहरू प्रकाशित छन् । उनले साहस, पाल्पामा २००७ सालको आन्दोलन, प्रतिभा जस्ता पत्रिकाको सम्पादन गरेको देखिन्छ । त्यस्तै गरी उनी धौलागिरी साहित्य पुरस्कार–२०४४, मानव अधिकार वर्ष पुस्तक पुरस्कार–२०५१, नेपाल विद्या भूषण क (२०६६), आदिबाट सम्मानित तथा पुरस्कृत भएका छन् ।

### ३ चित्रवन प्रज्ञा पुरस्कार-२०८०

डी. आर. पोखरेल अर्थात् डिल्लीराम पोखरेल (२०११) को हाल बसोबास भरतपुर–१० मा रहेको छ । माता कृष्णकुमारी र पिता दण्डराज पोखरेलका सुपुत्रका रूपमा ओखलढुङ्गामा जन्मिएका हुन् । पोखरेल मूलतः अन्वेषक, समालोचक, साहित्यिक पत्रकार र संस्कृतिकर्मी हुन् । साहित्य सङ्गम चितवन, प्रगतिशील लेखक सङ्घ जस्ता संस्थासँग आबद्ध उनले हाम्रो सिर्जना लगायत विभिन्न पत्रपत्रिकाहरू सम्पादन गरेका छन् । उनका माओत्सेतुङबाट सिकौं (२०३६) यथार्थवादी समालोचनाको गोरेटोमा (२०५८), पारिजातको साहित्यिक मूल्याङ्कन (२०६२), संस्कृतिको सेरोफेरो (२०६३), राजकृष्ण कंडेलको जीवनी (२०६५), हायु जातिको लोक जीवन (२०७०), हिड्न नपर्ने गोरेटो (२०७२), समवेत संस्कृति (२०७५), संस्कृतिको सोपानमा चितवन (२०७९) जस्ता समालोचनात्मक, सांस्कृतिक, खोजमूलक र सृजनात्मक कृतिहरू प्रकाशित छन् । चितवन साहित्य परिषद्, साहित्य सङ्गम चितवन, पर्यटन तथा संस्कृति मन्त्रालय लगायत विभिन्न दर्जनौ विभिन्न सङ्घसंस्थाबाट सम्मानित र पुरस्कृत पोखरेल गत वर्ष यसै संस्थाबाट कृष्ण बम मल्ल पुरस्कारबाट पनि सम्मानित भएका हुन् ।


डि.आर. पोखरेलको **संस्कृतिको सोपानमा चितवन** (२०७९) अनुसन्धनात्मक कृतिलाई **चित्रवन प्रज्ञा पुरस्कार २०८०** (राशि रु ५०,०७८) अर्पण गरिएको छ । चितवनलाई आधार बनाएर लेखिएको यस कृतिमा परिचयात्मक पृष्ठभूमि, चितवनका आदिबासहीरू एक दृष्टि, चितवनको (प्रागैतिहासिक काल) लिच्छवीकालीन सभ्यता र संस्कृति, चितवन द्रोणीको मध्यकालीन सभ्यता र संस्कृति र आधुनिक सभ्यता र संस्कृति गरी विविध शीर्षक-उपशीर्षकहरूमा विभिन्न कालखण्डको चितवनको सभ्यता र संस्कृतिप्रति विहङ्गम दृष्टि पुऱ्याइएको छ । विशेषतः पहाडी र आदिबासी थारु, दरै, चेपाङ, कुमाल, माझी, बोटे आदिको सम्बन्धमा सप्रमाण चर्चा गरिएको छ ।




राणाकालमा सिकार खेल्ने ठाउँको रूपमा परिचित चितवन द्रोणी पुनर्वासपछि अन्य जातजातिको आगमन र बाक्लो बसोबासले अनेकतामा एकता नेपालको विशेषतालाई चितवनले चरितार्थ गर्दै आएको तथ्यलाई कृतिमा प्रस्तुत गरिएको छ ।

### ४. भरतपुर प्रज्ञा पुरस्कार (काव्य)

भरतपुर महानगरबाट प्रत्येक वर्ष प्रदान गरिने साहित्यिक विधा **काव्य/कविता**तर्फ भ.न.पा. १२, निवासी जगन्नाथ पण्डित (२००६) को **घरबारीमा तोरी फुल्यो** (कवितासङ्ग्रह २०७९) को लागि **भरतपुर प्रज्ञा पुरस्कार** २०८० नगद राशि (रु.२५,०७८) प्रदान गरियो । माता बालकुमारी पण्डित र पिता रामकृष्ण पण्डितका सुपुत्रका रूपमा तनहुँ, रतनपुरमा जन्मिएका पण्डित नेपाली विषयमा एमए र संस्कृतमा शास्त्री गरेका हुन् । चितवन साहित्य परिषद्, त्रिवेणी साहित्य परिषद्, नेपाली लेखक सङ्घ र छन्दोबद्ध काव्य प्रतिष्ठान जस्ता साहित्यिक सङ्घ संस्थासँग आबद्ध उनले छहारी, चितवन, तनहुँ सन्देश, वागीश्वरी, महानगर साहित्य दर्पण जस्ता पत्रिकाको सम्पादन गरेको देखिन्छ ।




घरबारीमा तोरी फुल्यो गीत–कवितासङ्ग्रह २०७९ चितवन साहित्य परिषद्को ७७ औँ प्रकाशन माला हो । यस काव्यमा ५७ वटा कविताहरू र १९ वटा गीतहरू सङ्गृहीत छन् । कविले काव्यमा अनुष्टुप्, शार्दूलविक्रीडित, शिखरिणी, उपजाति, भुजङ्गप्रयात, मालिनी आदि छन्दहरूको प्रयोग गरेको देखिन्छ । सङ्ग्रहका कविताहरूमा जननी र जन्मभूमिप्रतिको प्रेम, ग्रामीण जीवनप्रतिको आकर्षण, संस्कृतिप्रतिको मोह, श्रमशील जीवनप्रति श्रद्धा, प्रकृतिप्रेम जस्ता विविध भाव, गाम्भीर्ययुक्त विष्यावस्तु र प्रकृति तथा प्रणयको बेजोड प्रस्तुत २०३४/३५ सालतिर फत्तेमान राजभण्डारी नुपुर भट्टचार्यको आवाजमा रेडियो नेपालबाट घन्केको घरबारीमा तोरी फुल्यो र प्रेमध्वज प्रधान तारादेवी, मीरा राणाहरूको स्वरमा प्रसारण भएको नेपालको मायालगायतका गीतहरूको सङ्ग्रह यस कृतिमा समाविष्ट छन् ।

### ५. भरतपुर प्रज्ञा पुरस्कार (आख्यान)

भरतपुर प्रज्ञा प्रतिष्ठानबाट प्रत्येक वर्ष प्रदान गरिने **आख्यान विधा**तर्फको पुरस्कार - भरतपुर ९ निवासी **अष्टदेव खनालको अन्तश्चेतना** (उपन्यास २०७९) को लागि भरतपुर प्रज्ञा पुरस्कार - २०८०, नगद राशि रु २५,०७८ प्रदान गरियो । माता अहल्यादेवी र पिता मायानाथ खनालका सुपुत्रका रूपमा लमजुङमा जन्मिएका अष्टदेव खनाल (२०१०) का निर्विषय र अन्तश्चेतना उपन्यास प्रकाशित छन् । लामो समय अध्यापनमा बिताएका खनालको औपन्यासिक कृति अन्तश्चेतना - चितवन साहित्य परिषद्बाट प्रदान गरिएको चिसाप खेमलाल हरिकला लामिछाने पुरस्कार (२०७९) पनि प्राप्त गरिसकेका छन् ।





यस कृतिमा गैँडाकोटबाट गलेश्वर आश्रम, मुक्तिनाथ, दामोदर कुण्ड हुँदै मानसरोवर, कैलाश पर्वत र नेपालको पवित्र पर्यटकीय क्षेत्रको तीर्थाटन कालीगण्डकी, शालिग्राम महिमा मण्डित कथानक भएको बौद्धिक-दार्शनिक उपन्यास अन्तश्चेतनामा प्रकृति र अध्यात्मको अन्तर्घुलन प्रस्तुत गरिएको छ । उपन्यासमा बढ्दो चरम भौतिकवादी प्रवृत्ति र नैतिकताको ह्रासले स्खलित मानवीय मूल्य र मान्यताप्रति सचेत हुँदै समाजमा आध्यात्मिक चेतना परिपूरणको खाँचो

औँल्याइएको छ। हिन्दु, बौद्ध, जैन, इस्लाम, इसाईजस्ता अलग-अलग धर्मावलम्बीहरूलाई एकै ठाउँमा सम्मेलन गराएर सबै धर्मप्रति समभाव, सहीष्णुता, सद्भाव जगाएर वसुधैव कुटुम्बकम्को आदर्शवादी समाजको परिकल्पना गरिएको छ। समाजले दिन नसकेको र सिकाउन बिर्सेको जीवन सन्देश अन्ताश्चेतनामा अर्न्तनिहित छ।

**६. वागीश्वरी प्रज्ञा पुरस्कार- २०८०**

प्रत्येक वर्ष नारी स्रष्टालाई प्रदान गर्ने वागीश्वरी प्रज्ञा पुरस्कार (२०८०), **सिम्रन क्षेत्रीको झुमर (उपन्यास २०७९)** लाई **वागीश्वरी प्रज्ञा पुरस्कार** (राशि रु २५,०७८) अर्पण गरिएको छ। माता हीरादेवी कँडेल र पिता खिमलाल कँडेलकी पुत्री रत्नकी रूपमा भरतपुरमा जन्मिएकी सिम्रन क्षेत्री (२०४५) मूलत : आख्यानकार हुन् । उनी नेपाली लेखक सङ्घ, चितवन तथा गजल मञ्च चितवनसँग आबद्ध छिन् ।




झुमर ए. डी. बी. पब्लिकेसन प्रा. लि. डिल्लीबजार, काठमाडौँबाट प्रकाशित उपन्यास हो । यसको भाषिक सम्पादन भूमिश्वर पौडेलले गरेका छन् । झुमर चरित्रप्रधान उपन्यास हो। यस उपन्यासमा प्रेमलाई शीर्ष स्थानमा राखिएको छ। उपन्यासमा स्नातकोत्तर तहमा अध्ययन गर्ने युवावयको प्रेम विवाहमा परिणत भएको देखाइएको छ । उपन्यासमा यसरी जोडिएको प्रेमविवाह अन्तत : असफल भएको देखाइएको छ। उच्च घरानियाँ गौरव राणा र निम्नवर्गीय युवतीबिचको दाम्पत्य जीवन असफल हुनुमा नेपाली मानसिकता रहेको कुरा प्रस्तुत गरिएको छ।

झुमर उपन्यासमा मूलत : पुरुषप्रधान समाज, अभिजात वर्गीय चरित्र, नारीमाथिको शोषण, दमन, दासत्वको पराकाष्ठा र घरेलु हिंसा देखाइएको छ। छोरा -बुहारी मिलेर घर खाएको देख्न नसक्ने सासूआमाको मनोविज्ञान, पाश्चात्य साहित्यकार समरसेट ममको इडिपस कम्प्लेक्सको छनक यस उपन्यासमा पाइन्छ।।

पूर्वदीप्ति शैलीमा लेखिएको यो उपन्यासमा अवसर पाए नारीले आफ्नो क्षमता प्रदर्शन गरेर राष्ट्रिय-अन्तर ष्ट्रियस्तरमा प्रतिष्ठा आर्जन गर्न सक्छन् भन्ने सन्देश दिइएको छ । महिलालाई मानिसका रूपबाट हेर्नुपर्ने विचार उपन्यासको देखिन्छ । मूलत : महिलाहरूले जीवनमा भोगिरहेका दु :ख, धनी र गरिबबिचको विभेद एवम् लैङ्गिक विभेदलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ।

भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान (२०७८) ले आफ्नो उद्देश्य अनुरूप चितवन जिल्लाका विषेशतः भरतपुर महानगर क्षेत्रभित्रका वाङ्मय साधकहरूको सम्मान र उनका कृतिलाई पुरस्कृत गर्ने कार्यको निरन्तरतालाई कायम राखेको छ । **सम्मानतर्फ** कला साधक, चित्रकार श्री प्रकाश थापालाई भरतपुर प्रज्ञा सम्मान २०८०, इतिहास सांस्कृतिका अध्येता प्रा.डा. कर्णबहादुर बानियाँलाई, कृष्णबाम मल्ल सम्मान २०८० र **पुरस्कारतर्फ** संस्कृतिको सोपानमा चितवनका सृष्टा अन्वेषक डि.आर. पोखरेललाई चित्रवन प्रज्ञा पुरस्कार २०८० प्रदानका साथै २०७९ सालमा प्रकाशित काव्य कवितातर्फ घरबारीमा तोरी फुल्यो, कवितासङ्ग्रह २०७९ का श्री जगन्नाथ पण्डित तथा आख्यनतर्फ अन्तश्चेतना उपन्यासका अष्टदेव खनालका अतिरिक्त नारी स्रष्टाहरू मध्येबाट झुमर २०७९ उपन्यासकी सिम्रन क्षेत्रीलाई पुरस्कृत गर्ने स्तुत्य कार्यले तत् स्रष्टा/प्रतिभा मात्र सम्मानित भएका छैनन्, सिङ्गो भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानका समस्त वाङ्मय सेवीहरू सम्मानित-पुरस्कृत भएका छन् । आशा गरौं, आगामी वर्षहरूमा साहित्यिक विधागत पुरस्कृत हुनेको लहरमा निबन्ध र नाटक विधाका स्रष्टाहरूसँग पनि भेट हुने अवसर मिल्ने छ।

卐

चर्चा

# भरतपुर महानगरको एक प्राज्ञिक कर्मः भरतपुर प्रज्ञा



डा. केशवराज चालिसे *

अनुसन्धाता, प्राध्यापक वा कुनै पनि विषय विज्ञहरूद्वारा लेखिएका अनुसन्धानमूलक लेख रचनाहरू सङ्ग्रहित प्रकाशन नै जर्नल हो। जर्नलले कुनै विशिष्टीकृत विषय र क्षेत्रमा आधारित रहेर अनुसन्धानका पूर्ण विधि अपनाएर लेखिएका लेखहरूलाई मात्र मान्यता दिन्छ। मानव सभ्यताको शैक्षिक र प्राज्ञिक अभ्याससँगै जर्नल प्रकाशन र अनुसन्धानात्मक लेख प्रकाशनको इतिहास सुरु भएको हो । समय र परिवेशअनुसार जर्नलमा प्रकाशित हुने लेखाप्रविधि र प्रक्रियाहरू परिवर्तित हुँदै जान्छन् । शैक्षिक र प्राज्ञिक अभ्यासमा यो परिवर्तन आवश्यक र सर्व स्वीकार्य नै रहेको छ।

जर्नल प्रकाशन मूलतः अनुसन्धान केन्द्रित हुने हुनाले, विश्वविद्यालयहरू, कलेजहरू र उच्च शिक्षासँगै जोडिएका सङ्घ/संस्थाहरूले जर्नल प्रकाशन गर्ने गर्छन् । हरेक वैज्ञानिक अनुसन्धानका प्रतिवेदनहरू जर्नल लेखका रूपमा प्रकाशित भएर मात्र प्राज्ञिक स्वीकृति पाउने अन्तर्राष्ट्रिय अभ्यास छ।

पुरानो फ्रेन्च भाषाबाट 'दैनिक' भन्ने अर्थसहित अङ्ग्रेजी शब्दका रूपमा प्रयोग हुने Journal, नेपाली भाषामा पनि जर्नल भनेर स्वीकार गरिएको छ। जर्नलको वास्तविक अर्थ A periodical dedicated to particular subject हो। यस अर्थमा पनि जर्नलमा प्रकाशित हुने लेखहरू विषयगत रूपमा विशिष्ट र गम्भीर हुने कुरा लक्षित छ।

जर्नल प्रकाशनको उद्देश्य ज्ञानको प्रचारप्रसार गर्नु हो । प्राज्ञिक समूहका बिचको प्राज्ञिक/शैक्षिक छलफल र अनुसन्धानका निश्कर्षहरू पाठक एवम् सर्वसाधारण सामु पुऱ्याउनु जर्नलको मुख्य उद्देश्य हो । विज्ञका अन्तरदृष्टी, आविष्कारहरू र सैद्धान्तिक प्रगतीहरूलाई साझा गर्नु पनि जर्नलको उद्देश्य हो । मौलिक अनुसन्धानात्मक लेखहरू, समीक्षात्मक लेखहरू, सैद्धान्तिक लेखहरू र केस स्टडिजहरू नै जर्नल प्रकाशनका सामग्रीहरू हुन् । मुख्यतः विश्वविद्यालय र अनुसन्धान केन्द्रहरूबाट प्राज्ञिक र वैज्ञानिक जर्नलहरू प्रकाशित हुने भए पनि पछिल्ला समयमा अन्य प्राज्ञिक सङ्घ/संस्थाहरूले पनि जर्नल प्रकाशित गर्ने गरेका छन्। भरतपुर प्रज्ञा पनि त्यसैगरी भरतपुर महानगर प्रज्ञान प्रतिष्ठानद्वारा प्रकाशित हुने जर्नल हो।

Bharatpur Pragya! Journal of Multi Disciplinary Studies एक अन्तरविषयक बहुभाषिक पत्रिका हो । मुख्यतः यसमा अङ्ग्रेजी र नेपाली भाषामा लेखिएका अनुसन्धानात्मक लेखहरू प्रकाशित हुन्छन्। ज्ञानका विविध विषय र क्षेत्रलाई प्रस्तुत गर्ने यो एउटा मजबुत प्लेटफर्म हो। एउटा विशिष्टिकृत विषयमा मात्र लेख रचना प्रकाशित नगरी बहुविधा र बहुविषयमा लेखिएका उत्कृष्ट अनुसन्धानात्मक लेखहरूले हाम्रो सामाजिक विविधतालाई विम्वित गरेका हुन्छन् । जर्नलमा सामाजिक विज्ञान, प्रकृति विज्ञान, कृषि, कला, साहित्य, संस्कृति, भाषा, स्वास्थ्य विज्ञानलगायतका विविध विषयका लेखहरू समावेश गर्ने उद्देश्य राखिएको छ । चितवनबाट प्रकाशित हुने हुनाले चितवन केन्द्रित विषयलाई पनि समावेश गरिन्छ

** नेपाल सस्कृत विश्वविद्यालय, कालिका विद्यापीठका उपप्राध्यापक डा. चालिसे भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्य हुन्।*

भने जर्नलको अन्तर्राष्ट्रिय मान्यताअनुसार वैश्विक महत्त्वका अनुसन्धानहरूलाई भरतपुर प्रज्ञाले उच्च प्राथमिकतासहित स्थान दिन्छ। यस जर्नलको हालैमात्र दोस्रो अङ्क प्रकाशित भएको छ।

भरतपुर प्रज्ञा NepJol मा सूचीकृत छ भने यसको अनलाईन प्लेटफर्मको स्थानका कारणले भरतपुर प्रज्ञामा प्रकाशित लेखरचनाहरू देश विदेश सबै ठाउँका पाठकले पढ्न पाउँछन्। भरतपुर र चितवनलाई अन्तर ाष्ट्रियकरण गर्नका लागि यो जर्नल महत्त्वपूर्ण बनेको छ। यस जर्नलमा प्रकाशित लेखहरू व्यक्तिगत नम्बर DOI (Digital Object Indentifies) मा सूचीकृत छन्। यो नम्बर प्राप्त गर्नु पनि जर्नलको राष्ट्रिय/अन्तर्राष्ट्रिय गुणस्तरीयताको मानक हो। साथै यो जर्नल भरतपुर महानगरपालिका र भरतपुर प्रज्ञा प्रतिष्ठानको पनि गौरवको विषय हो। त्यसैले भरतपुर प्रज्ञा जर्नललाई स्तरीय बनाउन सकेसम्म प्रयास गरिएको छ।

### स्तरीयताका लागि गरिएका प्रयासहरू

- सम्पूर्ण लेखहरूलाई सम्पादन मण्डलाट प्रारम्भिक छनौट (यसरी छनौट गर्दा लेख आह्वान गर्दा दिइएका विषयहरू जस्तै शीर्षक, सारसङ्क्षेप, परिचयहुँदै लेखको संरचना र शब्द सङ्ख्या आदि विषयमा मूल्याङ्कन गरिन्छ।)
- Blind Review विज्ञ समीक्षा
- समीक्षित लेखलाई लेखकबाट परिमार्जन
- परिमार्जित लेखलाई पुनः समीक्षा (Re-review)
- भाषा र प्रविधिगत निरीक्षण
- विषयवस्तुमा विविधता
- गर्नलाई e-journal का रूपमा अनलाइन सूचीकरण
- NepJol मा सूचीकरण र DOI को गुणस्तरीयता

### भरतपुर प्रज्ञा जर्नलका विशेषताहरू

- बहुभाषिक र बहुविषयक लेखकहरू प्रकाशित गरिनु
- निर्मम किसिमको विज्ञ समीक्षा (Pree-reviewed)
- NepJol मा सूचीकृत र DOI को मानक निर्धारण
- चितवन केन्द्रीत विषयमा प्राथमिकता
- वैश्विक परिवेशसँग मेल खाने
- अनुसन्धान प्रविधिको पूर्ण पालना
- भाषिक विविधता र शुद्धता
- विज्ञ समीक्षकहरू सबै विश्वविद्यालय तहका सम्बन्धित विषय विज्ञ र प्राध्यापकहरू
- प्रविधिगत एकरूपता
- पूर्ण अनुसन्धानमूलक
- लेखकहरूको चितवनलगायत राष्ट्रिय एवम् अन्तर ाष्ट्रियरूपमा सहभागिता
- जुनसुकै समयमा इन्टरनेटमा गएर लेखहरू हेर्न र पढ्न पाइने।

### भरतपुर प्रज्ञाको औचित्य र आवश्यकता

हामी वैश्विक गाउँ (Global Village) को समयमा चलिरहेका छौँ। ज्ञानका सिमित क्षेत्रबाट अहिले विश्व धेरै माथि उठिसकेको छ। हाम्रो भौगोलिकता अब हाम्रो मात्र रहेन। ज्ञान गतिलाई कुनै भौगोलिक सिमाले रोक्न नसकेको वर्तमान अवस्थामा चितवन र भरतपुरलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा पुऱ्याउनु वर्तमानको आवश्यकता हो। चितवनलाई बाहिरी दुनियासँग परिचित गराउने धेरै उपायहरू हुन सक्छन्। त्यसै मध्येको एउटा तर धेरै नै महत्त्वपूर्ण कार्य भनेको जर्नल प्रकाशन हो। जर्नल प्रकाशन पनि Physical रूपमा मात्र आउनुभन्दा अनलाइन प्रविधिमा प्रविष्ट भइ संसारभरका पाठक र अनुसन्धाताले पढ्न पाउने हुँदा यसको क्षेत्र अझ विस्तारित हुन्छ। भौतिक विकास

मान्छेको पहिलो आवश्यकता हो । यद्यपि वर्तमानमा प्राज्ञिक र शैक्षिक विकास नभई व्यक्ति झण्डै अर्थपूर्ण किसिमले बाँच सक्दैन। यसै सन्र्भमा व्यक्ति र चितवनेली समाजको प्राज्ञिक विसकाको कोसेढुङ्गाको रूपमा जर्नल प्रकाशन आवश्यक रहेको छ । चितवनभित्र रहेका कला, साहित्य, संस्कृति, संस्कार, विज्ञान, प्रविधि आदि विषयहरूलाई अनुसन्धनात्मक निस्कर्षका रूपमा आधिकारिक प्रकाशन मार्फत् Global Academia मा प्रवेश गराउनका लागि भरतपुर प्रज्ञा आवश्यक छ र यसै मार्फत् समाज र चिन्तन परिर्वतनका लागि पनि यो प्रकाशनले औचित्य पुष्टि गरेको छ।

यसै आवश्यकता पूर्तिका लागि वि.सं. २०८० सालदेखि भरतपुर प्रज्ञा जर्नल प्रकाशनमा आएको छ । भरतपुर प्रज्ञा प्रतिष्ठानको २०७९ को प्रज्ञा सभामा जर्नल प्रकाशनको आवश्यकताका बारेमा व्यापक छलफल पछि यो जर्नल प्रकाशनको प्रक्रिया थालनी गरिएको हो। हालसम्म यसका दुइवटा अंक प्रकाशित गरिसकिएको छ। वार्षिकरूपमा प्रकाशित हुने यस जर्नललाई भरतपुर महानगरको वेभसाइटमा पि.डि.एफ.मा पाउन सकिन्छ भने यस जर्नलका सबै अङ्कहरू हेर्न वा पढ्न मनलागे NepJol को वेभपेजमा गएर सम्पूर्ण अङ्कहरू वा कुनै एक विशिष्ट लेखकको विशिष्ट लेखनलाई मात्र पनि पढ्न पाइन्छ । इन्टरनेटमा भरतपुर महानगरको www.bharatpurmun.gov.np लिङ्कमा पनि यो जर्नललाई हेर्न पाइन्छ।

१. प्राप्त लेखहरूलाई प्रारम्भिक मूल्याङ्कन, विज्ञ समीक्षा, सम्पादकीय समीक्षा र भाषा सम्पादनमा निर्माण समीक्षापछि मात्र लेखहरू प्रकाशन योग्य हुन्छन्।
२. पाण्डुलिपि भौगोलिक अनुसन्धानमा आधारित हुनुपर्नेछ।
३. लेख प्रकाशनका लागि अन्यत्र पेश गरिएको वा प्रकाशन गरेको हुनु हुनेछैन।
४. पाण्डुलिपि हस्त लिखित नभइ इमले मार्फत् पठाउनु पर्नेछ।
५. अङ्ग्रेजी पाण्डुलिपि Times New Roman फन्टमा १२ साइज र नेपाली पाण्डुलिपि प्रिती १४ साइजमा हुनुपर्ने छ।
६. लेख ५००० देखि ७००० शब्द सिमभित्र हुनु पर्नेछ।
७. लेख पूर्ण अनुसन्धानात्मक हुनुपर्ने छ।
८. शीर्षक छोटो र स्पष्ट हुनुपर्ने छ।
९. सोधसार १५० देखि २०० शब्दको हुनुपर्ने छ।
१०. शब्दकुञ्जी ५ देखि ७ शब्दको हुनुपर्ने छ।
११. अङ्ग्रेजी लेखहरू MLA 9th edition वा APA 7th edition र नेपाली लेखहरू APA 7th edition लाई पूर्ण अवलम्बन गरी लेखिएको हुनुपर्ने छ।
१२. लेख बौद्धिक चोरीको सङ्केत नभएको हुनुपर्ने छ।
१३. Plagiarism भेटिएमा लेख अस्वीकृत गरिनेछ।
१४. कमसेकम १० वटा सन्दर्भसामग्री प्रयोग भएको हुनुपर्ने छ र सो सामग्रीको Citation MLA/APA पद्धतिमा पूर्ण अवलम्बन गरिएको हुनुपर्ने छ।
१५. आवश्यकता भन्दा बढी लेख आएमा अर्को अङ्कमा प्रकाशन गर्न सकिनेछ । सोको लागि लेखकको अनुमति आवश्यक पर्नेछ।
१६. विज्ञ समीक्षकबाट अस्वीकृत लेख प्रकाशन गरिने छैन । विज्ञ समीक्षक प्रकाशन नहुँदनसम्म गोप्य राखिनेछ।
१७. छनौट प्रक्रियामा कुनै समस्या र विवाद भएमा सम्पादन मण्डलले गरेको निर्णय अन्तिम हुनेछ।
१८. आफ्नो लेखको विषयवस्तु, आधिकारिकता, मौलिकता सम्बन्धी विषयमा लेखक स्वयम् जिम्मेवार हुनुपर्ने छ।

卐

लघुकथा

# सूत्र कथा



गणेश श्रमण *

**१) खुसी**

गुरु भन्नुहुन्छ -घरमा तीन थरिका मान्छे हुन्छन् । एकथरिका बाआमा अर्थात् घरमुली जसलाई घरको भैंसीले पाडो पाउँदा वा पाडी पाउँदा सामाजिक अर्थतात्विक दृष्टिले केही फरक पार्छ र उनीहरू यसमा कमखुसी वा बढीखुसी हुने गर्छन् ।

दोस्रोथरिका हुन्छन् -उनीहरूका छोराछोरी जसलाई पाडो पाउँदा नि बिगौती पाडी पाउँदा नि बिगोती । उनीहरूलाई पाडोपाडीले फरक पर्दैन । सधै खुसी । सधैं रमाइलो ।

तेस्रोथरिका हुन्छन् घरमा काम गर्न बसेको गोठालो । जसको काम पाडो पाडी जे भएपनि उहीं दुःख थपिने । भकारो। अम्रो स्वोहर्नु पर्ने ।

गुरुका कुरा सुनेपछि मैले भने -हे गुरु ! मलाई यिनै केटाकेटीजस्तो सधै खुसी हुन सक्ने ज्ञान दिनुस् ।

**२) गुरु**

गुरुकुल छाडेको पचास वर्षपछि गुरुलाई खोज्दै पुगेँ र गुरुलाई भेटेँ । बृद्धअबस्थामा पुगनभएकागुरुले भन्नुभयो -यतिका वर्षपछि किन आयौ त बाबु

मैले भनेँ -साह्रै थाकेँ गुरु । हजुरको यादले पनि निकै सतायो । यतै हजुरको आश्रम वरिपरि छेउछाऊमा कतै कुटी बनाएर बसौँ कि भनेर पनि आएँ ।

-ए, अनि जीवनलाई कसरी बुझ्यौ त बाबु ?

गुरुलाई सविस्तार लगाएँ

धन, सम्पत्ति के हो ?

ऋण के हो ? जागिर के हो ? आमा के हुन् ?

बा के हुन् ? दाजुभाइ के हुन् ? छोराछोरी के हुन् ?

दिदी बहिनी के हुन् ? इस्टमित्र र छिमेकी के हुन् ?

अन्य नाता सम्बन्ध के हुन् ? श्रीमती के हुन् ?

यी लगायत घात प्रतिघात सुख दुख के हुन् ?

धेरै धेरै कुरा बुझेँ, गुरु ।

ओहो ! यस्तो दीव्य ज्ञान तिमीले ब्यबहारिकरूपमै प्राप्त गर्यौ । ल राम्रो भो । सानैदेखि ब्रह्मचारी भएर घर छाडेको मलाई किताबी ज्ञान त भयो तर यस्तो भोग्यज्ञान प्राप्त हुने अवसर जुटेन । हेर बाबू, शास्त्रज्ञान भन्दा यस्तो ब्यबहारिक ज्ञान ठुलो हो । आजदेखि म तिमीलाई नै मेरो गुरु मान्छु । ल आऊ यतै बस ।

घर गृहस्थी र जागिरबाट निवृत्त भई जीवनका बाँकी दिन उनै सानोमा अक्षर चिनाउने गुरुलाई पुन गुरु थापेर वहाँबाट नै सन्यासदीक्षा लिई उतै बस्ने विचारले घर छाडेर आएको म ।

गुरुको कुरा सुनिसकेपछि मलाई आश्रममा बस्न मन लागेन । फर्के आफ्नै घरतर्फ ।

**३) बाटो**

बाटो बनाउन भन्दै सबैजना जम्मा भए । बाटो चाक्लो बनाउने, अग्लो बनाउने र पिच गर्ने कुरामा छलफल भयो । बाटो बढाउने बिषयबाट शुरु भएको संवाद पर्खाल भत्काउनु पर्ने, बिजुलीको पोल सार्नुपर्ने, रूख काट्नु पर्ने र बाटो नजिकैको घर भत्काउनुपर्नेमा पुग्यो ।

जब घरै भत्काउने कुरा आयो अब बहस बहस भएन, तनाब भयो । झगडा बढ्दै गएर पाखुरा सुर्किएर एकले अर्कोलाई हातछोड्ने परिस्थिति सिर्जना भयो । बाटो बनाउने बिषयमा भएको हातहालाहालको कुरालाई मिलाउन वडा कार्यलयमा मिटिङ भो । बाटोको कुरा ओझलमा पर्यो भने यता मारपिटको कुरा प्रहरीकार्यलय हुँदै अदालतसम्म पुग्यो ।

यसरी नै हरेक वर्ष जसो बाटोकै लागि भनेर गाउँलेहरू भेला हुन्छन अनि कुरो घ र भत्काउनेमा पुग्छ र वातावरण अशान्त बन्छ । धैरै भयो यसरी गाउँमा बाटो बन्नुपर्ने ठाउँमा बाटो बनिरहेको छैन ।

**४) आशीर्वाद**

केही दान पाएपछि जोगीले खुसी भएर भन्यो - के माग्छौ, माग मैले खुसी र समृद्धि मागेँ ।

खै ! के आशीर्वाद दिएछन् त्यस्तो मत जोगी जस्तै पो हुन थालेँ ।

卐

* उपाध्यक्ष : चितवन साहित्य परिषद्

निबन्ध

# चितवन जागे देश जाग्छ



गायत्री श्रेष्ठ*

हामी चितवनबासी साह्रै भाग्यमानी हौं यस अर्थमा कि सबै कुरा मिलेको ठाउँ हामीले पाएका छौं। सर्वप्रथम म हाम्रा आदरणीय दूरदर्शी, अग्रजहरूलाई अन्तर हृदयबाट असीमित आभार व्यक्त गर्दछु। किनभने सुरुमा यहाँ बस्ती वसाउँदा उहाँहरूले कति दुःख भोग्नु भयो होला त्यो दुःखको हामी कल्पना पनि गर्न सक्तैनौं। त्यो समयमा यो ठाउँ कति घना जङ्गल थियो होला, कति डरलाग्दो जनावरहरू थिए होलान, कति डर लाग्दो औलो थियो होला । त्यस्तो अवस्थालाई पनि वास्ता नगरी निर्भीकतापूर्वक केही अग्रजहरू मिलेर ठुलो हिम्मतका साथ आएर बस्ती बसाउनु भयो, होला। कति दूरदर्शी सोच रहेछ उहाँहरूको। त्यस्तो ठाँउ आज यस्तो अवस्थाको होला भनेर उहाँहरूले कल्पना पनि गर्नु भएको थिएन होला। तर सामूहिक उच्च सोच, सामूहिक सहयोगका कारण आज चितवन नेपाल अधिराज्य कै अत्यन्त सहज सुगम र मध्यभाग बन्न पुगेको छ। त्यसैले अग्रजहरू भन्ने गर्नुहुन्छ "एक थुकी सुकी, सय थुकी नदी" यही कथनको परिणाम हो चितवन।

२०३० सालमा मेरो विवाह भएर आउँदा यो ठाउँलाई ७६ औं जिल्ला भन्थे । पहिला पहिला त के भनेको होला भन्थें पछि बुझ्दा त नेपालमा ७५ जिल्ला छ तर चितवन भने ७६ औं जिल्ला हो भन्थे। कारण यो ठाउँमा नेपाल अधिराज्यभरिका मानिसहरूको बसोवास छ। यहाँ बोलीमा विविधता छ, रहन सहनमा विविधता छ, पेसामा विविधता छ, रीतिथितिमा विविधता छ, तर "अनेकतामा एकता" भने झै यति विविधता हुँदा हुँदै पनि विकासका लागि "ऐक्यबद्धता" छ। वर्तमान परिवेशमा चितवनमा जो सुकै जागिरमा आओस वा जीविकोपार्जनलाई, व्यापार व्यवसायलाई आओस वा घुम्न आवस एकै नजरमा उसलाई चितवनले वशीभूत पारीहाल्छ । सवभन्दा पहिला त यहाँको तीर्थस्थलमा प्रसिद्ध देवघाट, नारायणीले आकर्षण गर्छ भने कृषकहरू यहाँको माटोबाट आकर्षित हुन्छन्। किनभने यहाँ ३/३ बाली लाग्छ । १/२ महिना बाहेक सधै हरियो मकै उपलब्ध हुन्छ। भन्नमा मकै तर यो मकै भनेको जसरी खाए पनि हुने, जुन स्तरकोले खाए पनि हुने। यो मकैसँग समभाव देखिन्छ। पहिला पहिला जता हेऱ्यों उतै तोरी फुलेको, धान वयली खेलेको देखिन्थ्यो, फापर फुलेको देखिन्थ्यो । तर आजकाल विकासको चरमोत्कर्ष मा पुगेर होला धान, तोरी, मकै, फापर फल्ने ठाउँमा केवल पल्टिङ्ग घरमात्र देखिन्छ।

देश विकासको लागि हरेक घर, समाजको विकास हुनु जरूरी छ । यस्तो विकासको लागि सामाजिक एकताको आवश्यकता हुन्छ। पहिला पहिला मानिसहरू त्यति धैरै शिक्षित नहुँदा पनि आफ्नो घर-परिवार, समाजको विकास भए मात्र देशको विकास सम्भव हुन्छ भन्ने भावना पाइन्थ्यो । वर्तमान समयमा भने त्यसको ठिक विपरीत देखिन्छ । म एउटा निवृत्त प्राध्यापक जसले पहिला पहिलाका विद्यार्थीहरूको संस्कार र आजको विद्यार्थीहरूको संस्कारमा जमीन आशमानको फरक पाउँछु । पहिलाका विद्यार्थीमा गुरु शिष्यको मर्यादा के हो भने ज्ञान थियो अहिले त्यसको ठिक विपरीत देखिन्छ। त्यस्तै पहिला पहिलाको नेतृत्व वर्गमा देशका लागि त्याग, निस्वार्थ सेवाको भाव

*त्रिवि, वीरेन्द्र क्याम्पसकी निवृत्त सहप्राध्यापक श्रेष्ठ भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्य हुन्।*

पाइन्थ्यो भने अहिले ठिक विपरीत देखिन्छ।

हामीलाई नेपाली हुनुमा साँच्चै गर्व हुन्छ। विश्वमा सबैभन्दा सुन्दर देश नेपाल जहाँ स्रष्टाले नेपाललाई फुर्सद निकालेर बनाएको छ । यहाँको प्राकृतिक सौन्दर्य विश्वको कुनै पनि विकसित देशमा पाउन सकिँदैन । यहाँको हिमशृखला त्यो पनि पाउन सकिदैन, यहाँको छाँगो छहरा, झरना, ताल तलैया कहीं पाउन सकिदैन । यहाँका वन जङ्गलमा उपलब्ध पशु, पक्षीका किसिम, कहीं पाउन सकिदैन । अझ भन्ने हो भने यहाँको सगरमाथा विश्वमा कही पाउन सकिदैन । त्यसैले त पर्यटकहरू नेपालमा आएपछि प्रकृतिको काखको न्यानोपनको वास्तविक स्वाद लिन्छन् । यहाँको प्राकृतिसँग लुटुपुटु गर्छन र आफूलाई प्राकृतिक ऊर्जा भरेर जान्छन् । उनीहरू आफ्नो देशलाई यस्तो सुन्दर, बनाउन कृत्रिमतालाई अपनाउँछन् । तर दुःखको कुरा हामी भने “कौन पुछे, खेसरीका दाल” भने झैं गर्छौं । आफ्नो देशमा भएको कुनै पनि कुरालाई हामी वास्ता गर्दनौ ।

चितवन अहिले स्वास्थ्यको क्षेत्रमा, शिक्षाको क्षेत्रमा धार्मिक क्षेत्रमा, पर्यटकीय क्षेत्रमा कति पनि कमजोर छैन । केवल यसको विकास र व्यवस्थापन गर्न खाँचो छ । प्रशस्त ठुला ठुला अस्पतालहरू खुलेका छन् । ठुला ठुला अस्पताल खोल्नु मात्र ठुलो कुरा होइन ठुलो कुरा हो गुणस्तरीय सेवा दिनु । स्वास्थ्यको क्षेत्रमा हाम्रो कति पैसा बाहिर जान्छ भन्ने कुराको लेखाजोखा हामी कहिल्यै गर्दैनौ । त्यसको कारण के हो ? गुणस्तरीय Diagnosis नहुनु गुणस्तरीय सेवा नहुनु बाहेक अन्य धेरै कारणहरू पनि हुन सक्छन् । त्यस्तै शिक्षालाई हेर्ने हो भने स्कुल, कलेजहरू पर्याप्त छन् तर गुणस्तरीय शिक्षा प्रदान गरिएको छ छैन त्यसको लेखाजोखा गरिएको छैन । धार्मिक क्षेत्रमा हेर्ने हो भने प्रशस्त मठमन्दिरहरू छन् तर त्यसको संरक्षण र सम्बर्द्धन कत्ति गरिएको छ त्यसको कुनै लेखाजोखा छैन । सांस्कृतिक क्षेत्रको त के कुरा गर्ने खोइ? आफ्नो संस्कृति लोप भएको पत्तै छैन । अरूको संस्कृतिको अनुकरण गरिएको कुरा प्रष्ट देखिएको छ । यसरी नै अरूको अनुकरण मात्र गरेर हाम्रो सामाजिक, सांस्कृतिक कार्यक्रमहरू गर्दै गयौं भने, हाम्रो संस्कृतिको अस्तित्त्व नै मेटिने कुरामा कुनै सन्देह छैन । पर्यटकीय क्षेत्रको कुरा गर्ने हो भने हिमालबाहेक हाम्रो चितवनमा के छ होइन के छैन भन्नुपर्छ । यहाँको राप्ती, नारायणी, कालीगण्डकी, ठुलो झरना, बीस हजारी ताल, बाटुली ताल, वन जङ्गल, निकुञ्ज, त्यहाँ पाइने गैंडा, हात्ती, मयुर, मृग, दुम्सी, बनेल, बाघ जस्ता जनावरहरू देखिन्छन् भने जाडोमा साइबेरियादेखिका चराचुरुङ्गीहरू यहाँ आइपुग्छन् । हामी भने बाहिर बाहिर ठुलो धनराशी खर्च गरेर घुम्न जान्छौ । आफ्नो ठाउँको विकास त धेरै हदसम्म आन्तरिक पर्यटनद्वारा नै गर्नु सकिन्छ । यही ठाउँ हो जहाँ नारायणी, लुम्बिनी र गण्डकी प्रदेशको सङ्गम स्थल छ । नारायणीको पुल कटे, गण्डकी प्रदेशको नवलपुर, देवघाटको पुल कटे गण्डकी प्रदेशको तनँहु टेकिन्छ । यहाँको देवघाटलाई असाध्यै पवित्र धाम मानिन्छ । जहाँ हामी घुम्न गयौ भने विभिन्न आश्रम, गुफा, गुरुकुल, मठ मन्दिरहरू देख्दछौ । देवघाटले एउटा छुट्टै धार्मिक इतिहास बोकेको छ । देवघाटका बारेमा विभिन्न प्रकारका कथनहरू पनि पाइन्छन् । यो ठाउँलाई ऋषिमुनिहरूले तपस्या गरी ज्ञान प्राप्त गर्ने ठाउँ पनि भनिन्छ । तर आजकल भने यहाँ पनि भीडभाड बढेको देखिन्छ । यो भीडभाड देख्दा यो महत्त्वपूर्ण धामको संरक्षण र संवर्द्धन गर्न सकिएला कि नसकिएला किटान गर्न सकिदैन ।

अब आयो विकासको कुरा अहिले चितवनमा विकासका कामहरू अत्यन्त द्रुत गतिमा भइरहेको छ । खास गरी यातायातको क्षेत्रलाई लिने हो भने प्रत्येक गल्ली गल्ली मोज्याक लगाएर बाटो फिलिलिलि बनाइएको छ । आफ्नो समाज देशको विकास त्यतिबेला हुन्छ जब त्यहाँ यातायातको विकास हुन्छ, बिजुली, पानीको राम्रो व्यवस्थापन हुन्छ । अहिले चितवनले अझ भनौ भरतपुर, नारायणगडको बाटो द्रुततर विकास भइरहेछ । कतिपय

समय बाहिर निस्कन गाह्रो भएको थियो र अझ बाँकी नै छ किनकि आज यहाँ बनाइरहेको छ भोलि अर्कोतिर भत्काउने बनाउने काम भइरहेको छ। जहाँ बाटो बनाइ सकिएको छ, त्यो त सररर हिंड्ने, अति राम्रो भएको छ। सबै बनाइसके पछि त झन कुरै गर्नु परेन। आजकल बिजुलीको लोडसेडिङ छैन, पानी पयार्प्त छ। तर सच्चाई के हो भने यो सब विकास अस्थायी छ। किनभने स्थायी विकास हुनलाई नागरिकको मानसिकतामा परिवर्तन आउनुपर्छ। हामी आफ्नै भान्छा घरमा भएको फोहोरलाई त राम्रो प्रवन्ध गर्दैनौ र जथाभावी फ्याक्छौं। अनि भन्छौं पालिकाले यो सफा गरेन, यो काम गरेन आदि आदि। यही मानसिकतामा परिवर्तन आउन नसकेको कारण राजधानीमा पनि जतासुकै दुर्गन्धबाट पीडित हुन परेको छ। यसको जिम्मेवार केवल पालिका मात्र नभएर हामी प्रत्येक नागरिक पनि जिम्मेवार हौं। यसलाई स्वीकार्न हामीलाई गाह्रो हुन्छ तर यो वास्तविकता हो। यसपल्ट "घुमौ भरतपुर २०८०" मनायौं। पालिकाले बाटोको काम यति द्रुततर गतिमा गऱ्यो, हामीले यसो काममा हिंड्दा अलिक कष्ट उठाउनु पऱ्यो। तर बनेपछि राम्रो, त भयो नि १ एउटै कुरा यति हतारमा निर्माण गरिएको कुराले कति स्थायित्व पाउन सक्छ। हामी नागरिकले हरेक पाइलामा नियमपालना गऱ्यौं, आफ्नो मुलुकलाई बनाउन हामी नागरिकको पनि कर्तव्य हो भन्ने सोच्यौं भने अवश्य विकास हुन्छ। तर हामी नै त्यो व्यक्ति हौ जो विकसित मुलुकमा गयौं भने एउटा चकलेटका खोल होस वा कुनै फलको बोक्रा होस त्यो आफ्नै व्यागमा राखेर जहाँ डस्टबिन छ त्यहाँ मात्र फाल्छौ। आफ्नो देशमा जहाँ खोलेर खान्छौ त्यसको खोल होस् वा बोक्रा त्यहीं ह्वात्त फाल्छौं। यस्तो गर्ने व्यक्तिको मानसिकतामा अथवा सोचमा जबसम्म परिवर्तन आउँदैन तबसम्म त्यो घर, समाज वा देशको कुनै पनि हालतमा विकास हुन सक्तैन।

यस्तो मानसिकता वा सोचमा प्रथमतः आफै परिवर्तन आउनुपर्छ, यदि आफै परिवर्तन आउन नसके उसलाई पालिकाले होस् वा शैक्षिक संस्थाले होस्, टोल सुधार समितिले होस् सचेतनाको तालिम दिनु अनिवार्य देखिन्छ। एउटा सानो उदाहरण प्रस्तुत गर्नु मन लाग्यो भरतपुर वडा नं. २ ले हरित क्षेत्रपुर बनाउने उद्देश्य राख्यो। कत्ति राम्रो उद्देश्य हो आहा ! त्यसैले बाटोको दुवै तर्फ वृक्षरोपण गरेको छ, त्यतिमात्र होइन ठुलो ठुलो गमलामा फूल रोपेको छ। भोलिपल्ट हेर्दा त्यसमा मलजल गर्नुको सट्टा गमला नै फुटाइदिएछ। कस्तो विडम्बना ! जसले फुटायो उसले हरियालीको महत्त्व नै बुझेन। उसले सोच्यो "बडाले गमला राख्यो फुटाउनमा मेरो के जान्छ फुटाइदिन्छु मजा आउँछ।" उसले यो सोचेन कि त्यो गमलाको प्रत्येक कणमा हामी नागरिकको नै लगानी छ। यही हो सोचको कमी ! त्यही सोचमा हामीले परिवर्तन ल्याउन आवश्यक हुन्छ। मेरो विचारमा घर परिवार, समाज र देशको विकास तब हुन्छ जब हरेक नागरिकले आफ्नो पनि उत्तिकै उत्तरदायित्व छ जति उत्तरदायित्व देश र पालिकाको हुन्छ। नेतृत्व वर्ग र नागरिकहरू मिलरे अघि बडे चितवनको मात्र विकास नभएर देशकै विकास हुनुमा कत्ति पनि सन्देह गर्नु पर्दैन। चितवन यस्तो ठाउँ हो कि चितवन जागे देश जाग्छ।

नेतृत्वबर्गको जिम्मेवारीको त सिमाना नै छैन। जबसम्म नेतृत्वबर्गमा इमान्दारिता नैतिकता र त्यागको भावना आउँदैन तबसम्म देशले काँचुली फेर्नै सक्तैन। सर्वप्रथम त नेतृत्व वर्गले आफूमा भएको निम्न भावनालाई त्यागेर अघि बढ्नु अनिवार्य देखिन्छ।

"म खाउँ मै लाउँ सुख शयल वा भोज म गरुँ
म बाँचु मै नाचुँ अरू सव मरुन दुर्बलहरू।"

*जाग जाग अब जाग न जाग*
*लाग उन्नतिबिषे अब लाग*
*घोर नीद अवता परित्याग*
*भो भयो अति सुत्यौ अब जाग*

- धरणीधर कोइराला

卐

निबन्ध

# मेरो सपनाको भरतपुर



चिरञ्जीवी दाहाल *

मेरो भरतपुर, जहाँबाट मैले जीवन जिउने सपनाहरू देख्ने गरेको छु । आर्थिक समृद्धि, भौतिक प्रगति एवं सामूहिक र व्यक्तिगत समुन्नतिका सपनाहरू देख्ने गरेको छु । यी सपनाहरू मात्र मेरा व्यक्तिगत सपना हुने छैनन् । यी सुनौला सपनाहरू मलगायत सारा भरतपुरबासी, सम्पूर्ण चितवनबासी र नेपालमा बसोबास गर्ने तीन करोड मान्छेहरूले हरेक दिन देख्ने गरेका संयुक्त सपना हुनेछन् । यी हामीले देख्ने सपनाहरू पूरा हुन त्यति सहज छैन र यो त्यति कठिन कार्य पनि होइन भन्ने पनि बुझेको छु । यसका लागि सबैले दत्तचित्त भएर लागिपर्नु पर्छ र सामूहिक सङ्कल्प गर्नुपर्छ । उक्त सङ्कल्प पूरा गर्न केही महत्त्वपूर्ण बुँदाहरूमा आम सहमति हुनु जरुरी छ । जस अन्तर्गत कुनैपनि राजनीतिक दलको जिम्बुले यी साझा सपनालाई झान्न पाइने छैन । सपनाका कुनै पनि अंसमा कसैले व्यक्तिगत र संस्थागत रूपमा जस लिने कोसिस गर्न मिल्दैन, अन्यथा सपनाहरू बिचमा तुहिने सम्भावना हुनसक्छ । यसको जस सारा नेपालीहरूले सामूहिक रूपमा लिनुपर्दछ । राजनीतिक दल, समाजिक कार्यकर्ताहरू, स्थानीय प्रशासन, स्थानीय जनता, विभिन्न सङ्घ सङ्गठनहरूमा आवद्ध रहेका उत्साही युवा युवतीहरू र साहित्यकारहरू समेत निस्वार्थ भावले लाग्नुपर्छ, अहोरात्र खटिनुपर्छ । यसरी योजनाबद्ध रूपमा अघि बढ्ने हो भने हामीले देखेका र देख्ने गरेका सपनाहरू एकदिन अवश्य पूरा हुने छन् भन्ने आशा गर्न सकिन्छ ।

सपना साकार गर्ने सिलसिलाको पहिलो कडीका रूपमा छिट्टै भरतपुरमा चौबिसै घण्टा खुल्ने गरी एउटा अत्याधुनिक पुस्तकालयको स्थापना गरिनु पर्छ । जसबाट स्थानीय साहित्य मात्र होइन राष्ट्रिय, अन्तर्राष्ट्रिय साहित्य अध्ययन र अवलोकन गर्न सकिन्छ । जसका कारण भरतपुरको एउटा कुनाबाट संसार चियाउन पाइने छ, संसार अवलोकन गर्न पाइने छ । संसारसँग प्रविधि साटासाट गर्ने र हस्तान्तरण गर्ने प्रमुख माध्यम पुस्तकालय बन्नसक्छ ।

मेरो भरतपुरको काखबाट संसारका कतिपय ठुला र विकसित सहरसँग समेत नभएको अमूल्य गहना, नारायणी नदी बगिरहेकी छन् । जसको उपयोग विशेष दिनमा स्नान गरेर र शवहरूको अन्येष्टि गरेर मात्र पुग्दैन । यसलाई संसारका लाखौं तिर्थयात्रीले दैनिक स्नान र दर्शन गर्ने र जल विहार गर्ने गरी उपयोगमा ल्याउने योजना बनाइनु पर्छ । भरतपुरलाई जलयात्रा र चितवनका जङ्गल भ्रमण गरेपछिको वासस्थानका रूपमा प्रयोग गर्ने वातावरण बनाइनुपर्छ । त्यसका लागि सुविधा सम्पन्न होटल, लज र धर्मशालाको निर्माण गरिनु पर्छ । जसले उच्च आर्थिक हैसियतका दर्शनार्थी मात्र होइन मध्ययम वर्ग एवं निम्न आय भएकाहरूलाई पनि सूरक्षित बास र तातो दुई गाँस भोजनको बन्दोबस्त गर्न सकिने छ । वर्तमान अवस्थामा जस्तै यथास्थितिमा रहिरहने हो भने नारायणी नदीमा दर्शनार्थी एवं पर्यटक आउने सम्भावना यसकारण पनि न्यून देखिन्छ कि यहाँ स्थायीरूपमा स्नान

* *भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानद्वारा **मेरो सपनाको भरतपुर** शीर्षकमा आयोजित चितवन जिल्लास्तरीय निबन्ध प्रतियोगिता २०८० का उत्तम निबन्धकार*

घाट र जलयात्राको लागि खासै व्यवस्था गरिएको छैन। यसका लागि यसरी विस्तृत योजना बन्नु र बनाइनु पर्छ कि जसलाई छिट्टै कार्यान्वयन गरिनुपर्ने हुन्छ। जसबाट वर्षामा आउने बाढी पछि पनि यी संरचनाहरू जस्ताको तस्तै रहिरहन सकुन्।

हामीले नदी किनारको सफाइ र स्वच्छताका बारेमा मात्र सपना देख्ने गरेका छौं। ठुला ठुला गफ मात्र गर्ने गरेका छौं। नारायणी किनार र भरतपुर सहर प्लास्टिक मुक्त, फोहर मुक्त मात्र होइन, अत्याधुनिक प्रविधिको विकास गरि नदीमा माछा पालन र स्थानीय प्रजातिका माछा संरक्षणमा समेत उत्तिकै जोड दिनुपर्दछ। जसका कारण जैविक विविधता अध्ययन अनुसन्धानमा ठुलो टेवा पुग्ने मात्र होइन माछा मार्ने र समाउने कार्यले मनोरञ्जन, खेलकुद र थप आय आर्जनको ढोका समेत खोल्न सक्ने छ। कुनै दिन भरतपुरलाई माछाको सहरका रूपमा संसारभरि परिचित गराउन सकिने छ। दर्शनार्थीहरूले नारायणीको पानीमा आफ्ना खुट्टा चिसो बनाएर भिजाउने छन् र आफ्नो खुट्टामुनि चाराको आशङ्कामा पछ्याउने माछालाई हेरेर भविष्यको सपना देख्न पाउन्। कल्पनामा हराउन सकुन् र विभिन्न विधाका साहित्य सिर्जनाहरू गर्न सकुन्।

हामीले देख्ने गरेको सपनाको भरतपुरमा, छ ऋतुहरूमध्ये तिनै ऋतुहरूसँग मिल्दाजुल्दा र एकदमै अनुपम रसानुभव हुने गरी ऋतु अनुसारका उत्सवहरूको आयोजना गर्न सकिने छ। जसबाट राष्टिय अन्तर्राष्ट्रिय रूपमा पाहुनाहरूको आगमन हुने छ। यस कार्यबाट हुने आयआर्जनले भरतपुरलाई थप विकास निर्माणका क्रममा आर्थिकरूपमा समेत यथेष्ट सहयोग पुग्ने देखिन्छ।

हाम्रा युवा युवतीहरूले नारायणीमा ढुङ्गा हानेर पानीमा चिप्लिएर खेल्ने दौड प्रतियोगिता र विभिन्न खेलहरूको आयोजना गर्ने छन्, जित्नेहरू खुसी हुँदै हावामा उफ्रने छन् भने हारेका साथीहरूले उनीहरूलाई बधाई दिने छन् र आगामी खेल जित्ने सपना देख्ने छन्। बिना ईर्ष्या मायालु हृदय साटासाट गर्ने स्थलको रूपमा नारायणी किनारलाई विकसित गर्ने कोसिस गरिनुपर्छ। यही क्रममा उनीहरूको ओठमा चितवने कविका छन्द कविताहरू गुन्जने छन्, बहर गजलका सुरले तिनीहरू झुम्ने छन्। चारुको तालमा लठ्ठिने छन्। चितवने गीतकारका मनमोहक गीतका भाकामा छमछमी नाच्ने छन्। कोही नारायणी छेउमा सजाइएका कलात्मक बेन्चमा बसेर, पुलमाथिबाट गुज्रिरहेका रेलगाडी र अन्य गाडीहरूलाई हात हल्लाएर बिदा गर्ने छन्। तोरी फुलेका, गैंडा र हात्ती डुलेका, मयुर नाचका गीतहरू गाउने छन्। जुन चितवनका गौरव हुन्। तिनका स्वर्णिम सपनाहरूले मेचीको काँकडभिट्टाबाट महाकालीको कञ्चनपुरसम्म पुग्ने रेल मात्र होइन, भरतपुरबाट सम्पूर्ण चितवन परिक्रमा गर्ने मेट्रो रेलमा यात्रा गर्ने छन्। जुन यात्रा हाम्रो सपनामा सङ्ग्रहित भइसकेका छन्। यसका लागि मात्र अब सङ्कल्पको खाँचो देखिन्छ, एकमुष्ट सङ्कल्पको खाँचो।

हामीले नारायणीको किनारबाट केही टाढा, उच्च स्थानहरूमा मगमग फूल फुल्ने रङ्गीन फूलका पहाडहरू सिर्जना गर्नुपर्छ। यी पहाडहरूमा पानीको उचित व्यवस्थापन गर्नुपर्छ। यिनै पहाडहरूले आफ्नो अनुपम छटाबाट बगाएका पानीको धारले पवित्र नारायणी नदीसँग प्रतिस्पर्धा गर्ने छन्। पर्यटकहरूलाई तिनीहरूको फेदीमा बसेर यो रमणीय दृष्य दृश्यावलोकन गर्ने सुअवसर प्राप्त गर्ने छन्।

यहाँका मानिसहरू असल र इमानदार हुने छन्। यहाँका धार्मिक, पर्यटकीय, शैक्षिक र स्वास्थ्यसँग सम्बन्धित कुनै पनि क्षेत्रमा चोरी चकारी हुने छैन। ढाँटछल हुनेछैन्। सम्बन्धित सबैले स्पष्टसँग बुझ्ने गरी त्यसको प्रतिवद्धता समेत जाहेर गर्न सक्नुपर्छ।

यहाँका बासिन्दाहरू घरपालुवा जनावर हरूसँग अविछिन्न साथमै हुने छन् जुन तिनीहरू आफैं हुर्काउँछन् र तिनीहरूको मासु र दुध र अण्डाको बिक्री गरि प्रशस्त लाभ लिने छन् । हरेक घरका सदस्यहरू गोठालोको रूपमा काम गर्नेछन् र जनावरहरूको भाषा बुझ्ने छन् । एकदिन मेरो भरतपुर माछा, मासु र दुधको सहरमा परिणत हुनेछ । यो एउटा महत्त्वपूर्ण र गौरव गर्न लायकको व्यवसाय बन्ने छ ।

भरतपुरमा रहेका अनगिन्ती रसिला फाँटहरूले प्रशस्त अन्न, तरकारी र फलफूलको उत्पादन गरी आफू नेपालको अन्न भण्डार भएको पुष्टि गर्नेछ । यहाँ उत्पादित धान, मकै, तोरी र आँप लिची, एभोकाडो, ड्र्यागन फ्रुट जस्ता फलफूलले राष्टिय उत्पादनमा महत्त्वपूर्ण योगदान दिने छ । प्रसस्त फलफूल सेवनका कारण अधिकांश भरतपुरका बासिन्दाहरू निरोगी मात्र होइन, सुडौल र सुन्दर बन्ने छन् ।

सुदुरपश्चिमदेखि सुदुर पूर्वका आम नेपालीहरू राजधानी ओहोरदोहोर गर्ने मूल बाटोको रूपमा परिचित मेरो भरतपुरले यात्रा गर्ने यात्रीहरूलाई कुनैदिन पनि दुःख दिने छैन । यिनै यात्रुहरूको आतिथ्यमा हर प्रकारका सहयोग गर्ने कार्यक्रम ल्याइनु पर्छ । चितवनको उत्पादनको यिनै यात्रीहरूमार्फत् प्रचार प्रसार गरिनु पर्छ । मेरो भरतपुरको महिमा झापाको मेची पुलदेखि कञ्चनपुरको महाकाली पुलसम्म यसै फैलन्छ । यस बाहेक छिमेकी मुलुकमा समेत भरतपुरको महिमा प्रचारप्रसार गरिनु पर्छ । नेपालका प्रमुख सहरहरूसँग मात्र यातायात सेवा जोडेर पुग्दैन, भरतपुरबाट भारतीय प्रमुख सहरहरूसँग पनि यातायात सेवा जोडिनु पर्छ । यसबाट कल्पना पनि नगरिएको परिमाणमा पर्यटकहरू भित्रिने छन् ।

जब भरतपुर सपनाको सहरमा परिणत हुनेछ, यसले कसैलाई अप्ठ्यारो पार्नेछैन र सबैले एकअर्काको अस्तित्त्वलाई सहम्र रूपमा स्वीकार गर्नुपर्छ । एक अर्कालाई हरतरहले सहयोग गर्नुपर्छ । यहाँ हरेक किसान, व्यावसायी र उद्यमीले आफूले छनौट गरेका योजना र व्यवसायहरू निर्वाधिरूपमा सञ्चालन गर्न सक्ने वातावरणको सृजना गर्नुपर्छ । उद्योग धन्दा, कल कारखाना र यिनीहरूबाट उत्पादित वस्तुहरूमा सामान्य करको व्यवस्था गरि जनतालाई राहत पुर्‍याउने र आम्दानीको मुख्य श्रोतका रूपमा पर्यटन उद्योगलाई प्रोत्साहन गरिनुपर्छ । सामान्य किसानलाई मर्का नपर्ने गरि खेतीपाती, अन्न, फलफूल, तरकारी एवं पशुपालनका लागि प्रयोग भइआएका जमिनमा भने नाम मात्रको करका दरहरू निर्धारण गरिनु उपयुक्त हुने छ ।

जब पर्यटकहरूको ओइरो लाग्ने छ, त्यसपछि भरतपुरको मध्यभागमा रहेको सानो एअरपोर्टले धान्नै छैन् । मैघौली विमानस्थलको स्तरोन्नतिसँगै पूर्वी चितवनमा तत्कालै एउटा विमानस्थलको निर्माण गर्नुपर्छ । पूर्व चितवनबाट टिकौली हुँदै भरतपुर जोड्ने पूर्व पश्चिम राजमार्गमा सवारी आवागमनको चाप अत्यधिक बढेपछि भरतपुर प्रवेशका लागि थप मार्गहरू खोलिनु बुद्धिमानी हुनेछ । यात्रुसँग हाल जस्तै हचुवाको भरमा नभइ वैज्ञानिक तरिकाबाट गाडीभाडाको उचित व्यवस्थापन गरिनुपर्छ । हालको बाह्य र आन्तरिक यातायात व्यवस्थापनमा आमूल परिवर्तन गरि सहज र सर्वसुलभ यातायात ब्यवस्था लागु गरिने सोचका साथ योजना बनाइनु र कार्यान्वयन गर्नुपर्छ ।

मेडिकल सिटीको रूपमा परिचित मेरो भरतपुर सहरले काठमाडौंको अति व्यस्त मेडीकल सेवालाई आफ्नो जिम्मेवारी सम्झँदै ठुलो सङ्ख्याका बिरामीको उपचारमा सेवा सरल र सहजबाट ढङ्गबाट सञ्चालन गर्न सक्नेगरी कार्ययोजना बनाउनु पर्छ । भरतपुरमा उपचार लिन आएका कुनै पनि बिरामी व्यवसायीबाट ठगिन नपाउन भन्ने कुरामा मेरो भरतपुरले प्रचुर मात्रामा

ध्यान दिनु जरुरी देखिन्छ । भरतपुरमा सबै प्रकारका गम्भीर प्रकृतिका रोगहरूको अलावा अन्य सानातिना रोगका लागि विषय विशेषज्ञको व्यवस्था मिलाएर भरतपुर मेडीकल सिटीको रूपमा विकसित गरिनुपर्छ ।

भरतपुरमा रहेका र यस आसपासका जङ्गलमा जङ्गली जनावरहरूको सशुल्क दृश्यावलोकन गर्नसक्ने गरि केही जङ्गल पार्क र फूलबारीको निर्माण गर्नेगरि योजना बनाउनुपर्छ ।

नारायणी, राप्तीमा थप आधुनिक पुलको निर्माणपछि यहाँ सुन्दर आकर्षक र छोटा बाटाहरू प्रसस्त निर्माण गर्नु अनिवार्य हुनेछ । जसबाट एक स्थानबाट अर्को स्थान पुग्न निकै सहज हुनेछ ।

कृषि विश्वविद्यालय मात्र होइन यहाँ अर्न्तराष्ट्रिय स्तरका थप विषयका विश्वविद्यालयहरू स्थापना गरिनुपर्छ । नेपाल अधिराज्यकाबाहेक यहाँ छिमेकी मुलुक भारत, चीन, भुटान, श्रीलङ्का लगायत विभिन्न देशका विद्यार्थीहरू अध्ययनका लागि आउने वातावरण तयार गरिनु पर्छ ।

साहित्यको विकासका लागि भरतपुर नामको सानो घेरालाई तोडेर विभिन्न राष्ट्रिय अन्तरर्राष्ट्रिय कार्यक्रमहरूको आयोजना गरिनु उपयुक्त हुने छ । साहित्य सेवामा समर्पित विभिन्न राष्ट्रिय, अन्तरराष्ट्रिय, लेखक, कलाकार, सर्जक एवं साहित्यकारलाई पुरस्कृत र सम्मान गरिनु पर्छ । जुन पुरस्कार राशी हाल देशमा वितरण गरिने पुरस्कार राशी भन्दा दोब्बर र तेब्बर वृद्धि गरिनु पर्छ । जसबाट पुरस्कृत साहित्यकारले ठुला ठुला साहित्यिक पुरस्कारको झल्को मेटाउन सक्ने छन् ।

मेरो भरतपुरमा अत्याधुनिक साहित्य ग्रामको परिकल्पना गर्दै निकट भविष्यमै एउटा सुन्दर, शान्त, र समृद्ध साहित्य ग्रामको निर्माणमा जोड दिनु पर्छ । जसमा यस क्षेत्रका मात्र नभई राष्ट्रिय अर्न्तराष्ट्रिय स्तरका सबै थरिका साहित्यकारहरूको बसोवास हुने छ ।

यतिमात्र होइन देशकै पहिलो साहित्यिक टेलिभिजन च्यानल प्रसारणमा ल्याई साहित्यिक कार्यक्रम मात्र प्रसारण गरिनु पर्छ । जसबाट देश विदेशका साहित्यकारको व्यक्तित्व र कृतित्त्वका बारेमा वहस पैरवी हुने छन् । नयाँ प्रकाशनको जानकारी, समीक्षा कार्यक्रम, ख्यातिप्राप्त साहित्यकारदेखि नव साहित्यकारका अन्तर्वार्ता प्रसारण गरिनुपर्छ । त्यसपछि मेरो भरतपुर साहित्यिक सहरको नामले पनि संसारभर प्रख्यात हुने छ । साथै यी कार्यक्रमहरू विभिन्न राष्ट्रिय अन्तरराष्ट्रिय भाषामा प्रसारण गर्नेगरि व्यवस्था मिलाइनु पर्छ ।

त्यसपछि मेरो भरतपुरले एउटा सिह गर्जन पछ्याउने छ र भरतपुर संसारको एउटा नमुना सहरको रूपमा विकसित भई आफ्नो उभरिएको पहिचान कायम राख्न सफल हुने छ ।

यसपछि भरतपुरबासीका अधिकांश सपना पूरा हुने छन् । एकदिन यी साँच्चै सपना हुन् या विपना मान्छेहरूले तत्काल थाहा पाउने छैनन् । जसलाई स्पष्ट रूपमा बुझ्न निकै ध्यान दिएर विचार गर्नुपर्ने हुनसक्छ । आदरणीय भरतपुरबासीहरू, यदि यी सपनाहरू पूरा भएको देख्ने प्रवल इच्छा छ भने हामीले यी सपनाहरू पूरा नहुन्जेलसम्म सुत्न छोडिदिनु पर्छ, आउनुहोस् उठौँ, जागौं । भरतपुरलाई सपनाको सहर बनाउन आजैबाट दत्तचित्त भएर लागौँ ।

अब यो सहर उत्पादन गर्नेहरूको सहर हुनेछ । पाखुरा चलाउनेहरूको सहर हुने छ । औद्योगिक सहर हुने छ । नामी पर्यटकीय सहर हुने छ । धार्मिक सहर हुने छ । साहित्यको सहर हुने छ । यो सहर कृषि क्रान्तिको मुहान हुनेछ । समग्रमा दुनियाँको सपनाको सहर हुनेछ मेरो सपनाको भरतपुर ।

संसारको कुनै पनि मुलुकमा नपाइने एकमात्र शालिग्राम पाइने नदीको रूपमा प्रख्यात

पवित्र कालीगण्डकीको तटमा रहेको देवघाट धामको विकास बिना चितवन र भरतपुरको उन्नति र प्रगतिको कल्पना पनि गर्न सकिदैन । भारतको वनारस र अयोध्या नगरीलाई समेत पछि पार्दै देवघाटलाई संसार भरिका हिन्दु धर्मालम्वीहरूको प्रमुख गन्तव्यका रूपमा विकसित गरिनुपर्छ । अत्याधुनिक नुहाउने घाटहरू, पूजाआजाको सुविधा एवं भक्तजनको लागि खान र बस्ने उचित व्यवस्थापन गरिनुपर्छ। नारायणगढ सहरदेखि देवघाटधामसम्म विभिन्न प्रकारका बस सेवा, ट्याक्सी सेवा, मिनी रेल सेवा सञ्चालनमा ल्याइनुपर्छ। देवघाट वरपर किसानको आयआर्जनका लागि र भक्तजनको सुबिधालाई मध्यनजर गर्दै व्यापक मात्रामा फूलखेती गर्ने दीर्घकालीन योजना बनाएर तुरुन्त थालनी समेत गर्नुपर्छ । त्यसपछि भने यो क्षेत्र फुलैफूलको सहरमा परिणत हुनेछ । आशा गरौं, टिभीमा मुख्य समाचार आइरहँदा भरतपुरले उन्नतिको शिखर चुमेको समाचार दृश्यावलोकन गर्दैगर्दा भरतपुरबासीहरू टेलिभिजन सेट अगाडि नाच्दै झुम्ने दिन टाढा हुने छैन ।

द्वन्द्वको चपेटामा परेर मर्नबाट बचेका निर्दोषहरू पुनः मृत्युको मुखबाट जोगिएर पनि मुग्लिनको भीर पहराबाट खसेर मरेको खबर सुन्नु नपरोस् । नारायणीको भेलले बगाएको समाचार सुन्नु नपरोस् । भुँइचालोमा पुरिएर बचेकाहरूले अभावमा मृत्युवरण गर्ने दिन अवश्य आउने छैन् । सबैलाई ज्ञान होस्, मृत्यु अब नाम र उमेरमा मात्र सिमित हुने छ । लाग्छ, यी सबै तपाईं हाम्रो हातमा छ । किनकि तपाईं हामी विद्रोहका नाममा निकै पटक हावामा उफ्रियौं । उचालियौं, पछारियौं र थेचारियौं । आर्थिक समृद्धिमा र समुन्नतिका विषयमा हामीले कहिले पनि सोचेनौं । सधैँ दुःख, पीडा र अभावसँग नारिएर हिड्यौं । जुलुस र नारामा भविष्य खोज्न हिड्यौं । हामीले त दुःख यसै पनि पायौं । मुलुकमा आर्थिक उन्नति हुन नसकेकै कारण हाम्रा जनप्रतिनिधि, नेताहरू, कर्मचारीहरू लोभी पापी भएको आफ्नै आँखाले देखिरहेका छौं । यसै कारण देशले गति लिन नसकेको हो भन्ने बुझेका छौं । यिनै विकृतिहरूलाई चिर्दै समृद्धिको शिखर चढेर मेरो भरतपुरले मुलुकलाई समेत एउटा गतिलो पाठ पढाउने छ। सारा देशवासीले मेरो भरतपुरको सिको गर्दै समृद्ध नेपाल बनाउन अत्यन्त ठुलो भूमिका खेल्ने छ। जसका कारण तपाईंलाई एकदिन नारायणीको जल प्रवाहमा खुट्टा उचाल्दै मानव विकास भनेको बकवास रहेछ भन्ने दिन कहिले पनि आउने छैन।

आशा छ यी हाम्रा सपनाहरूमा अचानक अँध्यारो छायाँ पर्ने छैन र हामीले यो सुन्दर भरतपुर सहर छोडेर खाडीका चौकीदारले समाउने लट्ठीको सहारा लिने छैनौं। युरोप अमेरिका, अष्ट्रेलिया र क्यानडाका चोक चोकमा पिज्जा बोकेर व्यापार व्यावसाय गर्दै डुल्नु पर्ने छैन । आशा गरौं अचानक यिनै कल्पनाहरू भत्किने गरेर सपनाबाट ब्युँझनु पर्ने छैन र सपना माथि बम विष्फोट भएर चिच्याउदै हिंड्नु पर्ने छैन।

मेरो सपनाको भरतपुरमा अघाउन्जेल विचरण गर्न देऊ, मेरो बिन्ती छ। मेरो भरतपुरले यी र यस्तै सपनाहरू साकार भएको देख्न पाउँ । गरिबी र अभावग्रस्त जिन्दगीबाट छिट्टै मुक्त हुन पाउँ। होइन, मेरो सपना पूरा गर्ने हिम्मत छैन भने मलाई एक्लै छोडिदेऊ, मेरो निर्दोष र स्वतन्त्र बाल्यकाल फिर्ता देऊ, कि मलाई यही कल्पनामा हराउन देऊ।

**कालिका-६, चितवन**

卐

समीक्षा

# महानगर प्रज्ञाप्रतिष्ठान र भरतपुर प्रज्ञाबारे केही कुरा

डा. धनेश्वर भट्टराई *



भरतपुर महानगरपालिकामा २०७८ सालमा भरतपुर प्रज्ञाप्रतिष्ठानको गठनपछि वातावरण फेरिएकै हो भन्नुपर्छ । चुनावी दौडमा जितेर सत्तासीन बनेपछि राजनीतिक र प्रशासनिक काम, विकास निर्माण वा योजना कार्यान्वयनका अतिरिक्त कार्यहरू पनि हुन थालेका छन् । 'राजनीति' भनेको आफैँमा एक चिन्तन वा विचारबाट निर्देशित रहेर समग्र समाजलाई दिशानिर्देश गर्ने तत्त्व हो । सूक्ष्म बीज हो र समष्टि रूप हो । हाम्रोमा त्यसो नहुनु-नगरिनु बेग्लै कुरा होला । जे होस् महानगर प्रज्ञाप्रतिष्ठान २०७८ को गठनले राजनीतिमा अनिच्छित ठानिने कला-साहित्यकारहरूले पनि आफू उभिने, ओत लाग्ने ठाउँ फेला पारे । विधिवत् रूपमा कुलपति-उपकुलपतिदेखि सदस्य, सचिवसम्म, प्रज्ञापरिषद्, प्राज्ञ, संयोजन, योजना निर्माण र तिनको कार्यान्वयनसम्मका धेरै काम हुन थाले । भाषा, साहित्य र कलाका क्षेत्रमा; समाज, इतिहास, दर्शन, शिक्षा, संस्कृतिजस्ता विधाका विशिष्ट तर प्रक्षिप्त प्रतिभाहरू देखिन थाले, सम्मानित र पुरस्कृतसमेत भए । यसले महानगर प्रज्ञाप्रतिष्ठानको उपादेयता र औचित्य पुष्टि हुँदै गयो । अनेक विधा र विषयमा खुल्ला प्रतियोगिताको आयोजनाले महानगर नै माथि उठेको अनुभूत पनि गर्न थालियो । त्यसैको पछिल्लो तर महत्त्वपूर्ण प्राप्तिका रूपमा 'महानगर प्रज्ञा' रहेको अनुभव अहिले गरिएको छ ।


नेताले राजनीति गर्छ । राष्ट्रसेवक कर्मचारी प्रशासन संयन्त्र चुस्त-दुरुस्त बनाएर कर्मशील हुन्छ । लेखक, चिन्तक वा स्रष्टा साहित्यकार, कलाकारहरू राजनीतिमा बेलाबेला मुङ्ग्रोका रूपमा प्रयोग हुन्छन् अन्यथा अनावश्यक बस्तु ठानेर उपेक्षापूर्ण व्यवहार सहन्छन् । यति मात्र होइन कुनैले उपेक्षा गरे पनि उपेक्षित हुँदैनन्, उनीहरूले कर्मचारी वा नेता सबैलाई चिनेजानेका छन् । कति वजनदार छन् त्यो थाहा छ, के गर्छन् हेरे-देखेका छन् । बरु तिनको माखेचित्तमा केही दुःखी अवश्य हुन्छन् तर अविश्रान्त रूपमा स्वकर्ममा संलग्न हुन्छन् । लेखक, चिन्तक, विचारक, कलाकारहरू त्यसै समाज र राष्ट्रका गहना वा मस्तिष्क मानिएका होइनन् । जब समाजमा भीडले निर्णय गर्छ र नेताको जन्म हुन्छ तब नेता आफूलाई सर्वेसर्वा ठानेर शक्ति हत्याएर शासन गर्न तम्सिन्छ, त्यतिबेला उसलाई बाटो देखाउने तिनै बौद्धिक, लेखक र चिन्तकहरू हुन्छन् । तिनकै चिन्तन र कर्ममा समाजले सन्तोषको सास फेर्छ र लुकेर नै किन नहोस् नेताले पनि कहिलेकाहीँ छायाचित्र हेर्छ र आवश्यक ऊर्जा प्राप्त गर्छ । तसर्थ विषय, क्षेत्र र विधागत विशिष्टताका आधारमा त्यस क्षेत्रका विशेषज्ञ विद्वान्हरू समाज र राष्ट्रकै मस्तिष्क मानिएका हुन् । समाजका मस्तिष्क मानिने विज्ञ-विशेषज्ञहरू भेटिने भनेको भरतपुर प्रज्ञाजस्ता जर्नलहरूमा हो ।

जर्नल भनेको के हो ? प्रश्न उठेको रहेछ । मैले सायद हतारले गर्दा सुनिनँ र भरतपुर प्रज्ञाबारे बोल्दा यसबारे भनिनँ । जर्नलको सामान्य-साधारण अर्थ र प्रयोग हेर्ने-खोज्ने हो भने यो दैनिक पत्रपत्रिका, दैनिक खबर, समाचार, दैनिकीजस्ता अनेक अर्थमा प्रयोग गरिन्छ । सामान्य जर्नललाई सहज रूपमा लिँदा रोजनाम्चाका रूपमा पनि परिभाषित गर्न सकिन्छ । यो शब्द व्यवस्थापनका क्षेत्रमा पनि प्रशस्त उपयोग गरिन्छ तर भरतपुर प्रज्ञा यी सबैभन्दा बाहिर पर्छ । किनभने जर्नलका अनेक प्रकार हुन्छन् र यो एक विशिष्ट प्रकारको रिसर्च जर्नल हो । रिसर्च यानी अनुसन्धानात्मक वा अनुसन्धानपरक र खोजमूलक लेखन-प्रकाशनको रूप हो । रिसर्च जर्नलमा एक्सपर्ट अर्थात् विशेषज्ञहरूको भूमिका रहेको हुन्छ । विशेषज्ञहरू पनि विषय र

** त्रिवि, वीरेन्द्र बहुमुखी क्याम्पसका सहप्राध्यापक डा. भट्टराई भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्य हुन् ।*

क्षेत्रअनुसार अनेक रहेका हुन्छन् । कुनै जर्नल एउटै विषयक्षेत्रमा केन्द्रित हुन्छ भने कुनै बहुविषयक जर्नल हुन्छन् र भरतपुर प्रज्ञा मल्टिडीसिपलनरी वा बहुविषयक जर्नल हो । रह्यो अब 'जर्नल' शब्दको अर्थ वा नेपाली शब्द के हुन्छ र नेपालीमा के भनिन्छ ? त्यसबारे उत्तर दिनैपर्ने छैन । जर्नल अङ्ग्रेजी शब्द हो भने यसका प्रकार, अर्थबारे बुझेपछि त्यो स्वतः स्पष्ट हुन्छ भन्ने लाग्छ । अङ्ग्रेजी भन्ने हेक्का नराखी हामी अङ्ग्रेजी शब्द प्रयोग गर्छौं । अझ 'जर्नल' शब्द त अन्तर्राष्ट्रिय तहमै प्रयोग हुने शब्द भएकाले यो स्वतः नेपालीकरण भएको र प्रयोग भएको पाइन्छ ।

अब मात्र भरतपुर प्रज्ञाबारेमा कुरा गरौँ । भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानले अहिलेसम्म जर्नलका दुई अङ्क प्रकाशित गरेको छ । पहिलो अङ्क Vol. 01, April 2023 को हो भने दोस्रो April 2024 मा प्रकाशित भएको छ । यी दुवै अङ्क विशेषज्ञहरूद्वारा परीक्षित-मूल्याङ्कित वा पुनर्विलोकित अनुसन्धानपरक विधिद्वारा अध्ययन-विश्लेषण गरी तयार गरिएका आलेखहरूका प्रकाशन हुन् । भरतपुर प्रज्ञा अङ्ग्रेजी र नेपाली दुवै भर्सनमा प्रकाशित भएका छन् । प्रिन्ट र अनलाइन दुवै माध्यमबाट यिनमा प्रकाशित अनुसन्धानात्मक लेखहरू अध्ययन गर्न सकिन्छ । प्रधान सम्पादक-सम्पादक मण्डलबाट अनुसन्धानकर्तालाई पाँचदेखि छ हजार शब्दसम्मको सीमा तोकिएको छ । तालिका, फोटा, ग्राफ र रेखाचित्रसमेत राख्ने अनुमति छ । अङ्ग्रेजी र नेपाली दुवै माध्यमका लेख हुनसक्ने र एपिए वा एमएलए प्रविधि प्रयोग गर्न सकिने देखिन्छ । लेखहरू, शीर्षक, शोधसार, शब्दकुञ्जी, अध्ययनको उद्देश्य, विषयपरिचय, अनुसन्धान विधि, विषय विश्लेषण र निष्कर्षसमेत रहनुपर्ने जानकारी गराइएको छ । यसरी भरतपुर प्रज्ञाका दुवै अङ्क पूर्णतया खोजमूलक र अनुसन्धानपरक विशिष्ट आलेखहरूको सङ्ग्रह रहेको छ । दुवै अङ्कमा सम्पादन सदस्य फरक भए पनि प्रधान सम्पादक डा. केशव चालिसे नै प्रमुख रूपमा यस कार्यमा खटेको देखिएको छ भने डा. एकनारायण पौड्याल वरिष्ठ सहयोगीसहित अन्य व्यक्तित्वहरूको उल्लेख्य योगदान रहेको छ ।




भरतपुर प्रज्ञाको अङ्क एकमा जम्मा एक सय उनन्चालिस पृष्ठमा दसवटा आलेख रहेका छन् । विषयका दृष्टिले साहित्य, संस्कृति, प्रशासनिक इतिहास, दर्शन-जीवन आदि विषय समावेश गरिएका छन् । यस अङ्ककाअनुसन्धानकर्ताहरू धनेश्वर भट्टराई, डीआर पोखरेल, कर्णबहादुर बानियाँ, कृष्णप्रसाद पौड्याल र कमलकृष्ण खनाल, नारायण चालिसे, नारायण गडतौला, नवराज पोखरेल, रमाकान्त सापकोटा, राजेन्द्रप्रसाद रेग्मी र सञ्जय महतो रहेका छन् । अनुसन्धान पद्धतिका मान्यताको पालना गरिएका यसका शोधपरक लेखहरू पठनयोग्य छन् । सान्दर्भिक रूपमा अङ्क एकको पनि चर्चा गरिएको हुँदा लेखकको नाममात्र उल्लेख गरी लेखका शीर्षक पनि नदीई सङ्क्षिप्त रूपमा सङ्केतमात्र गरिएको छ ।

भरतपुर प्रज्ञा अङ्क दुई एकको तुलनामा अझ खारिएर आएको देखिन्छ । बाह्यावरणदेखि भित्री वस्तुसमेत आकर्षक र खँदिलो लाग्दछ । पृष्ठ सङ्ख्या र शीर्षक सङ्ख्यासमेत बढेको छ । यस अङ्कमा पहिलो लेख बालकृष्ण अधिकारीको 'वर्ष र सत्र प्रणालीका

स्नातकोत्तर नेपाली पाठ्यक्रममा शिक्षणविधि र मूल्याङ्कन पद्धतिको तुलना" रहेकाले यो उच्चशिक्षामा शिक्षण र मूल्याङ्कनको पनि मूल्याङ्कन गर्ने प्रयासमा देखिन्छ । दोस्रो चन्द्रलाल पाण्डे र प्रकृति निरौलाको अङ्ग्रेजीमा 'नेपालको नारायणी गण्डकी क्षेत्रमा मौसम परिवर्तनले प्रेरित गर्ने असूरक्षित जीवनशैली' रहेको छ । तसर्थ यो वातावरणीय प्रभाव र परिणामबारेको अनुसन्धानात्मक लेख हो । तेस्रो आलेख एकनारायण पौड्यालको 'निसमालोचनाको सैद्धान्तिक अवधारणा' छ । यो मूलतः समालोचकीय दृष्टिमा नवीनतम स्थापनाको रूप देखिन्छ । चौथो कपिलदेव सुवेदीको 'चितवनको कृषि क्षेत्रको बदलिँदो स्वरूप र भावी चुनौतीहरू' छ, जसमा चितवनको कृषिमा आएको परिवर्तन र यसले उत्पन्न गर्ने चुनौतीमा केन्द्रित छ । पाँचौं कृष्णप्रसाद सापकोटाको 'बाबुको काँधमा छोरो सुतिरहेको देश' शीर्षकको लेख छ । यो समाजशास्त्रीय कोणबाट द्वन्द्वकालीन परिवेशको अध्ययनमा आधारित छ । छैठौं कुसुमराज सुवेदी, सीताकुमारी श्रेष्ठ र सुप्रभा सुवेदीको संयुक्त आलेख अङ्ग्रेजीमा ' विद्यार्थीको शैक्षिक उपलब्धिमा शिक्षकको व्यवहार' शीर्षकको खोजमूलक लेख छ । सातौं मतिप्रसाद ढकालको 'पाणिनीय व्याकरणका लौकिक तथा वैदिक आदेश नियम र प्रयोगमा पार्थक्य' शीर्षकमा वैदिक एवम् लौकिक भाषिक-व्याकरणिक भिन्नताबारे केन्द्रित छ । आठौं प्रभा मरहट्टा कोइरालाको 'मोक्ष उपन्यासमा वर्गपक्षधरता' आलेखमा उपन्यासलाई समाजादी दृष्टिले अध्ययन गरिएको छ । नवौं प्रकाश रेग्मीको ' चितवनको खगेरी जलाधारमा जलवायु परिवर्तन र जैविक विविधता संरक्षणका लागि अपनाइएको विधि' शीर्षकको अङ्ग्रेजी माध्यमको आलेख रहेको छ । यो चितवनको खगेरी जलाधारको केन्द्रमा रहेर परिवर्तित जलवायु र जैविक विविधतामाथिको अध्ययन देखिन्छ। दसौं आलेख रमेश प्रभातको 'प्रोल्लास सिन्धुलीयको भग्न भैरव उपन्यासमा चित्रित जीवनीपरकता' रहेको छ र यसमा उपन्यासभित्रका साक्ष्यका आधारमा भैरव अर्यालको जीवनीको चर्चा छ । एघारौं शङ्करप्रसाद गैरेको 'द्रौपदी अवशेष उपन्यासमा सांस्कृतिकता' शीर्षकअन्तर्गत हुम्ली जीवन, समाज र संस्कृतिको खोजी गरिएको छ । अन्तिम र बाह्रौं आलेख 'सिड्नीको सानुमाया कथामा डायस्पोरा' शीर्षकअन्तर्गत टङ्कप्रसाद पन्थले एउटा कथाका माध्यमबाट डायस्पोरा जीवनका बहुलपक्षको खोजी गरेको भेटिन्छ । यसरी अङ्क दुई तीनवटा अङ्ग्रेजी र नौवटा नेपाली माध्यमका लेखहरू छन् भने शिक्षण र मूल्याङ्कन, परिवर्तित मौसम र त्यसका प्रभाव, नयाँ मान्यताको अभिर्भाव, कृषिजगत्, शिक्षक र विद्यार्थीसम्बन्ध, भाषिक व्याकरणिक स्वरूप, जलवायु परिवर्तनका प्रभावले पारेको असर, संस्कृति, डायस्पोराजस्ता अनेक पक्ष यसमा समेटिएका भए पनि साहित्यिक अनुसन्धानात्मक लेखकै बाहुल्य देखिन्छ । जे छ, प्राप्तिपूर्ण नै छ ।

यसप्रकार भरतपुर प्रज्ञाप्रतिष्ठानको बौद्धिक चुचुरोभरतपुर प्रज्ञा हो भन्ने कुरामा विमति रहँदैन । अनुसन्धान र खोज गरिरहने क्रम हो, यो पूरा हुँदैन । विधि वा पद्धतिमा भने एकरूपता हुनैपर्छ । कसरमसरहरू छन्, त्यसलाई न्यूनीकरण गर्ने प्रयास गरिने नै छ । तर भरतपुर प्रज्ञासम्म पुग्ने पृष्ठभूमि भने प्रतिष्ठानकै क्रियाकलाप र कार्ययोजनाको प्रदान हो । देशका कुनै पनि महानगरले आजसम्म यत्तिको काम नगरेको बेला भरतपुरले गरेको छ र हामी सबैलाई बधाइ पनि छ । गर्व लाग्छ, आफ्नो माटोमा केही भएकामा र सँगै दुःख पनि लाग्छ, जब व्युरोक्र्याट मेन्टालिटी स्वच्छ हुन सक्दैन । पाँच रुपियाँ खर्च सदर गराउन भिख मागेझैं गर्नुपर्छ र निगाहामा बाँचेजस्ता हुन्छौं । अझ बजेटका कुरा आउँदा व्यर्थमा गठन गरिएछ झैं लाग्छ, किनभने तिनीहरूको दामासाही घटेको छ अब । कुनै दिन 'करामत' भरतपुर वाङ्मयका अङ्कमा पढिने छ । सोलोडोलो पचाउने र सम्मान बचाउनेमा अन्तर हुन्छ नै । भरतपुर वाङ्मय प्रतिष्ठान स्वायत्त र निर्णयात्मक दृष्टिमा स्वतन्त्र हुनुपर्छ । राज्यकै सम्पत्ति हो प्रतिष्ठान पनि र अब नियम परिवर्तन गर्नुपर्छ । राजनीतिक र प्रशासनिक व्यक्तिबेगरको नितान्त स्वतन्त्र, बौद्धिक, प्राज्ञिक क्रियाकलाप नै वाङ्मयको स्थिरता र प्राप्तिको मार्ग हो । भरतपुर प्रज्ञा अझ समृद्ध भएर आओस्, म प्रतीक्षामा हुनेछु ।

卐

समीक्षा

# चितवन र यस वरपरका महाकाव्य तथा महाकाव्यकारहरू



प्रा.डा.नारायणप्रसाद खनाल *

कविताका लघुतम रूपदेखि बृहत्तम रूपसम्म देखापरेका छन्, यस्तो बृहत्तम रूपलाई काव्य भनिएको छ र काव्य पनि जब महान् बनेको हुन्छ, त्यसलाई महाकाव्य संज्ञा प्राप्त हुन्छ । महानको अर्थ वर्तमानमा देखापरेका महाकाव्यहरूका रूपआकृति र शब्दको थुप्राले महान् भनेको होइन, महान चरित्र भएको नायक-नायिका, महान् काव्यिक कलासौन्दर्यप्राप्ति, महान् सूक्तिसौन्दर्य र वैचारिक सौन्दर्यले महान् हुनुभनेको हो । अभिधा, लक्षणा र व्यञ्जनाजस्ता शब्दशक्ति; चारुत्वविशिष्ट गुणालङ्कारादिका बिम्ब प्रतिबिम्बपरक सौन्दर्यलहरी; शोभायमान सुसङ्गठन-सूक्त्यात्मक कथन, रीतिवृत्तिप्रवृत्ति; विभाव-अनुभावादिबाट हुने मुख्य र सहायक बहुल रसको निष्पत्ति तथा समुचित ध्वनि-वक्रोक्ति-औचित्य आदिका महायोगले सर्वात्मना महान् हुने काव्य नै महाकाव्य हो । यो महाभारत-महासागरजस्तै महाकास-महारण्यजस्तै महादेव-महापुरुषजस्तै महायज्ञ-महाज्ञानजस्तै महाप्रतिनिधिभूत महावाणीको महान् सङ्ग्रह हो । यसलाई श्रेयस् र प्रेयस् तत्त्वले परिपूर्ण सुमधुर भाव, स्वस्थ कल्पना, उत्कृष्ट विचार, विशिष्ट भाषाशैली र सरलतरल प्रौढ अभिव्यक्तियुक्त छ भने मात्र काव्यको महाराज मान्न सकिन्छ । यसैले चरित्रहरूको साहसिक क्रियाकलाप, युध्दोन्माद, रणकौशल, विजयजुलुस, आपसी सद्भाव-समन्वय, सद्विचार, सुखसमृद्धि, उच्चनैतिकता, विषयगत चरमोत्कृष्टि जस्ता हरेक कुरामा महान् हुनु महाकाव्यको वैशिष्ट्य हो । महाकाव्यका लक्षण भामहदेखि नै बन्न सुरु भएका छन् तर पनि रामायण र महाभारत जस्ता बृहत्तर महाकाव्यमाथि ती लक्षण घटित हुँदैनन् । नेपालमा अनेक महाकाव्य रचिएका छन्, चितवनका कविले पनि यो प्रयास गरेका छन् । यहाँ स्थायी बसोबास भएका, यहाँ कार्यरत, चितवनसँग सम्बध्द स्रष्टा कविहरूहरूले रचना गरेका महाकाव्यको परिचय र तिनका रचयिताहरूको छोटो विवरण लेखककै नामको वर्णानुक्रमिक पद्धतिमा यसप्रकार तयार भएको छ -

### १. ईश्वरी ओझा (१९९६)

कास्कीको सिर्कुतानमा जन्मेर हाल रनपा-१२ मा निवास गरिरहेका ओझा अध्ययनपश्चात् केही वर्ष पढाएपछि व्यापार र कृषिपेसा गर्दै स्वावलम्बी जीवन बिताउँदै नाटक, कोश, वंशावली र अन्यान्य कृतिका साथै खण्डकाव्य, संस्मरण सङ्ग्रहका साथै दुई महकाव्य प्रकाशित गर्न सफल छन्, ती यसप्रकार छन् -

**क**) '**अभिभारा महाकाव्य** (२०६८)

यो शिखरिणी छन्दोबद्ध गरिएका १६ सर्गमा ५१० पद्य तथा छन्द परिवर्तन गर्दै अन्तमा एकएक तोटक छन्दका पद्यबाट सर्गान्त गरिएकाले तोटकका १६ पद्यसमेत २२६ पद्यले बनेको महाकाव्य हो, तर सर्गलाई 'गति' नाम दिइएको छ । खास गरी शोषितपीडित र उपेक्षित श्रम गरेर खाने सर्वहारा किसानको जीवनको विषय बनाइएको र राणाशासन र पञ्चायतको क्रूरताबाट मुक्ति चाहने र सङ्घर्ष गर्ने पारसमणि र कमलाजस्ता नायकनायिकाको चित्रणबाट महाकाव्य तयार भएको छ । प्रगतिवादी चिन्तनको भावधारामा रचित यसका आद्यन्त पद्य यहाँ दिइएका छन्, जसका आधारमा काव्यसौन्दर्य आकलन गर्न सकिन्छ-

धरा हे माता श्री परम अपरा हे बसु धरा
परा हे प्राणीकी चर अचर धार मनहरा
हली, ज्यामी, ढाक्रे बनिरहन सारा सुनहरा

* त्रिवि, वीरेन्द्र क्याम्पसका निवृत्त प्राध्यापक डा. खनाल भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्य हुन् ।

तिमी नै भन्देऊ 'उठ उठ धरा मुक्ति लहरा'
र
दिल रन्किसकेपछि शोषितको
नवक्रान्ति जुटेपछि घोषितको
विगति क्रमभङ्ग सनातनको
अनि ता धरती जनशासनको

**ख) अविश्रान्त अवनी महाकाव्य**(२०७७)

विभिन छन्दमा रचिएको र दुई खण्ड, एघार सर्ग एक उपसंहारसमेत ८०२ पद्यले तयार भएको 'अविश्रान्त अवनी' अविश्रान्त र अवनीकै कथा हो, जसमध्ये एउटाले घुमक्कड जोगीसित र अर्कीले अपरासँग शिक्षा लिएकी हुन्छे । यी दुवै क्रान्तिको सफलताका लागि दम्पती बन्छन् । क्रान्तिकारी शहीद भीमदत्तका सन्तानको पन प्रसङ्ग आउँछ । माओवादी जनयुध्द रोक्न नहुने धारणा पनि आएको यस कृतिमा साहित्यिक गुणवत्ता पनि देखिन्छ । प्रगतिवादी चिन्तनको भावधारामा रचित यसका आद्यन्त पद्य यहाँ दिइन्छन्, जसका आधारमा काव्यसौन्दर्य आकलन गर्न सकिन्छ-

(अ) हिमाल टल्कने कान्ति विशाल हिमशृङ्खला ।
धर्तीको हरियो मोती उच्च प्रकृतिको कला ।।

(आ)चैतन्यशील जनता जब बन्न जान्छ
त्यो शासने पनि यहाँ तँ रहन्न जान्छ
उल्टन्छ शोषण र हैकम रूप जालो
बल्नेछ आखिर यहाँ श्रमको दियो ।

## २. केशवराज (आमोदी) (२०१३)

तनहुँमा जन्मी चितवनमा अध्यापन गर्दै सेवानिवृत्त जीवन रनपा-१३.माधवपुरमा स्वाध्ययन-चिन्तनद्वारा बिताइरहेका भट्टराई थर भएका आमोदीले उपन्यास(सह.), मुक्तक, निबन्ध, गजल, कवितासङ्ग्रह, समीक्षासङ्ग्रह, खण्डकाव्याकार कृतिका साथै एक महाकाव्य पनि प्रकाशित गरेका छन् । एकातिर उर्दू बहर र अर्कातिर संस्कृत छन्दमा कलम चलाउने आमोदीजी काल्पनिक मनोलोकका स्रष्टा हुन् भने यथार्थवादी द्रष्टा पनि हुन् । जे भए पनि एक अजस्र ऊर्जाशील व्यक्तित्वका कलमकलाबाट निस्केको पौराणिक महाकाव्य 'उषा अनिरुध्द'(२०७४) हो ।

प्रकाशित छ । यसको प्रथम मङ्गलाचरणमय पद्यधारा राष्ट्रभक्तिभावका साथ सुरु भएको छ । यो नितान्त कृष्णभक्तिधारासँग सम्बध्द छ । महाभारत युध्दका नाइके द्वारकाधीश भगवान् श्रीकृष्णका नाति प्रद्युम्नको छोरो अनिरुध्दलाई नायक बनाएर कविले यसलाई साक्षात् कामदेवकै रूपमा चित्रण गरेका छन्, हुन पनि शिवले कामदेव भस्म गरेपछि रतिले जुन विलाप गरेकी थिइन् र त्रेतायुगमा मात्र आफ्नो पति प्राप्त गर्ने वरदान पाएकी थिइन् र यसका लागि प्रतीक्षारत थिइन् । शोणितपुर आसाम कामरूपका सम्राट बाणासुरकी छोरी बनेकी नायिका उषाले सपनामा देखेको रूपआकृतिबाट मोहित भएको भरमा सँगिनी चित्रलेखाको सहयोगमा विपनामा विवाहित हुन पुगेको अति महत्त्वपूर्ण प्रेमप्रणयमा आधारित प्रस्तुत महाकाव्यमा करिब २९ वटा शास्त्रीय छन्दको प्रयोग गरिएको छ भने २० सर्गको व्यासमा एक हजारबढी श्लोकमा यसको रचना भएको छ । ती उनै कामदेवकी पत्नी रति हुन्, जो यस जन्ममा बाणासुरकी छोरी भएर जन्मेकी थिइन् । यसमा धीरोदात्त नायक, स्वकीया नायिकाका साथै अनेक पौराणिक पात्रहरूको उपस्थिति रहेको छ भने महाकाव्यको नामकरण प्रख्यात नायक-नायिकाकै नामबाट गरिएको छ । पूर्वीय महाकाव्यका प्रायःसबै लक्षणलक्षित यसमा छन्दको शुध्दता एवम् औचित्य, गुणालङ्कारीतिवृत्तिको समुचित प्रयोग, शृङ्गाररसको प्रधानता र अन्य अधिकांश रसको साहचर्य वा आङ्गिकता, ध्वन्यात्मकता, वक्रोक्तिवैचिर्त्र्य आदिले गर्दा काव्यले देखाउन खोजेको धर्म, अर्थ, काम, मोक्ष पुरुषार्थ साधनाका साथै युध्दको बयान, सामन्ती स्वभाव, शोषण, अन्याय-अत्याचार आदि नेपालको परिप्रेक्षमा पनि मिल्दाजुल्दा देखिनु आदि जुन यस काव्यका विशेषता हुन्, ती सबै कुरामा काव्यिक ओज भरिएको छ । साथै यसले नेपालजस्तो मुलुकमा शान्तिमय प्रेमभावमा आधारित राज्य स्थापना होओस् भन्ने चाहनामा लेखकले देखाउन खोजेको उद्देश्य प्रायः

परिपूर्ति भएकै देखाउँछ। यहाँ आदि र अन्तिम पद्यात्मक प्रस्तुति दिइएकाले प्रायः भाषा-भाव, शैली र प्रस्तुति आदि सुन्दरता केकस्तो छ, त्यसको सहज अनुमान गर्न सकिन्छ-

(अ)वन्दे नारायण नर-महान्, भारत, व्यास वन्दे
बन्दे गौरीसुत, हरि, महादेव, कैलास वन्दे
वन्दे माता, जनक, गुरु औ द्वारकाधाम वन्दे
वन्दे हिन्दु, प्रियतम धरा राष्ट्र नेपाल वन्दे ।

(अ)साक्षात् 'काम-रती' भनेर कतिले गर्छन् प्रशंसा अति
'यस्तो पो पिरती' भनी मनमनै छिन् मक्ख मायावती
चर्चा द्वारवती र विश्वभर नै त्यो प्रीतिको फैलियो
अर्पें सज्जनवृन्दमा प्रिय-कथा ल्याएर त्यै आज यो।

### ३. गोविन्दराज विनोदी (२०१०)

कास्कीमा कृष्णानन्द सरस्वती र गौरादेवीका पुत्ररत्नका रूपमा जन्मेर चितवनमा पढ्दै पढाउँदै लामो समय काव्यकविताको साधना गर्ने विनोदी भावना र कल्पनाका कवि हुन् । हृदयस्पर्शी कविताका सर्जक विनोदी केही वर्षदेखि गैंडाकोटमा बसे पनि अधिकांश उनको समय चितवनमै बित्छ । यिनका कविता, खण्डकाव्य र बालसाहित्य, समालोचनासमेत तेह्र कृति र एक 'कैकेयी' महाकाव्य(२०७४) पनि प्रकाशित छ । कुनै सर्ग भन्ने नाम उल्लेख नगरी सङ्ख्या र शीर्षक दिएर अठार खण्ड तथा ८०० पद्य अनुष्टुप् र सर्गान्तमा एउटै शालिनी छन्दका १८ पद्यको आयाममा विस्तारित यो काव्य छन्दको प्रयोगशाला बन्न सकेको छैन। रामायणलाई उपजीव्य बनाएर रचित यो महाकाव्य कैकेयी नाम लिएर आएको छ र रामायणी कथानुसार राज्याभिषेक गर्न तयार कौशल्यापट्टिका दशरथका जेठा छोरा रामलाई चौधवर्ष वन पठाएर आफ्ना छोरा भरतलाई राज्य दिलाएकीले ऊ खलचरित्र भएकी नारी हो, परन्तु यहाँ विनोदीले उसैलाई नायिका बनाएर उसको खलत्व समाप्त पार्दै उसलाई राचन्द्रसँग माफी माग्न लगाएर उसका सद्गुणको वर्णनपूर्वक नारीमाथिको कलङ्क मेटाई न्याय प्रदान गरी उदात्त नायिका सिध्द गरेका छन् । यस कृतिमा भाव-भाषा र शैली आकर्षक छ भने ललित पदविन्यासको सुषमा पनि देख्न सकिन्छ। उनका आद्यन्त पदविन्यासको रमणीयता परीक्षण गर्न दुई पद्य यहाँ दिइन्छ -

(अ)शब्दब्रह्म! तिमिलाई अभिवादन गर्दछु
तिम्रै रूप लिई खाली पृष्ठमा प्राण भर्दछु

(आ)यो गाथा हो वत्सला मातृकाको
यो नारीको खोज हो आस्मिताको
यो हो नारीभित्रको मुक्ति चेत
कैकेयी हुन् मात्र दृष्टान्त एक

### ४. प्रा.जगन्नाथ शर्मा कण्डेल(२००८)

बागलुङमा पशुपतिनाथ र पद्मादेवीका पुत्ररत्नका रूपमा जन्मी नव्यव्याकरण, साहित्य, रामानुजवेदान्त, पूर्वमीमांसाचार्य र नेपाली विषयमा एम.ए. गरेका र वनारस स्थित सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयका आधुनिक भाषा तथा भाषाविज्ञान विभागका प्राध्यापक समेत रहेका कण्डेल हाल सेवानिवृत्तजीवन भमनपा-४ लङ्कुको श्री लक्ष्मीवैकुण्ठनाथ मन्दिरको पीठाधीश र श्री वैकुण्ठनाथ परम वैदिक विद्याप्रतिष्ठानमको प्रधान संरक्षकमा सेवारत रही व्यतीत भइरहेको छ। यिनी काव्य-खण्डकाव्यकार, जीवनीकारमात्र नभई महाकाव्याकार कृतिका पनि स्रष्टा हुन्, उनको छन्द र लोकलयमा आबध्द सत्र सर्गीय शोकमहाकाव्य 'महतारी' (२०७१) प्रकाशित भएको छ। आमा पद्मादेवीको असामयिक स्वर्गवासबाट शोक र त्यसबाट अभिव्यक्त करुणलहरीको स्रोत बनेको यो महाकाव्य शोकस्थायी भावात्मक करुण रसप्रधान सुन्दर कृति हो। यसका प्रत्येक सर्ग एकएक शीर्षकावलम्बित एक चरण वा अर्धचरणमय पद्यात्मक रहेका छन् । आफ्नी जन्मदायिनी जननिलाई यहाँ महतारी शब्दबोध्य शीर्षक दिइएको छ, जो कविकी श्रद्धेया माता स्व.पद्मा वा पवित्रादेवीका रूपमा परिचित रहेको अवगत हुन्छ। कम्तीमा १० र बढीमा ९० पद्य समाविष्ट यस काव्यमा जम्मा ४२१ पद्य छन्, धेरैले यसलाई स्मृतिकाव्य भन्न

सुझाएका छन् भने कतिले भावुकतावश महाकाव्य नै पनि भनिदीएका छन् । अनुष्टुप, शार्दूलविक्रीडित, मन्दाक्रान्ता, मालिनी, शिखरिणी आदि छन्द र लोकलय झ्याउरेका लिकमा हिंडेको यस कावयधारालाई शोकमहाकाव्यका रूपमा स्थिर गर्न सक्ने हो भने एक प्रयोग नै पनि हुनसक्थ्यो ।

यस काव्यको 'आमा! आज गयौ गयौ' शीर्षकमा रहेको प्रथम सर्गको चौथो पद्य-

(अ) आमा आज गयौ गयौ अब कसै फिर्दे नफिर्ने भयौ
प्यारा नाति र नातिनी सब यसै छाडेर टाढा गयौ
एक्लै हिंड्न छ धेर कष्ट मनमा हुन्थ्यो कसोरी गयौ
कोही एक कुनै नभै सँग अहो कस्तो मुटूले गयौ?

(आ)'यो यस्तै भयो गतिला काव्य सकेमा लेखौंला ।
के भन्दारछन् रसिकहरू त्यो पनि देखौंला ।। '
'कठिन नियम पाशो छन्दले यो सहन्न
कछु नियम नमिल्दा ज्याउरे यो रहन्न ।
सहन अब सबैले गर्नु नै पर्छ होला
अनव-नव सबै यी छन्दको नव्य भेला ।। '

## ५. स्व. नीराजन पन्त (२०४०-२०८०)

यिनी लमजुङमा जन्मेर महेश सन्न्यास गुरुकुलमबाट शास्त्री पास र नेपालीमा एमए (स्नातकोत्तर) गरी चितवनको मैयादेवी कन्या क्याम्पस, भरतपुरमा प्राध्यापनरत कवि हुन् । यिनको एक काव्य र शोककाव्यका साथै फुटकर रचना प्रकाशित भएका छन् ।

यिनले स्नातकोत्तर तहमा सृजनापत्रका रूपमा सोह्र सर्गमा तयार गरेको महाकाव्य 'देवघाट' (२०७०) प्रकाशन गरेका छन् । यो विषय र चिन्तनप्रधान आध्यात्मिक महाकाव्य हो । २२ भन्दा बढी शास्त्रीय छन्दमा रचित यस काव्यले १६ सर्गको आयाम लिएको छ भने ८५५ पद्यमा यसको विषयवस्तु हिंडेको छ । त्रिशूली र कालीसमेत सप्त गण्डकीको सङ्गममा रहेको धार्मिक आध्यात्मिक स्थल देवघाटलाई नै कविले नायक बनाएका छन् र यस महाकाव्यको विषयवस्तु बनाएका छन् । गणेश-धवलागिरि हिमाललाई आज्ञाचक्र-ब्रह्मरन्ध्रका रूपमा र नेपाल रूपी देहको मूलाधार चक्र देवघाटलाई योग, साधना र समाधिमय दार्शनिक तीर्थस्थलका रूपमा चित्रण गरिएको छ। यहाँ त्रिदेव र त्रिशक्तिको वासस्थान र कैयौं साधुसन्तहरूको पनि बयान गरिएको छ । यसलाई धर्म, अर्थ, काम र मोक्षसाधक क्षेत्रका दृष्टिले हेरिएको छ र यसको अङ्गी वा प्रधान रस रौद्र हो भने अद्भुत, शान्त आदि अङ्ग वा सहायक रस हुन् । विभिन्न स्थलमा अलङ्कार सुषमा, पदलालित्य, भावसौन्दर्य, अर्थगाम्भीर्य, ध्वनि-वक्रोक्ति माधुर्यको पनि समुपस्थिति पाइने यो काव्य व्यक्तिचरित्र निर्माणका लागि अत्यन्त महत्त्वपूर्ण रहेको मान्न सकिन्छ । अन्तमा भाषासौन्दर्य, भावसौन्दर्य, शैलीसौन्दर्य, प्रस्तुतिसौन्दर्य, शब्दमाधुर्य आदि कुराको छनक बुझ्न 'देवघाट'को प्रथम सर्गको पहिलो र सोहौं सर्गको उपान्तिम पद्य यहाँ दिइएका छन् -

(अ) मेरो स्रष्टा नमस्कार! नमस्कार म गर्दछु ।
म आफै सिर्जना उस्को अब आकार भर्दछु ।
(आ)अपूर्णभित्रको पूर्ण सबैतर्फ छँदै थियो ।
पूर्णको खण्ड यो पूर्ण तसर्थ पूर्ण नै भयो ।।

## ६.पूर्णचन्द्रोपाध्याय ढुङ्गेल (सन् १९३३)

वर्तमान म्यानमार वा बर्माको मिचिना भन्ने ठाउँमा जन्मे हुर्केर आसाम, लखनौ, वनारसमा संस्कृत वाङ्मयकोअध्ययनगरीनव्यव्याकरण,नव्यन्याय,साहित्य, साङ्ख्ययोग, पूराणेतिहास, ज्योतिष, शाङ्करवेदान्तजस्ता सात विषयमा आचार्य (स्नातकोत्तर)गरेका र भारतको वनारसबाट अध्यापन-प्राध्यापन सुरु गरी नेपालमा प्राचार्य, गोरखनाथ विद्यापीठको प्राचार्य र महेन्द्रसंस्कृत विश्व विद्यालयको उपकुलपति रहिसकेका आचार्य ढुङ्गेलका शताधिक फुटकर लेख-रचना पत्रपत्रिकाहरूमा छरिएका छन् । हाल भमनपा-४मा बसोबास गर्दै आएका छन् भने यिनको संस्कृत भाषामा रचित एकमात्र 'देवाधिदेवश्रीनीलकण्ठमहाकाव्यम'(२०७८) प्रकाशित

छ। यसमा देवासुर मिलेर गरेको समुद्रमन्थनबाट निस्केको विष पान गरेर जगतको रक्षा गर्ने देवाधिदेव नीलकण्ठ भगवान् शिवलाई प्रमुखपात्र वा नायक बनाएर प्रचलित-अप्रचलित अनेक छन्दमा २७ सर्गका १६९३ पद्यका माध्यमबाट श्रीनीलकण्ठविषयक रतिभाव राम्रो परिपाक अवस्थामा रहेको छ । यसभित्र अलङ्कार-रस-रीति-ध्वनिको उपस्थिति रहेको छ भने विशेष शैलीशिल्प केकस्तो छ, त्यो महाकाव्यका आद्यन्त पद्यावलोकन गर्न सकिन्छ-

(अ) गणेशःसदा विघ्नहर्ता सुरेशो
बुधैःशास्त्रलाभाय भिन्नैःस्वलब्ध्यै ।
क्रये विक्रयेन्योन्यवर्गेण नित्यं
स्तुतःपूजितोयं मया स्तूयतेत्र ।।

(आ)आचार्याग्रिमपूर्णचन्द्ररचिते नेपालवृत्तान्विते
साहित्याब्धिविलोडनेन रसिकानन्दप्रभे शाम्भवे ।
काव्येस्मिन् शिवशक्तिवर्णनपरे सर्गोद्रिनेत्राङ्कितः
पूर्णो नित्यमिमं प्रपठ्य रसिका आनन्दिता :स्युःशिवात् ।

## ७. पोषराज पौडेल(२००१)

कास्कीको घार्मीमा डिल्लीराम र धनसराको पुत्ररत्नका रूपमा जन्मेर चितवनमा शिक्षण गरी सेवानिवृत्त जीवन बिताइरहेका पौडेलका कवितासङ्ग्रह, र शोककाव्य, आत्मकथासमेत पद्य, लोकलय र गद्य लय एवं गद्य रचना भएका आधादर्जन बढी खण्डकाव्य कृति र दुईवटा महाकाव्य प्रकाशित छन् ।

**क) 'शहीद गाथा' महाकाव्य** (२०५७)

पौडेल चितवनमा सर्वप्रथम लिखित-प्रकाशित यसै महाकाव्य'का स्रष्टा हुन् । यिनी शास्त्रीय छन्दका मिठा कविताका सर्जक हुन्, तर यस काव्यमा लोकलय-गद्य लय पनि प्रयुक्त छ । सोह्र सर्गको आयाम पाएको र श्लोकसङ्ख्या पनि नराखिएको यस कृतिलाई चैतन्य जस्ता समीक्षकले काव्यमात्र मानेका छन्, तर पौडेलले वाल्टेयरको भनाइ उल्लेख गर्दै महाकाव्य नै मानेका छन् । यसमा प्रकृतिचित्रण, समाज चित्रण, मुलुकको दुरवस्था, शोषण-उत्पीडनबाट उन्मुक्तिको चाना, वर्गसङ्घर्ष र ऐतिहासिकतालाई पनि देखाचने प्रयत्न भएको छ। यहाँ युध्दमा शहीद भएकाहरूको बारेमा आमासँग बालकले गरेका प्रश्न निकै घत लाग्दा छन् । काव्यमा पाइने साझा प्रवृत्ति भनेको मार्क्सवादी द्वन्द्वात्मक भौतिकवाद हो भने शोषणरहित समाजको परिकल्पना र स्थापना काव्यिक उद्देश्य रहेको पाइन्छ। यसका आद्यन्त पद्यबाट भाषाशैली र भाव आदि परीक्षण गर्न सकिन्छ-

(अ)राम्रो लाग्छ मलाइ उत्तर दिशा देखी हिमाली छटा
स्रष्टाको उपहार अद्भुत कला नेपालमै पाउँदा
झर्छन् झर्झर नित्य निर। झरहरू छुदै बडो शीतल
अग्ला पर्वत हाँस्दछन् गगनमा यो विश्वका सुन्दर

(आ)गाथा लेख्न शहीदको भुवनमा मिल्ला कतै शब्द कि ?
कस्ले सक्छ र पूर्ण गर्न यसको विव्दान धारी भई
होला मूल्य शहीदका रगतको नाप्ने कुनै यन्त्र र?
मेरा मित्र शहीदका रगतमा सम्मान वर्षा गर !

**ख)'शुक्लागण्डकी महाकाव्य'**(२०७८)

बीस सर्गको आयाम पाएको र १२६६ पद्यसम्पदाका माध्यबाट अत्यन्त सरल भाषामा अभिव्यक्त यो महाकाव्य ओजगुण प्रभावित वीररसात्मक रहेको छ । शुक्ला गण्डकीका जनतमाथि हँसियाहथौडाको झण्डा फर्फराएर शोषण गरिएको देखावटी कम्युनिस्ट शासकबाट जनताको उठीबास, बलात्कार, हत्या, आरोप, अत्याचार र चरम भएको देखाउँदै यसलाई सखाप पार्न राधा र कृष्णका वंशमा स्पार्टाकस र पिटरजस्ता वीर पुत्रजन्मको प्रकल्पना गरिएको छ । चतुर गोरेका पालनपोषणमा हुर्के बढेर पढेर नेपसल बचाऊ सङ्घ खोली जबरसिह, वृषभसिंहको बदला लिन तिनलाई श्रमशिविरमा हाल्छन् र जुलुस निकालेपछि शुक्लागण्डकीका उन्मुक्त जनताले राहतको सास लिन्छन् । यसरी बर्वसङ्घर्षको घना जङ्गल तयार गराई समाजका विषालु कीटाणुसंग वर्गद्वन्द हुनु र अन्ततः जनताको जित देखाउनु नै महाकाव्यको आशय हो । यसका आद्यन्त पद्यबाट भाषाशैली र भाव आदि

परीक्षण गर्न सकिन्छ-

(अ) हे मेरी जननी ! निहार्दछु तिमीलाई र टोलाउँछु
केही सङ्कटमा परेछु म भने सम्झेर बोलाउँछु
पौडूँ सागर यै गऱ्यो हृदयले उच्छा कसोरी तरूँ
मेरो माथ मुसार आशीष दिई यो काव्य पूरा गरूँ ।

(आ)देखें मैले विपुल सपना बिन्दुमा सिन्धु झारें
आयो यस्तो मधुर जपना काव्यमा यो उतारें
नेपालीको प्रबल महिमा विश्वले गाउने छ
यो यात्रा नै भुवनतलको वीरगाथा हुने छ ।

### ८. प्रकाश चापागाई (२०१८)

चितवनमा जन्मे-हुर्के-पढेर उपस्नातक भई नाटक प्रकाशन गरेर साहित्यमा प्रवेश गरेका कवि हुन् । यिनले दुईटा कविताकृति सम्पादन-प्रकाशन गरेका छन् भने नाटक, शोककाव्य, खण्डकाव्य (संयुक्त खण्डकाव्यत्रयोदशमा सङ्कलित 'मगुई'समेत) र कवितासङ्ग्रह एक पनि प्रकाशित छ। नाटककार, कवि-काव्यकार मात्र नभई महाकाव्यकारमा पनि नाम दर्ज गराएका प्रकाश भमनपा-१० मा बस्छन् । साहित्यसङ्गम चितवनका अध्यक्षसमेत रहेका प्रकाश छन्दोबध्द कविताकाव्यका सुन्दर सर्जक हुन् । कवित्रयोदशभित्र रहेर २०७२ को गोरखा बारपाक केन्द्रबिन्दु भएको भूकम्पकेन्द्रित 'आरोहण' (२०७४)संयुक्त महाकाव्यमा एक-दुई सर्ग सहलेखन कार्य गरेर चितवनको उपस्थिति जनाएका छन् । शास्त्रीय छन्दमा अधिकार प्राप्त चापागाईं भावना र चेतनायुक्त प्रगतिवादी कवि हुन् ।

### ९. माधवप्रसाद चालिसे (२०१४)

भवीश्वर र पवित्राका पुत्ररत्न भै बाग्लुङमा जन्मेर चितवनको माडीमा घरबार भएका चालिसे अध्यापन-प्राध्यापन पेसाबाट निवृत्त भएर हाल गैंडाकोटमा बस्दछन् । कवितासङ्ग्रह, खण्डकाव्य, शोककाव्य, लक्षणग्रन्थ, पाठ्यपुस्तक लेखन र शिवगीताको अनुवाद गरे पनि यिनले एउटा महाकाव्य 'जीवनयात्रा'(२०७३) लेखेका छन् । विभिन्न शास्त्रीय छन्दका १०९० श्लोक पन्ध्र सर्गमा अटाएको यो कविपथिकको आफ्नै जीवनयात्रा हो, रवि माधव चालिसे र कवि खिलनाथ साकोटा मुख्य पात्र हुन्, यसैले तिनैको जीवनचक्र नै यसको वर्णनीय विषय हो । त्यसो त यहाँ वसिष्ठ अरून्धती(बाआमा)को कम भूमिका छेन । फरकफरक छन्दबाट सर्गान्त गरिएपनि यो यात्रा पहाड-तराईका पैदल, बस-रेलमा सीमित छैन जीवनको महान् उद्देश्य खोज्नमा अग्रसर छ । यहाँ प्रकृतिचित्रणको मनोहारिता, आध्यात्मिक भक्तिभावको प्राञ्जलता, वेदान्तदर्शनका प्रगाढ भावहरू, विभिन्न भारतेली विद्याध्ययन केन्द्र गोरक्षनाथ, मथुरावृन्दावन, हरिव्दार-ऋषिकेश आदि क्षेत्रका शैक्षिकआध्यात्मिक रमणीयता, शैक्षिक उपलब्धि, सदाचार र अनुशासनको प्राप्ति आदिको सटीक वर्णन गरिएको छ र बाल्यकालदेखि प्रौढ अवस्थासम्मका यावत् आरोह-अवरोहको र सामाजिक विसङ्गति-विकृतिबोधका दृष्टिले पनि जीवनयात्रालाई हेरिएको छ । अन्ततः जीवनको नश्वरता, आत्माको अजरता-अमरताजस्ता उपदेशबाट रविको चैतन्य झल्मलाएको बयान गर्दै काव्ययात्रा सकिन्छ । भाषिक सरलता, सहज प्रस्तुति, शृङ्गार करुणआदि रसयोजना, आलङ्कारिकता जस्ता काव्यवैशिष्ट्य यसका गुण हुन् । काव्यका आद्यन्त पद्यबाट विशेष भावभूमिको जानकारी लिन सकिन्छ-

(अ) मायाले अविराम सृष्टि लहरी जालो बनी जेलिंदा
मायाको वशमा परी हृदयतः संसारमा हेलिंदा
ती मायेश्वरले हरून् हृदयको अज्ञान जालो सब
यात्रा जीवनको गरून् सफल यो ज्ञानाक्षिले गौरव

(आ)कनीकुथीशब्दहरू थुपारी
पैदा भएको शिशु चित्तहारी
भएन होला तर माग्छ माया
चागन्छ झन् सज्जन छत्रछाया

### १०. लकाश पौडेल (२००४)

धवलागिरिनिकट बाग्लुङको बलेवा-गार्लुङमा पिता पं.नीलकण्ठ शर्मा र माता पञ्चकलाका पुत्ररत्नका रूपमा जन्मेहुर्केर शिक्षण-प्राध्यापनबाट निवृत्त

लक्ष्मीकान्त शर्मा नै लकाश पौडेल हुन्, उनको बसाइ भमनपा-१० चितवनमा रहेको छ । काव्य-नियात्रा-कथा-गजल-रुवाई का साथै दुईवटा महाकाव्यका स्रष्टा पनि हुन् । यिनका दुईवटा महाकाव्य प्रकाशित छन् -

**क)'शौर्यगाथा महाकाव्य'** (२०७१)

यो नेपालको इतिहासमा देखिएका पर्वत राज्यका बममल्ल राजवंश, आत्रेय गोत्रका राजगुरु बलिपाध्या र शाहवंशका राजाबिचको त्रिकोणात्मक वस्तुस्थिति-विषयवस्तुमा आधारित एक ऐतिहासिक महाकाव्य हो । यसमा पर्वतको राजवंशलाई अग्रगतितिर लैजाने क्रममा आत्रेय गोत्रीय पौडेल ठुलो भूमिका चित्रण गरिएको छ । खास गरी यिनैको विचारिक प्रभाव, बौध्दिक तर्क र शूरता-वीरताका प्रभावले तत्कालीन पर्वत राज्यको उत्थान र पतन एवं पृथ्वीनारायण शाहको एकीकरणसँग जोडेर जे जसरी रोचक ढङ्गमा कथावस्तुको स्थापना गरिएको छ, त्यसै कारण पनि यसको नाम 'शौर्यगाथा' रहेको छ । २० वटा शास्त्रीय छन्दका ७३३ पद्य तथा १३ सर्ग र एक उपसंहारसमेत १४ सर्गमा रचित यस महाकाव्यमा सुन्दर कथावस्तु, महत्त्वपूर्ण उद्देश्य, तत्कालीन सामाजिक वातावरणको चित्रण भएको छ भने वीररसको प्राधान्यमा शृङ्गार, करुण र शान्तरसको अभिव्यक्ति, वर्णनात्मक र विवरणात्मक भाषाशैली, सूक्तिमयता र आलङ्कारिकताको प्रयोगले महाकाव्य पठनीय रहेको छ । यसको प्रथम सर्गको पहिलो र अन्तिम सर्गको अन्तिम पद्य अवलोकन गरेर प्रस्तुत महाकाव्यको अभिव्यक्ति सुन्दरता, लालित्य र शैली आदि नियाल्न वा आकलन गर्न सकिन्छ-

(अ)'सेतो सारी धवलतर छन् केशपाशादि नाना
शुक्ला वर्णा मुदितवदना स्वेत दन्त्रादिमाला
ओड्ने सेतो पनि छ सुकिलो फट्टिमाला सुवर्णा
'पाऊ लागी' अवतरित यी शारदातुल्य आमा ।। '

(आ)'हाम्रो यो पर्वतैको विगत अवगतै गर्नको लागि आज
आँबोई पार्वतीले सकल कुलकथा राज्य निर्योग योग ।
सोधेका नाति विद्यापतिकन अहिले वंशको 'शौर्यगाथा'
संक्षेपैमा बताई खुसभइकन ती फर्किइन् वानप्रस्थ ।। '

**(ख) 'अपालामहाकाव्य'** (२०७७)

यो ऋग्वैदिककालीन ऋषिकाको भूमिकालाई मुख्य मानेर रचिएको महाकाव्य हो, जो कविकै वंशधर महर्षि अत्रिकी पुत्री, वैदिक वाङ्मयकी प्रथम क्रान्तिकारी नारी, ऋग्वेदका ऋचाहरूकी द्रष्टा ऋषिका अपालालाई नायिका बनाएर रचिएको छ । अत्रि र ...की पुत्रीकारूपमा पयोष्णी नदीका किनारमा अपालाको जन्म, बाल्य काल, शिक्षा, कैशोर्य, मनुस्मृतिको विरोध र नारीले वेद पढ्न पाउनुपर्छ भन्ने कुरामा सहमति, सृष्टि र चेतनाचर्चा, वैदुष्य, यौनोत्सुकता, कृशाश्वसँग विवाह, अनुराग र रोग लाग्नाले घृणा, चिकित्सा र पुनर्मिलन, दुवै शास्त्रीय छन्दमा अभिव्यक्ति पाएको महाकाव्य हो । यसको पहिलो सर्गको प्रथम र अन्तिम सर्गको अन्तिम पद्यका भावभूमि कस्तो छ त्यो हेर्न सकिन्छ-

(अ)छ यौटा कुनै सत्य स्रष्टा जगत्मा
भनी चित्तमा मान्यता राख्छ आत्मा
त्यही रूप ज्योत्स्ना समाई अगाडि
जुट्यो सिर्जनामा नया काव्यसाधी

(आ)रहर जति गरिन्छन् पूर्ण हुन्नन् सबै ती
दिन नि तति सकिन्छन् साथमा हुन्छ जत्ती
मन नि अति सुकाए फुल्न सक्तैन सोच
बुझिकन गरनू है मित्र हो ! लेखजोख

### १०. श्रमजीवी यात्री (२०२५) उर्फ डा.फणीन्द्रराज देवकोटा

यिनी गोरखामा नन्दप्रसाद र लक्ष्मी देवकोताका नवौं सन्ततिका रूपमा जन्मेहुर्के पनि भमनपा-७ प्रेमबस्तीका निवासी हुन् भने बिएससी(एजी), एमए र विद्यावारिधि गरी नेपाल सरकारको वरिष्ठ कृषिविज्ञका रूपमा कार्यरत छन् । यिनले नियात्रा र यात्राका दुई र एक उपन्यास, श्रीमद्भगवद्गीताको अनुवादका साथै 'हिमालपारि महाकाव्य' (२०७१) लेखेका छन् ।

नेपालको हिमाली क्षेत्र र मनाङ जिल्लाको सौन्दर्य-संस्कृति, रहनसहन, जनजीवन, कृषि आदि

अनेक विशेषतायुक्त पहिलो शास्त्रीय र लोक छन्दोबध्द २७ सर्गका आयामम फैलेको महाकाव्यका रूपमा 'हिमालपारि' प्रकाशन गरेका छन् । पर्यटकीय दृष्टिले महत्त्वपूर्ण गण्डकी र धवलागिरी अञ्चलका उच्च पहाडी-हिमाली भूभागमा गरिएको विषम पदयात्रालाई विषयवस्तु बनाएर रचिएको यस महाकाव्यको यात्री स्वयं नायक हो र उही महाकाव्यकार पनि हो । मनाङ जिल्लालाई केन्द्रबिन्दु बनाएर रचिएको यस बृहदाकार सचित्र महाकाव्यमा त्यस क्षेत्रको भूगोल, इतिहास, संस्कृति, धर्म, रहनसहन, हिमाली जनजीवनको जटिलता, रमणीय प्राकृतिक सौन्दर्य- सामाजिक विशेषता, पर्यटन, कृषि, वाणिज्य, निर्माण, विद्युत्, सञ्चार, यातायात, विकास योजनाका साथै लमजुङ, मनाङ, मुस्ताङको पैदल यात्राको अनुक्रम र तथ्य-तथ्याङ्क सङ्कलन एवं रमणीय स्थलहरूको सुन्दर भावबिम्ब अभिव्यक्त भएको यो महाकाव्य सत्ताइस सर्गमा फैलिएको छ। चितवनदेखि सुरु भएको यात्रा भारतको कस्मिर, त्यहाँका कस्मिरी परी, श्रीनगरको दललेक, पहलगाम, मामलनदी, जेष्टेस्वारा स्थित शङ्कराचार्य धाम, सोनामार्ग, अमरनाथसम्म पुग्छ भने लमजुङ बेसीसहरदेखि धारापानी, थोचे-ताचै, चामे, केअरसिंह, नार, आनी मिन्दुला, फूगाउँ, काङ्लापास, डाबल-घ्यारु-पिसाङ, यार्सागुम्बु र गलपासो, भ्राका मनाङ-टङ्की मनाङ, बौद्धदर्शन र मानवतावाद, खाङसार, तिलिचो, थोराङपास, मुस्ताङ-पोखरा, मुक्तिनाथ-जोमसोङ, झलझली आँखामा जस्ता शीर्षकीय बुँदामा महाकाव्यभित्र ज्ञानोदय गराइएको यो महाकाव्य हिमाली पहाडी पदयात्राको ज्ञानकोश जस्तै बनेको छ । कवि र काव्यगत थप वैशिष्ट्य जान्न पहिलो सर्गको पहिलो र अन्तिम सर्गको अन्तिम पद्य हेर्न सकिन्छ-

(अ)आऊ शब्द अपार पार रसमा तान्दै मसी लेखनी !
आऊ शब्द तरङ्गका शिखरिणी ! सञ्चेतना स्रग्विणी
आऊ शब्द निखार भै हृदयमा नारायणी कल्पना
आऊ शब्द लिएर यो सगरका ज्योतिर्मयी भावना ।

(आ)लटपटसित आयो काव्य यो छाल यस्तै
हतपतसित लेखें भूल होलान् प्रसस्तै
खटपट छ कि शब्दै चित्त काहीँ दुख्यो कि !
गडबड जति जे छन् माफ मागी रहूँ कि !

यिनको 'सन्त सिद्धार्थ महकाव्य' (२०७८) अप्रकाशित रहेको देखिन्छ ।

### १२. हरिहर सविता(२००९-२०७५)

हेमनाथका पुत्ररत्न बनेर लमजुङमा जन्मी चितवन झरेर स्नातक अध्ययन गरी जागिरे जीवनबाट अवकास प्राप्त सविताले एकदिन जीवनबाटै अवकास लिए । तीनवटा शोककाव्य, पत्र-काव्य, कथासङ्ग्रह र कवितासङ्ग्रहको प्रकाशन गर्नुका साथै शास्त्रीयछन्द-लोकछन्द-छन्दमुक्तलयमा चर्को स्वरलहरीमा कविता वाचन गर्ने रेग्मी थरका सविताको बहिनी पुष्पलता आचार्यलाई सम्बोधन गरिएका सत्ताइस पत्रको गद्यलय, पद्यलय र लोकलययुक्त पुलिन्दा बनाइएको 'पुष्प-पत्र' (२०६५) महाकाव्य प्रकाशित भएको छ । मुख्य पात्रका रूपमा लमजुङे चेली पुष्पलता न्यौपाने-आचार्य रहेकी छिन्, उनी स्वयं विधवा र विधवाका निम्ति रातो पहिरनवादकी अगुवा महिला नै हुन् । अन्य गौण पात्र त मार्क्सवादी दर्शन, द्वन्द्वात्मक भौतिकवाद, पृथ्वी, आकाश, ब्रह्माण्ड, सूरू, जून, तारा, समाज, राजनीति, नेता र जीवनका गहन विषय पनि छन् । यसमा वीररसको प्रधानतामा शृङ्गार, करुण आदि रसको सङ्गम रहेको छ भने प्रकृतिचित्रण, स्वतन्त्रता, मानवजीवन, आशा, क्रोध, सामाजिक विसङ्गति, पीडा-करुणा, प्रेम-भक्ति, मानवीय संवेदना, गणतन्त्र आदि विषयवस्तु बनाइएका छन् । बहिनी ! भनेर यत्रतत्र सम्बोधन गरिएको र सरगका ठाउँमा पत्र शब्द प्रयोग गरिएको छ शीर्षक पनि 'पुष्प-पत्र' नै राखिएको छ । यसमा पत्रका माध्यमबाट बहिनी पुष्पलतालाई अधिकांश द्वन्द्वात्मक भौतिकवादी चिन्तनको दिग्दर्शन गराइएकाले महाकाव्यीय कलात्मक सौन्दर्यभन्दा भौतिक चिन्तनको महत्त्व बेसी देखाइएको छ । यिनका महाकाव्यको शैली-स्वरूप बुझ्न पहिलो र अन्तिमपत्रको अन्तिम अंश यहाँ दिइएको छ-

(अ)प्रिय बहिनी !
एकपटक पूर्णविराम लाग्ने जीवन
ब्रह्माण्डीय प्रकृतिलाई बुझ्ने सीमित सामर्थ्य बोकेर
अज्ञानता भित्र महाज्ञानी हुन खोज्छ
ज्ञानको शान्त तपमा
मृत्यु चारदिवार भएर उभिन्छ ।

(आ)आत्मा मानव चुस्छ ओठ रसिला
हाँ ओठ नै पाइन
ज्यादै मृदु प्राकृतिक हो तर पनि
मान्छे सफा पाइन
चूसें प्राकृतिकका मधुरसहरू
मान्छे कुनै चूसिन
घूसे पर्कृतिका मुटू तन भरी मान्छे भरी घूसिन ।

## १३. हीरालाल कण्डेल (भारद्वाज) (२०२३)

नर्मदा र हीरालालका सुपुत्रका रूपमा बाग्लुङको बिहुँकोटमा जन्मेर चितवनको भमनपा-१०मा बसोबास गरिरहेका कण्डेलले 'नर्मदा भजनसङ्ग्रहहरू र कवितासङ्ग्रह प्रकाशित गरिसकेका छन् भने सुन्दर भजनगायक-वाद्यवादक र भक्तिसङ्गीतका नायक पनि हुन् भने भजनका क्यासेट पनि प्रकाशित गरेझै लाग्छ । भक्तिसङ्गीत र अध्यात्मिक सत्सङ्ग एवं भजन-कीर्तनमा रमाइरहने कण्डेलले राष्ट्र सन्त स्वामी परमानन्द सरस्वती र राष्ट्रगुरु योगी नरहरिनाथका विषयमा एकैपटक दुईवटा महाकाव्य लेखेर प्रकाशन गरेका छन् । तिनको क्रमिक परिचय यहाँ दिइएको छ-

**क**) '**परमानन्द महाकाव्य**'(२०७९)

व्यक्तिलाई चरित्रनायक बनाएर रचिएको यो महाकाव्य निश्चित लयदार विभिन्न शास्त्रीय १४ छन्दमा आबध्द २७ सर्गका १२५७ श्लोकहरूमा विस्तार लिएर आएको छ । बाग्लुङका भारद्वाज कुलमा जन्मे हुर्केर त्यहाँकै सेरो फेरोमा रही तपस्या र साधनामा लाग्दै समाजमा शिक्षादीक्षाका माध्यमबाट जनचेतना फैलाएर सनातनधर्मको पुनरुत्थामा लागेका राष्ट्रसन्त स्वामी परमानन्द सरस्वतीलाई नायक बनाइएको छ र मङ्गलाचरण, वैदिकधर्मको नवीनता, सन्तहरूको योगदान, परमानन्दको आविर्भाव र समय, शैशव, बाल्य, शिवदर्शन, ख्याति विस्तार, दया र वैराग्योदय, शिव-स्वामी संवाद, छवि प्रकाशानन्दसँगको भेट र परिचय, जन्मभूमिको दर्शनेच्छा र बज्रपात, दिब्रुङमा सङ्घर्ष, दुर्गानन्द र प्रथम गुरुकुल, स्वामीजी भक्तका घरघरमा, रेसुङ्गायात्रा र धान्याचल, गरिबको उद्धार, बिहूँ आगमन, रामकोटमा धार्मिक महोत्सव, घुम्टे धुरीको यात्रा, शिवपुरीको बास र बघिनीसँगको जम्काभेट, केही दुःखद घटना र केही परिवर्तन, बलिप्रथाको अन्त, धार्मिक जागरणका घटना, इह लीला समाप्तःपञ्चत्व प्राप्ति जस्ता सर्गीय उपशीर्षकमा काव्य नायकको सकल जीवनयात्राको छोटो बयान र सभ्य-सुसंस्कृत सञ्चेतनायुक्त समाज निर्माण गर्न गरिएका सत्कर्म, सध्दर्म, सत्प्रयास र पुण्यकर्मको अति नै सरल र सरस भाषामा वर्णन गरिएको छ । कवि र काव्यगत थप वैशिष्ट्य जान्न पहिलो सर्गको पहिलो र अन्तिम सर्गको अन्तिम पद्य हेर्न सकिन्छ-

(अ)जय जय महामाया! विद्या बुध्दि दिने मुमा ।
हे माता शारदादेवी! कृपादृष्टि रहोस् ममा ।।

(आ)सधै पढी यी गुरुका बखान
जुनी बिताऊँ गुरुकै समान ।
सद्भक्ति पाऊँ गुरुका कृपाले
सदैव बाचूँ म जपेर राम ।।

**ख**)'**योगी नरहरिनाथ महाकाव्य** '(२०७९)

योगी नरहरिनाथको विराट् व्यक्तित्वको वर्णन हुन सक्छ तर उनको दर्शन व्यक्त हुन मुस्किल पर्छ । थोरै समयमा र सीमित स्रोत अनि 'कृति जसरी नि तयार हुनुपर्‍यो' जस्ता आदेशबाट तयार भएको यो कृति विश्व गुरु योगी नरहरिनाथलाई प्रधान चरित्र बनाएर २७ छन्द, २२ सर्ग७७० श्लोकमा तयार भएको चरित्रप्रधान महाकाव्य हो । नवनाथहरूको सङ्क्षिप्त परिचयबाट पहिलो सर्ग सुरु गरी क्रमशः गुरु गोरखनाथ, योगीजीको जन्म र बाल्यकाल, दैवी लक्षण, संस्कृतको पढाइ, छिप्रानाथसँगै जुम्ला गमन, चन्दननाथको बसाइ, तेह्रौं

वर्षमा सन्न्यास दीक्षा, भारतमा पढ्दा त्यहाँको स्वतन्त्रता आन्दोलनमा सहभागी, भारतमा सम्मान हुँदा पनि स्वदेश भूमि नेपालमा रहेर आजीवन धर्मरक्षारत, मृगस्थलीमा बसाइ र लेखन-सम्पादन, ओगीजीबाट स्थापित सङ्घसंस्था, खोज-अनुसन्धान, राष्ट्रिय न्यायको खोजी, सुख-दुःखको भोगाइ, मान-सम्मान-पदक विभूषण, रचना र अनुपम कार्य, उत्तराधिकारी घोषणा, राष्ट्रवासी ऋणी हुनुपर्ने, योगीजीका उपदेशहरू, हुँदै बाइसौं सर्गमा योगीजी पञ्चतत्वमा विलीन भएसम्मका मुख्यमुख्य कुरा यसमा परेका छन् । कवि र काव्यगत थप वैशिष्ट्य जान्न पहिलो सर्गको पहिलो र अन्तिम सर्गको अन्तिम पद्य हेर्न सकिन्छ-

(अ)ओम् श्रीश्री गणनाथको शरणमा आएँ म ता भिक्षुवत् ।
ओम् श्रीश्री सतशारदा भगवती हाँस्नोस् सदा पुष्पवत् ।।
ओम् श्री गोरखनाथको चरणमा मैले गरें दण्डवत् ।
श्रीसर्वेश्वरको कृपा बनिरहोस् यो दासमा पुत्रवत् ।।

(आ)असाध्य चोखो छवि त्यो बनायौ
जाज्वल्यमानी रविभैं उदायौ ।
त्यो प्रेम श्रद्धा नद भैं बगायौ
हौ अंश जस्का उसमै बिलायौ ।।

उपर्युक्त दुवै महाकाव्यमा पर्न गएका कतिपय अर्थालङ्कार, ध्वन्यात्मकता, शान्तरसमय भावप्रवाह, सरलशैलीमय वर्णन, सर्गान्तमा छन्दपरिवर्तन आदिको प्रभाव विशिष्ट रहे पनि महाकाव्योचित प्रौढ भाषा र नाटकीयताको अभाव, छन्दोबन्धनको शैथिल्य, भाषिक अशुध्दि र छपाइ प्रविधिका कमजोरी जस्ता कुरामा अन्यान्य कतिपय महाकाव्यमा भैं यिनमा पनि सुधार हुन सकेको छैन, तापनि राष्ट्रसन्त र राष्ट्रगुरूप्रतिको कविवाणीगत रतिभाव ओजनदार रहेको हुनाले महाकाव्यकारको प्रयास र महाकाव्यको उचाइलाई अन्यथा भन्न मिल्दैन । यिनको 'प्रश्नोत्तरी महाकाव्य' प्रकाशन हुन बाँकी देखिन्छ ।

**१४. होमनाथ पौडेल (हिमांशु) (२००६)**

कास्कीको सल्यानकोट, माथिघर देवीप्रसाद र तारादेवीका पुत्ररत्नका रूपमा जन्मेर चितवनको भमनपा-१० मा बसोवास गरी सामाजिक सेवा र प्रजातन्त्रवादी राजनीतिमा विशेष मोह राख्ने कवि पौडेलका पाँचवटा जन आन्दोलनलगायत गीतसङ्ग्रहपश्चात् एउटा खण्डकाव्य र नेपालका विभूतिहरूको बयानमा आधारित एउटा र अर्को आफ्नै कुलमा पतिसँगै सती गएकी हीराका बारेमा लेखिएको समेत गरी दुई महाकाव्य प्रकाशित भएका छन्-

**क)'विभूति दर्पण' महाकाव्य** (२०६२)

यो उनको प्रथम र चितवनको दोस्रो शास्त्रीय छन्द एवं लोकलयमा आबध्द ऐतिहासिक महाकाव्य प्रकाशित भएको छ । सर्गका बदला बिसौनी भनिएको र २७ बिसौनी र १०९३पद्यमा विस्तार गरिएको यस ऐतिहासिक महाकाव्यमा शाहवंशको देन, भीमसेन र माथबर सिंह, दरबारिया षड्न्त्र, राणाशासनको उदय, क्रूरता, रसमापन, नेपाल राष्ट्रका निर्माता वीर शहीदहरू शुक्रराज शास्त्री, धर्मभक्त, दशरथचन्द-प्रेमिका जुलिया, गङ्गालाल, कृष्णप्रसाद कोइराला, विश्वेश्वर कोइराला आदिको क्रान्तिकारी गाथा एवम् एकीकरणदेखि प्रजातन्त्रकाल २००७ वा राणाशासनको अन्तसम्मको राजनीतिक परिवेश र प्रजातन्त्रप्राप्तिलाई मुख्य विषयवस्तु बनाइएको छ । महाकाव्यका आद्यन्त पद्यबाट भाव-शैली आदिको अध्ययन गर्न सकिन्छ-

(अ) भवानीका स्वामी गिरिउपर बस्ने शिखरमा
उमा भर्ता शम्भो शिव म त परें है शरणमा
ठुला हाम्रा द्यौता पसुपति तिमी हौ मुलुकका
सबै नेपालीको शुभ गरिदिने देश भरका

(आ)दया माया हाम्रो अतुल धन हो राख मनमा
सबैको प्यारो यो तन जतन गर्दयौ भुवनमा
सबै भाईभाई पर जन कुनै छैन मनुजै
सबै बाँचून् खाऊन् भनि मत भुकें है विनित भै

**ख) हीरा सती महाकाव्य**(२०८०)

यो महाकाव्य चितवनमा के नेपालमै लेखिएका

इनेगिने महाकाव्यमध्ये पर्दछ किनकि लोकलय, शास्त्रीय छन्दलाई अँगालेका झन्डै ६००० पद्य भएको यो १०८ सर्गमा विभाजित छ, ए-फोर साइजका १०३० पृष्ठ छन् । हीरा र डासु(दामोदर) नायक-नायिका रहेको यस महाकाव्यमा यिनीहरूका पुर्खाको बयान, जन्म, बाल्य, विवाह, अध्ययन, गार्हस्थ्य, पिताको निधन, मुखियाली भारागमन, सन्तानको बिहेदान-छुट्टभिन्न, आफू अलग्गै बस्दा मुक्तिनाथ तीर्थयात्रा, सो क्रममा हीराले पं.डासुबाट भारतमा मुगल आक्रमण र युद्ध, जोहराबाईको सङ्घर्ष र सतित्त्व रक्षणार्थ कैयौं नारीको अग्निप्रवेश बारे जानकारी लिन्छिन् भने घरमा सप्ताह लगाउँदा र तीनधाम-चाधाम तीर्थ गर्दा सबै सतीबारे जानकार हुन्छिन् । यस्तै भागवतलगायत सबै पूराणमा देखिएका सबै सती नारीको पतिव्रताधर्म बारे जिज्ञासा र ज्ञान हासिल गर्छिन् र बाँकी रहेका सतीबारे नेपालका तीर्थयात्रा गर्दा अवगत हुन्छिन् । अनि आफू पनि पतिसँगै सती जाने निधो गर्छिन् र जान्छिन् पनि । यस महाकाव्यमा देखिने पतिभक्ति, आध्यात्मिकता, धार्मिक प्रवृत्ति, सांस्कृतिक लोकसांस्कृतिक जागृति, शास्त्रीय, पौरणिक र ऐतिहासिक सतीगाथा सत्य, त्रेता, द्वापर र कलियुगको प्रतिनिधित्व हुने गरी बयान गरिएको छ । यद्यपि सतीप्रथा कानुनतः सकिएको छ, तथापि सतीहरू अहिले पनि छन् र सतीधर्म पालनागरिरहेका हुन्छन् । अतः यो सती र सतीप्रथामाथि व्यापक पौराणिक ऐतिहासिक वृत्तान्त पेस भएको बृहत् महाकाव्य हो । यसका पनि आद्यन्त पद्य हेर्नु जरुरी हुन्छ-

(अ)हिमवत्खण्डमा पर्ने महत्तम हिमालको
कैलाश शिवको बास आधार सत्यधर्मको
उज्यालो हँसिलो आभा आनन्दित दिगम्बर
चन्द्रमा शिरको शोभा कर्पूरे मुखमण्डल

(आ)मुमा यस्ती जिज्यू रज रगत वंशी हुन गयौं
यसैले गर्दामा जनम नरमा धन्य सब छौं
तिमी देवी माता दिल जगतमा आसन दियौं
विराज्दैछ्यौ मन्मा दिनदीन भज्यौं हर्षित भयौं

चितवनका महाकाव्यकार चौध जना छन् भने यिनीहरूका महाकाव्य उन्नाइसवटा छन् । यीमध्ये पाँच जनाले दुईदुईवटा महाकाव्य लेखेका छन् भने एक जनाले अन्य बाह्र जनासँग मिलेर एउटा संयुक्त महाकाव्य लेखेका छन् । महाकाव्यका अध्यायविन्यास गर्दा कतिलाई गति, सर्ग, बिसौनी र पत्रमा तथा एउटामा कुनै विभाजन गरिएको छैन भने दश, तेह्र, सोह्र, सत्र, बिस, छब्बिस र सत्ताइस-सत्ताइस तथा १०८ सम्म सर्ग रहेका छन् । आकार-प्रकारले सबै डिमाई साइजका छन् भने १२० देखि ३६८ पृष्ठसम्मका छन्, तर एउटा चाहिं १०३०पृष्ठ र एफोर साइजमा रहेको छ । दुई महाकाव्य सचित्र छन् भने एउटा आंशिक चित्रयुक्त छ । महाकाव्य प्रायःविविध शास्त्रीय छन्दोबध्द छन् भने अन्य केही आंशिक लोकछन्दमा, अर्को एउटा शास्त्रीय छन्द-लोकछन्द र गद्यलयमा तथा तेस्रो मुक्तलय र आंशिक शास्त्रीय र लोक लयमा रचिएको छ, तर दुईवटा चाहिं केवल दुईदुईवटा शास्त्रीय छन्दमा रचित छन् । । महाकाव्यहरू शृङ्गार, वीर, करुण, शान्त आदि रसयुक्त र वैदिक, पौराणिक, ऐतिहासिक, सामाजिक, राजनीतिक-वैचारिक र प्राकृतिक र व्यक्तिचरित्रप्रधान विषयवस्तुयुक्त छन् तर दुईवटा शहीदसम्बध्द छन् । उपजीव्यताका दृष्टिले एउटा ऋग्वेद, एउटा रामायण दुईवटा पौराणिक, एउटा आंशिक पौराणिक, एउटा जीवित चरित्र र चारवटा ऐतिहासिक तथा दुईवटा प्रकृतिमय छन् भने आठ शीर्षकले शुध्द र मिश्रित पुरुष प्रतिनिधित्व गर्छन् । एउटा महाकाव्यका अन्तमा 'महाकाव्यका आधारभूत तत्त्वहरू', अर्को एउटामा' केही प्रयुक्त शब्दावली', अर्को एउटामा 'सन्दर्भ सामग्री', अर्को दुईटामा 'उपसंहार' परिशिष्ट खण्ड र अर्को एउटामा व्यक्तिवृत्त पनि राखिएको छ । यिनै महाकाव्यकारका पाँचवटा महाकाव्य त अप्रकाशित नै देखिन्छन् भने एकै वर्षमा एउटै स्रष्टाका दुई चरित्रप्रधान महाकाव्य पनि आएका छन् । एउटा चाहिं नेपालीभन्दा भिन्न भाषा संस्कृतमा रहेको छ र यसमा पनि परिशिष्ट र चित्र समाविष्ट छन् । केवल दश सर्गको एकमात्र महाकाव्य रहेको छ भने शोकविषयप्रधान एउटामात्र छ । एउटा बाहेक सबै महाकाव्यमा भूमिका-मन्तव्य,

शुभ कामना आदि रहेका छन् भने एक जनाले त सातवटा महाकाव्यमा यस्तो लेखन गरेका छन् । अर्का एक जना महाकाव्यकारले नै छवटा महाकाव्यमा भूमिका-शुभकामना लेखेको देखिन्छ, उनकैमा कसैको भूमिका छैन, तर सबैले आत्मकथन राखेको देखिन्छ । शीर्षक विविध विषयव्यापी छन् तापनि पाँचवटा नारीमय छन् भने दुईवटा पुरुषसँग युगल भएर आएकाले यो सङ्ख्या सात पुग्छ । दुई पौराणिक पुरुष, तीन स्थाननाम, चार भाव वा अमूर्त विषयी शीर्षक छन् । अन्तमा चितवन विशिष्ट साहित्यिक महाकवित्वको उचाइ छुनसक्ने प्रतिभाहरूको सङ्गमस्थल हो भन्ने कुरा छर्लङ्ग हुन्छ । यद्यपि रचिएका वा रचिँदै गरेका महाकाव्यको तथ्याङ्क उपलब्ध हुन सकेको छैन तापनि यो क्रम दिनप्रतिदिन बढ्दो छ । यसबाट जिल्लाको गौरव र राष्ट्रिय रूपमा महाकाव्य गणना र मूल्याङ्कनको अवस्थामा चितवनको देन अग्रणी हुनसक्ने पर्याप्त सम्भावना छ तथापि महाकाव्य आकारप्रकार र रहरले मात्र होइन, महाकाव्यजस्तै हुन चाहिं धेरै महाकाव्यकारले हीरा फोर्न पर्ने देखिन्छ । यस अवस्थामामात्र यो नियम लागु हुनेछ- "महाकाव्यस्य यो कर्ता स महाकविरुच्यते । "


**सन्दर्भ सामग्री**ः

आमोदी, केशवराजः(२०८१)
पूर्वी चितवनको साहित्यिक अभिरेखाङ्कन' (पृ.९८-१२४)
रत्नप्रभा(मुखपत्र), चितवनःरत्ननगर वाङ्मय प्रतिष्ठान, रनपा ।
खनाल, नारायणप्रसादः(२०७८)
भरतपुर महानगरका काव्य-खण्डकाव्य र महाकाव्यको सर्वेक्षण (पृ.११६-१३४)
महानगर साहित्य दर्पण, चितवनःभरतपुर महानगर पालिका ।
थापा, हिमांशुः (२०४७)
साहित्य परिचय (ते.सं.), ललितपुरः साझा प्रकाशन ।
द्विवेदी, पारसनाथः(२०४२)व्याख्याकार,
अग्निपूराणोक्तं काव्यालङ्कारशास्त्रम्, वाराणसीःसम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।
शर्मा काफ्ले, मणिरामः(२०७७)' विभूति दर्पण' महाकाव्यको विवेचना (पृ.४७-७७)
अन्वेषण र विश्लेषण(समालोचनासङ्ग्रह), नवलपरासीःत्रिवेणी साहित्य परिषद् ।

卐

समीक्षा

# "महानगर साहित्य दर्पण-२" को सङ्क्षिप्त सर्वेक्षण



पूर्णप्रसाद अधिकारी*

**आमुख**

वि.सं. २०७२ को संविधान आएपछि देश सङ्घीय संरचनामा गएपछि सात प्रदेश, ७७ जिल्ला, ७५३ स्थानीय निकायको व्यवस्थापन भयो । तदनुरूप नगरपालिका र महानगरपालिकास्तरमा साहित्य, कला र संस्कृतिको उन्नति र प्रगतिका निमित्त स्थानीयस्तरमा ' प्रज्ञा परिषद्' गठन हुन पुगेका छन् । यसै सन्दर्भमा २०७८ सालमा भरतपुर महानगरपालिकामा 'भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान' को जन्म भएको छ । यो प्रतिष्ठानभित्र कुलपति, उपकुलपति, सदस्यहरू र सदस्य सचिवसहित ३१ जनाको कार्यसमिति रहेको छ । यो समिति सम्भव भएसम्म समावेशी खालको बनाउने प्रयास पनि भएको छ । यसले राष्ट्रियस्तरको कविता प्रतियोगिता गराउने, महानगर साहित्य दर्पणको प्रकाशन गर्ने, न्यूनतम २५ हजार ७८ देखि अधिकतम १ लाख ७८ रूपैयाँसम्मको पुरस्कार वितरण गर्ने, विभिन्न समिति तथा उपसमिति निर्माण गरी सबै पक्ष समेटेर काम गर्ने, साहित्यकार, कलाकार वाङ्मयकोशको निर्माण गर्ने उद्देश्य राखेर तदनुरूप काम गर्दै आएको पनि छ । २०८० आषाढ १३ गते बुधवारका दिन महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नरेन्द्रकुमार रानाको 'एकल कविता वाचन' र महानगर साहित्य दर्पण भाग २ को विमोचन भयो । एउटा भव्य र सभ्य समारोहमा रोचक तथा रागात्मक रूपले विमोचित कृतिको समीक्षक उदय अधिकारीको मौखिक टिप्पणी भयो भने यसभित्रका सामग्रीहरूको प्राप्ति र अप्राप्तिका साथ कृतिहरूमा निहित समीक्षकीय विवरण यस आलेखमा हुनेछ ।

**'महानगर दर्पण भाग २' को भौतिक स्वरूप**

जर्नल आकारको यस महानगर साहित्य दर्पण भाग २ भित्र १२ पृष्ठ अगणनीय र २०८ पृष्ठ गणनीय रहेका छन् । चितवनको महानगरभित्र सबै पक्षको भौतिक स्वरूपलाई परिचित गराउने चार रङ्गको आवरण पृष्ठका कलाकार प्रकाश थापा हुन् । पछिल्लो आवरणमा चितवनलाई ऐतिहासिक रूपमा चिनारीको वाङ्मयिक सामग्री स्वरूप तीनवटा ऐतिहासिक कृतिहरू - चितवनको सन्दर्भमा लेखिएको पहिलो पुस्तक कृष्णबम मल्लको रापती उपत्यका (२०१४), थारु भाषामा लेखिएको चितवनकै पहिलो लोककथासङ्ग्रह कलानाथ अधिकारीको जितिया पावनी (२०१६) र चितवन हाइस्कुलबाट प्रकाशित चितवनकै पहिलो साहित्यिक पत्रिका चितवनको चिनो (२०२१) को प्रमाणित चित्र विद्यमान रहेका छन् । पछिल्लो आवरण सौजन्यका सूत्रधार डी.आर. पोखरेल हुन् ।

यस दर्पणमा ५५ प्रकारका सामग्रीहरू यसमा समावेश छन् । समीक्षाको क्रममा विद्यमान सामग्रीहरूमा गीत; गजल र कविताकाव्य, कथा (नेपाली र थारु भाषामा समेत), समीक्षा, समालोचना, निबन्ध र यात्रा संस्मरण, धर्म; संस्कृति र दर्शन, शिक्षा, स्रष्टापरिचय, परिचर्चा, आत्मकथा, प्रतिवेदन, शैक्षिक आलेख, अनुभूति, जातिपरिचय, प्रतिभा पहिचान, नारी कलाकारपरिचय, पर्यटन, चिनारी, पत्रकारिता १५७,

* *त्रिवि, वीरेन्द्र क्याम्पसका निवृत्त सहप्राध्यापक*

मोती जयन्तीमा आयोजित कविता प्रतियोगिताका उत्कृष्ट रचनाहरू, ८७औँ भूपी जयन्तीका अवसरमा आयोजित उत्कृष्ट काव्यरचनाहरू, भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा-परिषद् तथा विधागत समितिहरूको विवरण तथा सम्पर्कसूची, भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ऐन-२०७८, भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका मान; सम्मान र पुरस्कार तथा स्रष्टा सम्मान कार्यविधि-२०७९, पत्रपत्रिकामा प्रज्ञा-प्रतिष्ठान रहेका छन् ।

## समीक्षकीय विषय सामग्रीहरूको विश्लेषण

**(क) कविता (काव्य) समीक्षा**

यस महानगर साहित्य दर्पण भाग २अन्तर्गतको प्रेमविनोद नन्दनको 'जिन्दगीको यात्रा' शीर्षकमा १४ पङ्क्तिको गहन विषय र भावसौन्दर्यले भरिपूर्ण कविता रहेको छ। गोविन्दराज विनोदीको 'नेपालजस्तै कविता म लेखूँ' शीर्षकमा २० पङ्क्तिको पाँच श्लोके कविता रहेको छ । यसभित्र समग्र नेपालको सौन्दर्य प्रस्फुटन भएको छ । जसमा नेपाली जीवन, युग, समय, समाजका साथै समग्र राष्ट्रिय एकता, अखण्डता र सांस्कृतिक समन्वयलाई समेटेर पृथ्वीकै स्वर्गजस्तो कविता लेख्न सकूँ भन्ने इच्छा व्यक्त भएको छ।

नरेन्द्रकुमार राना भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्यका साथै यस महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पनि हुन् । 'हाय ! धन्य छ समय' शीर्षकमा गद्यलयमा आधारित २५ पङ्क्तिको कविता छ। समयलाई बिम्ब बनाएर व्यक्ति जीवनका समग्र परिस्थितिहरूलाई यसमा मूल्याङ्कन गरिएको छ। अर्का कवि खनाल रेवतीरमण हुन् । 'म समय हुँ' शीर्षकको ४० पङ्क्तिको मुक्तकीय झट्का दिने कविता रहेको छ । यसभित्र समयको शक्ति, महत्त्व, युग, समाज म नै हुँ, त्यसकारण समयलाई पहिचान गर्नका लागि मान्छेलाई आग्रह गरिएको छ । 'गाउँको कविता' शीर्षक दिई कविता लेख्ने कवि हुन् - चिसापका उपाध्यक्षसमेत रहेका कवि गणेश श्रमण । गाउँ नै गाउँको देश नेपाल भए पनि वर्तमानको अवस्थाले गाउँलाई उपेक्षा गरेको धरातलीय यथार्थतालाई कवितामार्फत् व्यक्त गरिएको छ।

'निष्ठा' शीर्षकको कविता शिवहरि पण्डितको छ । ५ श्लोकको छन्देली कवितामा मानवको चरित्र निर्माणमा निष्ठाको पालना आवश्यक छ । निष्ठाको खडेरी पर्दै गएको वर्तमान अवस्थालाई रेखाङ्कन गर्न खोजिएको छ। तुलसी पण्डितको 'चम्पानगरी' शीर्षकको छन्देली कविताभित्र चम्पानगरको समग्र सौन्दर्यलाई समेट्ने काम भएको छ। 'प्रज्ञातिर' शीर्षकको कविताका कवि होमनाथ घिमिरे हुन् । यसमा भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानको कर्मशीलता, स्रष्टासिर्जनाको उन्नयनका साथ प्रतिष्ठान रचनात्मक कार्यमा निरन्तर लागोस् भन्ने शुभेच्छा छ। 'ग्रीष्म-सत्ता'का कवि हुन् - पदम अर्याल। १६ पङ्क्तिको ८ श्लोक अनुष्टुप छन्दको कवितामा ऋतुकालीन समयको चित्रण छ।

'यात्रा' शीर्षकमा सरला जोशीको गद्यकविता छ। यसमा व्यक्तिजीवनको सङ्घर्षमय यात्राको क्रममा जन्मदेखि मृत्युपर्यन्तका पीडा, चोट, भाव, गरिबी, प्राकृतिक प्रकोप, कोरोना, वैदेशिक यात्राबाट मृत्युको बाकसमा आउनु पनि नियतिसम्मका विषय यसमा छन्। बनावटीपनरहित रूपमा कविता प्रवाहित भएको छ । 'म शिक्षक हुँ' कविताका कवि होमनाथ भण्डारी हुन् । गद्यलयको यो कवितामा ज्ञानको ज्योति जागृत गराउने कैवल्य समर्पणको चित्रण छ। 'प्रतापको देशमा' शीर्षक केन्द्रित भई गद्यलयको कविता लेख्ने सुरेन्द्र अस्तफलको गाईजात्रालाई प्रतीक बनाएर देशको सर्वनाश गर्ने राजनैतिक दलहरूको चर्तिकला र सत्तालिप्साको चित्रण गरिएको छ। मोती जयन्तीमा सुनाइएका कविताहरूमध्ये

'अहङ्कारको आयु लामो हुँदैन' समस्यापूर्तिको शैलीमा रहेको थियो । त्यस्तो कविताहरूको सङ्ख्या २० रहेका छन् जसमा गोरखाका कवि नारायण पोखरेल प्रथम भएका थिए । दोस्रो स्थान प्राप्त कवि कृष्णप्रसाद उपाध्याय हुन् । यो कविता पौराणिक, लौकिकी र प्राकृतिक बिम्बहरूको सुन्दर समायोजन छ । तृतीय हुने देवघाटका कवि ओमप्रकाश खरेल हुन् । ईर्ष्या, डाहा, घमण्ड, लोभ, मोह वर्तमानको सर्वोच्चता, धनको घमण्ड र मानसिक अशान्तिलाई अहङ्कारको उपकरण मानिएका छन् । प्रतियोगितामा सान्त्वनाबाट पुरस्कृत हुने चेतना वाग्ले, भरतपुर हुन् । यो कवितभित्र हिमाललाई प्रतीक बनाई ती सबैको भूमिकामाथि अहङ्कारको बिम्बमा समेटिएको छ । हेटौँडा निवासी दोस्रो सान्त्वना पुरस्कार प्राप्त कवि हुन् । यसमा पैसा, मोज, बाबा, आमा, गाई, गधा, प्रकाश, अन्धकार, धाक-धम्की, रवाफ, भोक, प्यास, प्रेम, दम्भ, धनी, गरिब, समान-असमानका विषयवस्तुका बिच ५ श्लोक २० पङ्क्तिमा सुन्दर भावना समेटिएको छ ।

बाँकी १५ वटा कविताहरू वाचन छनोटमा चयन गरिएका छन् । शीर्षक उही हुनु र विषय, सन्दर्भ, प्रसङ्ग दम्भ र अहङ्कारसँग जोडिनु, सबै कवितामा ईर्ष्या र अहङ्कार रहेको छ जसमा कृष्णप्रसाद पोखरेल इच्छाकामना गाउँपालिका चितवन, कृष्णप्रसाद न्यौपाने ठेगाना छैन, गौतम मनिष देवघाट, टङ्कराज ढकाल (तीतेपाती) गैँडाकोट, नवराज अधिकारी ठेगाना विहीन, नारायण मुडभरी तनहुँ, प्रवीण काफ्ले ठेगाना नभएको, मीरा तिमिल्सिना 'धरा' भरतपुर, विमला अधिकारी देवकोटा काठमाडौँ, स्पन्दन विनोद भक्तपुर (हाल पोर्चुगल), श्रीधर पाण्डेय 'अनुज' भरतपुर, श्रीरेन्द्र प्रकाश पोखरेल कुरिनटार, हरिप्रपन्न शर्मा भरतपुर मुख्य छन् ।

यसैगरी ७८औं भूपी जयन्तीको अवसरमा भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानद्वारा मिति २०७९।० ९।१६ गते आयोजित राष्ट्रव्यापी खुला प्रतियोगिताका उत्कृष्ट काव्यरचनाहरू समावेश गरिएका छन् । यसमा शीर्षक तोकिएको छैन र प्रत्येक कविता आ-आफ्नै मौलिक कविताहरू छन् । जसको विवरण निम्नानुसार रहेका छन् :

'असहमतिको दस्तावेज' शीर्षकका कवि यज्ञप्रसाद न्यौपाने 'दीपक' देवदह-२, रूपन्देही निवासी हुन् । गद्यलयमा रचना गरिएको सङ्घर्ष र पीडाका बिच जिजीविषाको अपेक्षा गर्नु यसको सार सन्देश हो । प्रतियोगितामा दोस्रो हुने उत्कृष्ट कवितामा 'आमा' शीर्षकको सुजन थपलिया, ककनी, नुवाकोटको रहेको छ । मन्दाक्रान्ता शास्त्रीय छन्दको यो कविता अत्यन्तै शक्तिशाली कविताभित्र पर्दछ । आमाका माध्यमबाट कवितात्मक सौन्दर्य मापन भएको छ । आफ्नो जीवन र कर्मशीलता आमाकेन्द्रित हुनु, आमाकै समर्पणमा आफ्नो जीवन उत्सर्ग गर्न चाहनुमा कविताको सौन्दर्य निहित छ। 'पेन्सन' शीर्षकको कविताम राधिका कल्पित काठमाडौँ प्रस्तुत भएकी छिन् । अवकाशप्राप्त सैनिकले प्राप्त गर्ने निवृत्तिभरण र लोग्नेको त्यही निवृत्तिमा आश्रित पत्नीका संवेदना यसमा समेटिएका छन् ।

चौथो र पाँचौँ कवितालाई यहाँ प्रोत्साहन भनिएको छ । यो एकप्रकारको सान्त्वना पनि हो । ' चिहान खनिएको मान्छे' शीर्षकको कविता जनक कार्की तानसेन, पाल्पाद्वारा रचित कविता हो । यो पर्यावरणीय कविता हो । पृथ्वी, हावा, हिमाल आदि बिम्बबाट प्रदूषणयुक्त मानवीय जीवनलाई पर्गेल्ने प्रयास भएको छ । 'दुर्गा भवानी उठ !' यो सान्त्वनाको पाँचौँ नम्बरको कविता हो । यो कविताभित्र चेलीहरूको बलात्कारजन्य पीडालाई सहनुपर्ने आमाको मनोदशा र अचुक शक्ति भई बलात्कारी विरुद्ध प्रतिकार गर्न तत्पर रहने नारीशक्तिको माग भएको छ । कवितामा यसको रचनाकार नारायणी

अधिकारी तनहुँ रहेकी छिन् । 'चिठी' - अरूण ढकाल ' अनुराग' गोर्खा, 'चुन्नुलालको नागरिकता' - आर.पी. गाउँले आठराई, तेह्रथुम, 'रात पनि अनिदौं बसेको रात' - उमेश पुन रुकुम पश्चिम, 'गाग्री' - तीर्थराज विश्वकर्मा धरान, सुनसरी, 'मातृसत्ता' मीना रिमाल भरतपुर, वैदिकनगर, 'दुवौ' - रचना शर्मा नारायणगढ, चितवन, 'देश बनेन' - रमेश भट्टराई 'सहृदयी' तेह्रथुम, 'झुक्न दिन्न गौरव' - शारदा भट्टराई विराटनगर, मोरङ, 'महाभिनिष्क्रमण' - सन्तोष घिमिरे भरतपुर-११, चितवन, 'पैंचो' - सरला रेग्मी रौतहट रहेका छन् ।

**(ख) गीत/गजल समीक्षा**

गीतकार गायत्री श्रेष्ठको गीतभित्र अनेक प्राकृतिक बिम्बहरूलाई उपयोग गर्दै जीवन, समग्र प्राप्ति र अप्राप्तिसमेत प्रकृतिमा नै समर्पण गर्ने मानवतावादी, प्रकृतिवादी एवम् राष्ट्रवादी सोचका भावहरू समावेश भएका छन् । अमृता रामदाम र किसान प्रेमी एक-एक जना गीतकार तथा गजलकार रहेका छन् । रामदामको गीतमा आफ्नो नाम मात्र होइन संसारभरकै मातापिताका प्रति उच्च र अमूल्य सम्मान प्रकट गर्दै ज्ञानको चेतनाभित्र सर्वाधिक महत्त्व दर्साइएको छ । रामदामको गीतको शीर्षक 'चारू' रहेको छ यस गजलमा ठुलाले सानोलाई हेप्नु, सधैं एक्लै हिँड्नुपर्ने नियति देखिनु, गहिराइमा नगई प्रत्येक विषयलाई छलछाममा लिनु, नैतिक स्खलन भएका पात्रसँगै कल्याण गर्नेहरूप्रति पनि ईर्ष्यालु जलेका छन् भन्ने सन्देश दिनु यस गजलको सार रहेको छ ।

**(ग) कथा समीक्षा**

महानगर साहित्य दर्पण-२ मा तीन नेपाली भाषा र एक थारू भाषाका कथाहरू छन् । अमर न्यौपानेका 'उमेरचक्र' शीर्षकको कथा छ । जसमा सरल भाषाशैलीमा समवेदना जागृत गराउन कलाचेतना यस कथामा छ । बालसुलभ जिज्ञासा युवा अवस्थामा विचार परिपक्व हुँदै जान्छ भन्ने सन्देश छ । यसमा आमा, छोरी, दाजु र बाबासँगै छोरीको साथीको चर्चाले प्रणय र अनुरागको प्रतिनिधित्व गर्दछ । प्रकाश चापागाईँका कथा 'हुतराज' वर्तमान युवापुस्ता वैदेसिक रोजगारीको भूत चढेको स्थितिका बिच मृत्युशयामा छट्पटिएको बाबालाई भेट्न त आएन नै मरिसकेपछि पनि नआउने द्रव्यपिपाशु सन्तानको धरातलीय यथार्थलाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । कथामा छोराको उन्नतिका लागि हुतराजले गरेको समर्पण नाम अच्युत भए पनि कर्तव्यच्यूत छोराको चर्तिकला आदि घटनाहरूले वर्तमान पुस्ताले अभिभावकलाई जीवित अवस्थामा त हेरचाह त गरेनन् नै मृत्युपश्चात् पनि कर्तव्य पूर्ण नगर्ने त्यस्ता सन्तान धर्तीकै बोझ हुन् भन्ने सन्देश यसमा छ ।

'निस्तो गन्तव्य' कथाकी कथाकार शान्ति शर्मा हुन् । आमासँग सम्बन्धविच्छेद भए पनि छोरीको भविष्य निर्माणमा पिताको भूमिकालगायतका घटनाक्रमहरूले निस्तो गन्तव्य भनिए पनि सुनिश्चित गन्तव्यतर्फ कथाको गति बढीरहेको प्रतीत हुन्छ । 'परिनाम' कथाका लेखक मनोज थारु 'अज्ञात' हुन् । यो थारु भाषाको कथा हो । छोरीलाई उपेक्षा गर्ने र छोरालाई मात्र प्राथमिकता दिने होइन भन्ने कुरामा कथाको सन्देश निहित छ ।

**(ज) संस्मरण र आत्मकथा**

यी दुई साहित्यिक विधा संस्मरणात्मक सामग्री भएका कारण एउटै विधातात्त्विक हिसाबले विवेचना गरिने छ । 'चितवनका साहित्यिक संस्मरणहरू' शीर्षकमा घनश्याम पौडेलको लामो लेख रहेको छ । जसभित्र केही पुराना र नयाँ लेखक साहित्यिक संस्था र पत्रपत्रिकाको पनि नामोच्चारण गरिएको छ । समग्रमा चितवनका साहित्यिक संस्मरणमा अपाङ्ग भए पनि सूचनामूलक जानकारी दिइएको छ । श्रीभक्तअच्युत वाग्लेको 'चुरोटको धुवाँले तर्सेको मेरो बाल्यकाल' शीर्षकको संस्मरणमा बाल्यकालीन समय र चेतनाको अनुभूतिलाई

इमान्दारितापूर्वक व्यक्त गरिएको छ । संस्मरणको आञ्चालिक परिवेश आफ्नो पढाइ, बहुविवाहको चर्चा, छोरालाई महत्त्व दिने सामाजिक प्रतिष्ठा, आफ्नो पारिवारिक विवरण, साथीको लहैलहैमा चुरोट खाएर उल्टी गरेको घटना, तत्कालीन समयको पुराना संस्कारजनित क्रियाकलापसँगै आमालाई वास्तविक घटना नभएको कुरासमेत यो सामग्रीमा आएका छन् । 'आत्मकथा' शीर्षकमा पूर्णप्रसाद अधिकारीको जीवनयात्राका पहेलीहरू शीर्षकमा लेख रहेको छ । बाल्यकाल, उच्चशिक्षा र क्याम्पसमा प्राध्यापनरत हुँदा भोगिएका समग्र घटनाक्रमहरूलाई इमान्दारिका साथ प्रस्तुत गरिएको स्थिति छ ।

**(झ) समीक्षा/समालोचना**

यस विधामा डा. एकनारायण पौडेल, कपिल अज्ञात, प्रा.डा. नारायणप्रसाद खनाल, डा. धनेश्वर भट्टराई, महेन्द्र पौड्याल, रञ्जना लामिछाने, रमेश प्रभात, रह शर्मा गरी आठ जनाका समीक्षा सामग्रीहरू छन् । यी सबैको सूत्रात्मक समीक्षा यसमा हुने छ । 'महानगर साहित्य दर्पणको परिचयात्मक टिप्पणी' शीर्षकमा डा. एकनारायण पौड्यालले भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित प्रथम अङ्कको समालोचना गरेका छन् । 'बुलेट नम्बर पाँच काव्यमा चेतनामूलक स्वर' शीर्षकको समीक्षाका लेखक कपिल अज्ञात रहेका छन् । काव्यमा आजसम्म भएका क्रान्ति निरर्थक रहेको निष्कर्षलाई कविले उच्च काव्यसौन्दर्यचेत व्यक्त भएको अवस्था छ । विभिन्न छन्दको प्रयोग गर्दै यो कविको उच्चस्तरीय काव्य मानी मूल्याङ्कन गरिएको छ ।

'चितवनका शोककाव्य : सङ्क्षिप्तावलोकन' शीर्षकमा प्रा.डा. नारायणप्रसाद खनालले खण्डकाव्य र शोककाव्यको सैद्धान्तिक विवेचना गर्दै नेपाली शोककाव्यको समीक्षा गरेर उच्चतम विद्वत्ता अभिव्यक्त गरेका छन् । कृतिभित्रको सबैभन्दा गहन समीक्षकीय सामग्रीका रूपमा यसलाई लिन सकिन्छ । 'प्रज्ञा-प्रतिष्ठान प्रदत्त प्राज्ञिक सम्मान तथा पुरस्कारहरू' शीर्षकमा डा. धनेश्वर भट्टराईले प्राज्ञिक चेतना र प्रतिभाको परिचय दिँदै नौवटा पुरस्कारको परिचय दिई प्रतिष्ठानको यस्तो सुकर्मका लेखमार्फत् उच्च मूल्याङ्कन गर्ने काम भएको छ । 'भरतपुर महानगरपालिका वर्ष पुस्तक-२०७८' शीर्षकको आलेखमा यस वर्षभरि प्रकाशित साहित्यिक कृतिहरूको बारेमा लेख्ने लेखक रमेश प्रभातले कृतिको विषयवस्तु पहिचानको आधारसँगै महानगरको पुस्तकालयमा दर्ता भएका पुस्तकलाई आधार बनाउनु, तीन शीर्षक परिचयात्मक हुनु, २२ वटा विभिन्न कृतिहरूको सूत्रात्मक समीक्षण गर्नु, बैठानको नामबाट समाप्त गर्नु, यसको सार हो ।

'वर्तमान चितवनको बालसाहित्य' शीर्षकमा केन्द्रित भई लेख्ने रह शर्मा पाँच शीर्षकहरूमा चितवनको बालसाहित्यलाई सर्वेक्षणको मसला बनाएका छन् । बालसाहित्यसँग जोडिएका धरातलीय यथार्थताको राम्रो विवेचना यसमा छ । समग्रमा चितवनको बालसाहित्यमा सूचनामूलक जानकारी रहेको यो लेख सात पृष्ठको आयतनमा रहेको छ । यसरी साहित्येतर विषय भइकन पनि समीक्षाको सूचीमा रहेको छ । 'स्थानीय सरकार, सुशासन र युवाको भूमिका' शीर्षकमा केन्द्रित भई महेन्द्र पौड्यालले चारवटा उपशीर्षकहरूमा अनुसन्धान केन्द्रित भई स्थानीय सरकार तथा युवाशक्तिको बिच के कस्तो तालमेल आवश्यक छ भन्ने कुरामा विश्लेषणात्मक अध्ययनका साथ देशको आर्थिक समृद्धि र समुन्नतिमा उनीहरूका सकारात्मक सोचलाई अवलम्बन गरिनुपर्दछ भन्ने सारसन्देश यसमा निहित छ । 'अन्य काव्य तत्त्वसँग रीतिको सम्बन्ध : एक परिचर्चा' शीर्षकमा रञ्जना लामिछानेको मात्र शास्त्रीय रूपको सैद्धान्तिक लेख हुनु, १२ वटा उपशीर्षक रहनु, शोधपत्रको शैलीमा अनुसन्धेय विधिका साथ समीक्षा गर्नु, समस्या र निष्कर्षसहित

काव्यलाई प्रभावकारी बनाउने कार्यमा उल्लेख्य भूमिका रीतिको छ भन्ने सन्देश दिनु यसको अभिप्राय हो ।

(ञ) **निबन्ध र यात्रासंस्मरण**

यसभित्र इन्द्र रेग्मी, भूपिन व्याकुल र केदारनाथ खनालका रचना समावेश छन् । यद्यपि महानगर दर्पण भाग २ भित्रका समीक्षालगायत सम्पूर्ण सामग्रीहरू नैबन्धिक ढाँचाअन्तर्गत पर्दछन् । 'भरतपुरदेखि भरतपुरसम्म' का लेखक इन्द्र रेग्मी हुन् । यो निबन्ध भरतपुरलाई केन्द्रविन्दु बनाई संस्मरणात्मक शैलीमा लेखिएको छ । २०१९ सालदेखि वर्तमानसम्मको भरतपुरको भौतिक भूगोल, राजनीति, खानेपानी, शिक्षाक्षेत्र, स्थानीय विकास, पञ्चायत, नगरपालिका र महानगरपालिकासम्म बनेको यो ठाउँलाई लेखकले २०३५ सालसम्मको स्थितिलाई मात्र चर्चाको आधार बनाएका छन् ।

नियात्रास्तम्भभित्र केदारनाथ खनालको 'वैचारिक सङ्गम सीमापारिको साहित्य'मा पाँच दिनसम्मको साहित्यिक यात्रामा भोगिएका अनुभूतिको यथार्थ प्रस्तुति छ । भरतपुरदेखि झापासम्मको यात्राका क्रममा सिक्कम प्रवेश, भुटान-नेपाल र तिब्बतसँग सीमा जोडिनु, आर्य नेपाली र मङ्गोल मूलका जाति भए पनि जातीय र भाषिक दृष्टिले समग्र नेपाली प्रतिनिधित्व झल्किनु, सिक्किम, कालिङपोङ र दार्जिलिङको चौरस्तामा पूर्ण कदको सालिकमा सजिएका भानुसमक्ष गरिएको फोटोसेसनसँग पाँच दिने यात्रामा भोगिएका यायावरीय सामग्रीका रूपमा यसलाई लिन सकिन्छ ।

'प्रकृति संरक्षण र कविता' साढे दुई पृष्ठको आयतन हुनु, कवि र निबन्धकार भूपिन यसका रचनाकार रहनु, निबन्धको प्रकृति विषयपूर्ण मौलिक रहनु, प्रकृतिमाथिको मानवीय अतिक्रमणले समग्र मानव सभ्यतामाथि सङ्कट देखापर्नु, प्रकृति संरक्षणको अभियानमा लागेका अभियानकर्मीहरूके कर्म र उनीहरूको सम्मानमा पुरस्कृत गरिएको विवरण दिनु, कविता आन्दोलनका माध्यमबाट बलशाली बनाउने अभियान चलाउने मनसाय राख्नुसम्मका चिन्तनहरू यस निबन्धमा आएका छन् ।

(ट) **धर्म, संस्कृति र दर्शन**

महानगर दर्पणले धर्म-संस्कृति भनेर स्तम्भ राखेका कारण त्यसैलाई आधार मानेर यो शीर्षक दिइएको छ । जसमा 'भरतपुर महानगरपालिकाको मधेसी हिन्दुहरूको उपस्थिति' यसका लेखक हुन् एन.पी. परिहस्त । नववर्षदेखि चैत्र शुक्ल रामनवमीसम्मका छन् । यिनीहरूको घरधुरी, जाति र जनसङ्ख्याको तथ्याङ्कसँगै पेसा-व्यवसायको चर्चा गर्नु, राष्ट्रिय र स्थानीयस्तरमा ख्यातिप्राप्त व्यक्तित्वका नाम र पेसा उल्लेख गर्नु, सामुदायिक मधेसी सङ्घ-संस्था, पाँच जातीय, सेवा समाजहरू सात आदिको सूचनामूलक जानकारीयुक्त यो सामग्री आफैमा पूर्ण छ । 'दर्शन : सङ्क्षिप्त परिचय' को पोषराज पौडेलले लेखक हुन् । दर्शनको परिभाषा र अर्थसहित आस्तिक र नास्तिक दर्शनको भेद गर्नु, समाज; जीवन र प्रकृतिलाई हेर्ने दृष्टिकोण नै दर्शन हो भनी परिभाषित गर्नु, १० प्रकारका दर्शनको सारमा व्याख्या गर्नु, अन्य दर्शनलाई आस्तिक दर्शन भनिए पनि दर्शन विषयको सूचनामूलक दार्शनिक परिचयका रूपमा यो सामग्री दिएका छन् ।

(ठ) **शिक्षा**

यस स्तम्भमा रमाकान्त सापकोटा, कृष्णप्रसाद पण्डित, डा. केशव चालिसे रहेका छन् । 'भरतपुर महानगरमा संस्कृत गुरुकुल शिक्षा' शीर्षकमा पाँचवटा गुरुकुल शैक्षिक संस्थाको चर्चा गर्नुमा केशव चालिसेको लेखकीय उद्देश्य छ । ती गुरुकुलहरूको स्थान, स्थापना, विद्यार्थी सङ्ख्या, विषयगत विविधताको अध्ययन, सङ्कल्प र उद्देश्य परम्परागत संस्कृत शिक्षालाई नवीनतम, प्रविधिमैत्री बनाएर लैजाने उद्देश्यपरक सुझावका रूपमा यो सामग्री आएको छ । यो स्तम्भको भन्न मिल्ने

कन्या गुरुकुलमअन्तर्गत 'देवघाटको सेरोफेरो नियाल्दा' शीर्षकमा उपशीर्षकविहीन कृष्णप्रसाद पण्डितले यो सामग्री तयार गरेका छन्। यो आलेख संस्था परिचयपरक विषयवस्तु हो। देवघाटको भौतिक स्वरूप, अवस्थाका चर्चासँगै बालिकाहरूलाई मात्र केन्द्रित गरी संस्कृत मूल विषय बनाई शिक्षा दिने-दिलाउने उद्देश्य अभिमत र विधान तथा कार्यसमितिसमेतको चर्चा यसमा छ।

'शैक्षिक गुणस्तर तथा विद्यालय कार्यसम्पादन परीक्षणको विश्लेषण र चितवनका माध्यमिक विद्यालयको स्तर' यस लामो शीर्षकका लेखक हुन् शिक्षाविद् रमाकान्त सापकोटा। शैक्षिक गुणस्तर परीक्षण केन्द्र (इरो) ले निर्धारण गरेको प्रक्रियालाई आधार बनाई १० वटा गुणात्मक मूल्य (मितव्ययिता, पारदर्शिता, सहभागिता, प्रभावकारिता, सन्तुष्टि, योजना, नेतृत्व, व्यवस्थापन, निष्पक्षता, समता र सर्वसुलभता) का आधारमा यो सामग्री विवेचना छ। भरतपुर महानगरमा ४९, रत्ननगर नगरपालिकामा १५, माडी नगरपालिकामा ६, खैरहनी नगरपालिकामा ६, राप्ती नगरपालिकामा ६, कालिका नगरपालिकामा ५, इच्छाकामना गाउँपालिकामा ७ गरी यी सबैको विवरणको विश्लेषण गर्नुमा लेखकीय क्षमताको कदर गर्नैपर्दछ।

**(ड) स्रष्टा परिचय**

यो पनि एकप्रकारको समालोचना हो। स्मारिकामा स्रष्टा परिचय स्तम्भ राखिएका कारण त्यसैलाई आधार मानिएको छ। 'बस्तीमा लुकेका हस्तीद्वय : काका नेपाली र अनिल सिग्देल' मा समालोचक जगन्नाथ पण्डितले यी दुवै स्रष्टाको श्याम-श्वेत चित्रसहित छ परिचयात्मक विवरणको विवेचना गरेका छन्। (क) काका नेपाली : जन्म, पारिवारिक परिवेश, चितवन आगमन, दृष्टिविहीन हुनुको नियति, उपचारको असफल प्रयास वी.पी. लाई भेट्नु, २०२१ सालदेखि रतनपुर, तनहुँबाट बसाइ-सराइ गरी आउनु, २०४९ र २०६३ सालका जनआन्दोलनहरूमा क्रान्ति र स्वतन्त्रताको गीत गुञ्जनबाट यो समाजलाई सुसूचित गराउनु, झुपडीको बास (२०२३), हिमालको फेदीमा (२०२६), जिउँदो लास (२०३६), कालीदास (२०६१) आदि गीतसङ्ग्रहको प्रकाशन गर्ने, २०१२ सालदेखि ८४ वर्षको उमेरसम्म सदाबहार गीत गाउनु, 'रतनपुर-चितवन मिलन समाज'ले पुरस्कृत गर्नुजस्ता विवरणसहित उनको सुस्वास्थ्य र दीर्घजीवनको कामना गरिएको छ। (ख) अनिल सिग्देल : उनको जन्म, कर्म र साहित्य साधनाको चर्चा गर्नु, १८ वर्षकै उमेरमा समालोचनासङ्ग्रह प्रकाशन गर्नु, उनले प्राप्त गरेका सम्मान, अभिनन्दन र पुरस्कारको विवरण दिनु, मानसिक अस्वस्थताको उपचारक्रम पनि समय-समयमा भइरहनु, तीनवटा कृतिहरू प्रकाशित भएको विवरण दिनु, वर्तमान शारीरिक अवस्थाको स्थितिबोध गराउनु, सशक्त अवस्थामा साहितियक पत्रिका सञ्चालन, खण्डकाव्य, लामो कविता र समालोचनामा कर्मशील भएको विवरण दिनु र वर्तमान अवस्थाको समेत विवरण दिई सुस्वास्थ्य र दीर्घजीवनको कामनाका साथ परिचयात्मक विवरणको पूर्णाहुति गर्नुमा लेखकीय विशेषता निहित छ।

**(ढ) अनुभूति**

'आशाको समानता' शीर्षकमा मदन पुरस्कार विजेता राधा पौडेलको लेख रहेको छ। एउटी स्वास्थ्य सेविकाले नर्सिङ पेसा अपनाउँदा देखे-जानेका अनुभव र अनुभूतिको विभेदपरक दृष्टिकोणको व्याख्या र विवेचना यसमा छ।

**(ण) जाति परिचय**

यस स्तम्भमा 'कुमाल जाति' शीर्षकभित्र रामलाल कुमाल रहेका छन्। ५९ जनजातिमध्ये कुमाल अल्पसङ्ख्यकको सूचीमा रहनु, चितवनका विभिन्न स्थानमा स्थायी बसोबास गरेका कुमालहरूको थर ५२

वटासम्म रहेको उल्लेख गर्नु, उनीहरूको संस्कार र संस्कृतिको सूत्रात्मक रूपमा चर्चा गर्नु, १० प्रतिशत कुमालहरूले मात्र आफ्नो भाषा जान्नु, परम्परागत पेसा माटाको भाँडा बनाएर जीविकोपार्जन गर्ने गरे पनि तीव्र सहरीकरण र सुविधाभोगी समय-परिवेशका कारण त्यो पेसा छाड्दै जानु, मगर समुदायसँग वेशभूषा मिल्ने र माघे सङ्क्रान्तिलाई आफ्नो जातीय पर्व मान्नसम्मको जातीय परिचयमा यो सामग्री केन्द्रित छ।

**(त) प्रतिभा पहिचान**

'मूर्तिकार सूर्य मध्यरातको नालीबेली' शीर्षकमा रामहरि श्रेष्ठको लेख रहेको छ। रामहरि आफै पनि कलाकार भएका कारण कलापारखी र प्रतिभाशाली कलाकार के.सी. परिवारमा २०३७ साल भदौको मध्यरातमा जन्म भएका कारण उही नामबाट परिचित हुनु, उनको योग्यता, दक्षता, शिक्षा, श्रमसाधना, मूर्तिकलाप्रतिको निष्ठा र समर्पण, विभिन्न कला प्रदर्शनीहरूमा सहभागिता र सम्मानप्राप्त ढुङ्गा र माटाको मूर्ति निर्माणको समस्या र चुनौतीको विवेचना यसमा छ। समग्रमा एउटा कलाकारले अर्को कलाकारको सम्मान गर्नुमा यसको विशेषता निहित छ।

**(थ) परिचय**

यस स्तम्भअन्तर्गत 'चितवनका नारी कलाकार हरू' शीर्षकका लेखक विष्णुदेवी तिवारी 'उषा' रहेकी छन्। यसमा शान्ति श्रेष्ठ (अभिनय), मालती श्रेष्ठ (नृत्य), ईश्वरी बराल (अभिनय), मौसमी मल्ल (अभिनय), शीला आले (गायन), चन्द्रकुमारी थापा (मूर्तिकार), रेनु तामाङ (कलाकार), इन्दिरा श्रेष्ठ (मूर्तिकार), प्रमिला खनाल (कलाकार), पूर्णिमा श्रेष्ठ (कलाकार), अनामिका मल्ल (गायन), सुप्रदिप्ती भण्डारी (चित्रकार), सीता लामा (गायन), सपना रेला अर्याल (गायन) गरी १४ जना स्थापित नारी कलाकारसँगै ३१ जना उदीयमान कलाकारहरूको नाम छ। कलाको परिचयसँगै कलाकारहरूको कलासाधनाको चर्चा गर्नुमा लेखकीय विशेषता निहित छ।

**(द) पर्यटन**

यस स्तम्भअन्तर्गत लेखक विश्वराज सुवेदीको लेखको शीर्षक 'पर्यटन प्रबर्द्धनको ऐतिहासिक अभियान : भरतपुर भ्रमण वर्ष २०२४' रहेको छ। सन् २०२४ को भरतपुर भ्रमण वर्षले नयाँ योगदान दिने सन्देश यसमा छ।

**(ध) चिनारी**

यस स्तम्भमा प्रा.डा. कर्णबहादुर बानियाँ, श्यामजी अतिथि र सरस्वती तिमिल्सिना रिजालका सामग्रीहरूको विवेचना हुने छ। 'चितवनको भुवानी गाउँ : एक महत्त्वपूर्ण ऐतिहासिक स्थल' शीर्षकमा नौवटा उपशीर्षकहरू - विषयप्रवेश, उपस्थिति, नामकरण, ऐतिहासिक महत्त्व, ऐतिहासिक पृष्ठभूमि, शिकारस्थलको रूपमा, सदरमुकामको रूपमा, वर्तमान अवस्था र निष्कर्ष रहेका छन्। यो अनुसन्धानात्मक र खोजमूलक सामग्री हो। 'धार्मिक पर्यटकीय क्षेत्र-गणेशधाम' शीर्षकको यस सामग्रीका लेखक श्यामजी अतिथि सेढाईं हुन्। सामग्रीमा यस धामको वर्तमान स्वरूप, ऐतिहासिक विकासक्रम र पूर्वाधारको चर्चा छ। महानगरका प्रमुख पर्यटकीय गन्तव्यको उल्लेख गर्नु, पूर्वीय वाङ्मय र पूराणको चर्चा गर्नु, चुके परिवारको योगदानमाथि प्रकाश पार्नु, यस धाममा भएका ऐतिहासिक भ्रमण, गणेशधाम गुरुयोजनाभित्र समेटिएका नियमहरूलाई १७ वटा बाध्यात्मक बुँदाको विवेचना गर्नु, वर्तमान महानगर नेतृत्वले गणेशधामलाई उच्च प्राथमिकता दिएको सन्देश प्रवाह गर्नु यस लेखको उद्देश्य हो।

सरस्वती तिमिल्सिना रिजालको 'लीलाचोक र लीलाबाजे' शीर्षकको आलेखमा लीला तिमिल्सिना पिता र नर्मदा तिमिल्सिना माताश्रीको कर्मशीलता,

तत्कालीन नारायणगढ, वीरगञ्जको यातायात व्यवसायीको खानाखाने चर्चित 'लीला होटल' २०१६ सालतिरको बाढी र आगलागीका घटना आफ्नो बाल्इकालीन स्मृतिका रेखाचित्रलाई पितामाताको सङ्घर्ष र समर्पणमा यो संस्मरणात्मक निबन्धमा लीलाचोकको परिचय केन्द्रित भए पनि सरस्वतीका पिताश्रीको कर्मशीलता, जीवनका रोचक क्षण, नाचगान र मनोरञ्जनका रोचक सामग्रीको जानकारीलाई चिनारीका रूपमा लिन सकिन्छ।

**(न) पत्रकारिता**

सूर्यप्रकाश कँडेल चितवनका चर्चित पत्रकार हुन् । 'भरतपुर महानगरभित्रको पत्रकारिता सङ्घर्षपूर्ण विगत, सङ्कटपूर्ण वर्तमान' यस शीर्षकबाट नै सबै कुराहरू मुखरित हुन्छन् भरतपुर महानगरभित्रको वा चितवनकै पत्रकारिता इतिहासको विवेचना गर्नु, पञ्चायतकालका कठिनाइसँगै, विद्युत र टेलिफोन पहुँचपछिको सरल अवस्था, ६० वर्षको पत्रकारिताको इतिहास, सशक्त सञ्चार माध्यमको अविभाज्य अङ्ग, लोककल्याणकारी विज्ञापन समस्या, आचार संहिताका क्रियाकलाप, श्रमजीवी पत्रकारिताका समस्याका कुराहरू आएका छन्। यसमा पाँचवटा उपशीर्षकहरूलाई केन्द्रमा राखेर खोजमूलक चिनारीबाट यो सामग्री तयार भएको छ।

**(प) प्रतिवेदन**

'भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान : विगत र आगतका कार्यक्रमहरू' शीर्षकमा बालकृष्ण थपलियाले २१ उपशीर्षकहरू, १२ वटा बुँदाहरूमा केन्द्रित गरेका छन् । यसबाट समृद्धि र आन्तरिक रूपमा महानगर साहित्य दर्पण र बालकृष्ण थपलिया एक-अर्कोका अविभाज्य अङ्ग भएको प्रतीत हुन्छ। यस लेखमा महानगरपालिकाले भाषा, साहित्य, संस्कृति र वाङ्मयको उन्नयनमा गरेका सुकर्महरूको वृत्तान्तको रूपमा यसलाई लिन सकिन्छ। वाङ्मयकोशको प्रकाशन पाण्डुलिपिमा नै थन्किएका स्रष्टाको सृजनालाई प्रकाशनार्थ सहयोग प्रदान, संस्कृति, दर्शनशास्त्र, अनुवाद, स्थानीय कला र सङ्गीतको सम्मान, लोपोन्मुख भाषा, जाति, साहित्य, लोक र बालसाहित्य, जाति, धर्म र सम्प्रदायको सांस्कृतिक पहिचान झल्किने महानगरले गरेका क्रियाकलाप, प्रज्ञासभाको वार्षिक नीति र बजेट व्यवस्थापन, प्रज्ञासभाका सभासद, कुलपति, प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर शिक्षा अधिकारीको समन्वयमा यो महानगर प्रज्ञा-प्रतिष्ठानलाई सशक्त र जीवन्त बनाउने अभिमत र उद्देश्यहरू यस प्रतिवेदनमा निहित छन्।

दर्पणमा भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा परिषद् तथा विधागत समितिहरूको विवरण तथा सम्पर्कसूची,भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ऐन २०७८, भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान मान, सम्मान, पुरस्कार तथा प्रोत्साहन कार्यविधि-२०७९, 'भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका विविध गतिविधिहरूबारे प्रकाश पारिएको छन् ।


**फ) निष्कर्ष**

महानगरले गरेका सुकर्महरूको जीवन्त दस्तावेजका रूपमा यसलाई लिन सकिन्छ। यो यात्राको गति हरेक वर्ष निरन्तर रहोस् । यस प्रज्ञाप्रतिष्ठानसँग जोडिएका सबै पदाधिकारीहरू धन्यवादका पात्र भएका छन् । आउँदा अङ्कहरूको विषयसूचीमा विधा खुलाएर शीर्षकहरूको क्रमिकता कायम गरिनुपर्दछ अन्यथा विषयसूची र विधा खोज्नुपर्ने स्थितितर्फ विचार गर्नु आवश्यक छ । यति धेरै सामग्रीहरू जम्मा गरी प्रकाशनसम्मको यात्रामा पुऱ्याउनु असाध्यै चुनौतिपूर्ण कार्यलाई कार्यकारी सम्पादक बालकृष्ण थपलियाले जुन उत्साह, उल्लस र उमङ्गका साथ काम गरेका छन् । त्यस अभियानमा कहीँ, कतैबाट विचलनको स्थिति नआओस् भन्ने असीम शुभकामनाका साथ यस महानगर साहित्य दर्पणकै विवेचनाबाट विश्रान्तिको अनुमति चाहन्छु।

卐

डायरी

# जेल डायरी



पोषराज पौडेल *

(१)

वि.सं. २०५८ सालको वैशाख महिना, गर्मीको उखरमाउलो चरम विन्दुमा पुगेको छ। पानी परेको छैन। तातो हाव चलेको छ। मान्छेका ओठ मुख सुकेका छन्। देशमा नेकपा(माओवादी)को जनयुद्धले पनि देशको राजनीति तातेको छ।

को कहाँ मारिने हो ? भन्ने त्रासको ज्वाला देशैभरि मडारिएको छ। को माओवादी, को काङ्ग्रेस, को एमाले, को किसान, को मजदुर, को विद्यार्थी ? दिनानुदिन अन्धाधुन्दा दिनका दिन मान्छे मारिएका छन्। माओवादी त कि मुक्ति कि मृत्यु भनेर टाउकामा कात्रो बाँधेर हिडेका थिए। साच्चैं उनीहरूमा मरिन्छ कि भन्ने डर थिएन। चितवनमा, विशेषगरी भरतपुर नगरपालिकामा माओवादीको नाउँमा सुरक्षा फौजले बढी धरपकड गरेको अवस्था थियो। किसान, मजदुर, शिक्षक, बुद्धिजीवी, वकिल, पत्रकार, विद्यार्थी सामान्य व्यापारी सबै सुरक्षा फौजको निसानामा परेका थिए।

म पनि २०४६ सालदेखि नेकपा माओवादीको भातृ सङ्गठनमा आबद्ध थिएँ। दिउँसो पढाउने, राति माओवादीका सङ्गठन निर्माण गर्दै कहिले ठोरी पुग्ने, रातिराति घर आउने, कहिले माडीका बरुवा, बघौडा, कल्याणपुर, अयोध्यापुरी गाविसमा राति राति सङ्गठन निर्माण गर्ने गरिन्थ्यो। कहिले पटिहानी, केशरबाग का प्रशिक्षणमा राति राति आउने र रातैमा घर फर्किने गरिन्थ्यो। कहिले राजतन्त्र र पञ्चायतका विरुद्ध एकाङ्की नाटक प्रदर्शन गराउने। अयोध्यापुरी गाविसका देवेन्द्रपुर र जगन्नाथपुरी दुई वडा त लाल किल्ला नै भएका थिए। २०४२ सालमा मैले नेकपा(माओवादी) को पार्टी सदस्यता लिएको हुँ। त्यतिबेला पञ्चहरू छोइसक्नाका थिएनन्। सधैं मेरो पिछा गर्थे। मैले कति पटक त पृथ्वी जयन्ती, वीरेन्द्रका जन्मोत्सव वहिष्कार पनि गरेको छु। यस अर्थमा पनि म पञ्च र प्रशासनको नजरमा परेको थिएँ। २०५५ सालमा मैले पागल प्रलाप(काव्य) र २०५७ सालमा शहीद गाथा(महाकव्य) प्रकाशित गरेर पञ्चायत र प्रहरी प्रशासनलाई चुनौती दिएको थिएँ। यसकारण पनि मेरो नाम प्रहरी प्रशासनको कालो लिष्टमा पक्कै थियो होला। त्यतिवेला समाज परिवर्तन गर्नुपर्छ भन्ने हुट्हुटी मनमा थियो। आफैमाथि परेका र समाजका भए खाने तल्लो वर्गमाथि हुने खाने वर्गले गरेका थिचो मिचो, अन्याय, अत्याचार देखेर मनमा असैह्य पीडा हुन्थ्यो। यो अत्याचारसँग जुध्न र समाज रूपान्तरण गर्न हामीलाई मार्क्सवाद रूपी बलियो हतियार मिलेको थियो।

यो महायज्ञमा धेरै शहीदहरूले आफ्नो जीवन उत्सर्ग गरिसकेका थिए। शहीदका सपना पूरा गर्न सचेतन ढङ्गले नलाग्ने हो भने शहीदहरू र उनका रगतले सराप्छ भन्ने पनि मनमा लाग्ने गरेको थियो। परिवर्तन अरूले गरिदेला र परिवर्तनको रसास्वादन गरौंला भनेर अरूको मुख ताक्नु कायरता हो भन्ने कुरा मनमा आइरहन्थ्यो। यही महान् लक्ष्यलाई पूरा गर्न अब पार्टीमा नै समय दिनुपर्छ भन्ने सोचकासाथ ३२ वर्षको सेवा पछि २०५५ सालमा मैले शिक्षण पेसाबाट स्वैक्षिक अवकाश लिएर नेकपा (माओवादी) पार्टीमा काम गर्दै भरतपुर आई बस्न थालें। सिआइडी मेरा पिछा गर्दै थिए। म लुकी छिपी पर्टीमा काम गर्थें। जिल्लाको सांस्कृतिक मोर्चामा मेरो बिशेष जिम्बेवारी थियो। म पार्टीको कामबाट भरतपुर-११ बरमटोलको घरमा पुगको १० मिनेट पछि १२/१५ जना सुरक्षा फौजले मेरो घर घेरा हाले। घरमा कलाकार वर्षा र कल्पना बसेका रहेछन्। म समेत हामी

* *प्राज्ञसभा सदस्य : भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान*

तीनजनालाई  २०५८ माघ २७ गते सुरक्षा फौजले गिरफ्तार गर्यो । कान्छी छोरी शोभा  लाई सप्तगण्डकी कलेजबाट आउदै गर्दा बाटामै गिरफ्तार गरे। शोभा छोरी र कल्पनालाई कता लगे थाहा भएन।  घरमा बुढीलाई - "ए आतङ्कारीकी जोई ? बन्दुक कहाँ छ देखा" भनेर शाही सेनाले बन्दुकको कुन्दै कुन्दाले हानेछन् । "भकारीमा लुकाएको होला  बन्दुक"भनेर खुकुरीले भकारी काटेर धान पूरै छिरलेछन् । यो कुरा जेलमा मलई छोरी र बुढीले सुटुक्क भने। छोरी शोभालाई ५ दिनपछि प्रहरीले छोडेछ।  मलाई र बर्षालाई माओवादी आतङ्ककारीको विल्ला भिराई झुट्टा अभियोगमा गिरफ्तार गरियो।  म कलमधारी थिएँ तर बन्दुकधारी थिइन । त्यतिबेलाको राज्यसत्ताले कलमलाई पनि बन्दुक भन्दा खतरा देख्यो र परिवर्तनलाई रोक्न खोज्यो।

मलाई गिरफ्तार गरेपछि मेरा शहीदगाथा (महाकाव्य) लगायत सबै कृतिहरू र साहित्यका पाण्डुलिपिहरू प्रशासनले कब्जा गरेछ ।  वर्षा र मलाई भरतपुर ब्यारेकमा लगेर चरम यातना दियो । ५ दिन पछि टिकौलीमा लगेर मार्ने भनी राति१बजे निकाल्यो। पछि  प्रहरीलाई बुझायो। प्रहरीले तेह्र दिन सम्म अमानवीय यातना दिएर अनि जेल चलान गर्यो । चैत, वैशाखको उखर्माउलो गर्मी छ। साठी जनाको मात्र क्षमता भएको भरतपुर कारागारको एउटा हलमा दुईसय बन्दीलाई भेडाबाख्रा खोरमा खाँदेझैँ खाँदिएको छ । हामी आतङ्ककारीको झुट्टा अभियोगमा बन्दी बनाइएका शिक्षक, प्राध्यापक वकिल, किसान लगायत ८३ जना मध्ये अधिकांश त्यस हलमा थियौँ। अन्य बन्दीहरूमा गैँडा मारेको, खाग चोरेको, गुण्डागर्दी गरेको, चोरेको, बलात्कार गरेको अभियोग लागेकाहरू थिए।  १८ दिन पछिमात्र कारागारमा गएर मैले कपडा खोलेको थिएँ।

मेरो शरीरमा शाहीसेनाले यातना दिएका पुरै नीलडाम, घाउका खाटाहरू थिए।  साथीहरूले मेरो शरीर मुसारे । मल्हम लगाइदिए। मलाई ठुलो राहत भयो।  यसरी मलाई पूरै १८ दिन बाहिरी सम्पर्क र पारिबारिक सम्पर्कबाट विच्छेद गरिएको थियो।  भर्खरै पूर्णप्रसाद दवाडी र तीर्थ घिमिरेलाई सुरक्षा फौजले भरतपुर ब्यारेकमा लगेर चरम यातना दिएर  ल्याएको रहेछ। उनीहरूका टाउका भरि चोटैचोट र घाउहरू थिए। शरीर भरि नीलडाम देखिन्थे । हामीले एक अर्कामा पीडा साटासाट गर्यौँ।  "कति साथीहरू शहीद  भए कति अपाङ्ग भए कति वेपत्ता भए। यो सबै जनताको मुक्ति र परिवर्तनको निम्ति हो। हामी पनि कुनै दिन मारिन सक्छौँ तर परिवर्तन अनिवार्य छ। भइछाड्छ। हामीले दृढ सङ्कल्प गर्नुपर्छ। " साथीहरू वीच यस्तै कुरा हुन्छन् र पीडालाई उर्जामा बदल्छौँ।

चितवनमा पनि धेरै माओवादी वीरहरूले शाहदत प्राप्त गरिसकेकाछन् ।  नेकपा(माओवादी)ले २०५२ सालमा राजतन्त्रको अन्त्य र जनवादी गणतन्त्रको स्थापनाका निम्ति सुरू गरेको महान् जनयुद्ध निकै उत्सर्गमा पुगेको बेला थियो त्यो।  । त्यसैको राप र तापमा २४० वर्ष शासन गरेको राजतन्त्र गल्दै गल्दै गएको थियो ।

यसै कारण पनि जेल प्रशासन माओवादी बन्दीहरूप्रति निकै आक्रामक थियो। जेल प्रशासनबाट निर्देशित भित्री प्रशासनमा दाइ नाइके(चौकिदार) र भाइ नाइके (कमाण्डर) यी दुई जनाको नेतृत्वमा लगभग ४० जनाको समूहले रातमा जेलभित्र ठुलो आतङ्क मच्चाउथे। हैकम चलाउथे। जब बेलुका ५ बज्दथ्यो उनीहरूले नै बन्दीहरूलाई  भेडाबाख्रा खोरमा हुल्दाझैँ एक एक गरेर गन्दै भित्र हुल्दथे। त्यहाँ मानवता भनेको कुन चराको नाम हो थाहा थिएन। कहिले त बन्दीको सङ्ख्या ठ्याक्कै पुग्दथ्यो। कहिले भने घट बढ हुन्थ्यो र बन्दीहरूलाई  बाहिर निकालेर फेरि गन्दै भित्र हुल्दथे। कहिले यो क्रम दुई, तीन पटक पनि दोहोरिन्थ्यो। बन्दी ज्यादै हैरान हुन्थे।  निकै यातना भोग्नुपर्थ्यो। यसरी जब बन्दीहरू कालकोठरीभित्र छिर्थे अनि भित्री प्रशासनको राज शुरु हुन्थ्यो । उनीहरू तास खेल्ने, जाँडरक्सी खाने, नाङ्गा पिक्चरहरू हेर्ने र मात्तिएर आपसमा झगडा गर्ने गर्थे । उनीहरू हामी नजिकैको कोठामा बस्थे । उनीहरूको यो कृयाकलाप म शौचालय जादा आउँदा खेख्दथें।  बिशेष गरी माओवादी बन्दीहरूमा उनीहरूको कडा निग्रानी रहन्थ्यो । बन्दीहरूले कुनै गल्ती गरे, भनेको मानेन् भने मरणाशन्न हुनेगरी पिट्ने। चार हात खुट्टा बाँधेर चिसो भुइँमा लडाइदिन्थे।

यसरी गिरफ्तार हुदैगर्दा त्यतिबेला सम्म ८३ जना माओवादीको अभियोगमा गिरफ्तार भएका थिए।

(१)दीपक सुनार -शारदानगर ,(२)अनिता सापकोटा-भोजाड,(३)बलराम अर्याल-खैरहनी,(४)डा. रविमोहन सापकोटा–भरतपुर, (५)निर्मल कुमार शर्मा-भरतपुर, (६)नन्दलाल पौडेल-भरतपुर (७)विष्णुप्रसाद भण्डारी-भरतपुर, (८)अर्जुनानन्द अधिकारी-माडी,गर्दी, (९)नेत्रराज पौडेल-पृथ्वीनगर (१०)पूर्णप्रसाद दवाडी-भरतपुर, (११)गौरीशङ्कर रेग्मी-पृथ्वीनगर, (१२) बलराम अर्याल-उज्वलनगर (१३)हरिश्चन्द्र सुवेदी-चम्पानगर, (१४)कृष्ण प्रजापति- गौरीगञ्ज, (१५) सोमबहादुर तामङ- लौरीघोल (१६) जीवन दराई- चैनपुर, (१७) शुकराम चौधरी- हरैया, (१८)विष्णु सापकोटा-भोजाड, (१९) गंगा लामिछाने- शिवनगर, (२०)शङ्कर पौडेल- भोजाड, (२१)विल ब अधिकारी- जगतपुर, (२२) दुर्गाप्रसाद ढुङ्गाना- गैंडाकोट, (२३) रसबहादुर सुनार- शारदानगर, (२४) ठाकुरप्रसाद कँडेल- गीता नगर, (२५) लावन्य शर्मा- फुलबारी, (२६) रामचन्द्र महतो- गंगानगर, (२७) सुरेशचन्द्र अधपकारी- बसेनी, (२८) सन्तबहादुर तमाङ-गंगानगर, (२९) खेमराज पौडेल- शरदपुर, (३०) तीर्थराज घिमिरे- भरतपुर, (३१) भवनाथ अधिकारी- गंगानगर, (३२) इन्द्रबहादुर बोहरा- वसेनी, (३३) चेतकान्त चापागाईँ- गीतानगर (३४) हिरामणि महतो- हरैया, (३५) श्याम बि क-गंगानगर, (३६) श्रीकृष्ण घिमिरे- गुञ्जानगर, (३७) दिननाथ आचार्य- पार्वतीपुर, (३८) भानुभक्त ढकाल-कल्याणपुर, (३९) क्षेत्रबहादुर गुरुङ- सिमलताल, (४०) ओमबहादुर पौडेल- पार्वतीपुर, (४१)सुमन पाख्रिन-शारदानगर, (४२(हस्त पाख्रिन-शारदानगर, (४३) सरस्वती प्युकुरेल-तोरीखेत, (४४)पुरुषोत्तम कँडेल- बाग्लुङ, (४५)एकराज डल्लाकोटी- चैनपुर, (४६)डा.भीमराज अधिकारी- बाह्रघरे, (४७) धर्मराज आचार्य- कृष्णपुर, (४८) रविकिरण निर्जीव-चम्पानगर, (४९) विष्णुहरि अधिकारी-भरतपुर, (५०) भीमप्रसाद सापकोटा - देवघाट, (५१) विष्णु चौलागाई- कुमरोज (५२) बालकृष्ण ढकाल-शिवनगर, (५३)राजु बि क–गंगानगर, (५४) पोषराज पौडेल-वसेनी, (५५) इन्द्रप्रसाद मुढभरी- गुन्जानगर, (५६) मानबहादुर तामाङ- पिप्ले, (५७) टंक न्यौपाने-रामनगर, (५८) वीरबहादुर बि क- पटिहानी, (५९) नारायण श्रेष्ठ-फुलवारी, (६०) गणेश श्रेष्ठ-मंगलपुर, (६१)शारदा पौडेल- कृष्णपुर, (६२) वर्षा गजमेर-शारदानगर, (६३)कल्पना अधिकारी- गीतानगर, (६४) टेकबहादुर श्रेष्ठ- सिन्धुपाल्चोक, (६५) नारायण सुवेदी-पदमपुर, (६७)इन्द्रबहादुर स्याङ्वो-मकवानपुर, (६८)बाबुराम राजभण्डारी-भरतपुर, (६९) डिल्लीराम दवाडी- गुन्जानगर, (७०) शिवकुमार गुरुङ-चण्डीभञ्ज्याङ (७१)प्रताप गुरुङ- दारेचोक, (७२) खड्गबहादुर देवकोटा- सिन्धुली, (७३) उज्जल चौधरी-भण्डारा (७४)मोतिप्रसाद रिजाल- केशरबाग, (७५)यज्ञ घिमिरे-क्षेत्रपुर, (७६)भीमबहादुर थापा-लेवरनगर, (७७)रमा घिमिरे-भरतपुर, (७८) हरिन्द्र मरहठ्ठा- गोरखा, (७९)कृष्ण आले- धादिङ, (८०) बुद्धिबहादुर बि क- गंगानगर, (८१) रणबहादुर खड्का-दैलेख, (८२) सुधिर सापकोटा- लङ्क, (८३) शारदा श्रेष्ठ- फुलबारी

महिला बन्दीहरूलाई बाहिर पट्टिको कम्पाउण्ड भित्र चौतारो अगाडिको बन्दी गृहमा थुनिएको थियो। त्यहाँ शारदा श्रेष्ठ, वर्षा गजमेर, शारदा पौडेल, रमा घिमिरे लगायतका महिला बन्दीलाई थुनिएको थियो।

शारदा श्रेष्ठ त्यतिबेला क्षेत्रीय जिम्मेवारीमा थिइन् कि जस्तो लाग्छ। अस्पतालबाट फर्कदा मैले उनलाई भेटेको थिएँ। उनले मलाई सुटुक्क भनेकी थिइन् -"तपाईंहरूको समूहमा जिम्मेबार साथीहरू हुनुहुन्छ। कसैलाई नेतृत्व गर्ने भन्नुहोला। "मैले यो कुरा साथीहरूको माझमा राखें तर कसैले वास्ता गरेनन्। (यी बन्दीहरू मध्ये जेलबाट छुटेपछि खड्कबहादुर देवकोटाले सिन्धुलीमा शहादत प्राप्त गरे । शारदा श्रेष्ठ तनहुँ भीमादमा शहीद भइन्।)

(२)

जेलजीवन ज्यादै कष्टकर र भयग्रस्त थियो। हाम्रो शिरमाथि विनाशकारी कालो बादल सधैँ मडारिएर हुँकार गर्थ्यो। हामी त्यो कालो बादलको हुँकारलाई धैर्य

र उत्साह का साथ परास्त गर्न प्रयत्नशील हुन्थ्यौं। हाम्रो समय यही सङ्घर्षमा बित्दथ्यो। राति सुतेको बेलामा एउटा बन्दीले ख्वाङ्-ख्वाङ् खोक्छ। "ओइ, मुख छोपेर खोक। मुखभरि थुक पऱ्यो। "अर्को बन्दी च्याठिन्छ। बन्दीहरू एउटाको टाउकोतिर अर्काको खुट्टो गरेर तीन लाइनमा सुतेका छन्। उडुसले मनलाग्दी रगत पिएका छन्। "ओहो, यो के गरेको यार ? खुट्टा पसारेर सुत्। कस्तो टाउकैमाथि दुट्टा राखेको !" अर्को बन्दी कराउछ। "पापको डर न भको" । रातको निरवतामा पङ्खा घुम्दाको खिटीटीटी र स्वाँ..आको आवाज आइरहेको छ। " ल हेर त खुट्टाले छातीमा हानेको। खुट्टा तनक्क तन्काएर सुत्। कस्तो निदाउनै दिएन। "सँगै सुतेको बन्दी कराउँछ। "त्यहाँ अलिकति ठाउँ छ। उता सर अल्लि। मैले कोल्टे फेर्न सकिन। " अर्को बन्दीले आडैको बन्दीलाई घचेट्छ। "कहाँ ठाउँ छ र यहाँ ? मलाई कोल्टे फेर्न मिलेको छैन। " अर्को बन्दी झन् चर्को स्वरले कराउछँ। "त्यहाँ खाली ठाउँ देखे पछि अर्को थुनुवा ल्याएर हाल्छन्। अनि सुत्छस् आनन्दसँग। चार इन्च खाली ठाउँ देख्न हुदैन। " अर्को थुनुवाले सजग गराउछ। त्यतिबेलै नाइकेले अर्को थुनुवा लिएर आउछ र भन्छ "ऊ त्यहाँ सुत्। खाली छ ठाउँ। " "ठाउँ नै छैन। कहाँ सुत्ने?" थुनुवाले सुत्न मान्दैन। "यो तेरो ससुराली हो र? साला! कोचिएर सुत। नत्र खालास् कोर्रा। " नाइकेले बन्दीलाई घचेट्छ। बन्दी चार उमल खालि ठाउँमा गएर कोचिन्छ। " ल है ? खबर्दार ! कोही बोल्ने होइन। चुपचाप सुत्नू। लेख्ने, पढ्ने केही नगरी। " नाइके चोर औंला ठड्याए जान्छ। "कोही आफूलाई ठुला बडा हुँ भन्नेहरू हात खुट्टा फालेर सुतेको पनि देखिन्छ। हामीलाई यस्तो आपद! उनीहरूलाई केही दुःख नदीनु भनेको होला नि जेलरले। आफ्नो मान्छे होला नि!"कुनै बन्दीले बिरोध जनायो। "यस्तो भनेर हुन्छ? सिद्धान्त एकातिर व्यवहार अर्कोतिर। " "त्यही त हो। किताबका माछा पो खान हुन्न। खोलाका माछा त खान भैहाल्छ नि भनेको। " त्यतिबेलै कुरुवा आएर हकार्छ "ओई, हल्ला गर्छस्? चुप लागेर सुत। नत्र जालास् गोलघरमा। "ऊ जान्छ। चेतकान्त नसुती के के लेख्दै छन्। रवि निर्जीव पनि कुरुवाका आँखा छलेर लेख्न व्यस्त छन्। म पनि लेख्दै छु। कविता लेखेर साथीहरूलाई सुनाउछु। मैले कोइली गिद्ध सम्वाद शीर्षकको कविता लेखें र साथीहरूलाई सुनाएँ। मैले गिद्ध भनेर अमेरिका, बाज भनेर राजा र कोइली भनेर माओवादीलाई प्रतीकात्मक रूपमा लिएको थिएँ। यो कवितालाई साथीहरूले मन पराउनु भयो। यो कविता माओवादी जनयुद्धसँग सम्बन्धित थियो। मैले यो कवितालाई विस्तार गर्दै गएँ। पछि कपडाको कठालो च्यातेर त्यसलाई त्यहीँ कोचेर छोरी शोभालाई जतन गर्नु भनी पठाएँ। जेलबाट छुटे पछि त्यो कोइली गिद्ध सम्वाद कविता आदर्श कोकिल(खण्डकाव्य)को रूपमा प्रकाशित भयो। त्यसमा नेकपा माओवादी जनयुद्धले राजतन्त्र अवश्य ढल्ने छ भनेर भविष्यवाणी गरेको थिएँ। हेरौं त्यसका केही श्लोकहरू-

**"ती न्याय- पक्षधर एक बनेर नामी,**
**ल्याए डटेर युग फेर्न नयाँ सुनामी।**
**हारेर बाज झुकि कोकिल सामु आयो,**
**सम्मान लायक नयाँ युग त्यो उदायो।"**
**सौन्दर्यका प्रतीक कोकिलका समाज,**
**तिन्ले गरेर बलिदान दशौं हजार**
**झुल्क्यो नयाँ किरण विश्व भयो उज्यालो**
**सम्मान यो शहीदको नव सिर्जना हो**

यसरी दिन बित्दै थिए। हिँड्दा खुट्टा लर्बराउन थाले। शरीर काम्नथाल्यो। मेरो प्रेसर बढेर म ढलेछु। साथीहरूले उठाए। जेलभित्र प्राथमिक उपचार गर्ने मान्छे थिए। मेरो प्रेसर नापे। १५०/२०० भएको रहेछ। मलाई उनले ५ एम जी को एमलीड दिए। त्यसले मलाई छुदैछोएन। जेलरलाई हस्पिटल पठाइदिन आग्रह गरें। कति अनुनय विनय गर्दा पनि उनले सुनेनन्। मैले बुढी र शोभा छोरीलाई भनें- तिमीहरू सिडियोसँग जाऊ र भन कि बाको प्रेसर बढेर जेलरलाई अस्पताल पठाइदिन आग्रह गर्दा पनि पठाएनन्। तपाईंले भनिदीनु पर्यो। त्यसपछि उनीहरूले सिडियोलाई भनेछन्। सडियोले जेलरलाई फोन गरेर भनेपछि बल्ल जेलरले मलाई अस्पत्ताल पठाए र मेरो प्रेसर रोकथाम भयो। जेलरले अन्य बिरामी लाई सहज रूपमा नै अस्पताल पठाउथे भने माओवादीप्रति ज्यादै कठोर व्यवहार गर्थे।

चेतकान्त पनि कमै निदाउछन् । उनलाई मुखबाट रगत आउने बिमार छ । दम बढ्छ ।

उनी ख्वाँक्क खोक्छन् । मुखभरि रगतका फाल्सा आउँछन् । ल्पास्टिकका झोलामा थुक्छन् । उनको खोकी झन् बढ्छ । दायाँ बायाँ सुत्ने आफ्नै साथीहरूले उनको बिस्तरा उठाएर ढोकाको छेउमै जहाँ बन्दीहरूका चप्पलको थुप्रो छ त्यहीँ राखिदिए र भने " ल यहीँ सुत। हामीलाई टी बी सर्नेभयो। " चेतकान्तलाई टी बी का रोगी भनेर आफ्नै साथीहरूले यसरी अपमान गरे। वास्तवमा डाक्टरको रिपोर्ट अनुसार उनलाई टी बी भएकै थिएन।

उनी बाध्यभएर दुई रात त्यहीँ सुते। भित्र बाहिर गर्ने बन्दीहरूले उनलाई लत्याउदै भित्र बाहिर गर्न थाले।

लोकप्रिय जनताका कवि चेतकान्तक जसको कोकिल कण्ठी स्वर सुनेर जनता मन्त्रमुग्ध हुन्छन्, जसको हृदयमा देशभक्ति भाव सदा छालझैँ छचल्किन्छ, जसको समाज रूपान्तरणमा ठुली त्याग छ, जो आफ्नो विचारमा दृढ छ, जो श्रमको पुजारी हो उनै चेतकान्तको यो अवस्था देखेर म भाव विह्वल भएँ। मैले रविकिरण सरलाई भनें "रवि सर, चेतकान्तलाई धेरै कष्ट भयो। सबैले लत्याउदै हिँड्न थाले। आफ्नै साथीहरूले यस्तो गरे। हाम्रै विचमा ल्याएर सुताऊँ। " रवि सरले मेरो कुरा स्वीकार गर्नुभयो। हामीले चेतकान्तलाई हाम्रै माझमा ल्याएर सुतायौँ। उनलाई केही राहत भयो। आफ्नै साथीहरूबाट यो विधि अपमान हुदा उनको चित्त कति दुख्यो होला शब्दामा व्यक्त गर्न कठिन छ। यो राज्यले गरेको अपमान होइन। आफ्नै पार्टीका महान् कम्युनिष्ट साथीहरूबाट भएको अपमान हो यो। भोलि वैज्ञानिक समाजवाद या साम्यवाद आउदाँ पनि के यो प्रवृत्ति फेरिएला? जेलमा नेतृत्व गर्नकोलागि कसैलाई जिम्वेवारी तोकिदिए हुन्थ्यो भन्ने कतिपय साथीहरूलाई मनमनै लागेको थियो तर त्यस्तो देखिएन। हामी त्यहाँ एउटा अराजक भिड मात्र थियौँ। गैर माओवादीहरू हामीलाई माओवादीकै आँखाले हेर्थे। हामी भने शक्ति विनाका छरिएका लठ्ठी थियौँ।

धर्मराज आचार्य बिहान ५ बजे उठ्नुहुन्छ। रेडियो खोल्नुहुन्छ। रेडियोमा शंखध्वनि बच्दछ। विष्णुहरि अधिकारी कराउछन् "ऊ शंखध्वनि सुन्नथाले हाम्रा कम्युनिष्ट क्रान्तिकारीहरू। यस्ता पनि कम्युनिष्ट !" रामायण, महाभारत, गीता पढेको पनि उनलाई सैह्य हुदैनथ्यो। उनी आफूलाई कट्टर क्रान्तिकारी ठान्दथे। यो पनि उनको अतिवाद हो भन्ने लाग्दथ्यो कति साथीहरूलाई। बिहान ४ बजेबाट बन्दीहरू शौचालय जानेक्रम शुरुहुन्छ। ६ बजे सबै बन्दीहरू भित्री च्यानल गेटको अगाडि जम्बा भएर पिंजडामा थुनिएको पंछी पिंजडाबाट निस्कन आतुर भएझैँ बाहिर चिहाउन थाल्छन्। तीनवटा ढोकामा उल्टा साँचा ठोकेर राखेको च्यानल गेट मध्ये त्यो जेलको पहिलो च्यानल गेट खुल्दछ। सबै बन्दीहरू हुल्हुल्ती भेडा बाख्रा निस्केझैँ निस्कन्छन्। भात पकाउने पालो परेका साथीहरू तुरुन्त भान्छामा पुगेर चुल्हो बाल्न थाल्दछन्। हाम्रो भान्छा व्यवस्थापनमा यज्ञ घिमिरे र बालकृष्ण ढकालले नेतृत्व दायी भूमिका खेल्दछन्। अरू बन्दीहरू जेलको अग्लो पर्खालभित्र रहेको तिन मिटर जति खुला ठाउँमा दगुर्छन्। व्यायाम गर्छन्। खुला आकाशतिर हेर्छन्। उडेर पूर्व आकशतिर गइरहेका चराहरूलाई हेरेर म कल्पना गर्छु- हामी पनि यिनै चराझैँ स्वतन्त्र उड्न पाए! तर जीवन वलीवेदीको खम्बामा बाँधिएको जनावरको जस्तै छ। कतिबेला केहुन्छ थाहा छैन। बन्दीगृहको अगाडि बाहिर रहेको पीपलको बोटमा चराहरूको चिरविर चिरविरको मधुरध्वनि सुनिन्छ। यत्तिले पनि बन्दीहरूको मनमा एक प्रकाको आनन्द भरिदिन्छ। नित्य कर्म सकिए पछि धर्मराज आचार्य समाचारपत्र पढ्न थाल्नु हुन्छ। बिशेषगरी माओवादी बन्दीहरू समचार सुन्न लालायित हुन्छन्। कहिले जनयुद्धकारी शक्ति र सरकार वीचको वार्ता चलिरहेको, कहिले वार्ता भङ्ग भएको, कहिले यति माओवादीहरूले आत्म समर्पण गरे।

यति माओवादीहरू दोहोरो भिडन्तमा मारिए। यस्तै समाचार हुन्थे। यो माओवादी बन्दीहरूको आत्मबल गिराउने निरङ्कुश सत्ताको षडयन्त्रत् थियो। (यहाँ पनि आत्मसमर्पण गर्न शुरु भयो। केही साथीहरू ले यो कदमको बिरोध गर्यौँ। पछि साथीहरुले बिस्तारैआत्मसमर्पण गर्न थाले। कोहीअदालतको

फैसला कुरेर बसे । हामी कति साथीहरू मर्न परेपनि जेलमा नै मर्ने तर आत्मसमर्पण नगर्ने दृढ निश्चयकासाथ बस्यौँ ।) सबै चुल्हामा आगो बाल्दा धुवाँ उडेर पर्खालभित्र मडारिन्छ। सबैलाई खाना पकाउन आत्तुरी हुन्छ। " हैन कति आत्तुरी हुन्छ यी बन्दीहरूलाई चुल्हो बाल्न। भोक पनि कति लाग्छ। " कोही बन्दी धुवाँभित्र कराउँछ। बिहान आठ बज्दा नबज्दै खान तयार हुन्छ। हाम्रो भान्छाको आडैबाट नालीमा शौचालयको दिसा बगेको छ। नाक थुनेर खानुपर्ने वाध्यता छ। खाना खाएपछि एकछिन आराम गर्ने, चेस, क्यारिमबोर्ड, लुडो खेल्ने, अध्ययन गर्ने र कोही मुडा बुन्ने काममा लाग्दछन्।

एक बज्न नपाउदै फेरि चुल्हो बल्न शुरुहुन्छ। फेरि धुवाँ मडारिन्छ। तीन बजे खाना खान शुरु हुन्छ। "हैन कति भोक लाग्छ यी बन्दीहरूलाई! प्रत्येक भेट्न आउने आफन्तले ल्याएका खानेकुरा पनि खाएकै छन्। दिनभरि मुख खालि छैन। तैपनि भोक लागेकै छ। कहाँ जान्छ यो खाएको खानेकुराको शक्ति? बन्दीगृहको यही अग्लो पर्खालले खाएको त होला नि ? "कुनै बन्दीले भन्दैथियो। "बन्दीहरू त मामाको घरमा घरज्वाइँ भएका छन् । कसैलाई के को आत्तुरी घरज्वाईलाई खानकै आत्तुरी भनेको यही हो । चक, डस्टर, कलम समाउने शिक्षक, प्राध्यापक, वकिल, कर्मचारी आज भान्छे, सिलौटे ड्राइभर र द्यौची मास्टर भएका छन्। अन्याय अत्याचारसँग जुद्धाको परिणाम हो यो। "एक बन्दीले ठट्टा गर्छ। सबै पीडा लुकाएर हाँस्छन् ।

देशमा जनयुद्ध उत्कर्षमा पुगेको छ। व्यापक हिंसा, हत्या, बलात्कार भएका छन्। जेल सार्ने बहानामा कैयौँ माओवादी बन्दीहरूको हत्या भएको समाचार सुनिन्छ । जनादेश पत्रिकाका सम्पादक कृष्णसेन इच्छुकलाई महेन्द्र पुलिस क्लवमा हत्या गरेको समाचार जन आस्था पत्रकाले छाप्छ । मन चर्र चिरिन्छ। मैले त्यो सुन्नेबित्तिकै"महान् शहीद कृष्णसेन इच्छुक" शीर्षकको कविता लेख्छु र साथीहरूलाई सुनाएर पीडा केही कम गर्छु। जीवन त वलीवेदीमा छदै छ। एक छिन पछि के हुन्छ थाहा छैन। देशको स्वाधीनताका खातिर १४ वर्ष जेलको चिसो छिडी र १३ वर्ष कोइला खानीभित्र कष्टकर जीवन बाँचेका दक्षिण अफ्रिकाका पूर्व राष्ट्रपति नेल्शन मण्डेलाको आत्मकथा पढेपछि मनमा धैर्यता र साहसको सञ्चार हुन्छ। प्रत्येक शनिबार जेलमा नाममात्रको सरसफाइ हुन्छ। सम्पूर्ण बिस्तरा र अन्य सामानहरू बाहिर निकालिन्छ। बढारेर सम्पूर्ण फोहोर, धुलो बाहिर ल्याइन्छ। धुलो उडेर पूरै जेलको पर्खालभित्र कुहिरिमण्डल भएर मडारिन्छ । भ्रष्ट राज्यसत्तामा भ्रष्टाचारी, दुराचारी जमेर बसेझैँ त्यो धुलो पनि बिस्तारै कोठा कोठामा प्रबेश गर्छ र पुनः जमेर बस्छ। मुडा ठोकठाक पार्दा प्रत्येक मुहुडाबाट बन्दीका रगत खाएर ढाडिएका उडुस एक एक माना झर्छन् र चारैतिर दगुर्न थाल्छन्। कति मारिन्छन्। जमिन रगतले रङ्गिन्छ। कति भित्तामा उकालो लाग्छन्। भित्तो कालै देखिन्छ। फेरि कोठा कोठामा पुग्छन् र टोक्न थाल्छन्। उडुस मार्ने ओखती हाल्न मनाही छ।

केही "मखाऊँ मैलाऊँ" सोच भएका माओवादी बन्दीहरू चाक्लो बनाएर बिस्तरा लाउछन् । त्यहाँ बिस्तरा फालाफाल हुन्छ । बोरा तानातान हुन्छ साम्यवादमा विश्वास गर्ने माओवादी बन्दीको यस्तो घटिया चरित्र देखेर टिठ लागेर आउँछ। बिष्णुहरिले एक बित्ता नापेर एउटा डण्डी ल्याउछन् र सबैलाई "यस्ता पनि माओवादी" भनेर हकार्छन् र त्यही डण्डीले नापी सबैलाई बराबर सुत्ने ठाउँ बनाउछन्। उनी अलि अन्याय नसहने खालका छन् । अनि भित्ता नापको डण्डीको नापोमा सबैले बिस्तारा लाउँछन्। ठुलो शरीर हुने बन्दी एक भित्तामा कसरी सुत्ने? यो पनि एउटा प्रहसन जस्तो हुन्छ। ८३ जना बन्दीमा न त्यहाँ कसैले नेतृत्य गर्छ। न कुनै एकता देखिन्छ। अन्य कारागारका माओवादी बन्दीहरूले जेल प्रशासनलाई माग राखेर अनशन बसी माग पूरागर्न बाध्य पारे भन्ने समाचारमा पढियो तर हामी बन्दी भएको भरतपुर जेलमा त्यस्तो भएन।

नेकपा(मओवादी)ले पनि जेलमा नेतृत्व गर्ने कुनै निर्देशन गरेजस्तो लागेन। त्यहाँ तैँ चूप मै चूपको स्थिति देखियो। यसरी नै भरतपुर कारागारको दैनन्दिनी चल्छ।

卐

नाटक

# अँध्यारो खाडल



प्रकाश चापागाई*

## दृष्य १

**पात्र परिचय** :

*(प्रिन्सिपल उमेर - ४५*
*भृकुटी मेडम कक्षा शिक्षक उमेर - ३५*
*अन्जली मिस स्वास्थ्यसेवीका उमेर - २०*
*तेज प्रकाश पियन उमेर - ४८*
*तुलमाया उमेर - ४१ (प्रभातकी आमा)*
*रमेश, प्रभात, विष्णु र विवेक विद्यार्थी उमेर -१५, १६*

*दिउँसो एक बजेको समय । स्कुलको प्राङ्गण । कतै विद्यार्थीहरू खेलिरहेका देखिन्छन् । कतै आफ्नो आफ्नो समूह बनाएर एक आपसमा कुराकानीमा मस्त देखिन्छन् । कतै आ आफ्नो झोलाबाट खानेकुरा निकाले र खाजा खान व्यस्त देखिन्छन् । चौरको कम्पाउण्डमा लगाएका अग्ला अग्ला रूखबाट विभिन्न थरिका चराहरूको चिरबिर चिरबिर आवाज आइरहेको हुन्छ । एकजना १५, १६ वर्ष जस्तो देखिने विद्यार्थी कम्पाउण्ड वालको रूखमुनि झोक्राएर बसिराखेको हुन्छ । एकछिन पछि अरू तीन जना विद्यार्थी पनि त्यहीं आउँछन् र उसँगै बस्छन् । पहिलैदेखि बसिराखेको विद्यार्थी प्रभातलाई हेर्दै)*

रमेश : के भयो प्रभात ? किन यसरी एक्लै झोक्राएर बसिराखेको ? हैन तिम्रा त आँखा पनि राता राता देखिएका छन् । सन्चो छैन कि के हो ?

प्रभात : हैन केही भएको छैन बोर लाग्यो यार ।

रमेश : के को बोर ? बोर लाग्यो भनेर यसरी एक्लै झोक्राएर बस्ने हो त ? हिँड बरु क्यान्टिनतिर गएर खाजासाजा खाऊ !

प्रभात : जाऊ यार तिमीहरू मलाई एक्लै बस्न देऊ। बरु म एकछिन यहीँ पल्टिन्छु । *(ऊ त्यही पल्टिन्छ ।*

विष्णु : हैन के हो प्रभात राति सुतेनौ र ? साँच्चै तिम्रो त ओठ पनि कलेटी परेको छ यार ।

विवेक : (प्रभाततिर हेर्दै) हो त प्रभात साच्चै भन त तिमीलाई के भएको छ । केही दिनदेखि तिमी साथीभाइसँग पनि टाढा टाढा हुन थालेका छौ । तिम्रो शरीरमा फुर्ति पनि देखिदैन । जतिखेर पनि बिरामी जस्तो मात्रै देखिन्छौ । किन हो भन त ?

प्रभात : हैन के मलाई केही भएको छैन । तिमीहरू जाऊ न यार । प्लिज मलाई बोर नगर । *(ऊ आफ्नो अनुहार छोपेर अर्कोतिर कोल्टो फेर्न खोज्छ । कोल्टो फर्कने क्रममा उसलाई कस्तो कस्तो असहज जस्तो हुन्छ र टाउको उठाउन खोज्छ । एक्कासी उसलाई वान्ता हुन थाल्छ । वाक्क ... वाक्क .......)*

आत्तिएको मुद्रामा रमेश उसको टाउको समाउन पुग्छ ।

विष्णु : हैन के, भयो प्रभात ? जाऊ विवेक प्रिन्सिपल सरलाई खबर गर ।

विवेक : प्रिन्सिपल सरलाई खबर गर्ने कि अफिस कोठामा लाने ? मेरो विचारमा त अफिस कोठामा लान ठिक होला जस्तो लाग्छ । *(प्रभात वाक्दा वाक्दा शिथिल भएर पल्टिन्छ । स्कुलमा टिफिन आवर सकिएको घन्टी बज्छ । घन्टीको आवाजले रूखमा भएका चराहरू एकपटक भुर्र उड्छन् । चारैतिरका विद्यार्थीहरू कक्षाकोठामा जानका निम्ति दायाँ बायाँ लाग्छन् । रमेश, विष्णु र विवेकले प्रभातलाई लिएर प्रिन्सिपलको कोठामा पस्छन् ।)*

प्रिन्सिपल : हैन के भयो प्रभातलाई ? तिमीहरू झगडा गरेर पिटापिट गऱ्यौ कि क्या हो

रमेश : हैन सर, खै यसलाई के भयो के भयो ? *(बाहिरपट्टि देखाउँदै)* कम्पाउन्डको रूखमुनि

* साहित्य सङ्गम चितवनका अध्यक्ष चापागाई भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य हुन् ।

एक्लै बसिरहेको रहेछ। हामीहरू गएर किन यसरी एक्लै बसेको हिड् बरु क्यान्टिननतिर गएर खाजासाजा खाऊँ भन्दै थियौ तर यसले त भो म जान्न तिमीहरू मात्र जाओ भन्न थाल्यो।

विवेक : *(बिचैमा रमेशलाई रोक्दै।)* अनि सर यसका त आँखा पनि राता राता देखिएका छन्। ओठ पनि पुरै कलेटी परेको छ। भर्खरै वान्ता पनि गऱ्यो सर। खै के पो भएको हो ? (प्रिन्सिपल प्रभातको अनुहार राम्ररी नियाल्छन्। विष्णु, विवेक र रमेशतिर हेर्दै)

प्रिन्सिपल : ल ल तिमीहरूले आफ्नो साथीको ख्याल गरेर यहाँ सम्म ल्याएर राम्रो गऱ्यौ। तिमीहरूलाई धन्यवाद अनि तिमीहरूको क्लास पनि होला नि छैन र ?

विष्णु : छ सर अगि नै घन्टी लागेको।

प्रिन्सिपल : ल ल तिमीहरू आफ्नो कक्षामा जाऊ। प्रभातलाई के गर्नु पर्छ। म व्यवस्था मिलाउँछु। *(हस् सर हामी कक्षामा जान्छौँ। रमेश, विष्णु र विवेक सामूहिक रूपमा बोल्छन् र बाहिरिन्छन्। यत्तिकैमा पियन तेजप्रकाशको प्रवेश)*

तेजप्रकाश : सर मलाई बोलाउनु भएको हो र ?

प्रिन्सिपल : *(मुन्टो हल्लाउँदै)* अँ तेजप्रकाश तिमी तुरुन्त गएर स्वास्थ्यसेविका अञ्जली मिसलाई बोलाएर ल्याऊ त।

तेजप्रकाश : हस् सर। *(ऊ बाहिरिन्छ। प्रिसिन्पल प्रभातको अगाडि बसिरहेका हुन्छन्। प्रभात अलिकति टाउको उठाएर फेरि वान्ता गर्छ। प्रिन्सिपल उसको टाउको समाउँछन्। त्यही बेला अञ्जलीको प्रवेश)*

अन्जली : मे आइ कम इन सर

प्रिन्सिपल : यस मिस कम इन। अ हेर्नुस् न यो एकाएक बिरामी भएछ। लगातार भोमिटिङ छ। हामी के गर्न सक्छौँ।

अन्जली : म हेछु सर। *(उनी प्रभातको टाउको समाउँछिन्। उसलाई मुन्टो दायाँ बायाँ गर्न लगाउँछिन्। आँखा च्यातेर हेर्छिन्। ओठ खेलाउँछिन्। हातका औँलाहरू हेर्छिन्। सास सुँघ्छिन् र सोध्छिन्।)* हिजो बेलुका के खाना खाएका थियौँ प्रभात ?

प्रभात : केही पनि खान मन लागेन मिस, केही पनि खाइन।

अञ्जली : हिजो बिहान त खायौ नि !

प्रभात : खान त खाए मिस तर खाना नै रुच्दैन।

अञ्जली : कति भयो खाना रुची हुन छोडेको ?

प्रभात : त्यो त थाहा छैन मिस। *(अञ्जली उसलाई एक चक्की औषधी खान दिन्छिन् र आराम गर्न सुझाउँछिन्। ऊ त्यहीँ सोफामा निदाँउछ। अञ्जली उठेर प्रिन्सिपलको अगाडि जान्छिन्।)*

प्रिन्सिपल : *(अञ्जलीलाई हेर्दै)* भोमिटिङका कारण केही खुल्यो र मिस ?

अञ्जली : ठ्याक्कै यही हो भन्न त गाह्रो पर्छ सर तर मलाई उसका आँखा, ओठ, औँलाका नङ र उसको सासको गन्ध आदिले एउटा गम्भीर प्रश्न खडा गराएको छ।

प्रिन्सिपल : *(आश्चर्य भाव प्रकट गर्दै)* गम्भीर प्रश्न ? कस्तो गम्भीर प्रश्न मिस ? तपाईँको भनाइले त कतै यो दुर्व्यसनमा ......?

अञ्जली : हो सर। मलाई प्रभात दुर्व्यसनमा फसेको कुरामा धेरै शङ्का लाग्छ।

प्रिन्सिपल : *(दिक्दारी भावमा)* यो त ज्यादै संम्वेदनशील कुरा आयो मिस। यसले त स्कुलको इमेज माथि नै धक्का लाग्न सक्छ। यसको समाधान तुरुन्तै खोज्नु पर्छ मिस।

अञ्जली : त्यो त निश्चय पर्छ तर कसरी सर ? *(प्रिन्सिपल आफ्नो टेबुलको घन्टी थिच्छन्। पियन तेजप्रकाश ढोकामा देखा पर्छन्।)*

प्रिन्सिपल : कक्षा नौमा गएर प्रभात श्रेष्ठको व्याग र भृकुटी मेडमलाई बोलाएर आऊ त।

तेजप्रकाश : हस् सर *(उनी बाहिरिन्छन्।)*

अञ्जली : भृकुटी मेडमलाई किन बोलाउनुभएको सर ?

प्रिन्सिपल : उहाँ कक्षा शिक्षक हो नि। उहाँलाई केही

थाहा हुन सक्छ । *(यत्तिकैमा भृकुटी म्याम ढोकामा देखा पर्छिन् ।)*

भृकुटी : मे आइ कम इन सर ?

प्रिन्सिपल : यस म्याम कम इन । *(उनी भित्र पस्छिन् । पियन तेजप्रकाश पुनः ढोकामा देखा पर्छन् ।)*

तेजप्रकाश : ब्याग सर । *(प्रिन्सिपलको टेबुलमा ब्याग राखेर बाहिरिन्छन् ।)*

प्रिन्सिपल : *(भृकुटी म्यामतिर हेर्दै)* अँ म्याम आजकल कक्षा ९ को प्रभात श्रेष्ठको कृयाकलाप कस्तो देख्नुभएको छ ।

भृकुटी : पहिला त राम्रै थियो सर तर केही दिन यता घरमा आमा बिरामी हुनुहुन्छ भन्दै कक्षामा पनि ढिलो आउने र कहिलेकाही इन्टरभलमा बिदा मागेर जाने गरेका छन् ।

प्रिन्सिपल : उसको आमा बिरामी भए नभएको इन्क्वायरी गर्नु भयो त ?

भृकुटी : सरी सर गरिन् ।

प्रिन्सिपल : कति भयो उसले यस्तो गर्न थालेको ?

भृकुटी : दुई हप्ता जति भयो सर ।

प्रिन्सिपल : *(अञ्जलीतिर हेर्दै)* अञ्जली मिस प्रभातको ब्याग राम्रोसँग चेक गर्नुस् त कतै तपाईँले सङ्का गरे जस्ता केही चिज फेला पर्छन् कि ? अनि भृकुटी म्याम तपाईँ उसका नोट कापीहरू चेक गर्नुस् त । उसको होमवर्क के कस्तो छ ?

अञ्जली : ब्यागमा त केही भेटिन्न सर ।

भृकुटी : दुई हप्तादेखि उसको होमवर्क नै छैन सर ।

प्रिन्सिपल : ल ठिक छ । केही न केही गढबढ हुनै पर्छ । अञ्जली मिस ! अब प्रभातलाई उठाएर उसको नजिकको साथीसँग उसलाई घर पठाइदिनुस् । हामी फेरि बस्नु पर्छ । भृकुटी म्याम उसको भोलि गार्जेनलाई जुनसुकै समयमा भए पनि बोलाउनुहोला । अहिलेलाई छुट्टिटउँ । *(सबैजना उठ्छन् पर्दा बन्द हुन्छ ।)*

## दृष्य २

*(प्राचार्यको अफिस कोठाको दायाँबायाँ चारैतिर लामालामा टेबल र कुर्चीं मिलाएर राखिएको छ । भित्ताको एकातिर राष्ट्रिय विभूतिका फोटाहरू झुन्ड्याइएका छन् । अर्कोतिर भित्तामा स्कुलले प्राप्त गरेका विभिन्न प्रकारका प्रमाणपत्रहरू सजाएर राखिएको छ । स्कुलका प्राचार्य आफ्नो कुर्चीमा बसिराखेका हुन्छन् । पियन तेजप्रकाशले गिलासमा पानी ल्याएर प्राचार्यको टेबलमा राख्छन् ।)*

यस्तैमा

प्राचार्य : अँ तेजप्रकाश ! भृकुटी मेडम स्टाफकोठामा हुनुहोला जाऊ त बोलाएर आऊ ।

तेजप्रकाश : हस् सर । *(शिर निहुराएर हात जोड्छ र बाहिर निस्किन्छ ।)*

प्राचार्य : कुर्चीमा बसेर यताउता फाइल पल्टाउँदै बसिरहेका हुन्छन् । ढोकामा भृकुटी मेडमको प्रवेश ।

भृकुटी : नमस्कार सर !

प्राचार्य : नमस्कार मेडम
*(आफ्नो छेउनिरको कुर्चीमा बस्नका निम्ति इसारा गर्छन् ।)*

भृकुटी : *(कुर्चीमा बस्दै)* अनि सर त्यही रमेशको विषयलाई लिएर हो कि । अरु नै केही काम थियो ?

प्राचार्य : रमेशकै विषयलाई लिएर हो मेडम । साच्चै आज रमेश कक्षामा आएको छ कि छैन मेडम ?

भृकुटी : छैन सर, आज ऊ आएको छैन । मैले उसको अभिभावकलाई खबर पनि गरेकी छु सायद आउँदै हुनुहोला ।

प्राचार्य : आउने समय पनि दिनुभएको छ प्रभातको बुबाले ।

भृकुटी : बुबा होइन सर उसको बुबा त विदेशतिर हुनुहुन्छ रे । उसको आमा आउँदै हुनुहुन्छ । ११ :०० बजे भित्रैमा आइपुग्ने कुरा गर्नु भएको थियो । *(घडी हेर्दै)* लौ... ११:०० पनि त बज्न लागिसकेछ । अब त आइपुग्नु

पर्ने ! *(ठिक त्यही बेला ढोकामा प्रभातको आमा तुलमायाको प्रवेश)*

तुलमाया : *(ढोकाबाट भित्र पस्दै)* नमस्कार सर मेडम ! (प्राचार्य र भृकुटी नमस्कार फर्काउछँन् ।)

प्राचार्य : बस्नुहोस् मेडम *(भृकुटीको छेउतिर बस्ने इसारा गर्छन्।)* अनि के छ मेडम आराम हुनुहुन्छ ।

तुलमाया : हजुर सर आरामै छु। मलाई बोलाउनुभएको रहेछ। केही काम थियो कि ।

प्राचार्य : हैन हैन खासै काम त केही थिएन । तै पनि आफ्ना बाबुनानीका अभिभावकसँग बाबुनानीको पढाई के कस्तो छ । घरमा कत्तिको पढाईमा ध्यान दिन्छन् । स्कुलको पढाईको बारेमा के कुरा गर्छन् भनेर बोलाएको ।

तुलमाया : हो सर, त्यो त एकदम राम्रो कुरा हो नि । यस्ता कुराका लागि त हामी आफै पनि बेलामौकामा स्कुलतिर आउनुपर्ने हो नि ! तर के के हुन्छ के के हुन्छ ।

भृकुटी : त्यही त हो नि मेडम घरको काम बिहान बेलुका खाना पकाउनै पर्‍यो, खाजासाजा भन्यो जुठोभाँडा गर्‍यो, घर सफा गर्‍यो, कपडा धोयो, यताउता गर्दागर्दै समय त गईहाल्छ। अलिकति बारी हुनुपर्छ अनि त कल्ले गर्दियोस् पो हुन्छ त !

तुलमाया : हो त नि मेडम ! भन्ने बेलामा पकाउने र खाने मात्रै त हो नि भन्यो तर आफूलाई भने सधैंको भ्याइनभ्याइ !

प्राचार्य : अ साच्चै मेडम, प्रभात त आज स्कुल आएको छैन । हिजो टाउको दुखेर वान्ता गरेको थियो आज कस्तो छ।

तुलमाया : *(आश्चर्य भावमा)* हिजो टाउको दुखेर वान्ता गरेको थियो रे ? घरमा त केही पनि भनेन त ! अनि आज नौ बजे नै खाना खाएर हिँडेको हो, स्कुलमा छैन र।

भृकुटी : छैन मेडम ऊ आज पनि स्कुलमा छैन । हिजो त ऊ निकै सिरियस जस्तै पो भयो त। कता अस्पताल नै लानु पर्ला जस्तो पो बनायो। *(स्वास्थ्य सेविका मिसले खै के औषधी खुवाएपछि आँखा खोल्यो र एकाध घण्टापछि अलिक ठिक भएर हाम्रै पियन दाईलाई घरसम्म पुऱ्याउन पठायौँ। एकछिन त अतायो नि)*

तुलमाया : आहो ! हो र ? त्यस्तो हुदाँ पनि घरमा त केही भनेन त ! फेरि आज स्कुल पनि आएनछ हैन आज कहाँ गयो त ।

प्राचार्य : हेर्नुस् मेडम कुरा आजको मात्र होइन । दुई तीन हप्तादेखि उसको हाजिरी नियमित छैन। गृहकार्य पनि राम्रो छैन। हिजो हामीले उसको कफ, रगत जचाँउन पठाएका छौं । उसको पढाइको बाटो भन्दा पनि अरू कुनै बाटो रोज्दै छ कि जस्तो लाग्न थालेको छ। *(ठिक त्यही बेला स्वयम सेविका अञ्जलीको प्रवेश)*

अञ्जली : सर मेडम सबैलाई नमस्कार । *(हात जोड्दै तुलमायातिर फर्किएर)* हजुरलाई त चिन्न सकिन नि ।

तुलमाया : नमस्कार फर्काउँदै *(नमस्कार मिस म तुलमाया वि.सी प्रभातकी आमा)*

अञ्जली : ए ! प्रभातकी आमा । ल ठिक बेलामा आउनुभएछ । *(प्राचार्यतिर फर्किदै सर हिजोको रिपोर्ट आएछ त्यही बुझाउन आएकी)*

प्राचार्य : बस्नुस् मिस । हामी प्रभातकै बारेमा कुरा गर्दै थियौं । मैले भर्खरै उहाँसँग रगत र कफ जाँच्न पठाएको कुरा गर्दै थिएँ। तपाईं ठिक समयमा आइपुग्नु भयो । के छ मिस रिपोर्टमा ?

अञ्जली : रिपोर्टमा त खास त्यस्तो केही देखिएन सर ! तर मैले हिजोको उसका सबै क्रियाकलापको जानकारी गराउँदा डाक्टरले यो बच्चा दुर्व्यसनीमा फसेको हुन सक्छ भन्ने कुरा गर्नुभयो ।

तुलमाया : *(चिन्तित मुद्रामा)* लै न सर मेडम के गर्नु पर्छ

हजुरहरूले नै गर्दिनुस्, मैले त केही सोच्नै सकिन, म त एक्ली मान्छे, उसको बाबा पनि घरमा हुनुहुन्न, मैले त यस्तो चिताएकै थिइन ।

प्राचार्य : नआत्तिनुस् मेडम हाम्रो विचारमा प्रभात कुलतबाट निस्कनै नसक्ने गरी फसिसकेको छैन । यो यसको प्रारम्भिक चरण मात्र हो । सानो घटनाले सबै कुरा थाहा भयो । अब हामीले पनि उसलाई आफ्नो निगरानीमा राख्छौँ र घरमा तपाईँले पनि राम्रो ख्याल गर्नुस्, बरु स्कुल पुऱ्याउन र लिन सधैँ गेटसम्म आउने गर्नुस् ।

तुलमाया : *(आँखा पिलपिल पार्दै)* हस् सर । हजुरहरूले पनि राम्रो सम्झाई बुझाई गरिदिनुस् म पनि आफ्नो ठाउँबाट सकेसम्म गर्छु ।

भृकुटी : हस् मेडम तर हजुरले आज प्रभात स्कुल नआएको र ऊ नियमित हाजिर नभएको अनि हिजोको घटना केही पनि थाहापाएको व्यवहार नदेखाउनु होला । यी सबै कुरा थाहापाएको व्यवहार गर्नुभयो भने उसलाई झनै सजिलो पर्न सक्छ ।

तुलमाया : *(भाव हुँदै विह्वल)* केही पनि थाहा नपाएको जसरी उसलाई झन कसरी सम्झाउने त ?

भृकुटी : उसलाई झनै माया दिनुस् । ऊ बिना आफू बाँच्नै नसक्ने कुरा गर्नुस् । आफ्नो विश्वासको पहाड ऊ मात्रै भएको कुरा गर्नुस् । भोलिदेखि स्कुल पुऱ्याउन पनि मै जान्छु भन्नुस् । स्कुलबाट फर्किने बेलामा पनि गेटमै लिन आउछु भन्नुस् । तिमी स्कुल जाँदा मलाई त्यही समय पनि बर्षौंदिन जस्तो लाग्छ भन्नुस् । त्यसले उसलाई मनोवैज्ञानिक असर पार्न सक्छ र ऊ ठिक ठाउँमा आउनसक्छ ।

तुलमाया : *(भृकुटीलाई अङ्कमाल गरेर रुँदै)* हस् मेडम हजुरहरूले मेरो आँखा खोलिदिनुभयो । म भोलिदेखि हजुरहरूले भनेअनुसार नै गर्छु । बरु आज पो कहाँ गयो होला त्यो, कतिखेर आउला ?

प्राचार्य : हुन्छ मेडम भृकुटी मेडमले भनेजस्तै गर्नुस् कत्ति नआत्तिनुस् । धैर्यता नै सफलताको प्रतीक हो भन्ने कुरा मनन गर्नुस् ।

तुलमाया : *(आँसु पुस्दै)* हस् सर । हजुरहरू सबैलाई नमस्कार । म बिदा हुन्छु ।

*(सबैले नमस्कार गर्छन् पर्दा बन्द)*

卐

प्रतिवेदन

# भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानः वर्ष २०८०/०८१ को सान



बालकृष्ण थपलिया *

### १) विषयप्रवेश

भरतपुर महानगर "मध्य नेपालको सुन्दर सहर, समृद्ध र सुसंस्कृत भरतपुर महानगर" भन्ने मूल मन्त्रका समृद्धिको यात्रामा लम्किरहेको छ। महानगरले भौतिकरूपमा देखिने विकास निर्माणका काम मात्र गरेको छैन। यसले आर्थिक, सामाजिक, शैक्षिक क्षेत्रमा पनि राम्रा र अनुकरणीय उदाहरणहरू पनि पेस गरेको छ। यसै क्रममा भाषा, साहित्य, कला र संस्कृतिको उत्थानको लागि स्थापित भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान (२०७८ चैत्र १५) विविध आरोह अवरोह पार गर्दै अगाडि बढीरहेको छ। महानगरको विपत् शाखाको मूल जिम्मेवारी सम्हाल्दै महानगरकै यातायात शाखा, सूचना शाखाका अलवा भरतपुर भ्रमण वर्ष २०२४ का विविध कार्यक्रममा पनि जोडिन पाउँदा गौरव लागेको छ। यस सानो लेखमा भने भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानको सचिवालयमा रहेर प्रज्ञाप्रतिष्ठानको सदस्य सचिवको रूपमा आफूलाई समाहित गराउँदा दिन, महिना हुँदै वर्ष कसरी बित्यो पत्तै पाइएन। प्रायः सँधै बिहान करिब ७ बजेतिर निस्केर साँझ पनि आठ-नौ बजे घर पुग्दा मैले खासमा के गरेँ त यतिका दिन या वर्ष ? के कति कमाइयो त यहाँ अल्झेर ? मेरो आत्मसम्मान वा मान-सम्मानका शृङ्खलामा के थपियो त यस बिचमा ? मेरो जीवनको एलबममा प्रज्ञाका पानाहरू कसरी रहेका छन् त ? लेख्न पर्ने आत्मपरक निबन्ध त फुर्सदमा लेखूँला पछि-पछि। यस लेखमा भने प्रज्ञाप्रतिष्ठानले वर्षभरि सम्पादन गरेका क्रियाकलापहरूलाई वस्तुपरक ढङ्गमा पेश गर्ने जमेर्को गरेको छु। शृङ्खला नमिल्न सक्छ तर वर्ष २०८०/०८१ मा प्रज्ञाप्रतिष्ठाका कामहरूलाई समेट्ने प्रयास गरेको छु सदस्य सचिवको हैसियतले।

** सदस्य सचिव : भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान*

### २) पृष्ठभूमि :

महानगर साहित्य दर्पण २०७८ प्रकाशनपूर्व महानगरपालिकामा जमघट भएका चितवनका मानक साहित्यिक स्रष्टाहरू र सक्रिय साहित्यिक संस्थाका प्रतिनिधिहरूको माग बमोजिम भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान गठन भएको हो। २०७८ माघ ८ गते सम्पन्न भरतपुर महागरपालिकाको दशौं नगरसभाले पारित गरेको भरतपुर महानगरपालिका प्रज्ञा-प्रतिष्ठान ऐन-२०७८ र मिति २०७९ असोज १५ गते बसेको कार्यपालिकाको बैठकले भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका मान-सम्मान, पुरस्कार तथा स्रष्टा प्रोत्साहन कार्यविधि-२०७९ पारित गरेसँगै प्रतिष्ठानका क्रियाकलापहरू सञ्चालन भइरहेका छन्। प्रतिष्ठानले २०७९ असार ५ गते पहिलो , २०८० जेठ १७ गते दोस्रो र २०८१ असार २ गते तेस्रो प्राज्ञसभा सम्पन्न गरी यसले लिएका नीति, प्रज्ञा प्रतिष्ठानलाई छुट्याइएको सीमित बजेट र जनशक्तिमार्फत् भाषा, कला, साहित्य, संस्कृतिको उन्नयन र प्रतिभाहरू प्रोत्साहनका जेजति कार्यक्रम गर्न सकियो, तिनलाई यसमा सङ्क्षेपमा प्रकाश पार्ने अनुमति चाहन्छु।

### ३) दोस्रो प्राज्ञ सभा :

२०८० जेठ १७ गते प्रतिष्ठानका कुलपतिसमेत रहनु भएका नगर प्रमुख रेनु दाहालको अध्यक्षतामा दोस्रो प्राज्ञसभा सम्पन्न भई आ.व. ०८०/२०८१ मा सञ्चालन गरिने प्रज्ञा-प्रतिष्ठानका वार्षिक नीति तथा कार्यक्रम पारित गर्दै महानगरसमक्ष पेस भएकोमा महानगर प्रज्ञाप्रतिष्ठानको व्यवस्थापन तथा भाषा-साहित्य, कला-संस्कृति उत्थान शीर्षकमा

रू ३० लाख विनियोजन भई त्यसै शीर्षकबाट प्रज्ञाका गतिविधिहरू सञ्चालन भएका छन् ।

**४) स्रष्टाहरूलाई सम्मान र पुरस्कार प्रदान**

प्रतिष्ठानले गत २०८१ चैत्र १८ गते नेपाली भाषा, साहित्य, कला-संस्कृतिको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका ६ जना र राष्ट्रिय खुल्ला कथा प्रतियोगिता २०८० र चितवन जिल्लास्तरीय "मेरो सपनाको भरतपुर" शीर्षकमा निबन्ध प्रतियोगितामा २०८१ मा विजयी १० जना गरी १६ जना प्रतिभाहरूलाई विभिन्न सम्मान तथा पुरस्कारहरू प्रदान गरेको छ । प्रतिष्ठानका कुलपति तथा नगर प्रमुख रेनु दाहालको प्रमुख आतिथ्यमा आयोजित सम्मान तथा पुरस्कार प्रदान कार्यक्रममा भरतपुर - ४ निवासी महानगर प्रज्ञा प्रतिष्ठान कला विभागका सदस्य वरिष्ट कलाकार प्रकाश थापा "प्रथा" लाई रू ५० हजार ७८ सहित भरतपुर प्रज्ञा सम्मान र समाजशास्त्र, दर्शनशास्त्र तथा अनुसन्धानमा विशेष योगदान दिनुभएका महानगर प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य समेत रहनुभएका भरतपुर- १२ का प्रा.डा. कर्णबहादुर बानियाँलाई कृष्ण बम मल्ल प्रज्ञा सम्मान र भरतपुर-१०, चितवनका अन्वेषक, अनुसन्धानकर्ता, डी. आर. पोखरेलको संस्कृतिको सोपानमा चितवन कृतिका लागि चित्रवन प्रज्ञा पुरस्कार प्रदान गरियो । यी सम्मान र पुरस्कारको राशि जनही रू ५० हजार ७८ रहेको छ ।

महानगरवासी महिला साहित्यकारहरूका साहित्यिक कृतिहरू मध्येबाट मूल्याङ्कन समितिले उत्कृष्ट ठहराएको भरतपुर १ निवासी सिम्रन क्षेत्रीको उपन्यास झुमरलाई वागीश्वरी प्रज्ञा पुरस्कार प्रदान गरियो । भरतपुर-१२, चितवनका कवि जगन्नाथ पण्डितको घरबारीमा तोरी फुल्यो कविता-सङ्ग्रहलाई भरतपुर प्रज्ञा पुरस्कार (काव्य) र भरतपुर-९, चितवनका आख्यानकार अष्टदेव खनालको अन्तश्चेतना उपन्यासलाई भरतपुर प्रज्ञा पुरस्कार (आख्यान) प्रदान गरियो । यी सबै पुरस्कारका राशि जनही २५ हजार ७८ रहेका छन् ।

प्रज्ञा पुरस्कार प्रयोजनका लागि भरतपुर महानगरवासी ४ जना नारीस्रष्टा लगायत १८ जना साहित्यकारहरूले आफ्ना कृतिहरू दर्ता गराएका थिए । यसक्रममा वागीश्वरीका लागि ४, चित्रवनका लागि २, निबन्धका १, काव्यका ९ र आख्यानका ५ कृतिहरू प्राप्त भएका थिए । नाटक विधामा भने कुनै कृति दर्ता आएनन् भने निबन्धमा पनि अपेक्षाकृत कृति प्राप्त नभएकाले मूल्याङ्कनमा पठाइएन । सम्मानित प्रतिभाहरूको छनौट गर्न र प्रतिष्ठानमा दर्ता हुन आएका कृतिको विधागत मूल्याङ्कनको लागि परिषद्का सदस्यहरूको संयोजकत्त्वमा विषयविज्ञ प्राज्ञहरू सम्मिलित मूल्याङ्कन समिति गठन गरिएको थियो । समितिको सिफारिसलाई परिषद्ले र परिषद्को सिफारिसलाई महानगरपालिकाले निर्णय गरेर सम्मान तथा पुरस्कार प्रदान गरिएको हो ।

प्रतिष्ठानकै आयोजनामा राष्ट्रिय खुल्ला कथा प्रतियोगिता २०८१ सम्पन्न भयो । प्रतियोगितामा विभिन्न २७ जिल्लाका ७१ जना कथाकारहरूले सहभागिता जनाएका थिए । यी मध्ये महिला २५ जना पुरूष ४६ जना गरी ७१ जना थिए । प्राप्त कथाहरूको नाम, ठेगाना, इमेल आदि हटाइ बेग्लै सङ्केत नम्बर राखी निर्णायकहरूकहाँ पठाउँदा वागेश्वरी -४, नुवाकोटका अनन्त लम्सालको अन्तिम पथ कथा सर्वोकृष्ट भइ रू ४० हजार ७८ रूपैया, राइनास-३, लम्जुङकी अनिता पन्थीको मृत्युको अपिल कथा उत्कृष्ट भइ रू ३० हजार ७८ रूपैया र वेथान-२, रामेछापका समीप खड्काको भाग्यको कुरो उत्तम ठहरिइ २० हजार ७८ रकमसहित पुरस्कृत गरिएको थियो । यसैगरी विराटनगर-३, मोरङकी मन्दिरा मधुश्रीको पहिचान कथा र रत्ननगर-१, चितवनकी राधिका कल्पितको अब लजाउदैन लज्जावती कथालाई प्रोत्साहनस्वरूप जनही रू १० हजार ७८ सहित पुरस्कृत गरिएको थियो ।

यसैगरी "मेरो सपनाको भरतपुर" शीर्षकमा

चितवन जिल्लास्तरीय निबन्ध प्रतियोगितामा २०८० सम्पन्न भएको छ । ३ पटकसम्म म्याद थपेर निबन्ध आह्वान गर्दा पनि अपेक्षाकृत निबन्धकारहरूको सहभागिता भने रहन सकेन । प्रतियोगितामा चितवनका विभिन्न पालिकाहरूबाट ११ जना निबन्धकारहरूले सहभागिता जनाएका थिए । यी मध्ये ८ जना पुरूष ३ जना महिला थिए । प्राप्त निबन्धहरूलाई नाम, ठेगाना, इमेल आदि हटाइ बेग्लै सङ्केत नम्बर राखी निर्णायकहरूकहाँ पठाइएको थियो । मूल्याङ्कनबाट खैरहनी १, चितवनका हरिप्रसाद तिवारी "रवि" सर्वोकृष्ट भइ रू १० हजार ७८ रूपैया, भरतपुर २५, चितवनका अनुस्का न्यौपाने उत्कृष्ट भई रू ८ हजार ७८ रूपैया र कालिका ६ चितवनका चिरञ्जीवी दाहालका उत्तम ठहरिई रू ६ हजार ७८ रूपैया सहित पुरस्कृत गरियो । भरतपुर ५, चितवनका सन्तोष सुवेदी र स्वस्तिक शर्मालाई प्रोत्साहन स्वरूप जनही रू ४ हजार ७८ सहित पुरस्कृत गरियो ।

### ५) पाण्डुलिपि प्रोत्साहन

भरतपुर महानगरवासी स्रष्टाका सिर्जना, खोज अनुसन्धान गरेका मौलिक साहित्यिक रचनाहरूलाई पुस्तक प्रकाशनार्थ प्रोत्साहन गर्ने गरेको छ । कृतिको पाण्डुलिपि र त्यसको पीडीएफ फाइलसहित सहयोगको लागि प्रज्ञामा निवेदन दिएका स्रष्टाहरूलाई पुस्तक प्रकाशनार्थ रकम उपलब्ध गराइने गरेको छ। प्रतिष्ठानले प्राप्त पाण्डुलिपिको स्तरीयता, गुणात्मकता, स्रष्टाका व्यक्तित्त्व आदिलाई मूल्याङ्कन गरेर दश हजार देखि अठ्ठाइस हजार रूपैयासम्म उपलब्ध गराइएको छ।

प्रतिष्ठानले भरतपुर १० का महाकाव्यकार होमनाथ पौडेल "हिमांसु"को हीरा सति महाकाव्य प्रकाशनार्थ रू २८ हजार र महानगरका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत तथा प्राज्ञ-परिषद् सदस्य नरेन्द्रकुमार रानाको ऊ र म कविता सङ्ग्रह प्रकाशनार्थ २५ हजार उपलब्ध गराइएको छ । यसै कार्यक्रमबाट भरतपुर ५ का सिर्जन अविरलको तथागत उपन्यास, भरतपुर ५ का गणेश श्रमणको आगो लिएर गाउँ गाउँमा कवितासङ्ग्रह, भरतपुर ७ का मणिराम शर्मा (मणि काफ्ले) को मुक्त चेतना कविता गीतसङ्ग्रह, भरतपुर ७ का टीकाराम रेग्मीको बाँसुरीको धून कथासङ्ग्रह, भरतपुर १० का पूर्णप्रसाद अधिकारीको अनुरञ्जन आफैभित्र (यात्रा संस्मरण) भरतपुर १० का शशिकिरण रेग्मी (रह शर्मा) मीमांसाको सोपानमा रह विवेचित लिखतसङ्गालो, भरतपुर १६ का रेशम विरही घिमिरेको प्रतिरोधको लय कविता सङ्ग्रह र भरतपुर २० का आख्यानकार राम कुँवरका आमा कथासङ्ग्रह र लोग्ने उपन्यास प्रकाशनका लागि जनही रू २० हजार उपलब्ध गराइएको छ।

भरतपुर ११ का उदय अधिकारीको साकार समय अर्न्तवार्ता सङ्ग्रह र भरतपुर १२ की विद्या चिरागको हजुर बाको लौरी सचित्र बाल गजलसङ्ग्रह, भरतपुर १२ का प्रभातराज सुवेदीको विदेशी साथी नियात्रात्मक कथासङ्ग्रह प्रकाशनार्थ जनही १५ हजार उपलब्ध गराइएको छ। यसैगरी भरतपुर १ का गुरूप्रसाद न्यौपाने "सुशील"को कवितासङ्ग्रह सिर्जनाको फूल, भरतपुर ४ का दीपकप्रसाद गौतमको समालोचनात्मक कृति अमर त्यागीका कवितामा वस्तुविधान र भरतपुर ७ का उपेन्द्रबाबु त्रिपाठिको कविता सङ्ग्रह अक्करे भीरको बाटोका लागि जनही रू १४ हजार र भरतपुर १२ का हरिभक्त अधिकारीको संस्मरण स्मृतिका आयामहरूका लागि रू १० हजार प्रदान गरिएको छ।

### ६) आधारभूत विद्यालयस्तरीय चित्रकला प्रतियोगिता

महानगरको शैक्षिक प्रशासन महाशाखाको समन्वय र प्रज्ञा प्रतिष्ठानको सहजीकरणमा आधारभूत विद्यालयस्तरीय चित्रकला प्रतियोगिता सम्पन्न भएको छ । "बालबालिकामा लगानी : सुनिश्चित भविष्यको थालनी" भन्ने मूल नाराका साथ राष्ट्रिय बाल

दिवस २०८० को अवसर पारी गत २०८० भाद्र २७ गते महानगरका साविक स्रोतकेन्द्रहरूमा प्रतियोगिता सम्पन्न भएको हो । आधारभूत विद्यालयका १०६ जना विद्यार्थीहरूले सहभागिता जनाएका प्रतियोगितामा प्रतिष्ठानका इन्द्रप्रसाद रेग्मी, परिषद्द्वय सदस्य प्रकाश चापागाई, विष्णुदेवी तिवारी उषा र सदस्य सचिव बालकृष्ण थपलियाले सहजीकरण गरेका थिए।

प्रतियोगितामा अंकुरम एकेडमीकी कक्षा ३ मा अध्ययनरत दिविजा रेग्मी प्रथम भएकी थिइन् । यसैगरी नारायणी नमुना मावि भरतपुरकी कक्षा ५ की जेनिसा सारू मगर द्वितीय, प्रज्ञा एकेडकीकी कक्षा ५ की रोशनी विक तृतीय र जनप्रिय पब्लिक स्कुलमा कक्षा ५ की समृद्धि महतोले सान्त्वना स्थान हासिल गरेका थिए।

**७) प्रकाशन**

**क) महानगर साहित्य दर्पण -२**

महानगर साहित्य दर्पण २०७८ प्रकाशन नै भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान गठनको रचनागर्भ हो भन्दा अत्युक्ति नहोला । प्रज्ञा-प्रतिष्ठानको मुखपत्रको रूपमा यसको निरन्तर प्रकाशनमा हामीहरू लागिपरेका छौं । कलाकार प्रकाश थापाको सुन्दर आवरणमा सजिएको यसको दोस्रो अङ्क २१२ पृष्ठको आयातनमा फैलिएको छ। नगर प्रमुख तथा प्रतिष्ठानका कुलपति रेनु दाहाल संरक्षक, उप प्रमुख चित्रसेन अधिकारी, प्रमुख प्रशासकीय अधिकृत नरेन्द्रकुमार राना, उपकुलपति इन्द्रप्रसाद रेग्मी र महानगर शिक्षा अधिकारी महेन्द्रप्रसाद पौडेल सल्लाहकार रहेका दर्पण अङ्क २ का केदारनाथ खनाल प्रधान सम्पादक रहेका छन् । जगन्नाथ पण्डित र सुरेन्द्र अस्तफल सम्पादक रहको यस अङ्कमा यो पङ्तिकारलाई कार्यकारी सम्पादको जिम्मेवारी थियो । दर्पणको अङ्क-२ बारे यसैको अङ्क ३ मा समीक्षक पूर्णप्रसाद अधिकारीले यसै अङ्कमा अलि बिस्तारमा लेखेका छन् ।

**ख) भरतपुर प्रज्ञा जर्नल अङ्क २**

प्रज्ञा-प्रतिष्ठानमार्फत् विविध विषयवस्तुलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउन भरतपुर प्रज्ञा जर्नल प्रकाशमा ल्याएका छौं । यसको अङ्क २ को २०८१।२।२४ गते प्रतिष्ठानका कुलपति तथा नगर प्रमुख रेनु दाहाल, उपप्रमुख चित्रसेन अधिकारी, निमित्त प्रमुख प्रशासकीय अधिकृत उपेन्द्रराज पौडेल, प्राज्ञसभा सदस्य विष्णुबहादुर भुजेल, शिक्षा निर्देशक सुवासचन्द्र आचार्यलगायत विशिष्ट व्यक्तित्वहरूबाट यसको लोकार्पण गरिएको थियो । महानगरको वेभसाइटका माध्यमबाट यसको ई-कपी सार्वजनिक भएको छ। यसपटकबाट हरेक लेखको व्यक्तिगतरूपमा डिओआईसमेत उपलब्ध लिइएको छ। उपकुलपति इन्द्रप्रसाद रेग्मीको संयोजन र प्राज्ञसभा सदस्य तथा जर्नलका प्रधान सम्पादक डा. केशवराज चालिसे, सम्पादकहरू डा. एकनारायण पौड्याल, रमाकान्त सापकोटा र कार्यकारी सम्पादक बालकृष्ण थपलियाको विशेष सक्रियतामा जर्नल प्रकाशन सम्भव भएको हो । यसको विषयवस्तु छनौट, अनुसन्धानदाताहरूसित समन्वय र सामग्री सङ्कलन, सम्पादन र सेटिङमा प्रधान सम्पादक डा. चालिसेको अतुलनीय योगदान रहेकोमा दुई मत छैन ।

**ग) ऊ र म**

भरतपुर महानगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत तथा प्राज्ञ सभा सदस्य नरेन्द्रकुमार रानाले प्रकाशमा ल्याउनु भएको ऊ र म कविता कृतिलाई प्रज्ञा-प्रतिष्ठानको प्रकाशक ब्यानरमा प्रकाशित भएको छ। प्रतिष्ठानलेसमेत पुस्तक प्रकाशन गर्न प्रोत्साहन गरेको र लेखक स्वयम्को खर्चमा प्रकाशित कृतिलाई प्रज्ञा-प्रतिष्ठानको प्रकाशित कृतिको लेपन मात्र लगाइएको हो ।

**८) नौसिन्दाको जागिर लोकार्पण तथा अर्न्तक्रिया**

भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानको आयोजनामा मिति २०८० माघ ६ गते भरतपुर महानगरपालिका कार्यालयको सभाकक्षमा जनकविकेशरी धर्मराज थापाको जन्मशताब्दीको उपलक्ष्यमा मदनराज थापाले

सम्पादन गरी प्रकाशमा ल्याइएको  नौसिन्दाको जागिर निबन्धसङ्ग्रह कृति लोकार्पण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । प्रतिष्ठानका उपकुलपति इन्द्रप्रसाद रेग्मीको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रा.डा. जीवन अधिकारीले नौसिन्दाको जागिर कृतिमा सांस्कृतिक प्रतिबिम्बन विषयक विचारपत्र प्रस्तुत गरेका थिएभने  अधिकारीको विचारपत्रमाथि समीक्षक उदय अधिकारीले टिप्पणी गरेका  थिए।

### ९) सामुदायिक पुस्तकालयलाई सहयोग

भरतपुर महानगर क्षेत्र भित्रका सामुदायिक पुस्तकालयहरूलाई सहयोगार्थ प्रोत्साहन गर्न प्रज्ञाप्रतिष्ठानमार्फत् सार्वजनिक सूचना प्रकाशित गरी प्रस्ताव आह्वान गरिएकोमा बजेट सीमा रू १ लाखलाई दामासाहीमा पर्ने गरी ७ वटा सामुदायिक पुस्तकालयलाई पुस्तक उपलब्ध गराइएको छ। यसरी पुस्तक उपलब्ध गराएका सामुदायिक पुस्तकालयहरूमा वडा नं. २ को रामेश्वर पुस्तकालय तथा वाचनालय, वडा नं. ३ को चितवन साहित्य परिषद् , वडा नं. ४ को ज्ञानज्योति पुस्तकालय, वडा नं. ७ को बेटर चितवन पुस्तकालय, वडा नं. १० को दोभान पुस्तकालय, वडा नं. १२ को ज्योति पुस्तकालय र वडा नं. १८ को मदन स्मृति सामुदायिक वाचनालय रहेका छन्।

### १०) महानगर वाङ्मय  कोश

भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान गठनभएपश्चात बसेको परिषद्को पहिलो बैठकले गरेको सङ्कल्पबमोजिम साहित्यकार कलाकारहरूको वैयक्तिक विवरण समावेश गरी प्रकाशन गरिने महानगर वाङ्मय कोशको काम भइरहेको छ। प्रधान सम्पादक केदारनाथ खनाल, सम्पादकहरू विष्णुबहादुर भुजेल, विष्णु तिवारी उषा, प्रकाश थापा प्रथा र कार्यकारी सम्पादक बालकृष्ण थपलियाको सक्रियतामा यसको काम भइरहेको छ। सुरूमा भरतपुर महानगरवासी स्रष्टा तथा प्रतिभाहरूको मात्र विवरण समावेश गरी प्रकाशन गर्ने भनिए पनि गत वर्षबाट चितवनका सबै पालिकाका स्रष्टाहरूलाई समेट्ने निर्णयबमोजिम विवरण सङ्कलन जारी छ । हामीले पटक पटक गरेको सार्वजनिक आह्वान, प्रचार प्रसार तथा चितवनका पालिका तथा महानगरका वडाहरूमा पत्राचार गरिए पनि  अपेक्षाकृत विवरणहरू प्राप्त भएका छैनन् । हाम्रो प्रयत्नबाट हालसम्म ४९६ जना स्रष्टाका नामावली सूचीकरण गरेपनि करिब एक तिहाइको मात्र पूर्ण विवरण प्राप्त भएको छ। देख्दा सामान्य लाग्ने तर आधिकारिक र तथ्यपरक विवरण सङ्कलन गर्न ज्यादै समस्या भएको महसुस भएको छ। यहाँहरूमार्फत् यसको अझै प्रचार प्रसार, समन्वय  र सहकार्यको अपेक्षा गर्दछु।

### ११) सहकार्य

प्रज्ञा-प्रतिष्ठानले विभिन्न साहित्यिक/ सांस्कृतिक संस्थाहरूसित  सहकार्य  गर्दै विविध साहित्यिक कार्यक्रमहरूमा आफ्नो सहभागिता जनाउँदै आएको छ। यसक्रममा चुँदी रम्घा चितवन समाजको सहकार्यमा २१०औं भानु जयन्ती, गजल मञ्च चितवनको सहकार्यमा १५८ औं मोती जयन्तीको अवसरमा गजल साँझ २०८०, साहित्य सङ्गम चितवनका लागि प्रज्ञा परिषद्का सदस्य विष्णु तिवारी उषाको नेहरू टनल गजल सङ्ग्रहको विमोचन,रामेश्वर पुस्तकालय, नेपाल पुस्तकालय सङ्घ चितवनसित साझेदारीमा १६औं राष्ट्रिय पुस्तकालय दिवस, रोट्र्याक क्लब अफ चितवनको सहकार्यमा शब्दको सङ्गीत कविता प्रतियोगिता २०८१ सञ्चालनमा महानगर प्रज्ञा प्रतिष्ठानले सहयोग, समन्वय गरी सहकार्य गरेको छ । प्रज्ञाप्रतिष्ठानकै आयोजनामा नयाँवर्ष २०८१ तथा साहित्य दिवसको अवसरमा “साहित्य दिवसको अभियान, भाषा, साहित्य र संस्कृतिको सम्मान भन्ने मूल नाराका साथ चितवनका स्रष्टाहरूले तथा रचनावाचन साथ कार्यक्रम सम्पन्न गरिएको छ । प्रज्ञा प्रतिष्ठानकै सचिवालयबाट विशेष गरी

सदस्य सचिव बालकृष्ण थपलियाको मुख्य सक्रियतामा महानगरका विद्यालयहरूमा नियुक्त गरिने कला, योग तथा सङ्गीतसम्बन्धी स्वयमसेवक शिक्षक राख्ने कार्यविधि निर्माणमा योगदान दिइएको, भरतपुर भ्रमण वर्ष २०२४ को समुद्घाटन समारोह, "घुमौ भरतपुर" गीत आह्वान, राष्ट्रिय पर्या कविता प्रतियोगिता २०८१ मा समेत प्रत्यक्ष र परोक्षरूपमा महानगर प्रज्ञा प्रतिष्ठानका पदाधिकारीहरूको सक्रिय भूमिका रहेको सन्दर्भसमेत अभिलेख गर्नु मनासिक देखेको छु।

## १२) शारदा-खुसीराम स्मृति साँझ २०८१

प्रज्ञा-प्रतिष्ठानको आयोजनामा विश्व सङ्गीत दिवसका (२१ जुन) अवसर पारी मिति २०८१।०३।०६ गते नारायणी कला मन्दिरमा शारदा-खुसीराम स्मृति साँझ २०८१ सम्पन्न भएको छ। भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानका कुलपति तथा नगर प्रमुख रेनु दाहालको अध्यक्षतामा सम्पन्न साङ्गीतिक साँझमा जनगायक जीवन शर्मा, स्थानीय कलाकारहरू प्रवीण श्रेष्ठ, सपना रैला अर्याल र वसन्त सिलवालको साङ्गीतिक प्रस्तुति रहेको थियो।

साङ्गीतिक साँझमा प्रतिष्ठानका उपकुलपति इन्द्रप्रसाद रेग्मी, प्रज्ञा प्रतिष्ठान प्राज्ञ सभा सदस्य तथा भरतपुर महापालिकाका उपप्रमुख श्री चित्रसेन अधिकारी, प्रज्ञा प्रतिष्ठान प्राज्ञ सभा सदस्य तथा भरतपुर महापालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल, का.पा.सदस्य विष्णुबहादुर भुजेल, प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभाका सदस्यहरू, नारायणी कला मन्दिरका अध्यक्ष रोहित श्रेष्ठ लगायत पदाधिकारीहरू, महानगरपालिकाका कर्मचारीहरू, सञ्चारकर्मी साथीहरू ,आमन्त्रित पाहुना-दर्शक, गरी करिव १५० जनाको सहभागिता रहेको थियो।

प्रज्ञा-प्रतिष्ठानकी परिषद् सदस्य तथा कार्यक्रम संयोजक विष्णुदेवी तिवारी उषाद्वारा सञ्चालित कार्यक्रममा शारदा श्रेष्ठका पिता नारायण श्रेष्ठ र कलाकार, गायक खुसीराम पाखिनकी धर्मपत्नी सुमी पाखिनलाई सम्मान गरिएको थियो। प्रतिष्ठानका उपकुलपति इन्द्रप्रसाद रेग्मीले आमन्त्रित पाहुनाहरूलाई स्वागत गर्दै कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नु भएको थियो । कार्क्रममा प्राज्ञसभा सदस्य रामहरि श्रेष्ठले कलाकारद्वय शारदा श्रेष्ठ र खुसीराम पाखिनको कृतित्त्व तथा व्यक्तित्वमाथि प्रकाश पारेका थिए ।

## १३) बैठक र विभागहरू

दोस्रो प्राज्ञ सभापश्चात् हालसम्म प्रज्ञा-प्रतिष्ठान, प्रज्ञा-परिषद्को बैठक २६ पटक बस्यो । प्रतिष्ठानका सबै कार्यक्रमहरू यसै परिषद्को सर्वसम्मत निर्णयका आधारमा तय भई सञ्चालन भएका हुन्। प्रज्ञा-प्रतिष्ठानका कामकारवाहीहरूलाई प्रभावकारी ढङ्गमा सञ्चालन गर्न विभिन्न समितिहरू पनि गठन गरिएका छन्। जसअनुसार प्रज्ञा-परिषद्का सदस्यहरू केदारनाथ खनालको संयोजकत्वमा दर्शनशास्त्र/ समाज शास्त्र समिति, प्रकाश चापागाईको संयोजकत्वमा भाषा-साहित्य समिति र विष्णुदेवी तिवारी उषाको संयोकत्वमा कला-संस्कृति समिति गठन भई परिचालन भएका छन्। हालसम्म दर्शनशास्त्र/ समाज शास्त्र समिति र भाषा-साहित्य समितिको १ वटा र कला संस्कृति समितिको ३ वटा बैठक सम्पन्न भएका छन्।

## १४) दोस्रो प्राज्ञसभाले गरेका निर्णय कार्यान्वयन अवस्था

प्रज्ञा-प्रतिष्ठानको गत २०८०।२।१७ गते सम्पन्न दोस्रो प्राज्ञसभा बैठकले गरेका निर्णय र महानगरपालिकाले हामीलाई छुट्याइदिएको रू ३० लाखको सीमाभित्र रहेर स्वीकृत भएका अधिकांश कार्यहरू कार्यान्वयन भएका छन् र केही हुने क्रममा छन् । साहित्यिक कृतिहरू महानगरकै कोषबाट खर्च गरिएको, वाङ्मय कोषको काम भइरहेको छ । चित्रकला, मूर्तिकला, सङ्गीतसम्बन्धी कामहरू, गोष्ठी,

अन्तरक्रिया, विद्यालयमा प्रज्ञा प्रतिष्ठान तथा सिर्जना प्रशिक्षण/कार्यशालाजस्ता कामहरू अपेक्षाकृत हुन सकेको छैन । दोस्रो प्राज्ञ सभाले गरेका महानगर भित्र रहेका साहित्यक संस्थाहरूको सूचीकरण गरी नियामक गर्ने , महानगर पुस्तकालय व्यवस्थापन, दीर्घ साधनामा रहनुभएका कला, साहित्य, संस्कृतिको क्षेत्रमा लागेर विशिष्ट पहिचान बनाउनु भएका स्रष्टाहरूलाई मानार्थ, विशिष्ट, आजीवन सदस्यता प्रदान गर्नेजस्ता निर्णयहरू कार्यान्वयनमा आउन सकेका छैनन् । नीतिगत अस्पष्टता, सीमित साधन स्रोत (रू ३० लाख) तथा जनशक्ति अभावका कारण पनि कतिपय कार्यक्रम हुन सकेनन् । आगामी दिनमा सम्मानित सभाका विद्वत प्राज्ञज्यूहरूको सल्लाह, सुझाब, र विनियोजित बजेट सीमा भित्र रहेर अपेक्षित कार्यक्रमहरू सञ्चालन गर्नेछौं भन्नेमा हामी विश्वस्त छौं ।

### १५) तेस्रो प्राज्ञसभा २०८१

भरतपुर महानगरपालिका भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानको तेस्रो प्राज्ञसभा बैठक मिति २०८१।०३।०२ गते महानगरपालिका सभाहलमा सम्पन्न भएको छ । भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानका कुलपति तथा नगर प्रमुख रेनु दाहालको अध्यक्षतामा सम्पन्न सभाले चालु आ.व.मा सम्पन्न भएका प्रगति प्रतिवेदन र आगामी दिनका कार्यक्रमहरूबारे निर्णय लिएको छ । सभामा प्रतिष्ठानका उपकुलपति इन्द्रप्रसाद रेग्मी , उपप्रमुख श्री चित्रसेन अधिकारी, महापालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री उपेन्द्रराज पौडेल, का.पा.सदस्य तथा प्राज्ञसभा सदस्यहरू विष्णुबहादुर भुजेल, सिर्जना अधिकारी, शिक्षा निर्देशक सुवासचन्द्र आचार्यलगायत प्राज्ञसभा सदस्यहरूको उपस्थिति रहेको थियो । प्राज्ञसभाले सदस्य सचिव बालकृष्ण थपलियाद्वारा प्रस्तुत सचिवको प्रतिवेदनउपर छलफल गरी प्राप्त सुझाबहरूलाई आत्मसात गर्दै सधन्यवाद अनुमोदन गर्दै देहाय बमोजिमका नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि नगरपालिकासमक्ष पेस गरेको छ ।

१) भाषा, साहित्य, कला र संस्कृतिको उत्थानको लागि महानगर प्रज्ञा प्रतिष्ठानलाई थप प्रभावकारी बनाउन ।

२) भरतपुर प्रज्ञा जर्नल, महानगर साहित्य दर्पण, वाङ्ग्मय कोश, पुस्तक प्रकाशन कार्यलाई निरन्तरता दिदै कला दर्पण, राष्ट्रिय खुल्ला कथा प्रतियोगिता २०८१ तथा राष्ट्रिय पर्या कविता प्रतियोगिता २०८१ मा समावेश रचनाहरूलाई समेटी सङ्ग्रह प्रकाशन गर्न स्रोतको खोजी गर्न ।

३) पाण्डुलिपि प्रोत्साहनलाई निरन्तरता दिदै साहित्यिक कृतिका पाण्डुलिपिलाई प्रकाशन व्यवस्था मिलाउन ।

४) स्थानीय साहित्यिक/सांस्कृतिक / साङ्गीतिक/ कलासम्बन्धी संस्थाहरूसितको सहकार्यमा राष्ट्रिय विभूति तथा प्रतिभाहरूको जन्म जयन्ती तथा दिवसहरूमा विविधसम्बन्धी साहित्यिक/ सांस्कृतिक/साङ्गीतिक/कलासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न ।

५) भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानको सङगठानात्मक संरचनालाई समयानुकूल परिमार्जन गर्दै यसले स्थापना गरेका मान सम्मान तथा पुरस्कारहरूलाई निरन्तरता दिँदै राष्ट्रिय प्रतिभाहरूको नाममा थप पुरस्कार स्थापना गर्न ।

६) शारदा श्रेष्ठ, खुसीराम पाख्रिनको स्मृतिमा साङ्गीतिक कार्यक्रम सञ्चालन गर्न ।

७) भरतपुर भ्रमण वर्ष २०२४ लाईसमेत मध्यनजर गरी नेपाल प्रज्ञा प्रतिष्ठानलगायत अन्य संस्थाहरूसित समन्वय गरी अन्तर्राष्ट्रियस्तरको साहित्यिक/साङ्गीतिक कार्यक्रम सञ्चालन गर्न ।

८) विद्यालय तहबाटै साहित्य तथा कलाको विकासका लागि प्रतिभा प्रस्फुटन गराउन कला स्वयमसेवक शिक्षक परिचालन गराउन।

९) सामुदायिक पुस्तकालय तथा वाचनालयहरूलाई प्रबर्धन गर्न ।

१०) साहित्यिक भ्रमण तथा अवलोकन गर्ने व्यवस्था मिलाउन ।

११) महानगरबासी साहित्यकारका साहित्यिक कृतिहरू निश्चित प्रति खरिद गरी विश्वविद्यालयका आङ्गिक क्याम्पसहरूसित सहकार्य गरी स्नातकोत्तर तहका विद्यार्थीहरूलाई महानगरभित्रका लोपोन्मुख, स्थानीय भाषा, कला, साहित्य, संस्कृतिसंग सम्बन्धित विषयमा शोध कार्यका लागि प्रोत्साहन गर्न ।

१२) भाषा, साहित्य, कला संस्कृति, सामाजिक शास्त्र, दर्शन शास्त्र, अनुवाद, स्थानीय कला सङ्गीत, लोक साहित्य, बाल साहित्य, लोपोन्मुख भाषा, आदि विविध विषयको खोज, अनुसन्धान, अन्वेषण, संरक्षण गर्न प्रोत्साहन गर्न विषयगत समिति गठन गरी सक्रिय गराउन ।

१३) प्रदेश, स्थानीय पालिका तथा सङ्घीय सरकार एवम् नेपाल प्रज्ञा प्रतिष्ठानलगायत सरोकारवाला संस्थाहरूसित समन्व र सहकार्य गरी विविध कार्यक्रम गर्न ।

१४) महानगरभित्र रहेका साहित्यक संस्थाहरूको सूचीकरण गर्न ।

१५) सङ्घ/प्रदेश सरकारसित समन्वय गरी महानगरका विभिन्न जात,जाति,धर्म,सम्प्रदायका सांस्कृतिक पहिचान झल्कने प्रदर्शनी कक्ष र सङ्ग्राहलय रहने गरी महानगरस्तरीय कला गृह (आर्ट ग्यालरी) र ललितकला क्याम्पस स्थापना गर्न सम्भाव्यता अध्ययन र डी.पी.आर. तयार गर्न ।

१६) महानगरवासी साहित्यकार/ कलाकारका साहित्यिक, सिर्जनात्मक कला कृतिहरूलाई स्थानीय पाठ्य सामग्रीमा समावेश गर्न ।

१७) महानगरपालिकामा प्रज्ञा-प्रतिष्ठानको स्थान, पहिचान, मर्यादाक्रम, प्रज्ञा-प्रतिष्ठानको सङ्गठनात्मक संरचना परिवर्तन, सेवा-सुविधा, जनशक्ति र सचिवालयको व्यवस्था गर्न ।

१८) महानगर पुस्तकालय स्थापना र सञ्चालन तथा महानगर क्षेत्रभित्रका सामुदायिक पुस्तकालय सञ्चालनार्थ प्रवर्धन र स्तरोन्नति गराउन ।

१९) महानगरभित्र निर्माण गरिने संरचनाहरूमा नेपालीपनका कला, संस्कृति झल्कने खालका संरचना बनाउनेहरूलाई प्रोत्साहन गराउन ।

२०) महानगरको वार्षिक नीति तथा कार्यक्रम पुस्तिकामा प्रज्ञा-प्रतिष्ठानको कार्यक्रम नै किटान गरी यथोचित बजेट व्यवस्थापन गराउन ।

१६) भरतपुर महानगरपालिकाले भाषा- साहित्य, कला-संस्कृतिको उत्थानको लागि छुट्टै प्रज्ञा-प्रतिष्ठान गठन गरी प्राज्ञिक क्रियाकलाप सञ्चालन गर्दै आएकोमा गौरववोध गर्दछु । हाम्रा कार्यक्रमहरूलाई अझै मर्यादित बनाउनु हाम्रा लागि विभिन्न चुनौतीहरू रहेका छन् । सीमित साधन स्रोतका बाबजुद पनि हामीले स्वयमसेवी रूपमै भए पनि पक्कै केही राम्रै गरेका छौं तर यसैमा मख्ख पर्ने अवस्था भने छैन । प्राज्ञ, बुद्धिजीवी तथा वौद्धिक बर्गले प्रतिष्ठानसित धरै कुराको आकाङ्क्षा राखेका छन् । प्रज्ञाले केही गर्दै हुन्थ्यो भन्ने अपेक्षा साँचेका छन् । यस क्षेत्रमा लागेका प्रतिभाहरूको आड र भरोसाको केन्द्र बनाउनु छ भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानलाई । महानगरपालिकाको स्पष्ट नीति र कार्यक्रमले हाम्रा लक्ष्यहरूले सार्थकता पाउन सकुन् भन्ने कामना गर्दै यहाँहरूको रचनात्मक सहयोग र सिर्जनात्मक सुझावको अपेक्षा गर्दछु ।

चरैवेति !

卐

संस्कृति

# चितवन जिल्लाका थारूहरूको संस्कार र संस्कृति



भजुमनराम महतो *

## परिचय

युगौँदेखि चितवन जिल्लामा बसोबास गरेका थारूहरू प्रकृतिपूजक जातिको रूपमा चिनिन्छन् । प्रकृतिले सिर्जना गरेको हरिया वनस्पति, नदीनाला, हावापानी र सुन्दर तथा रमणीय छटालाई नै आफ्नो ईश्वरको रूपमा मान्ने परम्परा थारू जातिमा रहेको पाइन्छ । जङ्गली अवस्थामा रहँदा पनि प्रकृतिरूपी वनस्पतिहरूबाट प्राप्त विभिन्न प्रकारका फलफूल, कन्दमूल, जङ्गली जनावरको सिकार र नदीनालाबाट प्राप्त माछा-मासु प्रयोग गरी आफ्नो परिवारसँग रमाएर एक-आपसमा बाँडीचुँडी खाने र बस्ने परम्परा थियो । पछि गएर बिस्तारै-बिस्तारै परिवारलाई एउटा हुल वा जमातमा रूपान्तरित गर्दै गए, जसको संरक्षण परिवारकै एक बलिया अगुवाले गर्ने गर्दथे । तत्पश्चात् एउटा सुसङ्गठित समाजमा रूपान्तरित हुँदै एउटा टोलको रूपमा बस्दै गए ।

थारू समाज आफ्नै मौलिकताको आधारमा आधुनिक युगमा प्रवेश गरे तापनि समयानुसार आफूलाई परिवर्तित गर्दै एउटा शुद्ध, गौरवपूर्ण जातिको रूपमा खडा गर्न सफल भएको मानिन्छ । परापूर्व कालदेखि आपसमा मिलेर बस्ने विशेषता थारू जातिमा पाइन्छ, जसलाई आजसम्म कायम राख्न यो जाति सफल भएको देखिन्छ । प्रारम्भदेखि नै थारू समाज सद्भावपूर्ण थियो र अहिले पनि रहेको छ । सबैमा आपसी मेलमिलाप, आ-आफ्ना तह र तप्काअनुसारको मान, सम्मान र आदर-सत्कारजस्ता संस्कार यस जातिमा रहेको पाइन्छ । एक-अर्कालाई आत्मीय भावनाद्वारा सहयोग लिने र दिनेजस्ता विचार सबैमा भएको पाइन्छ । थारू समाज आधुनिक युगमा प्रवेश गरेपश्चात् मेलमिलापको भावना अझ प्रगाढ बनाउन सफल भएका अनेकौँ प्रमाणहरू छन् । एक-अर्कालाई होच्याउने, छलकपट गर्ने प्रवृत्ति थारू जातिमा कहिल्यै रहेको देखिँदैन । कसैलाई कहिलेकाहीँ केही पर्दा (चाहे त्यो दुःखको क्षण होस् या सुखको) जस्तोसुकै परिस्थितिमा पनि कत्ति समय खेर नफाली एक-अर्कालाई सहयोग गर्न तम्तयार हुन्छन् । घटी या बढी, तेरो-मेरो, नाफा-नोक्सानजस्ता हिसाब-किताब गर्ने चलन हुँदैन । सबै समान छन् भन्ने भावनाले भरिपूर्ण भएको पाइन्छ । अग्रज बुढापाका पुर्खाहरू ईश्वरतुल्य थिए र आज पनि सबै अग्रजहरूप्रति आदर र सत्कार गर्ने गर्दछन् । उनीहरूको मुखारवृन्दबाट निस्केका वाणीलाईप्रसादको रूपमा ग्रहण गर्ने चलन हालसम्म पनि कायमै रहेको पाइन्छ ।

प्राचीन कालदेखि चितवनका गाउँघरमा बसोबास गरेका अग्रजहरूले अवलम्बन गरेका नीति, नियम र व्यवस्थाहरू समाज र परिवारमा जसरी लागू हुन्थ्यो त्यो आजसम्म पनि यथावत रहिरहेको छ । अहिलेको दुषित दुनियाँ र समाजले गर्दा थारूहरूमा चल्दै गरेका नीति-नियमहरूमा केही धमिलोपना आउँदै गरेको पाइन्छ । यसको मूल कारण अन्य जातजातिका रहनसहन, भेषभूषा, चालचलन, बोली र विचारबाट प्रभावित भएर होला भन्ने पङ्क्तिकारको बुझाई रहेको छ । हाल आएर शिक्षाको आदन-प्रदान तथा विज्ञान र प्रविधिको विकासले गर्दा ती सबै धमिलोपना अवश्य नै हराएर जानुपर्छ । उनीहरूका अनुचित संस्कार र सङ्गतजस्ता कुरालाई कहिल्यै अङ्गाल्नु हुँदैन । यस्ता कुसङ्गतबाट कोसौँ टाढा रहेमात्र थारू जातिमा केही परिवर्तन आउन सक्छ, नत्र भने चाहेजस्तो जातीय

* निवृत्त मा.वि. शिक्षक तथा थारु संस्कृति अध्येता

उत्थान गर्न सकिँदैन ।

**बसोबास**

२००७ सालको प्रजातन्त्र स्थापना हुनुभन्दा पहिले चितवन जिल्लामा १६ हजार घरधुरी थिए, यसैले यसलाई 'सोह्र हजार चितवन' भन्ने चलन थियो । पत्रहरू आदान-प्रदान गर्दा ठेगानाको रूपमा सोह्र हजार चितवन लेख्ने गरिन्थ्यो । चितवनको नामकरणका मुख्य तीन विशेषताले गर्दा यस जिल्लाको नाम चितवन रहन गयो । यी तीनै प्रकृतिमा आधारित विशेषताहरूमध्ये (१) चित्रसेन राजाले राज्य गरेको भनाइ यहाँ बसोबास गरेका थारू पुर्खाहरूको भनाइ, (२) चितवनको वाल्मीकि आश्रममा रामायणकालीन (त्रेतायुग) समयमा सीता माताले आफ्ना दुई पुत्र लव र कुशको जन्म र लालनपालनको आधारमा यो पवित्रभूमि सीतावनबाट चितवन हुन पुगेको र (३) यो जिल्लाको घनाजङ्गलमा चित्तल, जरायो, चित्री, मृगहरूको वासस्थान रहेकाले चित्रीवन, चितुवावनबाट चितवन नाम रहन गएको भन्ने पनि तर्क छ ।

जनकलाल शर्माले २०१४ सालमा अनुसन्धान गरी लेखेको थारू र यहाँका भूमिपुत्र नामक पुस्तकमा चितवन जिल्लाका धेरै प्रकारका थारूहरूमध्ये युगौँदेखि बसोबास गर्दै आएका र तिनीहरूमा आठ प्रकारका थिए भनी उल्लेख गरेका छन् । ती हुन् : (१) राजपुत, (२) बाँतर, (३) पावे, (४) दुधपुत, (५) थरूबोट, (६) खौसिया, (७) महाउत र (८) मर्दनिया । त्यस बेला थारूहरू वनजङ्गल र नदीनालाको छेउछाउमा रहेको मलिलो खेतीयोग्य र उब्जाउयोग्य जमिनमा बसोबास गरी खेतीपाती गरेको पाइन्छ । प्राचीनकालमा उनीहरूको अवस्थाबारे स्पष्ट नभए तापनि पूर्वमध्यकालमा चितवनका थारू जातिमा मुखिया प्रथा र जमिन्दारी प्रथा सुरु भएको पाइन्छ । त्यस बेला विभिन्न प्रगन्ना र मौजाहरूमा सङ्गठित भएर बसोबास गरेको पाइन्छ । त्यस बेला चितवनलाई निम्नानुसार पाँच प्रगन्नामा विभक्त गरिएको थियो : (१) बरण्डाभार जङ्गलदेखि पूर्वका भागलाई चित्रवन भन्दाभन्दै 'चितवन प्रगन्ना' नाम राखे । (२) सोभन्दा पश्चिमको भूभाग बेल, सिसौ र सिमलका रूखहरूको घनाजङ्गल फँडानी गरी बसोबास गरेकाले यसलाई वेलवा (बेलोध) प्रगन्ना नाम दिए । (३) मध्य भूभागमा सानासाना झाडी, सिम्ठी, बरुवा र खरहरू फँडानी गरी बसेका भूभागलाई टार भनिन्छ । त्यसैका आधारमा टार प्रगन्ना नाम दिइयो । (४) नारायणी नदीको किनार गहिरो भाग हालको शुक्रनगरदेखि तल पर्साढाप, मेघौलीमा रहेका उब्जाउ भागमा रहेको भूभागलाई गहीडवार (कालाबन्जार) प्रगन्नाको नाम राखे र अन्तमा (४) चुरेदेखि दक्षिण, सोमेश्वर (पहाडबिच)को रिउ, मगुइजस्ता सिम्सार क्षेत्रमा जङ्गली जनावरहरूको आहाल बस्ने ठाउँलाई थारू भाषामा 'माडी' भनिने हुनाले सोही मुताबिक माडी प्रगन्ना नाम राखेका थिए ।

यी सबै प्रगन्नामा रहेका मौजाहरूमा रहेका जमिन्दारहरूलाई कर उठाउने अधिकार पाएका थिए । त्यस समयमा चितवनका थारूहरू तीन तहमा विभक्त थिए । जस्तै : चौधरी, जिमिन्दार र चौतारिया । चौधरी र जिमिन्दारपछि चौतरीयालाई दोस्रो तहको जिमिन्दार मानिन्थ्यो । त्यसबेला चितवन जिल्लामा १२५ मौजाहरू थिए जसमा अधिकांश थारू जातिको बसोबास थियो । बालाबन्जार (गहीडवार) प्रगन्नामा केही गाउँहरूमा फाटफुट कुमाल जातिको बसोबास थियो ।

पहिला-पहिला थारूहरू प्रायः एकतले अर्थात् भुइँतल्ला मात्र भएको घरमा बस्न मन पराउँथे । किनभने हरेक घरमा बितेका पुर्खाहरूलाई देवताको रूपमा स्थापना गरिने भएकोले तल्ले घरहरू बनाउँदैनथे । तसर्थ पुर्खारूपी देवताभन्दा माथि तला हालेर घर बनाएमा देवताहरूको अपमान भएको मानिन्छ । अर्को कसैले बनाइहालेमा देवताले मार गर्छ भन्ने थारू पुर्खाहरूको धारणा थियो । थारूहरू प्रायः संयुक्त परिवारमा बस्न मन पराउने हुँदा परिवारको सङ्ख्या हेरी घरको आकार सानो वा ठुलो हुन्छ ।

थारूहरू शारीरिक बनावटको आधारमा मझौला कदका, गहुँगोरोभन्दा केही काला, नाकचाहिँ

केही नेप्टो-चेप्टो, बाक्लो ओठ र कस्सिएको तथा बाउँठा शरीर भएका हुन्छन् साथै यिनका दाह्री-जुँगा पातलो हुन्छ । पुरुषहरूको तुलनामा स्त्रीहरू अधिक सुन्दर हुन्छन् । गरम प्रदेशमा बस्ने हुँदा अहिलेको तुलनामा पहिले शरीर ढाक्ने लुगाको साह्रै कम प्रयोग गर्दथे । लुगाको प्रयोगको हकमा पुरुषहरूले कछाड, कट्टु, भोटो, टोपी, मुडायट, पगरी, धोत, फाँड, चौबन्दी, गंजी, झोली, कमेच, लङौटी लगाउने गर्दछन् । स्त्रीहरू घुँडासम्म आउने र अघिल्तिर केही मुजा पारेको लहङ्गी, जुन सेतो रङ्गको हुन्छ । चोलिया (बुलोज) कालो रङ्गको हुन्छ । पहिले स्त्रीहरू उपरोना (स्तन ढाक्ने) पनि लगाउँथे ।

थरूनी युवतीहरू केश विन्यास (जुरोमा लगाउने काँटा) कार्यमा निकै निपुण हुन्छन् । चितवनका थारू स्त्रीहरू गरगहना लगाउन अति नै सौखित हुन्छन् । उनीहरूले लगाउने गहनाहरूमा चकती (सिक्काको माला), मोहरमालाका साथै पाखुरामा लगाउने चुरा, बाजुबिजवन, बेसन, भुगुटा (पाखुरामा), ठडिया र नाडीमा लगाउने गहनालाई चुरी, माठा, अङ्गुठी, गोडामा पैरी, गोडहुला, शिरमा मटिका, शिरबन्दी, टिकुली, नाकमा फौँफी, बुलाकी, ठोसिया, गलामा चन्द्रहार (चाँदीको), हँसुली, कानमा रिङ आदि गहनाहरू लगाउने गरिन्छ । अहिलेको अवस्थामा थारू स्त्रीहरू जतिसुकै आभूषण प्रयोग गरे पनि पहिलेको तुलनामा सुन र चाँदीको अभाव देखिन्छ।

थारूहरू प्रायः घरमा बसेको समय केही न केही गरी व्यस्त रहन्छन् । पुरुषहरू माछा मार्ने जाल, डोरी, घउँका, डेली, जाल, खोपकी बुनिरहन्छन् । थरूनीहरू लुगा बुन्नुका साथै घरको भित्तामा अनेक प्रकारका चित्रहरू बनाई घर सिङ्गार्ने गर्दछन् । चित्रहरूमा विभिन्न जनावर, पशुपक्षी र देवी-देवताहरूको चित्र बनाउने परम्परा छ । फुर्सदको समयमा सबै परिवार मिलेर माछा मार्ने गर्दछन् । हरेक चाडपर्व भोज-भतेर, बिहेबारीमा अन्य खानपिनका साथसाथै माछा-मासु नभई नहुने खाद्य पदार्थ हो । यो समुदाय विनोदप्रिय हुनाले नाचगानमा नारी र पुरुष दुवैले भाग लिन्छन् । चाडपर्व र बिहेबारीको समय रसरङ्ग गर्दा नाचगान नै मुख्य आधार हुन्छ । यो जाति पिठ्युँ, पाखुरा र नाडीमा गोदना गोदाएर अनेकौँ प्रकारका फूलबुट्टा स्थायी रूपले लेखाउने गर्दछन् । कतैकतै पुरुषहरू पनि पाखुरामा गोदना बनाउँदा आफ्ना नजिकका नाम लेखाउने चलन छ । बुढापाका अग्रजहरूको भनाइअनुसार जन्मदेखि मृत्युपर्यन्त केही साथमा जाँदैन तर शरीरमा भएको गोदना (टाटो) अवश्य साथै जान्छ भन्छन् । पहिले थारूहरू प्रकृतिमा आधारित नामहरू राख्ने गर्दथे, चाहे त्यो मानिसको होस् वा बसोबास गर्ने ठाउँ, घर, गाउँ आदिको नाम तिथिमिति, बार र वनस्पतिमा आधारित नामहरू राख्ने गर्दथे ।

**जनसङ्ख्या**

औलो (मलेरिया) ले आक्रान्त क्षेत्र भएका कारणले चितवन जिल्लामा पहाडलगायत अन्य भूभागबाट मानिसहरू बसाईं-सराई गरी यहाँ आउन चाहँदैन थे । २००७ साल (सन् १९५०) मा प्रजातन्त्रको प्रादुर्भावपश्चात् अमेरिकाको सहयोगमा नेपाल सरकारले औलो उन्मूलन परियोजना लागू गरेपछि देशका विभिन्न स्थानबाट मानिसहरूको आगमन सुरु भयो ।

मानिसहरूको आगमन पहिले थारू समुदायको बाहुल्यता रहेकोमा आप्रबासी ओइरिएपछि थारू अल्पसङ्ख्या अर्थात् १२ प्रतिशतमा खुम्चिन पुग्यो । भौगोलिक र प्राकृतिक स्वरूपमा विविधता भएको चितवन जिल्लामा सामाजिक र सांस्कृतिक रूपमा पनि विविधता रहेको पाइन्छ । कुल जनसङ्ख्या २०६८ साल (सन् २०११) को जनगणनाअनुसार चितवन जिल्लाको जनसङ्ख्या ५ लाख ७९ हजार ९८४ उल्लेख छ ।

चितवन जिल्लामा बसोबास गरेका ८५ जातजातिहरूमध्ये थारू जाति विशेष जातिको रूपमा गणना गरिन्छ । युगौँदेखि बसोबास गर्दै आएकाले । थारू आदिबासीहरूको रूपमा चिनिन्छन् । यहाँ बसोबास गरिरहेका थारूहरूलाई अन्य क्षेत्रका थारूहरूले '

चितौनिया थारू' भन्दछन् । २०६८ सालको जनगणनाअनुसार चितवनमा थारूहरूको कुल जनसङ्ख्या ६९ हजार ३५९ रहेको थियो, जसमध्ये पुरुषको जनसङ्ख्या ३२ हजार ३५९ र महिलाको सङ्ख्या ३७ हजारमात्र रहेको थियो । यो ब्राह्मण-क्षेत्रीपछिको तेस्रो स्थान रहेको तथ्याङ्कले देखाउँछ । चितवनको मूल आदिबासीको रूपमा चिनिने थारूहरू २००७ सालको दशकसम्म चितवनमा ९० प्रतिशत रहेकोमा २०६८ सालमा जनसङ्ख्या १२ प्रतिशतमा खुम्चिन पुग्यो । २०७८ सालमा लिएको जनगणनामा थारूहरूको जनसङ्ख्या ६९ हजार ३५९ देखाए तापनि राजनैतिक दाउपेचका कारण सही जनगणना नभएको ठहर आदिबासी थारूहरूको छ । वास्तविक रूपमा जनगणना गर्ने हो भने यस जिल्लामा थारूहरूको जनसङ्ख्या १ लाखभन्दा बढी नै रहेको थारू कल्याणकारिणी सभाको अनुमान रहेको छ ।

**तालिका नं. १ : विगत पाँच दशकको राष्ट्रिय जनगणनाअनुसार थारूहरूको विवरण**

| क्र.सं. | जनगणना भएको साल | जनसङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | २०२८ | २४, ७१८ | |
| २ | २०३८ | ३१, १७९ | |
| ३ | २०४८ | ४४, ६४० | |
| ४ | २०५८ | ६०, १२१ | |
| ५ | २०७८ | ७२, ६५८ | |

यसै गरी विभिन्न समयमा लिइएको जनगणनाअनुसार चितवन जिल्लामा थारूहरूको जनसङ्ख्या क्रमशः बढ्दै गए तापनि देशका विभिन्न स्थानबाट मानिसहरू आन्तरिक बसाइँ-सराइ गरेर आउनाले थारूहरूको जानसाङ्खिक प्रतिशत भने घट्दै गइरहेको छ । २०७८ सालमा लिइएको जनगणनाअनुसार चितवन जिल्लामा थारूहरूको कुल जनसङ्ख्या निम्नानुसार रहेको छ :

**तालिका नं. २ : चितवनको वर्तमान स्थानीय निकायगत जनसङ्ख्या विवरण**

**(राष्ट्रिय जनगणना २०७८ अनुसार)**

| क्र.सं. | स्थानीय निकाय | कुल जनसङ्ख्या | थारूको जनसङ्ख्या | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | राप्ती न.पा. | ६६, ६१७ | ४, २३१ | २, ०३३ | २, १९८ | ६.३५ |
| २ | कालिका न.पा. | ५२, ७७९ | ६, ३५७ | ३, ०५६ | ३, ३०१ | १२.४४ |
| ३ | इच्छाकामना गा.पा. | २६, ६४३ | ४० | २४ | १६ | ०.१५ |
| ४ | भरतपुर म.न.पा. | ३६९, २६८ | २०, ६५७ | १०, २११ | १०, ४४६ | ५.६० |
| ५ | रत्ननगर न.पा. | ८९, ९०५ | १३, ६८३ | ६, ६७२ | ७, ०११ | १५.२१ |
| ६ | खैरहनी न.पा. | ६७, ३८५ | १७, ०८१ | ८, ०३० | ९, ०५१ | २५.३४ |
| ७ | माडी न.पा. | ३८, २९५ | १०, ०८६ | ४, ७५८ | ५, ३२८ | २६.३३ |
| | **जम्मा** | ७१०, ८९२ | ७२, १३५ | ३४, ८४ | ३७, ३५१ | |

नोट : गा.पा. = गाउँपालिका, न.पा. = नगरपालिका, म.न.पा. = महानगरपालिका

### थारु जातिका प्रमुख संस्कृतिहरू

हरेक जाति वा समाजको आ-आफ्नै किसिमका धर्म, संस्कृति र परम्परा हुन्छन् । सबैको धर्म र परम्पराअनुसारको संस्कार र संस्कृति नै उनीहरूको पहिचान हो । तसर्थ भाषा, संस्कृति र धार्मिक परम्परा लोप हुँदै जानु भनेको उसको जातीय पहिचान लोप हुनु हो । हाम्रा जातीय चाडबाड, पर्व, तिहार, पूजाआजा, बिहेबारी मनाइने प्रचलन आफ्नो सांस्कृतिअनुसार नै गर्ने चलन पुस्तौँ-पुस्तादेखि यो परम्पराअनुसार मनाइँदै आइएको छ । थारू जातिका केही प्रमुख सांस्कृतिहरू यसप्रकार छन् :

### बुढवा अतवारी (आइतबारे व्रत)

थारूहरूले मनाउने विभिन्न प्रकारका चाडपर्वहरूमध्ये एउटा महत्त्वपूर्ण पर्व 'बुढवा अतवारी' हो । थारूहरूले मनाउने पर्वहरूमध्ये सबैभन्दा पहिलो अर्थात् वर्षको पहिलो र सुरुवाती पर्व हो । यसपछि अन्य चाडपर्वहरू मनाइन्छ । यो व्रत भदौ महिनाको शुक्लपक्ष अर्थात् चन्द्रमादेखि सुरु हुन्छ । सूर्य भगवान्को पूजा गरिने यस पर्वमा महिला तथा पुरुष दुवैले व्रत बस्ने गर्दछन् । विशेषगरी सुस्वास्थ्यको कामनार्थ यो व्रत बस्ने गरिन्छ । मुख्यतया परिवारमा बालबच्चा बिरामी भइरहँदा अवतारी व्रतको भाकल गर्ने परम्परा रहेको छ । उक्त भाकलअनुसार बालबच्चाहरू निको भएपछि अवतारी व्रत बस्ने गरिन्छ । व्रत बस्ने व्रतालुहरू शनिबार नुहाइ-धुवाइ गरी सफा भएपछि छुट्टै लिपपोत गरी आफैले खाना पकाएर खाने गर्दछन् । आइतबार दिनभरि उपवास बस्ने गरिन्छ र पुनः साँझपख नुहाइ सफा भएर लिपपोत गरी आफैले पकाई पूजा गरेर केराको पातमा दुध, भात र चिनी खाने गरिन्छ । सोमबार बिहान पुनः नुहाइ-धुवाइ केही खानेकुरा खाने गरिन्छ । यसलाई थारू भाषामा पारनकरई भनिन्छ । त्यो समयमा चिउरा वा भुटेको मकै खाने प्रचलन रहेको छ । त्यसपछि लगत्तै भात-तरकारी खाई व्रत समाप्त हुन्छ ।

### जितिया पावनी (महिलाहरूको पर्व)

जितिया पर्व थारू समुदायका महिलाहरूले मनाउने एउटा महत्त्वपूर्ण पर्व हो । यस पर्वमा खास गरी ईश्वरप्रेम, भक्तिभाव, सत्य तथा असत्य कर्मको फल, अनुशासन, नैतिक शिक्षा, व्यावहारिक शिक्षा आदिका बारेमा मानिसहरूलाई ज्ञान दिने प्रयास गरिएको हुन्छ । यो पर्व भदौको अन्तिम तथा असोजको सुरुको कृष्णपक्ष सप्तमी तिथिदेखि नवमी तिथिसम्ममा मनाइन्छ । विवाहित-अविवाहित सबै महिलाहरू व्रत बस्न सक्ने यो पर्वमा पहिलो दिन अर्थात् सप्तमी तिथिमा व्रतालु महिलाहरू नुहाइ-धुवाइ गरी खानपिन गर्ने गर्दछन् । यस दिनमा माछा मार्न जाने काम पनि गरिन्छ । अष्टमी तिथिमा उपवास बस्ने र नवमी तिथिमा पारन (खालसा) गरी पर्व सकिन्छ । सत्य, चोखो र पवित्र मनले व्रत बसेमा आफूले चाहेको, चिताएको पुग्ने विश्वास भएको यो पर्वमा विवाहित महिलाहरूले आफ्ना श्रीमान्को दीर्घायु, सुस्वास्थ; बालबच्चाको सुरक्षा तथा परिवारको सुख, शान्तिको लागि व्रत बस्ने गर्दछन् भने अविवाहित महिलाहरू शारीरिक दुःख, कष्टबाट मुक्ति, असल जीवनसाथी पाउने कामना गरी व्रत बस्ने गर्दछन् ।

### यम्बासा (पितृऔंसी)

पितृऔंसी अर्थात् कुशेऔंसीलाई थारू भाषामा यम्बासा भनेर चिनिन्छ । यम्ब = आत्मा र बासा = बास गरेको अर्थमा आत्मामा बास गरेका पितृहरूको सम्झनामा गरिने पर्व हो । जितिया पर्वपछि आठ दिनमा यो पर्व पर्ने भएकोले पनि यसलाई यम्बासा भनिन्छ, केही थारू बुढापाकाहरूको भनाइ रहेको छ । यम्बासा पर्व भदौ महिनाको अन्तिमदेखि असोज महिनाको औंसीको दिनसम्म पर्दछ । थारू समुदायमा यो पर्वलाई बितेका पितृ तथा पुर्खाहरूलाई सम्झने दिन अर्थात् पितृहरूको श्राद्ध गर्ने दिनको रूपमा लिइन्छ । वर्षभरिमा एक पटक आउने यो पर्वमा आफ्ना सबै बितेका पुर्खाहरूलाई सम्झने, सम्मान गर्ने र आफ्ना पितृहरूको नाममा ब्राह्मणहरूलाई दानपुण्य गर्ने, चेलीबेटी तथा ज्वाइँ-चेलाहरूलगायत

अन्य इष्टमित्रहरूलाई मिठो-मसिनो खुवाउने चलन रहेको छ।

सत्ययुगदेखि नै चलिआएको यो परम्परामा आमाबुबाको मृत्यु भइसकेको छ भने तिनीहरूका छोराछोरी भारतको गया-कासी गई आफ्ना पितापुर्खाहरूको नाममा पिण्ड दिने र ब्राह्मणबाट आवश्यक कर्म/विधि पूरा गरी घर फर्कने चलन रहेको छ। घर पुगेपछि होम-जप गरेर शरीर पवित्र पारेरमात्र घरभित्र पस्ने प्रचलन रहेको छ।

### दशाई (बडादसैं)

दसैं हिन्दुहरूको महान पर्व (चाड) हो। नेपालमा धेरैजसो समुदायले दशैं (दसैं) मनाउने गर्दछन्। हिन्दु परम्पराअनुसार देवी भगवतीको पूजा-अर्चना गरी मनाइने यो पर्वलाई असत्यमाथि सत्यको विजय भएको खुसीयालीमा मनाउने गरिन्छ। यस समुदायमा पनि यस पर्वको विशेष महत्त्व रहेको छ। पितृऔँसिपछि दस दिनमा पर्ने भएकोले यसलाई दशैं भनिएको हो। केही थारू बुढापाकाहरूका भनाइअनुसार यो पर्व असोज महिनाको औँसीबाट सुरु भई नवमी तिथिमा सकिन्छ। भूतप्रेतमाथि विश्वास गर्ने थारू समुदायमा आफूले वर्षभरि देवी-देवतालाई भाकल गरेअनुसार यस पर्वमा भोग दिने गरिन्छ तर भोग कसरी दिने हो यसमा गुरौहरूको ठुलो भूमिका रहेको हुन्छ। त्यसैगरी गुरौहरूको निर्देशनमा आफ्ना गनदेवता (कुलदेवता)लाई बत्ती बाल्ने चलन रहेको छ। आ-आफ्नो घरमा आ-आफ्नो घरमा औँसा अथवा परेवा तिथिमा जौको जमरा उमारी त्यसै दिनदेखि गुरौहरू आ-आफ्ना कुलदेवताको थानमा नवमीसम्म बत्ती बाल्ने गर्दछन्। फूलपाती भित्र्याइसकेपछि अष्टमीको तिथिमा भाकल गरिएका उपहार (मसोरा)हरू ल्याइ दिने गरिन्छ। नवमी तिथिको बिहान भोग दिने र कामधाम केही नगर्ने (सौसारी बरना) प्रथा रहेको छ। देवी-देवतालाई पशु-पक्षीको भोग (वलि) दिने गरिन्छ। त्यसपछि आफ्ना आमाबाबुको हातबाट टीका लगाइ घरमा पाकेका मिठा-मसिना खाने र खवाउने चलन छ। गाउँका जमिन्दार र अन्य मान्यजनको घरमा टीका थाप्न वा लगाउन जाने गरिन्छ। जमिन्दारले आफ्नो हैसियतअनुसार आउने मानिसहरूलाई टीका लगाइदिएर घरमा पाकेका मिठो-मसिनो खुवाएर दसैं समाप्त भएको मानिन्छ।

### सोहराई (तिहार)

सोहराई (तिहार) थारू समुदायमा मनाइने विभिन्न चाडपर्वहरूमध्ये अत्यन्त महत्त्वपूर्ण पर्व हो। दशैं सकिएको १६ दिनपछि यो पर्व आउने भएकाले यसलाई सोहराई भनिन्छ भन्ने थारू बुढापाकाहरूको भनाइ रहेको छ।

पौराणिक कथाअनुसार त्रेतायुगमा राजा दशरथका छोरा श्रीरामचन्द्र उनकी पत्नी सीतामाता र भाइ लक्ष्मण चौध वर्षको वनबास सकेर फर्केपछि अयोध्याबासहीरूले घरघरमा दीपावली गरी स्वागत गरेका थिए। यही समयबाट नै सोहराई अर्थात् तिहार मनाउन सुरु भएको मानिन्छ। अर्को अर्थमा धनकी देवी लक्ष्मीको पूजा गर्ने पर्व नै सोहराई हो, त्यसैले यसलाई लक्ष्मीपूजा पनि भनिन्छ। जुन घरमा लक्ष्मीको बास हुन्छ त्यो घर धन-धान्यले भरिपूर्ण रहन्छ भन्ने पनि भनाइ रहेको छ।

सोहराई प्रत्येक वर्षको कात्तिक महिनाको कृष्णपक्षको औँसीमा पर्दछ। थारू समुदायमा त्यस दिन आफूले वर्षभरि प्रयोग गरेका कृषि औजारहरू हलो, कोदालो, हँसिया, खुकुरी, हेङ्गा, जाँतो, ढिकी, गाढा, कोल्हुलगायत घरका ढोका, धान-चामल राख्ने भकारी, डुहुरीका साथै आफूले पालेका गाईवस्तु, पशुपक्षी, गोठ, वनजङ्गल, कुलदेवता आदिको नाममा पूजा गरिन्छ। यो पर्व आउनुभन्दा करिब एक हप्ताअगाडिदेखि नै घर लिपपोत गर्ने, रङ्गाउने, नयाँ विवाह गरेका चेलीबेटीहरूलाई लिन जाने गरिन्छ। सामान्यतया थारू जातिमा सोहराई पाँच दिनसम्म मनाउने गरिन्छ। थारू अगुवाहरूको भनाइअनुसार पिठकुटी (पहिलो दिन), दिउराई (दोस्रो दिन), सोहराई (तेस्रो दिन), जनुई (चौथो दिन) र भेनुई (पाँचौँ दिन) मा वर्गीकरण

गरिएको छ।

**बरहो एकादशी (हरिबोधनी एकादशी)**

बरहो एकादशी पनि थारू समुदायमा मनाउने महत्त्वपूर्ण पर्व हो । यो पर्व सोहराईको १२ दिनपछि आउने भएकाले यसलाई बरहो एकादशी भनिएको हो । जनविश्वासअनुसार १२ वर्ष तपस्या गरेर पाएको प्रतिफलभन्दा यो एकादशीको व्रतबाट पाउने प्रतिफल बढी हुन्छ। बरहो एकादशी थारू समुदायमा बोलिने शब्द हो । यसको अर्थ हो - एक वर्षमा बाह्रवटा महिनाहरू हुन्छन् । प्रत्येक महिनामा दुईदुईवटा एकादशी तिथि पर्दछन् तर ती सबैभन्दा कार्तिक महिनामा परेको एकादशी तिथिलाई सबैभन्दा ठुलो र महत्त्वपूर्ण एकादशीको रूपमा मान्ने प्रचलन रहेको छ र यो एकादशीलाई थारू समुदायमा बरहो एकादशीका रूपमा मानी व्रत, उपासना बस्ने चलन रहेको छ। यो एकादशी विशेष गरेर थारू समुदायमा युवाहरूले मात्र व्रत, उपासना बस्ने गर्दछन् तर कतैकतै दुःखिया महिला र पुरुषहरू पनि व्रत, उपासना गर्ने गर्दछन् । यो एकादशीमा व्रत बस्नुको मुख्य कारण आफ्नो शरीरलाई निरोगी राख्नका लागि अर्थात् स्वस्थ रहन आफूले गरेका पापकर्महरूको नाश गर्न, स्वर्गमा बास पाउनका लागि, घाउ-खटिराहरू निको बनाउन, एक दिनको लागि अन्न नखाई अन्न महाराजलाई सम्मान हुन्छ भन्ने विश्वास रहेको छ।

**खिचरा (माघी/मकर सङ्क्रान्ति)**

खिचरा थारू समुदायको एउटा महत्त्वपूर्ण पर्व हो। प्रत्येक वर्षको पुस महिनाको मसान्ति र माघे सङ्क्रान्तिको दिनलाई थारू समुदायमा उच्च महत्त्वका साथ लिइन्छ। यस पर्वलाई धार्मिक रूपमा पनि लिइन्छ, किनकि यस पर्वमा देश-विदेशका विभिन्न ठाउँका मानिसहरू देवघाटमा गई नुहाउने गर्दछन् । देवघाटमा नुहाउँदा आफूले गरेका पापकर्म तथा पीडाहरू सबै गङ्गामाताले पखाली लग्छिन् भन्ने जनविश्वास रहेको छ । यस पर्वका दिन अर्थात् सङ्क्रान्तिका दिन सबेरै अनिवार्य रूपमा नुहाउन सक्ने जतिले आफूलाई पायक पर्ने धारा, नदी, खोला, पोखरी, इनारमा गई नुहाउने गर्दछन् र आफ्ना पुजारी, गुरौ वा पूरोहितलाई दानपुन गरेर मात्र खाना खाने गर्दछन्। यसै पर्वका दिन तिहारमा अघिल्लो वर्ष जोत्ने कार्य सकी धोई-पखाली घरभित्र पूजा गरी राखिएको हलो पुनः निकाली पूजा गरी अर्को कृषि वर्षको सुरुवात गरिन्छ।

यसको अर्को महत्त्व खिचरालाई थारू समुदायमा नयाँ वर्षको सुरुवात पनि मान्ने गरिन्छ अर्थात् माघी सङ्क्रान्तिपछि घरमा काम गर्ने हली, गोठालाहरू नयाँ मालिक खोज्ने, मालिकहरू नयाँ काम गर्ने हली, गोठाला खोज्ने वा पुरानालाई थमौती गर्ने कार्य सुरु हुन्छ । काजकिरियाको बर्खी पनि यसै दिन नारायणी नदी अर्थात् देवघाटमा गई एक जोर परेवाको वलि दिई पूजापाठ गरी किरियापुत्रीले कपाल, दाह्री काटी बरखी फुकाउने पनि थारू समुदायमा चलन रहेको छ।

**फगुवा (होली/फागुपूर्णिमा)**

प्रत्येक वर्षको फागुन शुक्ल पूर्णिमाको दिनमा पर्ने फागु पूर्णिमालाई थारू भाषामा फगुवा भनिन्छ। यो पर्व पनि थारू समुदायको एउटा महत्त्वपूर्ण र उल्लासमय पर्व हो । यो पर्वलाई वर्षको अन्तिम पर्वको रूपमा मनाइने गरिन्छ।

पौराणिक कथाअनुसार त्रेतायुगमा राम र रावणबिचको महायुद्धमा रामको विजय भएपछि राम पक्षधरहरूले विजयोत्सव मनाउने क्रममा हर्षोल्लासका साथ होली मनााएका थिए भन्ने कथन रहेको छ। त्यस्तै द्वापरयुगमा भगवान् श्रीकृष्णले पनि आफ्ना ग्वाला र गोपिनीहरूका साथ वृन्दावनमा होली खेलेका थिए भन्ने प्रसङ्ग पनि जोडिएको छ। एक अर्को पौराणिक कथाअनुसार सत्ययुगमा हिरण्यकश्यपुकी बहिनी होलिकाले विष्णुभक्त प्रह्लादलाई जलाउन खोज्दा असत्यको पक्ष लिएकाले आगोले नजल्ने वरदान हुँदाहुँदै पनि जलेर भष्म भएकी थिइन् र सत्यलाई आत्मसात् गर्ने प्रह्लाद नजलेर विजय भएको थियो। यसरी अन्यायमाथि न्यायको जीत भएको खुसीयाली

तथा विजयोत्सवमा होली मनाउन थालियो र समयको क्रमसँगै बिस्तारै एउटा महत्त्वपूर्ण रङ्गको पर्वको रूपमा परिणत भयो ।

### चैतलवमी (चैतेदसै)

चैतेदसैं (चैतलवमी)लाई थारू जातिले ठुलो पर्वको रूपमा नलिए तापनि यस दिन कुनै कृषिकर्म गर्दैनन् । यस दिन प्रायः घरको भित्री भाग र घरको बाहिरी भागमा पूजा गर्ने मठमा पूजा गरी साधारण तरिकाले सम्पन्न हुन्छ । यो चाडमा थारूहरूले विक्रमबाबा, गोद्धक र परशुराम कुण्डमा नुहाउन जाने गर्दछन् । यो चाडमा महिलाहरू आफूले चाहेको वर माग्न आफ्नो स्थानीय देवता विक्रमबाबाको स्थानमा जाने र पूजा-आराधना गरी चैतलवमी पर्व मनाउँछन् । विशेष गरी सन्तानेच्छुक व्यक्तिहरू भाकल पूरा भएपछि परेवा, बोका आदिको भोग (वलि) दिई विक्रमबाबा थानमा गई पूजा गर्दछन् । यो पर्व वर्षको अन्तिम पर्व हो ।

### थारू संस्कृतिअनुसारका नाचगानहरू

थारू समुदायका परम्परागत संस्कृतिअनुसारका नाचगान निम्नानुसार रहेका छन् :

### डम्फु नाच

डम्फु नाच थारू समुदायको प्रख्यात तथा लोकप्रिय नाच हो । यो नाच विशेष गरी फागुपूर्णिमाको दिनमा नाचिन्छ । तीन दिनसम्म मनाइने फागुपूर्णिमा असत्यमाथि सत्यको विजय भएको सम्झना र विजयोत्सवको रूपमा यो पर्व मनाइने गरिन्छ र डम्फु नाच नाचिन्छ । ढोलक र डम्फुको सहारामा नाच्ने भएकाले नै यसलाई डम्फु नाच भनिएको हो ।

फागुपूर्णिमाका दिन गाइने फागुगीत :

कहँवहीँ घुरुरे बाँक बकेवा बिजुवन कुरुरे मजोररी हाँ -
हरी डगरहीँ कुरुरे गोरिया तिरिया बाठिनी
यागे चलो बहिया डोलाइरो हाँ ................
तलवहीँ घुरुरे बाँक बकेवा बिजुवन कुरुरे मजोररी हाँ -
हरी डगरहीँ कुरुरे गोरिया तिरिया बाठिनी
यागे चलो बहिया डोलाइरो हाँ ................
केथिहीँ बझैवो बाँक बकेवा केथिही बझैलो मजोररी हाँ -
हरी डगरहीँ कुरुरे गोरिया तिरिया बाठिनी
यागे चलो बहिया डोलाइरो हाँ ................

### झुमरा नाच

झुमरा नाच थारू समुदायको अत्यन्त पुरानो नाच हो । अर्को अर्थमा झुमीझुमी हर्षोल्लासका साथ नाच्ने भएकाले नै यसलाई झुमरा नाच भनिएको हो । यस नाचमा प्रयोग हुने मानरी (ठुलो मादल), झिली, झ्याली, मन्जिरा, जोडीजस्ता पुराना सङ्गीतका साधन (बाजा)हरूको तालमा साज, चोलिया, ओढनी, घुङ्गुरु आदि पोसाकहरू लगाएर यो नाच नाच्ने गरिन्छ । मिरदङ्ग (ठुलो मादल) बजाउने मान्छे, नचनिया (मारुनी), बोलिहा (जोकर) तथा केही गाउनेहरूको सहयोगमा यो नाच नाचिन्छ । यो नाच खास गरी खेतीपातीको काम सकेपछि फुर्सदिलो समयमा रमाइलोको लागि नाचिन्छ । यो नाच विभिन्न चाडपर्वहरूमा नाच्ने गरिन्छ ।

### झमटा नाच

झमटा नाच थारू समुदायका महिलाहरूले नाच्ने एउटा पुरानो नाच हो । कालो चोली, सेतो धोती लगाएर विभिन्न प्रकारका परम्परागत चाँदीका गहनाले सिँगारिएर विवाहित-अविवाहित थारू महिलाहरूले गोलो घेरा बनाई थपडी बजाउँदै त्यही थपडीको तालमा गीतको बोल र भाव अनुसरण गर्दै अभिनयका साथै परम्परागत गीत गाउँदै नाच्ने विधिलाई नै झमटा नाच हो । यो नाच विशेष गरेर महिलाहरूको सबैभन्दा ठुलो पर्व जितिया पावनी र पितृऔँसी अर्थात् यम्बासाका दिनमा नाच्ने गरिन्छ । थारू महिलाहरूले आजसम्म यो नाचलाई जीवन्त राख्न सफल भएका छन् । देश-

विदेशमा थारू संस्कृतिलाई सम्मान दिलाउन झमटा नाचको जति भूमिका रहेको छ त्यति अरू कुनै नाचको नरहेको अनुभव हुन्छ।

झमटामा गाइने जीतियाक गीतको नमुना :

उठीत पकणिया सित जुणी छहिँया
कि हो रामा ताही री तारा सखिया झक झुमर..........२
मनसही दोणली री भँवरा बिलरीया
कि हो रामा दुवरहो छोणली री भात भनासिहरी..........२
दुअरहीँ छोणलो री भात भनसिहरी
कि हो रामा मझिघर छोणलो री भात खेलहरवा..........२
मझिघर छोणली री भात खोलहरवा
कि हो रामा सोलकिही छोणलो री साठीत कुकुरिया........२

**रासी (रसधारी) नाच**

रासी नाच पनि थारू समुदायको अत्यन्त लोकप्रिय र प्राचीन नाच हो। यो नाच नाच्नका लागि पोसाकको रूपमा साज (लेहँगा), चोलिया, ओढनी र घुघुला (घुङ्घुरु)को प्रयोग गरिन्छ। बाजाको हकमा तबला, डुग्गी सारङ्गी, हारमोनियम, झिल्ली, झ्याली, डन्टाल, काठपातजस्ता प्राचीन र परम्परागत बाजाहरूको प्रयोग गरिन्छ। यो नाच विशेष गरी तीन अवस्थामा नाच्ने गरिन्छ भन्ने बुढापाका तथा थारू अगुवाहरूको भनाइ रहेको छ :

थारू समुदायमा कुनै व्यक्तिको मृत्यु भएको तेस्रो दिन शोकसन्तप्त परिवारकालाई सान्त्वना दिनको लागि।

परिवारका कुनै पनि सदस्य बिरामी पर्दा कुनै देवी-देवतामा भाकलअनुसार बिरामी निको भएको अवस्थामा।

परापूर्वकालदेखि नै तीर्थयात्रा अथवा चारधामबाट फर्केपछि थारू समुदायका साथीभाइ, इष्टमित्र, छरछिमेक बोलाएर गङ्गाभोज/तीर्थभोज गर्दा।

**लट्ठीको सहाराले गरिने नाचहरू (लाठी नाच)**

लाठी नाच थारू समुदायमा प्रचलित एक अत्यन्त कलात्मक नृत्य हो। यो नाच नृत्यको रूपमा रूपान्तरित हुनुभन्दापहिले यसको छुट्टै इतिहास रहेको छ। प्राचीनकालमा थारू समुदाय तराईलगायत चितवनको अत्यन्त घनाजङ्गलको बिचमा बसोबास गर्दथे। जङ्गलको बिचमा बसोबास गर्ने भएकाले विभिन्न किसिमका जङ्गली जनावरबाट खतरा हुने गर्दथ्यो। कहिलेकाहीँ एक गाउँबाट अर्को गाउँमा जाँदा पनि लाठी हतियारको रूपमा सहयोगी साबित भयो। लाठीबाट निस्केको सुमधुर आवाज पछि गएर विभिन्न नाचहरूमा लाठिको सहारा लिने गरिन्छ। यो लाठी नाचहरूमा ठेकरा नाच, अग्नि नाच, भजैटी नाच आदि हुन्।

**परम्परागत संस्कृतिहरू**

नेपाल धेरैप्रकारका जातजाति, भाषाभाषी रहेको एक सांस्कृतिक मुलुक हो। यहाँ बसोबास गर्ने विभिन्न जातजातिहरूमध्ये आफ्नै मौलिक संस्कृति भएका आदिबासी थारू जाति पनि हो। यो समुदाय प्रकृतिमा विश्वास गर्ने र प्रकृतिपूजक हुन्। प्रकृतिसँग यस समुदायको गहिरो र प्रगाढ सम्बन्ध रहेको छ। यो समुदाय प्रारम्भिक कालदेखि हालसम्म पनि प्रकृतिसँग समायोजन गर्दै आफूलाई सादा र सरल जीवन व्यतित गर्दै प्रकृतिलाई सम्मान गरिरहने समाज हो। प्रकृतिलाई सम्मान गर्न जानिएन भने धेरै रोगव्याधि, दुःख र कष्टबाट गुज्रिनु पर्दछ। त्यही धारणाअनुरूप बरना (बार्नु/बार्ने) पद्धतिको विकास भएको हो।

**बरना**

थारू समुदायको प्रमुख सांस्कृतिक कार्य हो बरना अर्थात् बार्नु। बार्नुको अर्थ हो - अनुशासनमा रहनु वा उक्त दिन कुनै काम नगरी बस्नु। वर्षभरि मानिसका साथसाथै जीवजन्तु तथा बालीनाली,

बोटविरुवामा विभिन्न प्रकारका रोगब्याधि लाग्ने तथा दैवी विपत्तिहरू पर्ने गर्दछन् । यस्ता रोगब्याधी तथा दैवीविपत्तिबाट जोगाउन देवी-देवतालाई कुखुरा, परेवा, बोका आदिको वलि दिई गरिने कामना पूजा नै बरना हो। बरनाको दिन कसैले कुनै काम गरेको पाइएमा त्यो व्यक्ति समुदायको सजायको भागी बन्नुपर्दछ। यस दिन धारा, कुवा र इनारसमेत बन्द हुने गर्दछ र बरना अवधि सकिएपछि पानीको स्रोतमा सिन्दूरको टीका लगाएपछि मात्र प्रयोग गर्न पाइन्छ। बरनालाई यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

(१) असारी बरना : असार किसानका लागि महत्त्वपूर्ण र वर्षभरिको जीवन जिउने आधार बनाउने महिना हो। विभिन्न कारणले माटोको गुण बिग्रिएर बालीनाली नघटोस् भन्ने अभिप्रायले माटोलाई गुणयुक्त बनाउन देवी-देवतालाई खुसी बनाउन गुरौद्वारा गरिने पूजालाई नै असारी बरना भनिन्छ। (२) रोपाक बरना : असार महिनामा रोपाई सकिएपछि रोपोमा सुरुदेखि अन्तसम्म कुनै प्रकारको रोगव्याधि नलागोस् भनेर गरिने बरना। (३) हरियरी बरना : बोट-बिरुवा सदा हराभरा भइरहोस् भनेर गरिने बरना। (४) दुध भरन बरना : रोपामा राम्ररी दुध भरियोस् भनेर गरिने बरना, (५) गान्हिक बरना : पतेरोले धानबालीलाई आक्रमण नगरोस् भनेर गरिने बरना, (६) लवाङी बरना : कात्तिक महिनामा जब धान पाक्छ र काट्ने बेला हुन्छ तब घरका मुली नुहाइ-धुवाइ गरी पूजापाठ गरी काट्नुपर्ने धान अलिकति घरमा, धारामा र इनारमा चढाइने बरना । यसका साथै हाम्रो संस्कार र संस्कृतिअनुसार थमौती बरना, लेराई पाइठ बरना, बैठकी बरना, बहकटी बरना, खुरी (खुरेतक) बरना, दादु हैजाक बरना र लाल पियर बरना गर्ने चलन रहेको छ।

उल्लेखित परम्परागत संस्कृति तथा परम्पराहरूमा बरना गर्नुपर्ने मुख्य कारण थारू समुदायको जीवनको आधार नै कृषि र पशुपक्षीपालन हो। कृषि र पशुपक्षीपालनको प्रकृतिसँग गहिरो सम्बन्ध रहेको छ अर्थात् यसमा सफलता प्राप्तिका लागि प्रकृतिको नियमलाई बुझ्नुपर्दछ। थारू समुदायले आफ्नो ढङ्गले प्रकृतिसँग समन्वय गरी आफूलाई सफल बनाएका छन् । जीवनभोगाइका क्रममा विभिन्न प्रकारका दुःख, कष्ट तथा विपत्तिहरू आइपर्दछन्। विगतमा आधुनिकताबाट टाढा रहेको यो समुदाय आफू तथा आफ्नो जीवनको आधार कृषि तथा पशुपक्षीलाई अनिष्टबाट बचाउन एउटा पद्धति अपनाए, जसलाई थारू भाषामा बरना भनियो । बरनाको नाम (प्रकार) जति भए पनि यिनीहरू सबैको उद्देश्य वा लक्ष्य भनेको नै सङ्कटबाट मुक्ति प्राप्ति गर्नु अर्थात् मानिस, जीवजन्तु, बालीनाली, बोटविरुवाहरूको सङ्कटबाट संरक्षण गर्नु हो।

## जन्म, विवाह र मृत्यु संस्कार

सदियौँदेखि यस क्षेत्रमा बसोबास गर्ने थारू संस्कृति धेरै समृद्ध रहेको छ । यसो हुनुमा अन्य समुदायसँग सामीप्यता बढ्नु, विज्ञान र प्रविधिको पहुँचले खेलेको भूमिका, शिक्षाका कारण चेतनाको स्तर बढ्नु, पुराना मान्यताहरूप्रति नयाँ पुस्ताको नकारात्मक सोच आदि रहेका छन्। थारू जातिका मुख्य संस्कारहरू अरू जातिका जस्तै जन्म, विवाह र मृत्यु पर्दछन्। यस लेखमा चितवन जिल्लाका थारूहरूको जीवनपद्धतिका बारेमा निम्नानुसार सङ्क्षिप्त व्याख्या गर्ने प्रयास गरिएको छ :

### जन्म

जन्म हुनु प्राकृतिक प्रक्रिया हो । कुनै पनि समुदायमा बच्चा जन्मदा गरिने विभिन्न प्रकारका संस्कारहरू रहेका हुन्छन्। थारू समुदायमा पनि बच्चा जन्मदा गरिने आफ्नै मौलिक र परम्परागत संस्कार रहेका छन्। यस समुदायमा बच्चा जन्मेको तेस्रो, छैठौँ, नवौँ र एघारौँ दिनमध्ये एक दिनलाई समयअनुकूल पारी उठोनी (न्वारन) गरी चोख्याउने काम गरिन्छ । त्यस दिन सुत्केरी महिलालाई स्नान गराई सफा कपडा लगाइदिने, घरमा लिपपोत गरी सफा गर्ने, सिन्दूर, गाजल, शुद्ध तोरीको तेलको मद्दतले धारा, इनार,

आँगनमा टीका लगाइदिएर सुत्केरी महिलालाई छुन दिने प्रचलन रहेको छ। कुनैकुनै ठाउँमा बच्चा जन्मना साथै गुरौ, घरगुरवा तथा कुल पूरोहित कहाँ गई बच्चा र आमा दुवैको रक्षार्थ भगवान्को पूजा गर्ने र सोको लागि कुखुरा, रक्सी आदि पनि चढाउने गरिन्छ भन्ने भनाइ रहेको छ। महिला दुई जिउकी भएपछि सो महिलाले बच्चा नजन्माएसम्म उनको स्याहार-सुसार, मालिस गर्नेलगायतका कार्य गर्नका लागि सुढियाइन (सुढेनी) महिलाको सहायता लिइन्छ। जन्मेको बच्चाको उठौनी भएपछि उक्त उठौनीका आमाबुबा, गुरौलगायत अन्य इष्टमित्रहरूको सल्लाहमा बच्चाको नामकरण तिथि, मिति, वार र घटनाक्रमको आधारमा नाम राख्ने प्रचलन थियो। तर अहिले यो प्रचलन हराइसकेको देखिन्छ।

**विवाह**

साधारणतया विवाह भनेको एउटा केटा र केटीको दाम्पत्य जीवन सुरुवात गर्ने वैधानिक बाटो वा औपचारिक रूपमा पति-पत्नीको रूपमा स्थापित गर्नु हो। विवाह सबै समाजमा रहेको हुन्छ र आ-आफ्ना प्रकारको विवाह पद्धति रहेको हुन्छ। थारू समुदायको पनि आफ्नै छुट्टै र विभिन्न प्रकारका विवाह संस्कार रहेका छन्। चितवन जिल्लाको थारू समुदायमा आफ्नै परम्पराअनुसार वैशाख, जेठ, असार, भदौ, मङ्सिर, माघ र फागुन महिनामा विवाहको लगन रहेको महिनाको रूपमा मानिन्छ। विवाहका धेरै किसिमहरू हुन्छन्, जसलाई निम्नानुसार सारांशमा प्रस्तुत गरिएको छ :

**मागी (सज्जन) विवाह** : केटा पक्ष र केटी पक्ष दुवैतर्फका अभिभावकहरूको मन्जुरीमा साइत जुराएर, शुभमुहूर्त हेरी विवाहको तिथिमिति तोकी हर्षोल्लासका साथ गरिने विवाह मागी विवाह हो।

**उढरी (भागी) विवाह** : विवाहयोग्य उमेर भएका अविवाहित युवा-युवतीले अभिभावकको मन्जुरीबिना एक-आपसमा मन पराएर गरिने विवाहलाई उठरी (आफूखुसी भागेर गरिने) विवाह भनिन्छ।

**गोलावट (साटो) विवाह** : गोलावट विवाह भनेको दुई पक्षबिच चेलीबेटीहरू साटासाट गरेर गरिने विवाह हो। यस्तो विवाहमा आफ्नै जाति वा समुदायका दुई पक्षको समझदारीमा पालैपालोसँग विधि-विधानअनुसार एक-अर्काको छोरा-छोरीसँग केही समयको फरकमा पुनः वैवाहिक सम्बन्ध जोड्नु नै गोलावट विवाह हो।

**घरबहुरी (विधवा) विवाह** : यसप्रकारको विवाहमा कुनै परिवारमा विवाहित महिलाको श्रीमान्को मृत्यु भएको छ भने तिनको मन्जुरीमा सोही घरको देवरसँग नभए कहीँ **कतै पुनः** अर्को केटा खोजी गरिदिने विवाह विवाहलाई घरबहुरी विवाह भनिन्छ।

**जिम्हारिनी विवाह** : आफ्नो पतिबाट छुट्टिएर बसेकी, बाबुआमाले मन नपराएका केटासँग गएकी र उक्त केटाबाट छुट्याएर ल्याएका चेलीबेटीहरूलाई समुदायका अगुवाहरूको रोहवरमा केही रकम लिएर इच्छुक केटा वा पुरुषलाई जिम्मा लगाइदिने विवाहलाई नै जिम्हारिनी विवाह भनिन्छ।

**घरपोस विवाह** : केटाले सासू-ससुरालाई जिन्दगीभर पालनपोषण गर्ने शर्तमा अथवा छोरा नभएका र खेतबारी प्रशस्त भएका बाबुआमाले अर्को परिवारका केटालाई आफ्नो घरमा ल्याई आफ्नी छोरीसँग विवाह गरिदिने विवाह नै घरपोस विवाह हो।

उपरोक्त लिखित विवाहहरू थारू समुदायमा भए तापनि वर्तमान समयमा वर्तमानमा आएर परम्परगत विवाह पद्धतिमा परिवर्तन आएको देखिन्छ। अहिले आएर परम्परगत विवाह पद्धतिमध्ये बहुविवाह, बालविवाह, जिम्हारिनी विवाह र घरभित्रै गरिने विवाह हटेको देखिन्छ तर मागी विवाह, भागी (प्रेम) विवाह कायमै रहेको देखिन्छ। थारू समाजमा अहिले पनि मागी विवाहलाई बढी प्राथमिकता दिएको पाइन्छ। विधवा विवाह आवश्यक परे गर्न पनि सक्छन्।

**मृत्यु**

चितवन जिल्लाका थारूहरू मृत्यु संस्कारलाई जीवनचक्रको प्रमुख घटनामध्ये एक मान्दछन्। विष्णुप्रसाद घिमिरे (२०६४) ले "जन्मपछि मृत्यु हुनु शाश्वत सत्य

र प्राकृतिक नियम भएकोले आ-आफ्नो जातअनुसार नै मृत्यु संस्कार पनि गर्ने गर्दछन् । चितवन जिल्लाका थारू जातिहरू मृत्यु संस्कारलाई जीवन चक्रको प्रमुख घटनामध्ये एक घटनाको रूपमा लिने गर्दछन् । यिनीहरू मृतकलाई नदी किनारमा लगी अधिकांशले जलाउने तथा केहीले गाड्ने समेत गर्दछन् । यसरी गाड्दा लोग्ने मानिस भए घोप्टो र स्वास्नी मानिस भएमा उत्तानो पारेर गाड्ने गर्दछन् । यस क्षेत्रका थारू समुदायमा पुरुष मरेको भए १२ दिन र महिला मरेको भए १३ दिनसम्म किरिया बस्ने चलन छ । बालबच्चा वा अविवाहित व्यक्तिको मृत्यु भएमा नजिकैको जङ्गल वा नदी किनारमा लगी गाड्ने गर्दछन् र ५ दिनसम्म बार्ने गर्दछन् । यो समुदायमा आमा बित्दा दुध नखाने तथा बाबु मर्दा दही नखाने सामान्य रूपमा पाइन्छ । किरियाबाट उम्कने दिनलाई ' भातदेना तथा पिण्ड चढाउने' भनिन्छ । यस दिन मलामी, इष्टमित्र, छिमेकी आदिलाई डाकी खाना खुवाएर किरियाको कार्य सम्पन्न गरिन्छ । थारू समुदायले मृत्यु संस्कारमा पारिवारिक अन्य हिन्दुधर्मावलम्बीहरूले जस्तै ब्राह्मणबाट काजकिरिया गराइन्छ । प्रत्येक वर्ष दसैंमा 'पृत्रहुवा' को दिन पितृलाई स्मरण गर्ने र उनीहरूलाई खुसी पार्न पिण्ड दिने गरिन्छ । यस क्षेत्रका प्रायः थारूहरू पितृलाई खुसी पार्न पितृपूजा गर्दछन्" भनेका छन् । चितवन जिल्लाका थारूहरू उमेरअनुसार फरक-फरक अन्त्येष्टीको विधि रहेको हुन्छ, जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**जन्मेदेखि ५ वर्षभित्र मृत्यु भएमा** : जन्मेदेखि ५ वर्षभित्र यदि कसैको मृत्यु भएमा सोही दिन अन्त्येष्टि गरी खरतेल (चोखिने) प्रचलन रहेको छ । यस विधिअनुसार बच्चाको मृत्यु भएपछि सोही दिन नदीको छेउमा वा कुनै वृक्षको मुनि खाल्टो खनेर गाडिदिने चलन छ र यसै दिन घरमा लिपपोत गरी घर-परिवारका सदस्य तथा इष्टमित्रहरू बोलाई घरमा जे पाकेको छ सोही भोजन गरी जन्म र मृत्यु घटना रूपी कथा सुनाई दिन चोखिने प्रचलन रहेको छ । यस्तो मृत्यु संस्कारमा ब्राह्मण वा पूरोहित तथा चेलीबेटीहरू बोलाउने परम्परा छैन ।

**६ वर्षदेखि १५ वर्षभित्र मृत्यु भएमा** : ६ वर्षदेखि १५ वर्ष उमेर समूहका मानिसको मृत्यु भएमा गरिने अन्त्येष्टि संस्कारलाई पचरतिया विधि भनिन्छ । पचरतियाको अर्थ हो - पाँच दिनमा मृत्यु संस्कार गरेर चोखिने । यस विधिअनुसार मृत्यु भएको तीन दिनसम्म नून बार्ने, किरियापुत्री पनि बस्ने, दैनिक गरिने कर्मविधि पनि गर्ने । अन्तिम अर्थात् पाँचौं दिन कपाल काट्ने, नङ काट्ने, ब्राह्मणबाट पिण्डदान गराउनेलगायत होमादि, दानपुन गर्ने, गहुँत ग्रहण आदि सबै कर्मविधिहरू गरिन्छ । सोही दिन मलामी गएकाहरूलगायत सम्भव भएसम्म आफ्ना नातागोताहरूलाई बोलाई घरमा जे पाकेको छ, सोही भोजन गरी अन्त्येष्टी संस्कार पूरा गरिन्छ ।

**वयस्कको मृत्यु भएमा** : उमेर पुगेर मृत्यु भएका व्यक्तिको अन्त्येष्टि सम्पूर्ण विधिहरू पुऱ्याएर गरिन्छ । यस्तो विधिलाई पूरापूर काजकिरिया भनिन्छ । उमेर पुगेका मानिसको मृत्यु भएपछि पलङा (हरियो बाँसको खाट) बनाई त्यसमा मृत शरीरलाई राखी ओहार (कात्रो) सेतो कपडा ओढाइन्छ । त्यसपछि घरका दाजुभाइलगायत गाउँघरका सबै मिली मृतकको लासलाई बोकी घाट (नदी) तर्फ लगिन्छ । लासलाई प्रायः आफ्नै छोराहरूले बोक्ने चलन रहेको छ । घाटतर्फ जाने मलामीहरू प्रायः पुरुषहरू मात्र हुने गर्दछन् । यदि श्रीमान्को मृत्यु भएको छ भने श्रीमतीले मृत्यु भएको दिन चुरा फुटाइ, सिन्दूर पखाली, सेतो कपडा लगाउने तथा पुरुषहरूले कपाल खौरिने गर्दछन् । लासलाई घाटमा जलाएर वा गाडेर त्यहाँबाट सबै जना घर फर्कन्छन् । घरमा पीपलको पात, गहुँको पिठो, गहुँत, दही, घ्यु आदिको व्यवस्था गरिन्छ र ब्राह्मणले किरियापुत्रीलाई आवश्यक कर्मविधि गराउँछन् । त्यसपछि इष्टमित्र र मलामीहरूलाई घरमा बोलाई घरमा पाकेका खानेकुरा भोजन गराइन्छ भने ब्राह्मणलाई दान-दक्षिणासहित बिदाई गरिन्छ । बसिया (मृत्यु भएको १३औँ दिन) मा घर पवित्र हुने हुनाले किरिया अवधिभर सहयोग गर्ने सम्पूर्ण घर, छिमेक, इष्टमित्र, छोरी तथा ज्वाइँहरू बोलाई मिठो-मसिनो खुवाई बिदा गरिन्छ ।

## निष्कर्ष

थारू जाति अति सोझा र इमान्दार हुन्छन् । आपसी मेलमिलाप भएको, एक-अर्कालाई सम्मान गर्नेजस्ता मुख्य विशेषता थारू जातिमा हुन्छ। जनसङ्ख्याको आधारमा नेपालका ब्राह्मण, क्षत्री, मगरपछिको चौथो स्थानमा रहेको जाति थारू जाति नै हुन्। जे भए पनि नेपालका आदिबासीमध्येका थारू एक प्रमुख जाति हो । यिनीहरू 'भारोपेली परिवार'का भाषा बोल्ने सर्वाधिक जनसङ्ख्या भएका आदिबासी हुन् ।

नेपाल एउटा सार्वभौमसम्पन्न मुलुक हो । मानचित्रमा हेर्दा यो एउटा सानो मुलकु भए तापनि यहाँ विभिन्न जातजातिहरूको बसोबास रहेको पाइन्छ । पृथ्वीनारायण शाहले यसलाई 'दुई ढुङ्गाबिचको तरुल' र 'चार जात, छत्तिस वर्णको फूलबारी हो' भनेका थिए तर जेजस्तो भए पनि नेपालको सुन्दर बगैँचामा फुलेका फूलहरूमध्ये थारू जाति पनि एउटा राष्ट्रभक्ति र देशभक्तिले भरिपूर्ण जाति हो । देशमा जहिले पनि सङ्कट परेको समयमा देशलाई जोगाउन हरहमेशा तम्तयार भइरहने, हरेक युद्धहरू र देशको राष्ट्रियतामा आँच आउँदा सधैँ साथ दिने जाति थारू जाति नै हो । यस सन्दर्भअनुरूप देशभक्तिमा आधारित दोलखा नेपाल नामक गीतिकथामा आधारित यसको एउटा सानो अंश हो । यो ऐतिहासिक गीतिकथा चितवनमा बसोबास गर्ने थारू समुदायको एउटा प्रचलित गीतिकथा हो । यो गीत थारू महिलाहरू तथा पुरुषहरू दुवै मिलेर रोपाइँको समयमा गाउने गरिन्छ र यो गीत झुमरी नाचमा नाटकीय रूपमा घण्टौँसम्म नाच्ने गरिन्छ । जसको भाव थारू भाषामा यसप्रकार छ ः

यरिहे ... ऊ ... उत्तरल भादो चढली कुँवार,
घरघर बेनी हजरारे, बेगारी चलाय,
कुटलीमा चिउरा चाउर, बान्हलिमा भाररे,
सपरुरे भरीहा दोलखा नपाल रे ! सपरहेरे भरीहा ....
यरिहे ... ऊ ... बान्हलिमा चिउरा चाउरक भाररेहो ...
समरहुँरे भरीहारे दोलखा नेपाल ! सपरहुँरे ...
एकओरी बान्हलिमा नुन तेलक भार हो ...
एकओरी बान्हलिमा तिउनाक भार हो ...
यरीहे ... ऊ ... उतरल ....

यो गीतिकथा दोलखा नेपालको भावसङ्क्षेपमा यस्तो छ - पृथ्वीनारायण शाहले नेपाल एकीकरण गर्ने क्रममा "बाहिरी देशसँग युद्ध भइरहेको बेला गाउँका हरेक पुरुषहरू खाद्यान्न बोकेर देशका सिपाहीहरूलाई पुऱ्याउन दोलखा जान्छन् । खाद्यान्न पुऱ्याउन जाँदा एउटा नवविवाहित युवालाई हतियार बोकाएर षड्यन्त्रपूर्वक लडाइँ गर्न पठाइन्छ। युवकलाई षड्यन्त्रकारी व्यक्तिले लडाइँमा पठाएपछि आफू घर फर्किन्छ । नवविवाहित पुरुषकी श्रीमतीसँग पुनः विवाहको प्रस्ताव राख्छ तर श्रीमतीले आफ्नो श्रीमान्को लास हेर्न चाहन्छिन् । केही समयको अन्तरालमा युवाको लास आउँछ र श्रीमती श्रीमान्सँगै सति जान्छिन् । प्राचीन समयदेखि थारू समाजमा उक्त घटनामा आधारित गीतको माध्यमबाट यो दोलखा नेपाल नामक गीत रोपाइँको बेलामा महिला र पुरुष मिलेर गाउने र नाच्ने प्रथा हालसम्म कायम छ। यो गीतमा थारू समुदायले युद्धमा लड्ने सिपाहीका लागि भरण-पोषणको लागि खाद्यान्न दाल, चिउरा, नून, चामल बोकी पैदल हिंडेर दोलखा नेपाल पुगेका हुन्छन् । विद्वान्हरूका अनुसार काठमाडौँ उपत्यकामा विजय हासिल गर्नका लागि उपत्यका रक्षा हेतु पनि थारू सेनालाई नै जिम्मा दिइएको थियो । त्यसैले तराईका भाग्यवादी, कर्मशील, पुस्तौँ-पुस्तासम्म आफ्नो रगत, पसिना बगाएर जीवन बलिदानी दिन तत्पर रहने एकमात्र जाति थारू नै थिए ।

卐

समीक्षा

# समकालीन नेपाली कथाको शक्ति र सीमा



भूपिन*

भरतपुर प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव बालकृष्ण थपलिया र कार्यक्रम संयोजक प्राज्ञ प्रकाश चापागाईँको अनुरोधमा राष्ट्रिय कथा प्रतियोगिताको मूल्याङ्कनकर्ताको रूपमा देशभरिबाट आएका बहत्तर कथाहरू पढ्ने अवसर प्राप्त भयो ।

मूल्याङ्कन समितिमा अग्रज गायत्री श्रेष्ठ, मित्र रमेश प्रभात र म थियौँ । प्रतियोगितामा आएका कथामा कथाकारको नाम र ठेगाना थिएन । कोड नम्वर मात्र थियो । उत्कृष्ट पाँच कथाकारको अन्तिम नामावली प्रकाशन गर्ने समयसम्म पनि हामीलाई कथाकारको नाम ठेगाना थाहा नहुँदा पुरस्कृत कथाकारहरू को को रहेछन् भन्ने खुल्दुली हुनु स्वाभाविक थियो । मित्र बालकृष्णलाई मैले नै कोड नं मात्र राखेर मूल्याङ्कनका लागि कथाहरू पठाउन अनुरोध गरेको थिएँ । निष्पक्ष मूल्याङ्कनका लागि यो एक महत्त्वपूर्ण तरिका हुनसक्छ भन्ने लाग्छ ।

पात्र, कथावस्तु, घटना, परिवेश, तनाब, क्लाइमेक्स र महत्त्वपूर्ण पङ्क्तिहरूमा हाइलाइटर कुदाउँदै वा पेनले अन्डरलाइन लगाउँदै कथाहरू पढेँ । कथा के पढेँ, मैले देश पढेँ । केही कथाले रुवाए, केहीले हल्लाए, केहीले गम्भीर बनाए । कुनै पनि सिर्जनाको जस्तै कथाको शक्ति पनि यही हो । तर कुनै कथाले पनि हँसाएको सम्झना छैन । किन ? उत्तर सजिलो छ- हुस्सुहरूले चलाएको देश दुःखको हुस्सुमा हराएको छ । लेखकहरू हुस्सु भित्रको दुख लेख्न अभिशप्त छन् । आखिर लेखकले लेख्ने समाज, समय र यिनका दुखहरू नै त हो । मानिसले भोगिरहेका विसङ्गति, पाएका पीडा र ठक्करहरू त लेख्ने हो । हो, मैले देश पढिरहेको महसुस गरिरहेँ र आफूलाई चार्ज भएको पावर बैंक सम्झिरहेँ । मूल्याङ्कन बापत मेरो मनी बैंक कति चार्ज हुन्छ, थाहा थिएन तर मेरो पावर बैंक राम्रैसँग रिचार्ज भएको महसुस गरेँ । सिर्जनाको चुलीबाट जीवन, समय र समाज हेर्ने आदत बनिसकेको मलाई ठुलो र महत्त्वपूर्ण सामाजिक पुँजी कमाएको बोध भइरह्यो । मलाई लाग्छ, आर्थिक पुँजीभन्दा सामाजिक पुँजी महत्त्वपूर्ण हुन्छ लेखकको जीवनका लागि । सामाजिक पुँजी चेतनाको पुँजी हो, जुन मानिस र समाज पढेर प्राप्त हुन्छ, पात्र र तिनीहरूका कथा पढेर प्राप्त हुन्छ ।

कथाहरू पढ्दै गर्दाको महत्त्वपूर्ण निचोड थियो, प्रतियोगिताका लागि आएका अधिकांश कथाहरू रेमिट्यान्स संस्कृति र यसले नेपाली समाजमा पारिरहेको प्रभावको विषयमा थिए । मनमा स्वाभाविक जिज्ञासा थियो, किन कथाकारहरू यस विषयमा लेख्न अभिशप्त छन् ? अघिल्लो वर्ष तीनवटा राष्ट्रिय कविता प्रतियोगिताको निर्णायक भएर काम गर्दा पनि मेरो यही फाइन्डिङ थियो, कविताले बोकेको प्रमुख विषय विदेसिनुको पीडा रहेछ । किन हाम्रा कवि/कथाकारहरू अन्य विषय भन्दा बाकसमा बन्द भएर फर्किने नेपालीका कथा लेखिरहन अभिशप्त छन् ? रेमिट्यान्स कथामा कि त युवा देशमा काम गर्ने अवसर र वातावरण नपाएर विदेसिन्छ कि त विदेशबाट बाकसमा थुनिएर फर्किन्छ । किन ? यस प्रश्नले मलाई संवेदित बनाइरहन्छ । यस्ता

* सप्तगडकी बहुमुखी क्याम्पस भरतपुरका उपप्राध्यापक भूपिन भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्य हुन् ।

कथा पढ्दै जाँदा कथाको विषयले मेरो चेतनाको जग भुइँचालोले झैँ हल्लाइरहन्छ । एकान्तमा छटपटिँदै म उत्तर खोजिरहेको हुन्छु, नेताहरूको कोलाज तस्बिर आँखाअघि नाचिरहेको पाउँछु । मेरो चेतनामा असक्षम नेतृत्वका उदाहरणहरूको चाङ लाग्छ ।

कथामा पुरुष पात्र आए मन डराउन थालिहाल्थ्यो । त्यो पात्र बलात्कारी हुन्छ कि हत्यारा ? म अनुमान लगाउन थाल्थेँ । त्यही समय नजिकै पूर्व चितवनमा एक स्कुले किशोरीको मृत्यु र त्यससँग जोडिएर आएका खबरले सामाजिक सञ्जाल जाम पऱ्यो । पुरुषसत्ता किन यति निर्मम छ ? किन हाम्रा कथाकारहरू दिमागमा स्त्री जननेन्द्रिय टाँसेर हिँड्ने पात्रहरूको निर्लज्जता लेख्न अभिशप्त छन् ? पति किन पत्नीलाई अनवरत हिंसा गरिरहन्छ र यसलाई मर्दपन सम्झिन्छ ? यस्तो कुकर्म गर्ने दुस्साहस उनीहरूले के कारण प्राप्त गरिरहेछन् ? प्रश्न गम्भीर छ । पुरस्कृत कथाकार मन्दिरा मधुश्री र राधिका कल्पितका पात्रहरूले पति त्यागिदिएर जीवनाकाशमा स्वतन्त्र उडान भरेका छन् । अन्य केही कथाहरूले पनि कथाको यही आकाश पक्रेका छन् ।

प्रयोगशील वा नवीनताका केही कथाहरूले मलाई समकालको कथामाथि बढो भरोसा जगाइदिए । जहाँ नवीनताको खोजी हुन्न र प्रयोगशीलताको धरती बाँझो रहन्छ, त्यहाँ एकै प्रकारको उत्पादन हुन्छ । जैविक विविधताको संरक्षणजस्तै शैलीगत विविधताको पनि अभ्यास अपरिहार्य हुन्छ । भाग्यको कुरो, भ्वाइस इन अ ट्राफिक जाम, प्रयोग, घर एक प्राइवेट लिमिटेडजस्ता कथाहरूले मलाई गौरवबोध गराए । यसैमा मिसिएका छन्, साइवर संस्कृतिका कथा पनि । इथिकल ह्याकर यसको सुन्दर उदाहरण हो ।

कतिपय कथा पढ्दा लाग्यो, नेपाली समाज खुल्ला हुँदै गएको छ । नारी पात्रहरू बोल्ड छन् । दलित, यौनकर्मी र लैङ्गिक अल्पसङ्ख्यक समता र अधिकारका लागि समाजसँग लडेका छन् । आफूलाई रुन्चे पात्रको रूपमा चित्रित गर्ने कथाकारसँग पनि उनीहरूले विद्रोह गरेका छन् । नेपाली कथाका लागि यो स्वागतयोग्य कुरा हो । प्रवृत्तिगत रूपमा विश्लेषण गर्दा प्रायः कथाहरूले नेपाली कथा लेखनको मूल धारमा रहेको सामाजिक र मनोवैज्ञानिक यथार्थवादी धारलाई नै अपनाएका छन् ।

## पुरस्कृत कथाहरू

**१– सर्वोत्कृष्ट, अन्तिम पथ, अनन्त लम्साल**

यो एक क्लास स्टोरी हो । गरिबी, बाध्यता र निर्दोषपनका कारण यौनधन्दामा फसेकी म्हेन्दोको कारुणिक कथा निकै परिपक्व भाषामा उतारेका छन् अनन्त लम्सालले । म्हेन्दोको अर्न्तद्वन्दको मनोविज्ञानिक चित्रण गज्जब छ । घरको तल्लो तलामा छोरालाई तेलमालिस गरिरहेकी कविता देखेपछि म्हेन्दोले लोग्ने र छोराको इच्छा गर्नु नारी मनोविज्ञानको कुशल चित्रण हो । पल्लो घरको छतमा भाँडा माझिरहने मायालाई किन अर्धबैंसेले लुकिलुकी यौनहिंसा गरिरहन्छ ? कथाकारले मायाको पात्रताबाट पितृसत्तालाई गम्भीर व्यङ्ग्य गरेका छन् ।

पढाउँछु भनेर गाउँबाट सहर ल्याइएकी म्हेन्दोका लागि ग्राहक पठाएर यौनधन्दामा लगाउन खोज्ने र आफूले आर्थिक लाभ लिने ठुल्दिदीसँग फूलले झै नै विद्रोह गर्छे म्हेन्दोले । साथीसँग मिलेर संसारको सबैभन्दा सहज प्राप्त हुने तर सबैभन्दा गाह्रो शरीर बेच्ने पेसा अपनाउन विवस छे ऊ । दश वर्षमा थाहा लाग्छ कि म्हेन्दोलाई सङ्क्रमणपछि कहिल्यै निको नहुने (सायद AIDS) लाग्छ । कथाको क्लाइमेक्स हो यो, जसले पाठकको हृदयमा आँधी ल्याइदिन्छ । कथामा तनाव (Tension) सिर्जना गर्ने खुबी गजबको छ । AIDS पछि मानिस बचाउन यौनधन्दा त्याग्ने कि परिवार बचाउन

धन्दा जारी राख्ने ? यो अन्तर्द्वन्द्वले मन पगाल्छ । पहिला यौनधन्दामा आउँदिन भनेर साथीलाई फोनमा इन्कारे भनेकी म्हेन्दोले जब लामो निश्वास छोडेर र साथीको आग्रह स्वीकारेर अन्तिम पथतर्फ पाइला बढाउँछे, मन ढक्क फुल्छ । म्हेन्दोले पाइला बढाएको अन्तिम पथले एउटा मात्र अर्थ दिन्न । के म्हेन्दोले पाइला बढाएको अन्तिम पथ यौन व्यवसाय नै हो ? कि उसको जीवनको अन्तिम क्षणको बाटो ? ओपन इन्डिङमा छोडिएको कथाको दुवै कल्पनामा संवेदित पाठक रन्थनिन्छ ।

परिपक्व भाषाको प्रयोगले मूलधारकै कथाकारहरूको हाराहारीमा स्थापित गरिदिएको छ कथाकारलाई । यो कथा पढ्दा मैले नेपालमा लेखिरहेका उत्कृष्ट कथाकारले पठाएको कथा होला भनी नामहरू कल्पना गरिरहेको थिएँ ।

**२–उत्कृष्ट, मृत्युको अपिल, अनिता पन्थी**

सिजोफ्रेनिक पात्रको मनोदशाको चित्रणबाट गहिरो जीवनदर्शन प्रस्तुत गर्नु यस कथाको सफलता हो । विश्व हल्लाउने प्रख्यात कथा लेख्ने महत्त्वाकांक्षा बोकेको गौरबले कसरी आफैलाई कथाको पात्र बनाउँछ ? यसको रौचक चित्रण छ मृत्युको अपिलमा । यस कथाले निबन्धकार शङ्कर लामिछाने र नेपाली साहित्यमा उनले भित्राएको चेतन प्रवाह शैलीलाई कुशलतासाथ बरण गरेको छ ।

'संवेदना पैदा गर्ने इन्जेक्सन' लगाएर बाँचेको निरजसँगको भेटले गौरवमा विशृङ्खलित संवेदनाहरू जागृत गरिदिन्छ । सिजोफ्रेनिया शब्दको प्रयोग नगरिकन कथानकको माध्यमबाट सिजोफ्रेनियाबारे गहिरोसँग बोल्नुले अनिताको आख्यान शक्ति प्रष्टाउँछ । गौरव अस्पताल धाइरहेको छ, जो अस्पताल अघि उभ्याइएको गणेशमानको मुर्तीलाई समेत विरक्तिएको देख्छ । त्यत्रो त्याग र बलिदानबाट ल्याएको परिवर्तनबाट पनि नागरिकको हित नभएको सोचेर मुर्ति बिरक्तिनुको कथातान बुनेर अनिताले समकालको राजनीतिलाई यथोचित व्यङ्ग्य गरेकी छिन् ।

अचानक अस्पतालमा जुलुस आउँछ युथेनेजिया अर्थात् इच्छा मृत्युको माग बोकेर । जीवनको निर्मम डसाइ सहनुभन्दा स्वेच्छिक मृत्यु सुन्दर कुरा हो भन्ने बुझाइ छ जुलुसको । मानिसहरू भन्छन्, मृत्युभन्दा कठोर जीवन बाँच्न चाहदैनौ हामी ।' जुलुसमा अस्पतालका बिरामी मिसिन्छन् । गौरव पनि अस्पतालको काम नभएको ठहर गर्दै मिसिन्छ, जुलुसमा ।

तर अस्पतालमा कुनै जुलुस आएको हुन्न, गौरवको भ्रान्ति थियो त्यो ।

कथामा एक पात्र छ माग्ने, जसलाई सडकको चिसोमा कठाङ्गिएको देख्छन् एक भिआइपी । माग्नेका लागि न्यानो लुगा ल्याइदिने आश्वासन दिन्छन् । दिनभरि मिटिङमा व्यस्त भएकाले उनले माग्नेलाई बिर्सन्छन् । भोलिपल्ट सम्झिएर जब उनी न्यानो लुगासहित हतारहतार माग्नेसम्म पुग्छन्, माग्नेको मृत्यु भैसकेको हुन्छ ।
माग्नेको साथीमार्फत् न्यारेटरले भन्न खोजेको छ कि जस्तै निर्मम चिसोसँग पनि लडेर बाँच्ने क्षमता भएको माग्ने एक मनोवैज्ञानिक कारण मृत्युवरण गर्न पुग्छ । त्यो कारण भिआइपीले न्यानो र बाक्लो लुगा ल्याइदिन्छ भन्ने अपेक्षा थियो । भिआइपीले बिर्सियो, उसले सङ्गालेको जाडोसँग लड्ने आत्मबल कमजोर भयो र ऊ मर्यो । कथामा आएको दार्शनिक ट्रिटमेन्टले मनमस्तिष्कलाई झाङ्क्रित पारिदिन्छ । पाठकलाई सम्झना हुन्छ, माग्नेलाई जस्तै खतरनाक आश्वासन दिएर गरिबहरूको अपेक्षा बढाउने र आश्वासन बिर्सिएर उनीहरूको हत्या गर्ने भिआइपीहरू धेरै छन् देशमा । सिजोफ्रेनिक पात्र मार्फत् दार्शनिक र मनोवैज्ञानिक कठोर सत्यको उद्घाटन गरेको छ कथाले ।

**३-उत्तम, भाग्यको कुरो, समीप खड्का**

'के पात्रहरू केवल लेखकका कठपुतली हुन् ?' इन्द्रबहादुर राईको कठपुतलीको मनदेखि अर्चना थापाको कठपुतलासम्म आइपुगेको नेपाली आख्यानमा यस प्रश्नको तार्किक जवाफ पढ्न पाइन्छ । पात्रहरू लेखकका कठपुतली होइनन् ।

सहानुभूति होइन समानुभूति लेख । कतिपय सन्दर्भमा समानुभूति गर्न सकिन्न भने समानुभूतिको निकट पुगेर लेख । पछिल्लो समय कथामा हुने मूल बहस यही मुद्धामा केन्द्रित छ । अधिकांश नेपाली कथाको समस्या पनि यहीनेँर छ ।

किशोर कथाकार समीप खड्काले आफ्नो पात्रताको चित्रणमा असन्तुष्ट केही पात्रहरूले लेखकसँग गरेको विद्रोहको नवीन कथा लेखेका छन् । नारी, दलित, मधेसी पात्रहरू लेखकसँग विद्रोह गर्छन् र पात्र बन्न इन्कार गर्छन् । यस प्रयोगात्मक कथाले समानुभूतिको पक्षधरता लिएको छ ।

यस कथाले इटालियन लेखक Luigi Pirandello -1867–1936 को प्रयोगवादी नाटक Six characters in search of an author को स्मरण गराउँछ ।

सम्झना नामकी पहिलो पात्रको अनुहारमा लेखक शैलेन्द्रप्रति घृणाभाव छ । डराएको लेखक सङ्कटकाल टार्न पात्रसँग संवाद थाल्छ । सम्झना आक्रोसित हुन्छे, 'के पात्र पात्र भनेको? मेरो नाम छैन ?'त्यस्तो पनि के लेखक, जसले आफ्नो कथाको पात्रलाई सम्मान गर्न सक्दैन, उसले अरूलाई के सम्मान गर्ला ?'

लेखकले माफी माग्छ । सम्झना कथाकारलाई आफ्ना सबै पात्रसँग माफी माग्न भन्छिन् । कथाकारले समाजद्वारा हेपिएका र कमजोर बनाइएका मानिसलाई रुन्चे बनाएकोमा उनको विमति छ । ऊ भन्छे, 'तपाईँलाई कथामा रुन्चे पात्र चाहिए महिला ल्याउनु हुन्छ, फोहोरी पात्र चाहिए दलित ल्याउनु हुन्छ ।'पढेको पात्र चाहिए बाहुन खोज्नुहुन्छ ।'

लेखकलाई महसुस हुन्छ, 'म भन्दा मेरा पात्र सचेत रहेछन् ।

दोस्रो पात्र पप्पु यादवलाई कथाकारले 'एक मधेस एक प्रदेश'को संवाद बोल्न लगाउँछ, तर पप्पु यादव कथाकारले दिएको संवाद बोल्न इन्कार गर्छ र भन्छ, 'हिमाल पहाड मधेस सिङ्गो नेपाल देश' । पप्पु आक्रोस पोख्छ, 'हामीलाई विखण्डनवादी नारा जबर जस्ती बोल्न लगाएर तपाईँहरू आफू देशभक्त देखिने ?' यसले कथित नेपाली राष्ट्रवादको विभेदकारी सोचलाई गतिलो व्यङ्ग्य गरेको छ ।

कथामा इतिहास पनि पात्र भएर आएको छ । भट्टीमा लोकल ठर्रा लगाउँदै गर्दा इतिहाससँग भेट हुन्छ कथाकारको । ऊ इतिहासलाई पात्र बनिदीन अनुरोध गर्छ तर इतिहास पनि पात्र बन्न चाहन्न । इतिहास भन्छ, 'हामीलाई लेखिनु छैन तपाईँजस्ता आडम्बरी लेखकको आख्यान र गैह्र आख्यानमा । के हामी तपाईँहरूका खेलौना हौँ ?'

पात्र खोजिरहेको लेखक समस्यामा पर्छ । मिथक, राजनीति, मनोवैज्ञानिक, प्रगतिशील, पहिचान, द्वन्दका पात्रहरूको गम्भीर मनोदशा देखेर कथाकार हार खान्छ र कथा लेख्ने विचार नै त्यागिदिन्छ । र भन्छ, 'आउनुहोस् सही समयको प्रतीक्षा गरौँ ।'

विशेषतः ध्रुवचन्द्र गौतम, रोशन थापा निरव र कुमार नगरकोटीले विकसित गरेको प्रयोगवादी कथा लेखनमा समीपको यो कथा थपिएको बोध हुन्छ ।

**४. प्रोत्साहन, अब लजाउँदैन लज्जावती**

राधिका कल्पित नारी मुक्ति र लैङ्गिक समानताको चाहनाले भरिएको प्रभावशाली कथा

हो अब लज्जाउँदैन लज्जावती । नारीमुक्तिका लागि पुरुषसत्ता विरुद्ध लडेकी एक नारीको सुन्दर मनोदशा र विद्रोह बुनिएको छ यसमा । प्रारम्भमा ऊ पुरुषसत्ताले डिजाइन गरेको नारीजस्तै सहनशील छे। अत्याचार सहन नसकेर अन्तमा पुरुषसत्तालाई चुनौती बन्छे । कथावस्तु धेरै फरक भए पनि यस कथाकी पात्रले पनि इब्सेनको अ डल्स हाउसकी नोराले जस्तै पतिलाई त्यागिदिन्छे ।

कथामा दुई छोरी तर छोरो नभएको रनाहामा रहने रक्स्याहा पतिको अनवरत हिंसा भोगिरहेकी पात्रको कारुणिक चित्रण छ ।

चार महिनाकी सुत्केरी पत्नीलाई गर्भ नरहने औषधी खाइस् भने मार्छु भन्ने धम्की दिन्छ पतिले । पतिको एकोहोरो रटान छ, 'मलाई जसरी नि छोरा चाहिन्छ ।'

अनवरत हिंसाका कारण मन दुखेर सम्भोगमा ज्यान मात्र सुम्पेकी पत्नीलाई आरोप लगाउँछ, 'जाबो एउटो लोग्नेलाई कसरी रिझाउने भन्ने ज्ञान पनि नभएकी ग्वाँच ! कि दिउँसै नाठोसँग लठारिएर अघाइसकेकी होस् ?' यस आरोपले स्त्री मनमा पहिरो जान्छ । जसले कथाको क्लाइमेक्स रचना गरिदिन्छ ।

जब पत्नीले ऐना हेर्छे, ऐनाको छायाँले उसलाई अनुहारले कथा सम्झाउँदै भन्छ, 'रुनुको साटो लड्ने साहस किन गर्न सक्दिनस् ? मरिमरि बाँच्नु के बाँच्नु ?' आँधीतूफानयुक्त एक सकसपूर्ण रात काटेपछि उसले पति विरुद्ध प्रहरी कार्यालयमा उजुरी दिन्छे । पतिलाई प्रहरीले पक्रेर लैजादा ऊ खुसी भएको महसुस गर्छे । पतिलाई अपराधी बनाएकोमा पूरा परिवार र समाज ऊ विरुद्ध खनिन्छ ।

सासू ससुरा र समाजले उजुरी फिर्ता लिन चर्को दबाब दिएपछि म पात्रले उल्टै अदालतमा गएर सम्बन्ध विच्छेदका लागि निवेदन भर्छे ।

नेता पुत्र भएकाले एक हप्तामै जेलबाट निस्किन्छ पति । उसले 'अब रक्सी पिउन्न' भनेर माफी माग्छ । पतिमा आएको अप्रत्यासित परिवर्तन कृत्रिम लाग्छ उसलाई । उसले डिभोर्सको कागज मुखमा फ्याँकिदिन्छे । उसको यस हरकतबाट माइती समेत टाढिन्छन । पति पत्नीको सम्बन्ध विच्छेद हुन्छ ।

म पात्र लोग्नेबाट छुट्टिएपछि छुटेको पढाइका लागि क्याम्पस भर्ना हुन्छे । आर्थिक भार घटाउन छोरीहरूलाई बोर्डिङ स्कुलबाट निकालेर सरकारी स्कुलमा भर्ना गरिदिन्छे । पाँच वर्षको अथक मेहनतपछि ऊ अधिकृत बन्छे ।

स्वतन्त्र जीवनमा उसले सफलता पाउँदै जाँदा एक प्राकृतिक समस्या टडगारो महसुस गर्छे उसले । उसलाई यौनले सताउन थाल्छ । यसको समाधान उसले आफ्ना औँलाका टुप्पामा पाउँछे । फेरि अर्को पुरुषसँग बिहे गरेर उत्पीडित हुनु भन्दा हस्तमैथुन गरेर यौन सन्तुष्टि लिनु श्रेयष्कर ठान्छे ऊ । अति संवेदनशील अङ्गमा उसले औँलाको टुप्पा रगड्छे र चमत्कार महसुस गर्छे । शरीर काँपेर र बटारिएर शान्त भएपछि ऊ सोच्छे, 'औँलाका टुप्पामा मभित्रको सम्पूर्ण म केन्द्रित थियो ।'

कथाको अन्तमा ऊ आफ्ना छोरीहरूलाई गाडीमा राखेर स्वतन्त्रताको गीत गाइरहेकी भेटिन्छे, 'आज मै उपर आसमा निचे'!'

कवितामा पनि आफ्नो नाम बनाइसकेकी राधिका कल्पितको भाषा काव्यिक र परिष्कृत छ । विशेषतः औँलाको चमत्कार खिपेको भाषा आलङ्कारिक छ । यौन बिम्बहरूको प्रयोग निकै प्रभावशाली लाग्छन् ।

**५– प्रोत्साहन, पहिचान, मन्दिरा मधुश्री**

विकसित भनिएका देशमा बस्दैमा मानिसको सोच विकसित भैहाल्ने ग्यारेन्टी हुन्न । विकसित भनिएका देशमा पनि पुरुषसत्ता छ र ती देशले विदेशी पुरुषलाई भिषा दिँदा पुरुषसत्तालाई पनि भिसा दिन्छन् । प्रोत्साहन

यसै सत्यलाई पुष्टि गर्ने कथा हो, जसमा सपनाको देश अस्ट्रेलियामा पतिसँग बस्ने नेपाली पत्नीले खेप्नु परेको आकस्मिक उत्पीडन र विद्रोहको कथा बुनिएको छ। पेट बोकेकी पत्नी लिलीलाई अप्राकृतिक स्तरमै माया देखाउँछ राजेश। राजेशकी आमालाई पनि अपत्यारिलो लाग्छ बुहारीप्रति छोराले प्रेम जताउने तौर तरिका। कथाको सुरुवातमा टिसर्टभित्र फुटबल घुसाएर पत्नीसँग दिल्लगी गरिरहेको भेटिन्छ राजेश। राजेश छोरा चाहन्छ, लिली छोरी भए पनि खुसी हुने कुरा व्यक्त गर्छे।

पूर्वमा अस्तित्त्वमा भएको सिमन्तोन्नयन पश्चिममा बेबी सावर भनिने कुरा आमाले सुनाउँदा कथाकार हावी भएको लाग्छ।

छोरा जन्मिदै छ भन्ने थाहा पाइसकेको राजेश जन्मिने बच्चाको अतिसय मायामा छ। कतिसम्म भने आमाले नजा भनेर हात तान्दातान्दै पनि लिलीले बच्चा जन्माउने बेला अपरेसन थियटरमा पस्छ। जब नर्सले राजेशको हातमा 'हरिमुस्ले कालो छोरो' थमाइदिन्छिन्, राजेशको गोरो छोरो खेलाउने कल्पना चकनाचुर हुन्छ। लिङ्गभेदी राजेश रङ्गभेदी पनि बन्छ। कथाको क्लाइमेक्स यहीँ छ। उसलाई लाग्छ कि बच्चा उसको होइन। राजेश बच्चा र लिली दुवैलाई घृणा गर्न थाल्छ। उसले बच्चालाई आफ्नो सन्तान मान्न इन्कार गर्छ। उसले बच्चा उसकै भएको डिएनए रिपोर्ट पनि पत्याउन्न। उसले लिलीसँग डिभोर्स चाहन्छ। छोराको हरकतबाट आजित आमाले राजेशलाई थप्पड लगाउँछिन् र नेपाल फर्किन्छिन्।

बच्चाको हेरचाहका निम्ति गएका लिलीका बाआमासँग लिली नेपाल फर्किन्छे। राजेश पनि नेपाल आउँछ र डिभोर्सका लागि निवेदन दिन्छ। नेपालमा गरिएको डिएनए टेस्टमा पनि आफू बाउ भएको पत्याउन्न राजेश।

कथामा अदालत र न्यायमूर्तिको प्रवेशले कथालाई नवीन उचाइ दिन्छ। न्यायमूर्तिले राजेश र लिलीका कुरा सुनेपछि निष्कर्ष सुनाउँछिन्, कि समागमको बेला लिलीले कृष्ण जस्तो बच्चा होस् भन्ने सोचेकाले र राजेशले पेलेको बारेमा सोचेकाले बच्चा कालो जन्मिएको हो। न्यायमूर्तिको अकल्पनीय निष्कर्ष सुनेपछि राजेशले अपराधबोध गर्छ र लिलीसँग माफी माग्छ।

तर लिली निर्मम र कठोर बनिसकेकी छे। राजेशले माफी माग्दा ऊ भन्छे, 'नेभर, न त म तिमीलाई माफ गर्न सक्छु न तिमीसँगको सम्बन्ध जरुरी छ अब। तिम्रो बाटो अलग, मेरो बाटो अलग।' कतिसम्म भने राजेशले 'छोरा त हाम्रो साझा हो' भनेर काखमा लिन खोज्दा छोरालाई नछुन आदेश दिन्छे लिलीले।

'मेरो छोरालाई हाम्रो सम्बन्धको सेतु बनाउने कोसिस नगर्नू कहिल्यै। ऊ कृष्ण हो सिर्फ मेरो कृष्ण।'

मन्दिरा मधुश्रीको यो कथा पढिरहँदा पार्श्वमा मैले अमृता प्रितमको आत्मकथा रसिदी टिकट सम्झिरहेको थिएँ। इमरोजसँग विवाह गरेकी अमृतालाई छोराले स्कुलबाट फर्किएपछि एकदिन सोध्छ, 'ममी मलाई किन सबैले साहिर अङ्कलको जस्तो अनुहार छ भन्छन् ?'

अमृता स्तब्ध बन्छिन्। र मनमनै विश्लेषण गर्छिन् कि इमरोजसँग बिहे गरे पनि उनी आफूलाई त्यागिदिएका महान् गीतकार साहिर लुधियानबीको प्रेममा पागल थिइन्। उनको कोठाका भित्ताभरि मात्र होइन मनका भित्ताभरि जताततै साहिर नै साहिर थिए। यही कारण बच्चामा साहिरको आकृति भरिएको निष्कर्ष छ अमृताको।

रमाइलो प्रसङ्ग के भने अमृता र साहिरको प्रेमकथा थाहा भएर पनि इमरोजले प्रेम विवाह गरेका थिए अमृतासँग।

पात्रको मनोवैज्ञानिक चित्रणमा सफल छिन् कथाकार। बुढो पुस्ताले गरेको यौन गफ सुनेर कैयनपटक

उत्तेजित भएको राजेशले एक मनोवैज्ञानिक सत्य भन्छ, पर्सेप्सनबारे, 'कुनै पनि शब्द भावमा रूपान्तरण हुन्छ। अनि चेतनाले सम्प्रेषण गर्छ र सम्बन्धित ठाउँमा पुर्‍याउँछ। रिस छ भने दिमागमा, राग छ भने यौनाङ्गमा र अनुराग छ भने दिलमा।'

बाइस वर्षदेखि म विद्यार्थीलाई सिकाउन खोजिरहेको मनोविज्ञान सम्झिन्छु, Perception = Sensation + Meaning = पात्रको मनोविज्ञान मात्र होइन यस कथामा विकासात्मक मनोविज्ञानको पनि सुन्दर प्रस्तुति पढ्छ पाठकले कि मानिसको विकाश जन्मपूर्वबाट नै सुरु भैसकेको हुन्छ । व्याससँगको सम्भोगबाट जन्मिएका महाभारतका पात्रहरूको विकाशमा यही मनोविज्ञानिक यथार्थले नै त काम गरेको छ।

**सीमाहरू**

के समकालमा लेखिएका नेपाली कथाहरूमा कुनै कमजोरी छैनन् ? यी पाँच कथाहरू जस्तै के सबै कथाहरू राम्रा मात्र लेखिएका छन् ? प्रतियोगितामा आएका के यी पाँच कथाहरू मात्र उत्कृष्ट थिए ? प्रश्नहरू जन्मिनु अत्यन्त जायज र स्वाभाविक छ।

बहत्तर कथाहरू नेपाली समकालिन कथाहरूको शक्ति र सीमा पर्गेल्न सहयोग गर्ने ऐना हुन्। कतिपय कथामा सबै भेटिन्छ तर कथा भेटिन्न । कविता भेटिन्छ, निबन्ध भेटिन्छ, सस्मरण र समालोचना भेटिन्छ तर कथा भेटिन्न। कथामा अवश्य कविता, निबन्ध, सस्मरण, नियात्रा र समालोचना आउँछ । यसले कथालाई थप प्रभावकारी बनाउँछ। तर कथाको मेरुदण्ड कथानकको आविष्कार र मिहिन बुनाइप्रति संवेदनशील र सचेत नबनिकन लेखिने कथा कि अपवाद हुन्छ कि दुर्घटित हुन्छ। सत्य हो, प्रोज र न्यारेटिभ पोयट्रीमा समेत कथानक हुनसक्छ भने कथामा कथानक त छुट्ने सम्भावना बिरलकोटी घटना हो । मेरो अध्ययनले भन्छ, जसरी अविचार भन्नु पनि विचार हो, त्यसरी नै अकथा भन्नु पनि कथा नै हो।

कतिपय कथाहरू पढ्दा मेरो मनमा 'हर्न बाहेक सबै बज्ने बसको यात्रा' सम्झना हुन्छ । ढोका बज्छ, शिशाझ्यालहरू जोडले बज्छन्, चर्को न चर्को म्युजिक बज्छ तर हर्न बिग्रेको छ, बज्दैन । हर्न नबज्ने बस दुर्घटित हुने सम्भावना धेरै हुन्छ । यस्तो बसमा यात्रा गर्दा म भयको अनुभव गर्छु । लेखकले बोल्ने दर्शन र राजनीतिक विसङ्गतिका मुद्धा लेख हुनसक्लान्, कथा होइनन् । कथामा कुनै न कुनै रूपमा लेखक त आउँछ नै, तर सफल कथाकारले कथामा पात्रलाई स्वतन्त्रता दिन्छ, लगाम लगाउँदैन । लेखक हाबी हुनु कमजोर कथाकारिताको लक्षण हो ।

दोस्रो सीमा, सस्तो फिल्मी शैली नेपाली कथाको मूल समस्या नै हो । प्रतियोगी कथाहरूकै कुरा गर्दा पनि हरेक कथाकारलाई पाँच हजार शब्दमा पात्र र घटनाको राम्रो विकास गर्ने अवसर थियो । द्वन्द्व, सस्पेन्स र तनावलाई चित्रण गर्ने सुनौलो मौका थियो । तर कति कथामा पात्र र घटनाको विकाश नै नगरी कथाकारलाई आफ्नो कुरा भन्न हतार छ । कथाकारलाई आफूले जानेका सबै ज्ञानविज्ञान र दर्शनका कुरा भन्न हतार छ । भलै ती कथाका माग होइनन् । ससाना स्ट्रोकमा रियलिस्टिक कथा बुनेका रातो स्वेटर र कर्णालीको आँसु अत्यन्त सफल कथा हुँदाहुँदै पनि ती पुरस्कृत हुन सकेनन् । मनमा यो कुरा खड्किरहनेछ ।

कथा इतिहासको सपाट वर्णन होइन । तर कथामा इतिहास आउँछ । स्वैरकल्पना लेख्दा कथाकार स्वतन्त्र हुन सक्छ तर इतिहास लेख्दा तथ्यगत त्रुटिबाट कथाकार बच्नै पर्छ । जस्तैः पेलेलाई अर्जेन्टिनाको खेलाडी लेख्नु बिझाउँछ पाठकलाई ।

आम मानिसको जीवनकथा लेख्दा कथाकारले सुखद संयोगहरूको लस्कर लगायो भने मेरो मनमा कथाकारको समाजबोधप्रति संशय उत्पन्न हुन्छ । आम मानिसको जीवन सुखद संयोगहरूको शाब्दिक डकुमेन्ट्री होइन, सङ्घर्षहरूको फेहरिस्त हो ।

卐

कथा

# पहिचान



मन्दिरा मधुश्री *

एकदिन मैले एउटा फुटबल, पेलेले गोल हानेको पोस्टर र काँचो आँप किनेर ल्याएँ।

मैले झोलाबाट फूटबल निकालेर भुँडीपट्टि टिसर्ट भित्र फूटबल हालेँ। निलो रङको फिटिङ टिसर्टमा सजिलैसँग अडियो बल। छेउ छेउमा भने मुजा परेर बलमा लपक्क टाँसियो।

मेरो पेट पनि लिलीको भन्दा ठुलो पुटुस्स देखियो। आफैँलाई खित्का छुट्यो एकपटक त। संयम राख्दै भित्र छिरेँ। आमाले किचेनबाट नै मेरो कर्तुत देखेर मतिर आउँदै भन्नुभो,

"ए राजेश! हैन तँ बौलाइस् कि के हो हँ? के उट्पट्याङ हो तेरो यस्तो?"

आमाको पनि खित्का रोकिएन। मैले चोरी औँलो बन्द ओठमा राखेर "स्स्स्!" गर्दै चुप रहन इसारा गरेँ। आमा मुख छोपेर हाँस्न थाल्नुभो।

मेरो एक हातमा काँचो आँप थियो। अर्को हातले उक्सिएको पेट मुसार्दै बिस्तारै कोठामा छिरेँ। लिली झ्यालबाट छिरेको पारिलो घाममा ढाड सेकाएर सुतिरहेकी थिई।

"उहुँहुं..! ऐया आमा...! उफ्फ ..! मरेँ नि...!" नजिक पुगेँ म अभिनय गर्दै।

लिली एक्कासि तर्सेजस्तो गरी मेरो आवाजले। बिस्तारै जतनले उठी र मपट्टि फर्की।

पहिले त ऊ मरिमरी हाँसी मेरो उट्पट्याङ देखेर। बिस्तारै हाँसो रोकेर सिरियस बन्दै भनी "खुब मजाक छ है तिमीलाई त। तिमीहरू लोग्नेमान्छेले बोक्नुपर्थ्यो नि यो भुँडी। अनि थाहा पाउँथ्यौ कस्तो हुँदोरहेछ भनेर।"

"अनि यी बोकेको छु त मैले पनि।" आफ्नो उक्सिएको भुँडी देखाउँदै उसको नजिकै पुगेँ। उसले प्वाक्क पारी मुड्कीले मेरो भुँडीमा।

"ऐया...!" मैले दुखेको अभिनय गरेँ।

मैले आँप कच्याप्प टोकेर ट्वाक्क जिब्रो पड्काउँदै भनेँ, ! उम् क्या मिठो!

"वाउ! काँचो आँप! उसले मुख मिठ्याई र मेरो हातबाट आँप खोसी। पालैपालो टोक्यौँ हामीले।

"लिली! साँच्चिकै भनेको के। पेट बोक्ने र जन्माउने चैं मैले अनि दुध चुसाउने चैं तिमीले हुनुपर्ने नि है। अनि पो बाबु आमाको नै बराबरी अस्तित्त्व हुन्थ्यो त एउटा बच्चामा। म पनि मज्जाले खान पाउँथे सुत्केरीको मासुभात, ज्वानो र चाम्रे।" हाँस्दै उचालिएको आफ्नै भुँडी सुम्सुम्याउँदै भनेँ।

"खुबै हेर न फुर्ती लोग्नेमान्छे भएर पनि! अनि कहाँबाट जन्माउँथ्यौ नि बच्चालाई पेट बोक्नुपरेको भए? भाँडो हुनुपरेन उल्लु।" उसले पनि हाँसेरै ब्यङ्ग्य गरी।

ऊ स्नेहले उल्लु भन्छे यदाकदा। मलाई प्यारो लाग्छ उसको यो सम्बोधन।

" ह्या, नो टेन्सन यार! अप्रेसन जिन्दाबाद नि! यी यसरी चररर चिर्‍यो। बच्चा निकाल्यो।" हातले चिरेको एक्टिङ गर्दै अर्को हातमा फुत्त बल निकालेँ।

"ह्वायँ ..!" मुखले बच्चा रोएको आवाज निकाल्दै भनेँ- "लु लु रोयो! लेउ त। अब तिमी बोकेर दुध चुसाउ मेरो भकुन्डे बच्चालाई।" मैले उसको गोला पोटिला छातीमा लगेर टसाइदिएँ फुटबल।

"उहँ..! कतिथोक नखरा गर्नुपर्ने के। चुसाउनु नि आफ्नो बच्चालाई आफ्नै दुध " रिसाउँदै उसले

* भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित **राष्ट्रिय खुल्ला कथा प्रतियोगिता** २०८० का प्रोत्साहित कथाकार

फुटबल टिपेर हुत्याइदिई। कालो र सेतो चक्का चक्का जोडिएको फुटबल भित्तामा ठोकियो र गुल्टुङ खेल्दै लाग्यो ढोकातिर।

म फुटबल टिप्न निहुरेको बेला आमाले प्याट्ट पार्नुभो मेरो टाउकोमा । र, मुसुमुसु गर्दै बाहिर निस्कनुभो। म लाजमान्दै फुटबल लिएर फेरि लिली भए ठाउँमा गएँ।

"छ्या ! आमाले पनि सबै सुन्नुभो नि मैले बोलेको।" लिलीले सर्माएर जिब्रो टोकी ।

"खुच्चिङ ! खुब उडाएको होइन मलाई । कसरी जन्माउँछ्स् भन्दै।"

"अनि मलाई के थाहा त आमा पनि यहीँ हुनुहुन्छ भनेर।" दुलारु बन्दै भनी।

"ह्या छोड्देऊ अब । केही फरक पर्दैन । आमालाई चाहिँ थाहा नभएको हो र ? म पेटमा हुँदा बा आमाको क्रियाकलाप पनि यस्तै त थियो होला नि। कम थिए होलान् त बुढाबुढी चैं आफ्ना पालामा।" एउटा आँखा झिम्क्याउँदै भनेँ।

"तर, तिम्रा बा त त्यस्तो मजाक, रमाइलो गर्नेजस्तो नि लाग्दैन बाइ।" विश्वास हैन शङ्का गरी लिलीले।

"अनि, जतिखेर पनि गर्छन् त रमाइलो। ठाउँमा त गर्थे होलान् नि। थाहा छ! अहिलेका केटाभन्दा झन् खत्रा हुन्छन् इत्रिन त उहिलेका मान्छे। बुढाहरू मात्रै बसेको बेलाका गफ सुन्नुपर्छ, ओहो! बैंसका रसरङ्गका गफ गरेर पानी काढेर बसेका हुन्छन् पो त।"

"धत्! जे पायो त्यही।" उसले मलाई धकेल्दै भनी।

"हो के। मैले सुनेको छु कतिपटक। उनीहरूको कुरा सुन्दा म आफैँलाई त कस्तो भथ्यो।" मैले सत्य लुकाइनँ।

"कस्तो भाथ्यो नि ?" लिली आँखा उचाल्दै सोध्छे।

"कस्तो कस्तो नि ..!" म कुरा लुकाउँछु।

"अनि त्यस्तो पनि हुन्छ त कतै ?" लिली जिज्ञासु बन्छे।

"किन नहुनु नि। कानले सुन्छ तर खुसी हुने चैं अर्कै तन्तु हुन्छ।" मैले हाँस्दै भनेँ।

"एउटा शब्दमा पनि कत्रो ताकत है !" दार्शनिक बन्छे ऊ।

"हो त नि। कुनै पनि शब्द भावमा रूपान्तरण हुन्छ। अनि चेतनाले सम्प्रेषण गर्छ र सम्बन्धित ठाउँमा पुऱ्याउँछ। रिस छ भने दिमागमा। राग छ भने यौनाङ्गमा र अनुराग छ भने दिलमा।" ब्याख्या गरेँ मैले।

"कस्तो अचम्मको हुन्छ है हाम्रो चेतनास्तर पनि।" उसले पनि आफ्नो अनुभूति मिसाई।

"हो त! सबैभन्दा कुशल डाइरेक्टर नै त्यही त हो नि। हाम्रो चेतनास्तर। " मैले व्याख्या गरेँ।

अर्को एकदिन लिली मेरो काखमा टाउको राखेर पल्टिरहेकी थिई। म उसको केशराशी खेलाइरहेको थिएँ।

"थाहा छ राजेश ! पुरुषहरू बाबु बन्न लाग्दा उनीहरूमा पनि छुट्टै अनुभूति हुन्छ रे नि।" एक्कासि उसले मुखमा अनौठो चमक ल्याउँदै भनी।

"कस्तो नि ?" जिज्ञासु नजरले हेरेँ ।

"श्रीमती गर्भवती छे भने श्रीमान्लाई पनि आफैँ गर्भवती छु भन्ने महसुस हुन्छ रे ? हो त ? " मेरो अनुभूतिको माग गरेकी थिई उसले।

" अनि के लाग्यो त तिमीलाई ?" उसको नाक तान्दै भनेँ।

"हो जस्तै लाग्थ्यो तिमीले मेरो र बच्चाको केयर गरेको देख्दा। झन् यो आजको तिम्रो तमासा हेर्दा त ..! तर, अचम्म लागिरहेछ सुनेदेखि नै।"

"वास्तवमा यो हो जस्तै लाग्छ मलाई पनि। एउटा भिन्दै खालको सचेतता महसुस भैरहन्छ मभित्र पनि। दिमागमा, मनमा वा क्रियाकलापमा पनि लिली र पुन्टेकै ध्यान हुन्छ हरबखत।"

मैले लिलीको पेट मुसार्दै भनेँ। "हो न हो म आफैं गर्भवती छु। मेरो नै पेटमा हुर्कँदै छ हाम्रो अंश जस्तो लाग्छ ।" म लिलीको पेट सुम्सुम्याउँदै भन्छु।

"थाहा छ लिली! कहिलेकाहीँ त म आफैँ मख्ख पर्छु।

एक्लै हुँदा पनि यो पुन्टुसँग कुरा गर्छु । यसको कोमल शरीरमा मायालु स्पर्श गर्छु । यसको स्निग्ध अनुहारको कल्पना गर्छु । साना आँखाले मलाई कसरी हेरिरहन्छ होला । यसका कलिला औंला कति स्निग्ध र कोमल होलान् । मन्त्रमुग्ध भएर ढकमक्क फुलेको फूललाई हेर्छु र यो पुन्टेसँग तुलना गर्छु । कस्तो सम्मोहित बनाउँछ यार यसले मलाई ।

कस्तो अलौकिक आनन्दको अनुभूति हुँदोरहेछ सन्तान प्राप्तिमा । फूलको थुङ्गा जस्तै हलुको भएको लाग्छ शरीर । भुइँ कुहिरो जस्तै भुइँ छोडेर माथिमाथि उडिरको झैँ लाग्छ ।"

म एकाएक कतै हराउँछु । कलिला हातले मेरा गालामा छुन खोज्दै आफ्नो काखमा सानो छोरो खेलिरहेको झैँ लाग्छ । ऊ ठुलो भएर फुटबल किङ बनेर ह्याट्रिक गोल हानेको कल्पन्छु । अर्जेन्टिनाको लागि पेलेले वर्ल्ड कप जितेर कप उचालेर चुमिरहेको सम्झन्छु । पेलेको ठाउँमा आफ्नो छोरोलाई प्रतिस्थापन गरेर उभ्याउँछु । छोरो कप चुमिरहेको छ । मलगायत सारा विश्व खुसीले झुमिरहेको दृश्य आउँछ झल्झली । चुर्लुम्म डुब्छु आनन्दको अनुभूतिमा । मेरो आँखा छचल्किन्छ त्यो उदात्त खुसीमा ।

"हेइ के भो ? लिली मलाई झक्झकाउँछे र ट्वाल्ल परेर हेरिरहन्छे । हत्तपत्त आँखा पुच्छ्दै उसको अनुहार हेरेर मुस्कुराउछुँ । उसको गालामा प्याट्ट पार्दै भन्छु-"के हेरेकी नि त्यसरी ? बच्चाले पापा हेरे जस्तै !"

"साँच्चिकै अनौठो लाग्यो तिम्रो कुरा सुनेर त । यही कुरा कतै पढेकी थिएँ । पढ्दा हाँस उठेको थियो । वाहियात लागेको थियो । तर, अहिले तिमीमा आएको परिवर्तन, तिमीले मलाई गरेको केयर देखेर हो रहेछ लाग्छ । प्रमाणित गरिदिएका छौ तिमीले डियर ।" लिलीले मेरो गाला मुसार्दै भनी ।

उसले आफ्ना कोमल दुवै हत्केलाले मेरो अनुहार समाई । आफ्नो नजिक तानेर आँखा जुधाई । प्रेम भावले निधारमा र ओठमा च्वाक्क पारी । मैले पनि प्रतिउत्तर फर्काएँ । र, गालामा टाँसे उसको टाउकोलाई । स्वर्गीय आनन्दमा हरायौँ हामी ।
मैले उसका कोमल औंलाहरू खेलाइरहेँ ।

निकैबेर मौन संवाद भयो हाम्रो । सायद हामी दुवैको मन, ध्यान एकै ठाउँमा थियो । पेट भित्रको हाम्रो अंश बच्चामा ।

"बच्चा पेटमा हुँदा त तिमी यस्तो हुरुक्क हुन्छौ, झन् काखैमा राखेर हातैले खेलाउन पाउँदा कस्तो गर्छौ होला है ?"
मलाई अपलक हेर्दै सोधी ।

"म त यो पुन्टेलाई कङ्गारुले जस्तै च्यापिरहन्छु हरपल । खै निस्कनै आँटेन र पो ।" उसको पेटमा अङ्गालो मार्दै भनेँ ।

"तिमीले हतार गर्दैमा हुन्छ र ? बेला भएपछि त निस्किहाल्छ नि । फल पाकेपछि त झरिहाल्छ नि रूखबाट, उल्लु !" कुहिनाले मलाई घचेट्दै भनी ।

"अनि अर्को कुरा, पुन्टे नै हुन्छ भन्ने के ग्यारेन्टी छ मिस्टर ? पुन्टी रहिछ भने नि ?" ऊ झन् मेरो आँखै अगाडि आफ्नो आँखा ल्याएर भन्छे ।

"ह्या पुन्टे नै छ के । मेरो सपनाको हिरो । भविष्यको विश्व प्रसिद्ध फुटबल खेलाडी । देश र बाउ आमाको नाम रोशन गर्ने सपुत । सेतो मोती ।"

"अनि त्यति जाबो काम छोरीलेचाहिँ गर्न सक्दिन भनेको ? मौका नपाएर मात्रै हो उल्लु । मौका पाए विश्व हाँक्छन् के छोरीले पनि । म त छोरी नै पाइदिन्छु । लौ जा ! "
उसमा पनि महिला स्वाभिमान जाग्यो ।

"पासाङ ल्हामु, इन्दिरा गान्धी, मार्गरेट थ्याचर, पारिजात के यी सबै छोरा नै हुन् नि खुबै !" आँखा सन्काउँदै भनी ।

"जे भने नि मलाई त पुन्टे नै चाहिन्छ । यहाँ पुन्टे नै छ ।
"पुन्टु सुन्दै छौ नि हाम्रो डिस्कस् ? " उसको उक्सिएको पेटको नाइटोमा हात राख्दै भनेँ ।

म बेलाबेला लिलीको उक्सिएको भुँडी सुम्सुम्याउँथेँ ।

बच्चा चलेर कहिले कता खाल्टो पर्थ्यो कहिले कता। म त्यो हेर्थें र छुन्थें। कहिले खुट्टा, कहिले हात, कहिले टाउकोमा छोएजस्तो लाग्थ्यो।

कहिले कान थापेर एकछिन सुनिरहन्थें । कल्याङकुलुङ, कुचुचु के के आवाज सुनिन्थ्यो। पेट भित्रको पनि आफ्नै संसार हुँदोरहेछ।

मैले बच्चा बेलाको कुरा सम्झें। म कल्पना गर्थें। बच्चाको साथी पनि सँगै हुन्छ रे कसरी खेल्छन् होला है बच्चाले साथीसँग ? हामीले भाँडाकुटी खेलेजस्तै खेल्छन् होला त ?"

छ महिना टेकिसकेकोले बच्चा मज्जाले परेड खेल्न थालिसकेको थियो पेटको रङ्गशालामा। एकदिन कान थापेर सुनिरहेको थिएँ।

एक्कासि दाहिनेतिर एउटा डल्लो आयो । एकैछिनमा सुलुत्त अर्कोतिर गयो। फेरि मेरै कानमेर आयो उफ्रेजस्तो गरेर।

"ऊ हान्यो ! हान्यो...! गोल हान्यो पुन्टुले।" एक्कासि जुरुक्क टाउको उठाएर चिच्याउँदै भनें।

हामीले सुरुमै चेक गराउँदै सोधेको त थियौं बच्चाको लिङ्ग। तर, देशअनुसारको कानुन। भ्रुण छ महिना नपुगी लिङ्ग भन्न नमिल्दोरहेनछ।

केही महिनामा अकस्मात एउटा केक आयो हाम्रो ठेगानामा। पहिले त हामीले मुखामुख गर्‍यौं। कोही आफन्तले सेलिब्रेट गर्न पठाइदिएका होलान् ठान्यौं तर अस्पतालबाट पठाएको रहेछ। केकमा पेटमा हुर्कँदै गएको बच्चाको लिङ्ग र पहिचानसहित "बधाई" लेखिएको थियो।

केकको रङअनुसार छोराछोरीको पहिचान छुट्टयाइएको हुँदोरहेछ। निलो रङ छोराको प्रतीक। गुलाबी रङ छोरीको। केकले सङ्केत गर्दोरहेछ कि पेटमा के हुर्कँदै छ भनेर।

हामी नेपालबाट अस्ट्रेलिया गएको दुईवर्ष मात्रै त भएको थियो। त्यहाँको कानुन, चालचलन, रीतिरिवाज सबै बुझेकै थिएनौं राम्रोसँग।

केकमा देखिसके पछि जुँगामा ताउ लगाउदै भनें - "देख्यौ त पोक्ची ! कत्तिको पुग्यो त मैले भनेको कुरा। पुन्टे नै रैछ कि रहेनछ त ?"

"ल ल तिमी नै हनुमान, तिम्रै पुच्छर ठुलो। भो नि अब त।" लिली कायल भई।

काममा हुँदा पनि मन, मस्तिष्क, ध्यान छोरोमै हुन्थ्यो मेरो। कहिलेकाहीँ त सपनामा पनि आफू नै गर्भवती भएको देख्थें। जे पायो त्यही नखाएको, जिउको केयर गरेर बिस्तारै हिँडेको।

बेलाबेला अनौठो अनुभूति हुन्थ्यो । मनमा कुराहरू खेलेर चञ्चल भैहाल्थ्यो। आफ्नो सन्तानको त्यो कोमल स्पर्शको रोमाञ्चकता कस्तो होला लाग्थ्यो।

काम सकियो कि घरतिरै कुदिहाल्थें। बाहिरफेर एक्लै खान पनि मन नलाग्ने। साथीहरूसँगको साथ छुट्दै गयो। धेरै भन्दा धेरै समय लिली र उसको पेटमा हुर्किरहेको हाम्रो सन्तानसँगै बिताउन मन लाग्थ्यो।

मेरो खानपिन र रहनसहनमा पनि स्वतस्फूर्त परिवर्तन आयो। म पूर्णतः समवेदनशील बन्दै गएँ। मेरो गतिविधि देखेर एकदिन लिलीले भनी, "दोजिया भएको तिमी कि म हैं ?"
मैले हाँसेर जवाफ दिएँ "हामी दुवै नि।"

मेरो असामान्य क्रियाकलापमा लिली अलि बढी नै गम्भीर देखिई। कुनै फोबिया पो हो कि भन्ने शङ्काले आमासँग पनि कुरा गरिछे। मैले आमालाई मेरो बारेमा चिन्तित देखें।

आमालाई त हाँसेर उडाएँ तर लिलीलाई सकिनँ। म बारम्बार सम्झाउँथें "यस्तो अवस्थामा कुनै पनि कुराको चिन्ता फिटिक्कै गर्नुहुन्न।" तर, आफ्नोभन्दा बढी मेरो चिन्ता गर्थी ऊ। मायाको पराकाष्ठा होला सायद।

एकपटक त मनोचिकित्सकलाई नै घरमा बोलाएर सबैकुरा बताई। "यो कुनै फोबिया सोबिया केही होइन। बच्चासँग धेरै नै अट्याच भएको कारणले त्यस्तो अनुभूति भएको हो। यो स्वाभाविक हो।" हाँस्दै प्याट्ट भन्दिए चिकित्सकले। अहिलेसम्म यस्तो देखेकै थिइनँ डाक्टर बाबु नेपालमा त .!" आमाले अझै

विश्वास गर्नुभएन ।

"आमा ! नेपालको त्यो पनि तपाईंको पालाको त के कुरा गर्नु र । घरमा आफ्नो बच्चा जन्मने भएपछि कति कुराको आवश्यकता पर्छ । तर त्यो आवश्यकता पूरा गर्ने पैसा नै हुँदैनथ्यो । सुत्केरी उकास्ने के गरि हो ? न्वारान खर्च कहाँबाट ल्याउने ? यस्तै चिन्ताले खाइरहन्छ पुरुषलाई । कतिको त आयस्रोत पनि कम हुन्छ। कतिपयको त हुँदै हुँदैन ।"

पुरुषहरू काममा यति व्यस्त हुन्छन् कि आउन लागेको नयाँ पाहुनाको त ध्यानै हुन्न । "श्रीमतीले सन्तान जन्माइदिन्छे म बाउ बनिहाल्छु" भन्ने मात्रै बोध हुन्छ। तर आफ्नै बच्चालाई महसुस गर्दै बाँच्न नै जान्दैनन्।

परिवारको सोच पनि सङ्कीर्ण हुन्छ धेरैजसोको । बाबु-आमाको लाजले पति पत्नी पनि खुलेर घुम्न, कुरा गर्न पाउँदैनन् । साथमा बस्ने मौका नै पाएका हुँदैनन् कति त ।"

"त्यो त सही हो । बच्चा चार-पाँच वर्षको भएपछि मात्रै बल्ल बाउले छुन्थे बाबै हाम्रो पालामा त ।" आमा नोस्टाल्जिक हुनुभो ।

अनि त कसरी माया लाग्छ सन्तानको ? छुँदै नछोएपछि ? महसुस नै नगरेपछि ? "

"बच्चा अलिकति रोयो, झिँजो गर्यो मात्रै भने पनि बाउले टिपेर झटारो पो हान्थे त बाबु ! यसलाई त एकपटक टिपेर फ्यालेका ढोका छेउको सिलौटामा गएर बजारियो । धन्न बौरियो पो त । मलाई त हातमा आउलाजस्तो पनि लागेको थिएन ।" मलाई हेर्दै आँखा रसिला बनाउनुभो आमाले ।

"हो त्यही त आमा । अहिले त एउटा दुईवटा मात्रै बच्चा हुन्छन् । अनि गर्भमा बच्चा आएदेखि नै एकदम धेरै माया गर्छन् । धेरै एट्याचमेन्ट भएकोले नेपालमाभन्दा यता विदेशमाचाहिँ बढी हुन्छन् यस्ता बाउ ।" मलाई हेर्दै हाँसे डाक्टर ।

"अहिलेका त्यसमा पनि यताका चाहिँ सधैं सँगै हुन्छन् । अरू परिवार हुन्न । पुरुषले नै गर्भवतीको केयर गर्छन् । श्रीमतीलाई असाध्यै माया र सहानुभूति गर्छन् । त्यही भएर आफैँ गर्भवती छुभन्ने महसुस हुन थाल्छ बाउहरूलाई।"

आमा ट्वाल्ल परेर सुनिरहनु भयो डाक्टरको कुरा । उहाँलाई आफ्नो सातवटा सन्तान जन्माउँदा, हुर्काउँदाको याद आयो होला । सायदै बुबाले एकपटक पनि बोक्नु भएको थियो हामीलाई ।

देश अनुसारको भेष कपाल गुनाको केश । केही साथीहरू मिलेर बेबी सावर गर्ने भए । सम्पूर्ण सामग्रीहरू उनीहरूले नै लिएर आए । निला बेलुन फुलाएर टाँसे । नीलै झल्लर र निला फूलहरूले कोठा सजाए । केक पनि निलो थियो । हामीलाई पनि निलो लुगा किन्नु भनेका थिए पहिलेनै । उनीसरू सबैले पनि नीलै लगाएर आएका थिए ।

सबैले फरकफरक उपहार ल्याएका थिए । कम्तिमा दुई वर्षसम्मलाई पुग्ने बच्चाको सामान थिए ।

"हाम्रो पूर्वीय संस्कारमा सोह्र संस्कारभित्र तीनवटा संस्कार अन्तर्गर्भ संस्कार पर्दछन्। गर्भाधान, पुंसवन र सीमन्तोन्नयन संस्कार गर्नुपर्ने हो तर त्यति गरिँदैन। यदाकदा विद्वान् पण्डितहरूले मात्रै विधिपूर्वक गर्दैआएका छन् । नत्र धेरैलाई थाहै छैन । छैटौं-आठौं महिनामा गरिने सीमन्तोन्नयन संस्कार पश्चिमतिर बेबी सावरमा रूपान्तरण भएको रहेछ ।" आमाले भन्नुभो सबै देखेर ।

पानसमाथि तामाको दियो बालेर राख्नुभो आमाले । सबैले बच्चाको सुस्वास्थ र दीर्घायुको कामना गरे । आमाले संस्कृतका मङ्गल श्लोक पाठ गर्नुभो लिलीको गर्भलाई छोएर । उसको अनुहारको आभामा छुट्टै तेज देखिन्थ्यो ।

साथीहरू सबैले लिलीलाई टीका लगाइदिए । उसको गर्भको पूजा गरेर बच्चालाई आशीर्वाद दिए ।

"पश्चिमाहरूले पनि पूर्वीय संस्कार, संस्कृति र हिन्दु दर्शनको व्याख्या अनि अनुसरण गर्न थालेका छन् । सुनेको मात्रै थिएँ, प्रत्यक्ष देखेँ । खुसी लाग्यो विदेशी भूमिमा हिन्दु धर्मको उत्थान भएको देखेर ।" आमाले गदगद भएर भन्नुभो ।

साथीहरूले कार्यक्रम अझ रोचक बनाए। सबैले एउटा एउटा फुलेको बेलुन गन्जीभित्र घुसारे। हामी सबै लिलीजस्तै भुँडे देखियौँ। सबैजना गर्भवती भए एकैछिनमा। हाँसोको फोहोरा छुट्यो।

सबैले पोजपोजमा फोटो खिचाए। लिलीको स्पेसल फोटो सुट गरे। स्याम्पेन उडाए। वाइन खाए। डान्स गरे। कसैले प्रहसन देखाए। कसैले क्यारिकेचर गरे। भव्य उत्सव भयो ।

पूर्वीया र पश्चिमी संस्कारको फ्युजन भयो कार्यक्रममा। यो तरिका पनि ठिक लाग्यो मलाई। लिलीभन्दा बढी खुसी थिएँ म।

लिलीको महिना पुग्दै गयो। म काममा जान छोडिसकेको थिएँ। घरबाट गर्न सकिने दुईचार घण्टा काम त्यसपछि हरपल म लिलीसँग बिताउन थालेँ।

मैले पालैपालो बच्चालाई चाहिने सबै सामान किनेर राखेँ। कोक्रो, बाथ टब, वाकरलगायतका सम्झेजति सबै। नाम पनि सोचिसकेको थिएँ। स्पर्श। उपनाम "सेतो मोती।" याने कि फुटबल किङ। कालो मोती पेले, सेतो मोती स्पर्श ।

अब केवल बच्चा जन्मने प्रतीक्षा मात्रै थियो।

एकदिन लिलीलाई अलिक बिसन्चो भयो। मिति हेऱ्यौँ तोकिएको डेलिभरीको समय थियो त्यो। ढिला नगरी हामी हस्पिटल गयौं।

लाग्न छोडको हुँदोरहेछ सुत्केरी व्यथा। लिलीलाई व्यथाले घरिघरि च्याप्थ्यो। मलाई समाएर मुर्छा परुन्जेल रुन्थी, चिच्याउँथी। फेरि केहीबेर शान्त हुन्थी। ऊ रुँदा म पनि रोइदिन्थेँ सँगसँगै। आफैँलाई व्यथा लागेर दुखेजस्तै लाग्थ्यो मलाई।

लिलीलाई लेवर रुम लग्दा मेरो हात बेस्सरी समातेकी थिई। ढोकामा पुगुन्जेल पनि उसले छोड्दै छोडिन। म पनि ऊसँगै जाँदै थिएँ आमाले च्याप्प समाउनु भो मलाई ।

"कहाँ तँ भित्र जान लागेको नि ? हुन्न क्या ! केटा मान्छेले भित्र जान।"

एकापट्टि लिली अर्कातिर आमा। तानातानमा परेँ म। लिलीसँगको हात छुट्यो। मेरो आँखा पनि बर्सिरहेका थिए।

"कसले भन्यो भित्र जान हुँदैन भनेर ? उहाँले त झन् साथै बस्नुपर्छ । श्रीमानूले थाहा पाउनुपर्छ कि श्रीमतीको प्रसव पीडा कस्तो हुन्छ भनेर। आउनुस् खुरुक्क तपाईं पनि।" ढोकामा उभिएर बोलाई नेपाली नर्सले।

म आँखाको आँसु पुछ्दै छिरेँ ढोकाबाट र लिलीसँग गएर टासिएँ। हात समाएर चुमेँ। उसलाई पनि राहत भयो।

कति फरक रहेछ नेपाल र यहाँका मान्छेको सोच। नेपालमा श्रीमानूले पनि कतिखेर बच्चा जन्मेको खबर आउला भनेर बाहिर कुरिरहनुपर्छ। विदेशमा सुत्केरी व्यथा समेत साथसाथै महसुस गर्न सकिनेरहेछ।

सही लाग्यो यो तरिका मलाई पनि।

संसारको सबैभन्दा दुख्ने पीडा प्रसव पीडा भन्ने सुनेको मात्रै थिएँ। प्रत्यक्ष देखेँ। पुरुष हुँ मात्रै काल्पनिक अनुभूत बाहेक त्यो अलौकिक अनुभव त चाहेर पनि गर्न सक्दिनँ।

अन्तरात्माबाट गरिएको सच्चा अनुभूति पनि सत्यको नजिक हुँदोरहेछ। मलाई त्यो पीडा महसुस भैरहेको थियो।

उसले भोग्नुपरेको यो अवस्थाको कारण मै हुँ। यस्तो गाह्रो हुन्छ भन्ने थाहा पाएको भए कहिल्यै बच्चाको चाहना नै राख्ने थिइनँ। गाली गर्थें आफैँलाई।

धोएको मुला भन्थे सबैले लिलीलाई। गोरी, हेर्दै सुकुमार। हातले छुँदा पनि मैलो लाग्ला कि जस्तै। गुलाफको फूलजस्ती कोमल थिई मेरी लिली।

दस वर्षको प्रेम पछि हामीले बिहे गरेका थियौं। सबै डाहा गर्थे हाम्रो प्रेम देखेर। एक अर्कालाई ज्यान समर्पण गर्न पनि तयार थियौं। अन्ततः दुवै परिवारको राजीखुसीमा नै सप्पन्न भयो हाम्रो बिहे। बिहेपछि हामी अस्ट्रेलिया उडेका थियौँ सपनाको संसार बोकेर।

लिलीको छट्पटी र पीडाले चरक्क हुन्थ्यो मेरो छाती। सृष्टिकर्ताले पीडा किन एक्लै भोग्नुपर्ने बनाएको

होला ? मिल्नेभए उसको सबै पीडा म लिएर जन्माउथेँ बच्चालाई । एकाअर्कालाई पीडा पनि साट्न मिल्ने भए जीवन कति सजिलो हुन्थ्यो होला ।

म यस्तै सोच्दैथेँ मलाई अझै जोडले समाई उसले । एक्कासि एउटा अलौकिक आवाज मेरो कानमा ठोक्कियो "च्याहाँ ।"

संसारको अहिलेसम्मकै सबैभन्दा प्रिय आवाज थियो त्यो । आँखा चिम्लेर हृदयत अनुभूत गरेँ त्यो आवाजलाई ।

"ल बधाई छ तपाईंहरूलाई छोरा भएकोमा !" नर्सले भनिन् ।

अझै प्रिय लाग्यो च्याहाँ आवाज । मायाले चरक्क चर्कियो मेरो मुटु पनि । मनमनै भगवान्‌लाई धन्यवाद दिएँ । अब मेरो जीवनमा सम्पूर्ण कुराले पूर्णता पाएको थियो । लाग्यो, म संसारको सबैभन्दा सुखी र खुसी मान्छे हो ।

लिलीको छातीमा घोप्टो राखिदिएको बच्चोमा परे मेरा आँखा ।

एक्कासि म सल्याकसुलुक भएँ । टेकेको धर्ती भासिएजस्तो भयो । एउटा निरुत्तर बडेमानको प्रश्न तेर्सियो ।

"कसरी यस्तो भयो ??"

हजारौं प्रश्न र सम्भावित उत्तर तँछाड मछाड गर्दै आइरहेका थिए । सत्य न स्विकारौँ, आँखा अगाडि छ सबैकुरा । स्विकारौँ अपत्यारिलो छ ।

कति सान्त्वना दिँदा पनि अहँ मानेन मन ।

लिलीले त आँखा हेरेकै थिइन । दुवै हातले बच्चोलाई च्यापेकी थिई । हृदयको धड्कन एक थियो उसको र बच्चोको । ऊ मातृत्व सुखको आनन्दमा थिई । सन्तानको प्रहिलो स्पर्शको अनुभूत गर्दै थिई ।

पाँच मिनेट पछि नर्सले बच्चालाई टिपेर मेरो हातमा राखिदिई ।

"नो ! नो ‼ नो ‼!"

हृदयले नो मात्रै भनिरह्यो । यत्रोदिन देखिको बच्चा प्रतिको सम्मोहन कता भाग्यो कता । कत्रो उत्साह थियो बच्चाको । कहिले देख्नु भएको थियो । आफ्नो सन्तान स्पर्श गर्ने र छातीमा टाँस्ने उत्कण्ठा थियो । सबै पानीको फोकाजस्तै प्याट्ट भो मेरो । छोरो प्रतिको मोहभङ्ग अनि लिला प्रति घृणा ।

मेरा आँखाले मेरो कल्पनाको मोतीलाई हरि मुस्ले कालो देखे । हातमा भएको बच्चालाई छातीमा टाँस्नै सकिनँ । न अनुराग न स्नेह नै जाग्यो उसप्रति । मेरो एक्कासि हृदयको भँडास बाहिर निस्कियो ।

"लिली ! यस्तो कसरी भयो ? यो हुनै सक्दैन ।"

"नो.. ! नेभर !"

"के भयो र ?" लिलीले अत्तालिँदै आँखा खोलेर भनी । मैले लिलीलाई बच्चो देखाइदिएँ र आपराधिक दृष्टिले हेरेँ उसलाई । उसको निर्दोष हेराइ पनि छद्म लाग्यो ।

मेरो अनुहारको रङ र भावमुद्रा देखेर लिली पनि निरास देखिई । सन्तान स्पर्शले पाएको खुसी कता बिलायो कता उसको अनुहारबाट पनि । त्रसित आँखाले हेरेर धुँक धुँक रुन थाली ऊ ।

अहँ मलाई छोएन उसको रुवाइले । न त लिलीप्रति अनुराग जाग्यो । न त बच्चोप्रति माया नै । हतारहतार बच्चो नर्सको हातमा थमाइदिएर बाहिर निस्कैँ म फटाफट ।

स्वर्गजस्तो मेरो जीवनमा कालो रङको सुनामी पसेर उथलपुथल भयो ।

लिलीलाई मैले संसारमा सबैभन्दा धेरै माया गरेको थिएँ । प्राणभन्दा प्यारो थिई । आफन्त, परिवार सबै त्यागेर उसलाई रोजेको थिएँ । तर, आज उसैले मलाई लात मारिछे । मेरो सट्टामा अरू नै पो रोजिछे । हाम्रो मायाको उपहार सम्झेको छोरो पनि अर्कैको पो । मलाई कत्रो ठुलो भ्रममा राखिछे लिलीले । यस्तै कुराले छट्किरह्यो मन । ऊप्रतिको यत्रो वर्षको प्रेम, त्यो स्नेह, त्यो चाह, त्यो समर्पण ! कता हरायो कता एक निमेषमा अस्पतालको प्रक्रिया पुऱ्याएर घर आई लिली । हिन्दु संस्कारअनुसार केही गरिनँ । न छैठी न न्वारान । लिलीको गर्भमा हुँदै सोचेको छोराको नाम मेरो मनको

गर्भमै रह्यो ।

अहँ ! मैले माफ गर्दै गरिनँ लिलीलाई । एकछिन पनि उसलाई नछोइ बस्न नसक्ने म उसको छेउ नै परिनँ । आँखा खोल्दा र बन्द गर्दा पनि उसको मात्रै अनुहार आइरहोस् लाग्थ्यो । अब मलाई हेर्नै मन लागेन । पटक्कै सम्झनै मन लाग्न छोड्यो ।

अचम्म लाग्यो मलाई । माया कहाँ बस्दोरहेछ ? आँखामा, मनमा, मुटुमा या त मस्तिष्कमा ?

आमाले कति कोसिश गर्नुभो मलाई सम्झाउन र हार खानुभो । लिलीले पनि पटकपटक आफ्नो गल्ती नभएको स्पष्टीकरण दिइरही । हजारौं तर्क दिई । सधैं एउटै कुरामा तटस्थ रही । मबाहेक कसैलाई कल्पनामा पनि नछोएको बताई । अहँ ! मैले कसै गरे पनि मन बुझाउन सक्दै सकिनँ ।

उसले मैसँग मिलेको डिएन ए रिपोर्ट देखाई । मैले त्यो कागजी प्रमाणलाई पटक्कै सत्य मानिनँ ।

आमा सत्य हो भने बाबु विश्वास । ऊ सत्य थिई कि थिइन कुन्नि तर मैले बच्चो मेरै हो भन्ने विश्वास गर्नै सकिनँ ।

अब जीवनले अर्कै मोड लिइसकेको थियो । एकदिन म कठोर भएँ । मैले डिभोर्सको पेपर साइन गर्न भनेँ लिलीलाई । मेरो निर्णयले लिली जडवत् भई । आमाले एक झापड हान्नुभो मलाई । जीवनमा यो पहिलोपटक थियो आमाको रिस । लाचार हुनुभो उहाँ पनि । लिलीले पेपर साइन गरिन । मेरा हात, बात, लात सबै सही उसले तर सम्बन्ध जोगाउन नै खोजिरही ।

आमाको तेल भिसा सकियो । उदास मन लिएर उहाँ फर्कनुभो नेपाल । लिली असहाय र एक्लो भई । एउटै छानामुनि पनि हामी अपरिचित जस्तै थियौँ । एक्लै एक्लै रुन्थ्यौँ आफ्ना पीडा । मलाई भन्दा बच्चोले गर्दा उसलाई गाह्रो थियो । लाचार भएर अन्ततः उसले आफ्ना आमाबाबु झिकाई ।

उहाँहरूले मलाई सम्झाउँदा हुन्छ कि भन्ने उद्देश्य थियो उसको । तर व्यर्थ भयो । मेरो स्वाभिमान र अहम् झुकेन कुनै कुराले पनि । अन्ततः लिली बाबुआमासँगै नेपाल फर्की ।

म पनि केही दिनपछि नेपाल फर्किएँ । मेरो मनको कुहिरो केही गरे पनि हटेन । डिभोर्सको निवेदन दिएँ ।

मुद्दा दर्ता त भयो तर केस अचम्मको भनेर खैलाबैला भयो । बाबुसँग अनुहार वा रङ नमिलेर डिभोर्स चाहेको थियो । सायद पहिलोपटक यस्तो प्रकृतिको मुद्दा आएकोले सूक्ष्म अध्ययन गर्नुपर्ने भनियो ।

लिली र मलाई पालैपालो कठघरामा उभ्याएर बयान लिइयो । हाम्रो प्रथम भेटदेखि बच्चा जन्मेसम्मका थुप्रै कुरा सोधियो । मैले सबै इमानदारीपूर्वक बताएँ । लिलीले कति सही भनी ऊ नै जानोस् ।

पेसी तोकियो । बहस भयो । मुद्दाको सुनुवाइ भयो

अदालतले अन्य अनुसन्धानको रिपोर्ट पनि बुझायो ।

अस्ट्रेलियामा परीक्षण गरेको डिएनएको रिपोर्टमा जस्तै नेपालमा पनि छोरो मेरै देखायो ।

न्यायमूर्ति महिला थिइन् । उनले हामी दुवैसँग बन्द इजालासमा बयान लिने र त्यसपछि अन्तिम फैसला हुनेछ भनिन् ।

बन्द इजालासमा लिली र मलाई राखियो । “हुन त कानुन र अधिकार विपरीत हो तर बोल्नैपर्ने आवस्यकता महसुस भएकोले म केही बोल्न चाहन्छु ।“ न्यायमूर्तिले भनिन् ।

प्रत्येक व्यक्ति परिवारमा जन्मन्छ, हुर्कन्छ र एउटा उमेरमा पुगेपछि विपरीत लिङ्गप्रति आकर्षित हुन्छ । नजिक हुन्छ र शारीरिक समागम गर्दछ । फलतः नयाँ सन्तान जन्मिन्छन् ।

“मानिसको जन्म वा सृष्टिमा तीनवटा अस्तित्त्वले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । मनोवैज्ञानिक अस्तित्त्व, जैविक अस्तित्त्व र सामाजिक अस्तित्त्व ।

मनोवैज्ञानिक अस्तित्त्वको तथ्यअन्तर्गत अनुसन्धानले के पुष्टि गरेको छ भने समागमको बेला प्रत्यक्ष त दुई जना मात्रै हुन्छन् तर परोक्षमा त्यहाँ चारजना हुन्छन् ।

दुईजना दृश्य पात्र। दुईजना अदृश्य पात्र ।

समागमको बेलामा मान्छेले आफ्नो मन परेको व्यक्तिलाई आफ्नो पार्टनरमा रूपान्तरण गर्दछन् । अनि आफ्नो उत्कर्ष उसलाई सेयर गर्दछन्। यसबाट उनीहरूले अझै बढी सन्तुष्टि र आनन्द प्राप्त गर्छन्। त्यो उत्कर्षमा सम्झिएको व्यक्तिको पनि रूप, गुण, बनावट वा केही अंश बच्चामा पर्छ।

अर्को कुरो, कसैले त कुनै विशिष्ट व्यक्ति महापुरुषको रूप, गुण, व्यक्तित्वबाट प्रभावित भएर आफ्नो सन्तान पनि त्यस्तै होस् भनेर कामना गर्छन्। परिणामस्वरूप उसको केही अंश बच्चामा आउँछ।

पक्कै पनि यही सत्य घटित हुनुपर्छ तपाईंहरूमा पनि।" हामीलाई इङ्गित गरेर भनिन् उनले ।

अचम्मको तथ्य सुनेर होस उड्यो हाम्रो। यस्तो सत्यता त अनुमान पनि गरेको थिएन आजसम्म। हामीले मुखामुख गऱ्यौं। लिलीको रातो भयो अनुहार । म पनि सल्याकसुलुक भएँ। कुरीकुरी लाग्यो आफैंलाई।

न्यायमूर्तिले ढाडस दिइन् अनि भनिन् मनोवैज्ञानिक जस्तै अरू दुईवटा (सामाजिक र जैविक) अस्तित्त्वले पनि प्रभाव पारेको हुन्छ। सामाजिक अस्तिवमा समाजमा घटित सकारात्मक नकारात्मक क्रियाकलापले गर्भस्थ भ्रुणमा प्रत्यक्ष प्रभाव पार्छ। फलतः बुद्धि, विवेक, रङ र सामाजिक स्वरूप आउँछ भ्रुामा।

प्रल्हाद गर्भमा हुँदा ऋषि आश्रममा थिइन् उनकी आमा। ऋषिहरूको सामीप्यमा बसिन्। नारायणका कथा प्रवचन सुनेकी थिइन् । त्यो प्रवचनको प्रत्यक्ष प्रभाव पऱ्यो गर्भकोशिशुमा। फलतः आध्यात्मिक, नैतिकवान्, नारायण भक्त प्रह्लाद जन्मिए।

गर्भको शिशुमा जैविक अस्तित्त्वको प्रभाव पनि टड्कारो पर्छ। आमा बाबुको रूप-रङ स्वभाव पर्नु त स्वाभाविक हो। कहिलेकाहीँ इतिहास वा पूर्खाको प्रभाव पनि प्रत्यक्ष रूपमा आउन सक्छ। पुर्खाको प्रभाव जैविक रूपमा कुनै पुस्तामा लुकेको हुन्छ भने कयौँ पुस्ता पछि कुनैमा देखिने पनि हुन्छ।

अनुसन्धानले ५२ औं पुस्ता पछि पनि पुर्खाको जैविक प्रभाव आउँछ भनेको छ। विज्ञानले पनि पुष्टि गरेको छ यो कुरालाई।

तपाईंहरूको यो बच्चोमा पनि जैविक वा त सामाजिक अस्तित्त्वको साथै मनोवैज्ञानिक प्रभाव पनि परेको हुनुपर्छ।

न्यायमूर्तिको कुरा हामीले जडवत् भएर सुनिरिरह्यौँ।

"तपाईंहरू मेरो कथा सुन्नुहुन्छ। ठ्याक्कै तपाईंको जस्तै छ मेरो कथा पनि।" गम्भीर बनिन् उनी।

बिस्तारै भनिन् - "हो समागमको बेलाको कल्पनाले मात्रै होइन पेटमा गर्भ रहेको बेला गरिने क्रियाकलापले पनि प्रत्यक्ष प्रभाव पार्दछ। धेरै जसो जसको अनुहार देखिन्छ, जोसँग बढी नजिक भइन्छ उसको अनुहारको प्रभाव पर्दोरहेछ बच्चामा पनि।

मेरो पनि प्रह्लादकै जस्तो भएको थियो। मेरो घरमा घरायसी कामका लागि एउटा किशोर केटो राखेको थियौँ। अनाथ थियो। मसँग ज्यादै इयाम्मिन्थ्यो। आमाको न्यास्रो मेट्थ्यो। म गर्भवती हुँदा उसले नै सह्यार गरेको थियो दिलोज्यान लगाएर।

पछि मेरो छोराको अनुहार ठ्याक्कै बाबुसँग नमिलेर कताकता उसँग पनि मिलेको लाग्थ्यो। यो कुरा असामान्य भयो। यही कुरालाई लिएर मेरा श्रीमान्ले मसँग सम्बन्ध तोडे।

अनि मैले यो बारेमा अध्ययन गरेँ। मेरो छोराको अनुहार अलेली त्यो केटाको जस्तो र बनोट अनि रङ उसका जिजु कुप्रा हजुरबुबासँग धेरै मिलेको रहेछ। सामाजिक र जैविक दुवै प्रभाव परेको रहेछ मेरो छोरोमा।

न्यायमूर्ति गम्भीर थिइन्। उनका आँखा रसाइरहेका थिए।

न्यायमूर्तिले पहिले लिलीलाई आफ्नो अनुभूति सुनाउन भनिन्। ऊ बोलिन। पटकपटक मेरो मुखमा हेरिरही। सङ्कोच र डर दुवै थियो उसमा। केहीबेर पछि बिस्तारै बोली -

"हो मैले पनि यो कुरा सुनेकी थिएँ। मलाई

मेरो सन्तान कृष्ण जस्तै होस् भन्ने अभिलाषा थियो । त्यसैले हाम्रो समागमको बेला राजेशलाई श्रीकृष्णमा रूपान्तरण गरेकी थिएँ । जैविक रूपमा मसँग क्रियाकलाप गर्ने राजेश थियो तर अन्तर्आत्मामा भएको कृष्णसँग उत्कर्षमा पुगेकी थिएँ म । अङ्गालोमा राजेश थियो तर अनुभूतिमा कृष्ण । कृष्णमा समर्पित मलाई अलौकिक परमानन्द भएको थियो त्यसबेला ।

गर्भ रहेदेखि मेरो हरेक अर्चना, आराधना, उपासना र प्रार्थनामा कृष्ण थिए । कृष्ण जस्तै बच्चाको कामना गर्थें म हर्दम ।"

उसले बिना सङ्कोच भनी । लगभग त्यही उत्कर्षको अवस्थामा पुगेजस्तै भाव थियो अनुहारमा । प्रफुल्ल र शान्त थियो उसको मुख मुद्रा ।

त्यसपछि न्यायमूर्तिले मलाई आफ्नो कुरा राख्न अनुरोध गरिन् ।

हुन त लिलीले आफ्नो कुरा सुनाउँदा म पनि त्यही बेलाको अनुभूतिमा चुर्लुम्म थिएँ तर अलिक फरक थियो मेरोचाँही ।

मैले पनि बिस्तारै भनें -"यो सत्य हो । मैले पनि हाम्रो समागमको उत्कर्षको बेला मेरो सन्तान छोरो नै होस् र त्यो चर्चित फुटबल खेलाडी पेलेजस्तै होस् भन्ने कामना गरेको थिएँ । पटकपटक पेलेकै स्वरूप र चित्र आउँथ्यो मस्तिष्कमा । उसको ट्यालेन्ट र सिपको अपेक्षा गरेको थिएँ । उसको आत्मालाई सम्झेको थिएँ । उसैको उपासना गरेको थिएँ ।

सधैं पेलेको नै कुरा गरिरहन्थेँ । उसैको गेम हेर्थें । लिलीलाई पनि हेर्न लगाउथेँ । कोठाभरी टाँसेको पेलेको फोटो देखाएर "यस्तै छोरो पाइदेऊ है" भनेर हरपल भनिराख्थेँ ।

लिली श्याम वर्णको कृष्णको मूर्ति छुँदै भन्थी "कृष्ण जस्तै पाउने हो म त ।"

"जसको उपासना गऱ्यो उसको गुण मात्रै होइन रङ पनि बच्चोमा आउन सक्छ यो थाहा थिएन" मैले भनें ।

त्यतिमात्रै होइन यो बच्चोमा जैविक प्रभाव पनि परेको छ । पाँच पुस्ता अगाडिको तपाईंको जिजु बासँग सर्लक्कै मिलेको देखिएको छ छोराको अनुहार । ल हेर्नुस् अनुसन्धान रिपोर्ट।"

उनले जिजुबा र छोरोको दुईटा स्केच, फोटो र रिपोर्ट देखाइन् । फोटो मात्रै होइन स्केचमा पनि उस्तै थियो बनौट ।

लिली र मैले मुखामुख गऱ्यौं ।

"अब के गर्नुहुन्छ त यो सम्बन्धलाई ? " न्यायमूर्तिले गम्भीर भएर सोधिन् ।

मैले लिलीतिर हेरेँ र भनेँ "अब हामी सपरिवार नयाँ जीवन बाँच्नेछौँ । कि तिमी रिसायौ लिली ? रिसानी माफ होस है ।"

"नेभर... ! न त म तिमीलाई माफ गर्नसक्छु न नै तिमीसँगको सम्बन्ध नै जरुरी छ अब । तिम्रो बाटो अलग, मेरो बाटो अलग ।" एकाएक बिस्फोट भई लिली ।

"अहिलेसम्म मैले तिम्रो अत्याचार सहेको हाम्रो सम्बन्ध जोगाउन होइन राजेश ! छोरोले न्याय पाओस् र ऊ तिम्रै अंश हो भनेर प्रमाणित गराउन मात्रै थियो ।" आँसु पुच्छ्दै भनी लिलीले ।

"अनि ऊ मेरो पनि त छोरो हो नि लिली । हाम्रो छोरो । हाम्रो सपनाको मोती ।" डराउँदै छुन खोजेँ लिलीलाई ।

"नो ! डन्ट टच मी ! आजदेखि ऊ मात्रै मेरो छोरो हो ।" मेरो हात च्याप्प समाई र झट्कार्दै भनी,

"मेरो छोरोलाई हाम्रो सम्बन्धको सेतु बनाउने कोसिश नगर्नु कहिल्यै । अब त तिम्रो अस्तित्त्वको छाँया पनि पर्न दिनेछैन उसमा । अब म चिनाउने छु उसलाई विश्वमा । म राख्छु मेरो छोराको नाम । जतिसुकै कालो होस् मलाई केही फरक पर्दैन ।

ऊ कृष्ण हो !

सिर्फ मेरो कृष्ण !!

कृष्ण !!!

**विराटनगर–३, मोरङ**

卐

अनुभूति

# भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान र भावी कार्यदिशा



महेन्द्र पौड्याल *

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धति अङ्गीकार गरेसँगै संविधान र कानुनहरूमा सङ्घ, प्रदेश र स्थानीय सरकारका कार्यक्षेत्र र जिम्मेवारी तोकिएका छन् (नेपाल सरकार, २०७२)। संविधानको अनुसूची-८ मा स्थानीय तहको अधिकार सूची र स्थानीय सरकार सञ्चालन ऐन-२०७४ को स्थानीय तहको काम, कर्तव्य र अधिकार अन्तर्गत भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी कार्य स्पष्ट रूपमा उल्लेख गरिएको छ (नेपाल सरकार, २०७४)।

संविधान र कानुन प्रदत्त काम र कर्तव्य र अधिकारको अभ्यास गर्दै सबै स्थानीय तहहरूले स्थानीय सरकारको स्वरूप ग्रहण गरी कार्यसम्पादन गर्दै आएको सबैमा विदितै छ । नव गठित स्थानीय तहहरूले स्थानीय परिवेश र जनआकांशा अनुरूप विकास निर्माण र सुशासनलाई केन्द्रमा राखी कार्य गर्दै आएको अवस्था छ भने कतिपय अवस्थामा भौतिक पूर्वाधार विकासमा अत्याधिक जोड दिँदा सामाजिक सांस्कृतिक र मानवीय विकासका पक्षहरू ओझेलमा परेका प्रशस्तै दृष्टान्तहरू देख्न सकिन्छ। यसो हुनुको पछाडिका कारणहरू जेसुकै भएपनि मानवीय पक्षको विकास विनाको भौतिक विकासले सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माण गर्न सक्दैन भन्नेमा धेरैको मतैक्य रहेको पाइन्छ। मानवीय र सांस्कृतिक मूल्य मान्यता सहितको विकासका लागि शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र भाषा, संस्कृति एवं कला क्षेत्रको सन्तुलित र समावेशी विकास अपरिहार्य हुन्छ।

नेपालको मध्य भागमा अवस्थित भरतपुर महानगरपालिका सङ्घीयता पछिको कालमा विकासमा तीव्र गतिमा अगाडि बढेको सहरका रूपमा पहिचान बनाउन सफल भएको देखिन्छ । यो महानगर केवल भौगोलिक र भौतिक विकासका कारणले मात्र चर्चामा रहेको नभई नेपालका सबै क्षेत्र र जातजातिका मानिसहरूको मिश्रित बसोबासका कारण भाषिक, सांस्कृतिक दृष्टिले पनि विविधतायुक्त रहेको छ । २०७४ को स्थानीय तहको पहिलो निर्वाचनपछि नगरप्रमुख, उपप्रमुख लगायत नगरकार्यपालिका सहितको महानगरको नेतृत्वबाट परिलक्षित- "मध्य नेपालको सुन्दर सहर, सुसंस्कृत र समृद्ध महानगर" दूर दृष्टिले भौतिक र आर्थिक समृद्धिसँगै सांस्कृतिक र मानवीय मूल्य, मान्यता सहितको विकासबाट सुसंस्कृत बनाउने सङ्कल्प लिएको देखिन्छ। विगत ७ वर्षको अवधिमा महानगरको सडक पूर्वाधार लगायतका भौतिक विकासले जुन गति लिएको छ त्यो सर्वत्र चर्चाको विषय र दृष्टान्त बन्न पुगेको छ। यद्यपि कतिपय सन्दर्भमा भौतिक विकासका क्रममा वर्षायामको पानीको निकास, फोहोर व्यवस्थापनमा वातावरणीय र दिगो विकासका लक्ष्यहरूसँगको सन्तुलनलाई समेत उचित स्थान दिन पर्ने विषयमा सरोकारवालाबाट ध्यानाकर्षण र सल्लाह सुझाव दिनेकार्य हुँदै आएको र महानगरको नेतृत्वले त्यस्ता विषय गम्भीरतापूर्वक लिएको देखिन्छ। समग्रमा महानगरले भौतिका विकससँगै स्वास्थ्य, शिक्षा, कृषि, खेलकूद, पर्यटन लगायत क्षेत्रको सन्तुलित र समयसापेक्ष विकासबाट सामाजिक न्याय सहितको समृद्धि हासिल गर्ने लक्ष्यमा निरन्तर अगाडि बढेको देखिन्छ।

सुसंस्कृत समाज निर्माणका लागि भाषा, साहित्य, कला, संस्कृतिबाट निसृत मानवीय मूल्य, मान्यता र चेतनाले युक्त व्यक्ति र समाज आवश्यक

** भरतपुर महानगरका पूर्व शिक्षा निर्देशक पौडेल भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका पूर्व प्राज्ञसभा सदस्य हुन् ।*

हुन्छ। यसै पक्षलाई हृदयङ्गम गरी २०७८ सालमा भरतपुर महानगरपालिका शैक्षिक प्रशासन महाशाखाको पहलमा चितवन र खासगरी महानगरमा बसोबास गरी भाषा संस्कृति र प्राज्ञिक क्षेत्रमा क्रियाशील व्यक्तिहरूसँगको बैठक आयोजना गरी भरतपुर महानगरपालिकाले भाषा, साहित्य, संस्कृति र कलाको विकासका लागि अवलम्बन गर्नुपर्ने नीति र गर्न पर्ने कार्यका बारेमा परामर्श गरिएको थियो । उक्त भेलाले भाषा, साहित्य, संस्कृति र ललितकला क्षेत्रको समुचित विकासका लागि सुस्पष्ट नीति निर्माण गरी सोको कार्यान्वयनका लागि छुट्टै प्राज्ञिक संरचना निर्माण गरी अगाडि बढ्न उपयुक्त हुने राय सुझाएको थियो । भेलाको रायलाई शैक्षिक प्रशासन महाशाखा प्रमुखको हैसियतमा म र महानगरका साहित्यप्रेमी कर्मचारी मित्र बालकृष्ण थपलियाले महानगरको नेतृत्वलाई यस वियषलाई गम्भीरताका साथ राख्ने कार्य गर्‍यौँ । नगर प्रमुख रेनु दाहाल र उपप्रमुख पार्वती शाह ठकुरी दुवै जनाले महानगरले भाषा, साहित्य, संस्कृति र ललितकलाको संरक्षणका लागि सम्बन्धित क्षेत्रमा विशिष्ट योगदान गरेका भाषा संस्कृतिका ज्ञाता, साहित्यकार, कलाकार, समाजशास्त्रीहरू सम्मिलित छुट्टै निकाय गठन गरेर जिम्मेवारी प्रदान गर्नुका साथै आवश्यक स्रोत साधनको व्यवस्था गर्न उचित हुने हाम्रो प्रस्तावलाई अत्यन्त सकारात्मक रूपमा लिई प्रक्रिया अगाडि बढाउन स्वीकृति प्रदान गर्नु भयो । यस कुराले हामीलाईभन्दा बढी भाषा, संस्कृति र कला सहितयका क्षेत्रमा समर्पित र साहित्यिक संस्थामा क्रियाशील सम्पूर्ण व्यक्तित्वहरूमा खुसी र उत्साहको सञ्चार हुन पुगेको थियो । संयोगले उक्त समयमा प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी समेत मैले नै सम्हालेको हुँदा र म स्वयं भाषा विषयको विद्यार्थी र साहित्यानुरागी भएका कारण यस कार्यलाई जति सक्दो छिटो अगाडि बढाउन चाहन्थेँ । चितवनको साहित्यिक गतिविधि र सङ्घसंस्थामा सक्रिय कर्मचारी मित्र बालकृष्ण थपलियाको सक्रियता र प्राप्त जिम्मेवारी इमानदारिताका साथ निर्वाह गर्ने कार्यशैलीले यस कार्यमा निकै सहयोग पुगेको थियो । साथै हामीलाई यस बाहिरबाट यस कार्यमा घचघच्याउने र समयसमयमा आवश्यक सल्लाह र सहयोग गर्नु हुने आदरणीय चितवनका साहित्यकारहरू, भाषा, संस्कृति र ललितकला सम्बद्ध व्यक्तित्व तथा बौद्धिकहरूको सूची लामो हुने भएकाले यहाँ सबैको नाम उल्लेख गर्न नसकिए पनि केही प्रतिनिधिमूलक संस्था र व्यक्तित्वहरूमा चितवन साहित्य परिषद्, साहित्य सङ्गम चितवन, नारायणी कला मन्दिरलगायतका संस्था र साहित्यकारहरू इन्द्रप्रसाद रेग्मी, केदारनाथ खनाल, सुरेन्द्र अस्तफल, प्रकाश चापागाई, रणेन्द्र बराली, पोषराज पौडेल, भूपिन, शैक्षिक व्यक्तित्व रमाकान्त सापकोटा र तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रामवन्धु सुवेदी लगायतका व्यक्तित्वहरूको भूमिका विशेष सराहनीय रह्यो ।

यसरी भरतपुर महानगरमा भाषा-साहित्य, संस्कृति र ललितकलाको संरक्षण र संवर्धनका लागि संस्थागत संरचना निर्माण प्रक्रिया थालनी भएको थियो । तत्पश्चात विभिन्न चरणमा प्राज्ञिक व्यक्तित्व र क्रियाशील स्रष्टाहरू तथा बौद्धिक व्यक्तित्व र जनप्रतिनिधिहरूसँगको परामर्श समेतका आधारमा महानगर प्रज्ञा-प्रतिष्ठान गठन गरी प्राज्ञिक व्यक्तित्व मध्येबाट कार्यकारी अधिकार सहितको उपकुलपति नियुक्त गर्ने र उपकुलपतिको संयोजकत्वमा प्रज्ञा परिषद् तथा नगर प्रमुख एवं कुलपतिको अध्यक्षतामा प्रज्ञा सभा रहने गरी भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ऐन,२०७८ निर्माणको कार्य सम्पन्न भएको थियो । भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ऐन तर्जुमाका क्रममा यसको नाम, स्वरूप र स्वायत्तताका विषयमा विभिन्न मतहरू देखिनु स्वभाविक थियो । तर २०७८ मा दसौं नगर सभाबाट ऐन पारित भएसँगै ती विषयहरू स्वतः टुङ्गिएर गएको अवस्था छ । यसरी भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान गठनका सबै चरणका प्रक्रियालाई अत्यन्त सकारात्मक रूपमा लिई प्रज्ञा-प्रतिष्ठानसम्बन्धी कानुन समयमै निर्माण गर्न र गठन कार्यलाई पूर्णता प्रदान गरी प्रतिष्ठानका गतिविधि अगाडि बढाउन

नगर प्रमुख रेनु दाहाल र नगर उपप्रमुख चित्रसेन अधिकारीले खेल्नु भएको अभिभावकीय भूमिका प्रसंशा योग्य रहँदैआएको छ । प्रमुख प्रशासकीय अधिकृत रामबन्धु सुवेदी र नरेन्द्रकुमार रानाको भूमिका प्रज्ञा-प्रतिष्ठानको क्रियाशिलताका लागि ज्यादै सकारात्मक रह्यो । फलतः भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ऐन २०७८ बमोजिम सोही वर्ष भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान गठन भई प्रज्ञासभा र प्रज्ञापरिषद्ले भाषा-साहित्य, संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी विभिन्न कार्यहरू गर्दै आएको छ । जसमा विभिन्न विधाका स्थानीय तथा राष्ट्रिय स्तरका प्रतियोगिता, स्रष्टा सम्मान, पुस्तक प्रकाशनका लागि पाण्डुलिपि प्रोत्साहन, प्रतिष्ठित साहित्यकारका नाममा विविध विधाका पुरस्कार स्थापना, नारी साहित्यकार हरूको मात्रै सहभागिता रहने गरी वागीश्वरी प्रज्ञा पुरस्कार, बहुविधामा गरिएका खोज अनुसन्धानलाई समेटेर वार्षिक रूपमा अन्तर्राष्ट्रिय स्तरको भरतपुर प्रज्ञा जर्नल र प्रज्ञा प्रतिष्ठानको मुखपत्रको रूपमा महानगर साहित्य दर्पण प्रकाशनले समेत नियमितता पाउनु ज्यादै सुखद कुरा हो । चितवनका सबै पालिकाहरूका साहित्यकार तथा प्रतिष्ठित कलाकारहरूलाई समेटी वाङ्मय कोश प्रकाशन गर्न प्रज्ञाप्रतिष्ठानले लिएको तत्परता र देखाएको प्रतिबद्धता सराहनीय छ।

यति हुँदाहुदै पनि महानगर प्रज्ञाप्रतिष्ठानले हाल गर्दै आएका कार्यहरूमा नेपाली साहित्यको उत्थान र विकाससँग सम्बन्धित कार्यक्रमहरूलाई स्थान बढी दिइएको र नेपाली बाहेकका अन्य भाषा-संस्कृति, सङ्गीत तथा नाट्यकला र ललितकलाका विभिन्न विधाको संरक्षण र विकासमा सन्तुलित ढङ्गले अगाडि बढ्न नसकेको भन्ने आवाज पनि त्यत्तिकै सशक्त रूपमा सुनिने गरेको छ । महानगर प्रज्ञा-प्रतिष्ठानले यस्ता आवाज र गुनासाहरूलाई गम्भीरतापूर्वक मनन गर्नुपर्ने देखिन्छ । प्रज्ञाप्रतिष्ठानका हालसम्मका गतिविधि र कार्यक्रमहरूलाई हेर्दा यसले मूलतः नेपाली भाषा-साहित्य सम्बन्धी कार्यमा बढी केन्द्रित गरेको देखिन्छ। जस्तो- राष्ट्रिय स्तरको कविता, कथा, निबन्ध प्रतियोगिता, स्रष्टा सम्मान, राष्ट्रियस्तरका व्यक्तित्वका नाममा पुरस्कार स्थापना आदिमा बढी केन्द्रित भएको र स्थानीय भाषा साहित्य र सङ्गीत तथा ललितकलाका विभिन्न विधासँग सम्बन्धित कार्यक्रमहरू छिटफुट वा ज्यादै न्यून हुने गरेको देखिन्छ। महानगर प्रज्ञाप्रतिष्ठानले यस विषयमा समयमै ध्यान दिई सबै क्षेत्रको सन्तुलन हुने गरी समन्यायिक अनुभूति दिलाउन नसकेमा यसको स्थापनाको औचित्य माथि प्रश्न उठ्न सक्ने अवस्था नआउला भन्न सकिन्न। स्थानीय तहले सङ्घमा जस्तो नेपाल प्रज्ञा प्रतिष्ठान, ललितकला प्रतिष्ठान र सङ्गीत तथा नाट्यकला प्रतिष्ठान जस्ता अलग-अलग क्षेत्रका लागि छुट्टाछुट्टै प्रतिष्ठान गठन गर्न प्रशासनिक र आर्थिक बोझ र कार्य क्षेत्रका दृष्टिले पनि उपयुक्त नहुने भएकाले ती सबै क्षेत्रको सन्तुलित विकासको जिम्मेवारी प्रदान गर्ने गरी भरतपुर प्रज्ञा-प्रतिष्ठान गठनको परिकल्पना गरेको यथार्थलाई प्रतिष्ठानले आत्मसाथ गर्न सक्नु पर्दछ। यदि त्यसो गर्न सकिएन र स्थानीय तहका प्रतिष्ठानहरूले पनि आफूलाई केन्द्रिय तहकै प्रज्ञा प्रतिष्ठन सरह सोचेर कार्य गर्ने हो भने स्थानीय तहको भूगोल भित्रका स्थानीय भाषा, साहित्य, संस्कृति र कलाको संरक्षण र उत्थानका विषय फेरि पनि ओझेलमा पर्ने देखिन्छ र उपलब्धि भन्दा पनि देशैभरि प्रज्ञाप्रतिष्ठानका पदाधिकारीको सङ्ख्यात्मक वृद्धिमा सिमित हुने अवस्था नआउला भन्न सकिन्न । तसर्थ भरतपुर प्रज्ञाप्रतिष्ठानले आफ्नो कार्यक्षेत्र र यहाँको थारु, दराई, बोटे लगायतका विभिन्न रैथाने भाषा संस्कृति र मौलिक कलाको उत्थानका साथै विद्यालय तथा समुदाय तहमा रहेका प्रतिभा तथा ओझेलमा परेका स्रष्टालाई उत्प्रेरणा एवं प्रोत्साहनका कार्यहरूमा केन्द्रित हुनपर्ने देखिन्छ। अझ भनौं केन्द्रीय स्तरका प्रज्ञाप्रतिष्ठानहरूले देख्न र पुग्न नसकेका र केन्द्रका कार्यक्रमले छुन नसकेका वर्ग र समुदायमा पुग्न सक्नु पर्दछ। यसो भएमा मात्र केन्द्रीय र स्थानीय प्रज्ञा प्रतिष्ठानका कार्यक्षेत्र छुट्टिनुका साथै यो प्रतिष्ठान सबै भरतपुरबासीको प्रज्ञा-प्रतिष्ठान हुनेछ र भरतपुर महानगर

प्रज्ञा-प्रतिष्ठान गठनको औचित्य पनि पुष्टि हुनेछ । तसर्थ यस विषयमा भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानले विगत दुई वर्षका कार्यको गम्भीर समीक्षा गरी अगाडि बढोस भन्ने हाम्रो शुभेच्छा छ।

अन्त्यमा, अहिले देशभरिको समग्र अवस्थालाई नियाल्दा केन्द्रका परम्परागत प्रज्ञा-प्रतिष्ठानका अतिरिक्त धेरै स्थानीय तहमा प्रज्ञा प्रतिष्ठान र कुलपति वा उपकुलपति नियुक्तिको लहर चलेको देखिन्छ। कतिपय अवस्थामा केन्द्रीय प्रज्ञा-प्रतिष्ठानको नाम र पदसँगै सोच, प्रथमिकता र कार्यशैली पनि केन्द्रकै अनुकरण गर्न खोजिएको हो की भन्ने आभाष समेत हुन थालेको छ । तसर्थ आगामी दिनमा भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानको आगामी कार्यदिशा निर्धारणमा देहायका विषयमा ध्यान पुऱ्याउन जरुरी देखिन्छः

१. प्रज्ञा प्रतिष्ठानका नीति तथा कार्यक्रम तथा स्रोतसाधन बाँडफाँटमा भाषा-संस्कृति, साहित्य, सङ्गीत तथा नाट्यकला र ललितकला क्षेत्रलाई समान महत्त्व र प्रथमिकता दिने;
२. स्थानीय भाषा, संस्कृति र कलाको संरक्षण, उत्थानमा लक्षित कार्यक्रमलाई प्राथमिकता दिने;
३. समुदाय र विद्यालय तहबाटै प्रतिभा पहिचान र प्रोत्साहनको नीति लिई कार्यक्रम सञ्चालन गर्ने;
४. प्रज्ञा सभा र परिषद्मा स्थानीय भाषा, संस्कृति, कला र साहित्यका जानकार ओझेलमा परेका सर्वसाधारणको प्रतिनिधित्व सुनिश्चित गर्ने;
५. प्रतिष्ठानमा भाषा साहित्य, संस्कृति, सङ्गीत तथा नाट्यकला र ललितकला क्षेत्रका व्यक्तिहरूको समानुपातिक तथा सन्तुलित प्रतिनिधित्व हुने व्यवस्था मिलाउने ।

महानगरको नेतृत्व र प्रज्ञा परिषद्ले यी विषयहरूलाई मनन गरी प्रज्ञा-प्रतिष्ठानलाई अगाडि बढाउन सकेमा भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानले भरतपुर महानगरका भाषा-साहित्य, संस्कृति, सङ्गीत र कला क्षेत्रको संरक्षण र संवर्धनमा महत्त्वपूर्ण योगदान दिन सक्नेछ र साँच्चै सुसंस्कृत, सभ्य र समृद्ध महानगर निर्माणको परिकल्पना साकार हुनेछ।

**सन्दर्भ-ग्रन्थ**

१. नेपाल सरकार (२०७२)। नेपालको संविधान। काठमाण्डौः कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय।
२. नेपाल सरकार (२०७४) । स्थानीय सरकार सञ्चालन ऐन। काठमाण्डौः कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय।
३. भरतपुर महानगरपालिका(२०७८) । भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान ऐन । भरतपुरः भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय।

卐

उत्खनन

# भरतपुर महानगर भित्रका सालिकहरू



मुक्तिनाथ घिमिरे *

**सारांशः**

सालिक खडा गर्नु भनेको सम्बन्धित व्यक्तिका कामको उच्च सम्मान गर्नु हो । यस अध्ययनमा भरतपुर महानगरपालिका भित्र १३ ओटा वडामा रहेका सालिकहरूको सामान्य जानकारी दिइएको छ भने तीमध्ये ११ शीर्षक समेटेर त्यहाँका सालिकहरूको छोटो विवरण दिइएको छ। संस्कृत साहित्यका कवि, नेपाली साहित्यका कविद्वय, प्रतिनिधिमूलक प्रतिमाहरू, समाजसेवी, शिक्षाप्रेमी, दानवीर तथा राजनीतिज्ञहरू समेटेर छोटो विवरण दिइएको छ। विभिन्न व्यक्तिका मूलभूत विषयवस्तु छुट्याएर ती सबैलाई समान महत्त्व दिइएको छ।

**विषय प्रवेशः**

सालिक भनेको ऐतिहासिक एवम् पूरातात्त्विक महत्त्वको वस्तु हो । कुनै ठाउँमा जसको सालिक स्थापना गरिन्छ त्यसका पछाडि उसको ठुलो पृष्ठभूमि रहेको हुन्छ । राजनीतिक, सामाजिक, शैक्षिक, आर्थिक, साहित्यिक, भाषिक, स्वास्थ्य जस्ता कुनै न कुनै क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिको मात्र सालिक स्थापना गरिन्छ। सालिक खडा गरिएको व्यक्तिले सामाजिक प्रतिष्ठा बोकेको हुनुपर्दछ । यस अध्ययनमा भरतपुर महानगरपालिका भित्र स्थापना गरिएका सालिकहरूमध्ये जानकारी पाएसम्मका सबै जसो सालिकको प्रारम्भिक सर्वेक्षण गरिएको छ। सो कार्य अनुसार निम्न ठेगानामा निम्न व्यक्तिहरूको सालिक भएको अभिलेख उतार्ने काम भएको छ। सम्बन्धित ठाउँमा सम्पर्क गराइदिने र स्रोत पत्ता लगाइदिने काममा भरतपुर प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव बालकृष्ण थपलियाज्यूको महत्त्वपूर्ण भूमिका रहेको छ। त्यसै गरी सामग्री सङ्कलन गर्ने काममा सन्देशराज वाग्लेज्यू भरतपुर १० र शाश्वत अधिकारीज्यू भरतपुर ८ को ठुलो योगदान रहेको छ। उहाँहरू सबै जना धन्यवादका पात्र हुनुहुन्छ।

**भरतपुर क्षेत्रभित्र रहेका सालिकहरूः**

**भरतपुर महानगर वडा नं.१**

देवघाटमा लेखनाथ पौडेल, रङ्गनाथ पौडेल, वाल्मीकि, वेदव्यास, सप्तऋषि, गौरेश्वर मन्दिरमुनि र रामनगरमा लखन थापा, भानु मा.वि.मा भानुभक्त आचार्य, आँपटारीमा बलभद्र कुँवर, पुष्पलाल स्मृति प्रतिष्ठानमा पुष्पलाल श्रेष्ठ

**वडा नं. २**

रामेश्वर पुस्तकालयमा सु. टेकबहादुर गुरुङ, बालकुमारी कन्या मा.वि., मुखिया लालकुमार श्रेष्ठ

**वडा नं. ३**

बी.पी. शान्तिनगरमा बी.पी. कोइराला

**वडा नं. ६**

देवनगर हवेली देवनजीका पिता ... ... ...

**वडा नं. ७**

बी.पी. केइराला क्यान्सर अस्पतालमा बी.पी. कोइराला, प्रेमबस्ती मा.वि.मा दानवीर चन्द्रध्वज खाँड, माओवादी कार्यालयमा जनयुद्धका प्रतीक, वाल्मीकि शिक्षासदनमा वाल्मीकि ऋषि

**वडा नं. १०**

चौबिसकोठीमा राजा महेन्द्रको थियो तर २०६२/०६३ को जनआन्दोलनमा हटाइएको । सप्तगण्डकी क्याम्पसमा कृष्णकुमारी गुरुङ र शहीदहरू, वीरेन्द्र क्याम्पसमा लक्ष्मीप्रसाद देवकोटा, भरतपुर अस्पतालमा नमुना आमा र शिशु, आँखा अस्पतालमा रामप्रसाद पोखरेल (आँखा बा), जिल्ला समन्वय समितिको परिसरमा किसान, नेकपा एमाले पार्टी कार्यालय मदन/आश्रित, पिङ्की लामाको घरमा विकु लामा

**वडा नं. १२**

राधाकृष्ण मन्दिर नजिकै ... ... गौली

**वडा नं. १४.**

राधापुरमा लक्ष्मीप्रसाद देवकोटा

**वडा नं. १५**

* *निवृत्त मा.वि. प्रधानाध्यापक तथा भाषा आयोगका विषयविज्ञ*

नेपाली काङ्ग्रेस क्षेत्रीय कार्यालय फूलबारीमा बी.पी. र गणेशमान सिंह, मङ्गलपुर गोपालचोकमा शिवराम तिमिल्सिना, रामपुर क्याम्पसमा मित्रमणि आचार्य

**वडा नं.** १७

गाँजीपुरमा मदन भण्डारी

**वडा नं.** १८

वडा कार्यालयमा बी.पी. कोइराला

**वडा नं.** १९

बखान सहकारीमा बखानसिंह गुरुङ

**वडा नं.** २२

खेलाडी जीवन महत्तो

**वडा नं.** २९

दासढुङ्गामा मदन भण्डारी र जीवराज आश्रित

चौकीडाँडामा जुगेडीकाण्डका सन्तबहादुर चेपाङ र ..... चेपाङ

चौकीडाँडा विद्यालयमा ... ... चेपाङ

सालिक बनाउने कार्यक्रम

**वडा नं.** १

वागीश्वरीमा योगी नरहरिनाथको र वडा नं २७ र २८ मेघौलीमा कृष्णबम मल्लको निर्माणाधीन रहेको बुझिएको।

हाल नमुनाका लागि केही सालिकहरूको सामान्य विवरण मात्र उतार्ने काम गरिएको छ। परिश्रम, समय, साधन, स्रोत र अर्थले भ्याएसम्म सालिकको अभिलेखीकरण गरिएको छ। कुनै व्यक्ति वा सङ्घसंस्थामार्फत् नभई विशुद्ध सेवाका दृष्टिले एकल प्रयासबाट यो काम भएको छ।

यो पहिलो चरणको काम हो । समय र स्वास्थ्यले साथ दिएमा दोस्रोचरणमा माथि उल्लेख गरिएका सबै सालिकको विस्तृत रूपमा अभिलेखीकरण गर्ने वाचा गर्दै सुझावको अपेक्षा पनि गर्दछु। साथै माथि उल्लेख गरिएका सालिकका नाम र ठेगानामा ... ... (थोप्ला) भएका ठाउँमा परिपूर्ति गराउने, भुलचुक भएको भए र अन्यत्र कुनै ठाउँमा स्थापित सालिकहरू भएमा तलका नं.मा त्यसको जानकारी समेत दिनुहुन लेखक मो.नं. ९८६२४४८१९० र बालकृष्ण थपलिया मो.नं. ९८४५०५११२७ मा सम्पर्क गर्नुहुन हार्दिक अनुरोध गर्दछु।

**सालिकको विवरण**:

यस अध्ययनमा निम्न सालिकहरूलाई नमुनाका रूपमा लिएर तिनको छोटो विवरण प्रस्तुत गरिएको छ । सालिक स्थापना मितिका आधारमा तिनको क्रम मिलाइएको छ।

१. वीरेन्द्र ब.मु. क्याम्पसमा लक्ष्मीप्रसाद देवकोटा (नेपाली साहित्यका महाकवि)
भरतपुर महानगरपालिका वडा नं. १० मा अवस्थित वीरेन्द्र बहुमुखी क्याम्पस परिसरमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको अर्धकदको सालिक छ। मितिः २०५० साल पौष १२ गते वीरेन्द्र बहुमुखी क्याम्पस नेपाल प्रध्यापक सङ्घबाट त्यो सालिक स्थापना गरिएको हो।

२. आदिकवि भानुभक्त मा.वि.मा भानुभक्त आचार्य (नेपाली साहित्यका आदिकवि)
भरतपुर महानगर पालिका वडा नं.१, नारायणगढमा अवस्थित श्री आदिकवि भानुभक्त माध्यमिक विद्यालयको प्राङ्गणमा आदिकवि भानुभक्त आचार्यको हातमा रामायणको पुस्तक लिएका अवस्थाको अर्धकदको सालिक स्थापना गरिएको छ । त्यो सालिक चितवन साहित्य परिषद्ले विद्यालयको रजत जयन्तीको अवसर पारी २०५३।११।२९मा प्रदान गरेको हो।

३. रामेश्वर पुस्तकालयमा सु. टेकबहादुर गुरुङ (शिक्षाप्रेमी एवम् समाजसेवी)
भरतपुर महानगरपालिका वडा नं.२, क्षेत्रपुरमा अवस्थित रामेश्वर पुस्तकालय परिसरमा शिक्षाप्रेमी, समाजसेवी एवम् विकासप्रेमी सु. टेकबहादुर गुरुङको अर्धकदको सालिक स्थापित छ । २०६४।०७।०८ गतेका दिन उक्त सालिक स्थापना गरिएको हो।

४. क्यान्सर रोगकै कारणले मृत्युवरण गर्नुभएका बी.पी.कोइराला (राजनीतिक व्यक्तित्व) को नाममा स्थापित बी.पी. मेमोरियल क्यान्सर अस्पताल स्थापना भएको हो।
भरतपुर महानगरपालिका वडा नं. ७ मा अवस्थित बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल परिसरमा बी.पी. कोइरालाको अर्धकदको (ढलोटको) सालिक स्थापना गरिएको छ। उक्त सालिक २०६५।०६।१० का दिन स्थापना गरिएको हो।

५. माओवादी कार्यालयको स्मारक (प्रतिनिधिमूलक लडाकु प्रतिमा) भ.म.न.पा. वडा नं.४ मा

अवस्थित ने.क.पा.माओवादी (केन्द्र) को पार्टी कार्यालय परिसरमा एउटा अग्लो स्तम्भ राखिएको छ। त्यस स्तम्भमाथि एक जना काल्पनिक लडाकु महिलाको प्रतीक खडा गरिएको छ। महिलाको पिठ्यूँमा एक बालक बोकेको अवस्था छ। देब्रेहातमा बन्दुक लिएर दाहिने हातले भित्तामा आड लिदै पहाड चढ्दै गरेको अवस्था देखिन्छ। वि.सं. २०६७ कार्तिक १८ गते त्यसको स्थापना गरिएको हो।

६. सप्तगण्डकी क्याम्पसमा शहीद प्रतिमा (जनयुद्धका योद्धाहरू)
भरतपुर महानगरपालिका वडा नं. १० मा अवस्थित सप्तगण्डकी क्याम्पस परिसरमा १० जना शहीदहरूको सामूहिक सालिक स्थापना गरिएको छ। त्यहाँ सुभाष पण्डित, हरिकला पौडेल, खगेन्द्र पौडेल, शारदा श्रेष्ठ, विकास अधिकारी, किरण पौडेल, ऋषि रेग्मी, ज्ञानु खरेल, प्रकाश सुवेदी, शिवहरि तिमिल्सिनाको आकृतियुक्त प्रतिमा स्थापना गरिएको छ। यसको २०६७ माघ १६ गतेका दिन स्थापना गरिएको हो।

७. एमालेको कार्यालयमा मदनआश्रित (राजनीतिक व्यक्तित्व द्वय)
भरतपुर महानगरपालिका वडा नं. १० मा अवस्थित नेकपा एमालेको पार्टी कार्यालय परिसरमा मदनकुमार भण्डारी र जीवराज आश्रितको संयुक्त रूपमा अर्धकदका दुई सालिक खडा गरिएका छन्। २०६८ साल असोज १६ गतेका दिन ती सालिक स्थापना गरिएका हुन्।

८. भरतपुर अस्पतालमा आमा (प्रतिनिधिमूलक प्रतिमा)
भरतपुर महानगरपालिका वडा नं. १० भरतपुर अस्पताल परिसरमा पूर्णकदको एउटा काल्पनिक सालिक छ। त्यहाँ अग्लो स्तम्भमाथि आमा पलैँटी कसेर बसेको अवस्थामा छन्। भर्खर जन्मेको नवजात शिशु आमाको काखमा दुध चुस्दै गरेको अवस्थामा छ। त्यो प्रतिनिधिमूलक स्तम्भ २०६९ साल चैत्र २४ गते स्थापना गरिएको हो।

९. वाल्मीकि शिक्षासदनमा वाल्मीकि (संस्कृत साहित्यका महाकवि)
भरतपुर महानगरपालिका वडा नं. ४ मा अवस्थित वाल्मीकि शिक्षा सदन परिसरमा महाकवि वाल्मीकिको सालिक स्थापना गरिएको छ। उक्त सालिक वाल्मीकि शिक्षा सदनको रजत महोत्सवको अवसर पारी २०८०।०८।२९ का दिन स्थापना गरिएको हो।

१०. सप्तगण्डकी क्याम्पसमा कृष्णकुमारी गुरुङ (समाजसेवी)
भरतपुर महानगरपालिका वडा नं. १० मा अवस्थित सप्तगण्डकी क्याम्पस परिसर (पुस्तकालय भवन अगाडि) समाजसेवी कृष्णकुमारी गुरुङको अर्धकदको सालिक स्थापना गरिएको छ। स्थापना मिति उल्लेख छैन।

११. प्रेमबस्ती मा.वि.मा चन्द्रध्वज खाँड (दानवीर)
भरतपुर महानगरपालिका वडा नं.७ प्रेमबस्तीमा अवस्थित प्रेमबस्ती मा.वि.को प्राङ्गणमा दानवीर चन्द्रध्वज खाँडको पूर्णकदको सालिक स्थापना गरिएको छ। स्थापना मिति उल्लेख गरिएको छैन।

**निष्कर्ष**:

सालिक भनेको अमूल्य वस्तु हो। यसले ठुलो इतिहास बोकेको हुन्छ। सालिकको अभिलेखीकरण गरेर राख्नाले भावी पुस्तालाई अहिलेका बुज्रुक वर्गले गरेका कामको महत्त्वबारे जानकारी मिल्छ। भविष्यमा गएर यसले ऐतिहासिक एवम् पूरातात्त्विक महत्त्वको रूप लिन्छ। सालिक एक ठाउँमा रहन्छ तर पुस्तक तथा पत्रपत्रिका अनेक ठाउँमा पुग्छन्। यसलाई पुस्तक तथा पत्रपत्रिकामा उतार्न सकियो भने पुस्तकालय लगायतका विभिन्न शिक्षण संस्थामा सुरक्षासाथ रहन्छ र अनेकौं पाठकहरूले पढेर ज्ञान हासिल गर्नसक्छन्। सालिक राख्नसक्ने काम गर्नुपर्दोरहेछ भन्ने नयाँ पुस्तालाई प्रेरणा पनि मिल्छ। साथै जसको सालिक बनाइएको छ उनको सम्मान पनि हुने हुँदा यसको अभिलेखीकरण गर्नु राम्रो पक्ष देखिन्छ।

महानगर प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव बालकृष्ण थपलियाको प्रस्ताव, उहाँले फेसबुकमार्फत् गर्नुभएको प्रचारप्रसार र त्यसमा प्राप्त प्रतिक्रिया, सुझावको आधारमा यो लेख तयार गर्न सकियो। धन्यवाद बालकृष्णजी र सबै सुझावकर्ताहरुप्रति। प्रतिष्ठानले यस्ता ऐतिहासिक, पुरातात्विक महत्वका विषयवस्तुलाई प्राथामिकता दिई यसको खोजी, संरक्षण र प्रवर्धन गर्नु सान्दर्भिक देखिन्छ।

卐

दस्तावेज

# अमरत्व प्राप्त गर्ने शहीदको विवरणभित्र चितवन



रमाकान्त सापकोटा*

ॐ असतो मा सद्गमय, तमसो मा ज्योतिर्गमय, मृत्योर्मामृतं गमय। यी यजुर्वेदका मन्त्रमा शहीदको गहन अर्थ भेट्न सकिन्छ। शहीदको अर्थ मृत्यु होइन अमरत्व हो, उज्यालो युगको खोजी हो। राष्ट्रियता र सार्वभौमसत्ताको संरक्षण गर्न साम्राज्यवाद, पृथकतावाद र एकाधिकारवादका विरुध्द विद्रोहको शङ्खनाद गर्ने, स्वतन्त्रता, समानता, राष्ट्रिय एकता तथा आफ्ना मौलिक संस्कृतिको जगेर्ना गर्न, देशभक्ति र जनआवाजलाई सम्मान गर्ने, मृत्युलाई नजिकबाट देखेर पनि आफैँलाई बलि दिन तयार हुने निडर आत्मा शहीद हुन्। पथभ्रष्ट भएर बाँच्नेहरू तथा सत्ता र शक्तिको स्वार्थको लागि युगलाई अध्याँरोमा राख्न शक्ति खर्चनेहरू बाँचेर पनि इतिहासमा मरेका हुन्छन्। निरङ्कुश र स्वेच्छाचारी सत्ताले सत्ता शक्तिको दुरूपयोग गरी हत्या गरिएका मुलुकका नायक, महानायक, देशभक्तहरू शहीदको रूपमा इतिहासमा अक्षर बनेर हाँसेका हुन्छन्, बाँचेका हुन्छन्। आकाशका नक्षत्रको रूपमा जनताको आँखामा र मन मनमा बसेका हुन्छन्। सत्ता र शक्ति सँग सम्झौता नगरेर गरुङ्गो मृत्यु वरण गरेका हुनाले नै निर्विवाद रूपमा शहीदमा दर्ज भएका हुन्छन्। शहीद सम्बन्धित विश्वको मान्यता यही हो। ज्ञान, चेतना बाँडे वापत मृत्युको सजायँ पाएका सुकरातले हाँसी हाँसी विषको प्याला स्वीकारेकाले उनलाई विश्वमै पहिलो शहीद मानिन्छ।

नेपालको इतिहासले चिनेका वा नचिनेका तर राज्यले प्रमाणित गरेका शहीदहरूको सूची लामो छ। सूचीमा नाम र विवरण थपिँदै गएको छ। शहीद घोषणा गर्ने प्रक्रिया, प्रचलन र प्रवृत्तिले गर्दा वास्तविक शहीदको अवमूल्यन भएको भनी व्यापक चर्चा हुने गरेको छ। शहीद परिवार समेतको गुनासो छ। २०४८ साल देखि २०७९ माघ १६ गते सम्मको गृहमन्त्रालयको अभिलेखमा शहीदको सङ्ख्या १२,१९७ पुगेको देखिन्छ। यो वर्ष थप २६७४ जनालाई शहीद घोषणा गर्दा अव यो सङ्ख्या १४,८७१ पुगेको छ। मानवअधिकार आयोगको प्रतिवेदन सन् २०१२ तथा इन्सेकले प्रकाशन गरेको द्वन्दपिडीत पार्श्वचित्र अनुसार थप ४,७७८ जना मारिएका र ९३१ जना वेपत्ता पारिएकाको विवरण समावेश छ। यो समेतको सत्य निरूपण भईसक्दा शहीदको सूची २० हजार नाघ्ने देखिन्छ। राजपत्रमा प्रकाशन भएको तथा विभिन्न मितिमा सरकारले निर्णय गरेको गृहमन्त्रालयको अभिलेख हेर्दा पाइएको शहीद सम्बन्धित विवरण यस प्रकार छ :-

१) २०५६ फागुन ९ गतेको मन्त्रिपरिषद्ले गोरखाका लखन थापा द्वितीय (१८९१-१९३३)लाई नेपालका प्रथम शहीद भनी निर्णय गरेको थियो। देवी देवताप्रति आस्था र विश्वास गर्ने नेपाली समाजलाई मनकामना देवीको आदेश भन्दै राणा विरुद्ध जनता जागरुक बनाउने अभियान चलाई रहेका लखन थापालाई मनकामना मन्दिर अगाडिको खिर्राको रूखमा झुण्ड्याएर छाला तरेर मृत्युदण्ड दिएको उल्लेख छ (गृह पृष्ठ-

* *शिक्षाविद् सापकोटा, भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्य हुन्।*

लखन गाउँ पालिका)। यही क्रममा अजय सिंह, अछामी मगर, शुकदेव गुरुङ, मोटु सिंह बस्नेतले पनि सहादत प्राप्त गरेका थिए।

२) २०४८ बैशाख ४ गते सरकारले ४ जनालाई शहीदको सम्मान दिएको व्यहोरा प्रमाणित गरेको छ। २०१० माघ १६ गते तत्कालीन राजा त्रिभुवनले प्रजातन्त्र प्राप्तिको क्रममा सहादत प्राप्त गर्ने दशरथ चन्द, धर्मभक्त, शुक्रराज र गंगालाललाई शहीदको सम्मान दिएको व्यहोरा प्रमाणित भएको हो । राणाको विशेष अदालतले गरेको ज्यान सजाय र सर्वश्व हरणको आदेश पछि पनि निरङ्कुश सत्तासंग माफी नमागी चुनौती दिने चार जना वीर शहीदलाई १९९७ साल माघ १० गते राति शुक्रराज शास्त्री (४७ वर्ष) लाई टेकुको एक रूखमा र माघ १३ गते धर्मभक्त माथेमा (३१ वर्ष)लाई सिफलको रूखमा झुण्डाइयो। दशरथ चन्द (३७ वर्ष) र गंगालाल श्रेष्ठ (२२ वर्ष)लाई शोभा भगवती पूर्व विष्णुमती किनारमा माघ १५ गते निर्ममतापूर्वक गोली ठोकेर मारियो।

३) मन्त्रीपरिषद्को २०६३ जेठ २१ को निर्णयअनुसार जनआन्दोलनको क्रममा सहादत प्राप्तगर्ने २१ जना र ०६४ फागुन २१ को निर्णयअनुसार तराई आन्दोलनको घटना क्रममा सहादत प्राप्त गर्ने २४ जना गरी ४५ जनालाई शहीदको सम्मान दिने निर्णय गरेको पाइन्छ।

४) मन्त्रीपरिषद्को २०६४ पौष ९ को निर्णयअनुसार ६९४६ जना जनयुद्धका शहीद र २०६७ असार ९ को निर्णयअनुसार १६२६ जना सशस्त्र द्वन्दका शहीद भनी ८५७२ जनालाई शहीदको सम्मान दिने निर्णय भएको उल्लेख छ।

५) २०६६ चैत १७ देखि २०७४ पौष २७ सम्म विभिन्न मितिमा बसेका बैठकले पटक पटकमा गरेको नौवटा निर्णयअनुसार तराई मधेस आन्दोलन, थरुहट आन्दोलनमा तथा तत्कालीन शासन विरुद्ध आवाज उठाउने क्रममा सहादत प्राप्त गर्ने समेत १२० जनालाई शहीदको सम्मान दिने निर्णय गरेको छ।

६) मन्त्रीपरिषद्को २०७४ माघ २२र २३ को निर्णयअनुसार छुट भएका २९७ जना, २०४८ मा पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको संयोजकत्वमा गठन भएको राजनीति पीडित सहायता कोषले दिएको प्रतिवेदनमा उल्लेख भएका १९० जना गरी ४८७ जनालाई शहीदको सम्मान दिइएको छ।

७) सशस्त्र द्वन्दको क्रममा सहादत प्राप्त गरेका राष्ट्रसेवकमा प्रहरी१, ४ ४८ जना, सेना १०१८ जना, सशस्त्र प्रहरी ३१८ जना, राष्ट्रिय अनुसन्धानका २३ जनालाई२०७५ माघ १४ को निर्णय र २०७६ असार ३ को निर्णयअनुसार ८७ जना समेत गरी २८९४ जनालाई शहीदको सम्मान दिने निर्णय छ । (नागरिक १६ माघ २०७५)

८) नेपाल राजपत्र २०७९ साल फागुन २९ सङ्ख्या (६४) मा नेपालको राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनको लागि भएको सशस्त्र सङ्घर्ष र क्रान्तिको क्रममा सहादत प्राप्त गर्ने ७५ जिल्लाका ८४६४ जनालाई शहीद घोषणा गर्ने निर्णय भएको सूचना प्रकाशन भएको छ। राजपत्रमा ७७ जिल्ला मध्ये मुस्ताङ र मनाङ बाहेक ७५ जिल्लाका शहीदहरूको विवरण समावेश छ। जसअनुसार सबैभन्दा बढी रोल्पामा ७५३ जना, रुकुमका ५८४ जना र कालिकोटमा ४३३ जना मारिएका छन्।

(यो राजपत्रमा प्रकाशित भएको र पछि विवरण

सच्याइएका समेत गरी चितवनका १०७ जना शहीदको नाम तल अनुसूची १ मा छ)

८.१) नेपाल राजपत्र २०८०। ११। २४ सङ्ख्या ५९ मा प्रकाशित भएअनुसार ७४ जिल्लाका २६७४ जनालाई सम्मान स्वरूप शहीद घोषणा गर्ने निर्णय भएको छ।

(यो राजपत्रमा प्रकाशित चितवनका ७ जना शहीदको नाम तल अनुसूची २ मा छ)

९) अनौपचारिक क्षेत्र सेवा केन्द्र -इन्सेकले प्रकाशन गरेको मानवअधिकार वर्ष पुस्तक सन् १९९५ मा शहीद सम्बन्धित अध्ययन र वर्गिकरण गरी प्रतिवेदन सार्वजनिक गरेको थियो । शहीदको सम्बन्धमा भएको सो खोजमूलक प्रतिवेदन अनुसार इतिहासका विभिन्न मोडमा मुलुकको स्वाधीनता, लोकतन्त्र र सामाजिक न्यायको लागि सहादत प्राप्त गर्नेहरूको विवरण यस्तो छ :-

९.१) इतिहासको गर्भमा पुरिएका शहीदहरू वि.सं.(१८२४-१८५४ /गौतम १९९):- नेपाल एकीकरणको कालमा अमरत्व प्राप्तगर्ने कालुपाण्डे, रामकृष्ण कुँवर, जगत जित पाण्डेलगायत थुप्रै देश भक्तहरू जसले ठुलो बलिदान गरेका थिए।

९.२) राष्ट्रिय स्वतन्त्रताको लागि बलिदान भएका शहीदहरू (१८१९-१८४९)-भक्तिथापा, बलभद्र कुँवर, अमरसिंहलगायत थुप्रै देशभक्तहरू मारिएका छन।

९.३) जङ्गबहादुर राणा विरुद्ध आन्दोलनको झण्डा उठाउने लखन थापा, शुक्रराज, धर्मभक्त, दशरथ चन्द र गंगालाल र १९३३ देखि १९९७ सम्म राणा विरुद्ध बोले वापत थुप्रै जना मारिएका छन।

९.४)२००७ को क्रान्तिपछि पनि मारिने क्रम रोकिएन । २००८ देखि २०१७ सालसम्म चिनियाकाजी असर्फी यादव, भीमदत्त पन्त, लगायत ६ जना मारिएका छन्।

१०) पञ्चायती निरंकुशताको ३० वर्षमा पनि शहीदहरू ठुलो पङ्क्ति बनेको छ जो यस प्रकार छ :-

१०.१)२०१८ माघ ५ मा जनकपुर काण्डका नायक दुर्गानिन्द झा पक्राउ गरे पछि गोलीद्वारा हत्या गरियो । अरविन्द र दलसिंहलाई आजीवन कारावास सजाय तोकियो।

१०.२)२०१८ सालमा नेपाली कांग्रेसको नेतृत्वमा विभिन्न ठाउँमा सशस्त्र सङ्घर्ष शुरु भयो। २०१८ माघ २७ गतेको भरतपुर कब्जा गर्ने योजनाका साथ भएको गेष्टहाउस काण्डमा १८ जना लगायत देशभर १०० जना भन्दा बढीको हत्या भयो।

(भरतपुर कब्जा गर्ने गेस्टहाउस काण्डको कारण मारिएका भनी नेपाली कांग्रेसका नेता महेश्वर श्रेष्ठबाट उपलब्ध विवरणको आधारमा इन्सेकले वर्ष पुस्तक १९९५ मा प्रकाशित गरेको १८ जनाको नाम अनुसूची ३ मा छ)

१०.३)२०२८ सालको झापा सङ्घर्षमा सयौं जना पक्राउ परेका मध्ये नेत्र घिमिरे, रामनाथ दाहाल, बिरेन राजबंशी, कृष्ण कुइंकेल, नारायण श्रेष्ठ गरी ५ जनालाई जेल सार्ने क्रममा सुखानीको जङ्गलमा गोली हानी हत्या भयो/ जन्म कैदको सजायं पाएका केही जनाले मृत्यु वरण गरेका थिए।

१०.४)२०२९ सालमा जनकपुरको जदुकोहामा भएको विद्यार्थी आन्दोलनको क्रममा कामेश्वर मण्डल, कुशेश्वर मण्डल र कन्नी गोइत मारिएका थिए।

१०.५) पञ्चायती व्यवस्था विरुद्ध योजनाकारको आरोपमा नक्खु जेलमा राखिएका लिलानाथ दहाल, ठगी दहाल, गोकर्णबहादुर कार्की र

खगेन्द्रराज दहाल समेत ४ जनालाई २०३१ असौज १३ गते जेल सार्ने निहुँमा गोली हानी हत्या गरिएको थियो।

१०.६)२०३१ सालमा क्याप्टेन यज्ञबहादुर थापाको नेतृत्वमा ओखलढुंगा कब्जा गर्ने योजनाका साथ ओडारमा बसेको बेला सरकारी सेनाले बम प्रहर गरी ठुलो सङ्ख्यामा मुक्तिसेनालाई मारेको थियो। समातेर केन्द्रीय कारागारमा राखेका यज्ञबहादुर थापालाई र २०३१को विराटनगर बम काण्डको सिलसिलामा समातिएका भिमनारायण श्रेष्ठलाई ०३५ माघ ४ गते जेलबाट निकालेर गोली हानी हत्या गरिएको थियो ।

१०.७)२०३६ सालमा धनकुटाको छिन्ताङमा भएको चर्चित काण्ड व्यवस्था विरोधी गुरिल्ला सखाप पर्ने योजनाका साथ चलाइएको राज्य आतङ्क थियो। शिक्षक बम देवान र गोविन्द विकलको अगुवाइमा सामन्त विरुद्ध विद्रोह हुन थालेपछि १५ जनालाई छानेर हत्या गरिएको थियो।

१०.८)२०३६ साल जेठ १५ गते सुर्खेतमा किसान, विद्यार्थी र शिक्षकको विशाल जुलुस निस्केर जिल्ला प्रशासन कार्यालयमा माग प्रस्तुत गर्न जाँदै थियो । लुकेर बसेका प्रहरीले गोली चलाउंदा ७ जनाको घटना स्थलमा नै मृत्यु।

१०.९)२०४० सालको पिस्कर काण्ड इतिहासमा भुल्न नसकिने काण्ड हो । पिस्कर महादेवस्थानमा माघेसंक्रान्तिको मेलामा कलाकारहरूबाट आयोजित सांस्कृतिक कार्यक्रममा प्रहरीले गोली चलाउँदा तत्काल घटना स्थलमा इले थामी र बीरबहादुर थामीले सहादत प्राप्त गरे। पछिको दमनको क्रममा १५ दिनकी सुत्केरी कान्छी थामी र उनको छोराको ज्यान गएको थियो।

१०.१०)२०४२ जेठ १० गतेबाट नेपाली कांग्रेसले अघि सारेको सत्याग्रह र असार ६ गते भएको नारायणहिटीलगायतका स्थानमा भएको बमकाण्डमा ७ जनाको मृत्यु भएको थियो भने ८ जना प्रहरी हिरासतबाट वेपत्ता बनाइएको थियो।

१०.११) २०३६ -२०४१ सालको शिक्षक आन्दोलन निकै चर्चित र सशक्त आन्दोलन थियो। त्यो समय र त्यस पछिका समेत आन्दोलनले शिक्षा र शिक्षण पेसालाई व्यवस्थित गर्न ठुलो योगदान दियो भने निरंकुशताको जरा हल्लाइदिएको थियो । तर आन्दोलनले थुप्रै शिक्षकको बलिदान र जागिर गुमाएर ठुलो मूल्य चुकाउनु परेको थियो। मीनबहादुर चन्द, टंक भुषाल-अविकेशरी भारती, गोविन्द दाहाल, रामदेव पण्डित, सुरेश सेर्बुजा, कृष्ण पौडेल, इश्वरी दत्त शर्मा, लालबहादुर बम, विश्वबहादुर खड्का, छविलाल घिमिरे, शिव नेपाल, रामप्रसाद चौधरी, महेन्द्र यादव, भवानी शंकर कार्की, पुष्पा घिमिरे, रीता शिल्पकार, कालीबहादुर बस्नेतलगायत डेढ दर्जन बढी शिक्षक आन्दोलनका क्रममा मारिएका छन् । शिक्षक आन्दोलनलाई सघाउने क्रममा युवा विद्यार्थीहरू गाण्डिव श्रेष्ठ र मीना ढकालले पनि सहादत प्राप्त गरेका छन् । १० वर्षे सशस्त्र द्वन्दको क्रममा राज्यबाट तथा विद्रोहीको तर्फबाट गरी २०० भन्दा बढी शिक्षकले सहादत प्राप्त गरेका छन्। थुप्रै शिक्षक बेपत्ता छन्। राज्यले शहीद घोषणा गरेको द्वन्दकालको सूचीमा पनि थुप्रै शिक्षकहरूको नाम सामेल छ।

१०.१२)२०४६ सालमा ५० जनाको मृत्यु र सयौंको अंगभंग भएको, ०४६मा प्रजातन्त्र प्राप्ति पछि जनसरोकारका सबालमा भएका आन्दोलनमा ०४८ देखि २०५० सम्म इन्सेकको अभिलेखमा ३२ जनाको हत्या भएको देखिन्छ।

२०४६ को जनआन्दोलनमा सहादत प्राप्त गर्ने शहीदका परिवारलाई सरकारले तत्काल जनही एक लाख रूपयाँ र २०६२-६३ सालको जनआन्दोलनका क्रममा मुलुकभर सहादत प्राप्त गरेका २६ जनालाई शहीद घोषणा गरी परिवारलाई रु १० लाखका दरले आर्थिक सहयोग गरेको थियो। १० वर्षे सशस्त्र द्वन्द्वमा मारिएका परिवारलाई जम्मा १ अर्ब ६१ करोड ९० लाख रूपैयाँ राहतस्वरूप उपलब्ध गराएको थियो ।

शहीदको मापदण्ड, परिभाषा तयार गर्न तथा विवरण सहित सङ्ख्या निर्धारण गर्न २०६६ सालमा मोदनाथ प्रश्रितको संयोजकत्वमा र २०६८ सालमा नवराज सुवेदीको अध्यक्षतामा गठन भएका आयोगले प्रतिवेदन बुझाए पनि शहीदका बारेमा हुने गरेका विवाद र गुनासो अन्त्य हुन सकेन । स्वतन्त्रता सङ्ग्राम, राजनीतिक उद्देश्य प्राप्ति, जनआन्दोलन, निरंकुशता विरुद्ध कुन क्रममा शहीद भएको भनी वर्गीकरण गर्न चाहेको र सकेको देखिएन। २०६४ जेठ ११ गतेको निर्णयअनुसार गोकर्णेश्वरमा निर्माण भइरहेको राष्ट्रिय शहीद स्मारक अझै अलपत्र छ भने शहीदगेट समेत आजभोलि ओझेलमा परेको देखिन्छ ।

शहीद घोषणा गर्ने विधि र प्रक्रिया, शहीदको पटक पटक लम्बिदै गएको सूची र शहीदका सपना माथिका खेलबाड हेर्दा शहीदको अवमूल्यन भएको भनी चर्चा हुने गरेको छ। परिवारको विचल्ली भएको छ। जिउँदा शहीद भएर बचेकाहरू र शहीद परिवारको मन धर्धर्ती रोएको छ। सम्बन्धित विज्ञता भएका अध्येता /आयोगबाट खोज अनुसन्धान/सत्य निरूपण गरी शहीदको सूची पुनरावलोकन, निर्माण, वर्गीकरण गर्ने काम हुन आवश्यक छ । सोहीअनुसार ऐन नियम बनाएर शहीद सम्बन्धित मुद्दा टुंग्याउन सकेमा मात्र शहीदप्रति सम्मान हुने छ। साथै शहीदले जेकोलागि बलिदान गरेका थिए त्यस्तो मुलुक किन बन्न सकेन भन्ने विषयमा निर्मम समीक्षा गर्ने र शहीदको रगत खेर जान नदीने राष्ट्रिय प्रतिवद्धता र कार्यान्वयनको समय बद्ध मार्ग चित्र बन्न सकेमा आश गर्ने ठाउँ हुने छ। शहीद प्रतिको सच्चा सम्मान हुनेछ ।

## शहीदको विवरण भित्र चितवन

### अनुसूची १

८) नेपाल राजपत्र २०७९ साल फागुन २९ सङ्ख्या(६४) मा प्रकाशित भएको र पछि विवरण सच्याइएका समेत गरी चितवनका १०७ जना शहीदको नाम

खण्ड ७२) सङ्ख्या ६४ नेपाल राजपत्र भाग ५ मिति २०७९/११/२९ चितवन

| क्र.सं | वास्तविक नाम | ठेगाना | सहादत मिति | निर्णय मिति |
|---|---|---|---|---|
| १ | शारदा श्रेष्ठ | फूलबारी चितवन | २०६३/३/३१ | २०६५/०९/०९ |
| २ | केशव रिमाल | भरतपुर ५ | २०५९/०७/२० | २०६५/०९/०९ |
| ३ | कमल सूर्याल | चैनपुर ज्यामिरे | २०५९/०६/०५ | २०६५/०९/०९ |
| ४ | ईश्वरी खनाल | रन.पा.-११ जयमंगला | २०५९/५/१० | २०६५/०९/०९ |
| ५ | डम्बरबहादुर गुरुङ | शारदानगर, चितवन | २०५९/७/२५ | २०६५/०९/०९ |
| ६ | कुलप्रसाद रेग्मी | गुन्जननगर-९, भीमनगर | २०६१/१०/१४ | २०६५/०९/०९ |
| ७ | नीलकण्ठ सुवेदी | चितवन अयोध्यापुरी | २०६०/१२/१० | २०६५/०९/०९ |
| ८ | प्रकाश घिमिरे | दुवैचौर पिप्ले | २०६१/०९/१४ | २०६५/०९/०९ |

| क्र.सं | वास्तविक नाम | ठेगाना | सहादत मिति | निर्णय मिति |
|---|---|---|---|---|
| ९ | विकाश अधिकारी | भरतपुर | २०६१/०८/२१ | २०६५/०९/०९ |
| १० | जयन्ती कँडेल | पिप्ले चितवन | २०६१/०७/२५ | २०६५/०९/०९ |
| ११ | उत्तरकुमार गुरुङ | चितवन मेघौली | २०५७/०९/१७ | २०६५/०९/०९ |
| १२ | राजु अधिकारी | चितवन मेघौली | २०५९/०६/०५ | २०६५/०९/०९ |
| १३ | रामकृष्ण तिमिल्सिना | मंगलपुर -२ | २०५९/०६/१७ | २०६५/०९/०९ |
| १४ | धनप्रसाद गुरुङ | पटीहानी गंगानगर | २०५९/०६/०१ | २०६५/०९/०९ |
| १५ | तारा काफ्ले | जगतपुर गौचरन | २०५६/०६/०५ | २०६५/०९/०५ |
| १६ | कालीबहादुर तामाङ | पटीहानी गंगानगर | २०५६/०६/०५ | २०६५/०९/०९ |
| १७ | हरि सुवेदी | भरतपुर शरदपुर | २०५९/०५/१० | २०६५/०९/०९ |
| १८ | हरिबाबु सेढाई | पिप्ले चितवन | २०५९/०५/१० | २०६५/०९/०९ |
| १९ | शिवहरि तिमिल्सिना | मंगलपुर - २ | २०६०/११/१७ | २०६५/०९/०९ |
| २० | उर्मिला भट्टराई | भरतपुर | २०५९/०५/०५ | २०६५/०९/०९ |
| २१ | सीता वि.क. | जगतपुर चितवन | २०५९/१०/१२ | २०६५/०९/०९ |
| २२ | दीपक पन्त | रत्न नगरपालिका | २०५९/१०/१० | २०६५/०९/०९ |
| २३ | तिलकबहादुर खाती | माडी, कल्याणपुर | २०६०/०६/१२ | २०६५/०९/०९ |
| २४ | किरण पौडेल | गितानगर | २०६०/०८/२९ | २०६५/०९/०९ |
| २५ | अमर पाखिन तामाङ | भरतपुर १९ | २०६०/१२/०८ | २०६५/०९/०९ |
| २६ | विष्णुबहादुर राई | पिप्ले चितवन | २०५९/१०/२० | २०६५/०९/०९ |
| २७ | हिरादेवी थापामगर | शक्तिखोर देवीटार | २०६१/०७/३१ | २०६५/०९/०९ |
| २८ | सन्तमान तामाङ | खोलेसिमल | २०६१/०५/०७ | २०६५/०९/०९ |
| २९ | मीनबहादुर कुँवर | भ न पा लंकु | २०५९/०८/२६ | २०६५/०९/०९ |
| ३० | मित्रमणि आचार्य | रामपुर | २०४२/०१/१८ | २०६५/०९/०९ |
| ३१ | शिवप्रसाद पौडेल | भ न पा -११ भोजाङ | २०३८/१२/०१ | २०६५/०९/०९ |
| ३२ | देव गुरुङ | मंगलपुर | २०५९/०७/२० | २०६५/०९/०९ |
| ३३ | शिव अधिकारी | मंगलपुर - ६ | २०५८/०७/२५ | २०६५/०९/०९ |
| ३४ | आइतराम दराई | मंगलपुर -६ | २०५९/०७/२५ | २०६५/०९/०९ |
| ३५ | गोविन्दप्रसाद पौडेल | जुगेडी, चितवन | २०६०/०६/२२ | २०६५/०९/०९ |
| ३६ | चन्द्रबहादुर तामाङ | पार्वतीपुर | २०६०/०७/०३ | २०६५/०९/०९ |
| ३७ | शम्भुबहादुर परियार | मंगलपुर - २ | २०५९/०७/२४ | २०६५/०९/०९ |
| ३८ | सागर अमगाई | र न पा-१२ | २०६०/०९/०९ | २०६५/०९/०९ |

| क्र.सं | वास्तविक नाम | ठेगाना | सहादत मिति | निर्णय मिति |
|---|---|---|---|---|
| ३९ | हरेराम ठाकुर | नारायणगढ | २०६०/०९/०९ | २०६५/०९/०९ |
| ४० | दिनेश थापामगर | फुलवारी -९ | २०६१/०८/०९ | २०६५/०९/०९ |
| ४१ | खगेन्द्र पौडल | शारदानगर | २०६१/०८/०३ | २०६५/०९/०९ |
| ४२ | शशीकला रेग्मी | भरतपुर १८ | २०६१/०८/२५ | २०६५/०९/०९ |
| ४३ | रामबहादुर गुरुङ | कविलाश, जुगेडी | २०६१/०९/१६ | २०६५/०९/०९ |
| ४४ | केशव पौडेल क्षेत्री | गर्दी गा.वि.स.भङ्गदा | २०६१/०९/१६ | २०६५/०९/०९ |
| ४५ | निरज उप्रेती | विरेन्द्रनगर | २०६१/१०/०८ | २०६५/०९/०९ |
| ४६ | प्रतिभा पुरी | पदमपुर -६ | २०६१/१०/०९ | २०६५/०९/०९ |
| ४७ | डोलनारायण श्रेष्ठ | शक्तिखोर | २०६१/१२/२५ | २०६५/०९/०९ |
| ४८ | गौरी सापकोटा | चितवन, भरतपुर | २०६१/१२/२५ | २०६५/०९/०९ |
| ४९ | बाबुराम दोङ्ग | कोराक | २०५७/०८/२४ | २०६५/०९/०९ |
| ५० | बालकृष्ण वि.क. | कोराक | २०५८/११/१९ | २०६५/०९/०९ |
| ५१ | होमनाथ न्युरे | भनपा, गौरीगंज | २०५८/११/२२ | २०६५/०९/०९ |
| ५२ | शन्तबहादुर गुरुङ | पिप्ले | २०५९/०२/०९ | २०६५/०९/०९ |
| ५३ | राजन कंडेल | पिप्ले | २०५९/०२/०९ | २०६५/०९/०९ |
| ५४ | जुना ढकाल | बच्छ्यौली, मालपुर | २०५९/०२/१० | २०६५/०९/०९ |
| ५५ | ताराबहादुर गोले | जुटपानी जिरौना | २०५९/०६/०६ | २०६५/०९/०९ |
| ५६ | राजकुमार दुलाल | जुटपानी जीरौना | २०५९/०६/०६ | २०६५/०९/०९ |
| ५७ | गमबहादुर मोक्तान | कोराक | २०५९/०२/०९ | २०६५/०९/०९ |
| ५८ | खेमबहादुर परियार | पटिहानी - ८ | २०५९/०२/१० | २०६५/०९/०९ |
| ५९ | मीनाप्रजा चेपाङ | कविलाश | २०५९/०२/१५ | २०६५/०९/०९ |
| ६० | महेश चौधरी | चैनपुर | २०५९/०३/०१ | २०६५/०९/०९ |
| ६१ | सागर अधिकारी | भनपा-१३ | २०५९/०६/०८ | २०६५/०९/०९ |
| ६२ | संजय लामा | भनपा-१३ | २०५९/०६/०८ | २०६५/०९/०९ |
| ६३ | खड्गबहादुर खत्री | शक्तिखोर - ४, गैरीवारी | २०६१/०१/२३ | २०६५/०९/०९ |
| ६४ | लक्ष्मी तामाङ्ग | पदमपुर -१ | २०६१/०१/३१ | २०६५/०९/०९ |
| ६५ | देवी लामा | चितवन, कोराक | २०६१/१२/१३ | २०६५/०९/०९ |
| ६६ | टिका अधिकारी | चैनपुर लदरी | २०६१/०१/३१ | २०६५/०९/०९ |
| ६७ | मनोज चौधरी | भण्डारा लौगाई | २०६१/०१/०३ | २०६५/०९/०९ |
| ६८ | ऋषि रेग्मी | भरतपुर -१० | २०६१/०१/३१ | २०६५/०९/०९ |

| क्र.सं | वास्तविक नाम | ठेगाना | सहादत मिति | निर्णय मिति |
|---|---|---|---|---|
| ६९ | बासु पौडेल | माडि गदी शितलपुर | २०६२/१२/०८ | २०६५/०९/०९ |
| ७० | उमेश बोहरा | गीतानगर, केशरवाग | २०६२/१२/०८ | २०६५/०९/०९ |
| ७१ | ऋषि लामिछाने | पिठुवा माधवपुर | २०६२/१०/०८ | २०६५/०९/०९ |
| ७२ | जीतबहादुर तितुङ्थिङ् | भण्डरा | २०६२/०१/१४ | २०६५/०९/०९ |
| ७३ | सुमित्रा मोक्तान | कोराक | २०६१/०३/३१ | २०६५/०९/०९ |
| ७४ | मणिकलाल मोक्तान | कोराक -७ | २०६१/११/०१ | २०६५/०९/०९ |
| ७५ | करण तामाङ | पदमपुर | २०६०/०५/०६ | २०६५/०९/०९ |
| ७६ | लक्ष्मी खरेल | पिप्ले | २०६१/०८/२५ | २०६५/०९/०९ |
| ७७ | चन्द्रबहादुर चेपाङ | कविलास | २०६०/०९/२० | २०६५/०९/०९ |
| ७८ | भानु लामा | भरतपुर २९ | २०६१/११/०८ | २०६५/०९/०९ |
| ७९ | सुनिल तमु | कविलास-१ जुगेडी | २०६१/११/०६ | २०६५/०९/०९ |
| ८० | विराज तमु | कविलास-१ जुगेडी | २०६१/११/०६ | २०६५/०९/०९ |
| ८१ | तृर्की प्रजा | भरतपुर २९ | २०६०/११/०६ | २०६५/०९/०९ |
| ८२ | चन्द्रबहादुर गुरुङ | दारेचोक -१ | २०६२/०१/१४ | २०६५/०९/०९ |
| ८३ | कृष्णप्रसाद ढकाल | स्याङजा | २०६२/०२/२२ | २०६५/०९/०९ |
| ८४ | सन्तबहादुर चेपाङ | काउले | २०३४/०३/०७ | २०६५/०९/०९ |
| ८५ | दशरथ चेपाङ | काउले | २०३४/०३/०७ | २०६५/०९/०९ |
| ८६ | डम्बरबहादुर धरेल | पिठुवा-८ | २०६१/१०/१६ | २०६७।०३।०९ |
| ८७ | कृष्णबहादुर कुँवर | पिठुवा | २०५८/०४/०२ | २०६७।०३।०९ |
| ८८ | वेगानन्द गिरी | जगतपुर-१ | २०५९/०२/०८ | २०६७।०३।०९ |
| ८९ | किरणविलास पन्त | भरतपुर नपा-१४ | २०६२/०२/१९ | २०६७।०३।०९ |
| ९० | बलराम शर्मा पाठक | शिवनगर-८ | २०६०/०३/२९ | २०६७।०३।०९ |
| ९१ | रामचन्द्र सुवेदी | कल्याणपुर | २०६२/०२/२३ | २०६७।०३।०९ |
| ९२ | बिष्णुप्रसाद घिमिरे | कल्याणपुर-८ | २०६२/०२/२३ | २०६७।०३।०९ |
| ९३ | डम्बरकुमारी  तिवारी | कल्याणपुर-८ | २०६२/०२/२३ | २०६७।०३।०९ |
| ९४ | रमेश मल्ल | माडी | २०६०/०६/०३ | २०६७।०३।०९ |
| ९५ | आत्मराम सुवेदी | अयोध्यापुरी-७ | २०६२/०२/२३ | २०७४। १०। २२ |
| ९६ | जानुका तिवारी | कल्याणपुर-५ | २०६२/०२/२३ | २०७४। १०। २२ |
| ९७ | मीना भण्डारी | कृतनपुर कृष्णनगर | २०६२/०२/२३ | २०७४। १०। २२ |
| ९८ | रामचन्द्र सुवेदी | कल्याणपुर५ कृतनपुर | २०६२/०२/२३ | २०७४। १०। २२ |

| क्र.सं | वास्तविक नाम | ठेगाना | सहादत मिति | निर्णय मिति |
|---|---|---|---|---|
| ९९ | निश्चल सापकोटा | कल्याणपुर कृतनपुर | २०६२/०२/२३ | २०७४/१०/२२ |
| १०० | रविन्द्र चौधरी | अयोध्यापुरी४ शिवद्वार | २०६२/०२/२३ | २०७४/१०/२२ |
| १०१ | रवि तिवारी | कल्याणपुर-७ | २०६२/०२/२३ | २०७४/१०/२२ |
| १०२ | सीता न्यौपाने | अयोध्यापुरी-६ जिवनपुर | २०६२/०२/२३ | २०७४/१०/२२ |
| १०३ | सानुमाया बोटे | अयोध्यापुरी-९ | २०६२/०२/२३ | २०७४/१०/२२ |
| १०४ | दिलमाया सापकोटा | कल्याणपुर-५ | २०६२/०२/२३ | २०७४/१०/२२ |
| १०५ | फुर्के प्रजा | अयोध्यापुरी-६ | २०६२/०२/२३ | २०७४/१०/२२ |
| १०६ | रमेश श्रेष्ठ | अयोध्यापुरी-५ | २०६२/०२/२३ | २०७४/१०/२२ |
| १०७ | मिन गुरुङ | अयोध्यापुरी-६ | २०६२/०२/२३ | २०७४/१०/२२ |

**अनुसूची २**

८.१) नेपाल राजपत्र २०८०। ११ । २४ सङ्ख्या ५९ मा प्रकाशित भएअनुसार चितवनका ७ जना शहीदको नाम तल छ

| क्र.सं | वास्तविक नाम | ठेगाना | सहादत मिति | निर्णय मिति |
|---|---|---|---|---|
| १ | बिष्णुप्रसाद दवाडी | भरतपुर - १६ | २०५४/०४/२७ | २०८०/०९/२४ |
| २ | कृष्णप्रसाद पौडेल | भरतपुर -७ | २०५९/०२/२० | २०८०/०९/२४ |
| ३ | तोपबहादुर खड्का | भरतपुर-०८, | २०६१/०२/१६ | २०८०/०९/२४ |
| ४ | तिला पौडेल | माडी-७ | २०६१/०२/२३ | २०८०/०९/२४ |
| ५ | हृदय राज अधिकारी | भरतपुर -१५ | २०६०/०५/१४ | २०८०/०९/२४ |
| ६ | सन्तराम घले | भरतपुर -१०, | २०६०/११/१२ | २०८०/०९/२४ |
| ७ | वेगानन्द गिरी | भरतपुर -२३, | २०५९/०२/०८ | २०८०/०९/२४ |

**अनुसूची ३**

१०.२) २०१८ माघ २७ गतेको भरतपुर कब्जा गर्ने योजनाकासाथ भएको गेस्टहाउस काण्डको कारण मारिएका भनी नेपाली कांग्रेसका नेता महेश्वर श्रेष्ठबाट उपलब्ध विवरणको आधारमा इन्सेकले वर्ष पुस्तक १९९५ मा प्रकाशित गरेको १८ जनाको नाम

१) पन्चे गुरुङ २)आशबहादुर लामा ३)रामबहादुर ज्यामिरे ४)हरिप्रसाद गुरुङ ५)बुद्धसिंह रानामगर ६) खेमबहादुर गुरुङ ७)जगतप्रसाद जंग शाह ८) शमशेरबहादुर गुरुङ ९) लालध्वज गुरुङ १०) इमानसिंह गुरुङ ११) सर्वसिंह गुरुङ १२)हस्तवीर गुरुङ १३) ट्राफि ज्यामिरे १४) टेकबहादुर गुरुङ १५)चन्द्रबहादुर पर्जा १६) भिमबहादुर पर्जा १७)बुद्धिमान ज्यामिरे १८) खड्कबहादुर गुरुङ

**अनुसूची ४**

गरिबी, अनिकाल भोगिरहेका भूमिहीन किसानले साहूको चर्को व्याज र अनेकौं शोषण भोग्न परेपछि

२०३४ असार ६-७ गते सङ्गठित किसानको ठुलो समूहले जुगेडीका धर्मलाल मुलूमी र सानुलाल जोशीको धानको गोदाम र कपडा पसल कब्जा गर्ने योजना बनाए । कब्जा गर्ने क्रममा आकस्मिक रूपमा देखिएका प्रहरीको कारबाहीमा परी सन्तबहादुर चेपाङ र दशरथ चेपाङको घटना स्थलमा नै मृत्यु भयो । नन्दलाल प्रजाको जेलभित्र मृत्यु भयो । रुद्रबहादुर चेपाङको जेलबाट छुटे पछि मृत्यु भयो । यी ४जनालाई जुगेडी किसान काण्डका शहीद भन्ने गरिएको पाइन्छ।

**अनुसूची ५**

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तक १९९५ अनुसार (पृष्ठ १२१) २०३६ सालको आन्दोलनको सिलसिलामा चितवनमा होमबहादुर भण्डारी र रामप्रसाद घिमिरेको प्रहरीको गोलीबाट हत्या भएको थियो । रामप्रसाद घिमिरेको लाश बेपत्ता पारिएको थियो।

**अनुसूची ६**

स्मरणीय छ कि २०४६ को आन्दोलनमा चितवनबाट सहादतप्राप्त गर्ने राजेश बानियाँ, गणेश पौडेल, नारायण दाहाल र बलराम कंडेल तथा २०६२ को आन्दोलनमा सहादतप्राप्त तुलसी क्षेत्रीको नाम पहिले नै सार्वजनिक भैसकेकोले होला पछिल्लो राजपत्रमा समावेश भएको पाइदैन।

**अनुसूची ७**

मन्दिर प्रवेश सम्वन्धित विवादमा २०७८ असौज २८ गते भएको 'भिमबहादुर विश्वकर्माको हत्या'सम्बन्धमा चितवन जिल्ला अदालतमा मुद्दा चलेको र मृतक विश्वकर्मालाई सांस्कृतिक शहीद घोषणा गर्न माग भएको थियो । (राजेश विद्रोही, २०७९ वैशाख २१ गते १२:५७ दलहरू किन दलित नेतृत्व स्वीकार्न चाहँदैनन् ?अनलाइन खवर) त्यस्तै प्रजातन्त्र पुर्नस्थापना पछि भएको विरोध प्रदर्शनको क्रममा २०५० सालमा चितवनमा मारिएका बालकृष्ण विश्वकर्माको नाम पनि इन्सेकको सूचीमा समावेश छ । (पृष्ट ११३ अनौपचारिक क्षेत्र सेवा केन्द्र, मानवअधिकार वर्ष पुस्तक सन् १९९५)

**सन्दर्भ सामग्री**


- अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक, मानव अधिकार वर्ष पुस्तक सन् १९९५
  उदय, मेखराज, हामीले भोगेको राज्य https://www. nayapatrikadaily. com/news-details/74053/2021-11-03
- कार्की टपेन्द्र २८ पुष २०८० शहीद थप्दै सरकार, १४७९८ पुग्ने
  https://nagariknews. nagariknetwork. com/social-affairs/1407411-1705192321. html
- मुद्रण विभाग, नेपाल सरकार, नेपाल राजपत्र २०७९ साल फागुन २९ सङ्ख्या(६४)
- मुद्रण विभाग, नेपाल सरकार, नेपाल राजपत्र २०८०। ११ । २४ सङ्ख्या ५९
- बम, प्रकाश १२ हजार पुग्यो शहीदको सङ्ख्या
  https://kantipurtv. com/news/2023/01/30/1675091331. html
- बाल संसार डेस्क प्रेरक व्यक्तित्व स मानवतावादी दार्शनिक सुकरात
  https://www. ratopati. com/story/202980
- श्रेष्ठ बुद्धिनारायण, ओभेलमा परेका शहीदलाई सम्भौं
  https://www. nayapatrikadaily. com/news-details/133554/2024-


卐

वर्ष पुस्तक

# भरतपुर महानगरवासी स्रष्टाका वि.सं. २०७९ मा प्रकाशित कृतिहरूको सामान्य चिनारी



रमेश प्रभात *

*भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानले थालेको भरतपुर महानगरभित्रका लेखकका कृतिको सूची बनाउने अभियानको यो दोस्रो शृङ्खला हो । यसमा भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानको पुस्तकालयमा दर्ता भएका किताबलाई यसको मुख्य स्रोत बनाइएको छ किनकि नेपालमा अझै पनि प्रकाशकको अभावमा कतिपय लेखक स्वयम्‌ले किताब छपाउने गर्छन् त्यस्ता पुस्तक बजारमा खोज्दा नभेटिने भएकाले पनि स्रोतका रूपमा महानगर प्रज्ञाप्रतिष्ठानको भर पर्नुपरेको हो । त्यतिमा मात्र सीमित नभई सम्पूर्ण किताब, नारायणगढमा रहेका पुस्तक र अन्य कुनै माध्यमबाट मसँग भेला भएका कृतिलाई मैले अर्को स्रोत बनाएको कुरा जानकारी गराउँछु । यो आलेखमा मैले नियतवस कसैका कृतिलाई छुटाइएको छैन, मेरो सम्पर्कमा नभएका र मैले पढ्न नपाएका कसैका कृति छुटेको भए क्षमा माग्नु सिवाय मसँग अर्को विकल्प नभएको पनि सविनय अनुरोध गर्दछु ।*

## आरम्भ

सङ्घीय गणतन्त्र नेपालका छवटा महानगरपालिकामध्ये भरतपुर महानगरपालिका क्षेत्रफलमा मात्र विशाल छैन, यतिबेला यो कला, संस्कृति, भाषा र साहित्यका क्षेत्रमा पनि निकै समृद्ध बन्दै गएको छ । नेपालका विभिन्न ठाउँबाट बसाइँ सरेर आएका मानिसहरूको बसोबास रहेको यो क्षेत्रभित्रका भाषासेवीहरूले विभिन्न खालका रचना गर्ने र प्रकाशन गर्ने क्रम लामो छ । यहाँ बसोबास गर्ने सर्जकले वि.सं. २०७९ मा विभिन्न खालका कृति प्रकाशित गराएका होलान्, यहाँ ती सबैको खोजी गर्नु सम्भव छैन । यो आलेख नेपाली भाषा र साहित्यसँग सम्बन्धित भएकाले यहाँ त्यसको मात्र खोजी गरी परिचर्चा गरिएको छ ।

## समग्र कृतिको सामान्य चिनारी

यो लेख भरतपुर महानगबासी लेखकका समग्र कृतिको अध्ययन होइन, यसमा मैले नेपाली भाषा र साहित्यसँग सम्बन्धित कृतिहरू जुन मेरो जानकारीमा आए तिनलाई सर्सती अध्ययन गरी यहाँ अकारादि क्रममा छोटो चिनारी दिने काम मात्र गरेको छु । यो लेख इतिहास लेखनको निरन्तरता मात्र हो, साहित्यिक कृतिको विवेचना वा विश्लेषण कदापि होइन, यसलाई यही रूपमा लिइदिनुहुन विज्ञ पाठकमा सविनय अनुरोध गर्दछु । यहाँ मैले सङ्कलित सामग्रीलाई वर्णानुक्रमका आधारमा निम्नानुसार छोटकरीमा चिनाउने काम गरेको छु :

### १. 'अङ्कुरण'

युवापुस्ताका छन्दकवि पदम अर्यालको पहिलो कविताकृति 'अङ्कुरण'को प्रकाशन चितवन साहित्य परिषद्‌ले गरेको हो । यसभित्र देशप्रेम, शिक्षा, चेतना, अध्यात्मजस्ता विविध भावका उन्तीसवटा फुटकर कविताहरू रहेका छन् । कूल ८५ पृष्ठमा रचित यो कृतिमा कविले मङ्गलाचरणबाट आरम्भ गरेका छन् भने यसभित्रका कवितामा तेह्रवटा शास्त्रीय छन्दको प्रयोग गरेका छन् । त्यति मात्र नभएर कविताको अन्त्यमा छन्दको परिचय पनि दिइएको हुँदा छन्दका बारेमा जान्न चाहने नवपुस्ताका लागि पनि यो कृति निकै उपयोगी देखिन्छ ।

* *त्रिवि, वीरेन्द्र बहुमुखी क्याम्पसका उपप्राध्यापक प्रभात अक्षर समूह चितवनका अध्यक्ष हुन् ।*

**२. 'अधुरो मुक्तियात्रा'**

निबन्धका क्षेत्रमा सफलतापूर्वक कलम चलाएका चितवनका पाका स्रष्टा पूर्णबहादुर अधिकारीको नवौँ कृति तथा दोस्रो कवितासङ्ग्रह हो 'अधुरो मुक्तियात्रा' । चित्रकला अधिकारीले प्रकाशित गरेको यो कृतिले कूल ८६ पृष्ठको आयाम ओगटेको छ । छोटा खालका चौवालीसवटा फुटकर कविता सङ्कलन गरिएको यो कृतिमा गद्यलयका कविताहरू समेटिएका छन् । क्रान्ति, विद्रोह, समाज परिवर्तन, देश, गाउँ तथा गाउँमा व्याप्त असमानतालाई चित्रण गरिएको यो कृतिको मूल स्वर प्रगतिवादी चिन्तनलाई मुखर गर्नु हो ।

**३. 'अन्तश्चेतना'**

पूर्वीय आध्यात्मिक चेतना भएका पाका स्रष्टा अष्टदेव खनालको दोस्रो औपन्याकि कृति हो 'अन्तश्चेतना' । बिएन पुस्तक संसार प्रा.लि., काठमाडौँले प्रकाशित गरेको यो उपन्यासमा लामा र छोटा गरी तेइसवटा परिच्छेदहरू रहेका छन् । कूल २४३ पृष्ठको आयाममा फैलिएको यो उपन्यासमा पूर्वीय दर्शनको गौरवमय अतीतलाई सुललित ढङ्गले उतार्ने काम गरिएको छ । त्यति मात्र नभएर नेपालका विविध भौगोलिक क्षेत्रको चित्रण देवभूमिका रूपमा उतारिएको छ । यसमा स्वैरकल्पनाको समुचित प्रयोग गरिएको छ ।

**४. 'असल शिक्षक', 'जति सरल, उति आनन्द', 'समयमाथिको जित' र 'सर्वोच्च संस्कार, नमस्कार'**

आफैँमा एक असल शिक्षक तथा सकारात्मक सोचका धनी आचार्य लक्ष्मण भण्डारी एक कुशल कार्यक्रम प्रस्तोता पनि हुन् । उनले आफ्ना तिनै सकारात्मक चिन्तनलाई कृति बनाएर असल शिक्षक नामक कृति तयार पारेका छन् । सत्सङ्ग प्रतिष्ठान नेपालले प्रकाशित गरेको यो कृतिमा शिक्षा, शिक्षकीय मूल्य र विधिसँग सम्बन्धित बीसवटा निबन्धात्मक रचना समेटिएका छन् । जम्मा २३८ पृष्ठमा संरचित यो कृति शिक्षासँग सम्बन्धित हरेकका लागि उपयोगी देखिन्छ ।

यसैगरी सोही वर्ष भण्डारीका ६० पृष्ठको 'जति सरल, उति आनन्द', १८१ पृष्ठको 'समयमाथिको जित' तथा ६२ पृष्ठको 'सर्वोच्च संस्कार, नमस्कार'जस्ता अन्य उत्प्रेरणामूलक कृतिहरू पनि सत्सङ्ग प्रतिष्ठान नेपालले प्रकाशित गरेको छ । यी सबै कृतिको मुख्य उद्देश्य शिक्षक, अभिभावक, विद्यार्थी तथा शिक्षाप्रेमीहरूमा सकारात्मक चिन्तन पैदा गराउनु हो ।

**५. 'आमा'**

निवृत्त शिक्षक शिवहरि पण्डितको पाँचौँ कृतिका रूपमा 'आमा' शोककाव्य प्रकाशित भएको छ । साहित्य सङ्गम, चितवनले प्रकाशन गरेको यो कृतिले कूल ७६ पृष्ठको आयाम ओगटेको छ । यस कृतिमा कविले आरम्भमा आह्वान र प्रस्तावना पनि राखेका छन् भने प्रथम पुष्पबाट उठान गरी दशम् पुष्पमा समापन गरेका छन् । पुष्प भनेर खण्ड विभाजन गरिएको भए पनि त्यसभित्र पनि कतैकतै उपशीर्षकहरूमा पनि रचना समेटिएका छन् । यसर्थ यो आमालाई केन्द्रमा राखेर रचना गरिएको सुन्दर शोककाव्य हो ।

**६. 'आरब्ध'**

भरतपुर - २२ मा जन्मिएकी अनुराधा ढकालको स्थायी बसोबास भरतपुर - ५ हो । उनको पहिलो साहित्यिक कृति बनेर 'आरब्ध' आएको छ । नेपाल मुक्तक प्रतिष्ठान, काठमाडौँले प्रकाशित गरेको यो मुक्तक सङ्ग्रहमा चतुष्पदी ढाँचामा रचिएका कूल ४०९ थान मुक्तक सङ्गृहीत छन् । विविध भावका यी मुक्तकहरूले जम्मा १३५ पृष्ठको आयामा ओगटेका छन् भने यिनमा प्रेमप्रणय, राजनीति, मानवीय संवेदना, धर्म, संस्कृति, दर्शन, देश, जीवन, जगत्, सामाजिक यथार्थ, जीवनका आरोह-अवरोह आदिको सुन्दर चित्रण गरिएको छ ।

**७. 'आस्थाका फूलहरू'**

पेसाले शिक्षक पृथ्वीदेवी सुवेदी हाल भरतपुर - ९, शरदपुरमा बसोबास गर्छिन् । उनको पहिलो साहित्यिक कृति हो 'आस्थाका फूलहरू' । त्रिवेणी साहित्य प्रतिष्ठान, नवलपरासीले प्रकाशन गरेको यो कवितासङ्ग्रहले जम्मा ११९ पृष्ठको आयाम ओगटेको छ । यसमा देशप्रेम, शिक्षा, सामाजिक चेतना, नारी चेतना, समाज सुधार, परिवर्तनलगायत विविध भावका पचासवटा गद्यलयका फुटकर कविताहरू समेटिएका छन् ।

**८. 'कली'**

चितवनका विचार र लेखनका दृष्टिले खारिएका कवि, निबन्धकार तथा आख्यानकार रेशम विरहीको दोस्रो औपन्यासिक कृति हो 'कली' । शिखा बुक्स, काठमाडौँले प्रकाशित गरेको यो कृतिमा साना ठुला गरी जम्मा पच्चीसवटा खण्डहरू रहेका छन् । कूल ३०४ पृष्ठको आयाममा फैलिएको यो कृतिमा पनि उपन्यासकारले राजनीतिक विषयवस्तुलाई नै उनेका छन् । समग्रमा कलीको कथा ती सबैको हो जो समय, समाज, सामाजिक सङ्घर्ष र राजनीतिक आन्दोलनसँग जोडिएका छन् । यसर्थ यसमा समाजका विविध विषयवस्तुको चित्रण गरिनुका साथै समकालीन विद्रुप परिवेशलाई सुन्दर तरिकाले उतारिएको छ ।

**९. 'कृति सङ्ग्रह'**

पर्वत जिल्लामा वि.सं. १९९० मा जन्मी वि.सं. २०२५ देखि चितवनको शारदानगरमा स्थायी बसोबास गर्दै आएका वयोवृद्ध स्रष्टा श्यामानन्द पौडेलका हालसम्म प्रकाशित चौधवटा कविता, काव्य तथा संस्मरणहरूको सङ्ग्रह हो 'कृति सङ्ग्रह' । तिला-श्यामा प्रतिष्ठानले प्रकाशन गरेको यो कृतिले ४९४ पृष्ठको भीमकाय रूप ग्रहण गरेको छ । कवि श्यामानन्दलाई एकै ठाउँमा पढ्न चाहने पाठक, समीक्षक तथा अनुसन्धाताका लागि यो कृति निकै उपयोगी देखिन्छ भने कृतिको अन्त्यमा राखिएका फोटा तथा प्रमाणपत्रहरूको चाङले सामान्य पाठकलाई दिक्क पारेका छ । कृतिमा कतै पनि मूल्य नराखिनु यो कृतिको अर्को विशेषता हो ।

**१०. "खोरिया"**

चितवनका वरिष्ठ प्रगतिवादी कवि पोषराज पौडेलको नवीनतम काव्य हो 'खोरिया' । हाम्रो सिर्जना त्रैमासिक पत्रिका, चितवनले प्रकाशित गरेको यो काव्यमा जम्मा चौधवटा खण्ड अर्थात् खोरियाहरू रहेका छन् । कूल ११४ पृष्ठको आयाम बोकेको यस काव्यमा अन्धविश्वास, सङ्घर्ष, वर्गसङ्घर्ष, बिग्रँदो वर्तमान नेपाली राजनीति, समृद्ध जीवनको चाहना, आनन्दाननुभूतिजस्ता कुराहरू आएका छन् । यसअघि कवि पौडेलका अधिकांश काव्य शास्त्रीय छन्दमा रचिएको पाइन्थ्यो भने यो कृति लोकलयका झ्याउरे लय र असारे भाका रचिनुले सामान्य पाठकको ध्यान खिच्न सक्ने देखिन्छ ।

**११. 'गोरेटो' र 'जिन्दगीका तरङ्गहरू'**

भरतपुर महानगरपालिका वार्ड नं. १० मा स्थायी बसोबास भएका शास्त्रीय छन्दका प्रयोक्ता कवि होमनाथ घिमिरेको फुटकर कविताको सङ्ग्रह हो ' गोरेटो' । पल्लव साहित्य प्रतिष्ठान, चितवनले प्रकाशित गरेको उनको यो कृतिमा दर्शन, शहीदप्रति सम्मान, जीवन, जगत्, प्रकृति, देशप्रम, समाज, संस्कृति, राजनैतिक विकृतिजस्ता विविध भावका छ्यानब्बेवटा फुटकर कविता समेटिएका छन् । जम्मा १०४ पृष्ठको आयाममा फैलिएको यो कृति आकर्षक खालको छ ।

यस्तै उनको सोही वर्ष प्रकाशित गजलसङ्ग्रह हो 'जिन्दगीका तरङ्गरू' । यो गजलसङ्ग्रहभित्र पनि विविध भावका एक सय नौवटा बहरबद्ध गजलहरू समेटिएका छन् । यी गजलतहरू बहरमा रुचि राख्ने नव सर्जकका लागि निकै उपयोगी देखिन्छन् ।

**१२. 'घरबारीमा तोरी फुल्यो'**

लामो समय त्रि.वि.मा प्राध्यापन गरी हाल निवृत्त जीवन बिताइरहेका चितवनका पाका स्रष्टा जगन्नाथ पण्डितको पहिलो साहित्यिक कृति हो 'घरबारीमा तोरी फुल्यो' । चितवन साहित्य परिषद्ले प्रकाशित गरेको गीत-कवितासङ्ग्रह भनिएको यो कृतिको सुरुमा कविता खण्ड राखिएको छ भने दोस्रोमा गीत खण्ड राखिएको छ । कविता खण्डमा विभिन्न शास्त्रीय छन्दको प्रयोग गरिएका सन्ताउन्न फुटकर कविता समेटिएका छन् । तिनमा प्रकृति, जीवन, जगत्, अध्यात्म, देशप्रेम र व्यङ्ग्य भाव भरिएका छन् । त्यस्तै गीत खण्डमा पनि विविध भावका उन्नाइसवटा गीतहरू सङ्गृहीत गरिएका छन् ।

**१३. 'जेम्स बौलाएको दिन'**

उमेरले युवा र विचारले प्रौढ आख्यानकार सीताराम कोइरालाको नवीनतम कथासङ्ग्रह हो 'जेम्स बौलाएको दिन' । फिनिक्स बुक्स, काठमाडौँले प्रकाशित गरेको यो कथाकृतिमा मूलतः वैदेशिक रोजगारी, त्यसले निम्त्याएका समस्या, त्यसले पुऱ्याएको योगदान, विदेशमा रहँदा प्रवासी कामदारले भोग्ने समस्या, घरदेशको सम्झना, स्वदेशमा फर्केपछि आउने विदेशको याद आदिलाई विषयवस्तु बनाएको छ । कूल १६९ पृष्ठको आयाममा फैलिएको यो कृतिमा लामा छोटा गरी जम्मा सोह्रवटा कथाहरू समेटिएका छन् । यो कृति यो समयको एउटा सशक्त कथाकृति बनेको पाइन्छ ।

**१४. 'झुमर'**

चितवनकी उदीयमान स्रष्टा सिम्रन क्षेत्रीको पहिलो साहित्यिक कृति हो 'झुमर' उपन्यास । ए.डी.बी. पब्लिकेशन प्रा.लि., काठमाडौँले प्रकाशित गरेको यो उपन्यासले कूल २२९ पृष्ठको आयाम ओगटेको छ । यो उपन्यासमा लामा छोटा गरी सोह्रवटा खण्डहरू शीर्षकसहित आएका छन् । यसमा देशभित्र र देशबाहिर पनि महिलाले भोग्नुपरेका दुःख, पीडा र वेदनालाई मूल स्वर बनाइएको छ । नारीले नारीका बारेमा लेखेको उपन्यास भएकाले पनि यो नारीसम्बन्धी आधिकारिक सामग्री बनेको छ ।

**१५. 'टुबरा'**

चितवनका क्रियाशील युवा आख्यानकार मनोज थारु 'अज्ञात'को दोस्रो औपन्यासिक कृति हो 'टुबरा' । शिखा बुक्स, काठमाडौँले प्रकाशित गरेको यो उपन्यासले कूल २१६ पृष्ठको आयाम ओगटेको छ । बिचबिचमा मसिना अक्षरमा शीर्षकजस्तो गरी २३ वटा टुक्रमा विभाजित गरिएको यो उपन्यासले निमुखा थारुलाई पात्र बनाएको छ । भाषा नजानेको, पढ्न र बोल्न नसक्ने भएका कारण समाजमा त्यस्ता पात्रले के कस्ता दुःख भोग्नुपरेको थियो भन्ने इतिहासलाई निफन्ने काम गरेकाले पनि यो उपन्यास पढ्नयोग्य छ ।

**१६. 'तरङ्ग'**

भरतपुर - १३, चम्पानगरमा स्थायी बसोबास गर्ने कवि तुलसी पण्डितको छैटौँ साहित्यिक सन्तान हो 'तरङ्ग' । साहित्य सङ्गम, चितवनले प्रकाशित गरेको यो कृति गीति कविताको सङ्ग्रह हो । यसमा मायाप्रेम, प्रकृति, संस्कृति, देशप्रेम, विद्रोह, व्यङ्ग्य, समाज सुधारलगायत विविध भावका एकसट्ठीवटा गीति रचना समेटिएका छन् । कूल ७७ पृष्ठको आयाम बोकेको यो कृति सरल तथा सुललित खालको छ ।

**१७. 'दलदल'**

आख्यानकार हिरा लामाको पहिलो औपन्यासिक कृति हो 'दलदल' । इन्डिगो इन्क प्रकाशन प्रा.लि., काठमाडौँले प्रकाशित गरेको यो उपन्यासले कूल २३८ पृष्ठको आयाम ओगटेको छ । कथामा जस्तो गरी विभिन्न चौबिसवटा शीर्षक दिएर यो उपन्यासको कथावस्तुलाई बुनिएको छ । तत्कालीन माओवादी द्वन्द्वदेखि लिएर वर्तमान समयमा चलिरहेको देशका

विविध खालका समस्यालाई केन्द्रमा राखेर तयार पारिएको यो उपन्यास देशलाई हेर्न सकिने एउटा ऐना हो ।

### १८. 'परमानन्द'

भजन लेखनमा ख्याति कमाएका कवि हीरालाल कँडेल 'भारद्वाज'को पहिलो महाकाव्य हो 'परमानन्द' । परमानन्द संस्कृत छात्र परिषद्, नेपालले प्रकाशन गरेको यो महाकाव्यले १९३ पृष्ठको आयाम ओगटेको छ । कूल सत्ताइस सर्ग र १२५४ श्लोकमा रचित यो महाकाव्यको मूल ध्येय गुरुवन्दना हो । सन्त स्वामी परमानन्द सरस्वती महाराजको जीवनगाथा गाउने काम यो महाकाव्यमा गरिएको छ । चौधवटा विभिन्न शास्त्रीय छन्दको प्रयोग भएको यो महाकाव्य छन्दप्रयोगका दृष्टिले उत्तम बनेको छ ।

### १९. 'परिकल्पना'

भरतपुर - २१ मा स्थायी बसोबास गर्ने कवि कल्पना अधिकारी भण्डारीको पहिलो साहित्यिक कृति हो 'परिकल्पना' मुक्तकसङ्ग्रह । पल्लव साहित्य प्रतिष्ठान, नारायणगढले प्रकाशित गरेको यो मुक्तकसङ्ग्रहले कूल १२४ पृष्ठको आयाम ओगटेको छ । जम्मा २४९ वटा चतुष्पदी ढाँचाका मुक्तकहरू समेटिएर तयार पारिएको यो कृतिमा व्यङ्ग्य, विद्रोह, नारीसमस्या, जीवनदर्शन, प्रेमप्रणय, राष्ट्रवादी चेतना आदि मुखरित भएको पाइन्छ ।

### २०. 'भन्न सक्छौ र तिमी ?'

भरतपुर - २२, पटिहानीका स्थायी बासिन्दा कवि कृष्णराम ढुङ्गानाको पहिलो साहित्यिक सन्तान हो 'भन्न सक्छौ र तिमी ?' कवितासङ्ग्रह । करिब चार दशक शिक्षण सेवामा कार्यरत रही निवृत्त भएका ढुङ्गानाको यो पहिलो कृति विज्ञान ढुङ्गाना र पुनम नेपाल ढुङ्गानाले गरेका हुन् । कूल ७८ पृष्ठको आयाम बोकेको यो कृतिको पहिलो खण्डमा गीतिलयका तेइसवटा कविताहरू समेटिएका छन् भने दोस्रो खण्डमा गद्यलयका अठारवटा कविताहरू समेटिएका छन् । यसमा रेडक्रस, प्रकृति, देश, समाज, परिस्थितिलगायतका विविध भावका कविताहरू समेटिएका छन् ।

### २१. 'म'

निबन्ध, कविता र बालसाहित्यमा परिपक्वता हासिल गरेका चितवनका पाका स्रष्टा रह शर्माको तेस्रो बालकविताको सङ्ग्रह हो 'म' । भुँडी पूराण प्रकाशन, काठमाडौँले प्रकाशन गरेको यो कृति चिल्लो पानामा रङ्गीन चित्रका साथमा छापिएको छ । जम्मा एघारवटा बालकविता समेटिएको यो कृतिले कूल सोह्र पृष्ठको आयाम ओगटेको छ । यसमा बालबालिकालाई प्रकृति र संस्कृति बुझाउनुका साथै शिक्षा तथा मनोरञ्जन दिने काम पनि गरिएको छ ।

### २२. 'मधुर मिलन'

चितवनका पाका स्रष्टा तथा वरिष्ठ प्रगतिवादी लेखक रविकिरण निर्जीवको पहिलो औपन्यासिक कृति हो 'मधुर मिलन' । शब्दार्थ प्रकाशन, काठमाडौँले प्रकाशित गरेको यो उपन्यासले कूल २३६ पृष्ठको आयाम ओगटेको छ । लामा छोटा गरी जम्मा ७९ वटा खण्डमा विभक्त यो उपन्यासको मूल विषयवस्तु राजनीति हो । यसमा मूलतः पञ्चायतकालीन समाजको चित्रण गरिएको छ । त्यसका अतिरिक्त लमजुङ जिल्ला र यसको आसपासको भूगोलको चित्रण पनि यसको मुख्य आकर्षण हो । यसमा पहाडी भूभागमा बसोबास गर्ने मानवहरूमा व्याप्त अशिक्षा, अभाव र अवसरको कमीलाई सुन्दर ढङ्गले चित्रण गरिएको छ ।

### २३. 'मेरा बीज अक्षरहरू' र 'रङ्गिन कालो'

भरतपुर महानगरपालिका वार्ड नं. २० मा स्थायी बसोबास भएका वरिष्ठ इन्जिनियर तथा कवि डा. हेमनाथ घिमिरेको गद्य कविताको सङ्ग्रह हो 'मेरा बीज अक्षरहरू' । लीलामाया घिमिरेले प्रकाशित गरेको

उनको यो कृतिमा जीवन, जगत्, प्रकृति, भूगोल, देश, समाज, समय, राजनैतिक विकृतिजस्ता विविध भावका तीसवटा गद्यलयका फुटकर कविता समेटिएका छन् । जम्मा ७२ पृष्ठको आयाममा फैलिएको यो कृति पाठकमैत्री छ ।

कवि घिमिरे नेपाली कविता, गीत तथा बालसाहित्यमा निरन्तर क्रियाशील छन् । यस्तै उनको सोही वर्ष प्रकाशित गीतसङ्ग्रह हो 'रङ्गिन कालो' । यो गीतसङ्ग्रहभित्र पनि विविध भावका एकाउन्नवटा गीतहरू समेटिएका छन् । यी गीतहरू गायनका लागि पनि निकै उपयोगी देखिन्छन् ।

२४. **'राज्यको भलो होस्'**

वरिष्ठ समाजसेवी प्रभातकुमार जोशीको दोस्रो साहित्यिक कृति तथा पहिलो कवितासङ्ग्रह हो 'राज्यको भलो होस्' । भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानले प्रकाशित गरेको यो कविताकृतिले कूल १०७ पृष्ठको आयाम ओगटेको छ । गद्यलयका लेखिएका एकचालीसवटा फुटकर कविता समेटिएको यो कृतिमा विविध भावहरू आएका छन् । मूलतः यथार्थबोधी चेतना समेटिएका यी कविताहरूमा वर्तमान राजनीतिप्रति व्यङ्ग्य, मानवता तथा मानवीय मूल्यको खोजी, नारी अस्तित्त्वको चर्चा, गणतन्त्रले दिन नसकेका कुराहरू तथा सार्वजनीन भावहरू मुखरित भएका छन् ।

**२५. 'सत्धर्म'**

कवि तथा आध्यात्मिक चिन्तक कमल कँडेल 'प्रकृति'को दशौँ साहित्यिक सन्तान हो 'सत्धर्म' आध्यात्मिक निबन्धकृति । सत्य साई केन्द्र, नारायणगढले प्रकाशित गरेको यो कृतिले ११२ पृष्ठको आयाम ओगटेको छ । जम्मा तेइसवटा आध्यात्मिक निबन्धहरू सङ्गृहीत यस कृतिमा गौतम बुद्धलाई केन्द्रमा राखेर उनका विचारहरूको पुष्टि गर्न खोजिएको छ । यो कृतिको अन्त्यमा बुद्ध धर्मसँग सम्बन्धित शब्दार्थ पनि राखिनुले सामान्य पाठकका लागि सजिलो बनाएको छ ।

**२६. 'सन्ताप'**

भरतपुर - ६, इन्द्रपुरीमा स्थायी बसोबास रहेका कवि रामचन्द्र ढकाल 'आर.सी. अज्ञात'को पहिलो साहित्यिक सन्तान हो 'सन्ताप' खण्डकाव्य । पल्लव साहित्य प्रतिष्ठान, नारायणगढले प्रकाशित गरेको यो खण्डकाव्यले कूल ८० पृष्ठको आयाम ओगटेको छ । जम्मा चार सर्गमा विरचित यो खण्डकाव्यमा चारवटा मात्रै शास्त्रीय छन्दको प्रयोग गरिएको छ । सर्गान्तमा छन्दपरिर्वनको नियमलाई पालना गरिएको छैन भने सर्गसङ्ख्या पनि कम देखिन्छ । त्यति हुँदाहुँदै पनि श्लोकसङ्ख्या हरेक सर्गमा ८०-८० गरी जम्मा ३२० हुनु, जीवनका उतार चढावको चित्रण हुनु, करुण रसलाई परिपाकमा पुऱ्याउनु यस खण्डकाव्यका प्राप्ति हुन् ।

**२७. 'संस्कृतिका सोपानमा चितवन'**

वरिष्ठ सांस्कृतिक अध्येता डी.आर. पोखरेलको उन्नाइसौँ साहित्यिक कृति तथा तेस्रो सांस्कृति अध्ययन हो 'संस्कृतिका सोपानमा चितवन' । हाम्रो सिर्जना त्रैमासिक पत्रिका, भरतपुरले प्रकाशित गरेको यो अनुसन्धानात्मक कृतिले जम्मा ७८ पृष्ठको आयाम ओगटेको भए पनि मूल सामग्रीले भने ७५ पृष्ठ मात्रै लिएको छ । जम्मा चार परिच्छेदमा विभक्त भएर पनि विषयसूची नराखिनु, शीर्षकीकरण र पृष्ठविभाजनमा देखिएको समस्याका कारण यो कृति एउटा लेखजस्तो मात्र देखिएको छ । चितवनको प्राचीन संस्कृति बुझ्नका लागि यसमा गरिएको वर्णन र अत्यावश्यक ठाउँमा दिएका चित्रहरूले भने कृतिको ओज बढाएको पाइन्छ ।

यसरी वि.सं. २०७९ मा भरतपुर महानगरपालिकाभित्र स्थायी बसोबास गर्ने कवि तथा सर्जकहरूले कविता, गीत, गजल, मुक्तक, खण्डकाव्य, महाकाव्य, कथा, उपन्यास, संस्मरण, बालसाहित्य, समग्र लेखनको सङ्कलन, अनुसन्धान, उत्प्रेरणामूलक लेखन र दर्शनजस्ता विविध विधाका कृतिहरू प्रकाशित गरेको देखिन्छ । यस्ता कृतिले नेपाली साहित्यको भण्डार

भर्ने काम मात्र नगरी नेपाली साहित्यलाई अग्रगतिमा लैजाने काम पनि गरेको देखिन्छ ।

**वि.सं. २०७९ का कृतिको मूल प्राप्ति**

भरतपुर महानगरका स्रष्टाहरूको वि.सं. २०७९ मा विविध विधाका कृतिहरू प्रकाशित गरिएको भए पनि कविताकाव्य र आख्यान बढी प्रभावकारी छन् । तिनमा कवि पोषराज पौडेलको 'खोरिया' र जगन्नाथ पण्डितको 'घरबारीमा तोरी फुल्यो' सुन्दर कविता र काव्य हुन् भने रह शर्माको 'म' सुन्दर बालकविता हो । यो वर्ष प्रकाशित रचनामा कविताकाव्यका तुलनामा आख्यान बढी सशक्त देखिन्छन् । यतिबेला चितवनको आख्यानलेखन सङ्ख्यात्मक तथा गुणात्मक दुवै हिसाबले ती सशक्त बन्दै गइरहेका छन् । साहित्यकार रेशम विरहीको उपन्यास 'कली' र सीताराम कोइरालको कथाकृति 'जेम्स बौलाएको दिन' निकै उत्कृष्ट कृति हो भने मनोज थारुको 'टुबरा' र हिरा लामाको 'दलदल' पनि निकै सशक्त उपन्यास हुन् । त्यस्तै गरी पहिलो उपन्यास भएर पनि रविकिरण निर्जीवको 'मधुर मिलन' प्रभावकारी देखिन्छ ।

**समापन**

वि.सं. २०७८ मा भरतपुर महानगरपालिका प्रज्ञाप्रतिष्ठान गठन भएपछि यसले विभिन्न पत्रपत्रिकाको पनि प्रकाशन गर्दै आएको छ । त्यस्तैमा वि.सं. २०८० देखि भरतपुर साहित्य दर्पण पत्रिकाको दोस्रो अङ्कदेखि वर्ष पुस्तक भनेर यसको क्षेत्रभित्र बसोबास गर्ने स्रष्टाका अघिल्लो वर्षभरि प्रकाशित कृतिहरूको सामान्य चिनारी पनि हुने र इतिहास लेखनका लागि सामग्री पनि तयार हुने ध्येयले यो कामको थालनी गरेको छ । गतवर्ष भरतपुर महानगर वर्ष पुस्तक २०७८ तयार पारिएको थियो भने यो वर्ष २०७९ मा निस्केका कृतिका बारेमा यो लेख तयार पारिएको छ । यसले भरतपुर महानगपालिकाका साहित्यिक कृतिका बारेमा अनुसन्धान गर्न चाहने अनुसन्धातालाई सहयोग पुग्नेछ भन्ने लक्ष्य राखिएको छ ।

**सन्दर्भ ग्रन्थसूची माथि उल्लेख भएका कृतिहरू**

卐

गीत

# सिमाना गीत



रेशमलाल श्रेष्ठ

युगौं अजर अमर हुने चन्द्र सूर्य रोजें,
नेपाली हुँ नेपालको आफ्नै माटो खोजें ।

आफ्नो भन्नु आफ्नै हुन्छ पाखो होस् या भिर,
साग सिस्नु जे खाए नि झुक्दैन यो शिर ।
अभिमान गर्दिन म स्वाभिमान रोजें,
नेपाली हुँ नेपालको आफ्नै माटो खोजें ।

पोहोर साल सिमानाको जङ्गे पिलर ढाल्यो,
यसपालि त घरबारीको टहरो नै फाल्यो ।
आफ्नै बाटो, आफ्नै माटो, आफ्नै पाटो रोजें,
नेपाली हुँ नेपालको आफ्नै माटो खोजें ।

छिमेकीलाई मान गर्दा शान बढी गरे,
आफ्नो हक छोड्दिन म मर्छु मर्नु परे ।
लिम्पियाधुराबाट बग्ने काली रोजें,
नेपाली हुँ नेपालको आफ्नै माटो खोजें ।

युगौं अजर अमर हुने चन्द्र सूर्य रोजें,
नेपाली हुं नेपालको आफनै माटो खोजें ।

卐

* *पूर्व कोषाध्यक्ष : चितवन साहित्य परिषद्*

कविता

# भरतपुर

रह शर्मा*



नेपालको मध्यभागमा अवस्थित
उन्नतिशीलतामा अग्रसर
विश्वसम्पदा सूचीमा सूचीकृत
राष्ट्रिय निकुञ्जको प्रवेशद्वार
यत्रतत्र सर्वत्र देख्न सकिने
थरिथरिका पर्यटकीय आकर्षण
यो रमणीय भरतपुर
मनचिन्ते भरतपुर भएको छ।

रिङ-लिङ्करोड, दुई पाङ्ग्रेमा गुड्ने कि
घैला-बाघ-राइनो-बिस-अठ्ठाइस हजार ताल पुग्ने कि
वागीश्वरी, देवघाट, विक्रमबाबा मन्दिरसँगै
भोजबाबा, महाबौद्ध आदि
धार्मिक सर्किटतर्फ पो पुग्ने कि
साइकलमै पयर घुमाउँदै घुइँकिने कि
वा मर्निङ-इभिनिङ वाकमै भने पनि
महिनौं लगाएर दृश्यावलोकन गर्ने हो।

रगतले लतपतिएको गेस्ट हाउस पुगेर
अठार सालको स्मृतिले ढक्क हुने कि
बखान बहुउद्देश्यीय सहकारीलगायत
भिन्न प्रकारका सहकारीमा पनि पुग्ने कि
गोलाघाट र अम्रेला स्ट्रिट
वा चौकी डाँडामा उक्लने कि
ज्ञानेश्वर ब्लक, मिनी जु र क्रुज चढेर
नारायणीको चिसो हावामा रमाउने कि

दियालो बङ्गला आँखामा सजाउँदै सतनचुलीबाट
उपरदाङगढी चिहाउने हो कि
सूर्योदय-सूर्यास्तमा नयन जुधाई
डुङ्गा सयर एवम् ऱ्याफ्टिङ, जलयात्रामा रमाउँदै
किसिम-किसिमका होमस्टेको अनुभूति सँगाल्ने कि
वाल्मीकि आश्रम पुगेर
रापती र नारायणीको सङ्गममा
स्नानमा सरिक पो हुने कि

गाई-कुखुरा-माछा पालनको दृश्य
तरकारी र खेतीपाती झुलेको
शान्ति वन र पार्कहरूको रमाइलो
विभिन्न सांस्कृतिक पर्वको उल्लास
साहित्य, कला र संस्कृति जगेर्नाको लागि
जागरुकहरूले गरेका प्रयासको दृश्यवर्णन
भौगोलिक विविधतायुक्त
उत्तम-अनुपम गन्तव्य हो - भरतपुर।

卐

*प्राज्ञसभा सदस्य : भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान*

कथा

# अब लजाउँदैन लज्जावती



राधिका कल्पित *

"ओइ ! ढोका खोल् ।
ढोका खोल् भन्या सुनिनस् ?"

कोठा बाहिरबाट ढोकामा बज्रेका लातका आवाजले हाम्रा कान ठाडा भए। उनी रक्सीले झल्लिएर आएका छन् भन्ने आभासले हामी तीनै प्राणी एकै डल्लो पर्यौं ।

काखमा दुध चुसिरहेकी नानिलाई छातीमा च्यापेँ । ठुली छोरीलाई कुनातिर सारेँ र लुगलुग काम्दै ढोकाको चुकुल खोलेँ ।

ढोकाका खापा खुलेसँगै फेद गिँडिएको रूखझैँ गल्र्याम्म मेरो शरीरमाथि ढले उनी । मैले भएभरको बल लगाएर उनलाई थामेँ । जेनतेन सोफामा लगेर ढल्काइदिएँ । मुख ह्वास्स गनायो । गन्हाएका जुत्तामोजा खोलिदिएर ढोकाबाहिर राखिदिएँ । धुलाम्मे लुगाहरूले लड्दैपड्दै घर आइपुगेका रहेछन् भन्ने कुरा बताइसकेका थिए ।

उनले पिएर आएको रात यस्तो लाग्थ्यो, मानौँ उनी खुँडा उद्याएर काम्दै आइरहेका देवीथानका पुजारी हुन् अनि म बली दिन पर्सिएर मौलामा बाँधिएको पशु ।

चुसिरहेको दुधको लाम्टो एक्कासी मुखबाट थुतिएपछि निदाउन लागेकी नानी घरै उचाल्ने गरी रुन थाली । गृहकार्य गरिरहेकी चारवर्षे छोरी अगुल्टाले हानेको कुकुर बिजुली चम्कदा तर्से झैँ मेरो साडीमा लुटुपुटु गर्न थाली । बाबुको मुखबाट निस्केको दुर्गन्धले निम्त्याउने दुर्घटना बारे ठुलीनानीले त्यसरी नै बुझेकी छे, जसरी आकाशमा बिजुली चम्केपछि गड्याङगुडुङ हुन्छ। जब उनी ढुन्मुनिँदो शरीर लिएर लर्बरिँदै कोठाभित्र छिर्थे, ठुली नानीले एकछिन पनि एक्लै छाड्थिन मलाई। बाबुलाई त्यस्तो हालतमा घर आएको दिन मेरो शरीर खेल मैदान जस्तो बनेको उसले देखेकी छ त्यसैले हंसले ठाउँ छाड्थ्यो उसको । हुन त चारवर्षे चिचिलीले के नै बचाउ गर्न सक्थी र तैपनि बाउसँग आर्तनाद गरेर हुन्छ कि आमाको शरीरमा बेरिएर हुन्छ लागेपुगेसम्म बचाउ गर्ने प्रयास गर्थी आफ्नी आमाको ।

बाउ मुन्टो झुन्ड्याएर सोफामा बसेर मलाई गाली गरिरहेको देखेर डराउँदै चोर नजरले बाउलाई हेरी । उसलाई देखेर मेरा आँखा पिलपिल भइरहेका थिए। आफूलाई सम्हाल्दै श्रीमतीको कर्तव्य निभाउनतिर लागेँ ।

हातमा पानीको गिलास लिएर "पानी पिउनुहुन्छ ?" भन्दै उनको हातमा गिलास के थमाएकी थिएँ, "तेरो बाउको पानी तैं खा" भन्दै गिलास हुत्याएर फ्याँकिदिए । गिलास दराजको सिसामा ठोक्किएर सानीको जीउभरि पानी पोखियो । अर्धनिद्रामा भएकी सानी तर्सिएर कोकोहोलो गरेर रुन थाली ।

मध्यरातमा रुवाइले घर र छरछिमेकका अन्य मान्छेहरू नब्युझिउन् भनेर रुवाइ बन्द गराउन उसको मुखमा दुधको मुन्टोको बुझो लगाइदिएँ । तुरुन्तै रुवाइ थामियो ।

ठुली नानी पानीले फतक्क गलेको कापी देखाउँदै स्वर दबाएर बोली, "मम्मी, मेलो होमवोक थप्पै भिदो । भोलि मिछले गाली गर्नुन्च ।"। उसका आखाबाट बर्बरी नुनका ढिकाजत्रा आँसु झरिरहेका थिए । मैले सान्त्वना दिदैँ सासैसासमा भनेँ, "नरोऊ बाबा ! भोलि नयाँ कापी किनिदीन्छु र तिम्रो मिसलाई पनि भेटेर गाली नगर्नुस् भन्दिन्छु ।" कुरा बुझेझैँ गरी

* भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित **राष्ट्रिय खुल्ला कथा प्रतियोगिता** २०८० का प्रोत्साहित कथाकार

कापी लिएर "भान्छामा छुकाउँछु है" भन्दै गई। फर्किंदा भान्साबाट टालो ल्याएर भुइँमा पोखिएको पानी पुछ्न थाली ।

फतफताउँदा फतफताउँदै उनी सोफामै निदाएछन् । हिलाम्मे भएको पाइन्ट र कमिज खोलेर फालिदिएँ र बिस्तरामा लेटाइदिएँ। पल्टाइदिएको एकैछिनमा

उनी घुर्न थाले । हामी तीनजना लुसुक्क भान्साकोठातिर लाग्यौँ, जहाँ हाम्रो बिस्तरा थियो र सजिलोसँग सास फेर्ने एउटा सानो संसार थियो।

भित्रभित्र कामिरहेको मनलाई थामेर नानिलाई दुध चुसाउँदै खाटमा पल्टेँ। ठुली आएर बैनीसँगै चपक्कै टाँसिएर सुती । उसले सासैसासमा केके कुरा सोधी। कतिको जवाफ दिएँ, कतिका जवाफ थिएनन् मसँग। उसका नादान प्रश्नका सामना गर्नुभन्दा मुख थुनाउनु सजिलो लागेर बोलेँ, "बिहान उठेर होमवर्क गर्न छ चाँडै निदाऊ।"

"मलाई दल लागेल नुनु नै आको छैन मामु।" टुक्रिएको तोते स्वरमा बोली।

"ल मैले तिमीलाई सुनकेश्री मैयाँको कथा भन्छु।"

कथा आधाआधी नहुँदै ऊ निदाइछ। "अब उठेर खाना तताएर दिनुपर्ला" भन्ने कुरो के सोच्दै थिएँ उनी ब्युँझिए।

"रन्डी ! दिनभर कोसँग लठारिएर बसिस् ? मध्यरातसम्म लोग्ने खाएर आको छ कि भोको छ भनेर सोध्नुक्यार्नु छैन।"

मेरो ढाडमा उनका लात बर्सन थाले। झस्काएकी ठुलीनानी चिच्याउँदै ढाल बनेर पिठ्युँमा टाँस्सिई। पिठ् युँमा छोरी टाँसिएको देखेपछि उनको अर्को लात मेरो तिघ्रामा गएर बज्रियो। इन्तु न चिन्तु भएर म डल्लो परेँ। आँतबाट निस्केको आहको चित्कारको आगोलाई आँसुले निभाएँ। सानिलाई चोट लाग्ला भन्ने पीरले कुखुरीले अन्डा लुकाएझैँ टाङमुनि लुकाएँ। ठुली आएर छातीमा कङ्गारुको बच्चाझैँ लपेटिई। हामी तिनैजना भुइँचालोमा डरले टाउको टाङमुनि छिराएर डल्लो परेजस्तै एकअर्कालाई च्यापेर गुजुल्टो पर्‍यौँ। काखेछोरी त हामी आमाछोरीमाथि परेको आघातबाट अनभिज्ञ थिई तर बिचरी ठुली डरले काम्दै "मामुमामु" गरिरहेकी थिई।

पिठ्युँमा फेरि अर्को लातको बज्र पर्‍यो। पीडाले रन्थनिएर मुखबाट चित्कार छुट्न खोज्यो। नानीहरूको सातो जाला भन्ने पीरले दाँतले जिब्रो टोकेर चित्कारलाई भित्रभित्रै दबाएँ। ठुली नानिलाई फकाउँदै भनेँ, सानु एकछिन बैनीसँग सुत म बाबालाई खाना लगिदिन्छु।

फर्केर आएर दुईटी नानिलाई एउटै अङ्गालोमा च्यापेर चुहिएको गाग्रीझैँ चुहिरहेँ, तप्पतप्प ! आँसु निखियो तर पीडा झन् बढ्यो। कपासको सिरानी नदी किनारको बालुवाजस्तै भिज्दै सुक्दै गर्थ्यो।

पेटमा भोकले झ्याली पिटे पनि पीडा र सन्तापले भोकलाई जितिरहेको थियो । टट्याएका आँखाहरू यसो के लाग्न थालेका थिएँ, कानमा आएको फुसफुस आवाजले तर्सेर उठेँ।

"उता मेरो कोठामा मुन्टी।" एउटा परिचित छायाँले धम्क्याएर कोठाबाट निस्क्यो।

मुटु नै भुकम्पको केन्द्रबिन्दु हो भनेझैँ भित्रैदेखि नै जिउ थर्र काम्दै आयो। मनमा गर्र पहिरो गयो। आँसु तर्र खसे। इन्द्रियहरूमा थर्र कम्पन छुट्यो। एकमन त लागिरहेथ्यो उठेर खुर्पाले झप्काउँदिऊँ र जेलमा हाइसन्चो भएर बसूँ तर छेउमा सुतिरहेका आफ्नै रगतका डल्लाले मलाई बाँधे। दाँत किटेर आफ्नै जिब्रो चपाइरहेँ।

एकछिनसम्म निच मारेर छोरीलाई झन् दह्रोसँग अङ्गालेर सुतिरहेँ। ठुलीले छिरिक्क गरेको आवाज थाहा पाउँथी। अघिको त्यो ताण्डव दृश्यको साक्षी त्यो नाबालक, अब फेरि आमा अर्को कोठामा चुकुल लगाएर बस्दा उसका बालमनोविज्ञानमा पर्ने असर सम्झँदा मात्र पनि कहाली लागेर आयो। उठेर जान सकिनँ। मभित्रको पत्नीत्वलाई मातृत्वले जित्यो। अटेर गरी पल्टिइरहेँ।

कुरुसले धागो बुनेजस्तै मनले तन्द्राको तानमा केके तानाबाना बुन्दै थियो, फेरि बाजले कुखुराको चल्लो झम्टेझैँ झम्टाइ पऱ्यो मेरो केशमा । आहत भएर सासैसासमा कराएँ, "आउँछु के ! नानी निदाइसकेकी छैन ।"

"धेरै बहाना नगराई, छिटो मर ! नत्र..." भन्दै उनी गए ।

मैले बिस्तारै नानीहरूलाई अङ्गालोबाट छुटाएँ । दुवैलाई सिरक ओडाइदिएँ । सानी खाटबाट नखसोस् भनेर दुईटा कुर्सीले खाटको छेउमा छेकेर राखिदिएँ । बिरालोको चालमा भान्साकोठाबाट निस्कैँ । सर्पको प्वालमा छिर्दाको मुसाको हालत थियो मेरो । कोठामा छिरेँ र बिस्तारै नआउने गरी चुकुल लगाएँ ।

उत्तानो परेर पसारिएको पाहा झैँ उनी खाटमा उत्तानो परेर नाङ्गै पसारिएका थिए । म आएको चाल पाउने बित्तिकै भोको बाघले मृगलाई झम्टेसरी झम्टिए । दुर्गन्धित मुख ल्याएर मेरो मुखमा जोत्दै हातहरूले दुम्सीले आलु खोस्नेसरी अङ्गअङ्ग खोस्न थाले ।

मलाई मुर्दाझैँ अचल देखेर जङ्गिदै भने, "जाबो एउटो लोग्नेलाई कसरी रिझाउने भन्ने ज्ञान पनि नभएकी ग्वाँच ! कि दिउसै नाठोसँग लठारिएर अघाइसकेकी होस् ?"

पछिल्लो वाक्य सुन्दा मुखमा एक मुक्का बजाइदिएर दाँतसाँत झारिदिऊँ जस्तो भएको थियो तर "हरिपदेखि दैव डराउँछ भनेँझैँ" दानवसँग निहुँ खोज्न आँट आएन ।

शरीरलाई त सहने बानी परिसकेको थियो । यस्तो अवस्थामा मलाई सबैभन्दा सकस हुन्थ्यो मन जोगाउन । त्यसैले मनलाई चोट नलागोस् भनेर शरीरदेखि अलग्याएर् अजग ठाउँमा राखेर जिउ सुम्पिदिन्थे । आज पनि त्यसै गरेँ ।

कतै बिच्छीका डसाइ, कतै दुम्सीका कोतऱ्याइ र कतै अगुल्टोको घुसाइले मर्माहत भयो मेरो शरीर । आकासमा तैरिएर चिलले चल्ला हेरेजस्तै मनका आँखाले आफ्नै शरीरमाथि भइरहेको ज्यादती नियालिरहेँ मानौ त्यो शरीर मेरो होइन । शरीरले खेपिरहेको यातनाबाट मनलाई मुक्त गर्न यो आफैले निर्माण गरेको सूत्र थियो । ।

"अब मैले मुक्त गर्नुपर्छ आफूलाई यो पीडाको आहालबाट ।" माथिमाथि तैरिरहेको मनले अह्रयायो । एक्कासी नङको सट्टा नङ्रा, दाँतको सट्टा दाह्रा निस्केजस्तो भयो मलाई । नङ र दाँत एकैचोटि बलपुग्नेगरी गाडेँ उनको शरीरमा र सन्तोषको सास फेरेँ । नशामा चूर उनलाई के पत्तो हुन्थ्यो मेरा आक्रामक प्रतिक्रियाको ।

विजयी कुस्तीबाजझैँ उन्मादमा उम्लिरहे उनी । दाइँका गोरुका खुरमुनिको परालझैँ माडिइरहेँ, माडिइरहेँ म । होटलवालीले रक्सीको सिसीमा मकैका खोयाको बिर्को बटारेझैँ भएजतिको बलले मेरो जिउ बटार्दै कानमा फुसफुसाए, "मलाई यो पालि जसरी नि छोरो चाहिन्छ । औषधिसौसधी त खाइछैनेस् नि ? मलाई नसोधी सूर्य लाउने, औषधि खाने गरेको थाहा पाएँ भने छाला काडेर नुनखुर्सानी दल्चु नि फेरि ! धेरै जान्नी पल्टेर मेरा आँखामा छारो हाल्नि होइन नि !"

सासैसासले जवाफ दिएँ, "काखकी नानी बल्ल चार महिनाकी भई । ज्यानबाट अझ ज्वानोको गन्ध हराको छैन, केको अर्को बच्चा पाउने कुरो गर्नुन्च र तपैँले ? मेसिन हो र मेरो शरीर ? पोहोर तीन महिनाको गर्भ फाल्दा रगत बगेर झन्डै मरेको बिर्सनुभयो ? सबै रका भा चारोटा भइसक्थे । ब्या भको पाँच वर्षमा चारचोटि पेट बोकिसकेँ । यो उमेरमै जिउ कस्तो भइसकेको छ । अहिलेका जमानाँ नि के को छोरोछोरो भनेर रटान गर्नुन्च र तपाईँ ? मलाई त पुगो अब ।"

"अझ मास्टर्नी पल्टेर मुख चलाउँछेस् ! त्यस्तो जान्नि रैछस् त किन तेरा बाआमाले तँमुनि बसौँटे छवटी जन्माउँदा पनि नपाओ भन्न सकिनस् त ! आफ्नी आमाको रगततिर गएरै त हो तैले नि बसौँटे छोरीछोरी पाको । मेरा दाइभाइका त छोरै छोरा छन् सबका ।" उनी झन् जङ्गीए ।

"जे भन्नि हो मलाई भन्नू ! किन बाआमालाई छुनुन्च ।"

मेरो बोली खस्न पाको थिएन एकैचोटि चुल्ठोमा जकडिएको उनको हातमा मेरो माथ कोल घुमेझैँ घुम्यो ।

"बढी मुख नचला । मैले छोरो चाहियो भनेसी चाहियो । अरू म जान्दिनँ ।"

मैले निला फोका देखेँ । सुरुङभित्र हराएको स्वरझैँ मेरो आवाज हरायो । आँसुको मूल आँतमै फुट्यो । आँतमै सुक्यो ।

हवसको हुरी थामिएपछि उनी रेस लगाएर थाकेको घोडाझैँ खाटको कुनामा पल्टिए । भीषण सुनामीबाट आफूलाई बचाउन सफल रूखको पोथ्रोझैँ आफ्नो दर्फरिएको जिउ सुम्सम्याउँदै भान्साकोठामा छिरेँ । छातीसम्मको भाग आँसुले लतपतिएको थियो भने छातीमुनिको भाग दुधले नुहाइएको थियो । बत्ती बालेर दुवै बच्चालाई हेरेँ । विह्वल भएर दुवैलाई म्वाइँ खाएँ र खाटको छेउमा पल्टिएँ ।

शरीर सिस्नुपानीले पिटेजस्तो झमझम गरिरहेको थियो । घाँटी र छातीभरि सर्पले डसेकाजस्ता निलडामले के निदाउन दिन्थे ? उठेँ र बरफले निलडामहरू सेक्दै थिएँ, सानी उठी । आज राम्रोसँग निदाएकी छैन । सम्झेँ आज उसको पेट अघाएको छैन । बल्ल होस भयो मैले दिउँसोदेखि मुखमा केही हालेकी रहिनछु । पानी परे पो धर्ती रसाउँछ । सुकेको आँतबाट कसरी मूल फुटोस् !

एकातिर छोरीले लाम्टा लुछिरहेकी थिई । अर्कोतिर लातका दुखाइले तन लुछिरहेको थियो । भोक, त्रास र वेदनाले मन लुछिरहेको थियो । लुछिँदालुछिँदै क्षतविक्षत थिएँ म ।

"फेरि पेट बोकेँ भने ? हे भगवान् ! अर्को भयले मनको चोइटो चोइट्याएर गयो । "अहिलेसम्म त धन्न नछुने भछैन । भएसी क्यार्नी होला । ह्या बरु सुके नि हुन्थ्यो यो घाँडो रगत ! सूर्य लाए नि मार्छन् । औषधि खाको था पाएनि मार्छन् । कसरी जोगाउने हो ज्यान ? मन थर्र थरथरायो ।

पोहोर नर्सले भनेको कुरो सम्झेँ, "भाग्यले मात्रै बाँच्नुभयो तपाईँ । रगत चढाउन अलिकति ढिला भएको भए ज्यान जान्थ्यो । यति कलिलै उमेरमा तपाईँको पाठेघरमा समस्या देखिइसकेको छ । अबदेखि छोरा जन्माउने भन्दै गर्भ जाँच्दै र फाल्दै नगर्नुहोला ।" पीडा, डर र आक्रोसको त्रिवेणी बनेर रात बग्दै थियो । बग्दै गरेको रातको किनारा बनिरहेको थियो सिरानी ।

ओठबाट रगत बगेजस्तो लाग्यो । भित्ताको एनामा गएर यसो हेरेको त देखेँ, ओठ दुई चिरा भएको थियो । एकातिर निलो भएर सुन्निएको थियो भने अर्कोतिरबाट भलभली रगत बगिरहेको थियो । ऐनामा हेर्दै रगत पुछ्दै थिएँ, एक्कासी ऐनामा आफ्नै पुरानो तस्बिर पो देखिन थाल्यो । उही बिहे अगाडिको मेरो तस्बिर ।

हेर्दाहेर्दै ऐनामा देखिएको तस्बिर बोल्न थाल्यो, "हेर् त कस्तो हालत भइसक्यो तेरो । कति रुन्चेस नरो ! रुनको साटो लड्ने साहस किन गर्न सक्दिनस् ? किन निरीह सम्झन्छेस् आफूलाई ? खोइ तेत्रो पढेको बुद्धि ? यति अन्याय सहेर बस्न सक्ने ? धिक्कार छ तँलाई । मलाई त तँ मेरै रूप होस् भन्न पनि लाज लाग्यो ।"

म अलमल्म परेर ऐनाको तस्बिरलाई हेरिरहेँ । उसले अझ चकोचर्को स्वरमा बोल्न थाल्यो, "यो जिन्दगी फेरि पाउँछेस् ? समाज ? के को समाजसमाज गर्छेस् तँ ? समाजका आँखा त चारवटा हुन्छन् - दुईटा हेर्ने, अर्का दुईटा चियोचर्चो गर्ने । तैले ढाँट्दैमा कति दिन लुक्छ र सत्य कुरो त ! जिउ सद्दे रहे न सास रहने हो । सास रहे न आस रहने हो ।"

ऐनाको तस्बिरको आवाज अझ चर्कोचर्को हुँदै गयो, "भोलि एकएक अङ्ग बिग्रिदै र फुट्दै जालान् अनि कसरी काम गरेर खान्छेस् ? खोइ तेरो बुद्धि ? किन यति काँतर तँ ? यो घर तेरो पनि त हो ! उसको जति हक तेरो नि लाग्छ । एकचोटि सोच् त कति रगत पसिना छ यो घरमा तेरो ? उसको खराब लतको सिकार कति भइरहन्छेस् ? इज्जत ? के को इज्जतइज्जत भन्दै खुट्टा

कमाइछस् तैले ? जाबो इज्जत भन्या समाजको अन्धो आँखाले देख्ने पक्षपाती भ्रामक सत्य मात्र हो । बलेको आगो ताप्ने यो समाजले इज्जत जति सबै नारीको सारीमा ल्याएर थोपरेको छ । लोग्नेले स्वास्नी कुट्नुलाई अधिकार र पुरुषार्थ भनेर सफाइ दिने यो समाजमा तँ कुन इज्जत जान्छ भनेर डराइरहन्छेस् ? के इज्जत जोगाउनु तेरो मात्रै कर्तव्य हो र ? उसको कर्तव्य खोइ ? श्रीमान्को ? बाउको ? तँलाई मरणासन्न हुनेगरि कुटपिट हुँदा चुइक्क नबोल्ने समाज तैले अन्यायविरुद्ध लड्दा इज्जत जान्छ भन्छेस् ?

"छोरो नजन्मनुमा तेरो के दोष ? कति बनिरहने यो असुरको आहार ? भोलि अपाङ्ग भइस् भने आफ्नै ज्यान पनि कसरी पाल्नु ?

परार हात भाँचिदियो, भर्याङबाट लडेर भाँचिएको भनेर ढाँटिस् । पोहोर कानको जाली फुट्यो, कसैलाई भनिनस् । अस्ति भर्खर एउटा आँखा कस्सो फुटेथ्यो ! पानीकलमा ठोक्किएर निलो भएको भनेर समाजको आँखामा छारो हालिस् । अरूलाई त अलि दिन ढाँट्लिस् आफूसँग आफैलाई कति दिन ढाँट्छेस् ?

भोलि बिहानै उठेर उजुरी हाल्न जा । छाडेछ भने झन् राम्रो । मरीमरी बाँच्नु के बाँच्नु । तँमा पनि के कम छ र ? केही गर्न नसक्ने जस्तो भएर यति ज्यादती सहेर बस्ने ? खुट्टा नकमा !"

ऐनाको तस्बिर विलुप्त भयो र फेरि आँसुले लतपत मेरो अनुहार देखियो । म झस्कैं ।

टाउकोबाट सिरानी तानेर छातीमा बेस्सरी अठ्याएँ । आँखा पुछेर मन दर्हो बनाएँ ।

झिसमिसे उज्यालोको लागि कुरेको यो रात शताब्दीसरह लाग्यो ।

......................................

म बुझिरहेकी थिइनँ उनलाई प्रहरीले भ्यानमा हालेर लगेपछि म खुसी थिएँ या दुखी !

तर एउटा कुरा सत्य थियो, मलाई आफूले गरेको निर्णयमा रत्तिभर पश्चात्ताप थिएन ।

उनलाई प्रहरीले लगेपछि दिनभर मान्छेको भीडभाड भइरह्यो घर वरिपरि । घरमा आएका सबै मान्छेहरूले मलाई यसरी हेरे, मानौँ म हत्यारा हुँ ।

"कस्ता जमाना आए बरै स्वास्नीबाट लखेटिन पर्ने ? हाम्रा पालाँ मर्दका सातोटी भन्थे, अहिले एउटीले यसरी लोग्नेलाई नचाउन थाले ।" छिमेकका एकजना पण्डित भनाउँदा बडबडाए ।

"स्वासनिलाई बेलैमा ठेगानमा राख्न सकिएन भने यस्तै हुन्छ ।" अर्को जुँगामुठे बुज्रुक भनाउँदो बोल्यो ।

एक हुल महिलाहरू मलाई कटाक्ष गर्दै फुसफुस गर्दै यता र उता गर्न थाले ।

म सबैको आँखाको निशानामा परेँ । यस्तो लाग्यो उनका नङ्ग्राबाट त मुक्ति पाएँ तर समाजका नजरमा नजरबन्द भएँ । अझ दुखको कुरा त अन्यायमा परेकी एउटी महिलाप्रति महिलाहरूले समेत महिलाको पीडा नबुझी कटाक्ष गर्थे । उनीहरूको मानसिकता देखी दया लागेर आयो । मेरो तर्फबाट बोल्ने एकजना समेत अघि सरेन । मन सारै कुँडियो । खोइ, मेरा अनुहारका चोट देख्ने मान्छे ? खोइ, रातभर तीनजनाको ज्यान र प्राण जोगाउन गरेको धरपकडको हिसाबकिताब ? यो समाज किन यति पक्षपाती छ ?

यो घटनाले मलाई झन् कठोर र बलियो बनायो ।

एककानदुईकान मैदान हुँदै उनलाई पुलिसले लगेको खबर उनको घरमा पुग्यो ।

उनका परिवारका मान्छे आए र गर्जे, "केटाटी हाम्ले लान्चम् । तँ अहिले नै यो कोठा छाडेर गइहाल ।" उसो त सुरुसुरुमा माया गर्ने सासूससुरा पनि कान्छी छोरी जन्मेपछि गतिलोगरी बोल्न छाडेका थिए । बुहारीप्रतिको माया भनेको केबल पेवा, सेवा र सन्तान मात्र रहेछ । उनका नातिनातिना छोराको वंश भनेर पाल्छौँ भन्नेले खोइ एक्ली बुहारीको तर्फबाट बोलेको ? मैले आजसम्म मेरोमेरो भनेर खोकिलामा च्यापेर हिँडेको समाजले मलाई एक्लाएपछि मैले पनि समाजतिर पिठ्युँ फर्काएर हिड्न थालेँ ।

"तैले अलिकति पनि हाम्रो इज्जतबारे

सोचिनस् ? खुब पुरुषार्थ देखाएँ भनेर घमन्ड होला तँलाई होइन ? ककसले उचालेर लगाका छन् भन् त ? देउताजस्तो पोइलाई ठानामा जाकेर सम्पत्ति एक्लै दम्पच पारुला भन्ने सोचिहोलिस्, इ.. खालिस् !" भन्दै सासूले गुन्यु उचाल्दै लोप्पा खुवाउन आइन् । वरिपरिका मान्छे गलल्ल हाँसे ।

एउटाको चोट अर्कालाई हाँसोको खुराक ! कठै हाम्रो सोच ! मेरो मन भाँचियो । आँखाबाट तप्पतप्प आँसु खसे । बोली फुटेन ।

"पोइलाई जेल पठाएर नाठोसँग नारिने पो दाउ छ कि के थाहा ? मलाई त पढेलेखेका हुम् भन्ने यस्ता आइमाईको पटक्कै भर लाग्दैन ।" कान्छी नन्द उर्मिलाले आमाको रीसको आगोमा अझ घ्यु थपिन् ।

"लोग्नेको जात अलिअलि खानी क्यार्नी त गरिहाल्चन् नि । त्यतिमा निहुँ खोजेर हुन्च ? त्यो त उनीहरूको जातले पाको अधिकार हो नि । आइमाई मुन्छे भर नि लोग्नेछोराको रीस गरेर हुन्च ? उनरु जस्तो हुनलाई त छोरै भर जन्मन परो नि । पढेलेख्या आइमाईको त पटक्कै बुद्दि नहुँदो रच गाँठे" कान्छी सासू तातो तेलमा पानी पडेकेझैँ पड्किइन् ।

सासूससुरा नन्दआमाजू स्वरमा स्वर मिलाएर भने, "हाम्ले भनेको नमान्ने हो भने कोठा छाड् ।"

सासूले ठुलीनानीको हात समातेर भनिन्, "हिँड् नानी हामीसँग"

"मामुलाई एक्लै छाडेर म कतै जान्नँ" । नानीको कुरा सुनेर सबैजना हिस्स परे । अगुल्टाजस्ता आँखाले मलाई डाम्दै र क्षुद्र शब्दले हिर्काउँदै घरतिर फर्के ।

दिनदीनै लोग्नेले रगताम्य हुन्जेल पिटेको देख्ने प्रत्यक्षदर्शीले समेत, "तैले ठिक गरिस्" भनेनन् । बरु छिमेकी र आफन्तीजति सबैले पालैपालो आएर एउटै स्वरमा दबाब दिँदै भन्न थाले, "ठानामा गएर उजुरी फिर्ता ले । आफ्नो लोग्ने हो । अलिअलि हात उठाए भन्दैमा ठानामा कोच्न त भएन नि ।"

मैले सुनिनँ । बाघको साङ्लो फुकाएर आफै सिकार बन्नु थिएन मलाई । बरु उल्टै जिल्ला अदालतमा गएर छुट्टभिन्न हुन पाऊँ भनी निवेदन हालेर आएँ ।

..............................

नेताको छोरा उनी । नेपालको कानुन । मेरो के चल्थ्यो । हप्तादिनमै खै कसरी हो जमानतमा जेलबाट छुटेर आए ।

उनलाई देख्ने बित्तिकै मेरो सातो गयो । ठुलीनानी पनि बाबुको काखमा जान डराई । मेरो शङ्काको विपरीत उनले मलाई थर्काएनन् । बरु भन्न थाले, "अब जेजे भयो एकचोटिलाई माफ गर्दे । यो सम्पत्ति सबै तेरै त हो । अब पुराना कुरा बिर्सी । म अब कहिल्यै रक्सी खान्न"

उनको कुरामा मलाई ठुलै रहस्य लुकेको जस्तो लाग्यो । कुनै व्यक्ति यति चाँडै राक्षसबाट देउता बन्छ भन्ने कुरामा मलाई विश्वास लागेन । हुन त रत्नाकर वाल्मीकि बनेका किंवदन्ती छन् तर ऊ वाल्मीकि होइन, बरु जालन्धर बनेर आएको पक्कै हो भन्ने मेरो भित्री मनले शङ्काको गन्ध पायो ।

सधैँ एकैवाक्यले पग्लने मेरो मन, आज पग्लेन । पानी पनि धेरै जमेपछि कहाँ बग्दो रहेछ र !

मैले सम्बन्ध विच्छेदका लागि दिएको निवेदन उनको मुखमा लाग्ने गरी फालिदिएँ ।

मेरो साहस देखेर उनी अचम्म मात्र होइन, अचेत नै होलान् झैँ देखिए । मलाई उनको छट्पटीले बढो मजा दिइरहेको थियो । मुटुमा गडेको खिल निकालेसरह आनन्दित भएकी थिएँ । स्वतन्त्रता र स्वत्वका अगाडि सम्पत्ति र भौतिक सुविधा तुच्छ हुँदोरहेछ, बिस्तारै बुझ्दै थिएँ ।

परिवार र आफन्तहरू आएर फेरि मलाई सम्झाउन थाले । माइतबाट आमाबा आएर "तैले ज्वाईँसँग सम्बन्धविच्छेद गरिस् भने हामीसँग पनि सम्बन्ध सकिने छ" भन्दै धावा बोलेर गए । धेरैजसो मान्छे सिधैँ मलाई सम्झाउन आउँथे । कतिले उनलाई सम्झाउँदै, "तैले माफी मागे जस्तो गर्, फका । दुईचारदिन घुर्की लाएजस्तो गर्ली, पछि मानिहाल्छे नि । दुईदुईटा नानीसितकी यल्लाई कल्ले लान्च र" भन्दा रहेछन् ।

सम्बन्धविच्छेदको टुङ्गो नलागुन्जेल मैले त्यही घरमा एउटा अर्को कोठा भाडामा लिएर छुट्टै बस्न थालेँ। घरबेटी सज्जन भएकाले र उहाँहरूकै फ्ल्याटमा मलाई सूरक्षित पनि थियो।

केही दिनको कागजी र कानुनी प्रक्रियापछि अदालतले सम्बन्धविच्छेद भएको फैसला सुनायो।

मैले छातीबाट गोली निकालिएको योद्धाझैँ राहत महसुस गरेँ।

सम्पत्ति र हक अधिकारको कुरा गर्दा पूरै परिवार मिलेर मलाई एक्लै पारेर जालसाजी गरे। केही सिप नलागेपछि छोरीको पढाइखर्च भर्ने सर्तमा कुरा टुङ्गाए। नानीहरूको जिम्मेवारीको कुरा गर्दा ससुराले भने, "नातिहरू भा हाम्लाई पाल्न कर लाग्थो। तेरा छोरी तैँ पाल। तँलाई मात लागेर हिँडेसी हाम्ले क्यार्नी हो र"। मैले पुलुक्क उनको अनुहारमा हेर्दै सोधेँ, "तपाईँको कुरो के हो ? कि तपाईँका छोरीहरू हैनन् यिनी ?" उनी मुख सिलाइए जसरी बसे। म उनको व्यवहारले तीनछक परेँ।

"हाम्रै छोरो सोझो भएर टाउकामा टेकेकी हो नि यल्ले। यिनी दुदुइटी झट्केला छोरी देखेसी ब्या गर्दा छोरी दिन गारो मान्चन्। यिनलाई हाम्ले लान हुन्न बाबु। हाम्लाइ के को टन्टो नि यिनलाई पाल्नी। यसैले स्यार्हाचे। यस्ती अलछिना आइमाई घराँ बस्न भन्दा बाटो लाको राम्रो। हाम्रा छोरालाई के। उमेर छ, सम्पत्ति छ, केटी जाबो जल्ले नि दिन्छ। खुट्टा भए जुत्ता जति नि पाइन्च। मजैले बाजा बजाएर हाम्लाई वैकुन्ठ तार्नि नाती जन्माउने बुहारी भित्राउँछौ। कुचाले बढार्नी कसेर हावाले उडायो। जे भयो बेसै भयो।" सासूले बुरुक्क बुरुक्क उफ्रदै बोलिन्।

.................................................

खर्च धान्न र बच्चाहरूका लागि समय मिलाउनु धेरै चुनौतीपूर्ण थियो। तथापि, हरेकदिन मृत्युसँग कुस्ती खेल्नुजस्तो चुनौती चाहिँ थिएन। समस्याले नै शक्ति दिँदो रहेछ। आफ्नो मन, तन र धनको मालिक म, दिन प्रतिदिन आफ्ना ऊर्जाहरू, आफ्ना शक्तिहरू, आफ्ना सम्भावनाहरू नाप्न चाहन्थेँ। पढाइ पूरा गर्न नपाएको रहर, जागिर खान नपाएको धोको, सबैसबै पूरा गर्न चाहन्थेँ।

खर्च कम गर्न बच्चाहरूलाई बोर्डिङ स्कुलबाट झिकेर सरकारी स्कुलमा भर्ना गरिदिएँ। काखकी छोरी स्कुलभर्ना गर्ने बेला नहुन्जेल बिहेपछि बिचमै छाडेको पढाइलाई फेरि निरन्तरता दिएँ। साथमा भएका गरगहना बेचेँ र आएको पैसाले दुईवर्ष केही काम नगरी थपक्क पढेर बसेँ र नासुमा नाम निकालेँ।

स्वाभिमानको साउँ अक्षर बल्ल चिन्दै गएँ। सङ्घर्षभन्दा ठुलो पाठ केही रहेनछ। समयले मलाई सहनशीला सुशीलाबाट आफ्ना डमरु एक्लै हुर्काउन सक्ने बधिनी बनाइदियो। अब छुँदा नै लजाएर लल्याकलुलुक हुने लज्जावती थिइन म।

स्वतन्त्रताले मान्छेलाई सक्रिय बनाउँदोरहेछ। मान्छेलाई स्वाधीन र सिर्जनात्मक बनाउँदोरहेछ। आफूलाई सुन्न सुरु गरेपछि बल्ल सुनिन थालेका थिए मेरा अधुरा सपनाको आवाज, मेरा आकाङ्क्षाका आग्रह र मेरा अन्तर्निहित सिर्जनाको उभार। स्मृतिको अँध्यारो र अनकन्टार गुफामा एक्लै थुनेर आएकी आफूलाई पुनः भेट्टाएकी थिएँ। अब म न कसैकी अर्धाङ्गिनी थिएँ, न मेरो आकाश आधा नै थियो। आहा, सिङ्गो आकाश र अस्तित्त्वकी एक्ली उत्तराधिकारी म। स्वच्छन्द र पूर्ण म!

मभित्र कति शक्ति, भोक, प्यास र महत्त्वकाङ्क्षा रहेछ भन्ने कुरा आफैलाई सुन्न र महसुस गर्न थालेपछि झन् प्रबल भएर आयो। मान्छे जसरी बाँच्यो त्यसै गरी सहज हुँदो रहेछ। अब त मलाई एक्लै निर्णय गर्ने र समस्याको एक्लै समाधान खोज्ने बानी परेको थियो। कसैको हस्तक्षेप पटक्कै मन पर्दैनथ्यो।

...............................................

आज फुर्सदमा आफूलाई नियाल्ने फुर्सद पाएकी छु।

काममा लगन, इमानदारिता अनि उत्कट इच्छाशक्ति भएपछि सफलतालाई च्याँखे थाप्न

पर्दो रहेनछ। सफलता आफै आफ्नो ढोका ढक्ढक्याउन आइपुग्दो रहेछ । पाँच वर्षमै बढुवा हुँदै अधिकृत हुन सफल भएँ।

एकल महिला भन्ने थाहा पाएपछि शारीरिक फाइदा लिन खोज्नेहरू, नैतिकता नाप्न आउनेहरू कार्यालयदेखि कोठासम्म कतिकति हो कति आए ! मोह देखाएर मह चाट्न खोज्नेहरू कतिकति । मान्छेका सक्कली र नक्कली अनुहार सजिलै चिन्न सक्ने भइसकेकी थिएँ। मलाई न कसैलाई रिझाउनु थियो, न रिझिनु नै ! स्वयंले छाडिआएकी मै भेट्नु थियो मलाई। स्वप्निल, स्वतन्त्र, स्वाभिमानी र रुमानी।

मलाई न छिर्के हानेर लडाउने साथीको जरुरत थियो, न कसैले लगाइदिएको भऱ्याङ्ग चढेर मिथ्या उचाइमा पुग्नु थियो । न कसैको हरमुनि ठेलिएर, खुम्चिएर बाँच्नु थियो, न त सुनाखरी झै अर्काको जिउँमा फुल्ने रहर नै। फेरि स्वतन्त्रता भन्ने चिज कस्तो रहेछ भने, "नचाखुन्जेल के हो के हो लाग्ने, चाखेपछि लत बसिहाल्ने।"

भान्सामा आफ्नै लागि आफ्नै रुचिका खानेकुरा पाक्नु, एक्लै घुम्नु, डुल्नु, आफैसँग रमाउनुजस्ता दैनिकीले अर्काको हस्तक्षेप र हैकम स्वीकार्न छाड्यो । जीवन भन्नु केही चिजहरूको सङ्गम रहेछ। जैविक आवश्यकता-यौन, मानसिक आवश्यकता- प्रेम र सामाजिक आवश्यकता-सम्बन्ध। सन्तानको रहर पुगिसकेको थियो। यौन जहिले भयावह भएर आयो । यौनसुखबारे किताबमा पढेको हो । जीवनका किताबभित्र भने यौनभित्र कहाँनिर सुख छ होला जस्तो लाग्थ्यो । जसकारण मेरो हकमा यौन एउटा आसक्ति र आवश्यकताले विकराल रूप लिएर कहिल्यै आएन । न एक्लोपनले घाँटी अँठ्यायो । रह्यो, सामाजिक सम्बन्ध-जुन अपेक्षा, आकाङ्क्षा र आवश्यकता पूर्ति गर्न बनाइएको बस्तु रहेछ-जो मेरा मामिलामा कहिल्यै मेरो दुःखसुःखमा साथ भएन।

केही समयदेखि एक्लै घुम्न निस्केको अन्तरिक्षयात्री झैँ यात्रारत छु । जीवनका नौलानौला क्षितिज नियाल्दै गरेको यात्राका क्रममा लाग्यो, कहिलेकाहीँ मनले शरीरको भाषा बुझ्नुपर्दो रहेछ। हामीले धेरैजसो मनको भाषाअनुरूप शरीरलाई दाइरहेका हुने रहेछौ तर शरीरको भाषालाई बेवास्ता गरिरहेका हुँदारहेछौ। यो पलमा मैले शरीरलाई सुनिरहेकी थिएँ। संवाद गरिरहेकी थिएँ। मन र मस्तिष्कलाई अलि पर छाडेर- हस्तक्षेप गर्ने अधिकारबाट पन्छिएर।

आज शनिबार।

छोरीहरू साथीहरूसँग खेल्न गएका छन् । मलाई खासै अरूको घरमा जान मन लाग्दैन । सुत्ने कोठामा जान्छु र थाकेको सिपाहीझैँ उत्तानो परेर खाटमा पल्टिन्छु यसरी कि मानौ आज कुनै अनिच्छुक युद्धमा जानु छैन । आँखा चिम्म गरी शवासनमा लेट्दा झैँ शरीरका एकएक अङ्गलाई महसुस गर्दै जान्छु।

शरीरका एकएक अङ्गलाई मनका आँखाले हेर्द जान्छु।

ढिकीको ओखलजस्तो निरीह मेरो यो गर्भाशय कतिखेर मुसलको प्रहारले कुटिन्छु भनेर कामिरहेको हुन्थ्यो तर आज शेषनागको शैयामा लेटिरहेका नारायणझैँ सूरक्षित, शान्त र आनन्दित छ।

मनका आँखा डोऱ्याउँदै अलि मास्तिर पुऱ्याएर स्तनहरू हेर्छु, लाग्छ ती साल्सामा नाचिरहेका एकजोडी नर्तकीहरू हुन, जो आफ्नो लय पक्रेर हावामा तैरिरहेका छन्।

मेरा यी पिँडौँला र तिघ्राहरू देउडा र धाननाचमा उफ्रिरहेका कुनै युवतीका गोडाहरू हुन् जो रमिरहेछन्, सङ्गीतमा रोमाञ्चित हुँदै।

कपालका केशहरू, सिरानीसँग लुकामारी खेल्दै हावामा फूलहरू झैँ चचहुइँ गर्दै पिङ खेलिरहेछन, निष्फिक्री नानीहरू झैँ।

धड्कन, अविरल नदीजस्तै आफ्नै गति, लय र दिशामा बगिरहेछ निरन्तर !

आहा ! यी हात र पाखुराहरू मसाज सेन्टरका यान्त्रिक हत्केला बन्न बाध्य छैनन् आज।

यी ओठहरू सखारै फुलेका कुमुदझैँ पल्लवित

भएका छन्, बाध्य छैनन् आज कसैको हवसको रिसमा चपाइन ।

दिव्यचक्षुले हेर्दा यस्तो लागिरहेछ प्रत्येक अवयवहरूको आफ्नै भाषा हुँदो रहेछ । आफ्नो लय र ताल रहेछ । सुगन्ध र सौन्दर्य रहेछ तर म आफैँबाट खोसिएर कहाँ कहाँ पुगेकी रहेछु । अहिलेसम्म सुन्न सकिरहेकी रहेनछु आफैलाई । म त सर्कसको जोकरजस्तो अर्कैको झ्याली पिटाइमा नाचिरहेको रहेछु ।

कठै ! मेरो शरीर पनि मेरो मनजस्तै, कसरी कैद रहेछ समाज र सम्बन्धको जेलमा । बल्ल बोध भयो कि मेरा शरीरका सम्पूर्ण अवयवहरू त वेश्यालयमा बजाइएका अश्लील र उत्तेजित गीतमा जबर्जस्ती नाच्न वाध्य कलिला किशोरीहरूजस्तै घुमेका मात्र पो रहेछन्, कहाँ नाच्नु ! कहाँ रमाउनु ?

आहा ! मेरो शरीरले आज त्यसरी नै थकाइ मारिरहेछ जसरी थकाइ मार्छे सुत्केरी चेली माइतमा पुगेर । मेरा पाखुरा दिनभर खेत खनेर आएको कोदालो ढोकाको कुनामा पल्टे जसरी पल्टिएका छन् । मेरा यी जाङहरू, जसले फाटिनु र च्यातिनुलाई आफ्नो कर्तव्य र नियति सम्झे, मेरा छातीका मांसिपण्डहरू जसले पिठोझैँ माडिन र मुछिन मात्र जाने, मेरा यी तिघ्राहरू जसले रोटी बेलिदाँबेलिँदै वासनाको तातो ताप्केमा डामिन मात्र जाने, आज यिनीहरू बिस्तरामा यसरी लेटिरहेका छन्, जसरी भर्खरै पुलिसको हिरासतबाट फिरेको विद्रोही विद्यार्थी सुस्ताउँछ आफ्नो कोठामा फर्केर । यो सम्पूर्ण शरीर ओछ्यानमा यसरी अलमस्त र बेफिक्री भएर लेटिरहेछ जसरी शिशिर याममा सूर्यस्नान गर्न समुन्द्री किनारका पल्टनछन् पेन्गुइनहरू ।

जीवन भन्नु फगत घटना, परिघटना, भोगाइ, सिकाइ र अनुभूतिको पुञ्ज न रहेछ ।

ज्ञानचक्षुले हेर्दाहेर्दै शिरदेखि पाउसम्म निर्वस्त्र सर्वाङ्ग देख्छु आफूलाई । तलाउमा आफ्नै रूपबाट मोहित नार्सिससजस्तै मोहित हुन्छु आफ्नो रूपबाट । टमक्क मिलेका छातीहरू । गोलाकार पेटमा निधारमा टुपुक्क टाँसिएको टिकीजस्तो नाभि । गोरा र गोलाकार नितम्ब । हात्तीका सुँडजस्ता सर्लक्क परेका साँप्रा, पिडौँला र हात पाखुराहरू । घना र चम्किलो कपाल । कलिला र मिलेका ओठहरू ! पुराना खतहरू मुसार्छु, धेरैजसो सन्चो भइसकेछन् । कपाल सुम्सुमाउछँ, उखेलिएका केशहरू पलाइसकेछन् । स्तन र नितम्बका दन्तक्षतका धब्बा मेटिइसकेछन् । हातहरूले अझै धेरै स्नेहले मुसार्न थाल्छु । औँलाहरू बिस्तारै अनुहार, ओठ, छाती हुँदै पिँडौलातिर लर्कंदै सर्प बगेजस्तो नाङ्बेली गर्दै अनवरत चल्न थाल्छन् । ठाउँठाउँमा बनेका निलो धब्बा देखेर मनमा बादल मडारिँदै आँखा रसाउन खोज्छन् । मन बुझाउन तत्कालै खतलाई ट्याटु सम्झिदिन्छु । अघिसम्म स्तनमा देखिने निलो र गहिरा दाग अब आधुनिक कलाकारले सुन्दर देखाउन खिचेको ट्याटु जस्ता देखिन्छन् ।

पीडालाई शक्तिमा बदल्न सक्यो भने चिसो पानीबाट न्यानो बिजुली निस्केजस्तै दुःबाट सुखको अनूभूति हुँदोरहेछ । यस्तो लाग्यो सकारात्मकता सबैभन्दा ठुलो शक्ति हो, क्रियाशीलता सबैभन्दा ठुलो योग हो र सन्तोष सबैभन्दा ठुलो औषधि हो ।

हातहरू अब मस्तिष्कको दाम्लो चुँडालेर चौरमा पुगेका चौँरीझैँ तनको खुला पाखामा आफ्नै मनमौजीमा चर्न थाले । कहिले डाले घाँस पुग्न थुम्कोमा चढ्थे, त कहिले पानी खान खोँचमा झर्थे । यस्तो लागिरहेथ्यो, औँलाका टुप्पामा मभित्रको सम्पूर्ण “म” केन्द्रित थियो । कुनै अत्याआधुनिक सेन्सरयुक्त माइक्रो चिप्सजस्ता औँलाका टुप्पाहरू, जहाँ तन्तुतन्तुका तार जडित थिए, जसबाट सारा इन्द्रीयहरूको सञ्जाल नियन्त्रित र सञ्चालित थिए ।

कुनै युगको अज्ञात श्रापबाट मुक्त हुन अर्को युग कुरिरहेकी श्रापित शीलाजस्तै मेरा शरीरका प्रत्येक अङ्गअङ्ग अलौकिक औँलाहरूको स्पर्श पाएर श्रापबाट मुक्त हुन खोज्दै थिए । आफ्नै हातहरूले आफ्नै शरीर यसरी सुम्सुमाइरहेको थियो मानौँ लामो प्रसव पीडापछि सुत्केरीले नवजात शिशु मुसार्छे ।

यतिखेर मेरा औँलाहरू कुनै सङ्गीत साधकको

औँलाहरू वीणाका तारमा सङ्गीत निकाल्न नाचेजस्तो या अझ भनौँ ध्यानमुद्रामा समाधिबाट सम्भोगको सन्तुष्टि पाउन उत्सर्जित कुनै ब्रह्मचारी योगीजस्ता लागिरहेका छन् । औँलाहरू प्रवाहित र चलायमान हुँदै खेलिरहँदा मलाई यस्तो लागिरहेको थियो कि यी मेरा औँलाहरू खोली किनारका पोथी माछा हुन्, जसले छिपछिपे पानीमा चिप्ला अन्डा पारेका छन् त्यही अन्डाहरूमा आफूलाई लुटुपुटु पर्दै रमाइरहेका छन् ।

शरीरमा यति अनौठो, तीव्र र मिठो कम्पन र झङ्कार महसुस हुँदै थियो कि मानौँ गितारवाधक सङ्गीतको चरमोत्कर्षमा पुग्न तारहरूमा तीव्रता ल्याउन उद्यत छ । यस्तो सुखानुभूति भइरहेथ्यो मानौँ, लामो खडेरीपश्चात् वर्षा भएको छ अनि ताप र रापले मुर्झाएका वनस्पतिहरू मुन्टा दह्रोसँग आकाशतिर उठाएर आह्लादित भएर वर्षास्नान गरिरहेछन् । यस्तो न्यानो अनुभूति भइरहेथ्यो, मानौँ अन्टार्टिकामा पहिलोचोटि सूर्यको किरण पुगेको छ । हिमशृङ्खलाहरू सूर्यको स्पर्शमा आद्र र चिल्ला देखिएका छन् । पग्लनपग्लन खोज्दै छन् ।

मलाई थाहा थिएन, आफ्नै शरीरका अङ्गहरूले एकअर्कामा यतिधेरै माया गर्न सक्छन् । मलाई थाहा थिएन, एकअर्कालाई यति सुख दिनसक्छन् । मैले अहिलेसम्म आफूलाई छोएकै रहेनछु । महसुस गरेकै रहेनछु । अनौठो, दिव्य झङ्कार दिमागबाट पैतालासम्म पुग्छ । औँलाका टोप्राहरूबाट बिजुलीको तारमा करेन्ट प्रवाह भएजस्तै तीव्र दैविक तरङ्ग प्रवाहित हुन्छ । रजनीसको सक्रिय ध्यानको शिखरमा पुग्दाजस्तो शरीरका सातवटै चक्रहरू सक्रिय भएर तीव्र झङ्कार उत्पन हुँदाको दिव्य आनान्दानुभुतिले आँखा चिम्लन्छु म । सारा शरीर सङ्कुचन भएर शरिरको सम्पुर्ण शक्ति नाभिकेन्द्रमा केन्द्रित हुँदै शनैःशनै शरीरका अन्य केन्द्र तिर झङ्कार सहित विकेन्द्रित हुँदै जान्छ । कुनै दैविक तारबाट निस्केको सुरम्य सङ्गीतजस्तै मेरो अन्तस्करणबाट कम्पनसहित दिव्य ध्वनी प्रस्फुटित हुन्छ- आह ! सुखानुभूतिले ओठबाट अनायास ध्वनि प्रस्फुटित हुन्छ, लभ यु जिन्दगी...

एकछिनका लागि शरीर पूरै खुम्चिएर तनक्क तन्किन्छ । बिस्तारै आफ्नो आवृत्तिमा फर्किन्छ । जिउमा कँसिएका दाम्ला फुकालिएजस्तो शरीर खुकुलो र सजिलो भएर आउँछ ।

अभूतपूर्ण अनुभूतिको आवेग थाम्न नसकेर मैले सिरानी बेस्सरी छातीमा टाँस्छु । तलमाथि गरिरहेको आफ्नै छातीको तीव्रता र नशानशामा दौडिरहेको किशोरी द्रव्यले लट्ठिएर आङ तान्छु । लामो समयदेखि बाझिएको पिलो फुटेर रगत र पिप बगेपछिको हलुका जस्तो शीतल भयो- तन, मन र स्पन्दन ।

लाग्यो, म पहिलोपटक आफैसँग प्रेममा परेँ ।

बाथरुममा गएर मनतातो पानीले नुहाउछु । र, ऐना अगाडि उभिन्छु । किशोरावस्थामा मनपर्ने केटोसँग आँखा जुध्दाको पलमाझैँ लाज, दकसले खुम्चिन्छु ।

घडी हेर्छु, एघार बजिसकेको रहेछ । छोरीहरू तयार भइसकेका रहेछन्, आज घुमाउन लान्छु जो भनेकी थिएँ ।

शरद यामको बादलजस्तो हलुका शरीरले उडेझैँ गर्दै आँगनमा निस्कन्छु ।

“ममी जाने होइन भन्या । कति ढिलो गर्नु भाको ? छिटो गाडी चलाउनुस् न” नानीहरू गाडीको पछाडिको सिटमा बसेर चिमुसी खेल्दै रहेछन् । यी दुई नानीहरू मेरा बालसखाजस्तै लाग्छन् ।

गाडी स्टार्ट गर्छु र हाइवेमा वेगले कुदाउन थाल्छु ।

लागिरहेछ, म गाडीमा कुदिरहेकी छैन बरु आफ्ना पङ्ख फडफडाउँदै उडिरहेकी छु, कुनै स्वप्निल र सुन्दर गगनमा, जहाँ इन्द्रधनुषको द्वार छ । सपनैसपनाको बगैंचा छ । मेरो निर्बन्ध र निर्बाध जिन्दगीजस्तै राजमार्ग पनि खुल्ला थियो- गाडीको रफ्तार अझ बढाउँछु । म्युजिक सिस्टमको बटन बटारेर नयाँ गीत लगाउँछु, उही किशोरावस्थामा मलाई मनपर्ने एउटा हिन्दी गीत....

आज मे उपर, आसमाँ हे निचे
आज मे आगे, जमाने हे पिछे.....

**रत्ननगर-१, चितवन**

卐

मित्र साहित्य
निबन्ध

# कर्मसन्न्यास



रामबाबु घिमिरे *

कर्मसन्न्यास कुनै नवीन चिन्तन होइन, पूर्वीय वाङ्मयमा यस सम्बन्धमा व्यापक चिन्तन गरिएको छ । पूर्वीय वाङ्मयमा कर्मसन्न्यासका लागि मनलाई केन्द्रीयतामा राखिएको छ र 'चित्तवृत्तिनिरोध'लाई कर्मसन्न्यासको मूल सूत्र बनाइएको छ । हुन पनि कर्मसन्न्यास मनोजगतसँग सम्बन्धित कार्य हो तर शरीरले पनि कर्मसन्न्यास लिंदो रहेछ र त्यसका लागि कुनै विशेष प्रयास गर्नुपर्दो रहेनछ । कुनै रोग वा उमेर बढ्दै गएपछि शरीरले स्वतः कर्मसन्न्यास लिंदो रहेछ - ढिलो वा चाँडो मात्र हो सबैका शरीरले कर्मसन्न्यास लिन्छ । म आफ्नै अनुभव सुनाउँदै छु । म शारीरिक होइन वास्तविक रूपमा नै कर्मसन्न्यास लिन चाहन्छु तर शरीर कर्मसन्न्यास लिन हतारिएकाले मलाई मानसिक रूपमा कर्मसन्न्यास लिन असहज बनाएको छ । त्यसैले म शारीरिक कर्मसन्न्यासको गति मन्द गर्न हस्पिटल र वैद्यशाला धाउने गरेको छु ।

तपाईंले मलाई हस्पिटल वा वैद्यशालामा भेट्नुभयो भने सहज अनुमान गर्न सक्नुहुन्छ - मेरो एक मात्र उद्देश्य शारीरिक कर्मसन्न्यासलाई मन्द गतिमा ल्याउनु हो । किनकि कर्मसन्न्यास मनभन्दा शरीरले अघि लिनु विपरीत क्रम हुन्छ । म कर्मसन्न्यास लिन चाहन्छु तर मन कर्मसन्न्यास प्रशिक्षित नहुँदै शरीरले कर्मसन्न्यास लिन थाल्नाले मेरो कर्मसन्न्यासको मार्गमा अवरोध आएको छ । तर पनि म कर्मसन्न्यासमा प्रवृत्त छु । त्यसैले केही वर्षयता चित्तवृतिनिरोध गर्ने प्रयास गर्दै छु । मैले अनुभूत गरिसकेको छु - चानचुने प्रयासबाट कर्मसन्न्यास सम्भव छैन ।

वर्तमानको भौतिकता प्राधान्य संस्कृति पनि कर्मसन्न्यासमा बाधक बनेको छ । शरीर भौतिक वस्तु भएकाले भौतिकताको साहचर्यबिना शरीरको अस्तित्त्व सम्भव हुँदैन । शारीरिक सुखका लागि त भौतिक कुरा सहायक होलान् तर भौतिकताले मनको एकाग्रतामा विचलन ल्याउन सक्छ र कर्मसन्न्यासमा प्रवृत हुन बाधक बन्न सक्छ ।

तपाईंको मनमा म कर्मसन्न्यासको मार्गमा किन प्रवृत्त भएँ भन्ने जिज्ञासा उब्जन सक्छ । शरीरका अवयवहरूले कर्मसन्न्यास लिन थालेपछि म कर्मसन्न्यासको मार्ग अवलम्बन गर्न बाध्य भएको हुँ । यस अर्थमा शरीर पनि प्रकारान्तरले कर्मसन्न्यासमा सहायक हुँदो रहेछ । हुन त मन र शरीरको अन्योन्याश्रित सम्बन्ध छ । मन शरीरकै उपज भए पनि मनको संसार शरीरको भन्दा विस्तृत हुन्छ । यस्तो कुरा गर्न थालें भने म आत्मा-परमात्मासम्म पुग्न सक्छु । हुन त कतिपयले कर्मसन्न्यासलाई पनि परमात्मा प्राप्तिको बाटो भनेका छन् ।

मनले कर्मसन्न्यास नलिंदै शरीरले कर्मसन्न्यास लिन थाल्नाले म अति नै सकसमा परेको छु । यी दुई बिच तालमेल मिलेन भने जिउन साह्रै कठिन हुँदो रहेछ । त्यही तालमेलको अभावमा म विचलित र आजित भएको छु । मेरो अनुहारमा सदासर्वदा देखिने उदासीनता त्यसैको प्रतिच्छाया हो ।

शरीर रोगी र पुरानो भएपछि शरीरले कर्मसन्न्यास लिंदै जाँदो रहेछ र मनचाहिँ चञ्चल हुँदो रहेछ । त्यही मनको चञ्चलता तुलनीय हुनाले वाल र बृद्धउस्तै हुन्छन्, भनिएको होला । शारीरिक निस्क्रियताले मन झन् चलायमान हुँदो रहेछ । शरीरको कुनै अङ्ग कमजोर भएपछि त्यसको क्षतिपूर्ति अर्को अङ्गले गरेजस्तै शरीरले कर्मसन्न्यास लिन थालेपछि मनको चाञ्चल्यता बढ्दो रहेछ । म भन्दै थिएँ - केही वर्षयता चित्तवृति निरोध गर्ने प्रयास गर्दै छु र आजसम्म कोसिस गर्न छाडेको छैन । कहिलेकाहीँ भने चित्तवृतिनिरोध हुन लागेजस्तो केही सङ्केत अनुभव गर्छु । राम्री युवतीदेखे पनि पहिलेजस्तो दृष्टि केन्द्रित गर्न मन लाग्दैन, एक झलक नै काफी हुन्छ । मैले यो चाहिँ छुट्याउन सकेको छैन कि लामो अभ्यासपछि एक झलकमै युवतीको बिम्ब उतार्न सक्षम भएको हुँ वा चित्तवृत्तिनिरोधको सङ्केत हो । चित्तवृति निरोधको सङ्केत हो भने म लक्ष्य प्राप्तिको नजिकै पुगेको छु । केही समयपश्चात् म कर्मसन्न्यास लिन

* अध्यक्ष : रत्ननगर वाङ्मय प्रतिष्ठान, रत्ननगर, चितवन

सक्षम हुनेछु। त्यसो नभई हर्मोनको असन्तुलन हो भने म दिग्दार हुनु, उदास हुनु स्वाभाविक नै हो। हुन त कुनै हर्मोन विशेषको कमीले पनि मान्छे दिग्दार र उदास हुन्छ, भनिन्छ। त्यति मात्र होइन हर्मोनकै असन्तुलनका कारण अनेकन रोग पनि लाग्दा रहेछन्। मेरै कुरा गर्ने हो भने ईन्सुलिनको कमीका कारण म मधुमेही भएको छु। मधुमेह आफैंमा कुनै रोग नभई रोगको कारखाना रहेछ।

मनले चित्तवृति निरोध गर्ने र शरीरले परिपालन गर्ने हुनाले पूर्वीय वाङ्मयले मनलाई चित्तवृत्ति निरोधको मुख्य कारक मानेको हुनुपर्छ। चित्तवृत्ति निरोधको कार्यान्वयनमा शरीरको अहम् भूमिका हुन्छ। तर मन चित्तवृति निरोधमा प्रवृत नहुँदै शरीरका केही अवयवले कर्मसन्न्यास लिन थाल्नु मेरो मुख्य समस्या हो। चित्तवृतिनिरोध गर्न नसके पनि शरीरका केही अवयवहरूले भने कर्मसन्न्यास लिँदै छन्। पाँच दशकको उमेरपछि मैले शरीरका अवयवले कर्मसन्न्यास लिन थालेको अनुभव गरेको हुँ। कपाल तिलचामल हुँदै चामलको मात्रा बढ्दै गयो तर कपालमा कालो दल्न मन मानेन किनकि अनुहार होस् वा टाउकोमा विरोधीहरूले दले भने सहनै पऱ्यो होइन भने आफैँले आफ्नो टाउको होस् वा अनुहारमा के कालो दल्नु। अनि कपालमा कालो दले पनि अनुहारमा उमेर देखिन्छ। कानले पनि कम सुन्न थालेको छ। कोही नजिकै बसेर कुरा गरिरहेको हुन्छ, मेरो कानले टाढाबाट मधुरो आवाज आइरहेको सुन्छ।

कानले पनि क्रमशः कर्मसन्न्यास लिँदै छ। कान कम सुन्दा एउटा फाइदा हुँदो रहेछ - कसैले चर्को स्वरमा हप्काउँदा पनि आफूले मधुर स्वर सुनिंदो रहेछ। मैले निवेदन गरिसकें - मधुमेह भनेको रोगको कारखाना नै रहेछ। आँखा धमिलो देख्न थालें - हुँदाहुँदा आफ्नोआर्को छुट्याउन गाह्रो पर्न थाल्यो। त्यसो त अहिलेको जमाना को आफ्नो को आर्को - सबै सम्बन्धहरू प्रयोजनपरक हुँदा रहेछन्। मेरो प्रयोजन क्षीण भएकाले मेरा सम्बन्धहरू पनि क्षीण भएको छ। सम्बन्धहरू बगिरहेको खोलाजस्तै रहेछ, मचाहिँ नदी किनारको एक्लो रूखजस्तै भएको छु। अँ, आँखाको अपरेशनपछि देख्ने त भएँ तर एउटा फसाद के पऱ्यो भने कुनै पनि मानिसको आकृति मात्र नभई मनोवृति पनि देख्न थालें। जसलाई मैले निकट ठानेको थिएँ ऊ टाढा र टाढा ठानेको निकट पाएँ जसले मेरो धारणामा आघात पुऱ्यायो। मेरो सम्बन्ध सङ्कुचन हुनाको यो पनि एक कारण हो।

बुढेसकाल खुट्टाबाट सुरु हुन्छ भन्ने गरिन्छ। खुट्टा भनेको शरीरको भरिया हो। शरीर बोक्दाबोक्दा खुट्टाहरू पनि थाक्दा रहेछन्। मनले जहाँ भन्यो खुट्टाले बोकेर शरीरलाई त्यही पुऱ्याइदिनु पर्छ। जान पर्नेभन्दा नपर्ने ठाउँमा जान आदेश दिने मनको बानीले मेरा खुट्टाहरू पनि लखतरान भएका छन् र कुनै पनि बेला आदेशको बर्खिलापमा हुन सक्छन्। दाँतले त धेरै पहिलेदेखि नै कर्मसन्न्यास लिन थालेका हुन्। अहिलेका मेरा दाँतहरू आयातित हन्, अङ्गीकृत नागरिकजस्तै। मेरो दाँतको अवस्था जस्तै मुलुकमा पनि वंशजहरू विदेशिने अङ्गीकृतहरू भित्रिने क्रम बढ्दो छ।

स्मरण शक्ति पनि कमजोर हुँदै गएको छ। यतिवेला पनि म जे लेख्ने मनसायले लेख्न सुरु गरें, ती धेरै कुरा बिर्सें। त्यसैले मेरो यो लेख विस्मृतिको आलेखजस्तो भएको छ। मेरो विस्मृतिको प्रक्रिया पनि अनौठो छ - दुखद् कुराहरू स्मरण भइरहन्छ र सुखद् क्षण र अनुभूतिहरू सबै स्मृतिबाट डिलिट भैसके। केही प्रसङ्ग र अनुहारहरू भने धुमिल रूपमा देखा पर्छन्, हो कि हो कि जस्तो मात्र।

अब म बिस्तारमा जान चाहन्न। कुरा यति मात्र हो कि म कर्मसन्न्यास लिन लागेको छु भन्ने कुरा हजुरलाई अवगत गराउन चाहन्थें। मैले हजुर भनी सम्बोधन किन गरेको हुँ भने लेखकको सहकाल र पाठकको अनिकाल परेको वर्तमानमा यदि कसैले मेरो सिर्जना पढ्ने कृपा गर्छ भने मेरो लागि ऊभन्दा आदरणीय अरू कोही हुन सक्दैन। सिद्धान्ततः कर्मप्रति मन विमुख भएपछि मात्र शरीरले कर्मसन्न्यास लिनुपर्ने हो। म मानसिक रूपमा कर्मसन्न्यास प्रवृत्त भएको छु। तर शरीरले हतार गर्नाले म शारीरिक कर्मसन्न्यास विलम्ब होस् भन्ने चाहन्छु। हुनत कर्मसन्न्यासमा मनको मुख्य भूमिका भए पनि कार्यान्वियन शरीरले नै गर्ने हो। म कर्मसन्न्यास लिन्छु, त्यसमा शंका नगर्नुहोला। तपाईंलाई विदित होस् - मेरो जटिल समस्या भनेको मनको आदेशबिना नै शरीरले कर्मसन्न्यास लिन थाल्नु हो। म यो क्रमभङ्ग रोक्ने प्रयास गर्दै छु।

卐

खोजीनीति

# चितवनको विकासमा राप्तीदून विकास परियोजनाको भूमिका



रामशरण गैरे *

चितवनलाई विभिन्न जनजाति, भाषाभाषी र संस्कृतिको विविधतामा एकता भएको जिल्लाका रूपमा चिनिन्छ। अधिकांश भाग जङ्गलले ढाकिएको र यसमा महत्त्वपूर्ण जङ्गली जीवजन्तुहरू पाइने हुनाले यसलाई विशेष भूभागका रूप ठानिन्छ। नारायणी, राप्ती नदीकिनारमा विकसित चितवनको इतिहास प्राचीन कालदेखि नै अस्तित्त्वमा रहेको पाइन्छ। पञ्चतन्त्रमा उल्लेख भएको'तदस्माकं मित्रम् हिरण्यकोनाम मूषक, राजो गण्डकी तीरे चित्रवने निवसति' वाक्यबाट चितवनको प्राचीनता पुष्टि हुन्छ। नारायणी, राप्ती नदीको सभ्यतासँग सम्बन्ध राख्दै विकसित चित्रवन नै वर्तमान को चितवन हो।

चितवन जिल्लाको नामकरण सम्बन्धमा तीन वटा जनविश्वास रहिआएका छन। चित्रसेनको नामवाट यस स्थानको नाम चितवन भएको कुरा चितवन जिल्लाका आदिबासी भनिने थारू जातिका जानकार हरू बताउछँन्। पहिले चितवनमा धेरै चितुवा पाइन्थे भनिन्छ अनि चितवनमा चार कोसे झाडी(वन) पनि थियो रे जसले गर्दा चितुवा वन भन्न थालियो जुन अपभ्रंस भएर चितवन हुनपुगेको जनविश्वास रहि आएको छ र त्रेता युगमा देवी सीताको वनवास यही भएको मानिन्छ।

सीताको वास भएको वन भनरे"सीतावन" भनिने गरेको हुनाले कालान्तरमा आएर सीतावनवाट चितवन हुन गएको विश्वास गरिन्छ। त्यस्तै वाल्मीकि आश्रम यही रहनु र सीताप्रवासका लक्षण पनि यही नै देखिएकाले र भाषाविज्ञानको दृष्टिमा "सीतावन" नै शास्त्र सन्निकट रहेको मानिएकाले उक्त तर्कमा सत्यता भएको विश्वास पनि गरिएको छ।
चित्रसेन नामक राजावाट चित्रसारी हुँदै अन्त्यमा चितवन नाम रह्यो भन्ने पनि जनविश्वास रहिआएको छ। यो ठाँउमा पहिले ठुलो वन थियो। वनमा थारूहरूको राजा चित्रसेनले राज्य गर्दथे। यही चित्रसेन राजाको वन भएकोले चित्रवन भन्न थालियो जो पछि चितवनको नामले चिनिन थाल्यो। हाल पनि थारूहरू हरि वोधनी एकादशीको दिनमा भगवान् "चित्रसेन बाबा"को रूपमा पूजा गर्ने गर्दछन्।

थारू अग्रजहरूको भनाइलाई आधार मान्दा चित्रसेन बाबाको थान कायम नहुँदासम्म चितवनमा मानव बसोबासको प्रयास सफल भएको थिएन। त्यसअघि पूर्वी चितवन लोथरको बगरका रूपमा परिचित थियो। चित्रसेन बाबाले दैविक शक्ति हासिल गरी अर्न्तध्यान भएपछि उनको थान निर्माण भयो। र, उनकै शक्तिले चितवनका मानव बस्न सक्ने भएकोले यस भूगोलको नाम चितवन रहन गएको हो। चित्रसेन बाबाको थान पूर्वी चितवनको बूढीराप्ती नदीको किनारमा (हालको चित्रसारी) अवस्थित छ।

अग्रजहरूका अनुसार बुढीराप्तीमा बाढी आएर बाबाको थान कटान गर्न खोज्दा चित्रसेन बाबाले तोप पड्काई बाढीको कटान भगाउने गरेका छन्। विसं २०५८ सालमा पक्की पुल नबनुञ्जेल बुढीराप्ती नदीले अन्यत्र क्षतविक्षत कटान गर्दासमेत नदीकिनारैमा रहेको चित्रसेन बाबाको थान कटान नगर्नुले चित्रसेन बाबामा रहेको दैवी शक्तिलाई विश्वास गर्ने आधार प्रदान गर्दछ। जैविक विविधताले भरिपूर्ण, विश्वसम्पदा सूचीमा सूचीकृत चितवन राष्ट्रिय निकुञ्ज पर्यटक र अनुसन्धाताहरूका लागि स्वर्ग हो। जहाँ विश्वमै दुर्लभ एकसिङ्गे गैंडा, घडियाल गोही, पाटेबाघलगायत सयौं प्रजातिका जनावर, चराचुरूङ्गी तथा वनस्पति पाइन्छ। चितवन जाति, भाषा र संस्कृतिका हिसाबले पनि

* *सञ्चारकर्मी : चितवन पोष्ट दैनिक*

विविधतायुक्त छ । मैदानी भागमा थारूलगायत आदिबासीको बसोवास छ भने पहाडी भागमा चेपाङजातिको बसोवास छ । यस हिसाबले मानव सभ्यता र जैविक विविधताको खुला सङ्ग्रहालय पनि भन्न सकिन्छ चितवनलाई ।

नारायणी र राप्तीले बनाएको द्रोणीजस्तो मैदानी भाग र रिउले बनाएको समतल भूभाग (माडी) जस्ता भौगोलिक संरचनायुक्त चितवनलाई राप्ती उपत्यका पनि भनिन्छ । राप्तीदून विकास योजना (२०१३) लागू भएपछि चितवनको द्रूत विकास हुन थालेको हो ।

त्यसअघि चितवनको ठुलो भूभाग जङ्गल क्षेत्र तथा सिकार स्थल थियो । केही आदिबासीका पातला बस्ती मात्र थिए । लाखौँ वर्षको भौगोलिक विकास र परिवर्तनद्वारा निर्मित यहाँको मनोरम भूमि, प्राकृतिक सौन्दर्य, जैविक विविधता, विशेष जीवजन्तु र आदिम मानवको उत्पत्ति थलो र आधुनिक विकासका सञ्जालहरू यी सबैका कारणले चितवन अनुपम रहेको मान्न सकिन्छ ।

कुनै समय सेन वंशले शासन गरेको चितवनमा मुस्लिम आक्रमणका कारण समथरबाट पहाडी क्षेत्रतर्फ मात्रै बस्तीहरू विस्तार हुँदै थिए । तत्कालीन राजाहरूले आक्रमणबाट बच्न गढीहरू रोजेपछि समथर क्षेत्र जङ्गलले ढाकिएको थियो । ऐतिहासिक कालमा समेत शाहकालीन राजकुमारबहादुर शाहले उपरदाङगढीमा बनाउन लगाएको किल्लाले पनि चितवनको ऐतिहासिकतालाई पुष्टि गर्दछ । चितवनको पहाडी क्षेत्रमा प्राचीन कालदेखि नै बसोबास भएको प्रामाणिकरूपमै पुष्टि भएको छ ।

तराईमा पृथ्वीनारायण शाहको राज्य विस्तार सुरू गर्नुभन्दा अगाडि र त्यसभन्दा पनि वैदिक र उत्तर वैदिक कालदेखि नै नेपालको तराईमा दाङमा दङ्गीशरणको गणराज्य, कपिलवस्तु क्षेत्रमा शाक्य र कोलीय गणराज्य, नारायणीपारि चौदण्डी, सिम्रोनगढ, विदेह विराट गणराज्यहरू अस्तित्त्वमा रहेको इतिहास छ । मकवानपुरको सेनराज्य, थारूराज्य रहेको तराईमा अरू जातिको स्थायी बसोबास नभएको र रैथानेवासी थारूहरू भएकोले ती राज्य थारू शासित गणराज्यहरू थिए भन्ने तर्क विभिन्न लेखक तथा इतिहासकारहरूले गरेका छन् ।

चितवनको विकासक्रम सुरू भएको धेरै भएको छैन ।बहादुर शाहका छोरा शत्रु भञ्जन शाहले वि.सं.१८८५ चैत्र १ गते उपरदाङगढी बनाए पछि यसलाई सदर मुकामको रूपमा २०१८ सालसम्म कायम राखेको भन्ने इतिहासमा लेखिएको छ । सेन वंशी राजाहरूमा मुकुन्द सेन प्रथम ई.सं. १५७५ देखि १६१० सम्मले पृथ्वीनारायण शाहभन्दा अघि वर्तमान नेपालको निकै ठुलो भू-भागलाई एकीकृत गरेका थिए । मुकुन्द सेनको मृत्यु देवघाटमा भएको बताइन्छ । यिनले सो स्थानमा गरेको शिवको मूर्तिलाई मुकुण्डेश्वर भनेर पूजा गर्ने गरिन्छ । तर यिनले आफ्नो विशाल राज्यलाई टुक्राएर आफ्ना भाइ छोरा र शुभचिन्तकहरूलाई भागबण्डा लगाइदिएका थिए ।

प्राचीनकालमा चितवन जिल्लाको केही खास क्षेत्रहरू धार्मिक र पौराणिक दृष्टिले महत्त्वपूर्ण रहेका थिए । यस जिल्लाको पश्चिमतिर काली र त्रिशूली गङ्गाको सङ्गम् स्थलमा देवघाट र त्यहाँ रहेका मन्दिर हरूले पौराणिकताको झलक दिन्छन् । यहाँ स्थापित गरिएका विभिन्न मूर्तिहरू लगायत चतुर्बाहु नारायणको मूर्ति ईशाको तेस्रो वा चौथो शताब्दीतिरको हो । कुनै समय सेन वंशले शासन गरेको चितवनमा मुस्लिम आक्रमणका कारण समथरबाट पहाडी क्षेत्रतर्फ मात्रै बस्तीहरू विस्तार हुँदै थिए । तत्कालीन राजाहरले आक्रमणबाट बच्न गढीहरू रोजेपछि समथर क्षेत्र जङ्गलले ढाकिएको थियो ।

खासगरी मध्यकालदेखि राप्ती उपत्यकामा घना वन जङ्गल र हिंस्रक पशुहरूको बाहुल्यता र प्राणघातक औलोको प्रकोप रहेको थियो । अर्को कुरा यो क्षेत्र उत्तरमा महाभारत लेक, दक्षिणमा चुरेको र सोमेश्वर पर्वतले घेरेको भित्री मधेशमा पर्ने भएकोले प्रायः जन आवादीको दृष्टिले उपयुक्त थिएन थारूहरूका राजा चित्रसेनको वन चित्रवन, चित्रसारी, चितुवा पाइने वन, सीतावन भनिँदै पछि'चितवन' नामकरण भएको भनिएको चितवनमा मोहनशम्शेरका पालामा वि.सं.

२००६ मा नै राज धानीका जनतालाई पुग्ने धान फलाउन बृहत् बस्ती बसाल्ने योजना बनेको थियो ।

वि.सं. २००५ साल जेठ १४ गते श्री ३ महाराज मोहन शम्सेरले आफ्नो सिन्दुरे जात्राको भाषणमा काठमाडौँ उपत्यकामा रहेका जनतालाई सस्तो भाउमा (एक रूपैयाँका सिक्का १०, १२ माना सम्म चामल) खाद्यान्न ख्वाउने कबुल गरेकोले उनले सालिन्दा आठलाख रूपैयाँ सरकारी कोषबाट अनुदान दिई जनतालाई आफूले कबुल गरेबमोजिम सुपथ मूल्यमा खाद्यान्न उपलब्ध गराएका थिए । उनले यसरी सालिन्दा सरकारी कोषबाट अनुदान दिदा अनुदानको मात्रा बढ्दै जानेदेखि सो घटाउने सम्बन्धमा एक योजना पेश गर्न उद्योग परिषद्‌लाई निर्देशन दिए ।

सो पश्चात् उद्योग परिषद्‌ले राप्ती उपत्यका(राप्ती भ्याली)लाई आबाद गरी काठमाडौँ उपत्यकार चितवनको सेरोफेरोका अरू पहाडी जिल्लाको खाद्यान्न अभावपूर्ति गर्नका लागि उद्योग परिषद्‌द्वारा चितवन विकास योजना श्री ३ मा पेश भयो । सो पश्चात् प्रारम्भिक कामलाई श्री ३ मोहन शम्सेरबाट आठ लाख रूपैयाँ निकासा गरियो ।




त्यस बेला चितवनमा बस्ती बसाउने भन्दा पनि ठुलो मात्रामा त्यहाँ खाद्यान्न उत्पादन गरी नेपालको बढ्दो खाद्यान्न अभावको पूर्ति गर्ने प्रस्तावित योजनाको लक्ष्य थियो । साथै यो योजना सफल बनाउन सो समयमा नेपाललाई अमेरिकी सरकारले समेत सहयोग गरेको थियो । यसको लागि अमेरिकी सरकारको तर्फबाट (युनाइटेड स्टेट अपरेसन मिसन) अर्थात् (युएसओएम) लाई परिचालन गरिएको थियो । हाल यो मिसनलाई युनाईटेड स्टेट्स एजेन्सी फर इन्टरनेसनल डेभलपमेन्ट (युएसएआइडी) नामकरण गरिएको छ ।

युएसओएमको नेपाल आगमनसंगै बि. स. २००७ माघ १० मा प्राविधिक सहयोगको लागि पोइन्ट ४ सम्झौता भयो । त्यस सम्बन्धमा कारवाही चल्दा चल्दै २००७ सालको राजनैतिक परिवर्तनपश्चात् केही समय सो काम रोकियो । सो पश्चात् यसको एक वर्ष पछि बिसं २००८ सालको पुसमा युएसओएमको नेपाल प्रमुख पाउल डब्लु रोज केही नेपाली, यूरोपियन तथा अमेरिकी सहयोगीहरूका साथ चितवनतर्फ लागेका थिए ।


यो टोली राप्तीदून क्षेत्रको अध्ययनको लागि आएको थियो । त्यस टोलीमा नेपालका तर्फबाट कृषि विभागका डाइरेक्टर गंगा बिक्रम सिँजापति, अमेरिकी अर्थशास्त्री जर्ज बोवर्स, डा. जर्ज टी, अमेरिकी अफ्रिकी किटविज्ञानी ब्रूक्स स्विडिस, कृषिविज्ञ गोरान नुटसन तथा डच सिँचाइ इञ्जिनियर पनि थिए । यो टोलीको प्रमुख उद्देश्य भनेको अहिलेकोनारायणगढको समुच्च विकास गर्ने तथा त्यहा फैलिएको औलो उन्मूलन गर्ने नै थियो ।

उनीहरूको टोलीले यात्रा आरम्भ गर्दा सडक बनेकै थिएन । तर पनि सबै पैदल यात्रा गर्दै ठुलो परियोजनाको सदस्यका रूपमा हिडेरै आएका थिए । रक्सौलदेखि हेटौडा सम्मको यात्रामा भने केही समय रेल र ट्रकमा यात्रा गर्न पाए पनि अधिकांश यात्रा पैदल नै तय गरिएको थियो । यही यात्रामा नै हेटौंडा देखि नारायणघाटसम्म सडक बनाउनु पर्ने तथा औलो उन्मूलनको लागि डिडिटी छर्नुपर्ने विषय तय भएको

थियो । साथै बहुचर्चित राप्तीदून बिकास परियोजनाको खाका पनि तयार भएको थियो ।

नेपालमा उच्च श्रेणीका अमेरिकी पल डब्ल्यू रोजको सन् १९५३ को यात्राले नेपालमा पहिलो ठुलो अमेरिकी परियोजनाको जग बसाल्यो । राप्ती उपत्यका विकास परियोजना (**RVDP**) भनेर चिनिने दशक लामो'बहुउद्देश्यीय'योजनाले नयाँ प्रविधिलाई सामाजिक-आर्थिक सुधारसँग जोडेको छः सडक निर्माण, विश्व स्वास्थ्य सङ्गठनसँग मलेरिया उन्मूलन, गाउँ विकास र सबैभन्दा महत्त्वपूर्ण, भूमि वितरण र पुनर्वास कार्यक्रम केही वर्षपछि सम्म आर्थिक अभावमा रोकिएको थियो ।

त्यसपछि, सन् १९५४ को गर्मीको अन्त्यतिर, सायद बीसौं शताब्दीको सबैभन्दा ठुलो बाढीले चितवनलगायत मध्य पहाड र तराईलाई तहसनहस बनायो । अमेरिकी प्रकोप राहतपरियोजनाहरूलेराप्ती परियोजनाको लागि कोषको ट्याप खोल्यो ।



यसको ३ वर्ष नबित्दै २०११ सालको साउन ११ मा राप्ती र लोथरमा आएको डरलाग्दो बाढीको चपेटामा पूर्वी चितवनको गाउँ नै सखाप भयो । यसको लागि अमेरिकामा नेपालको बिपत् ब्यबस्थापन गर्नको लागि विपत् राहत परियोजनाहरूबाट आर्थिक सङ्कलन हुन थाल्यो । यो रकम नेपालको लागि अमेरिकी पहिलो सहयोगका रूपमा राप्तीदून बिकास परियोजनाको लागि पनि उपयोगसिद्ध भयो ।

२०१३ सालमा भने नेपाल सरकारले पहिलो पञ्चवर्षीय योजनामा राप्तीदून विकास परियोजना घोषणा गर्यो । यसले विश्व स्वास्थ्य सङ्गठनसँगको सहकार्यमा औलो उन्मूलनका लागि डिडिटी छर्ने काम भयो । युएसओएमले सडकका योजनाहरू पनि ल्याए । जसले गर्दा हेटौडादेखि नारायणगढको सडक बन्न थाल्यो अमेरिकी सहयोगमा बि.सं. २०१२ सालमा हेटौडाबाट नारायणगढको बाटो बन्न थालेको थियो । थारू तथा अल्पसङ्ख्यक रूपमा रहेका कुमाल र दराईहरूको अत्यन्त पातलो आवादी भएको चितवन जिल्लामा वि.सं. २०१३ मा औलो उन्मुलन कार्यक्रमको सुरूआत भयो । त्यसपछि पहिलेको कालापानी भनिने यस ठाउँमा नयाँ बसोबासको विस्तार भयो । नयाँ बसोबासपूर्व जिल्लाको सदरमुकामसमेत चितवनको उत्तरी भेक महाभारत शृङ्खलाको उपरदाङगढी भन्ने ठाउँमा थियो ।


विसं २०१४सालमा चितवनको सदरमुकाम उपरदाङगढीबाट भरतपुरमा सरेको देखिन्छ । हुन त, त्यसअघि पनि उपरदाङगढीबाट विसं १९९२ सालमै सदरमुकाम भुवानीमा सरेको थियो । तर, बढी गर्मी हुने भएकाले र औलोको प्रकोप पनि भएकोले सदरमुकाम कङ्कालीकोटमा सऱ्यो, त्यसपछि फेरि उपरदाङगढी मै सरेको उल्लेख गरिएको पाइन्छ ।

विसं २०१३ सालमा 'राप्तीदून विकास परियोजना' सुरू भएपछि त्यसको पहिलो डाइरेक्टर भएर चितवन आएका कृष्णबम मल्ल थिए । गण्डक क्षेत्रमा आएको बाढीपहिरोबाट विस्थापित जनतालाई यहीँ पुनर्वास गराइएको थियो जुन काम अमेरिकाको सहयोगमा आएको राप्तीदून विकास परियोजनाअन्तर्गत गरिएको थियो । सो परियोजनाले चितवनमा औलो नियन्त्रण गर्ने र बस्ती बसाउने काम गरेको थियो ।

पहिला चितवनको मैदानी क्षेत्रमा थारू समुदायको बसोबास थियो । राप्तीदून परियोजनापछि नै पहाडबाट पनि बसाइँ सरेर आउने क्रम ह्वात्तै बढेको

हो । अमेरिकाको सुरूवातको प्रोजेक्ट मध्ये सबैभन्दा ठुलो यही राप्तीदून थियो । विसं २०११ सालमा आएको विकराल बाढीले नेपालका अधिकांश पहाडी जिल्लाहरूलाई असर गऱ्यो । घरवारविहीन नेपाली जनताहरूलाई पुनर्वास गराउनुपर्ने आवश्यकतालाई दृष्टिगत गरी उचित थलोको खोजी गर्ने क्रममा सरकार ास्तरबाट 'राप्तीदून विकास परियोजना'को सुरूआत भयो ।

भरतपुरको सभ्यतामा ठुलो विकासको मोड २०१२ सालमा आयो । सरकारले नै 'राप्तीदून विकास योजना' बनाएर चितवनमा बस्ती बसाउने योजना बनायो । त्यतिखेर यहाँको समथर भूभाग र उर्वर भूमिलाई मानव बस्ती र अन्न उत्पादनमा उपयोग गर्ने उद्देश्यले तत्कालीन राजा महेन्द्रले राप्तीदून उपत्यका विकास समिति गठन गरेका थिए ।



२०१२ सालमा अमेरिकी सहयोगमा राप्तीदून उपत्यकाको बृहत गुरूयोजना तयार पारी यहाँ बस्ती बसाउन सुरू गरियो । योसँगै सीमित सङ्ख्यामा थारू समुदायको मात्रै बसोबास रहेको यो क्षेत्रमा पहाडी क्षेत्रबाट बसाइ सरेर आउने सङ्ख्या थपिन थाल्यो । त्यतिखेर यहाँ महामारीका रूपमा फैलिएको औलो अमेरिकी प्रोजेक्टकै सहयोगमा उन्मूलन गरिएको थियो ।

यसलाई नेपाल भित्रिएको पहिलो सबभन्दा ठुलो विदेशी सहयोग मानिन्छ । यी परियोजनाहरूले चितवनको जन सङ्ख्याको बनोटमा पनि ठुलै परिवर्तन ल्याए । चितवनमा व्यवस्थित बस्ती आवाद गर्ने भनेर राज्यले 'राप्तीदून विकास परियोजना' को कार्यप्रारम्भ गरेपछि पहाडका मानिसहरू 'चित्तुन खुलेको' भन्दै मधेसतर्फ ओर्लन थालेका हुन् ।

२०११ सालमा तनहुँ, लमजुङ, गोरखा, मनाङलगायत मध्यनेपालको पहाडी क्षेत्रका जनतालाई कहिले लामो खडेरी त कहिले दर्के झरीले अत्यायो । यसरी अनावृष्टि र अतिवृष्टिका कारण जीवन कष्टकर बनेपछि उनीहरू सूरक्षित वास र गाँसको खोजीमा भौँतारिन थाले । तर, कहाँ जाने?पहाडमा ठाउँ छैन ।

मधेसमा औलोको डर । यद्यपि यसको इतिहास २०११ सालमा गण्डकी-धौलागिरि क्षेत्रमा भएको ठुलो पहिरो र त्यसका विस्थापितलाई पुनःस्थापित गर्ने प्रयोजनसँग गाँसिन्छ । तर यसको लहरबाट व्यापक रूपले आन्तरिक आप्रवासनको नयाँ चित्र प्रकट हुन थाल्छ ।

बिसौँ शताब्दीको मध्यसम्म चितवनमा औलो रोगको बिगबिगी थियो । रोगसित आनुवंशिक रूपमै प्रतिरोध क्षमता विकास गरिसकेका आदिबासी जनजातिहरू मात्रै यहाँ वर्षभरि बस्न सक्थे । राणाहरूको सिकार खेल्ने समय जाडो महिनामा थियो किन भने त्यति बेला चितवनमा लामखुट्टे भेँटिदैनथे । थारू, बोटे, दराईं र कुमाल चितवनका प्रमुख आदिबासीहरू हुन् ।

उनीहरूमध्ये पनि सबैभन्दा ठुलो समूह थारूहरूको थियो । उनीहरू धान खेती गर्थे, गाईबस्तु पाल्थे र जङ्गल अनि घाँसे मैदानबाट दाउरा र अन्य कुराहरूको जोहो गर्थे । आफ्नो जीवनयापनका लागि प्राकृतिक स्रोतसाधनमा धेरै निर्भर भए तापनि पहिले थारूहरूले प्राकृतिक स्रोत मासेनन् । स्रोतको त्यति मात्रै प्रयोग गरे, जति बाँच्नका लागि चाहिन्थ्यो ।

जस्तो बाँच्नका लागि मात्र माछा मारे, नदीका माछा सिध्याएनन् ।

घर बनाउनका लागि मात्र रूख काटे, जङ्गलै विनाश गरेनन । प्राकृतिक स्रोतहरूको दोहन गरेर धन आर्जन गर्ने, पुँजी सङ्कलन गर्ने, ठुला महल बनाउने अपराध आदि बासीहरूले कहिल्यै गरेनन । यदि यस्तो हुँदैनथ्यो भने निकुञ्जको छेउछाउमा रहेका गाउँमा थारूका ठूल्ठुला काठका दरबार हुने थिए ।

नदीका माछा बेचेर निकुञ्ज नजिक रहने बोटे र माझीहरूका सानदार महल हुने थिए । यसमा थारूहरूको ज्ञान, सिप र शासन प्रणाली प्रस्टै झल्किन्छ। भरतपुरमा बस्ती बसाउन आयोजना प्रमुख भएर संस्थागत रूपमै कृष्ण बम मल्ल खटिएका थिए । उनले थारूहरूका जमिन्दारहरूलाई बोलाएर बस्ती विकासको योजना सुनाएका थिए र सहमत गराएका थिए।

उनले पहाडी समुदायसम्म चितवनमा सित्तैमा जग्गा लिन सकिने गरी सन्देश फैलाए। लप्टन बखानसिंह गुरूङ, लालकुमार श्रेष्ठ, सुब्बा विष्णुलाल लगायतले उनको अभियानमा सघाए। त्यतिबेला उनले सरकारी उपभोगमा लागि आश्यक जमिन एकै ठाउँमा छुट्याए। हाल पनि भरतपुरका अस्पतालदेखि सरकारी कार्यालयहरू उनैले छुट्याएका जमिनमा छन्।

राप्तीदून विकास आयोजनाले इच्छुकहरूलाई चितवनमै जग्गा दिलाइदिन पहल गऱ्यो । व्यवस्थित तवरको विकास योजना नबनाए पनि अस्पताल, विद्यालय र सरकारी कार्यालयका लागि जमिन बाँकी राखेर अरू सार्वसाधारणलाई दिइयो। त्यतिबेला कहाँ, कति जमिन लिएर बस्ने हो, सोधेरै हाताहातीरूपमा सित्तैमा लालपुर्जा दिइएको थियो । राप्तीदून विकास योजनाकै पहलमा चितवनलाई अमेरिकी सरकारको सहयोगमा हेटौंडासम्म सडकमार्गबाट जोडियो। त्यसपछि विस्तारै चितवनप्रति मान्छेको विश्वास बढ्यो।

हेटौंडा हुँदै वीरगञ्ज नाका र रक्सौलसम्मको कनेक्सनका कारण चितवनप्रति अझ धेरै आकर्षण बढ्यो । कतिले त्यसलाई आत्मसात गरे भने कतिले औलोको डरले चितवन झर्ने आँट गरेनन्। तर, विस्तारै बस्ती बढ्दै गयो। औलोको उपचार सहज बन्दै गएपछि यो ठाउँले अझै प्राथमिकता पायो।

राप्तीदून उपत्यकाको बृहत् गुरूयोजना तयार पारी यहाँ बस्ती बसाउन सुरू गरियो । त्यतिखेर यहाँको समथर भूभाग र उर्वर भूमिलाई मानवबस्ती र अन्न उत्पादनमा उपयोग गर्ने उद्देश्यले तत्कालीन राजा महेन्द्रले राप्तीदून उपत्यका विकास समिति गठन गरेका थिए।

बाढीबाट विस्थापितहरूलाई जग्गा दिलाएर बस्ती बसाउने कार्यक्रम राप्ती दून विकास आयोजना अन्तर्गत सहकारिताको माध्यमबाट ऋण सहयोग परिचालन गर्ने उद्देश्यले ऋणसम्बन्धी संस्था गठन कार्य शुभारम्भ भयो। योसँगै सीमित सङ्ख्यामा थारू समुदाय को मात्रै बसोबास रहेको यो क्षेत्रमा पहाडी क्षेत्रबाट बसाइँ सरेर आउने सङ्ख्या थपिन थाल्यो । घना जङ्गलका बिच थारू, दराई, मुसहर, कुमाल र बोटे जातिका फाटफुट बसोबास रहेको चितवन राप्तीदून विकास परियोजनामार्फत् सरकारले बसोबास विस्तार गर्न थालेपछि गुलजार बन्दै गयो, नत्र योक्षेत्र पहिले गैंडा, गोही, बाघ लगायतका जनावरको बासस्थान थियो।

चितवन उपत्यकामा पहाडतर्फका मानिसहरू बसाइँ झर्नुअघि चितवनमा जमिनदारी प्रथा थियो । जमिनदारहरूले मालपोत, कर उठाई केही रकम सरकारलाई बुझाएर अरू आफैँ भोगचलन गर्दथे। त्यतिखेर राप्ती उपत्यका अति ठुलो थियो । यो उपत्यकामा दुईवटा शासन प्रबन्धहरू मिलाएको पाइन्छ। एउटा चितौन इलाका थियो, अर्को रमौली प्रतापपुर इलाका थियो । प्राचीनकालमा थारू समुदायमा आफ्नै मौलिक भौगोलिक विभाजन गरिएको थियो।

चितवनको दक्षिणी भूभागलाई माडी, त्यस्तै गरी पटिहानी क्षेत्रलाई बेलोध, शुक्रनगर-चनौली क्षेत्रलाई टार, मेघौली क्षेत्रलाई गहड्वार, रामपुर तलको हरैया-बनगाई क्षेत्रलाई कालाबञ्जर तथा बरण्डाभार जङ्गल पूर्व र लोथर खोला पश्चिमको भूभागलाई चितौन भनेर विभाजन गरिएको छ। जसरी काठमाडौँ उपत्यकालाई मात्रै पहिला नेपाल भन्ने गरिन्थ्यो त्यसरी

नै हालको पूर्वी चितवनलाई मात्र पहिला चितवन भन्ने गरिन्थ्यो ।

चितौन इलाकामा पाँच प्रगन्ना थिए । चितौन, बेलौध, कालाबजार, टाँडी र माडी । यी पाँच प्रगन्नाको सदरमुकाम उपरदाङ्गढीमा थियो । रमौली प्रतापपुरमा रमौली, प्रतापपुर, हेटौँडा, हर्नामाडी, प्रगन्नाहरू थिए र यसको सदरमुकाम चिसापानीगढी थियो । चितवनको अदालत उपरदाङगढी र माल-अड्डा, त्यसकै केही तल शेरवास भन्ने ठाउँमा रहेको र त्यहाँ अदालतका हाकिम 'डिट्ठा' र मालका हाकिम 'सुब्बा' रहन्थे ।

पहाडबाट भारतीय बजारमा सामान किन्न जाने रूटमा पर्ने एउटा स्थान मात्रै थियो, नारायणगढ । पहाडबाट झर्दा नारायणी नदी कटेपछि समथर भूभाग हुँदै भारततर्फ लाग्नुअघिको बिसौनी थियो, यो क्षेत्र । भारतबाट सामान ल्याएर आउँदा गाडा चढ्ने अन्तिम विन्दु पनि यही थियो । बन्दीपुरमा रहेका नेवार समुदायहरू व्यापारको सिलसिलामा भारत आउने-जाने गर्दा फाट्टफुट्ट चितवनको नारायणी नदीकिनारमा रहेको नारायणगढमा बस्न थाले ।

नारायणगढबाट बयलगाडामा ठोरी हुँदै भारतको नरकटिया बजारमा सामान किनेर नारायणगढसम्म गाडामै सामान ल्याउने प्रचलन थियो त्यतिबेला । तर, व्यापक बस्ती विस्तारमा पहाडी क्षेत्रका बाढीपहिरो पीडितहरूलाई पुनर्स्थापित गराउन सुरू भएको राप्तीदून परियोजनाकै भूमिका रहेको छ ।

राप्तीदून विकास योजनाकै पहलमा चितवनलाई अमेरिकी सरकारको सहयोगमा हेटौँडासम्म सडकमार्गबाट जोडियो । त्यसपछि बिस्तारै चितवनप्रति मान्छेको विश्वास बढ्यो । हेटौँडा हुँदै वीरगन्ज नाका र रक्सौलसम्मको सम्पर्कका कारण चितवनप्रति अझ धेरै आकर्षण बढ्यो ।

बसाइँ सरेर आउने धेरैले त्यतिबेला भरतपुरलाई पनि रोजेनन् । बढ्दो बस्तीका करण खेत कम भएकाले खेतीपाती गरी जीविका चलाउने योजना बनाएर आउनेहरू पश्चिम चितवनको माडी र मेघौली तथा पूर्वी चितवनको भण्डारासम्म फैलिए । तर, ती क्षेत्रका बासिन्दाको बजार भने नारायणगढ नै रह्यो । त्यसकारणले नारायण गढमा समयक्रममा निकै व्यापार व्यवसाय फस्टायो । ग्रामीण भेगमा कुखुरापालन व्यवसायले व्यावसायिक रूप लियो । धान र तोरीखेती यहाँको प्रमुख व्यावसायिक बाली बने । केराखेतीमा पनि चितवन दरियो । पशुपालन र दुग्धजन्य व्यवसायले पनि यहाँको अर्थ तन्त्र मा खम्बाको काम गरे ।

नेपालकै पहिलो सहकारी संस्थासमेत जन्माएर चितवनले आफ्नो ग्रामीण अर्थतन्त्रको फेरबदलमा नयाँ ढङ्गले काम गरेको सन्देश देशव्यापीरूपमा दिन सफल भयो । ग्रामीण भेग कृषिमा आश्रित भयो भने भरतपुर क्षेत्रको अर्थतन्त्र व्यापार व्यवसायले धान्यो । अहिले चितवनको अर्थतन्त्रको मेरूदण्ड पर्यटन पनि बनेको छ । चितवन राष्ट्रिय निकुञ्जमा आउने स्वदेशी तथा विदेशी पर्यटकका कारण चितवनको सौराहा, पटिहानी, मेघौलीलगायतका क्षेत्रहरू गुल्जार बनेका छन् ।

राप्तीदून स्थापनाको करिब दुई वर्षअघि नै तनहुँको पुलिमराङबाट बखानसिंह गुरूङ चितवन झरेका थिए । त्यसरी कहाँ जाने भनेर भौंतारिएकाहरूलाई बखानसिंहले चितवन बोलाए । उनीहरूले सुरूमा औलोको डरले चितवन बसाइँ सर्न आनाकानी गरे । तर भोकको अगाडि डर पनि डराउँदो रहेछ । अन्ततः उनीहरू चितवन झर्न थाले । त्यसरी झर्नेहरूलाई बखानसिंहले व्यवस्थित बसोवास मिलाउन अगुवाइ गरे । पहाडबाट ठुलो सङ्ख्यामा मानिस तराई झर्न थालेपछि सरकारले पनि विशेष चासो दियो ।

अमेरिकी सरकारको सहयोगमा 'राप्तीदून विकास परियोजना' सञ्चालन भयो । बखानसिंहले जनता र सरकारको पुलका रूपमा काम गरे । उनले बस्ती बसाउन जग्गा वितरण भइरहेको बेला स्थानीय ६० जनालाई भेला गराई प्रति सेयर १० रूपैयाँका दरले कुल सेयर पुँजी ६०० रूपैयाँ सङ्कलन गरी २०१३ साल चैत २० गते "बखानपुर सहकारी ऋण समिति" संस्था गठन गरेको इतिहास छ । वन फँडानी गरेर बस्न थालेका सर्वसाधारणलाई खासगरी घर निर्माण समस्या थियो । परियोजनाले उनीहरूलाई प्रतिपरिवार तीन सय रूपैयाँ कर्जा दिन्थ्यो । कर्जा त पाइयो तर कर्जा फिर्ता गर्ने कसरी?सदियौँदेखि वनक्षेत्र रहेको चितवनमा बसोवास

सहज पनि थिएन । विभिन्न गाउँ र स्थानबाट आएका, विभिन्न पेसामा आबद्ध उनीहरूबिच सहकार्य र सह-सम्बन्ध अत्यन्त जरूरी थियो ।

व्यक्ति-व्यक्तिमा रहेको सिप, क्षमता तथा छरिएर रहेका पुँजीलाई एकत्रित गर्दै सबैको हितमा लगाउन सहकार्य अत्यन्तै आवश्यक थियो । यही सत्यलाई मनन् गर्दै परियोजनाका निर्देशक कृष्णबम मल्लसमेतको सहयोगमा बखानसिंह गुरूङले सहकारी संस्था स्थापनाको अवधारणा तथा योजना तयार पारे । अन्ततः २० चैत २०१३ मा स्थापना भएको बखान सहकारी नै नेपालको इतिहासमा पहिलो सहकारी बन्यो । विसं २०१५ मा चितवनबाट माथिल्लो सभामा मनोनीत सांसद बखानसिंह गुरूङले किसानहरूलाई सजिलोसँग ऋण लिन पाउने अवस्था सिर्जना गरे। यिनै सहकारीहरू बिस्तारै सहकारी बैंकमा परिणत भए र विसं २०२४ मा उक्त बैंकलाई कृषि विकास बैंक बनाइयो।

राप्तीदून परियोजनाले सानो फार्म भनेर किसानलाई दुईदेखि पाँच बिघा जग्गा दिएको थियो। मझौला फाराम २५ बिघा र बडी फाराम भनेर ५० बिघा जमिन दिएको थियो। सानो फाराम लिनेलाई सरकारले गोरू किन्न तीन सय रूपैयाँ अनुदान र खान गहुँसमेत दिन्थ्यो। त्यस्तै, ५० बिघा लिनले आफैँ ट्र्याक्टर किनेर नमुना खेती गरेर देखाउन पर्दथ्यो। उद्योगका लागि सय बिघा जग्गा दिने गरिन्थ्यो। ०१७ सालमा भरतपुर क्षेत्रमा टाउन प्लानिङ गरेर १२ वटा बस्तीमा सशुल्क घडेरी दिइएको थियो। करिब १०० बिघाको बिचमा कम्तीमा ५ बिघा गौरचण छुट्टाइएको थियो।

चितवनको राप्तीदून आयोजनाको अझै धेरै अध्ययन र विश्लेषण भएको पाइँदैन, तर त्यसको एकीकृत विकास योजना अहिले पनि सिक्न लायक छ। किसानलाई जग्गा हुनुपर्छ, पानी नजम्ने तर खेतीपाती हुने कुलो-कुलेसो हुनुपर्छ, कल्भर्टहरू हुनुपर्छ भन्ने सोचाइ थियो।

बीउबिजनका लागि किसानलाई ऋण चाहिन सक्छ, त्यो उपलब्ध हुनुपर्छ भन्ने थियो । अमलेखगञ्जसम्म आइपुगेको रेललाई अलिकति यता तान्यो भने पूर्वी चितवनसम्म जोड्न सकिन्छ । त्यसमा भरतपुरदेखि हेटौँडा जोड्ने ७८ किलोमिटरको सडक बनाएर खेतीयोग्य गाउँलाई हेटौँडा, काठमाडौँ, वीरगन्ज र भारतसँग जोड्न सकिन्छ भन्ने थियो।

यो परियोजनाले सिकाएको मुख्य शिक्षा किसानलाई सिंचाइँ, बीउ र उद्योगलाई सस्तो बिजुली दिएमा उत्पादन बढी गर्छन्, उद्योगले ती उत्पादन किनिदीन्छन् र यसरी सिर्जित परिस्थितिमा उद्योगको नाफा बढ्दै जान्छ, मान्छेहरूलाई ती उद्योगमा रोजगारी सिर्जना हुन्छ र कृषिमा लाग्ने मान्छे कम हुँदै जान्छन् र उन्नत प्रविधिको प्रयोगले कृषिको कुल उत्पादन भने बढ्दै जान्छ भन्ने थियो।

एक अर्थमा सामन्ती युगको नेपाल भन्नु नै माथि ठुला जमिनदार र तल साना जमिनदार भएर चलाइएको कमजोर व्यवस्था न थियो ! त्यो बेलासम्म किसानलाई कर लगाएर सरकारी जागिरे र जमिनदार पोस्ने चलन थियो भने अब त्यसको ठ्याक्कै उल्टो किसानलाई समृद्ध बनाएर अघि बढ्न गैरकिसानलाई कर लगाएर किसानका आयोजनामा लगानी गर्नुपर्ने हुन्थ्यो। कृषिमा आधारित उद्योग खोल्न सकियोस् भनेर एकातिर त्रिशूली, देवीघाटबाट बिजुली बनाएर चितवन ल्याउने योजना थियो भने अर्कातिर चितवनमा ठुल्ठुला जग्गाको प्लटचाहिँ उद्योग गर्छु भन्नेलाई मात्र दिने योजना थियो।

दुःखको कुरा, सबै कुरा योजनाअनुसार भएनन्। चितवनको सामाजिक-आर्थिक स्तरीकरणको रोजको दृष्टिकोण प्रायः हुन सकेन। मलेरिया उन्मूलन भयो, चितवन नेपालको लागि आर्थिक रोटीको टोकरी बन्यो, र धेरै गरिबहरूले जग्गा पाए, जसमध्ये केही उनीहरू वा उनीहरूका परिवारहरू आज पनि छन्। तर विकासका कार्यक्रमहरू अपेक्षा गरेजस्तो विरलै देखा पर्छन् । तर चितवनमा'जग्गा बाँड फाँड'न्यायोचित थिएन।

काठमाडौँका राजनीतिज्ञहरूलाई धेरै ठुला जग्गाधनीहरूले बेचे । गुलाब र समकक्षी कृष्ण बम मल्लको नेतृत्वमा भएको कार्यक्रमले थारू किसान र गोठालाहरूलाई आफ्नै जग्गा दिन कडा मेहनत गरेको थियो। तैपनि असल नियतले त्यो दिनपूरा गर्न सकेन, र

केही थारूहरूले मात्रै जग्गा प्राप्त गरे, जसले दशकौंको गरिबीलाई उकास्यो ।

कहिल्यै कुनै उद्योग चलाउने योजना नभएकाहरूले त्यहाँ ठूल्ठुला जग्गाका प्लट ओगटे र सम्भवतः उहिल्यै सरकारले लिनुपर्ने ती जग्गा अहिलेसम्म तिनका सन्तानले बेचेर खाँदैछन्, र पनि अन्य कतिपय कुरा अघि बढे । रामपुरमा कृषि क्याम्पस खुल्यो, जसले कृषकहरूलाई प्राविधिक सहयोग गर्ने र प्रविधिप्रति जागरूक हुने वातावरण बनायो । अहिले पनि चितवन विभिन्न कृषि तथा कृषिमा आधारित उद्योग र पर्यटनको भरमा चलिरहेको छ ।

पहाडका रूख्खासुख्खा खानेहरू पनि चितवनले देखाएको हरियो सपना पछ्याउँदै आएको पाइन्छ । बस्ती बढेपछि गैंडा जोगाउन २०२५ सालमा गैंडा आरक्ष र २०२९ सालमा चितवन राष्ट्रिय निकुञ्जको स्थापना गरियो । चितवन राष्ट्रिय निकुञ्ज स्थापना भएपछि वन्यजन्तु र थारू संस्कृति हेर्नका लागि पर्यटकको गतिविधि बढ्न थाल्यो ।

चितवन विभिन्न जातजाति, भाषाभाषी र संस्कृतिको विविधतामा एकता भएको जिल्लाको रूपमा चिनिन्छ । एकातिरको मैदानी भागमा बर्षौंदेखि बसोवास गर्दै आएका आदिबासी थारू जाति छन् भने अर्कोतिर पहाडी क्षेत्रमा अर्को आदिबासी चेपाङ जाति रहेका छन् । यिनै विविधताको कारणले गर्दा नै आन्तरिक एवम् बाह्य पर्यटनको हिसाबले समेत यस जिल्ला अग्रणी स्थानमा रहेको छ ।

सौराहा, मेघौली, टाइगरटपृ, चितवन राष्ट्रिय निकुञ्ज, नारायणी, त्रिशूलीमा गरिने जलविहार बाह्य पर्यटनका आकर्षणको रूपमा रहेका छन् भने देवघाट, त्रिवेणी, वाल्मीकि आश्रम, गोद्दक, विक्रमबाबा, वागीश्वरी, चित्रसारी, जस्ता धार्मिक स्थलहरू धार्मिक एवम् आन्तरिक पर्यटनको केन्द्रहरू बन्दै आएका छन् । त्यस्तै चितवन जिल्ला नेपालको राजधानी काठमाडौसँग जोड्ने निकटतम राजमार्ग र पूर्व पश्चिम राजमार्गको संगम स्थलको रूपमा रहेको छ । जसबाट कृषि, व्यापार, उद्योग, पर्यटन लगायका क्षेत्रमा समेत चितवनले प्रसिद्धि कमाएको छ ।

**सन्दर्भ ग्रन्थहरू**

१. नेपालको ऐतिहासिक रूपरेखा बालचन्द्र शर्मा
२. 'चितवनका ऐतिहासिक धार्मिक र पूरातात्त्विक स्थल र वस्तुहरूको अध्ययन' नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रिवि कीर्तिपुर
३. 'पूर्वी चितवनको राजनीति र विकासका अग्रणीहरू' वाल्मीकि साहित्य सदन रत्ननगर, चितवन
४ 'संस्कृतिको सोपानमा चितवन' डी.आर. पोखरेल
५. 'चितवनका आदिबासी जनजातिको सामाजिक र सांस्कृतिक अध्ययन' डा.विष्णुप्रसाद घिमिरे
६. 'ऐतिहासिक, धार्मिक एवम सांस्कृतिक दृष्टिमा मेघौली' विष्णुप्रसाद घिमिरे (२०६२)
७. 'राप्ती उपत्यका' जनकलाल शर्मा र कृष्णवम मल्ल चितवन अध्ययन केन्द्र चितवन
८. 'चितवन जिल्ला पार्श्वचित्र' (२०६१) जिविस चितवन
९. 'चितवनको ऐतिहासिक रूपरेखा' डा. ढाकाराम सापकोटा
१०. 'चितवन दर्पण' (इतिहास, वर्तमान र परिकल्पना) जिल्ला समन्वय समितिको कार्यालय भरतपुर

卐

कला

# चित्रकलाको विकासक्रममा , चितवन र डी. बराल



रामहरि श्रेष्ठ *

**चित्रकलाको उदय-**

जतिबेला मानिसले भाषा बोल्न जान्दैनथे त्यतिबेला अभिव्यक्तिको माध्यम नै चित्रकला थियो । मानिसको हाउभाउबाट निस्कने थरीथरीका आवाजहरूले नै लामो समयपछि भाषाको रूप ग्रहण गर्न पुगेको हो । त्यसभन्दा पहिला मानिसले माटोमा वा ढुङ्गामा चित्र कोरेर भाषा अभिव्यक्त गर्दथे । भाषा अभिव्यक्त गर्ने माध्यम नै चित्र भएपछि हरेक मानिसमा चित्र सिर्जना गर्ने क्षमता अनिवार्य बन्न पुग्यो । तसर्थ प्राचिन कालदेखि नै मानवजीवनसँग चित्रकला अभिन्न अङ्ग  बन्दै आएको छ ।

हामी के अनुमान गर्न सक्दछौं भने कलापछि नै भाषा र संस्कृतिको जन्म भएको हो । यसर्थ कला विना कुनै पनि सभ्यताको परिचय पाउन सकिन्न । सन्सारमा जहाँ जहाँ प्राचीन समयमा देवी देवताका मूर्ति, गुम्बा, मन्दिर तथा जुन कुनै कलाको रचना गरी त्यसको संरक्षण गरेका थिए ती स्थानहरू नै अध्ययन अनुसन्धान, साहित्य सिर्जना, संस्कृति र पर्यटकीय थलो बन्न पुगेको छ । ती प्राचीन कलाकृतिहरू सभ्यताको परिचय र देशको अमूल्य निधि बनेका छन् । यसर्थ कलाको महत्त्व कति हुन्छ भन्ने अनुमान गर्न सकिन्छ ।

**नेपाली कला सभ्यता-**

नेपालको इतिहासमा इस्वी सम्वत्को पहिलो शताब्दीमा बनेका किराँतकालीन प्राचीन मूर्तिहरू फेला परेका छन् । यसै समयदेखि नेपालमा मूर्ति कलाको आरम्भ भएको हो । तर लिच्छवीकाललाई मूर्तिकलाको स्वर्ण युग मानिन्छ । यसपछि मल्लकालीन शासनकालमा नेपालमा कलाको विकास उच्च भएको थियो भन्ने कुरा मल्लकालीन कलाकृतिले उजागर गरको छ । त्यसैको प्रभावबाट उपत्यकामा कलाकारहरू धेरै जन्मन पुगे । जसको कारण उपत्यकामा कलाकृतिको सिर्जना अन्यत्र स्थानको तुलनामा अधिक हुन गयो । यसले गर्दा देशको आय र रोजगारी र सभ्यताको विकासमा समेत टेवा पुगेको छ । चित्रकला, मूर्तिकला, प्रस्तर कला, पौभा चित्रकला, थाङ्का चित्रकलालगायत कैयौं प्रकारका कलाहरूमा नेपाली कलाहरू उच्चकोटिका मानिन्छन् । यसैले नेपाली कला विश्व बजारमै परिचित छन् ।

**कलाको महत्त्व-**


जहाँ कलाकारको सम्मान हुन्छ त्यहाँ मात्र कला र सभ्यताको विकास हुन सक्दछ । कला सिर्जनाले त्यहाँको धर्ती पवित्र बनेको हुन्छ । जहाँ कलाकारको अपमान गरिन्छ त्यहाँ कला सिर्जनाको मृत्यु नै हुन्छ । जहाँ सिर्जनाको मृत्यु हुन्छ त्यहाँ सभ्यताकै मृत्यु हुन्छ । जसले गर्दा मानव समाज नै निरस, असभ्य र रुढ बन्न पुग्दछ । यसर्थ प्रकृतिप्रदत्त सुन्दरता बाहेक मानवलाई आनन्दित र धर्तीलाई सुन्दर तुल्याउने कुनै वस्तुहरू छन् भने ती कलाकारका कलाकृतिहरू नै हुन् । यसर्थ कला र कलाकारको महत्त्व मानव सभ्यतादेखि आजसम्म नै उच्च रहेको छ ।

महान कलाकार अरनिकोले चीनमा अद्भुत ह्वाइट प्यागोडा निर्माण गरेका थिए । त्यो नै आज पर्यन्त नेपाल-चिन मैत्री सम्बन्धको सेतु बनिरहेको छ । कलाकारको महत्त्व कति छ भन्ने कुरा यसबाट पनि अनुमान गर्न सकिन्छ । अध्यावधि नेपाली कलाकार हरूले चीनमा राम्रो सम्मान पाइरहेका छन् । लोकप्रिय गायिका आनी छोइङ डोल्मा भन्छिन्, "चीनले यहाँका

** प्राज्ञसभा सदस्य : नेपाल प्रज्ञा प्रतिष्ठान तथा भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान*

सबै राम्रा मूर्तिकारलाई जति माग्यो उति पैसा तिरेर लैजान्छ। उनीहरू त्यहाँ ठुलठुला मूर्ति बनाइरहेका छन्। नेपाललाई लोकप्रिय बनाउन उनीहरूको पनि भूमिका छ।" (हिमाल खबर, २४ जेठ २०८१)।

चीनमा मात्र हैन नेपाली कलाकारहरू विश्व मै स्तरीय मानिन्छन् । जर्मनी, नर्वे, बेलायत, भारत, थाइल्याण्ड, जापान लगायत धेरै देशहरूमा नेपाली कला र कलाकारले बजार पाएका छन्। देशकै शिर उँचो तुल्याएका छन् । वर्तमान अवस्थामा नेपालमा पर्यटकहरूको आगमन जहाँ बढी छ त्यहाँ कलाको व्यापार बढेको पाइन्छ। काठमाडौंपछि पोखरामा पेन्टिङको बजार बढी छ । पोखरापछि सायद चितवनको सौराहा पर्दछ। यसो त कुनै पनि सहर बजारमा व्यावसायिक परिचयको लागि साइनबोर्ड, होडिङ बोर्ड वा अन्य प्रचार बोर्डको आवश्यकता पर्दछ। यसैले गर्दा पेन्टिङ तथा चित्रकला व्यवसाय सबै सहरमा कमोबेस मात्रामा चलिरहेका छन्।



मोफसलमा पेन्टिङ चित्रको बजार कम छ, तर यस्तो अवस्थामा पनि दामोदर बराल (डी बराल) लाई पेन्टिङ चित्र बनाउन भ्याइ नभ्याइ छ। यसको रहस्य हो उनका पेन्टिङ चित्रहरू उत्कृष्ट हुने गर्दछन्। उनका चित्रहरूले सयौं देश देखिसकेका छन् । उनलाई विदेशबाट समेत चित्र बनाउन अफर गरिन्छ । विदेशमा मात्र नभएर नेपालमा पनि चित्रकलाको महत्त्व बढ्दै गएको छ। कार्यालय, होटल र निजी भवनमा पनि नेपाली पेन्टिङको माग बढ्दै गएको छ। कलाकारिताबाट उनले आफू र चितवनको समेत परिचय बढाएका छन्। यद्यपि आजको समयसम्ममा चितवनले धेरै चित्रकारहरू जन्माइ सकेको छ।

**चितवनमा कला संस्थाको जन्म-**

संस्थागत रूपमा चितवनमा सर्वप्रथम "अरनिको कलाकेन्द्र" (२०३६) गठन भएको थियो। त्यसका अध्यक्ष चितवनका तत्कालीन प्रजिअ सूर्यबहादुर सेन वली र सचिवमा चित्रकार देवेन्द्र गुरुङ थिए। २०३८ पछि यो संस्था निस्कृय रह्यो। चितवनमा चित्रकलालाई व्यावसायिक रूप दिने प्रथम चित्रकार नारायणगढ निवासी प्रेमकुमार विश्वकर्मा हुन्। यसपछिका कला व्यवसायी विष्णुकुमार श्रेष्ठ हुन्। उनी आफू साइनबोर्ड मात्र लेख्दथे तर चित्रकलाको काम अरू आर्टिस्टबाट लिने गर्दथे। पारसमणि रन्जितकार (सन् १९०६-१९८६) चित्रकला, मूर्तिकला र रेशमी धागोद्वारा व्यक्ति चित्र बनाउने अन्तर्राष्ट्रिय स्तरका

चित्रकार हुन् । चिरन्जीवी नेपाली (पानीरङ्ग चित्रकार), कर्मलाल चित्रकार (व्यक्ति चित्रका सिद्धहस्त), हिरारत्न तुलाधर (वरिष्ठ कलाकार हुन् । डी. बी. विश्वकर्मा (कमर्सियल आर्टिस्ट सङ्घ चितवन (२०४४) का प्रथम अध्यक्ष हुन् । माथि उल्लेखित प्रेमकुमार विश्वकर्मादेखि डी. बी. विश्वकर्मासम्मका सबै कलाकारहरूको निधन भै सकेको छ ।

यसपछिका कलाकारहरू हुन्- गुणेन्द्र कमली, शान्तराम गिरी, गोविन्दराज विनोदी, रामहरि श्रेष्ठ, भीमप्रसाद शर्मा, जगबहादुर मगर, देवेन्द्र गुरुङ, तमबहादुर पुन, रामबाबु सुवेदी, सुवर्ण प्रधान, प्रकाश थापा, लालकाजी लामा, दिनेश्वर महतो आदि ।

लालकाजी लामा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान (२०८०-२०८४) उपकुलपतिको गरिमामय पदमा पुगेका छन् । दिनेश्वर महतो नेपाल लतिलकला प्रज्ञा प्रतिष्ठान (२०८०-२०८४) मूर्ति विभाग प्रमुख रहेका छन् । गोविन्दराज विनोदी (२०८०-२०८४) गैंडाकोट नगरपालिका प्रज्ञा प्रतिष्ठानको उपकुलपति रहेका छन् । रामहरि श्रेष्ठ (२०८०-२०८४) नेपाल प्रज्ञाप्रतिष्ठानको प्राज्ञ सभा सदस्य रहेका छन् । भीमप्रसाद शर्मा गैंडाकोट नगरपालिका प्रज्ञा प्रतिष्ठान (२०८०-२०८४) को सचिव र कलावती आर्ट ग्यालरीका अध्यक्ष रहेका छन् । यी सबै कलाकारहरू कुनै न कुनै कोणबाट कलाकृतिको उन्नयनमा नै निरन्तरता दिइरहेका छन् ।

यस अलावा चितवनको माटोमा डी. बराल, सूर्य मध्यरात, इन्दिरा श्रेष्ठ, भीमबहादुर श्रेष्ठ, राजेन्द्र सुवेदी, तीर्थराज पाण्डे, बरुणबाबु घिमिरे, सुलभ पौडेल, रसिक श्रेष्ठ लगायत दर्जनौं कलाकारहरू जन्मिइसकेका छन् । चित्रकलामा नै उच्च शिक्षा हासिल गर्न चितवनका कला पारखीहरू कोही काठमाडौं, कोही बेलायत पुगेका छन् । स्थानीय रूपमा ललितकलाको शिक्षण संस्थाको अभाव चितवनमा खट्किन थालेको छ । प्रशिक्षणको अभावमा कलाप्रति रुचि भएका आर्थिक रूपमा कमजोर रहेका कैयौँ कलाकारहरू पानी नपाएर गमलामा वैलाएका फूल झैँ भएका छन् ।



चितवनमा शिक्षाको विकाससँगै उदाएका कलाकारहरूले विभिन्न विधामा स्वस्फूर्त रूपमा कलाको पारख गरिरहेका छन् । आजकाल हरेक विद्यालयमा साना-साना नानीहरूलाई समेत कलाप्रति रुचि जगाउन कलाको अभ्यास गराइन्छ । यस कारण पनि हरेक विद्यालयमा कलाकार बन्न चाहने विद्यार्थीहरूको सङ्ख्या दिनानुदिन बढ्दै गएको पाइन्छ । यसले गर्दा चितवनमा ललितकला क्याम्पसको आवश्यकता महसुस हुन थालेको छ ।

### को हुन् डी बराल ?

यतिबेला चितवनमा चित्रकला सिर्जनामा अग्र स्थान ओगटेका छन्, चित्रकार डी.बरालले ।

उनको जन्म थलो चितवन माडी (श्रावण ६, २०३८) हो । हाल उनको स्थायी निवास भरतपुर- १० मा पर्दछ । व्यावसायिक दृष्टिकोणले कर्मथलो सौराहालाई बनाएका छन् ।

उनी बाल्यकालदेख नै चित्र कोर्नमा रुचि राख्दथे । चित्रकलाको पारख गर्न उनले केही समय प्रसिद्ध कार्टुनिस्ट तथा चित्रकार वात्स्यायनलाई गुरु बनाउन पोखरा पुगे । त्यहाँ २ महिना बिताएपछि काठमाडौं ठमेलमा उनले ८ वर्षसम्म कलाकर्म गरे । उनी अझ दक्ष बनेपछि आफ्नै गृहनगर चितवन फर्किए ।



उनले २०५६ देखि व्यावसायिक कला कर्म आरम्भ गरेका हुन् । चितवनको पर्यटन केन्द्र सौराहामा आफ्नै “क्रियटिभ आर्ट ग्यालरी” खोलेका छन् । दृश्य चित्रमा उनी माहिर छन् । कलाप्रेमीहरू उनको ग्यालरीमा पुगेपछि उनको कलाले मोहनी नै लगाउने गर्दछ । हेर्ने दर्शक मात्र हैन किन्ने ग्राहकहरूको कमी कहिल्यै हुँदैन । जुन चित्रमा उनी कुची चलाउँछन् त्यसलाई सजीव उतार्न सक्ने विशेषता उनमा पाइन्छ ।

उनको आर्ट ग्यालरी एक प्रदर्शनी स्थल पनि हो । ग्यालरीमा दर्जनौं चित्रकलाहरू सजाइएका छन् । त्यहाँ पुगेपछि जो कसैले पनि छुट्टै आनन्द प्राप्त गर्दछन् । सयौं देशमा उनका कलाकृतिहरू पुगेका छन् । पाँचहजार देखि एक लाखसम्म पर्ने चित्रहरू उनले सिर्जना गरेका छन् । कुनै पनि चित्रकला प्रतियोगितामा उनलाई विमुख फर्कन परेको छैन । एकल वा सामूहिक चित्रकला प्रदर्शनी त दर्जनौं पटक गरिसकेका छन् । डी. बराल चित्रकला प्रदर्शनी तथा कार्यशालाको सिलसिलामा थाइल्याण्ड, भारत, जापान, कोरीया, इजिप्ट, दुवै र कम्बोडिया आदि देशहरू भ्रमण गरिसकेका छन् ।

उनका कला सिर्जनाहरू प्रतियोगितामा सहभागी हुन अमेरिका, बङ्लादेश, इटाली, चेक रिपब्लिक लगायत विभिन्न देशहरूमा पुगिसकेका छन् । एक दर्जनभन्दा बढी राष्ट्रिय स्तरका प्रदर्शनीहरूमा र दशवटा कार्यशालामा सहभागिता जनाइसकेका छन् । २००३ देखि २०२० सम्ममा चारपटक पुरस्कृत भएका छन् । इन्टरनेसनल वाटर कलर अनलाइन कन्टेस्ट २०१८ मा २२ देशका ४०० भन्दा बढीको प्रतियोगितामा तेस्रो पुरस्कार प्राप्त गरेका छन् । हालसममा १५ हजार भन्दा बढी चित्रकलाहरू तैयार गरिसकेका छन् । उनका केही चित्रहरू यसैलेखमा समावेश गरिएका छन् । हालसम्ममा उनका चित्रहरूमा दिन प्रतिदिन निखार बढ्दै आएको छ । प्रभावकारी बन्दै छ र दर्शक तथा मूल्याङ्कन कर्ताको रोजाइमा पर्ने गरेका छन् । यस कुराको अनुमान गर्दा के अनुमान गर्न सकिन्छ भने उनी जन्मे हुर्केको र खेलेको माटोको सुवास कुनै समयमा विश्वभर फैलिने छ । चितवनले भने अझै उनको कलाकारिताको गहिराई र उचाईलाई नाप्न सकेको छैन । उनको चित्रकारीताको सम्मान गर्न सकेको छैन ।

卐

(निबन्ध)

# झगडिरहन्छु म रामबाबुसँग



लक्ष्मण अर्याल *

शीर्षक सुन्दा अचम्ममा पर्नुभो होला यो कहिल्यै झैझगडामा अघि नसर्ने मनुवा के भन्दै छ भनेर। झगडा कार्य हो यो कारणबिना उत्पन्न हुन्न । यसका लागि पक्ष अनि विपक्षको आवश्यकता पर्छ। पानी थोरै तर आगाको मुस्ला धेरै भए त्यस अवस्थामा पानीको दाल नगल्दा झगडाको आगो दन्कन्छ। दुवै आगो भए त महाआगो उत्पन्न हुन्छ नै । यसो भनिरहँदा सोच्नुभो होला त्यसो भए पक्कै झगडारूपी कार्यका लागि कुनै रामबाबु नामधारी व्यक्ति नै कारण होलान् । यो पनि गलत सोच्नु भो भन्छु म । कारण रामबाबु नामधारी व्यक्ति पनि आगो होइनन् शान्त अनि धीर प्रकृतिका पानी नै हुन् । त्यसो भए झगडा केका लागि ? के ले उत्पन्न गराएको छ त्यसलाई ? यस्तो बेतुकको पनि पृष्ठभूमि हुन्छ ? निश्चित छ ममाथि यस्ता प्रश्नका झटाराहरू आउँछन् । शीर्षक नै यतिसारो निहुँखोजुवा र झगडालु राखिसकेँ भने झटारा सहनुको विकल्प पनि त छैन ।

पृष्ठभूमिबाटै बुझिसक्नु भयो यो झगडिइरहने म भन्ने जीव को हो भन्ने कुरा । तर झगडाको दोस्रो पात्र चिन्नुभो भन्ने लाग्दैन। नचिन्नु भएकै हो भने सुन्नुस् रामबाबु भनेको उही रामबाबु हो जो इच्छाकामना गाउँपालिका तोलाङमा जन्मियो । तोलाङ अर्थात् चितवनको उत्तरी पहाड । गम्भीरध्वज र चन्द्रकुमारीको छोरो । क्रममा कान्छो हो भन्ने कुरा भने सुनेको छु तर कतिऔँ सन्तान हो त्यो भने म चिन्दिन। चिन्न पनि किन पऱ्यो र ? आँप खाँदा रूखको नालिबेली दिनुनदीनुले के पो फरक पार्छ र ? जन्मेको २०११ साल । २०११ भनेको विक्रमाब्द नै हो भनी सम्झनुस् । अहिलेको मिनि पी.एच.डी. (एम.फिल.) र उपर पी.एच.डी. को जमानामा पढेको पनि त्यति सारै धेरै होइन मात्र एम.ए. । यो पात्रलाई तपाईंले तोलाङतिरै खोजिरहनु भो भने भुइँमा खसेको सियो फेला पर्ला तर कतै जरोकिलो फेला पार्न सक्नुहुन्न । तपाईंलाई खोज्न सजिलो होस् भनी एकदुई क्लु भने अवश्य दिन्छु । चितवनकै मुटु छोएर बग्ने राजमार्गको बाटो हिँड्दा टाँडी बजारमा ओर्लनुस् । ओर्लिएर दक्षिणतिरको बाटो हानिनु भयो भने खोजीकर्ता तपाईं नै हराउनु भयो भने हुन्छ। यसैले उत्तर लाग्नुस् । एकैछिन हिँडेपछि एउटा पुरानो विद्यालय भेटिन्छ। त्यसको नाम नेपाल मा.वि. हो। हो, अब त्यही विद्यालयकै आसपास खोज्नुभो भने पक्का पनि फेला पार्नुहुन्छ त्यो पात्रलाई । यति क्लु भेट्टाएपछि त अब फेला पारिहाल्छु भनी नफुर्कनुस् । त्यति सजिलै भेटिने पात्र भए म यतिबिघ्न दुःख गरी किन सम्झाइरहन्थेँ तपाईंलाई ।

रामबाबु भन्ने पात्र तपाईंकै सामुन्ने ठोकिए पनि तपाईं चिनिहाल्नुहुन्छ भन्ने लाग्दैन । मुखभरि बिफर बिग्रिएर बनेजस्ता दागका खोपिल्टाहरू छन् । अनुहार अनि बोलीचाली, चालढाल सबै हेर्दा काटीकुटी हिन्दी सिनेमाको नायक उही ओम पुरीजस्तो । हट्टाकट्टा खाइलाग्दो ज्यानको भनी मानसिकतामा प्रतिबिम्ब खिच्नु भएको छ भने पनि मिलेन । कृषकाय नै सम्झनुस् । उमेर वृद्धावस्थातिर ढल्किएको । पतरपतर बोलिरहने बहिर्मुखी पात्र भए पनि सोध्दै नसोधी, खोज्दै नखोजी चिनिन्थ्यो र भेटिन्थ्यो । तर अन्तर्मुखी निकै अन्तर्मुखी । यसैले भेटे पनि तपाई. चिन्नुहुन्न भनेको । चिन्ने भनेको हुलिया मात्र पनि त होइन । हुलियाभित्र लुकेको व्यक्तित्व नजिनी मान्छे चिन्न कहाँ पो सकिन्छ र ?

* उपाध्यक्ष : वाल्मीकि साहित्य सदन, रत्ननगर चितवन

अन्तर्मुखी भए पनि रामबाबु अत्यन्त बाठा छन्। तिनलाई तपाईंले किन कम बोलेको ? धेरै बोल्नुस् न भनिहेर्नुस् त तिनी भनिहाल्छन् - धेरै बोल्दा मभित्रको अल्पज्ञान थाहा पाइहाल्छन् सुन्नेहरू। म मेरो अल्पज्ञान सबैतिर बाँड्न चाहन्न। कम बोल्दा जोखिम कम हुने हुँदा कम बोल्छु। कति चतुर छन् तिनी बुझिहाल्नु भयो नि तिनको बाठोपन। त्यही मितव्ययी शब्दसन्तुलन र बाठोपनको उपयोग गरी तिनले एम.ए. मा डिस्टिङसन ल्याएथे रे। त्यसैलाई उपयोग गरी सरकारी स्थायी दरबन्दीमा विश्वविद्यालय पनि पसेथे रे - चितवनकै वीरेन्द्र क्याम्पस। घरपायकका लागि वीरेन्द्र छाडी पब्लिक छिरे। पब्लिक याने कि सामुदायिक। सामुदायिक भन्नासाथ आजकल तपाईं पनि वनसन आदि जोडेर सोच्नुहुन्छ। त्यो होइन। सामुदायिक क्याम्पस जसको पूरा नाम हो - शहीद स्मृति बहुमुखी क्याम्पस। तिनी घरपायक भनी लोभिएर आउँदा त्यसको नाम यो थिएन। श्रीकमर्स क्याम्पस थियो त्यसको नाम। पछि फेरिएको हो त्यो नाम। रामबाबुले घरपायक भनी लोभिएर आउँदा के के गुमाए त्यो नसोध्नुस् तपाईं मलाई। तपाईंले भेट्नु भयो भने ती कुरा आफैँ खोज्नु होला। भन्छन् भने उनैसँग सोध्नु होला। अनुसन्धान बाँकी छ भनी ठान्नुस्। यो अनुसन्धानको होमवर्क तपाईंलाई। २०४६/०४७ तिर तिनी सोही संस्थाका मुली पनि भए। उनी मुली हुँदा के के भयो त्यो पनि म भन्दिन। म यहाँ इतिहासको सोझो बाटो हिँड्न आएको पनि होइन। खोज्नुस्, आफैँ खोज्नुस्। सोच्नुस् अलिकति रिल काटिएको छ सिनेमाको। मैले नै सबै कुरा खोलेँ भने यो ३ घण्टाको सिनेमा पनि रहने छैन। आजकल मिनिको जमाना छ। रामबाबुले रक्सी खाए। कोटा पुगुन्जेल खाए। कति खाए होला ? खाएर के के भयो होला ? पक्कै तपाईंका मनमा प्रश्नका सूर्यराहरूले घोच्न थाले होलान्। मैले अलि माथि बाठा छन् भनेँ। सरकारी क्याम्पस छाडी पब्लिकतिर लाग्दा अलिअलि लाटा पनि लागे होलान्। अझ रक्सीका कुरा पनि आए एकताका रामबाबुले रक्सी खाए कि रक्सीले रामबाबु खायो भन्ने चर्चा सुनिन्थ्यो। रामबाबु रक्सीले नमातेका बेला समाजसँग साइनो जोड्न एकताका यस्तो पनि लेख्थे - अरूले के के खाए के के अरूको नाम भो फगत् मैले रक्सी खाएँ मेरो बद्नाम भो॥

सुन्नु भो नि उनका कुरा। उही भूपीकै कुराजस्तो। भूपीलाई रक्सी नखाऊ भन्दा बटारिएर भन्थे रे - "मैले पिएकामा रिसाएका साथीहरू पिएर त हेर पिउन झन् गारो छ, मरेर शहीद हुनेहरू बाँचेर त हेर बाँच्न झन् गारो छ।"

हुँदाखाँदाको सरकारी जागीर छाडेर चुनाव लडे - नगरप्रमुख हुन। लडेका लड्यै भए। जित्थे होला हारे। किन हारे उनै जानून्। सजिलो सार यत्ति हो - विपक्षीको मत बढी आएकाले हारे। रक्सीको लत बढ्यो। उनले अचाक्ली रक्सी खाए, रक्सीले उनको जागीर खायो। रक्सी छोडे, छोडेको रक्सीले जागीर दियो। मानअपमान दुवै पाए। उनी लडे फेरी उठे। आम मानिस भएका भए लड्दा लडिरहन्थे होलान् तर भुइँमा बज्रिएर पनि उठे। लडेर पनि उठ्न सक्ने ज्वान हुन् उनी। रक्सीका कुरा गर्दा आजकल उनी भन्छन् - "रक्सी खाएर मैले के गुमाएँ यसको पाटो अर्कै होला तर यसबाट मैले लेखन शक्ति भने आर्जन गरेँ।"

यति कुराको पसारो लाए पछि मैले चिनेँ रामबाबु भनिठान्नु होला। यस्तो नठान्नुस् 'रामबाबु झन्झन् बुझ्यो झन् कठिन' खाले मान्छे हुन्। पत्रदार छन् रामबाबु। उही शङ्कर लामिछानेको एब्स्ट्रयाक्ट चिन्तन प्याजजस्तो - पत्रभित्र अर्को पत्र, अर्को पत्रभित्र फेरि अर्को पत्र। पत्रैपत्रको गुठलीजस्तो।

रामबाबु लेख्छन् पनि। भन्नेहरू भन्छन् - "रामबाबुले कम बोलेको भनेको लेख्नलाई हो।" कम बोल्ने कुरामा उनी के भन्छन् मैले माथि नै भनिसकेँ। रामबाबुले एउटा उपन्यास लेखेका छन्। उपन्यासले उनलाई चिनाएन। उपन्यासका थुप्रोमा उनी हराउँछन्। यसोभन्दा उनी रिसाउँछन् कि थाहा छैन। रिसाउँछन् कि भन्ने त्रास भए म पनि उनको परिधि वरपर घुमिरहने अरूले जस्तै चाकडीको भाषा बोल्थेँ। भन्थेँ होला -

'रामबाबु धुरन्धर उपन्यासकार हुन् ।' म यसो भन्दिन । रामबाबुले आजका मितिसम्म ४ वटा निबन्धका सग्ला पुस्तक दिएका छन् । ती पुस्तकका न्वारनका नाम हुन् - म हरेश खान थालेको छु (२०४७), लेख्न नपर्ने कुराहरू (२०५६), अनर्गल प्रलाप (२०६६) र केन्द्र र परिधि (२०७६) । लेख्न त मुक्तक सङ्ग्रह पनि लेखेथे । उनले लेखिरहने निबन्ध सुन्ने सुनाउने काममा नआउने भएकाले मञ्चमा उक्लिएर आफूलाई सुनाउन मुक्तक लेखेका हुन् रे - खाँचो टार्न ।

यति भनिसक्दा पनि तपाईंले रामबाबुलाई अझै चिन्नु भएको छैन समग्रमा । लेख्न त दर्जनौं लेख्नेहरू पनि छन् । रामबाबु भने थोरैमा धेरै लेख्छन् । मितव्ययी शब्दसन्तुलनमा रहेर लेख्छन् । लेख्छन् अनि थन्क्याउँछन् । केही बाँड्छन् पनि । उनले बाँडेर पाउनेहरू अधिकांश मूल्य नबुझ्ने छन् अथवा बुझेर पनि केही गर्न नसक्ने तहका छन् । उनी माथि आरोप छ - रामबाबु आफ्नै खल्ती चोरेर किताब निकाल्छन् तर ती किताब यस्ताका हात पुऱ्याउँछन् जसलाई तिनको मूल्य नै थाहा छैन । रामबाबु यस्तालाई पुस्तक बाँड्छन् जो हीरालाई किरा ठान्छन् अनि किरालाई हीरा । केन्द्रसम्म आवाज पुग्दैन, परिधिमै तुर्लुङ्ग झुन्डिरहन्छन् रामबाबु ।

रामबाबु माथि अर्को आरोप पनि छ - रामबाबु सानो कोटरीभित्रै रमाउने मान्छे हुन् । उनी जसलाई चिन्छन् सधैं त्यसैलाई मात्र चिनिरहन्छन् । कोटरीबाट उम्किएर खुला आकाशमा उड्न नसक्नु उनको कमजोरी हो । आरोप लगाउनेले त जे पनि लगाउन सक्छन् नि । अनि उनी रिसाउलान् कि भनी उनीमाथि लागेका आरोपहरू उनीबाट लुकाएर राखिराख्नु पनि त उनीमाथिको अन्याय हो । उनीमाथि लागेका आरोपहरूको खण्डनमण्डन उनी जसरी गर्लान् गर्लान् यो उनको कुरा हो तर यो कुराले उनको फैलावट रोकेको हो भने कुरा सोचनीय छ । आजको द्रुतयुगमा पनि रामबाबु हराइरहनु, उनी आफैं विज्ञापनमा पनि नउत्रिनु, लुकिरहनु, कमसलहरू हीरा हुँ भनी चम्किरहनु र उनलाई जजसले घेरे तिनले रामबाबुबाट लिइरहनु मात्र लिइरहनु अनि उनी माथि यस्ता आरोपहरू लागिरहनुका पछाडि कतै बाघ कराउनु र बाख्रो हराउनुको नियति त रामबाबु भोगिरहेका छैनन् भन्ने प्रश्न पनि खडा हुन्छ ।

कसैकसैले रामबाबुलाई शङ्करसँग तुलना गर्छन् । बुझ्नुस् शङ्कर भने शङ्कर लामिछाने पनि हो र उही विष, भाङ, धतुरो खाई मग्नमस्त जीवन बाँच्ने शिव पनि हो । लेखनमा शङ्कर लामिछानेसँग दाँज्नेहरूले उनी र शङ्कर दुवैजना माथि कत्ति अन्याय गरेका छैनन् । यसो त उनी वेलावेलामा भन्छन् पनि - "निबन्ध त जसले पनि लेखेका छन् तर निबन्धकारको असली छवि भने शङ्करमा मात्र पाइन्छ ।" अलिअलि शब्दमा फरक भए पनि आशय त यस्तै सुनेको हुँ मैले उनका मुखबाट । यो भनाइबाट पनि बुझिन्छ कि उनको निबन्धकारिताको आदर्श भनेका शङ्कर लामिछाने नै हुन् । पटक पटक विषयान्तर हुनु, विभिन्न ठाउँहरूमा रल्लिनु अनि जताजता रल्लिए पनि गन्तव्यमा पुगेर विश्राम लिनु यो शङ्करको शैलीको महक रामबाबुमा पनि आउँछ । कुरालाई सरलसँग राख्ने शैली पनि शङ्करकै हो । भनौं न रामबाबुले सरलताको पथमा जटिलभन्दा जटिल विषयको यानलाई कुदाएका छन् । शङ्कर जत्तिकै प्रयोगवादी र अमूर्त भने होइनन् रामबाबु । बढी प्रयोगवादी र अमूर्त लेख्ने भएकाले शङ्करका निबन्धहरूको वाक्य-वाक्य, अनुच्छेद-अनुच्छेदको प्रसङ्ग जोडेर अर्थको डोरी बाट्नु कष्टकर हुन्छ पाठकलाई । तर समग्र पढिसकेपछि शङ्करका निबन्धमा झ्वाप्प अर्थ भने लाग्छ । गलतप्रति व्यङ्ग्य गर्दा सोझै नभनी आत्मव्यङ्ग्य मार्फत् प्रहार गर्ने रामबाबुको शैली पनि शङ्करकै शैलीको निरन्तरता हो । यो शैलीको प्रयोग गर्न आत्मश्लाघीहरूको खुट्टा काप्छ, उनीहरूलाई हन्हन्ती जरो पनि आउँछ । शङ्कर अनि रामबाबु पनि आत्मश्लाघी होइनन् । यसैले लेखनमा आफैंलाई निर्धक्क बजाउँछन् मरुन्जेल । यो व्यङ्ग्य लेखकहरूको शक्तिशाली अस्त्र पनि हो । पङ्क्ति पङ्क्तिमा शैलीको भयानक विष्फोट शङ्कर अनि रामबाबुमा पनि पाइन्छ । जसले पाठकको मस्तिष्कमा ज्वार उत्पन्न गराइरहन्छ

बारम्बार । शङ्करका विषयमा ताना शर्माले एउटा शक्तिशाली पदावलीको उपयोग गरेका छन् - 'गिदी हुँडल्ने निबन्धकारिता' । रामबाबु पढ्दा पनि कता कता गिदीमा हुँडलो आइरहन्छ ।

यति हुँदाहुँदै पनि रामबाबुलाई अग्रजकै हुबहु फोटोकपी भन्नु भने उनी माथि ठुलो अन्याय हुन्छ । शङ्करसँग तुलनीय छन् तर रामबाबु शङ्कर होइनन् । उनी अग्रज र समकालीन भन्दा नितान्त फरक छन् । दुवैलाई एकै ठाउँमा राखेर नहेर्दासम्म शङ्करको झझल्को रामबाबुमा आए पनि जब एकै ठाउँ राखेर हेरिन्छ तब दुवैका नैबन्धिक सुवासको पृथकता प्रष्ट हुन्छ । रामबाबुका निबन्धमा पाठकहरू झ्याम्मिन्छन् । भनौँ उनमा पाठक सम्मोहन कला तीव्र छ । कतै आशावादी त कतै निराशावादी, कतै निस्सारताको बोली त कतै जीवनबोधी चिन्तन, कतै दार्शनिक स्वरूपले त कतै यथार्थको पृष्ठपोषणले रामबाबुको नैबन्धिक उचाइ चुलिएको छ ।

तपाईंलाई पनि थाहा छ र मलाई पनि ज्ञान छ - निबन्ध भनेको बौद्धिकताको प्रयोगशाला हो । जहाँ हृदय पक्ष प्रवल हुन्छ त्यहाँ सरलता प्रादुर्भूत हुन्छ, जहाँ बौद्धिकताको पक्ष बलियो हुन्छ त्यहाँ जटिलताको उदय हुन्छ । हृदयले विषयलाई डोऱ्याउने भएकाले रामबाबुका निबन्धहरू त सुकोमल रूपमा आफूलाई पस्कने कथाकार रमेश विकलका कथा पढेजस्ता पो लाग्छन् । पढिरहूँ र सुनिरहूँ जस्तोको मोहनी रामबाबुका निबन्धमा भेटिन्छ । आत्मपरक भावप्रबन्धन र सुपरिपक्व विचार गुम्फन कला उनका नैबन्धिक विशेषता हुन् । उनमा विषयलाई विस्तार विस्तार केस्र्याउँदै गहिऱ्याउने क्षमता अद्भूत छ । नियन्त्रित आत्मपरकता, अनौपचारिक शैली र खारिएको सरलता रामबाबुका लेखन पहिचान हुन् ।

रामबाबुका बारे यत्ति कुरा भनिसकेपछि तपाईं अलिअलि मसँग रिसाउन थाल्नु भयो कि भन्ने लागेको छ कारण शीर्षक कता छ अनि लेखाइ कता । शीर्षकको जरा र लेखाइका हाँगाबिँगा नमिल्दा तपाईंका मनमा म प्रति आक्रोश उत्पन्न हुनु स्वभाविक नै छ । नरिसाउनुस् न सत्तेसत्ते धरोधर्म हो, म रामबाबुसँग बारम्बार झगडिरहन्छु । कारण रामबाबु जजससँग घेरिएर बसेका छन् तिनले रामबाबुको व्यक्तित्वलाई एकरत्ति अभिवृद्धि गरेका छैनन् र पनि उनी यो यथार्थ बुझ्दैनन् या बुझपचाउँछन् । राजनीतिको लिसो आफ्नो ज्यानमा नटाँस्दा पनि रामबाबु रामबाबु नै भई बाँचिरहन सक्थे तर उनले एकातिरको अद्भुत क्षमतालाई सोही स्थानमा भरपूर उपयोग नगरी राजनीतिको गन्धे खेलमा मिसाउन पुगे । यो उनको महाभूल थियो । आफूले गरेका साहित्यिक उपाकर्मलाई कत्ति पनि मर्म नबुझ्नेहरूमा मात्र सीमित राखे उनले । आजको वैश्विक युगमा फैलन नजान्नु रामबाबुको कमजोरी हो । हो, यही रामबाबुलाई राष्ट्रिय पहिचान दिनबाट रोक्ने अवगुणहरूसँग म बारम्बार झगडिइरहन्छु ।

卐

पर्यटन

# भरतपुर भ्रमण वर्षमा ...देवघाटधाम अनुष्ठान



विश्वराज सुवेदी ' पि.एचडी' *

**परिचय**

प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा धार्मिक सम्पदाले सम्पन्न नेपालको मध्य भागमा अवस्थित चितवन जिल्लाका ७ वटा स्थानीय निकायमध्ये धेरै पर्यटकीय गन्तव्यहरू भएको भरतपुर महानगरपालिका "मध्य नेपालको सुन्दर सहर, समृद्ध र सुस्संस्कृत भरतपुर महानगर" भन्ने सोचका साथ पूर्वाधार विकासद्वारा स्मार्ट मेगासिटीको रूपमा भरतपुरलाई विकास गर्ने लक्ष्य लिइएको छ । विश्व सम्पदा सूचीमा सूचीकृत चितवन राष्ट्रिय निकुञ्ज, ठुला नदीहरूले घेरिएको यस महानगरले करिव ४३३ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ। जैविक विविधता, प्राकृतिक सौन्दर्य, स्वच्छ वातावरण, प्रवर्द्धन गर्दै पर्यटन विकासमा निरन्तर अग्रसर भरतपुर महानगरले कृषि , सहकारी, उद्योग, पर्यटन, जस्ता क्षेत्रहरूलाई आर्थिक समृद्धिको आधार बनाएको छ।

सांस्कृतिक अनेकता, भौगोलिक विविधता, प्राकृतिक अवस्था, भू-बनोट, आदिको आधारमा पहाडी तथा समथर भूभागअन्तर्गत अनुपम प्राकृतिक सम्पदाले सम्पन्न सबै जातजातिको साझा फूलबारी भरतपुर महानगरका पर्यटकीय आकर्षणहरूमा निकुञ्ज, सामुदायिक वन, ताल, नदी, सूर्योदय, सूर्यास्त, पहाड, हिम-शृङ्खलाको दृश्यावलोकन, ऐतिहासिक स्थलहरू ,गढी, दरबार, सङ्ग्रहालय, पार्क, धार्मिक स्थल, आदि पर्दछन् । विभिन्न जातिका मौलिक परम्परा तथा अमूर्त सांस्कृतिक सम्पदाहरूले समेत पर्यटकहरूलाई आकर्षित गरेका छन् । महानगरीय रिङरोड र लिंक रोड, पुलचोकदेखि गोन्द्राङसम्म ६ लेनको बाटो विस्तार, निर्माणाधिन अन्तर्राष्ट्रिय गौतम बुद्ध क्रिकेट रङ्गशाला, अत्याधुनिक सुविधासम्पन्न सिटीहल तथा लायन्सचोकमा मेट्रो प्लाजा, ल्यान्डफिल साइट एवम् पर्यटकीय पूर्वाधार विकासले पर्यटन विकासलाई सहज बनाएको छ । मुख्य सडकहरूमा अण्डरग्राउण्ड विद्युतीकरण, स्मार्ट सिटी लाइट, सार्वजनिक शौचालय, स्मार्ट शौचालय, ओपन जिम तथा सुविधासम्पन्न होटल, एवम् रेस्टुरेन्टहरूको विकासले महानगरको सौन्दर्यकरणमा वृद्धि गरेको छ । पर्यापर्यटन, वन्यजन्तु पर्यटन, धार्मिक पर्यटन, स्वास्थ्य पर्यटन, कृषि पर्यटन, औद्योगिक पर्यटन, जल पर्यटन,खेल पर्यटन आदिको क्रमिक विकास भइरहेको छ।

**देवघाटधाम :**

वराह पूराण, स्कन्दपूराण, भागवत,हिमवत्खण्ड जस्ता प्राचीन धार्मिक ग्रन्थहरूमा महत्त्वका साथ महिमा उल्लेख गरिएको देवघाटधाम भरतपुर विमानस्थलबाट ६ कि.मी. उत्तरमा पर्दछ । दामोदर कुण्ड, मुक्तिनाथ हुँदै बग्ने कालीगण्डकी (विष्णुको प्रतीक) र ७ वटा नदी मिसिएर बनेको त्रिशूली नदी (शिवको प्रतीक) को सङ्गमस्थल वेणी पवित्र धार्मिक स्थलको रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रख्यात छ । भगवान् रामले अश्वमेधयज्ञ लगाएको स्थान, वाल्मीकि ऋषिले सीता लव, कुशलाई लिएर आएको स्थान, सीता, पृथ्वीमा विलय भएको स्थान देवघाटधाम, चितवन, तनहुँ र नवलपुर तीन वटा जिल्लामा करिब ५४ हेक्टर क्षेत्रमा फैलिएको छ । हरिहर क्षेत्र, शालग्राम क्षेत्र, चक्रतीर्थ, वराह क्षेत्र, कदम्बतीर्थ, गजेन्द्र तीर्थ, तपोवन, आदिप्रयाग, सिद्धाश्रम, यज्ञभूमि आदि नामले चिनिने देवघाटधाम वैदिक संस्कृति, पूरातात्त्विक

** विज्ञ सल्लाहकार : भरतपुर भ्रमण वर्ष २०२४*

प्राज्ञिक, दर्शन एवम् धार्मिक तीर्थस्थलको रूपमा जति महत्त्वपूर्ण छ, यहाँको भू-बनोट प्राकृतिक मनोरम दृश्य, जातीय संस्कृति, विभिन्न जातिका कुलमन्दिरहरू, विद्यापीठ, आश्रम, मेला पर्व, स्वच्छ जलप्रवाह, जल क्रियाकलापहरू, सुन्दर हरियाली वन, उच्च पहाडको अतुलनीय आकर्षणले सबै प्रकारका पर्यटकहरूलाई मनोरञ्जन प्रदान गरेको छ।

शान्ति र आध्यात्मिक उन्नयनको उत्कृष्ट क्षेत्र देवघाट धाममा गलेश्वर आश्रम, चक्रेश्वर शीला, सीता गुफा, वशिष्ठ गुफा, हरिहर मन्दिर, महेश संन्यास आश्रम, राम मन्दिर, हनुमान् मन्दिर, यज्ञशाला, धर्मशाला, कठस्तूप, सिद्धि गणेश, गोपीधाम, सूर्यकुण्ड, पशुपतिनाथ जस्ता धार्मिक स्थलहरू छन् । वशिष्ठ ऋषि, राजा मणिमुकुन्दसेन, प्रताप शाह, कवि लेखनाथ पौड्याल, सिद्ध गलेश्वरबाबा , समाजसेवी धार्मिक व्यक्तित्व मैयाँदेवीश्रेष्ठ जस्तासिद्ध तपस्वी हस्तीहरूले जपतप गरेको यस पुण्यभूमिको बारेमा हिमवत्खण्ड नेपाल महात्म्यंमा महादेव शङ्कर आफ्ना गणहरूका साथ यसै क्षेत्रमा बसेको कुरा उल्लेख छ। देवघाटधामदेखि सुरु भएको धार्मिक चक्रपथ हजारौँ भक्तजनले दर्शन गर्ने ऐतिहासिक धार्मिक स्थल मौलाकालिका, गौरीशङ्कर, हरिहर मन्दिर, वागीश्वरीलगायतका धार्मिक स्थलहरूको दर्शन गर्ने मार्गको रूपमा प्रचार-प्रसार भैरहेको छ।

चितवन, तनहुँ र नवलपुर तीन वटा जिल्लामा करिब ५,४३४ हेक्टर क्षेत्रमा फैलिएको देवघाटलाई हरिहर क्षेत्र, शालग्राम क्षेत्र, चक्रतीर्थ, वराह क्षेत्र, कदम्बतीर्थ, गजेन्द्रतीर्थ, तपोवन, प्रयाग, सिद्धाश्रम, यज्ञभूमि आदि नामले पनि चिनिन्छ । ऐतिहासिक, धार्मिक तीर्थस्थल देवघाटधाममा धार्मिक पर्यटनको केन्द्रबिन्दुको रूपमा प्रचारप्रसार भैरहेको छ। वैदिक संस्कृतिको केन्द्र देवघाट पूरातात्त्विक, प्राज्ञिक, दर्शन एवम् धार्मिक दृष्टिले जति महत्त्वपूर्ण छ यहाँको भू-बनोट, प्राकृतिक मनोरम दृश्य, जातीय संस्कृति, विभिन्न जातिका कुलमन्दिरहरू,विद्यापीठ, मेलापर्व, स्वच्छ जलप्रवाह तथा जल क्रियाकलापहरू, सुन्दर वन, उच्च पहाडको अतुलनीय आकर्षण स्थलहरूले पर्यटकहरूलाई भरपूर मनोरञ्जन प्रदान गरेका छन् । यसै गरी देवघाटदेखि सुरु भएको धार्मिक चक्रपथको महत्त्वपूर्ण केन्द्र नवलपुर जिल्लाको मौलाकालिका मन्दिरमा हजारौँ भक्तजनले दर्शन गर्दछन् । बेनीमा प्रस्तावित त्रिकोणात्मक पुलले यस क्षेत्रको महत्त्व अझ वृद्धि गर्ने देखिन्छ।

## धार्मिक पर्यटन

सामान्यतया धार्मिक सम्मेलनमा सहभागी हुन, स्नान गर्न, धार्मिक खोज, अध्ययन, अनुसन्धान गर्न, धार्मिक कार्यक्रममा भाग लिन, आध्यात्मिक चिन्तन मनन गर्न, दर्शन गर्न वा धार्मिक यात्रा गर्ने उद्देश्यले विभिन्न पवित्र स्थलहरूको भ्रमण गर्ने व्यक्तिलाई धार्मिक पर्यटक भनिन्छ, सो भ्रमण सम्बन्धी यातायात, आवास, रेस्टुरेन्ट, घुमफिर आदि क्रियाकलापहरूलाई धार्मिक पर्यटन भनिन्छ। विश्वमा मुस्लिम समुदायको मक्का- मदिना, हज यात्रा, क्रिश्चियनहरूको इजराइल स्थित वेथलेम गाउँको यात्रा, बौद्धिष्टहरूको लुम्बिनी र भारतको सारनाथ, बोधगया कुशीनगरसम्मको यात्रा, हिन्दुहरूको पशुपतिनाथ, देवघाटधाम, मनकामना, विक्रमबाबा, इच्छाकामना, पाण्डवनगर, वाल्मीकि आश्रम, अयोध्यापुरी राम मन्दिर,मुक्तिनाथ वा चारधामसम्मको यात्रा सबै महत्त्वपूर्ण धार्मिक यात्राहरूअन्तर्गत पर्दछन्।

ऐतिहासिक, पूरातात्त्विक, एवम् धार्मिक महत्त्व बोकेका पवित्र धार्मिक स्थलहरू भ्रमण गर्न पर्यटकहरू आउँदा गन्तव्यको व्यापक प्रचार-प्रसार हुन्छ। सरोकारवालाले धार्मिक सम्पदाहरूको संरक्षणमा जोड दिन्छन् । भरतपुर पर्यटन क्षेत्रमा वन्यजन्तु पर्यटनपछि महत्त्वपूर्ण मानिने धार्मिक पर्यटनको विकासबाट भरतपुरलाई सदावहार गन्तव्यको (All seasons Tourism) रूपमा प्रवर्द्धन गर्न सकिन्छ । कला, संस्कृति, परम्परा, आदिको संरक्षण एवम् प्रवर्द्धन गर्नाले पिछाडिएका स्थानमा समेत पूर्वाधार विकास भई

पर्यटन विकासबाट स्थानीय जनता लाभान्वित हुन्छन् । तर दिन-प्रतिदिन पौराणिक मूर्ति तथा मन्दिरका बहुमूल्य सामानको चोरी निकासी रोक्न एवम् धार्मिक स्थलहरूको अतिक्रमण रोकी सीमाङ्कन गर्न त्यतिकै चुनौती छ। प्रायः दुर्गम स्थानमा रहेका पवित्र धार्मिक स्थलमा पूर्वाधार विकास गरी पूरातात्त्विक केन्द्रबाट अध्ययन गरी प्रमाणित गर्न पनि चुनौती नै छ । यस्ता चुनौतीहरूको सरोकारवालाले समाधान गरी धार्मिक स्थलहरूको ऐतिहासिक महत्त्व एवम् आकर्षक विशेषताहरू समेटेर धार्मिक सम्पदाहरूको प्रवर्द्धन गरी भरतपुरमा धार्मिक पर्यटकको सङ्ख्या वृद्धि गर्न सकिन्छ ।

## आध्यात्मिक पर्यटनमा नयाँ आयाम : हरिहर परिपथ

दामोदर कुण्डबाट बगेर आउने विष्णुमूलक (हरि) कालीगण्डकी र गोसाँइकुण्डबाट बगेर आउने शिवमूलक (हर) त्रिशूली पवित्र धार्मिक स्थल देवघाटधाममा भेट भएकोले यही हरिहर क्षेत्रका सम्पदाहरू समेटेर पर्यटन विकास गर्न हरिहर परिपथ निर्माण गरिएको हो। कालीगण्डकीको सामीप्यमा रहेको मुक्तिनाथ, दामोदर कुण्ड, रहुघाट, रिडी, आदि तीर्थस्थल विष्णुको प्रतीकको रूपमा लिइएको पाइन्छ भने त्रिशूली, वेत्रावती, बुढीगण्डकी, दरौँदी, मर्स्याङ्दी, सेती, मादी रसप्तकोशीलाई शिवको प्रतीकको रूपमा मानिएको छ । कूल २४२ कि.मी.लम्वाइ रहेको कालीगण्डकी जलाधार क्षेत्रले २६००० वर्ग कि.मी. ओगटेको छ । नेपालका करिब ६ हजार नदीनालामध्ये गण्डकी नदी प्रणालीमा १ हजार २५ हिमनदी, तालतलैया मिसिएका छन् जसले बाह्रै महिना पानीको वहावलाई कायम गरेका छन् ।

नदी मानव सभ्यताको पहिचान स्थल हो। कालीगण्डकीले आफ्ना दुबै किनारमा अनेक सभ्यता र सांस्कृतिक मानव बस्तीहरू समटेको छ । लोमान्थाङ, रानीमहल, मुकुन्दसेन दरबारजस्ता ऐतिहासिक स्थलहरू, तातोपानी, थाकखोला, त्रिभुवनटार जस्ता पूरातात्त्विक स्थलहरू जोमसोम, वेणी रिडी, नारायणगढ, गोलाघाट जस्ता मानव सभ्यताका बस्तीहरू हरिहर परिपथमा पर्दछन् । यसै गरी भारतको सुनौलीदेखि चीन जोड्ने मुस्ताङको कोराला नाका कालीगण्डकी कोरिडोरअन्तर्गत करिब ४३५ कि.मी. लामो परिपथ छ । यसले भारतीय र चिनियाँ पर्यटक आवागमनमा सहजताप्रदान गर्ने छ ।

अन्नपूर्ण र धौलागिरी दुई हिमाल तथा हिमशृङ्खलाहरू, हिमतालहरू, विश्व प्रसिद्ध रूप्से झरना, संसारकै गहिरो गल्छी अन्धगल्छी, तातोपानीका कुण्डहरू, नदी तथा घाटहरू, शालग्राम मन्दिरहरू, निकुञ्ज एवम् मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरू आदि हरिहर परिपथका प्रमुख पर्यटकीय आकर्षणहरू हुन् । हरिहर परिपथमा पर्ने प्रमुख धार्मिक स्थलहरू दामोदर कुण्ड, मुक्तिनाथ, कागबेनी, गलेश्वरधाम, पञ्चकोटधाम, कुँडुले, शालग्राम सङ्ग्रहालय, बागलुङ कालिका, पुलह आश्रम, सहस्रधारा, गुप्तेश्वर गुफा, मोदीवेणी, ज्यामिरघाट, पूर्तिघाट, सेतीवेणी, रूद्रवेणी, भैरवस्थान, रानीघाट, राम्दीघाट, केलादीधाम, देवघाटधाम, शिवघाट, कालिका, ब्रह्मस्थान, भोजबाबा, गजेन्द्रमोक्षधाम, वाल्मीकि आश्रम त्रिवेणीधाम आदि हुन् ।

यसै गरी हरिहर परिपथमा पर्ने सांस्कृतिक सम्पदाहरूमा थकालीको तोरन्लह मगर जातिको यानिमयाँ, सालैज, मारुनी, सङ्गिनी, आर्य जातिको भजन, बालुन, सवाइ, थारू जातिको फगुवा, जितिया, कुमाल जातिको पाङधुरे तथा विभिन्न जातजातिका मौलिक धर्म, संस्कृति परम्परा रीतिरिवाज रहेका छन् । हिमाली क्षेत्रमा बौद्ध र बोन धर्म, हिमाली संस्कृति, गुम्बा संस्कृति मौलाएको छ भने पहाडी क्षेत्रमा मठ, मन्दिर, आश्रम , बगर, मेला, घाट, तीर्थ आदि सांस्कृतिक सम्पदाहरू रहेका छन् । हिमाली पहाडी तथा मैदानी संस्कृतिले सम्पन्न कालीगण्डकी सभ्यता अनेकतामा एकताको प्रतीक पनि हो । जसले अनेक जात, धर्म, भाषा, भेषभूषा, चाडपर्व, मेला, लोकगीत, लोकदोहोरी, नृत्य, लोकचलन, लोककथा आदि

सांस्कृतिक सम्पदालाई समेटेको छ।
अन्तमा हिमालको काखबाट बग्दै आएको कालीगण्डकीको तटीय क्षेत्रको प्राकृतिक सौन्दर्य, झरना, हिमाल, पहाड, गल्छी, गुफा, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको प्रवर्द्धन गर्ने हरिहर परिपथको विकासले आध्यात्मिक/धार्मिक पर्यटनमा नयाँ आयाम थपिने देखिन्छ।

### भरतपुर भ्रमण वर्ष २०२४

भरतपुर महानगरपालिकाले नीजी क्षेत्रसँगको सहकार्यमा आयोजना गरिरहेको ऐतिहासिक अभियान "भरतपुर भ्रमण वर्ष २०२४" सार्थक रूपमा सफल बनाउन स्थानीय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका कार्यक्रमहरू आयोजना गरिएको छ। पर्यटकीय गन्तव्यहरूलाई प्रवर्द्धन गर्ने नीतिका परिपूरक तत्त्वहरू मुख्य रूपमा मेला, महोत्सव, प्रदर्शनी, भ्रमण, सम्मेलन आदि हुन्। विशेषतः बाह्य पर्यटकहरूलाई लक्षित गर्दै अन्तर्राष्ट्रिय स्तरका कार्यक्रमहरूमा केन्द्रित हुनुपर्छ।
अन्तर्राष्ट्रिय सफारी मार्ट, जङ्गल फेस्टिभल, युवा सम्मेलन, लगानी सम्मेलन, साहित्य कार्यक्रम, र्याली, हेरिटेज, म्याराथुन, सेमिनार, राजदूत, लेखक, ब्लगर हरूको भ्रमण, ट्राभल एजेन्सी, टुर अपरेटरहरूको सम्मेलन, विज्ञ समुहसहितको कार्यशाला गोष्ठी, खेलकुद प्रतियोगिताहरू, पर्यटन तथा वातारणसँग सम्बद्ध दिवसहरू, जातीय सांस्कृतिक कार्यक्रम, फुड फेस्टिभल जस्ता क्रियाकलापहरू भइरहेका छन्। मुख्य कार्यक्रमहरूमा सहभागिताको लागि समयमै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा पत्राचार गरिएको छ भने विभिन्न भाषामा ब्रोसर निर्माण, वेभसाइड निर्माण छोटो समयको भिडियोहरू, नक्सासहितको टुर गाइड बुक गन्तव्यको परिचयसहितको सूचनाबोर्ड, होडिङ बोर्ड, एरो बोर्ड, स्वागत बोर्ड, डिजिटल बोर्ड, स्टिकर, टोपी, टि-सर्ट तयार गरी टुर प्याकेज घोषणा, छुट तथा सहुलियत प्रदान, भ्रमण वर्षको लोगो तथा नारा तयार गरी कार्यक्रम सम्पन्न भइरहेका छन्।

पर्यटन विकासबाट सामाजिक तथा आर्थिक परिवर्तन ल्याउन भरतपुर महानगरपालिकाले सम्भवत नेपालमै पहिलो पटक आयोजना गर्न लागेको यस बृहत् अभियानलाई सफल बनाउन जनप्रतिनिधिहरू, राजनीतिक पार्टीहरू, पर्यटक सरोकारवालाहरू, होटल तथा रेस्टुरेन्ट सञ्चालक, पत्रकार, कृषक, विद्यार्थी, खेलाडी, व्यापारिक वर्ग, निजी क्षेत्र तथा समग्र महानगरपालिका बासीको सक्रिय भूमिका रहेको छ।

### भ्रमण वर्ष अर्धवार्षिक समिक्षा

चितवन जिल्लामा आयोजना गरिएका सभा-सम्मेलन तथा महोत्सवहरूमा भरतपुर भ्रमण वर्ष २०२४ को समुद्घाटन कार्यक्रममा २९ वटै वडाबाट आ-आफ्नो पहिचानसहित र्यालीमा (आज सम्मकै बृहत्) १ लाख भन्दा बढी जनसागरको सहभागिता थियो।

सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल प्रचण्ड प्रमुख अतिथि, पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, के.पी. शर्मा ओली एवम् अन्य पूर्व प्रधानमन्त्रीहरू, विशिष्ट अतिथि रहनुभएको कार्यक्रममा मुख्य मन्त्रीहरू, मन्त्रीहरू, माननीयहरूलगायत सबै दर्जाका जनसमुदायहरूको उपस्थिति थियो। नगर प्रमुख श्री रेनु दाहालको अध्यक्षता र नगर उपप्रमुख चित्रसेन अधिकारीद्वारा स्वागत गरिएको उक्त बृहत् कार्यक्रममा शौचालय, खानेपानी, स्वास्थ्य सेवा तथा सुरक्षाको उत्कृष्ट व्यवस्था गरिएको भ्रमण वर्षको औपचारिक सुरुवात कार्यक्रमले राष्ट्रिय रूपमा एकताको सन्देश प्रवाह गरेको थियो।

भरतपुर भ्रमण वर्ष २०२४ जनवरी १ मा समुद्घाटन गर्ने भनिए तापनि गोन्द्राङ पुलचोकको ६ लेनको बाटो ६० ५ मात्र सम्पन्न भएकोले सम्बन्धित पक्षसँग छलफल गरी मार्च १ मा समुद्घाटन गर्ने निर्णय गरियो तर जनवरी १ बाटै भ्रमण वर्षका कार्यक्रमहरू क्यालेन्डरअनुसार आयोजना गरियो। भरतपुर महानगरपालिका प्रवर्धक भई वर्ष २०२४ भरी स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका कार्यक्रमहरू आयोजना

गर्ने भनिएकोमा विभिन्न सङ्घ संस्थाका कार्यक्रमहरू भरतपुरमा आयोजना गरिएकोले ४८ वटा कार्यक्रम ६ महिनामै सम्पन्न भएको छ । जसअनुसार होटल व्यवसायी सङ्घद्वारा पौष १४-१८ सम्म "रैथाने खाना महोत्सव २०८०" आयोजना गरियो । यसै गरियो पशुपंक्षी तथा औषधी व्यवसायी सङ्घको केन्द्रीय अधिवेशन पौष २४-२५, कुमाल राष्ट्रिय अधिवेशन तथा माघी पर्व माघ १ गते, होटल व्यवसायी महासङ्घ केन्द्रीय बैठक साइकल जङ्गल राइड, रोटरी क्लवबो म्याराथन, लायन्स क्लवको अधिवेशन र गोष्ठी, देवघाटधाम माघे सङ्क्रान्ति मेला, फर्मा एक्स्पो, साइकल ऱ्याली, टुर प्याकेज प्रवर्धन कार्यक्रम, वन्यजन्तु उद्दार केन्द्र शुभारम्भ, घडियाल गोही प्राकृतिक वासस्थान छोड्ने एकीकृत अखिल नेपाल शिक्षक सङ्गठन महिला विभागको तेस्रो राष्ट्रिय अधिवेशन, रिसोर्टहरूको प्रथम केन्द्रीय अधिवेशन, अन्तरप्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिता, कृषि प्रर्दशनी, , नेत्र ज्योति सङ्घको केन्द्रीय अधिवेशन, क्यानइन्फो ट्र्याक्स तथा औद्योगिक प्रर्दशनी, नयाँ वर्ष उत्सव २०८१, पत्रकारहरूको गन्तव्य भ्रमण एवम् छलफल कार्यक्रम सामान्य प्रशासन मन्त्रालय तथा सडक विभागलगायत विभिन्न बैंक तथा इस्युरेन्स कम्पनहिरूको समीक्षा बैठकहरू एवम् सम्मेलनहरू, दुईदेशीय पर्यटन प्रवर्द्धन कार्यक्रम, स्टन ट्राभल मार्टमा सहभागी, सहकारी सङ्गठनका कार्यक्रमहरू, युवाहरूका कार्यक्रम आदि सम्पन्न भएका छन् ।

समग्रमा भरतपुर भ्रमण वर्षले भरतपुरलाई राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा चिनाएको छ । पर्यटकको सङ्ख्या वृद्धि भई आर्थिक क्रियाकलाप बढेको छ भने स्थानीयले आफ्नो सांस्कृतिक संरक्षण एवम् प्रवर्द्धन गरेका छन् । यसरी नै धार्मिक सम्पदाका महत्त्वहरूलाई राष्ट्रिय तथा अर्न्तराष्ट्रिय बजारमा प्रवर्द्धन गर्न देवघाटधाम अनुष्ठान आयोजना गर्न लागिएको हो । आगामी कार्त्तिक २७ गते हरिबोधनी एकादशीको दिन विशिष्ट धार्मिक गुरुबाट समुद्घाटन भए कम्तीमा ७ दिनको हुने देवघाटधाम अनुष्ठान कार्यक्रममा ७५२ वटै पालिकामा निमन्त्रणा गर्नुपर्दछ । कार्यक्रम भव्य एवम् सभ्य रूपमा सम्पन्न गर्न आवश्यक उपसमितिहरू गठन गर्नुपर्दछ । लाखौँ जनसमुदाय सहभागी हुने उक्त कार्यक्रमबाट धार्मिक पर्यटनको प्रवर्द्धनमा देश विदेशका दर्शनार्थीहरूको सहभागी हुने विश्वास लिइएको छ जसको लागि आम जनसमुदाय,सङ्घ संस्था सबैले सक्दो सहयोग गर्नु आवश्यक देखिन्छ । यसबाट देवघाट क्षेत्रको मात्र नभै महानगरका धार्मिक सर्किटमा भएका पवित्र स्थलहरूको समेत प्रवर्द्धन हुने देखिन्छ ।

## सन्दर्भ सामग्री


- सुवेदी, विश्वराज, पर्यटन पत्रिका- २०५९ प्रकाशक :- चितवन पर्यटन विकास समिति
- कँडेल प्रा.डा. देवीप्रसाद र सुवेदी, विश्वराज, "चितवनमा धार्मिक पर्यटनको वर्तमान अवस्था र चुनौती" कार्यपत्र प्रस्तुति, चितवन महोत्सव, २०६७ पौष २८ उद्योग वाणिज्य सङ्घ चितवन
- सुवेदी, विश्वराज "चितवन जिल्लाका प्रमुख पर्यटकीय गन्तव्यस्थल एवम् क्रियाकलापहरू" चितवन महोत्सव स्मारिका २०६७, उ.वा. सङ्घ चितवन ।
- सुवेदी, विश्वराज र पौडेल, जनार्दन, "क्षेत्रीय पर्यटन विकासको लागि एकीकृत पर्यटन अवधारणा", चितवन, पौष ३०, चितवन महोत्सव २०७१
- दाहाल, गणेश (२०६८), पर्यटन दिग्दर्शन, अग्रिम पब्लिकेशन काठमाडौँ ।
- सिमसार सम्बन्धी जानकारी पुस्तिका (२०७५)
- सुवेदी,विश्वराज तथा ज्ञवाली,प्रकाशमणि(२०७५) चितवन जिल्ला पर्यटन निर्देशिका (Tour Guide Book of Chitwan) पर्यटन पर्वद्धन समिति, उद्योग बाणिज्य सङ्घ-चितवन ।


卐

प्राज्ञ परिचय

# भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानका प्राज्ञहरूको सङ्क्षिप्त परिचय



विष्णुदेवी तिवारी उषा *

स्थानीय क्षेत्रको सामाजिक, शैक्षिक, साहित्यिक, कला- सांस्कृति, दर्शन, इतिहास तथा भौतिक विकासलाई मध्यनजर गर्दै विशेष भरतपुर महानगरपालिका क्षेत्रभित्र रहेका कवि, लेखक ,कलाकार, संस्कृतिकर्मी, बालबालिका, विद्वान्, शिक्षकलगायत, विभिन्न रचनात्मक तथा कलात्मक सङ्घ- संस्था तथा विविध विषयका विषयविज्ञहरूलाई गाउँ, समाज , देश हुदै अन्तर्राष्ट्रिय स्तरमा चिनाउने तथा उनीहरूमा भएको सीप, कला दक्षता र क्षमता अभिबृद्धि गर्ने उदेश्यले स्थानीय साहित्यिक तथा शैक्षिक विद्वानूहरूको पहल र भरतपुर महानगरपालिकाका नगर प्रमुख , उपप्रमुख , प्रमुखलगायतका टिमको सहयोग र सल्लाह वमोजिम महानगरपालिकाको एउटा अङ्गको रुपमा वि स २०७८ चैत्र १५ गते विधिवत् रूपमा भरतपुर महानगर प्रज्ञा - प्रतिष्ठानको गठन भएको हो ।

भरतपुर महानगर प्रमुखको संरक्षण तथा निर्देशनमा सञ्चालित प्रज्ञा प्रतिष्ठानको मूलतः दुई वटा अङ्ग रहेको छ । १) प्राज्ञसभा २) प्राज्ञ परिषद् । प्रतिष्ठानको कुलपतिमा नगर प्रमुख रहने व्यवस्था छ भने उपकुलपतिको नेतृत्वमा ५ सदस्यीय परिषद्ले कार्यकारी भूमिकाको रुपमा कार्यसम्पादन गर्दै आएको छ। प्राज्ञसभामा महानगरका उपप्रमुख, एक जना महिला सदस्यसहित ३ जना कार्यपालिका सदस्य, महानगरका प्रमुख प्रशासकीय अधिकृत र शैक्षिक प्रशासन महाशाखा प्रमुख पदेन सदस्य र महानगरपालिकाले तोकेको अधिकृत स्तरको कर्मचारीलाई सदस्य सचिवको रुपमा मनोनयन गर्ने व्यवस्था छ। महानगरपालिकाले भाषा, साहित्य, कला, संस्कृतिको क्षेत्रबाट २३ जना रहने गरी ३१ सदस्य प्राज्ञसभा गठन भएर सञ्चालन हुँदैआएको छ। प्रतिष्ठान गठन हुँदा प्राज्ञसभामा पदेन सदस्य हुनेहरू तत्कालीन उपप्रमुख पार्वती शाह ठकुरी, कार्यपालिका सदस्यहरू हरि आचार्य, विजय भुजेल तथा पवित्रा केसी तथा प्रमुख प्रशासकीय अधिकृतहरू (रामबन्धु सुवेदी, भोजराज खतिवडा, नारायणप्रसाद सापकोटा, वीरेन्द्रदेव भारती) लाई यस लेखमा समेट्न सकिएन । यस सानो लेखमा महानगर प्रज्ञा प्रतिष्ठान आवद्ध प्राज्ञ सभा, परिषद् तथा समितिमा रहेर योगदान दिनुहुने प्राज्ञहरूको संङ्प्ति परिचय दिइएको छ।

## रेनु दाहाल (कुलपति)

भरतपुर महानगरपालिकाको समग्र विकास गर्दै समृद्ध भरतपुर निर्माण गर्ने लक्ष्य लिई आफ्नो नेतृत्वदायी सङ्कल्प तथा योजनालाई मूलमन्त्र बनाएर तदारुकताकासाथ तन, मन, वचन र कर्मले महानगरबासीहरूको सेवामा समर्पित इमान्दार तथा लगनशील नगरप्रमुख रेनु दाहालको जन्म वि स २०३३ साल असार २३ गते भीमसेन नगर हालको भरतपुर -१४, प्रचण्ड टोलमा आमा स्व. सीता दाहाल तथा बुवा नेपालका वर्तमान सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको छोरीका रुपमा भएको हो ।

भरतपुर महानगरपालिकामा २०७४ को निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी माओवादीका तर्फवाट निर्वाचित भई भरतपुर महानगरप्रमुखको कार्यभार बहन गरिरहेकी रेनु दाहालले आफ्नो कार्यकालको पाँच वर्ष सफलाताका साथ सम्पन्न गरि नगरवासीहरूको माया र साथका कारण २०७९ /०२/१० गतेदेखि

** प्राज्ञ परिषद् प्राज्ञ सभा सदस्य तथा कला संस्कृति समिति संयोजक, भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान*

पुनः दोस्रो कार्यकालमा निर्वाचित भएर हाल सम्म भरतपुर महानगरपालिकाको चौतर्फी विकासमा आफ्नो ज्ञान, सिप र कार्यक्षमतालाई मजबुत बनाउदै अहोरात्र खटिने क्रममा सिङ्गो महानगरपालिकाले हालै मात्र महानगरपालिकाहरूमा शून्य बेरुजुको सूचीमा पर्न सफल, खेलकुदमा प्रथम, सहरी विकास पूर्वाधार निर्माणमा उत्कृष्ट महानगरपालिका बन्न सफल भएको छ। उनको यो लगनशीलता र कार्यक्षमताको कदर गर्दै लण्डनको हाइकमाण्डले 'political and public life award 2024' ले अभिनन्दन गरेको छ । भरतपुर महानगर प्रज्ञा - प्रतिष्ठान गठन भए यता महानगर प्रमुख तथा प्रज्ञा प्रतिष्ठानका कुलपतिको दोहोरो भूमिका निर्वाह गर्न सहजकताका साथ, साहित्य, कला, संस्कृतिको सेवामा साथ, हात र सहयोग गरिरहेकी रेनु दाहाल जस्तै जाँगरिलो व्यक्तित्वको साथ भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानले हमेसा पाइरहोस् उनको सफल कार्यकाल एवम् उज्यालो राजनीतिक जीवनको शुभकामना।

## इन्द्रप्रसाद रेग्मी (उपकुलपति)

ब्यङ्ग्य कविता , मुक्तक, निबन्ध तथा संस्मरण लेखनमा सिद्धहस्त वरिष्ठ साहित्यकार इन्द्रप्रसाद रेग्मीको जम्म वि सं २००५ मंसिर ८ गते भारतको कोलकातामा भएको हो । भरतपुर -११ स्थायी बसोवास भएका प्राज्ञ रेग्मीकृ आमाको नाम लक्ष्मी रेग्मी र बुवाको नाम रमाकान्त रेग्मी हो । पेसा निवृत्त शिक्षक रेग्मीले त्रिभुवन विश्वविद्यालयबाट वि ए उत्तीर्ण गर्नुकासाथै कोलकाता विश्वविद्यालयबाट वि. लिव. एस्सी गरेका छन् । साहित्य सङ्गम चितवन, जनसांस्कृतिक महासङ्घ, नेपाल राष्ट्रिय बुद्धिजीवी सङ्गठनका साथै अन्य धेरै संघ- सस्थाहरूमा विभिन्न पदमा रहेर काम गरेको अनुभव बटुलिसकेका प्राज्ञ रेग्मीका प्रकाशित कृतिहरूमा - बैसाखी टेकेर' (हाईकुसङ्ग्रह-२०६८), 'भर्खरै' (कवितासङ्ग्रह -२०६८), "विर्सनै लागेका कुराहरू" (संस्मरणसङ्ग्रह - २०६८), "विर्सनै सकिएन त" (संस्मरणसङ्ग्रह - २०७४) "अनुहारहरूको म्याराथुन" (आलेखसङ्ग्रह - २०७४) "समयको शल्यक्रिया" (आलेखसङ्ग्रह -२०७४), "जाईफल" (मुक्तकसङ्ग्रह - २०७६) "स्वाहा" (ब्यङ्ग्य निबन्धसङ्ग्रह -२०७६) आदि हुन् ।

साहित्यमा मात्र नभएर सामाजिक, राजनीतिक र धार्मिक संस्थाहरूमा पनि संलग्न रहेर सक्रियताका साथ काम गरेका - प्राज्ञले उत्कृष्ट संगठक सम्मान (२०५३) प्रगतिशील कर्मचारी सङ्गठन त्रि. वि., दीर्घ सेवा पदक (२०५७) -त्रिभुवन विश्वविद्यालय,नेपाल, मदन मोहन जोशी स्मृति पुरस्कार,सम्मान (२०६९)- साहित्य सङ्गम चितवन, शहीद शारदा स्मृति पुरस्कार एवम् सम्मान- (२०७४), देवखिना सम्मान एवम् स्मृति पुरस्कार- (२०७६) कविडाँडा सा. प्र., भानु साहित्यिक सम्मान एवम् पुरस्कार (२०७७) भानुभक्त मा. वि. लगायत दर्जनौं पुरस्कार तथा सम्मान प्राप्त गरेका छन् ।

## चित्रसेन अधिकारी (प्राज्ञसभा सदस्य)

आमा दुर्गाकुमारी अधिकारी/ बुवा 'कोते' शेरबहादुर अधिकारीका सुपुत्रका रुपमा २०२४ साल जेठ १ गते भरतपुर -२१ पार्वतीपुर, चितवनमा जन्मिएका चित्रसेन अधिकारी भरतपुर महानगरपालिकाका वर्तमान नगर उपप्रमुख हुन् । नेपाली काङ्ग्रेस पार्टीका तर्फबाट २०७९ मा उपप्रमुख पदमा निर्वाचित चित्रसेनले स्नातक सम्मको अध्ययन गर्नुका साथै २०३८ सालदेखि नेपाल विद्यार्थी सङ्घमा आबद्ध रही राजनैतिक जीवनलाई सक्रियताका साथ अगाडि बढाउँदै गर्दा, २०५४ सालमा तत्कालीन पार्वतीपुर गा. वि. स. वडा नम्बर २१ को वडा अध्यक्षको कार्यभार सम्हालेका आफूले प्राप्त गरेको जिम्मेवारीलाई प्रचलित कानूनको अधीनमा रही त्यसको कार्यक्षेत्रभित्रका नागरिकप्रति उत्तरदायी र जवाफदेही रहेर कार्य कुशलतापूर्वक निर्वाह गरि विकास र समृद्धिमा सहभागी भई निरन्तर प्रतिबद्ध रहने नेतृत्वदायी सङ्कल्प तथा योजना लिएर अगाडि बढिरहदा राजनीति मात्र नभएर विभिन्न सामाजिक संस्थाहरूमा पनि सक्रिय छन् । भरतपुर महानगरले अगाडि सारेका विकासका

योजनाहरूमा नगरप्रमुखसँग होस्टेमा हैसे गर्दै अहोरात्र खटिएका राजनीतिज्ञको प्रज्ञा - प्रतिष्ठानप्रतिको चासो र सुझावले हामीलाई प्रोत्साहित बनाएको छ। आगामी दिनहरूमा पनि हाम्रा कार्ययोजनाहरू पूर्ण गर्न साथ र सुझाव मिलोस् कामना।

### नरेन्द्रकुमार राना (पूर्व प्राज्ञसभा सदस्य)

कवि, लेखक, प्राध्यापक तथा हाल नेपाल सरकारका सहसचिव नरेन्द्रकुमार रानाको जन्म २०४० ।१० ।१४ गते आमा बली राना तथा बुवा धनीराम रानाका पुत्ररत्नका रुपमा रुकुम जिल्लाको नुवाकोट-४ मा भएको हो । भरतपुर महानगर प्रज्ञा - प्रतिष्ठानका निवर्तमान प्राज्ञ सभा सदस्य तथा भरतपुर महानगरपालिकाका निवर्तमान प्रमुख प्रशासकीय अधिकृत रानाको एउटा कविता सङ्ग्रह उ र म (२०८१) प्रकाशित हुनुका साथै गणित विषयमा स्नातकोत्तर गरेका प्राज्ञले करिब ९ वर्षसम्म संस्थागत तथा सामुदायिक विद्यालयहरूमा अध्यापन गरेका थिए । २०७० सालदेखि सरकारी सेवामा आफुलाई पूर्णरूपमा समर्पित गरेका प्राज्ञ प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, प्रदेश सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हुदै, प्रमुख प्रशासकीय अधिकृत, भरतपुर महानगरपालिका, गृहमन्त्रालय, आपूर्ति मन्त्रालय, अर्थमन्त्रालय हुदै हाल नेपाल सरकारका सहसचिवको भूमिकामा व्यस्त छन् । नम्र तथा सरल स्वभावका प्राज्ञको महानगरपालिकामा कार्यरत् रहँदै गर्दा प्रज्ञा प्रतिष्ठानलाई अगाडि बढाउनमा निकै महत्पूर्ण योगदान रह्यो। उनको न्यानो साथको स्मरण प्रज्ञा प्रतिष्ठानले हमेशा गरिरहने छ।

### लक्ष्मीप्रसाद पौडेल (प्राज्ञसभा सदस्य)

लक्ष्मीप्रसाद पौडेलको जन्म २०३४ ।०४ । ३२ उदयपुर जिल्लाको चौदण्डीगढी नपा १० मा माता जानुकादेवी पौडेल तथा पिता बद्रीप्रसाद पौडेलका सुपुत्रका रुपमा भएको हो। अर्थशास्त्रमा स्नातकोत्तर प्राज्ञ भरतपुर प्रज्ञा - प्रतिष्ठानका वर्तमान प्रज्ञा सभा सदस्य पनि हुन्। २०५७।६।१ देखि सहलेखापालबाट निजामती सेवामा प्रवेश गरी हाल राजपत्राङ्कित प्रथम श्रेणी सहसचिवको पदमा बहाल हुदै सेवा प्रवाहको क्रममा विभिन्न मन्त्रालय, विभागहरूमा प्रशासकीय कार्यको नेतृत्व तथा जिम्मेवारी निर्वाह गर्दै गर्दा हाल भरतपुर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा कार्यरत छन्। गीत सङ्गीतमा रूचि राख्ने प्राज्ञ मीठो बोलीमा तथा नम्रताका साथ सबै सामु प्रस्तुत हुने मिलनसार स्वभावका व्यक्तित्व हुन्। भरतपुर महानगरपालिकाका नवनियुक्त प्राज्ञबाट महानगर प्रज्ञा - प्रतिष्ठानका आगामि कार्ययोजनाहरूमा साथ, सल्लाह, सुझाव तथा मार्गनिर्देश मिल्नेछ भन्ने पूर्ण आशाका साथ हार्दिक स्वागत अभिवादन गर्दछौं।

### महेन्द्रप्रसाद पौडेल (पूर्व प्राज्ञसभा सदस्य)

भरतपुर महानगरपालिकाका निवर्तमान शैक्षिक प्रशासन महाशाखा प्रमुख महेन्द्रप्रसाद पौडेल भरतपुर महानगर प्रज्ञा - प्रतिष्ठानका संस्थापक प्रज्ञा सभा सदस्य हुन् । वि स २०२६ असार ४ गते यस धर्तीमा पदार्पण गरेका प्राज्ञ पौडेलको आमाबुवाको नाम/ डम्बरकुमारी पौडेल/ भूमिदत्त पौडेल र हालको स्थायी बसोवास भरतपुर-९, चितवन हो । भरखरै मात्र भरतपुर महानगरको लामो कार्यकाललाई बिट मार्दै स्वेच्छिक अवकाश लिएका प्राज्ञले सन् २००४ मा दर्शनशास्त्र विषयमा मास्टर डिग्री, भाषामा स्नातकोतर साथै शिक्षा प्रशासन र सुपरिवेक्षण मा स्नातकोत्तर लगायत अन्य धेरै विषयहरूमा अध्ययन, अध्यापन गरिरहने क्रममा नेपालका विभिन्न शैक्षिक निकायहरूमा सक्रियताकासाथ लागि परेर शिक्षा, शैक्षिक योजना, व्यवस्थापनलगायत बालबालिकाहरूको शैक्षिक, मनोवैज्ञानिक तथा प्राविधिक क्षमता विकासका कार्यक्रमहरूमा प्रशिक्षकको महत्त्वपूर्ण जिम्मेवारीहरू बहन गरि इमान्दारिताका साथ आफ्नो कर्मगरिरहेका भरतपुर महानगर प्रज्ञा - प्रतिष्ठानका निवर्तमान प्राज्ञ

महेन्द्रप्रसाद पौडेलको सेवानिवृत्त जीवन सुखमय बितोस् हार्दिक कामना ।

**सुवासचन्द्र आचार्य (प्राज्ञसभा सदस्य)**

पिता रामचन्द्र आचार्य र माता पार्वती आचार्यका सुपुत्रका रूपमा वि स २०३६/११/ २० गोरखा न पा डुम्रीडाँडामा जन्मिएका सुवासचन्द्र आचार्यले रशायन शास्त्र , शैक्षिक योजना र प्रशासनमा स्नातकोत्तर एवम् कानूनमा स्नातक गरेका छन् । वि स २०६० ।११ ।२० देखि विद्यालय निरीक्षक पदबाट निजामती सेवामा प्रवेश गरेका प्राज्ञले नेपालका विभिन्न ठाउँहरूमा जिम्मेवारी सम्हाल्दै गर्दै हाल भरतपुर महानगरपालिकामा शैक्षिक प्रशासन महाशाखाका प्रमुख पदमा कार्यरत छन् । साहित्यका विभिन्न विधाहरू मध्य काव्य विधा अन्तर्गतका गीत, गजललाई अतिनै मन पराउने प्राज्ञ आचार्य शान्त, शालीन व्यक्तित्व हुनुका साथै प्रज्ञा - प्रतिष्ठानका आगामी कार्ययोजनाहरूमा सल्लाह सुझाव तथा साथ दिनुका साथै कलासाहित्य तथा शैक्षिक उन्नयन तथा विकासमा दत्तचित्त भएर लाग्नुपर्ने धारणा राख्ने इमान्दार व्यक्तित्व हुनुहुन्छ ।

**विष्णुराज महतो (प्राज्ञसभा सदस्य)**

बाबा बिक्रम महतो र आमा ढगनी महत्त्वको पुत्र रत्नका रूपमा वि स २०३१ साल कार्तिक १३ गते भरतपुर महानगरपालिका २२ पटिहानीमा जन्मिएका विष्णुराज महतो भरतपुर महानगरपालिका वडा नम्बर २२ का वडा अध्यक्ष हुन् । नेपाल सरकारले आयोजना गरेको भ्रमण वर्ष सन २०२० मा पटिहानी क्षेत्रलाई उत्कृष्ट पर्यटकीय गन्तव्यको सूचीमा समावेश गर्न सफल प्राज्ञले पटिहानीको मुहार पूर्णरुपमा फेरेका छन् । विकास निर्माणका भिभिन्न कार्यहरू मध्ये सय शैयाको अस्पताल तथा कभर्डहल निर्माण, घर-घरमा बिजुली बत्ती, खानेपानी, निशुल्क स्वास्थ्य बीमा, जनता आवास, अम्रेला स्टि्रट, स्टोन पार्क, कमल पोखरी पार्क, ठुला-ठुला पर्यटकीय होटलहरूको निर्माण लगायत अन्य धेरै सामाजिक, शैक्षिक तथा कलासंस्कृति विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याएका प्राज्ञ एक कुशल फुटबल खेलाडी पनि हुन् । २०४१ सालदेखि नेपाल कम्युनिष्ट पार्टीमा आबद्ध प्राज्ञ ने. क. पा. एकिकृत समाजवादी भरतपुर महानगरका अध्यक्ष, अमर जनशक्ति क्याम्पसका अध्यक्ष लगायत धेरै सङ्घ संस्थाहरूमा क्रियाशील हुँदै गर्दा अन्तरविद्यालय मेयर कपमा प्रथम विश्व रक्तदाता दिवस २०८१ को सन्दर्भमा जिल्ला रेडक्रसबाट उत्कृष्ट सम्मान प्राप्त गरेका छन् ।

**विष्णुबहादुर भुजेल (प्राज्ञसभा सदस्य)**

समुन्नत महानगर निर्माण भन्ने नेतृत्वदायी सङ्कल्प तथा योजनालाई आत्मसात् गर्दै सामाजिक सेवामा तन, मन, वचन र कर्मले अगाडि बढिरहेका युवा जनप्रतिनिधि बिष्णुबहादुर भुजेलको जन्म वि स २०४२ साल चैत्र १९ गते शिरमाया भुजेल/ सन्तबहादुर भुजेलका सुपुत्रका रुपमा भरतपुर -१४, भिमसेनगर, चितवनमा भएको हो । उनि भरतपुर महानगरपालिकाका वर्तमान कार्यपालिका सदस्य हुनुका साथै भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानका प्रज्ञा सभा सदस्य पनि हुन् । राजनीतिक तथा सामाजिक सेवामा दत्तचित्त भएर इमान्दारिपूर्वक लागि परेका प्राज्ञको स्थायी बसोवास भरतपुर -१४, शिवनगर नै हो ।

स्नातक सम्मको शैक्षिक योग्यता हासिल गरेका प्राज्ञ भुजेलले २०५८ सालमा ने. क. पा. माओवादी सङ्गठनको सदस्यता लिएका हुन् । कलिलो उमेरमै राजनीतिमा लागेका युवा जनप्रतिनिधि २०६१ सालमा पार्टी सदस्य, एकीकृत अखिल नेपाल शिक्षक सङ्गठन सचिवालय सदस्य, नेपाल माओवादी केन्द्र पूर्व जिल्ला कमिटी सदस्य, भुजेल मुक्तिमोर्चा चितवन इन्चार्ज आदि सङ्गठनहरूमा आबद्ध रही समाजमा भएका बेथिति, विसङ्गति तथा भेदभावहरू निर्मुल पार्नुका साथै समाज परिवर्तनमा अहोरात्र खटिरहेका छन् ।

**सिर्जना अधिकारी (प्राज्ञसभा सदस्य)**

राजनीतिलाई समाज सेवा मान्ने सिर्जना समाज परिवर्तनकालागि समाजमा रहेका विसङ्गति हटाई समाजिक उत्तरदायित्व बोध गर्दै समाज निर्माण गर्ने सङ्कल्पका साथ अगाडि बढेका महिलाहरूलाई अनुभवी, कार्यकुशल , तथा आत्मनिर्भर बनाउने कार्ययोजनाका साथ अगाडि बढिरहेकी नेपाली कङ्ग्रेस पार्टीबाट निर्वाचित कार्यपालिका सदस्य (वडा सदस्य-१५ नम्बर) हुन् ।

स्याङ्जा जिल्लाको लौसीबोट भन्ने गाउँमा २०३७ कार्तिक १० गते जन्मिएकी प्राज्ञ सिर्जनाको स्थायी बसोवास भरतपुर १५ हो । २०५५ सालदेखि नेपाली काङ्ग्रेस पार्टीमा आबद्ध भएकी सिर्जना तत्कालीन मङ्गलपुर गाउँ एकाइको कोषाध्यक्ष हुदै पार्टीको क्षेत्रीय प्रतिनिधी, ३ नम्बर क्षेत्रको सह-सचिव र ज्ञानेश्वर सामुदायिक वन लगायत विभिन्न संस्थाहरूमा आबद्ध छन् ।

**केदारनाथ खनाल**
**(प्राज्ञपरिषद् सदस्य तथा संयोजक-दर्शनशास्त्र समिति )**

शहीद लखन गाउँपालिका -४ ताकलुङ गोरखामा वि. स. २००१ कार्तिक सात गते जन्मिएका केदारनाथ खनालका मातापिताको नाम देवमाया खनाल भोगप्रसाद खनाल हो । वरिष्ठकवि, लेखक , प्राध्यापक, समाजसेवी तथा कुशल वक्ता खनाल संस्कृतमा मध्यमासम्म र नेपाली शिक्षा शास्त्रमा एम एडसम्मको अध्ययन गरेका छन् । हाल शिक्षण पेशाबाट सेवानिवृत्त प्राज्ञ खनालले नेपालका विभिन्न स्कुल, क्याम्पसहरूमा प्राध्यापकको भूमिकामा लामो समय खर्चेका मीठा अनुभवहरू साझा गर्दछन् ।

विभिन्न साहित्यिक सङ्घ संस्थाहरूमा आबद्ध रही सक्रियताकासाथ कर्म गरिरहने क्रममा :- अनुभूतिका शब्द तरङ्ग (कवितासङ्ग्रह २०६१), शिक्षाः केही गन्थन केही मन्थन (निवन्धसङ्ग्रह -२०६२), यात्राका स्पन्दनहरू (नियात्रासङ्ग्रह २०६५), स्मृतिका बिम्बहरू (संस्मरणात्मक निबन्धसङ्ग्रह २०६६), दुई धार एक लहर (नियात्रा र संस्मरणात्मक निबन्धसङ्ग्रह २०७०), Heart beats of my travels (Travel essays 2071) उज्यालोको खोजी (कवितासङ्ग्रह २०७४), नेपाली संस्कृतिका केही आयम (सांस्कृतिक निबन्धसङ्ग्रह २०७६), केही समीक्षात्मक अभिरेखाङ्कन (समालोचनासङ्ग्रह २०७६), महादेशको यात्राः स्वदेशको माया (नियात्रासङ्ग्रह २०७६) ताकलुङको मधुरिमा (काव्य २०७७) का साथै शिक्षा, साहित्य तथा कलासंस्कृति सम्बन्धी दर्जनौं लेख, कार्यपत्र प्रस्तुति र फुटकर कविताहरू प्रकाशित भएका छन् ।

चितवन साहित्य परिषद्का संस्थापक एवम् वर्तमान् अध्यक्ष केदानाथ खनाल साहित्य, संस्कृति तथा समाजसेवामा समर्पित प्राज्ञलाई राष्ट्रिय शिक्षा समिति (२०४४), शिक्षा मन्त्रालयबाट पुरस्कार, सम्मान अभिव्यञ्जना साहित्य सम्मान (२०६२), वाल्मीकि साहित्य सम्मान (२०६२) रत्ननगर, कालिका स्रष्टा सम्मान (२०६३), विशिष्ट शैक्षिक योगदान सम्मान (२०६४) जि शि का स्रोतकेन्द्र लङ्कु भरतपुर, चिसाप प्रतिभा सम्मान (२०६५) , हरि उत्कृष्ट प्रतिभा पुरस्कार (२०६५) हरि सांस्कृतिक केंद्र गोरखा, चितवन वाङ्मय प्रतिष्ठान सम्मान (२०६९), महामण्डल साहित्य सम्मान नुवाकोट (२०६६), कालिगण्डकी साहित्य कला पुरस्कार, स्याङ्जा (२०७०), भानुस्वर्ण पदक एवम् प्रशस्ति-पत्र (२०७१), संस्कृति मन्त्रालय, देवखिना स्मृति पुरस्कार कविडाँडा (२०७१), महाकवि लक्ष्मीप्रसाद पुरस्कार (२०७५) अ.ने.सा.स. अष्ट्रेलिया, अमेरिका, जापान लगायत अनगिन्ती राष्ट्रिय तथा अर्न्तराष्ट्रिय पुरस्कार तथा सम्मानहरू प्राप्त भएका छन् ।

**प्रकाश चापागाईं**
**(प्राज्ञपरिषद् तथा प्राज्ञसभा सदस्य एवम् संयोजक-भाषा साहित्य समिति )**

साहित्य यस्तो हतियार हो जुन हतियारले

समाज भित्रका हरेक विकृति र विसङ्गतिलाई समूलरूपमा नष्ट गर्नुका निम्ति मानिसलाई निर्भिकतापूर्वक उठाउने हिम्मत दिलाउँछ ! भन्ने प्रगतिवादी धारणा राख्ने कवि, लेखक , महाकाव्यकार एवम् नाटककार प्रकाश चापागाईंको जन्म २०१७ माघ १५ गते बाबा गजाधर चापागाईं तथा आमा डिकुरीदेवी चापागाईंका कोखबाट गीतानगर- ३, पृथ्वीनगर, चितवनमा भएको हो ।

चितवनका माटोमा छन्दका विरूवा रोप्न खप्पिस साहित्य साधक साहित्य सङ्गम चितवनका अध्यक्ष हुनुकासाथै महानगर प्रज्ञा - प्रतिष्ठानका भाषा साहित्य समिति संयोजक पनि हुन । कविता लेखनबाट सुरु भएको उनको यात्राले शोक काव्य, खण्ड काव्य हुदै महाकाव्य जस्तो जटिल विषयमा आफ्नो कला प्रदर्शन गरिसकेको छ । समाजमा भएका विकृति तथा विसङ्गतिहरूको खुलेरै विरोध गर्ने प्राज्ञका प्रकाशित कृतिहरूमा -बदला नाटक (एकाङ्की२०४०), आँखाभरि (शोककाव्य २०६७), बुलेट नं पाँच (खण्डकाव्य २०६९), आरोहण (महाकाव्य २०७४) संयुक्त लेखन, मगुई खण्डकाव्य (कवि त्रयोदश खण्डकाव्य २०७७) र भरखरै मात्र बजारमा आएको कृति हो कमिलाको प्वाँख (कवितासङ्ग्रह २०८०) आदि। कमिलाको प्वाँख कृति, यही मिति २०८१ जेठ महिनाको ६ गते आइतवार कविडाँडा साहित्य समाज चितवनका तर्फबाट कविडाँडा अविनाशी कृति पुरस्कार लगायत दर्जनौं सम्मान तथा पुरस्कारहरूके पुरष्कृत भएको छन् ।

**विष्णुदेवी तिवारी (उषा तिवारी)**
**(प्राज्ञ परिषद् तथा प्राज्ञसभा सदस्य एवम् संयोजक-कलासंस्कृति समिति )**

कवि, गीतकार , गजलकार तथा भाषानुवादक विष्णुदेवी तिवारीको उपनाम उषा तिवारी हो । भारतको शिलाङ, मेघालयमा २०३६ असार २९ गते आमाबुवा पूर्णकला देवकोटा / प्रेमचन्द देवकोटाको माहिली छोरीका रुपमा जन्मिएकी "उषा सुन्दर कला र गलाकी साहित्यिक प्रतिभा हुन् । नेपाली तथा हिन्दी गजलका क्षेत्रमा उषाको नाम स्थापित भइसकेको छ । 'धुमिल धुमिल सपनाहरू' नेपाली गजलसङ्ग्रह २०६८, 'यो कस्तो तलतल हो' नेपाली गजलसङ्ग्रह २०७१ र 'महफिल' हिन्दी गजलसङ्ग्रह २०७६ आदि नेपाली एवम् हिन्दी भाषी साहित्यप्रेमीहरूले निकै मन पराएका कृतिहरू हुन् ।

सङ्गीत तथा गायन क्षेत्रकी साधनारत उषाका रचनाहरू साङ्गीतिक चेतनाले भरिएका तथा सुन्दर लय र भावमा बुनिएका हुन्छन् । पछिल्लो समय भारतका हिन्दी विश्वविद्यालयहरूमा हुने अन्तर्राष्ट्रिय गोष्ठी तथा गज़ल मुसायराहरूमा उषाको उपस्थितिले निकै चर्चा पाएको छ । हाल अनुवाद कार्यमा व्यस्त प्राज्ञ उषाले जम्मू-कश्मिरका चर्चित कवि, महाकाव्यकार तथा अनुवादक अग्नि शेखरको सन् २०१० मा कश्मिर भाषासाहित्य प्रतिष्ठानद्वारा सर्वोत्कृष्ट पुरस्कार प्राप्त कविता सङ्ग्रह 'जवाहर टनल' (२०८०) लाई नेपालीमा अनुवाद गरि प्रकाशन गरेकी छन् ।

पढाइ र सिकाइलाई उमेरले छेक्दैन भन्ने धारणा राख्ने उषाले एस एल सि परीक्षा उत्तीर्ण भएको १२ वर्षपछि पढाइलाई निरन्तरता दिँदै नेपाली भाषामा त्रिभुवन विश्वविद्यालयबाट स्नातक उत्तीर्ण गर्नुका साथै हाल वनारस विश्वविद्यालयबाट हिन्दी भाषामा मास्टर गर्दैछन् । हिन्दी भाषाको सेवा गरेको भन्दै बिक्रमशिला हिन्दी विद्यापीठ भारतले उनलाई विद्या-वाचस्पति उपाधि सन् २०१५ ले सम्मानित गरेको छ । साथै भारतबाट आधादर्जन जति पुरस्कार तथा अनगिन्ती सम्मान प्राप्त उषा नेपाल सरकारबाट भानुभक्त स्वर्ण पदक, विश्वनारी साहित्य सम्मान, राजकुमार स्मृति पुरस्कार, नीलकण्ठ स्मृति नारीप्रतिभा पुरस्कार, गजल गायनमा दोस्रो पुरस्कार, लगायत दर्जनौं सम्मान तथा पुरस्कारले प्रोत्साहित भएकी छन् ।

**अमृता रामदाम (प्राज्ञसभा सदस्य)**

गीत गजलमा रम्न मन पराउने स्रष्टा अमृता रामदामको स्थायी बसाईं भरतपुर - २ चितवन हो ।

लमजुङको जैमुनी भन्ने ठाउँमा वि स २०२७ साल असार १२ गते बुवाआमा ठाकुरप्रसाद रसाइली/ टीकासरा रसाइलीका कोखबाट जन्मिएकी गजलकार साहित्य सिर्जना साथै समाज सेवामा पनि व्यस्त छन् । माध्यमिक तहसम्मको औपचारिक अध्ययन गरेकी रामदाम, भरतपुर महानगर प्रज्ञा - प्रतिष्ठान, साहित्य सङ्गम चितवनलगायत  अन्य धैरै सामाजिक तथा साहित्यिक संघसंस्थाहरूमा सक्रियताका साथ लागिपरेकी छन् । उनको खण्डित इन्द्रेणी (२०७९- गजलसङ्ग्रह) का साथै  सामूहिक गजल , गीतका कृतिहरू प्रकाशित छन् । रामदाम हाम्रो मझेरी साहित्य प्रतिष्ठान, भरतपुर , सुनचाँदी व्यवसायी साहित्य समुह, चारु साहित्य प्रतिष्ठान दाङलगायतका संस्थाहरूबाट पुरस्कृत एवम् सम्मानित भएकी छन् ।

**डा. एकनारायण पौडेल (प्राज्ञसभा सदस्य)**

भरतपुर महानगरपालिका -१२ शुभलक्ष्मी टोल चितवन निवासी डा. एकनारायण पौडेलको जन्म वि. स. २०२३/०३/०१ गते चिलाउनेवास उखुबारी स्याङ्जामा भएको हो । नेपाली विषयमा एम ए, बी एड एवम् विद्यावारिधि गरेका प्राज्ञ वीरेन्द्र बहुमुखी क्याम्पसका सहप्राध्यापक हुन् ।

अनुभव र अनुभूतिको आलङ्कारिक अभिव्यक्ति नै साहित्य हो भनेर साहित्यलाई परिभाषित गर्ने साहित्यकारले शुभकामना शीर्षकको कविता (खोजखबर साप्ताहिक २०५४) मा पहिलो पटक प्रकाशित गरेर साहित्यिक यात्राको थालनी गरेका हुन् । बादलका चोटहरू (कविता सङ्ग्रह २०५७), अनिवार्य नेपाली (प्रवीणता प्रमाणपत्र तहको पाठ्यपुस्तक सहलेखन २०५८), विमर्शका स्पर्शहरू (सङ्युक्त कविता सङ्ग्रह २०६७), समालोचनाः स्वरूप र पद्धति (२०७०), आधुनिक नेपाली समालोचनाको इतिहास (२०७०), लगायत अन्य धैरै कृतिहरू प्रकाशित गरेका प्राज्ञ पौडेलले विशिष्ट सेवा पुरस्कार (२०६८ त्रि. वि.), नेपाल विद्याभूषण 'क' (२०६१), नेपाल सरकार, चिसाप कृष्णकुमारी गुरुङ्ग स्मृति पुरस्कार/सम्मान (२०७२ ), हाम्रो मझेरी साहित्य प्रतिभा सम्मान (२०७३), योगमाया विद्यापति स्मृति सम्मान (२०७८ने. ले. सङ्घ, हेटौडा), लगायत विभिन्न संस्थाहरूबाट पुरस्कृत तथा सम्मानित भएका छन् ।

**प्रा. डा. कर्णबहादुर बानियाँ (प्राज्ञसभा सदस्य)**

इतिहास विषयमा विद्यावारिधि तथा कानूनमा स्नातक उत्तीर्ण कर्णबहादुर बानियाँ विशेष त खोज अनुसन्धान तथा समीक्षात्मक लेखानमा सिद्धहस्त व्यक्तित्व हुन् । २०१२ साल जेठ ११ गते बेनी नगरपालिका -५, पुलाभीरमुनि, म्याग्दीमा बुवा दिलबहादुर बानियाँ तथा आमा कृष्णकला बानियाँका सन्तानको रुपमा जन्मिएका प्राज्ञ बानियाँको हालको बसाईं  भरतपुर - १२, राधाकृष्ण टोल हो ।

अटेरी चल्लो (२०४४), चक्लेटको पोको (२०६२), अनामिका (लघुकथासङ्ग्रह-२०७५), मनका तरङ्गहरू (कवितासङ्ग्रह २०५३), पाल्पा गौंडाः एक एतिहासिक अध्ययन (२०६३), नेपालको इतिहासमा उजिरसिंह थापाको योगदान (२०७०), लगायत दर्जनौं  कृतिहरू प्रकाशित गरेका बानियाँले माध्यमिक तहका विद्यालयहरूमा १५ वर्ष तथा त्रिभुवन विश्वविद्यालयमा ३० वर्ष सम्म प्राध्यापन कार्य गरेका छन् । साहित्य जीवनलाई सुखमय बनाउने माध्यम हो भन्ने विचार अभिव्यक्त गर्ने स्रष्टाले लामो समयदेखि निष्ठापूर्वक साहित्यिक, सामाजिक तथा शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर स्वरूप उनी धौलागिरी साहित्य पुरस्कार (२०४४), मानव अधिकार वर्ष पुस्तक पुरस्कार (२०५१), सुकदेव - सुकमाया लामिछाने बालसाहित्य पुरस्कार (२०६५), नेपाल विद्याभूषण ' क' (२०६६), त्रि वि विशिष्ट सेवा पुरस्कार (२०६७), त्रि वि दीर्घसेवा पदक (२०६९), सूर्यनारायण पुरस्कार (२०७४), नीलकण्ठ पौडेल स्मृति पुरस्कार (२०७५), लगायत अन्य धैरै पुरस्कार तथा मान-सम्मानबाट अभिनन्दित भएका छन् ।

**डा केशवराज चालिसे (प्राज्ञसभा सदस्य)**

नेपाल संस्कृत विश्वविद्यालयका वर्तमान प्राध्यापक, कवि, लेखक तथा अनुसन्धानकर्ता डा केशवराज चालिसेको जन्म जैदी ३ बाग्लुङ हालको जैमिनी नङ्ग पाङ्ग वार्ड नं ७ जैदीमा २०३२/१२/१९ गते मातापिता उमादेवी उपाध्याय/ छविलाल उपाध्यायका कान्छा छोराका रुपमा भएको हो । अंग्रेजी विषयमा विद्यावारिधि गरेका प्राज्ञको हालको स्थायी ठेगाना भरतपुर- ९ चितवन हो । पेसो प्राध्यापक प्राज्ञका नेपाली तथा अङ्गेजी भाषमा प्रकाशित कृतिहरू यसप्रकार छन् : विमर्शका स्पर्शहरू (संयुक्त कवितासङ्ग्रह), Discourse on B P Koirala`s Novels, Business CommunicationM Theory and Practice , Communication and Technical WritingM Principles and Practices , Gender Mythopoeia l Gendered Divinity and Hindu MythsM Readings on the Rigveda, the Ramayana, the Mahabharata and the Puranas लगायत तीन दर्जन भन्दाबढी अनुसन्धानात्मक लेखहरू राष्ट्रिय एवं अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित । पं नीलकण्ठ पौडेल भाषा साहित्य साधना सम्मान २०८१ साथै अन्य धेरै सामाजिक, शैक्षिक तथा साहित्यिक सङ्घसंस्थाहरूबाट सम्मानित स्रष्टा भरतपुर महानगर प्रज्ञा - प्रतिष्ठानबाट बार्षिक रुपमा प्रकाशित हुदै आइरहेको बहुविषयक अन्तर्राष्ट्रिय पत्रिका जरनलका प्रधान संपादक प्राज्ञका अभिरुचिका विषयहरू - धर्म, संस्कृति र साहित्यमा पारिस्थिति र वातावरण, पूर्वी मिथक र हिन्दु धर्मशास्त्र, वैदिक दर्शन र प्राकृतिक धर्मशास्त्र, तुलनात्मक धर्म र साहित्य , ट्रान्सेन्डेन्टल साहित्य र दर्शन आदि हुन् ।

**किसान प्रेमी (प्राज्ञसभा सदस्य)**

शान्त र शीतल स्वभावका धनी किसान प्रेमीको वास्तविक नाम किसान वि.क. हो । २०१२ साल वैशाख २१ गते बाबा दिलबहादुर वि क र आमा पार्वती वि क को कोखबाट बाग्लुङमा जन्मिएका स्रष्टाको स्थायी बसोबास भरतपुर -१२ चितवन हो । आइ ए सम्मको अध्ययन गरेका स्रष्टा समाजमा भएको थिचोमिचो, भेदभाव तथा अन्यान्य बिरुद्धमा रचनात्मक आवाज उठाउने चर्चित गजलकार, कवि तथा कथाकार हुन् । उनको पहिलो प्रकाशित रचना जनताको विलौना (सहास साप्ताहिक २०५२) हो ।

व्यक्ति स्वयम् ले भोगेका, देखेका र कल्पना गरेका सामाजिक तथा व्यक्तिगत कुराहरूको सिलसिलेवर रूपमा मिलाएर सबै सामु पुर्‍याउने माध्यम नै साहित्य हो भनेर परिभाषित गर्ने स्रष्टाका प्रकाशित कृतिहरू क्रमशः गाउँबस्ती रोइरहेछ (कविता सङ्ग्रह २०५८), गजब छ मान्छे (गजल सङ्ग्रह २०५८), चेतना (गीति खण्डकाव्य २०६९), झुपडीको व्यथा (लघुकथा सङ्ग्रह २०७९) आदि हुन् । लामो समयदेखि नेपाल सरकारको सेवामा समर्पित प्राज्ञ हाल सेवानिवृत्त जीवनको सदुपयोग साहित्यिह लेखन बताउछन् । साहित्य, समाज तथा देश सेवामा समर्पित प्राज्ञ- पुरस्कार (२०६४), कैलास स्रष्टा सम्मान (२०६५), साहित्य स्रष्टा सम्मान (२०६६), हाम्रो मझेरी साहित्य स्रष्टा सम्मान (२०६६), स्व. मदनमोहन जोशी स्मृति पुरस्कार (२०७०), भानुभक्त स्वर्ण पदक (२०७१, नेपाल सरकार) लगायत दुई दर्जनजति सङ्घसंस्थाहरूबाट सम्मानित तथा पुरस्कृत भएका छन् ।

**गायत्री श्रेष्ठ (प्राज्ञसभा सदस्य)**

जैविक विविधतामा धेरै धनी तथा सुन्दर प्राकृतिक चियाका हरित बगानहरूबाट फुत्त निस्किएर चितवनको माटोमा कर्म रोप्न बुहारीको रुपमा प्रवेश गरेकी गायत्री श्रेष्ठको जन्म २००७ साल भाद्र २६ गते बाबा मानबहादुर श्रेष्ठ तथा आमा हरिकुमारी श्रेष्ठको छोरीका रुपमा इलाम बजारमा भएको हो ।

नेपाली विषयमा वि एड, एम ए उत्तीर्ण स्रष्टाको अधिकांश समय प्राध्यापनमा वित्यो । हाल सेवा निवृत्त प्राज्ञ वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, बालकुमारी कलेज नारायणगढ , नारायणी कला मन्दिर,

चितवन साहित्य परिषद्, लायन्स क्लव अफ चित्रवन, रामेश्वर पुस्तकालय तथा वाचनालय जस्ता साहित्यिक, सामाजिक एवम् शैक्षिक क्षेत्रहरूमा इमान्दारिता पूर्वक समर्पित हुदै आएकी स्रष्टा एक कुशल कलाकार पनि हुन् । उनले अभिनय गरेको नाटक सकस नारायणी कला मन्दिरमा मञ्चन भएको थियो । दोष कस्को? भन्ने कथा प्रकाशनबाट सुरु भएको उनको साहित्यिक यात्रामा क्रमशः कथाकार देवकुमारी थापाको कृतित्व र व्यक्तित्व विश्लेषण (समालोचना २०४७), बादलुको घुम्टो भित्र (गीतिकविता सङ्ग्रह २०६२), साहित्यमा नारायणी अञ्चलका नारी हस्ताक्षर (सहलेखन २०६३ सरस्वती रिजाल), केही कृति आफ्नै दृष्टि (समालोचना सङग्रह २०६३) सिगलको उडान र समुन्द्रको स्पर्श (नियात्रा सङ्ग्रह २०७०), आफ्नै मनको सागरमा (गीत सङ्ग्रह) लगायत अन्य पुःटकर रचनाहरू प्रकाशित भएका छन् । उनको गीत सङ्ग्रह 'आफ्नै मनको सागरमा' ले भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानबाट वागीश्वरी प्रज्ञा पुरस्कार जित्न सफल हुनुका साथै गीतकार श्रेष्ठलाई अन्य धेरै पुरस्कार तथा सम्मानहरू पनि प्राप्त भएका छन्

## धनेश्वर भट्टराई
## (प्राज्ञसभा सदस्य)

वि सं २०१९ भद्र महिनाको ५ गते तनहुँ -८ राईपुरमा जन्मिएर हाल भरतपुर महानगरपालिका - २, चितवनमा स्थायी बसोवास 'नेपाली विषयमा प्रथम श्रेणीमा स्नातकोत्तर गरेका भट्टराईले महाकवि लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यको समाजशास्त्रीय अध्ययन विषयमा विद्यावारिधि गरेका छन् । अध्ययन-अध्यापन, सिर्जना लेखन अनुसन्धानमा अभिरुचि राख्ने प्राज्ञ वीरेन्द्र बहुमुखी क्याम्पसको नेपाली विषयका सह-प्राध्यापक हुन् ।

साहित्यिक किताबहरूको कुशलतापूर्वक चिरफार गर्न सिपालु डाक्टर प्रगतिशील विचार राख्ने तथा प्रखर वक्ताको रुपमा समग्र चितवनले श्रद्धाका साथ संबोधन गर्ने समीक्षक हुन् धनेश्वर भट्टराई । विभिन्न साहित्यिक, सामाजिक संस्थाहरूमा आबद्ध स्रष्टाका गोर्खा गाथा (खण्डकाव्य २०६१), कृति र दृष्टि (समालोचना सङग्रह २०६५-सह.), आस्थाका स्वरहरू (कवितासङ्ग्रह २०५६), समीक्षात्मक अनुशीलन (समालोचनासङग्रह २०७२), देवकोटाः जीवनी, कविता महाकाव्ययात्रा (समालोचना २०७२), पारिजातः परिचय, चिन्तन र प्रवृत्ति (समालोचना २०७२) लगायत एक दर्जन कृतिहरू प्रकाशित छन् । चर्चित लेखक तथा समीक्षक प्राज्ञ भट्टराईले नयाँ पुकार लगायत धेरै पत्रपत्रिकाहरू सम्पादन गर्नुकासाथै हरि उत्कृष्ट पुरस्कार २०५१, दीपज्योति वचत तथा ऋण सहकारी संस्था २०७२, भरतपुर, देवकोटा बन्धु समाज, वाल्मीकि साहित्य समाज २०७६, रत्ननगर चितवन लगायत अन्य धेरै संस्थाबाट पुरस्कार तथा सम्मान प्राप्त गरेका छन् ।

## प्रा. डा. नारायणप्रसाद खनाल
## (प्राज्ञसभा सदस्य)

साहित्य वदमासलाई तह लगाउने शस्त्र हो भनेर कडा विचार राख्ने खरो तर इमान्दार आचरण भएका व्यक्तित्वको नाम हो प्रा. डा. नारायणप्रसाद खनाल । त्रिवेणी साहित्य प्रतिष्ठानको संस्थापक अध्यक्ष खनालको जन्म २००९ साल असार २३ गते बुवा दामोदर खनाल तथा आमा लीलादेवी खनालका सुपुत्रका रुपमा प्युठानमा भएको हो । स्थायी ठेगाना भरतपुर -४, बेलचोकमा भएका प्राज्ञ खनालले लेखनाथको कवितामा अलंकार विषयमा विद्यावारिधि गरेका हुन् ।

केही रहर (समालोचनासङग्रह २०४९), गोरखाको डायरी (संस्मरण समीक्षा २०६१), नारायणीका लहर लहरमा (निबन्धसङ्ग्रह २०६५), समस्यापूर्ति परम्परामा लेखनाथका कविता काव्य समालोचना (२०६५), निर्वाचन र भाषिक सन्दर्भ (भाषिक निबन्धसङ्ग्रह २०६५), स्वप्नयात्रा र चिट्ठी (निबन्धसङ्ग्रह

२०६५), राजेश्वरकाव्यम् (जीवनीसंबलितम संस्कृत - नेपाली भाषानुवादंसाहितञ्च, २०८०) लगायत श्रीमद् भागवद् गीता र नारायणीय विष्णु सहस्र नाम अनुवादका अतिरिक्त दर्जनौं साहित्यिक कृतिहरू प्रकाशित गरेका प्राज्ञ खानलले विभिन्न पत्रपत्रिका तथा स्मारिकाहरूको एकल तथा संयुक्त सम्पादन पनि गरेका छन् । कवि तथा प्राध्यापक खनाल चिसाप प्रतिभा पुरस्कार २०५६, कालिका स्रष्टा सम्मान २०६३, वाल्मीकि साहित्य सम्मान+२०६५) भैरव वाङ्मय पुरस्कार (२०६९) का साथै अन्य दजनौं सङ्घसंस्थाहरूबाट सम्मानित एवम् अभिनन्दित भएका छन् ।

### पोषराज पौडेल (प्राज्ञसभा सदस्य)

पी आर पौडेल/अविश्रान्तको खास नाम पोषराज पौडेल हो । शिक्षण सेवामा आफ्नो उमेरको ३२ वर्ष लामो समय खर्चिएका शिक्षकको जन्म कास्कीको पो क न-१९ घार्मी गाउँमा वि स २००१ साल भाद्र ८ गते पिता डिल्लिराम पौडेल र माता धनसरा पौडेलको कोखबाट भएको हो । हाल सेवानिवृत्त जीवन बिताइरहेका प्राज्ञ पौडेल सरल, इमान्दार तथा मिलनसार हुनुका साथै प्रगतिशील विचारले गाउँ समाज ब्युँझाउने लेख रचनाहरू लेख्न सिद्धहस्त छन् ।

माडी यात्रा (खण्डकाव्य २०३९) मेक्सिम गोर्की (जीवनीकाव्य २०४३), पागल प्रलाप (काव्य२०५५), शहीद गाथा -महाकाव्य २०५७), आमा स्मृतिका छालमा (शोककाव्य), शुक्लागण्डकी (महाकाव्यक) लगायत दर्जनौं कृतिहरू प्रकाशित गरेका प्राज्ञ जनसांस्कृतिक महासंघ, अखिल नेपाल लेखक सङ्घ, साहित्य सङ्गम चितवन, शारदा स्मृति प्रतिष्ठान लगायत अनगिन्ती संस्थाहरूमा आबद्ध रही साहित्य तथा समाजसेवा गरे बापत प्रोत्साहन स्वरूप पदक तथा पुरस्कारहरूबाट अभिनन्दित पनि भएका छन् । प्रतियोगितात्मक कविता गोष्ठीमा प्रथम पुरस्कार, स्ववियु, वीरेन्द्र बहुमुखी क्या. चितवन (२०४५), नारायणी कला मन्दिर, चितवनबाट प्रथम पुरस्कार, मदन मोहन जोशी स्मृति पुरस्कार (२०६६), शारदा स्मृति पुरस्कार (२०७०), गण्डकी वाङ्मय पुरस्कार, पोखरा (२०७२), प्रलेस, नेपाल प्रतिभा पुरस्कार (२०७२) जनसांस्कृतिक राष्ट्रिय पुरस्कार लगायत दर्जनौं पुरस्कार तथा सम्मान प्राप्त भएका छन् ।

### भूपेन्द्र खड्का 'भूपिन' (प्राज्ञसभा सदस्य)

कवि, निबन्धकार तथा आख्यानकार भूपेन्द्र खड्का 'भूपिन'को जन्म २०३० साल चैत्र ३० गते बागलुङको बलेवामा बाबा सर्वजित खड्का र आमा वसुन्धराको कोखबाट भएको हो । सप्तगण्डकी बहुमुखी क्याम्पसका उप-प्राध्यापक, अफ द बिट जेनेरेशन चितवन, संरक्षण कविता आन्दोलन तथा अक्षर समुह चितवनको पूर्व अध्यक्ष प्राज्ञले हमार यगुवा शीर्षकको रचना प्रकाशित गरेर साहित्यिक यात्राको थालनी गरेका हुन् । क्षतिग्रस्त पृथ्वी र मूल सडक (कवितासङ्ग्रह २०५३), हजार वर्षको निन्द्रा (कविता सङ्ग्रह २०६६),चौबिस रील (निबन्धसङ्ग्रह २०६९), सुप्लाको हवाइजहाज (कवितासङ्ग्रह २०७२), र मैदारो (उपन्यास २०७५) आदि उनका प्रकाशित कृतिहरू हुन् । स्नातकोत्तर सम्मको शैक्षिक योग्यता हासिल गरेका प्राज्ञ बृहत प्रतियोगितात्मक कवि सम्मेलनमा प्रथम स्थान, राष्ट्रिय साहित्य सम्मेलन दमौलीमा प्रथम/स्वर्ण (२०५३), खुला मुक्तक प्रतियोगिता प्रथम (२०५३ गोरखा), कृष्णकुमारी गुरुङ स्मृति पुरस्कार (२०६७), नेपाली अन्तर्राष्ट्रिय साहित्य पुरस्कार (२०११), चिसाप खेमलाल लामिछाने पुरस्कार (२०७५) , उत्तम शान्ति पुरस्कार ,(२०११) लगायत अन्य धेरै सङ्घ संस्थाहरूबाट पुरस्कृत तथा अभिनन्दित भएका छन् ।

### रमाकान्त सापकोटा (प्राज्ञसभा सदस्य)

भरतपुर महानगरपालिका वडा नंवर १० चितवनका स्रष्टा रमाकान्त सापकोटाको जन्म कुश्माको ठुलीपोखरी भन्ने ठाउँमा वि स २००९ चैत २९ गते आमाबुवा पवित्रा सापकोटा/भवानीशङ्कर

सापकोटाको कोखबाट भएको हो । पूर्व शिक्षक तथा पूर्व उपप्राध्यापक सापकोटाले शिक्षामा स्नातकोत्तर गरेका छन् । अनुसन्धान, लेखन तथा विश्लेषणलाई विशेष अभिरुचिको क्षेत्र बनाएका स्रष्टाले नेपाल आमा शीर्षकको कविता (चौतारो २०२३) मा प्रकाशन गरेर साहित्यको क्षेत्रमा श्रीगणेश गरेका हुन् । शैक्षिक मनोविज्ञान (सहलेखन, निबन्ध सङ्ग्रह २०६३), संविधान, शान्ति र स्थायित्व (निबन्धसङ्ग्रह २०६९), शिक्षाका आयाम (निबन्धसङ्ग्रह २०७५), चितवन दर्पण (सहलेखन २०७८) आदि कृतिहरू लेखन/प्रकाशन गरेका प्राज्ञ सापकोटाले सम्पादन गरेका पुस्तकहरूमा शिक्षक बुलेटिन (२०५६ देखि ०५८), जीवन यात्राका अनभूति (२०७६) तथा अनन्त यात्राका स्मृति (२०७८) आदि हुन दर्जनौ पुस्तक तथा पत्र-पत्रिकाहरू संपादन गर्नुकासाथै विभिन्न मान सम्मान तथा पुरस्कारहरूबाट अभिनन्दित प्राज्ञ हाल सेवानिवृत्त जीवन बिताइरहेका छन् तथापि साहित्य समीक्षा, शैक्षिक तथा साहित्यिक अन्तरक्रिया एवम् खोज अनुसन्धानमा व्यस्त देखिन्छन् ।

**रामहरि श्रेष्ठ (प्राज्ञसभा सदस्य)**

गोरखाको आरूघाटमा वि. स. १०१२ भाद्र ३० गते माता गणेश लक्ष्मी श्रेष्ठ र पिता खड्ग नारायण श्रेष्ठको सुपुत्रको रुपमा जन्मिएका रामहरि श्रेष्ठको स्थायी बसोवास भरतपुर -१, नारायणगढ, चितवन हो । कवि, लेखक, नियात्राकार तथा चित्रकारका अनगिन्ती कलाकृतिहरूका साथै माडी घटना (संस्मरण २०६१)), भूल्न नसकिएको अतीत (संस्मरणसङ्ग्रह २० २०७८), स्मृतिका नदीहरू (नियात्रासङ्ग्रह २०७८) , नारी शोषण र मुक्ति (२०५६) आदि साहित्यिक कृतिहरू प्रकाशित छन् ।

नेपाल प्रज्ञा प्रतिष्ठान, साहित्य सङ्गम चितवन, अखिल नेपाल लेखक सङ्घ, अ. ने. ट्रेड युनियन महासङ्घ, जनसांस्कृतिक महासंघ तथा लायन्स क्लब अफ वाङ्मय साथै दर्जनौं साहित्यिक तथा सामाजिक संघसंस्थामा आबद्ध प्रज्ञा श्रेष्ठ एक कुशल चित्रकार पनि हुन् । कला भनेको जीवनको सौन्दर्य बोध हो । भनेर परिभाषित गर्ने स्रष्टाले विभिन्न पत्रपत्रिका तथा पुस्तकहरूको एकल तथा संयुक्त रूपमा संपादन पनि गरेका छन् पल्लव साहित्य सम्मान(२०७५) , सम्मान पत्र (२०७६) साहित्य सङ्गम चितवन, सम्मान पत्र (२०७८) भरतपुर महानगरपालिका, कदर पत्र (२०६५)सप्तगण्डकी बहुमुखी लगायत अन्य धेरै सम्मान तथा पुरस्कारहरूबाट अभिनन्दित भएका छन् ।

**शशिकिरण रेग्मी**
**(रह शर्मा) (प्राज्ञसभा सदस्य)**

लामो समयदेखि साहित्यमा समर्पित बहुआयामिक प्रतिभाको नाम हो शशिकिरण रेग्मी । रह शर्मा उपनामले परिचित प्राज्ञको जन्म लमजुङको अर्लैंचे भन्ने गाउँमा २००९ साल मङ्सिर ८ गते मातापिता रेणुका रेग्मी/श्रीप्रसाद रेग्मीका पुत्ररत्नका रुपमा भएको हो । उनको ।स्थायी बसाईं भरतपुर -१०, चितवन हो । वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरका सेवानिवृत्त लेखा अधिकृत प्राज्ञले आफ्नै दाजु रविकिरण 'निर्जीव'को नवजीवनको फूलवारी (२०२३) भित्रको 'आलस्यता" शीर्षकको कविता र दोभानको बिजुली शीर्षकको कविता प्रकाशन गरेर साहित्यिक यात्राको ढोका उघार्दै नेपाली साहित्यका उपन्यास, कविता, गीत, निबन्ध र कृति समीक्षा आदि विविध विधामा कलम चलाउने स्रष्टाका भ्रम (लघुकाव्य, २०५५), वचन (गीतसङ्ग्रह, २०५६), विसङ्गीत (गीत तथा कविता सङ्ग्रह, २०५७), अब के हुन्छ? (लेखसङ्ग्रह- २०६१), रहका कविता (कविता सङ्ग्रह २०६१), सेलरोटी (बालकवितासङ्ग्रह- २०६३) लगायत दर्जनौं कृतिहरू प्रकाशित छन् ।

जीवन र जगतलाई आधार मानेर समाजका विकृति र विसङ्गति बिरूद्ध समाज मै नवीन सन्देश संप्रेषण गर्ने चैतन्य बोकेको सिर्जना नै साहित्य हो भन्ने मान्यता राख्ने प्राज्ञ हिमालयन उच्च मा. वि. रजत महोत्सव सम्मान (२०६१), गैंडाकोट नमूना आवासीय

मा. वि. साहित्य सम्मान (२०६४), सप्तगण्डकी बहुमुखी क्याम्पस सम्मान (२०६४), नेपाल सरकार शिक्षा पुरस्कार (२०६६), त्रि. वि. दीर्घ सेवा पदक (३०६६), साथै अनगिन्ती पुरस्कार तथा सम्मानहरू प्राप्त गरेका छन् ।

### श्यामजी अतिथि सेढाई (प्राज्ञसभा सदस्य)

शिष्ट एवम् शालीन व्यक्तित्वका धनी श्यामजी अतिथि शर्मा सेढाई, वि स २००५ साल, गोरखा मनोकामनाको भोगटेनी गाउँमा जन्मिएका हुन् । उनको हालको स्थायी बसोवास भरतपुर -१२, थानीचोक, चितवन हो । एम ए, एम एड सम्मको अध्ययन गर्नुकासाथै राष्ट्रसेवाको लामो अनुभवले खारिएका प्राज्ञ स्रष्टा सेढाई विशेष गरेर साहित्यमा लेख, निबन्ध र प्रबन्धजस्ता विधामा आफ्नो कलम दौडाइरहेका छन् ।
यसै क्रममाः केही संस्मरण केही चिन्तन (२०६४), आफ्नै आँखासामु आएको सुनामी (निबन्धसङ्ग्रह-२०६९), धर्मधाम (२०७७) र माटोको सुगन्ध, (निबन्धसङ्ग्रह २०८०) आदि उनका प्रकाशित कृतिहरू हुन् । चितवन साहित्य परिषद् भरतपुर महानगर प्रज्ञा प्रतिष्ठान चितवन, त्रिवेणी साहित्य प्रतिष्ठान नवलपरासीका साथै अनगिन्ती सामाजिक तथा साहित्यिक संघसंस्थाहरूमा सक्रिय प्राज्ञले नवतन प्रकाश त्रैमासिक, सन्त दर्शन र शैक्षिक दर्पण जस्ता किताब तथा पत्रिकाहरूको सम्पादन पनि गरेका छन् । साहित्य, देश र समाजसेवा गरे बापत स्रष्टालाई भूकम्प पीडित उद्धार पदक (२०४५), गोरखा दक्षिणबाहु चौथो (२०५३), राष्ट्रिय शिक्षा पुरस्कार पदक (२०६०), निजामती सेवा पुरस्कार (२०७२), लगायत अन्य धेरै पुरस्कार तथा सम्मानहरू प्राप्त भएका छन् ।

### श्रीराम महतो (प्राज्ञसभा सदस्य)

वि स २००० साल माडीको गर्दीमा बुवा नत्थु (पादे) महतो र आमा लाटी (पादे) महतोका सन्तानको रुपमा जन्मिएका श्रीराम महतो अभाव र गरिवीको चरम पींडाबाट जीवनलाई उकास्न मिहिनेत र मजदुरी गर्दा पनि हम्मे - हम्मे भएका कारण कला क्षेत्रमा लागेर स्थानीय कार्यक्रमहरूमा हास्यव्यङ्ग्य (जोकर) को अभिनय गर्ने गर्दथे । उनको उद्देश्य भनेको दर्शक श्रोताहरूलाई हँसाउने थियो । हाल स्वास्थ्य स्थिति निकै नाजुक भएका कारण धेरै घुमफिर गर्न सक्दैनन् र घरमा नै बस्दछन् । भरतपुर -१३, चितवन घर भएका प्राज्ञ महतोले आफ्नो जीवनकालमा कला सङ्गठन तथा सामाजिक संस्थाहरूमा लागेर पनि काम गरेको अनुभव साभा गर्दछन्

### सुरेन्द्र अस्तफल (प्राज्ञसभा सदस्य)

चितवनका चर्चित कवि, लेखक तथा प्राध्यापक सुरेन्द्रप्रसाद पौडेलको साहित्यिक नाम सुरेन्द्र अस्तफल हो । भरतपुर -५, कैलाशनगर चितवनमा वि स २०३१ साल कार्तिक १० गते जन्मिएका प्राज्ञ पौडेलका आमाबुवाको नाम सुमित्रादेवी पौडेल/भूमिनाथ पौडेल हो । हालको स्थायी ठेगाना भरतपुर -४ चितवन भएका प्राज्ञले एम ए, एम एड सम्मको अध्ययन गरेका छन् ।

विगत लामो समयदेखि शिक्षाण पेशामा आवद्ध हुनुका साथै विभिन्न साहित्यिक संस्थाहरूमा क्रियाशील स्रष्टाको भनाइ अनुसार विचार र कलाको समन्वय स्वरूप नै साहित्य हो । (हवाई मासिक पत्रिका २०४७) मा गजल प्रकाशनबाट आफ्नो साहित्यिक यात्राको श्री गणेशा गर्दै हालसम्म बिम्ब शिविर (कवितासङ्ग्रह २०६१), आमा (काव्य, सहलेखन २०७३), हिउँको आरोहण (कवितासङ्ग्रह २०७४), तेल भिसा (कवितासङ्ग्रह २०७८) कृतिहरू प्रकाशन गरेका छन् । विभिन्न साहित्यिक प्रत्रिकाहरू सम्पादन गरेका स्रष्टा गणेश तथा हस्तकुमारी (लक्ष्मीदेवी) पन्त साहित्य पुरस्कार २०७४, प्रतिभा श्री सम्मान (२०७५), वाल्मीकि साहित्य सम्मान (२०७४), हाम्रो मझेरी साहित्य सम्मान (२०७४), कविडाँडा साहित्य पुरस्कार (२०७५), चिसाप प्रतिभा २०७९ पुरस्कार सम्मानका साथै दर्जन पुरस्कार तथा सम्मान प्राप्त गरिसकेका छन् ।

अस्तफल चितवन साहित्य परिषद् र नेपाली लेखक संघ चितवनका पूर्व अध्यक्ष तथा हाल नेपाली लेखक संघ केन्द्रीय समितिका सदस्य हुन् ।

### सिर्जन अविरल (प्राज्ञसभा सदस्य)

साहित्य जीवन भोगाइको सुन्दर अभिव्यक्ति हो भन्ने धारणा राख्ने स्रष्टाको नाम हो सिर्जन अविरल । चितवनको साहित्यलाई उर्वर बनाउन लेखन, प्राध्यापन तथा सञ्चार मिडिया मार्फत अगाडि बढेका कवि, लेखक, आख्यानकार तथा सञ्चारकर्मी सिर्जन अविरलको वास्तविक नाम चेतनाथ अधिकारी हो । वि स २०३३ साल कार्तिक २० गते , भरतपुर -५ , चितवनमा आमा गोमादेवी अधिकारी तथा बुवा नीलकण्ठ अधिकारीका सुपुत्रका रुपमा जन्मिएका प्राज्ञको स्थायी बसोवास पनि भरतपुर -५ नै हो ।

पत्रिका सम्पादन तथा उद्घोषण प्रशिक्षणलाई विशेष कार्य अनुभव बताउने स्रष्टाको पहिलो प्रकाशित रचना (वागीश्वरी २०५०) कथा हो । नेपाली विषयमा वि एड, एम ए गरेका प्राज्ञका प्रकाशित कृतिहरूमाः म आकाश हेरिरहेछु (कविता सङ्ग्रह २०६१), आदि गायक सेतुरामदेखि दिलमाया खातीसम्म (जिवनीसङ्ग्रह २०६२), क्यान्टोनमेन्ट र अरू कविता (२०७०), मोक्ष (उपन्यास २०७८) र तथागत (उपन्यास २०८०) आदि हुन् । साहित्य लेखनलाई विशेष अभिरुचिको विषय मान्ने स्रष्टाका मान, सम्मान तथा पुरस्कार विवरण यसप्रकार छन् । नारायणी वाङ्मय पुरस्कार (२०६३), शिव पौडेल प्रतिभा पुरस्कार (२०६४/७८), डिल्लीराम धनसरा पौडेल स्मृति प्रतिभा पुरस्कार (२०७३), वाल्मीकि साहित्य सम्मान (२०७४), अभिनाशी कृति पुरस्कार (२०७८), भरतपुर प्रज्ञा पुरस्कार (२०७९) आदि ।

### हरि योञ्जन (प्राज्ञसभा सदस्य)

आमा फुर्कू र बुवा लालवीर तामाङका सुपुत्रका रुपमा वि स २०१७ चैत १७ गते लमजुङमा जन्मिएका हरि तामाङको उपनाम हरि योञ्जन हो । उनी भरतपुर महानगर प्रज्ञा - प्रतिष्ठानका कलासंस्कृति समितिका सदस्य पनि हुन् । भरतपुर महानगरपालिका वडा नम्वर २ क्षेत्रपुरमा स्थायी बसोवास भएका योञ्जन चर्चित राष्ट्रिय कलाकार हुन् । उनका प्रकाशित कलाकृतिहरूमा दिलको घाउ (गीति एल्बम २०६०), चिटिक्कै परेकी (२०६२), रातो पछ्यौरीले (२०६६), छ्याउलाङ्ग हाम्रो पुर्खाको गाउँ (२०६८), सोभ्रन (२०६९) आदि छन् । उनका विशेष रुचिका क्षेत्र गायन, सङ्गीत, वाद्यवादन तथा शिक्षण हुन् ।

### होमनाथ भण्डारी (प्राज्ञसभा सदस्य)

शिक्षण तथा उद्घोषण कार्यलाई नै विशेष कार्य अनुभव बताउने शिक्षक होमनाथ भण्डारी भरतपुर-२५, शुक्रनगर, चितवनमा २०२५/०५/०६ गते जन्मिएका प्राज्ञको हालको स्थायी बसोवास पनि शुक्रनगर नै हो । शिक्षक भण्डारीका पिताको नाम स्व. भीमलाल भण्डारी र आमाको नाम हिमकुमारी भण्डारी हो ।

एम ए, एम एड सम्मको शैक्षिक योग्यता हासिल गरेका प्राज्ञको विचारमा कला साहित्य भनेको समाजको दर्पण हो । भलिबल खेल र अध्ययन, प्रशिक्षणलाई आफ्नो रूचिको विषय मान्ने प्राज्ञ श्री प्रभात मा. वि. शुक्रनगरका प्रधानाध्यापक हुन् । शिक्षण सेवामा विगत ३८ वर्षदेखि लागि परेका प्राज्ञ प्रगतिशील नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष हुनुका साथै प्रभात सिर्जन मासिक पत्रीकाका सम्पादक पनि हुन् । सामाजिक तथा शैक्षिक सेवामा समर्पित प्राज्ञलाई २०८० मा राष्ट्रिय शिक्षा पुरस्कार तथा अन्य धेरै मान सम्मान तथा पुरस्कारहरू पनि प्राप्त भएका छन् ।

### प्रभातकुमार जोशी (कलासंस्कृति समिति सदस्य)

२००८ साल असार ९ गते पोखरी थोक गोरखामा बाबा स्व. भैरवप्रसाद जोशी र आमा दुर्गालक्ष्मी जोशीका सुपुत्रका रुपमा प्रभातकुमार जोशीको जन्म भएको थियो । उनको हालको स्थायी ठेगाना भरतपुर

-१, भृकुटी पथ, नारायणगढ, चितवन हो । साहित्य भाषा सम्प्रेषणको सरल, सहज तथा सशक्त माध्यम हो भनेर परिभाषित गर्ने प्राज्ञ कवि, लेखक, गीतकार साथै कलाकार पनि हुन् । विद्यालय तहमा नृत्यकलामा निपुण कलाकारले २०२२ सालदेखि लामो समयसम्म विभिन्न नाटकहरूमा अभिनय पनि गरेका छन् । साहित्य कला तथा संस्कृतिको संरक्षण र सम्बर्द्धनलाई आफ्नो विशेष अभिरुचिको क्षेत्र बताउने बहुआयामिक प्रतिभावान व्यक्तित्वका- सम्झनाका पलहरू (संस्मरणसङ्ग्रह २०७८), राज्यको भलो होस् (कवितासङ्ग्रह २०७९) कृतिहरू प्रकाशित हुन् । समाजसेवामा बिताएका आधा शताब्दीका अविरल पलहरूलाई जीवनको विशेष कार्य अनुभव बताउने प्राज्ञले सामूहिक रूपमा सम्पादन गरेका पुस्तकहरूमा : दोभान (सामयिक सङ्कलन -२०२५), नौलो राँको, मारूनी, शैक्षिक क्षितिज (पाठ्यसामग्री सङ्कलन -२०२९), तिर्सना र ऋचा (साहित्यिक पत्रिका - २०) का साथै अन्य स्मारिकाहरू छन् । कला, साहित्य तथा समाज सेवामा समर्पित प्राज्ञ जोशी समय-समयमा बिभिन्न सङ्घसंस्थाहरूबाट सम्मानित तथा पुरस्कृत पनि भएका छन् ।

## चन्द्रसिंह घले (चन्द्र घले) (कलासंस्कृति समिति सदस्य)

श्रुति सङ्गीत विद्यालयका संस्थापक तथा सञ्चालक चन्द्रसिंह घले सङ्गीत, गायन तथा वाध्यवादनमा दक्षता हासिल गरेका सङ्गीत प्रशिक्षक, गायक तथा वाध्यवादक हुन् । २०२८ साल असोज महिनाको २० गते कोलकत्ता भारतमा जन्मिएका प्राज्ञका बुवाको नाम सुकबहादुर घले र आमाको नाम कृष्णाकुमारी घले हो । भरतपुर महानगरपालिका -८ सल्यानीमा स्थायी बसाईं भएका सङ्गीतज्ञको कार्यथलो भरतपुर -१० मा रहेको श्रुति सङ्गीत विद्यालय हो ।

सिङ्गो जीवन नै गीत सङ्गीतको नाममा लेखेका सङ्गीतज्ञ भरतपुर महानगर प्रज्ञा - प्रतिष्ठानको कलासंस्कृति समिति सदस्य पनि हुन् । विगत लामो समयदेखि चितवनमा उम्रेका कलिला कलाकारहरूलाई कलात्मक बाटो देखाउने, उनीहरूको उज्यालो भविष्यको साङ्गीतिक जीवन खाका कोरिदिने प्राज्ञ चन्दघलेले सङ्गीतबद्ध गरेका गीतहरूले म्युजिक एल्बम, भिडियो र चलचित्रमा समेत चर्चा पाइसकेका छन् । उनले पढाएका कतिपय विद्यार्थीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको कलाकारको ताज लगाइसकेका पनि छन्

## बालकृष्ण थपलिया (सदस्य सचिव)

वि.सं. २०३१ असार ४ गते धादिङको सल्यानटारमा जन्मी हुर्की चितवनको साहित्यिक फाँटमा अलग पहिचान बनाएका साहित्यकर्मी बालकृष्ण थपलियाका मातापिताको नाम घनकुमारी थपलिया/विश्वनाथ थपलिया हो । भरतपुर महानगर प्रज्ञा -प्रतिष्ठानको सदस्य-सचिवजस्तो गरिमामय पदमा कार्यरत थपलिया महानगरपालिकाका अधिकृत पनि हुन् ।

नेपाली विषयमा स्नातकोत्तर थपलियाले २०४८ सालमा बुबा विश्वनाथ थपलियाको गीति पुस्तिकामा ब्यङ्ग्य कविता लेखेर साहित्यिक यात्रा थालेका थिए । एसपिएम कलेज, मिलेनियम कलेजका सहायक प्राध्यापक समेत रहेका थपलियाका दुईवटा कवितासङ्ग्रह कृति प्रकाशन भएका छन् । ऐतिहासिक जनआन्दोलन २०६२/६३ लाई मलजल पुग्ने गरि २०६२ सालमा प्रकाशित “धारा एकसय सत्ताईस“ र नेपालको संविधान २०७२ जारी भएलगत्तै प्रकाशित “किनाराका साक्षी“ थपलियाका पुस्तकाकार कृति हुन् । गजलपथका यात्रीहरू (२०६१), रहर अनेक अनेक (२०८१) को एकल सम्पादन गरेका थपलियाले महानगर साहित्य दर्पण , भरतपुर प्रज्ञा जर्नल, वागीश्वरी, रामेश्वरी स्मारिका, उ.बा संघ स्मारिका, मारुनी सेब्स लगायत दर्जनौं कृतिहरूको सामूहिक सम्पादन गरेका छन । प्रज्ञाप्रतिष्ठान निर्माणको सुरुवाती चरणदेखि नै क्रियाशील थपलिया यसको अवधारणा, मस्यौदाकार तथा कुशल व्यवस्थापकका रुपमा सक्रिय छन् । थुप्रै सामाजिक, साहित्यिक मान सम्मान तथा पुरस्कारबाट सम्मानित थपलिया हाल भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानको गरिमा उँचो राख्न लागि परेका छन् । विविध क्रियाकलापमा क्रियाशील छन् ।

परिचय

# सम्भावना नै सम्भावना बोकेको चितवन



विष्णुराज महतो *

चितवनका आदिबासीका रूपमा परिचित थारु समुदायको व्यक्ति म २०७४ र २०७९ सालमा भएको स्थानीय निकायको निर्वाचन हुँदा वडा नं.२२ को अध्यक्ष पदमा निर्वाचत भएँ। एकतर्फ चितवन जिल्लामा नै जन्मेहुर्केको आदिबासी जातिको सदस्य हुनु अर्कोतर्फ दुई कार्यकाल निर्वाचित प्रतिनिधि हुनुको नाताले मैले देखेको, भोगेको र अनुभूति गरेको भरतपुरको विकास र सम्भाव्यताको बारेमा केही चर्चा गरौं न।

विसं.२००७ साल अघिसम्म चितवन जिल्ला औलोको पर्यायवाचीका रूपमा चिनिन्थ्यो। राणा शासकले शासन चलाउँदा उक्त शासनको विरोध गर्नेलाई कारवाहीस्वरूप चितवन पठाउने गरेका थिए त्यस अर्थमा चितवन कारवाही गर्ने थलोका रूपमा पनि चिनिन्थ्यो। पहाडी क्षेत्रबाट नुन, तेल, वडापरी खरिद गर्न ठोरी आउँदा बाटोमा बास बस्ने भनेका थारु दराईका घरहरू थिए। नुन तेल बोक्न ल्याएका डोका बिसाउने थलो दराई थारका घर, आँगन र पिँढी थिए। त्यसैले उनीहरूसँगको सम्बन्ध विकसित हुँदै जाँदा आजको दिनमा आइ पुगेकोमा कुनै तर्क वितर्क गर्न आवश्यक छ जस्तो लाग्दैन। एकतिर त्यो खालको सम्बन्ध जोडिदै गएको थियो भने अर्कोतर्फ देशमा प्रजातन्त्र स्थापना भयो। राणा शासनको अन्त्य गर्दै प्रजातन्त्रको स्थापना गरेपछि नै चितवन जिल्लाको मुहारमा किरणका ज्योतिहरू छरिन थालेका थिए। चितवनको नाम सुन्नेहरू चितवनलाई औलोको पर्यायवाची शब्दसँग जोड्दथे। औलोसँग डराएर त्यसबेला पहाडी क्षेत्रमा बसोबास गर्दै आएका ब्राह्मण–क्षेत्री तल फाटँसम्म झर्न पनि हिचकिचाउँथे। बरु जतिसुकै दुःख पाए पनि, खान लाउन नपुग्ने भए पनि, पहाडका खोरिया फाँडेर बसे तर चितवन झर्न आएनन्। प्रजातन्त्रको उदयसँगै मानिसहरू गतिशील बन्न थाले। सम्भावना भएको ठाउँ र क्षेत्रतिर आँखा लगाउन थाले।

चितवनलाई प्राकृतिले साँच्चै रमणीय बनाएको छ। त्यसैमाथि देवदेवताले समेत रोजेको ठाउँ हो। भगवान् राम र सीताले चितवनमा बिताएका विभिन्न घटनाक्रम पढ्न, सुन्न र देख्न पाइन्छ। देवी देवताले नुहाउन सप्तगण्डकी मिश्रित नारायणी नदी कलकल बगिरहेको थियो/ छ। नेपालको मध्यभागमा रहेको यो जिल्ला समुद्र सतहबाट सरदर १४४ देखि १९४६ मिटरसम्मको उचाइमा पर्दछ। यो अवस्थाबाट पनि बुझ्न सकिन्छ कि चितवनमा विभिन्न क्षेत्रमा फरक फरक खालको हावापानी पाइन्छ। गर्मीका समयमा तराईका फाँटतिर गर्मी हुन्छ भने त्यति नै बेला पहाडी क्षेत्र काउले, लोथर दाहाखानी क्षेत्रमा चिसो हावापानी पाइन्छ। यस जिल्लाको अधिकांश भूभाग समथर मैदानी भए पनि केही भूभाग बिकट पहाडी क्षेत्रमा पर्दछन्। यस जिल्लाको धरातलीय स्वरूप ढुङ्गा, बालुवा, चुन, कंकड र माटोले बनेको छ।

चितवनमा सरकारीस्तरबाट बस्ती बसाउने काम २०१२ सालदेखि नै भएको मान्नुपर्छ। यद्यपि त्यसभन्दा अघि राणा प्रधानमन्त्रीहरूले चितवनमा बस्ती बसाउने कोसिस नगरेका भने होइनन्। तिनले गरेका प्रयास परिणाममुखी बन्न सकेनन्। २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि २०१२ सालमा राप्ती दुन परियोजना कार्यक्रमको घोषणा भयो। त्यसमा बाझो जग्गाको न्यायोचित वितरण, कृषि उत्पादन बढाउने, औद्योगिक विकास गर्ने, औलो उन्मूलन गर्ने, घनाबस्ती भएको क्षेत्रबाट अन्यत्र बसाइँ सार्ने, प्रशस्त अनाज उत्पादन गरी स्थानीय माग पूरा गराउने र वचन भएको खाद्यान्नलाई पहाडी भाग र काठमाडौँ उपत्यकामा पठाउने, नयाँ बसोबास भएका क्षेत्रमा उद्योगहरू खडा गर्ने, वन्यजन्तुको संरक्षण गर्न केन्द्र स्थापना गर्ने जस्ता उद्देश्य रहेका थिए। पहाडी क्षेत्रमा रहँदा रोग, भोक र गरिबीसँग जुधेर हार मान्दै गरेका कतिपय परिवार औलोसँग जुध्न तयार हुँदै चितवन झर्नथाले। उपरदाङगढी रहेको जिल्लाको राजधानीलाई भरतपुरमा

* भरतपुर २२का वडाअध्यक्ष महतो भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान प्राज्ञसभाका सदस्य हुन्।

सारियो । २०१४ साल माघ २४ गते मालअड्डा सारेर सुरु गरिएको उक्त काम २०१८ साल चैत्रमा जिल्ला अदालत सारेपछि सकिएको थियो ।

२०१८ साल भन्दाअघि चितवन जम्मा ६ प्रगन्नामा बाँडिएको थियो । यी मध्ये सोह्र हजार चितवन पहाडी क्षेत्र थियो । त्यसैअन्तर्गत जोगीमारा, दारेचोक, दारेगौँडा, दाहाखानी चारकिल्ला उपरदाङगढी तेह्र बीस र नौथर थुम पर्दथे । २०१८ सालमा पञ्चायतको गठन, भुवाँडफाँड र सीमा निर्धारण गरेपछि थुम र प्रगन्नाको अन्त्य भयो । २०१८ सालमा राज्यलाई नयाँ किसिमले विभाजन गरियो । जसमा १४ अञ्चल ७५ जिल्ला भए । चितवन जिल्ला नारायणी अञ्चलमा रहेका ५ जिल्लामध्ये एक रह्यो । त्यसै जिल्लाका थुम प्रगन्नालाई २२ वटा गाउँ पञ्चायतमा विभाजन गरियो । २०२३ सालमा आइपुग्दा जिल्लालाई ४२ वटा गाउँ पञ्चायतमा विभाजन गरियो । २०७२ सालको संविधानमा भएको व्यवस्थाअनुसार गरिएको राज्य पुनर्संरचनापछि यस जिल्लामा १ महानगरपालिका ५ नगरपालिका र एक गाउँपालिका गरी ७ स्थानीय तहमा विभाजन गरिएको छ ।

विकास भन्ने कुरा निरन्तर चलिरहने प्रक्रिया हो । चितवन जिल्लाको विकास एकाएक नभई समयक्रमसँगै हुँदै जाँदा यस जिल्लामा पनि यातायात, व्यापार र कलकारखानाको विकास हुँदै आयो । त्यसक्रममा चितवनमा रहेको जनसङ्ख्या त्यसले आफ्नो दैनिक जीवनमा आई पर्ने विविध कुराको जोहो गर्ने क्रममा त्यसैअनुसारको विकास भएको पाइन्छ । मानिससँग जोडिएका धार्मिक आस्था र तिनको प्रकट रूपमा मठमन्दिर जोडिन आइपुगेका थिए । त्यसैगरी मानिसका लागि आवश्यक मनोरञ्जनका लागि पर्यटन र जलजङ्गल समेत अन्योन्याश्रित रूपमा जोडिन पुगेका थिए ।

चितवन जिल्ला देशको मध्यभागमा पर्दछ । त्यससँगै पूर्वपश्चिम राजमार्गका हिसाबले देशको राजधानी काठमाडौँ आउने प्रमुख बाटो यसै जिल्लामा पर्ने भएको हुँदा यहाँ हरेक क्षेत्रका मानिसको आँखा परेको छ । समथर परेको भूभाग, विकासका दृष्टिले तीव्रगतिमा अगाडि बढेको र आउँदा दिनमा अझै तीव्र गतिकासाथ विकास हुन सक्ने सम्भावना बोकेको हुँदा दिनप्रतिदिन यो जिल्लाको महत्त्व बढ्दै गएको छ । मानिसको बसाइँसराई हुने क्रम निरन्तर बढेर गएको छ ।

क्षेत्रफलका हिसाबले भरतपुर महानगरपालिका देशकै दोस्रो ठुलो हो । जसको सीमालाई हेर्दा पूर्व उत्तर दक्षिण पश्चिममा चितवन राष्ट्रिय निकुञ्ज, वन र नारायणी राप्ती नदीले घेरिएको छ । जैविक विविधताले भरिपूर्ण विश्व सम्पदा सूचीमा सूचीकृत राष्ट्रिय निकुञ्ज, कलकल बग्ने नारायणी र राप्ती नदीले भरतपुरलाई थप सम्भावनाका उपहारसहित सौन्दर्यमा सहयोग पुऱ्याई रहेको छ । वैशाख जेठ जस्तो प्रचण्ड गर्मीको समयमा पनि भरतपुर-२९ चौकीडाँडाँमा सिरक ओड्नु पर्ने अवस्थाले भरतपुरको प्राकृतिक विविधतालाई छर्लङ्ग पार्दछ । वि.सं.२०३५ सालमा तत्कालीन भरतपुर गाउँ पञ्चायत र नारायणगढ गाउँ पञ्चायतलाई मिलाई भरतपुर नगर पञ्चायतको रूपमा रही २०४८ सालदेखि भरतपुर नगरपालिकाको रूपमा सञ्चालित भएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१।०८।१६ को निर्णयले भरतपुर नगरपालिकालाई आसपासका पाँच गा.बि.स मगङ्लपुर, फूलबारी, गीतानगर, शिवनगर र पटिहानी समावेश गरि भरतपुर उप-महानगरपालिकामा स्तरोन्नति गरिएको थियो । यसैगरी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३।११। २७ को निर्णयले भरतपुर उप-महानगरपालिकामा नारायणी नगरपालिका, चित्रवन नगरपालिका र कविलास गा.वि.सं.समेत थप गरेर भरतपुर महानगरपालिकामा स्तरोन्नति भएसँगै २०७४ सालमा निर्वाचित जनप्रतिनिधि आएपछि विकासको गतिले थप तिव्रता पाएको हो भन्दा अन्यथा हुँदैन । त्यसपछि आजसम्म भएका र हुँदै गरेका कामहरू यस्ता छन :

- ७०० भन्दा बढी कि.मि. सडक कालोपत्रे भएका छन । सिटी हल, गौतम बुद्ध, क्रिकेट रङ्गशाला, महानगर प्रशासनिक भवन, एयपोर्ट विस्तार, लिफ्ट सिंचाई आयोजना, नारायणी तटबन्धन, शवदाह गृह, भरतपुर मेट्रो प्लाजाको निर्माण, पश्चिम चितवनमा ७०० विघा भन्दा बढी जमिन भूमिगत जल सिंचाई पुऱ्याइएको छ ।
- ८०० भन्दा बढी विद्यार्थीलाई सामुदायिक विद्यालयमा भर्ना गरेको छ ।
- ६ वटा महानगर मध्ये सबैभन्दा कम बेरुजु भएको महानगर बनाउन सक्षम भएको छ ।
- आन्तरिक आय १२ करोडबाट वृद्धि गरी २००

करोडसम्म पुऱ्याउन सफल हुँदै गरेको छ।

- उज्यालो भरतपुर भन्ने नारालाई साकार पार्न ३०+३० कि.मी.स्मार्ट लाइट जडान भएको छ।
- सामाजिक सुरक्षा प्रदान गर्न जिल्ला प्रहरीको समन्वयमा २९ वडाका मुख्य ठाउँमा सी.सी. क्यामरा जडान हुँदै गरेको छ।
- ज्येष्ठ नागरिक र महिलाहरूलाई भरतपुर अस्पतालको ओ.पि.डी.सेवा निशुल्क गर्नुको साथै छोरी बीमा कार्यक्रम लागू भएको छ।
- खेलकुद क्षेत्रमा उल्लेख्य योगदान गरे बापत प्रधानमन्त्रीबाट उत्कृष्ट पालिका पुरस्कार प्राप्त गरेको छ।
- मानव र वन्यजन्तु बिचको द्वन्द न्यूनीकरण गर्न आर.सी.सी.वाल, मेसजाली फाउन्डेशन कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाइरहेको छ।
- २९ बटा वडामा नै खानेपानी व्यवस्था गरिएको छ।
- व्यवस्थित बस्ती विकास गरी सडक दुर्घटना न्यूनीकरण गर्न चोक सुधार कार्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ।
- ८९ कि.मि.को रिङरोड राप्ती र नारायणी नदीको समीपमा भएर जाने भएकोले पर्यापर्यटन, कृषि पर्यटन र उत्पादकत्वको हिसाबले विशेष आर्थिक क्षेत्रको (special Economic zone) विकास गर्ने गरी योजना बनाइ रहेको छ।
- वृद्धहरूका लागि देवघाट भन्ने नारालाई सार्थक बनाउन आकर्षक वृद्धाश्रम, किरियापुत्री भवन, शौचालय, बसपार्क, प्रतीक्षालय, शवदाह गृह, खानेपानी, शान्ति सुरक्षाको राम्रो प्रबन्ध गर्दै धार्मिक आस्था बोकेको देवघाटलाई धार्मिक पर्यटनको हब बनाई समृद्धि हासिल गर्न प्रयत्नशील रहेको छ।
- निजी क्षेत्रसँगको सहकार्यमा (Pubic Private Partinership model) लाई प्रभावकारीताका साथै अगाडि वढाउन लगानी मैत्री वातावरण तयार गरी रहेको छ।
- ७५३ पालिका मध्ये सबै भन्दा बढी ३ रुपियाँ प्रतिलिटर दुधमा अनुदान दिएको छ। उत्पादनका आधारमा जमिनको वर्गीकरण गरि अनुदानसहितको कार्यक्रम सञ्चालन गर्न अग्रसर हुँदैछ। जसमा सुपर जोन, जोन, पकेट केन्द्र घोषणा गर्ने कुरामा छलफल र बहस चलाई रहेको छ।
- भौतिक विकास सँगसँगै मानवीय एवं आर्थिक विकासको सूचाङकलाई मजबुत बनाउने कार्यक्रम सञ्चालन गर्न अति आवश्यक भएको छ। त्यसका लागि Art Of living/motivation/ योग शिविर उद्यम वातावरण, सुनिश्चित बजार मूल्य, सुपथ मूल्यका पसलहरू सञ्चालन गर्ने गरी विकासका सोचलाई अगाडि बढाउने प्रयत्न गरिरहेको छ।
- दिगो फोहर व्यवस्थापन, अटो ल्यान्ड, व्यवस्थित मिटमार्ट Highdrlic Parking अनाथालय जस्ता कार्यहरू गरी महानगरको सूचाङ्कलाई बलियो बनाउनु पर्दछ।

बाटोको हिसाबले हेर्दा चितवनका सबै क्षेत्रमा बाटो पुगेको छ। त्यसमध्ये आधिकांश बाटो कालोपत्रे भइराखेका छन भने पहाडी क्षेत्रतिर खोलिएका बाटो ग्राइभेल र कालोपत्रे बनाउने क्रम निरन्तर चलिरहेको छ। बाटो बिस्तारको क्रमलाई हेर्दा अव केही वर्षमा कालोपत्र बाहेक अरू बाटो खासै देख्न नपर्ने हुँदैछ। स्वास्थ्य क्षेत्रमा हेर्दा चितवनमा मेडिकल पढाउने २ वटा क्याम्पस छन भने नर्सिङ र इन्जिनियरिङ पढाउने क्याम्पस पनि रहेका छन। कृषि प्रधान देश नेपालमा कृषि पढाउने विश्वविद्यालय यही रहेको छ। कुनै बेला नारायणी नदीले त्राहि त्राहि बनाएको भए पनि यतिबेला त्यही नदी आयआर्जनको राम्रो स्रोत बनेको छ। पर्यटकहरू घुम्न आउने र हेर्न रुचाउने प्रकृति प्रदत्त र मानव प्रदत्त ठाउँहरू प्रशस्त रहेका छन। बच्चा अवस्थामा पढ्ने, युवावस्थामा चाहिने रोजगारी र अर्थोपार्जन गर्ने सम्भावना रहेका छन भने जीवनको उत्तरार्धमा पुग्दा रमाउने ठाउँ देवघाट रहेको छ। चितवनको नजिकै रहेका लुम्बिनी र पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएर चालु भइसकेका छन्। भन्ने गरिन्छ रूखमुनि बसेर भन्दा बाहिरबाट हेर्दा त्यहाँ फलेका फल देख्न सकिन्छ भने जस्तै पोखरा र लुम्बिनीमा बनेका एयरपोर्टको उपयोग चितवनवासीले लिन सक्छन्। चितवन पछिल्ला दिनमा स्मार्ट सिटीका रूपमा विकास भइरहेको छ। हिजो औलोको पर्यायवाचीका रूपमा चिनाउने चितवन यतिबेला मानव बस्तीका लागि सबै भन्दा उपयुक्त सहरका रूपमा विकास हुँदै गएको छ। त्यसैले त चितवन देश कै तेस्रो गन्तव्य स्थल बनेको छ। 卐

कथा

# सहारा



शान्ति शर्मा *

जुन दिन मेरो लागि आँधीबेहरी बनेर आयो अनि मेरो रङ्गीन जीवनलाई सखाप पारेर बढारिदियो त्यस दिनदेखि म भाग्यमा विश्वास गर्ने भएकी हुँ । नानी सानै थिई, भर्खर तातेताते गरेर हिँड्न सुरु गरेकी । म भर्खर बीस पूरा गरेर एक्काइसमा लागेकी थिएँ । भर्खर फक्रन लागेको मेरो सत्र वर्ष उमेरलाई चुटुक्क टिपेर अर्काको हातमा थमाएका हुन् मेरा बाबाममीले । हो, त्यसबेला मैले इन्कार गर्न सक्नुपर्थ्यो त्यो मेरो कमजोरी भनूँ वा भाग्यको खेल छुट्याउन सकिनँ । मेरो उम्लिरहेको बैंसले पोखिन खोज्यो उनकै अँगालोमा अनि मैले स्वीकार गरिदिएँ बिहेका लागि । नगर्नुपर्ने खास कारण पनि देखिनँ । अग्लो सलक्क परेको जिउढाल, चटक्क मिलाएर दारीकपाल काटेको, श्यामश्वेत वर्णको, बोली पनि उस्तै मह घोलेकोजस्तो अनि त एकै बसाइमा उनले मेरो मन हरेका हुन् त्यतिबेला ।

उनी भारतीय सेनामा भर्ती भएका थिए । लामो बिदा पर्दा मलाई घुमाउन पनि लान्थे कहिलेकाहीँ । घुम्न जाँदा मलाई चाहिने सम्पूर्ण चिज किनिदीन्थे । तलब बुझेपछि आधा तलब मेरो खातामा राखिदिन्थे । जे भन्यो त्यही पुगेपछि मलाई छिटो बिहे गर्नुको खेद हराउँदै गयो । जीवन राम्रैसँग चल्दै थियो । बढो तन्मयताका साथ छोरी हुर्काउन पट्टि लागेँ म । छोरी काटीकुटी उसकै बाबुजस्तै थिई । उसलाई हेरेपछि बलुको झल्को मेटिन्थ्यो । वास्तविक नाम बलराम भए पनि मैले मायाले बलु भन्ने गर्थें बेलाबेलामा मोबाइलबाट भिडियो कल हुन्थ्यो । मोबाइल खोलेपछि मभन्दा बढी छोरी नै झुम्मिन्थी । बाबुछोरीको घण्टौँ हेराहेर अनि गफ पनि हुन्थ्यो ।

एक दिन पुसको पहारिलो घाममा नानिलाई तेल लगाएर यसो पल्टेकी मात्र के थिएँ । मोबाइलको घन्टी बज्यो यसो हेरेँ भारतबाट रहेछ ।

" हेलो । "

"हेलो, उर्मिलाजी तपाइँको श्रीमान् बिरामी भएर अस्पतालमा हुनुहुन्छ जतिसक्दो छिटो आइपुग्नुहोला । "

हे भगवान् के भएको होला मेरो बलुलाई ? म बेस्सरी आत्तिएँ । दुःख आपतमा भगवान्कै पुकारा गरिँदो रहेछ । खबर आएकै भोलिपल्ट एकाबिहानै नानी च्यापेर म दयाराम दाइकोमा पुगेँ । दयाराम बलुको घनिष्ट साथी । जेसुकै समस्या आइलागे पनि उनैलाई भन्नु है भनेका थिए बलुले । केहीबेरमै दाइ र म नानी च्यापेर भारततिर प्रस्थान गर्‍यौँ । नानिलाई पनि हल्का बिसन्चो थियो ।

अर्को दिन हामी दिल्लीको एपोलो अस्पतालमा पुग्यौँ । मेरो जिउ थरथर काँपिरहेको थियो । ती दाइले मलाई हात समातेर भित्र लगे । बलुको शरीर पुरै कपडाले ढाकिएको थियो । मैले टाउकाबाट कपडा पन्छाएर मुख हेरेँ । उनका आँखा चिम्म थिए । मुख हुस्स फुलेको पाउरोटीजस्तो, शरीर पूरै निलो भइसकेको थियो । म उनको शरीरमा छाद हालेर रुन थालेँ । रुँदारुँदै कतिबेला मलाई बाहिर निकालिएछ पत्तो भएन । होस आउँदा मेरा हातका चुरा,  गलाको पोते र सिउँदोको सिन्दुर केही थिएन ।

पछि थाहा भयो । भारत र पाकिस्तान बिचको युद्धमा गोली लागेर उनको देहान्त भएको रहेछ । । पन्ध्र दिन उतै बसेर काजक्रिया गरियो । सोह्र दिनको दिन नानी च्यापेर म नेपाल फर्कें । नेपाल फर्केपछि मेरो बाँच्ने आधार भनेको त्यही छोरी मात्र थिई । उसलाई हेरेर आफूलाई समालेँ । बलुको देहान्तका कारण भारत सरकारले बीस लाख रुपियाँ क्षतिपूर्तिस्वरूप मेरो खातामा हालिदिएको थियो । त्यही पैसाले मैले सानो होटल खोलेँ । होटलमा

* सचिव : चितवन साहित्य परिषद्

अनेक प्रवृत्तिका मान्छे आउँथे। भर्खरकी युवती त्यसमाथि एकल महिला भएका कारण लोग्नेमान्छेहरूको कुदृष्टि ममाथि परिरहन्थ्यो । कोही रक्सी पिउन खोज्थे भने कोही मलाई नै पिउन खोज्थे । तिनका गिद्धे आँखामा हँसियाको चुच्चो वा बल्दै गरेको दाउराले ठोसूँजस्तो पनि हुन्थ्यो । म अलि बलियो बनेकी थिएँ । कसैले जिस्क्याउन खोजे झपारिहाल्थेँ । चिया टेबलमा राख्न जाँदा हात समाउन खोज्नेको हातै बटारिदिन्थेँ । कति त त्यसपछि फर्केर आएनन् । मलाई थाहा थियो आफू बलियो र कठोर भएपछि सितिमिती कसैले छुन सक्दैनन् भनेर ।

मेरो जीवन चल्दै थियो। अब त छोरी पनि ठुली भइसकेकी थिई । उसलाई नजिकैको बोर्डिङमा राखेकी थिएँ। मन एकोहोरिसकेको थियो। फक्रिँदो बैँस भए पनि ढाकछोप गरी बढो यत्नले समालेकी थिएँ । छोरीभन्दा अरू कोही देखिनँ मैले। अब जे गर्नुछ उसकै लागि मात्र गर्नुछ भन्ने लाग्थ्यो । अरूका लोग्नेस्वास्नी सँगै हिँडेको दृश्यले पनि मलाई छोएन । अरूले गरेका शृङ्गार र पहिरनले पनि मलाई कुनै असर पारेन । म आफ्नै दुनियाँमा थिएँ। मान्छेलाई दुःखी बनाउने भनेको लोभ, मोह र तृष्णाले रहेछ। जुन कुरा ममा केही थिएन।

अहिले छोरी सत्र वर्ष पूरा गरेर अठारमा लागि मैले बिहे गरेको उमेरमा। छोरी तरुनी हुँदै गएपछि मैले होटल गर्नु राम्रो मानिनँ तसर्थ होटल बेच्ने मनसायमा पुगेँ अनि एउटा पेपरमा लेखेर बाहिर भित्तामा टाँसेँ, ' होटल बिक्रीमा छ। '

केही दिनपछि होटल बिक्री हुने तय भयो । त्यसपछि नजिकैको एउटा घर किनेर हामी सऱ्यौँ । आमाछोरी मात्र नभएर एक अर्काका घनिष्ट साथी पनि थियौँ अनि सहारा पनि । उसले मेरो भावना बुझ्थी म उसको बुझ्थेँ ।

बलुको साथी दयाराम जसलाई नानुले ठुलोबा भनेर बोलाउँथी । उनी कहिलेकाहीँ हाम्रोमा आउँथे। मलाई केही गाह्रोसाह्रोमा हेर्ने उनी नै थिए। तीन वटा छोरीका बाउ थिए उनी। अचानक स्कुटर दुर्घटनामा श्रीमतीको निधन भएपछि एकदम विक्षिप्त मनोदशामा थिए। दुःखसुखका कुरा गर्थे ।

अब त छोरीको उमेर पनि फक्रेर ढकमक्क हुन थाल्यो । मसँग भन्दा बढी साथीसँगीसँग झ्याम्मिन्थी । छोरी सानै छँदा उसकै मुख हेरेर आफ्नो बैँस समालेर बसेँ म । अब छोरी ठुली भई कताकता मबाट टाढिँदै गएजस्तो पनि महसुस हुन थाल्यो। पखेँटा लागेपछि बचेराहरू कहाँ माउको काखको न्यानोमा अल्झिँदा रहेछन् र ? आआफ्नो लक्ष्य गन्तव्य समात्न पुग्ने रहेछन्। मलाई पनि विस्तारै लोग्नेको अभाव महसुस भयो। कताकता एक्लो अनुभूति हुँदै गयो। उमेरमा भन्दा उमेर ढल्कँदै जाँदा वा भनूँ छोराछोरी हुर्केपछि पो अभाव खड्किँदो रहेछ । छोरीको बिहेको कुरो चारैतिरबाट आउन थाल्यो। भर्खर स्नातक तह परीक्षा सकेर बसेकी मात्र के थिई।

“नानी के विचार छ तिम्रो ? बिहेको लागि त चारैतिरबाट कुरो आइराछ। ” मैले उनको मुड हेरेर कुरो गरेँ । “ममी मैले बिहे गरेँ भने हजुर कसको सहारामा बस्नुहुन्छ नि ?” “ मेरो लागि तिमीले आफ्नो जीवन बर्बाद पार्नु त भएन नि। मेरो जो कर्मको भोग छ त्यही भोगेर बस्छु। ”“नाइँ, म बिहे गर्दिनँ। जसरी हजुरले मेरो लागि आफ्नो जीवन रित्याउनुभयो त्यसरी नै म हजुरका लागि आफ्नो जीवन रित्याउँछु । ” “त्यसो नभन नानी मेरो त भाग्यले दिएको सजाय पो हो त। के थाहा तिम्रो बाबाले यति छिट्टै मलाई एक्लै पारेर जानुहुन्छ भनेर। ”

यस्तैमा छोरीको बिहेको तय भयो । उसैले मन पराएको केटासँग। धुमधामसँग केही कसर बाँकी नराखी बिहे सम्पन्न भयो । छोरीलाई अन्माएपछि म नितान्त एक्लो भएँ । मुटुको एउटा टुक्रा उछिट्टिएर प...र पुगेजस्तो भयो । तैपनि मैले आफूलाई समालेँ किनकि त्यो भन्दा ठुलो वज्रपात त मैले खेपिसकेकी थिएँ उतिखेरै ।

छोरीको बिहेपछि दयाराम आइराख्थे घरमा। दुःखसुख, गाह्रोसाह्रोमा हेरविचार गर्थे। मलाई पनि जीवनमा कोही न कोही दुःखसुख बिसाउने मान्छेको आवश्यकता हुँदोरहेछ भन्ने लाग्यो । उनको माया र सहाराले मेरो जीवनमा खडेरीमा परेको एक झर पानीले जस्तो शितलता दिन थाल्यो । मनै त हो पीपलको पातझैँ फरक्क फर्कन के बेर लाग्दो रहेछ र। यत्तिको

सहयोग र हेरविचार गर्ने मान्छे पाएपछि लोग्ने नै किन चाहियो भन्ने पनि लाग्यो ।

बिहे गरेको तीन महिनापछि छोरीज्वाइँ बिनाखबर टुप्लुक्क आइपुगे । उनीहरूको लागि खाजा बनाउँदै थिएँ दयाराम पनि उसरी नै हस्याङफस्याङ गर्दै आए ।

"बस्नोस् न दाइ किन हतारिँदै हुनुहुन्छ त ?"
" ए बाबुनानी आएको देखेर आएको नि फेरि गइहाल्छन् कि भनेर । " "ए ठुलो बा मैले हजुरलाई कल गर्न खोज्दै थिएँ आइपुग्नुभएछ बेसै भयो । "

छोरीले मेरो भाइलाई पनि फोन गरेर बोलाएकी रहिछ, भाइ पनि आयो । घरबाट मेरो सासूससुरा र जेठाजु पनि आउनुभयो । म तीन छक परे कस्तो संयोग होला ? किन जुटेका यसरी म गहिरो सोचमा परेँ । बा, छोरीको घरमा केही अप्ठ्यारो पो पर्‍यो कि । ज्वाइँमा केही खराबी वा कमजोरी त छैन ?फेरि आफैँले मन पराएकी पनि हो । त्यति गरेर गरेको बिह कतै टुक्रियो भने । सोच्दासोच्दै भनन्न रिङ्गटा लागेर आयो । एउटा मान्छे चार देख्न थालेँ । मनले हुँदोनहुँदो सोच्न थाल्यो । खास के भएको होला । उतिबेला दाइजो चाहिन्न भनेका हुन् । बा त्यही दाइजो भएन भनेर पो हो कि । ज्वाइँ पनि पहिला जति खुसी छैनन् । छोरीको अनुहार त झन् एकदम मलीन देख्छु । हे भगवान्! खासमा के होला । कसरी सोधूँ छोरीलाई म आत्तिएँ ।

बैठक कोठामा सबै खाजा खाँदै थियौँ । छोरीले मुख खोली । "सबै जनाले मेरो कुरो सुन्नुहोला । यतिञ्जेल ममी र म सँगै थियौँ । मेरो बिहे भयो । अहिले ममी एक्लै हुनुहुन्छ । अब म ममीलाई एक्लो देख्न चाहन्नँ । अहिलेसम्म मैले उहाँलाई सादा जीवन भोगेको देखेँ अब रङ्गीन जीवन देख्न चाहन्छु । तपाइँहरूको विचार के छ?

" छोरी के भनेकी त्यस्तो ? अब यो उमेरमा आएर ...?" अचानक म रन्किएँ उसैगरी मेरो पूरै शरीर आगोको कोइलाझैँ रनन्न रन्कियो ।

"हो, ममी अर्को बिहे गर्नुस् । अहिलेसम्म मेरो लागि जोबन धानेर बस्नुभयो । अब आफ्नो लागि बाँच्नुहोस् । मेरो साथी भएपछि म हजुरको पनि साथी देख्न चाहन्छु । हजुरले मेरो लागि साथी खोज्नुभयो म हजुरको लागि साथी खोज्छु । "

छोरीको कुरा ठिकै लाग्यो । मुखले झट्ट स्वीकार नगरे पनि मनले स्वीकार्‍यो । सासूले जुरुक्क उठेर मलाई कन्यादान दिने कुरा गर्नुभयो । भाइ पनि खुसी नै भयो । जेठाजुले छोरीले गरेको कुरा सही मान्नुभयो । अन्तत सबैले स्वीकृति दिए ।

"ठुलोबा उठ्नोस् हजुर । ममी यता आउनुहोस् । "उसले हामी दुवैजनाको हात एकमाथि अर्को राखेर पररर ताली बजाउन थाली । सबैले उसैको लयमा ताली बजाए । म किंमकर्तव्यविमूढ भएँ ।

भोलिपल्ट हरिहर मन्दिरको प्राङ्गणमा दयारामका तर्फबाट ४/५ जना र मेरातर्फबाट ४/५ जना भेला भयौँ । पवित्र नारायणी नदीलाई साक्षी राखेर सामान्यरूपबाट नै बिहेको विधि सम्पन्न भयो । आज पहिलोपल्ट छोरीको अनुहारमा पूर्ण चन्द्र देखेँ मैले । हामी दयारामको घरमा पुग्यौँ । बिहे गर्ने उमेर पुगेका तीन वटा छोरीले बाटो छेकेर भित्र जानै दिएनन् । जेठी छोरी कुर्लँदै आई, " हामी तिनटी छोरी हुँदाहुँदै बाले सानीआमा ल्याउने ? हामी त भित्र पस्न दिन्नौँ ।

मलाई नमिठो लाग्यो । घरको आँगनभरि छिमेकीहरू तमासे बनेर उभिएका थिए । कस्तो लाजमर्नु भयो । सबै जना एकअर्कासँग कानेखुसी गर्न लागे । दयारामले छोरीहरूबाट स्वीकृति लिएकै रहेनछन् । मैले उनको अनुहारमा हेरेँ । माघको महिनामा पनि चिटचिट पसिना बगिरहेको थियो । खासमा उनको र मेरोबिच जति प्रेम भए नि बिहेको कुरो कहिल्यै भएन । उनले चाहेका थिए वा थिएनन् आफैँ जानुन् । तर मेरो सोचमा उनीसँग बिहे नै होला भन्ने कहिल्यै आएन । मैले भनेँ, "सम्झाउनुस् छोरीहरूलाई यो के रमिता हो ?"दयारामले जेठी छोरीलाई सुटुक्क बोलाएर घरपछाडि लगे । एकछिनमा बाउछोरी हाँस्तै निस्के । "ल हिँड भित्र । "उनले मेरो हात दरो गरी समाए । सबै छोरीहरू आँखाको सनक लाउन थाले ।

" के भो त कुरो ?"

उनले भन्न खोजेनन् यति मात्र बोले ", तिमी चिन्ता नगर । "

पछि थाहा भयो उनले भएभरको सम्पति छोरीहरूलाई दिएछन् । पालैसँग तीन छोरीको बिहे पनि गरिदिए ।

बिहे सकिएको हप्ता दिनपछि उनले भनेँ, " हिँड तिम्रो घर जाऔँ । यो घर छोरीलाई दिएँ मैले । "

हामी सरासर निस्केर मेरो घर आयौँ । यता छोरीज्वाइँ आएर बसेका थिए । छोरीले भनी, "ममी यो घर मलाई पास गर्दिनु । हामी घरबाट केही चाहिन्न भनेर निस्किएका हौँ । हजुरको त घर छ मेरो केही छैन । "

सन्तानको सुखका लागि हरेक आमा आफूलाई रित्याउन तयार हुन्छिन् । हामी सरासर निस्क्यौँ । अलि पर सहरको छेउमा एउटा फ्ल्याट भाडामा लिएर बस्यौँ । त्यसैको एउटा सटरमा किराना पसल पनि खोल्यौँ । दोस्रो बिहे गरे पनि बलुले दिएको थर न्यौपाने मैले हटाएकी थिइनँ । ऊर्मिला न्यौपानेका नामबाट परिचित थिएँ । एकदिन दयारामले भनेँ, "उरु अब तिमीले आफ्नो थर पराजुली राख्नुपर्छ । "

अहँ, मैले पटक्कै मानिनँ । यो मेरो बलुप्रतिको श्रद्धा थियो । दयाराम रिसाएजस्तो गरे तर मैले चासो राखिनँ । दयारामसँगको सम्बन्ध मेरोभन्दा बढी छोरीको चाहना थियो । म त निथ्रिसकेको जवानिलाई बिसाउन मात्र उनकी भएकी थिएँ । मेरो पहिलो प्रेम त बलु नै थियो । उसलाई मेरो पवित्र मनले स्वीकारेको हो एकै नजरमा । एकै बसाइमा उनी मेरो मनमा बसेका हुन् कहिल्यै नउठ्ने गरी ।

दयारामसँग सुखभोग गरिरहँदा पनि म बलुकै यादमा हुन्थेँ । शरीर दयारामसँग हुन्थ्यो तर मन बलुसँग । दयाको आकृतिमा बलुको मुकुण्डो लगाउँथेँ म । कयौँ पटक उत्तेजनाको उत्कर्षमा पुग्दा ब..लु भनेर पनि बोलाएँ अरे । उनी यस लोकमा नभएकाले दयारालाई खासै असर परेन सायद ।

यस्तैमा अचानक मेरो महिनावारी रोकियो । जाँच गराउँदा गर्भवती भएछु । उफ्, दिक्क लागेर पनि आयो । दयारामलाई छोराको चाहना थियो । उनको चाहनालाई मार्न मन लागेन । । भनेजस्तै छोरो जन्मियो । हेर्दै जाँदा छोरोको अनुहार कताकता बलुजस्तो पो थियो । बलुकै अर्को जन्म भएजस्तो लाग्यो । सायद त्यतिबेला ....! मन आनन्दित भयो । उसको नाम राखेँ मौसम न्यौपाने । दयाराम रिसाए । मैले आफ्नै नागरिकताबाट उसको परिचय दिन खोजेँ । उसलाई मेरो नामको बाँकी जायजेथा सुम्पनु पनि थियो । यो कुरा दयारामले बुझेनन् सायद त्यतिबेला ।

मौसम हुर्कँदै थियो आफ्नै सुरमा । दयाराम उसलाई असाध्यै माया गर्थे । तीन जनाको परिवार सुखपूर्वक बाँचिरहेको थियो । मौसमलाई नजिकैको बोर्डिङमा राखिदिएका थियौँ । दैवको लेखा यस्तैमा अचानक दयारामलाई प्रेसरले हान्यो । उनी पक्षघात भएर थलिए कतै हिँडडुल गर्न नसक्ने गरी । उनलाई देवघाटको वागीश्वरीमा उपचारका लागि दैनिक लैजान्थेँ । उपचारपछि मन्दिरतिर दर्शन गरेर फर्कन्थ्यौँ । उनको स्वास्थ्यमा सुधार हुँदै थियो । मौसम सानै थियो । छोरी बेलाबेलामा भेट्न आउँथी । उनीहरूका जायजन्म भएका थिएनन् । जचाउँदा डाक्टरले छोरीकै कमजोरी देखाए मलाई पिरलो भयो कतै ज्वाइँको मन बदलिएर अर्को बिहे गर्ने सोच बनाए भने ... । सुमिना भाइलाई खुब माया गर्थी । दयाराम बिरामी परेपछि मेरो स्वास्थ्य पनि बिग्रँदै गयो एकातिर उनको स्वास्थ्य खराब अर्कोतिर छोरीको जायजन्म भएनन् । मौसमलाई समय दिन नसकेपछि उसलाई छोरीको जिम्मा लगाएँ उसको बुढेसकालको सहारा होस् भन्ने सोच पनि आयो । दिदीकै संरक्षकत्वमा बाँकी जग्गाजमिन पनि मौसमका नाममा पास गरिदिएँ । मेरो टाउको अलि हलुको भयो । एकदिन दयाले भावुक हुँदै भनेँ, "उरु म अब तिम्रो सहाराबिना बाँच्न सक्दिनँ । " उनको कुराले मलाई भित्रैसम्म छोयो अनि मैले पनि उस्तै भावमा भनेँ, "दया तिमी पनि मेरो अन्तिम सहारा त हौ नि । म पनि तिमीबिना कहाँ बाँच्न सक्छु र ? ढुङ्गालाई माटाको भर माटालाई ढुङ्गाको । हामी एकअर्काको सहारामा त बाँचेका हौँ नि । "यति भन्नासाथ उनको अनुहारमा दिव्य चमक देखेँ मैले । प्रेमभन्दा शक्तिशाली चिज अरू केही देखिनँ मैले । उनी मेरो काखमा मस्तसँग निदाए । कुरा गदागर्दै उनी मेरो काखमा मस्तासँग निदाए । एउटा चिरन्तनको खुसी सङ्गालेँ मैले पनि ।

卐

उत्खनन

# राजघोल दरबार : उत्खननको पर्खाइमा



श्यामजी अतिथि सेढाई *

## भूमिका

पर्यटकीय दृष्टिकोणबाट चितवन अत्यन्त उर्वर भूमि मानिन्छ । पर्यटन विकासका प्राकृतिक पूर्वाधारहरू यहाँ प्रशस्त रहेका छन् । नारायणी नदी, राप्ती नदी, घनाजङ्गल र जङ्गली जनावर - हात्ती, गैँडा, बाघ, चितुवा, नाना थरीका चराहरू, सिमसार क्षेत्र, ताल-तलैयाहरू, झरना र पहाडी टाकुराहरूले चितवन आउने नवागन्तुक पर्यटकहरूलाई आकर्षण गरेको छ । त्यसैगरी यहाँ ऐतिहासिक महत्त्व बोकेर उभिएका गढी, गौँडा, किल्लाहरू छन् । कविलासपुर गढी, उपर्दाङगढी, सोमेश्वर गढी, प्याउली गढी चितवनभित्र र बाहिर आवत-जावत गर्ने मुख्य नाका हुन् । राप्ती र नारायणीका विभिन्न स्थानहरूमा डुङ्गा तरेर चितवन प्रवेश गर्ने र चितवनबाट बाहिरी स्थानहरूमा जाने गौँडाहरू पनि यहाँ थिए । यी सबै नाकाहरू अहिले आएर विकासोन्मुख चितवनको इतिहास बनेर रहेका छन् । ऐतिहासिक, धार्मिक एवम् पूरातात्त्विक महत्त्वका स्थानहरू यहाँ धेरै छन् । देवघाट, वाल्मीकि आश्रम, गोद्दक, वागीश्वरी, परशुराम कुण्ड, पाण्डवनगर र सोर्हौं शताब्दीतिर सेनवंशीय धर्मात्मा राजा मणि मुकुन्दसेन प्रथमद्वारा निर्माण भएका धेरै शिवालय-देवालयले चितवनको धार्मिक पर्यटकीय महत्त्वलाई जीवन्त राखेको छ । चितवनको धार्मिक, पूरातात्त्विक विषयमा विभिन्न विद्वानूहरूद्वारा गरिएका अध्ययन, अनुसन्धानले प्राचीन र मध्यकालसम्म उपत्यकाको रूपमा अवस्थित चितवन ठाउँठाउँमा हराभरा मानव बस्ती भएको स्नान भन्ने देखाउँछ । जब सेनवंशीय शासनको अन्त्य भएर चितवन शाहवंशीय राज्यमा विलय भयो, त्यसपछि केही आदिबासी बस्ती र पहाडी गाउँहरूबाहेक अरू बस्तीहरू जङ्गलमा परिणत भए भन्ने कुरा डा. विष्णुप्रसाद घिमिरेको अनुसन्धानत्मक लेखहरूबाट अवगत हुन्छ । मैले यो छोटो लेखमा चितवनको प्राचीनकालतिरको धर्म, संस्कृति, संस्कार र त्यसताकाको भूगोल, इतिहास तथा राज्य व्यवस्थाको बारेमा कलम चलाउन खोजेको होइन । ऐतिहासिक एवम् पूरातात्त्विक दृष्टिकोणबाट ज्यादै महत्त्वपूर्ण मानिने भरतपुर महानगरपालिका वडा नं. १२ को वरण्डाभार जङ्गलबिचमा राइनो तालसँग जोडिएको राजघोल र त्यसकै नजिकमा भग्नावशेषको रूपमा रहेको पुरानो दरबारको ऐतिहासिक तथ्य के रहेको छ भनी थाहा पाउन र सम्बन्धित निकायसम्म यसको जानकारी यसै लेखमार्फत् पुऱ्याउन प्रयास गरेको छु ।

## पाल्पामा सेनवंशीय राजाको उदय

पाल्पा राज्य स्थापनाको विषयमा सेन वंशावलीमा पनि फरकफरक विचार उल्लेख गरेको पाइन्छ, तापनि वि.सं. १३६३ मा मुहम्मद खिलजीले चित्तौर आक्रमण गरेपछि त्यहाँका राजा चित्रसेन आफ्ना सन्तानसहित नेपाल प्रवेश गरेका हुन् । चन्द्रसेनका छोरा रुद्रसेनले वि.सं. १५५० देखि १५७५ सम्म पाल्पामा राज्य गरी त्यसपछि छोरा मुकुन्दसेनलाई पाल्पाको राजा बनाएको देखिन्छ । मुकुन्सदेन प्रथमले पाल्पामा वि.सं. १६७५ देखि १६१० सम्म शासन गरेका हुन् भन्ने कुरा पाल्पा राज्यको इतिहास पढेर थाहा हुन्छ (भाग १, पृ. ३०) । मुकुन्दसेनको पालामा पाल्पा राज्यको विस्तार हुँदै जाँदा चितवन पनि पाल्पा राज्यकै कब्जामा रहेको पाइन्छ । बुटवल, परासी, चितवन र मकवानपुर पाल्पा राज्यभित्रै परेको र यहाँ समथर, उर्वर जमिन र नदीनाला, तीर्थस्थल पर्ने भएकाले राजाले यी स्थानहरूलाई बढी

* प्राज्ञसभा सदस्य : भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान

महत्त्व दिएर आफ्नो राजकीय यात्रा पहाडतिर भन्दा यतैतिर गर्न रुचाउँथे । मुकुन्दसेन प्रथमको राज्य पूर्वमा वराहक्षेत्र, दक्षिणमा हरिहर क्षेत्र, पश्चिममा रुरुक्षेत्र र उत्तरमा मुक्तिक्षेत्रसम्म फैलिएको थियो भनी गण्डकी महत्म्यमा लेखिएको छ । मणि मुकुन्दसेन अत्यन्त धर्मात्मा र भविष्यद्रष्टा राजा भएकाले उनी आफू जहाँजहाँ पुगे त्यहाँत्यहाँ मन्दिर, देवालय, शिवालय, धारा, कुवा, पानीघाट बनाएरै छाड्दथे । पाल्पादेखि मकवानपुरसम्म हुलाकी मार्ग बनाएर बस्ती र समथर जग्गा भएको ठाउँमा चौतारो, कुलो बनाउन लगाउँथे । त्यसबेला पाल्पादेखि मकवानपुरसम्म ठाउँठाउँमा मन्दिर बनाएर पत्थरको मूर्ति स्थापना गरेको देखिन्छ । तीमध्ये तनहुँको चतुर्बाहु विष्णुको मूर्ति, वृष मूर्ति, गैँडाकोट कालिका (हालको मौलाकालिका), सिख्रौली, सिद्धिविनायक गणेश मन्दिर, मुकुन्देश्वर चक्रशीला, चितवनको वागीश्वरीमा भैरवका दुई प्रस्थर मूर्ति बनेका छन् । उनले देवघाटदेखि त्रिवेणीसम्म नारायणी नदीको किनारमा एकादश रुद्रको स्थापना गरेका हुन् । शिवघाटमा रहेको मुकुन्देश्वर महादेव मन्दिर यही क्रममा बनेको हो भनी चित्रकालदर्शी श्री कर्पुरानन्द स्वामीको भनाइ रहेको छ। सोह्रौँ शताब्दीतिर बनेका यी मन्दिर र मूर्तिहरू कति भत्किए, कति फुटे, पुरिए तर तिनका भग्नावशेषको अध्ययनबाट ढुङ्गा, इँटा र मूर्तिहरूको प्रकृति, बनावट एकै प्रकारको देखिएको छ।



### उत्खननको पर्खाइमा राजघोल दरबार

भरतपुर महानगरपालिका वडा नं. १२, बरण्डाभार जङ्गलको बिचमा एउटा पुरानो दरबारको भग्नावशेष भेटिएको छ। हाल भइरहेको राइनो तालको नजिक रहेको यो भग्नावशेषको पूर्वपट्टि लामो अर्को ताल रहेको छ, जसलाई राजघोल भनिन्छ । राजघोल र राइनो ताल छुट्टाछुट्टै थियो तर अहिले राइनो तालको विस्तार भएयता यी दुवै ताल एउटै बनेको छ। २०२१ सालमा मेरो पहिलाको घर जिरौनाबाट वीरेन्द्र कलेज पढ्न आउँदा यही बाटो भएर आउँथेँ, त्यसबेलादेखि मैले यो राजघोलको बारेमा घाँस, दाउरा काट्ने, गाईं-भैँसी चराउने गोठालाहरूले भनेको किम्बदन्तीहरू सुन्दै आएको हुँ । त्यसबेला त्यहाँ पानीको कुवा, भत्केको घर, अग्ला-अग्ला ढुङ्गाका खम्बाहरू, ढुङ्गामा कोरिएका देवी-देवताका चित्रहरू, ढुङ्गाकै ससाना खम्बाहरू, ढुङ्गाकै बनेका तीनवटा चम्कासहितका दुईमुखे चुलो र खस्रो खालका इँटाका टुक्राहरू छरिएका, केही सग्ला चारपाटे इँटाको थाक देखिन्थ्यो । राजघोलभन्दा दस मिटरजति उचाइमा गारो भत्किएर छरपष्ट भएको र भत्केर बाँकी रहेका इँटाको गारो अझै देखिँदै छ । साठी वर्षअगाडि देखेको त्यो भग्नावशेष र अहिले गएर हेर्दा घना बुट्यानले छोपेको, कतिपय खाडलहरू पुरिन लागेको र ढुङ्गाको अग्ला खम्बाहरू तीन टुक्रासम्म परेको भेटियो ।

भर्खरमात्र भरतपुर महानगरपालिकाले भरतपुरलाई भ्रमण वर्ष-२०२४ घोषणा गरी "घुमौँ भरतपुर" भन्ने सन्देश जनसमक्ष ल्याएको छ । महानगरभित्रका प्राकृतिक, धार्मिक, जैविक, पूरातात्त्विक क्षेत्रको भ्रमण गराई स्वदेश वा विदेशका पर्यटकहरूलाई ती स्थानहरूको परिचय गराई पर्यटन प्रबर्द्धनमा अगाढि बढेर आर्थिक समृद्धि ल्याउने लक्ष्यका साथ यो अभियान

सुरु भएको छ। मैले पनि यसै क्रममा राजघोल दरबारको प्रसङ्ग अघि सारेको छु। मनोरम राइनो ताल, राजघोल, पुरानो दरबारको भग्नावशेष, विभिन्न प्रकारका वनस्पति र जलचर-थलचर प्राणीहरूको अध्ययन-अवलोकन गराउन महानगरबाट राजघोल दरबारलाई पर्यटन क्षेत्रको सूचीमा समावेश गरी भविष्यमा यसको उत्खनन्का लागि पूरातत्त्व विभाग र सम्बन्धित मन्त्रालयमा पठाउने कार्यसूची बनाई अघि बढेमा अवश्य पनि राजघोल दरबार पर्यटकीय स्थल बन्ने छ।

## राजघोल दरबारको विषयमा सुनेका किम्बदन्तीहरू

सुनिन्छ, सेन राजाको पालासम्म चितवन उपत्यका सुन्दर, हराभरा बस्तीको रूपमा थियो, नेपाल एकीकरणपछि यो ठाउँ जलविहार र सिकार खेल्ने स्थानमा परिणत भयो। बस्ती मासियो, जङ्गल बढ्यो। सोह्रौँ शताब्दीको अन्त्यतिर मणि मुकुन्दसेन प्रथम पाल्पादेखि मकवानपुरसम्म राजकीय यात्रामा आइरहने हुनाले देवघाट क्षेत्र राजाको निम्ति धार्मिक आस्थाको केन्द्र बनेको थियो। मुकुन्दपुरमा आफू बस्ने दरबार बनाए र वागेश्वरी र अहिलेको गणेशधाममा मन्दिर बनाएर मूर्तिहरू राखे। त्यस बेला बरण्डाभार जङ्गलपूर्व खगेरी खोला वारि-पारि र नौरङ्गेमा दरै, कुमाल, बोटे बस्ती थियो भनिन्छ। अहिलेको राइनो ताल त्यसबेलाको पानीघट्ट थियो। दरबारका हात्ती, घोडाहरू जङ्गलमा चरेर राजघोलमा पानी खाने गर्दथे। त्यस क्षेत्रमा साना-ठुला पाँच पोखरीहरू छन्। यसै क्षेत्रको नजिकमा पर्दछ राजघोल दरबार। यो लेख लेख्नुभन्दा एक महिनाअघि म नौरङ्गे निवासी वयोवृद्ध कुलबहादुर भण्डारीको निवासमा पुगी राजघोलको बारेमा जानकारी माग्दा उहाँ भन्नुहुन्छ - "राजघोल दरबार मणि मुकुन्दसेनले बनाएका हुन्। यो दरबार ढुङ्गाको खम्बाहरू गाडेर, इँटाको गारो लगाएको, एक तले, वरिपरि बरण्डा निकालेको, ढुङ्गाको छानो लगाएको थियो। त्यसमा राजा र रानी बस्दथे। त्यसकै नजिकमा अरू दुईवटा लामा पक्की गोठ, जहाँ पाल्पाली राजाका घोडा र हात्ती बाँधिन्थ्यो। हात्तीसार र घोडाको तबेलाबाहेक अरू दुईवटा घरमा सैनिक बस्ने, गोलीगठ्ठा, बारुद, बन्दुक, खुँडा, खुकुरी राख्ने र भान्से-कारिन्दाहरू त्यहीँ बस्दथे।" यी सबै किम्बदन्तीहरू कुलबहादुरले पनि त्यसै गाउँका आदिबासी वृद्ध टङ्क कुमाल, मायाराम दरै र गुराउबुढाका मुखबाट सुनेका रहेछन्। एकतले दरबारको चारैतिर बरण्डा राखेको र राजाले सोही बरण्डाबाट जङ्गली जनावर, चराहरू अवलोकन गर्दथे। बरण्डा राखेर बनाएको दरबार भएर नै आजसम्म पनि यहाँको जङ्गललाई बरण्डाभार जङ्गल भनिन्छ।



मणि मुकुन्दसेनमा धर्मप्रति बढी आस्था र विश्वास भएकाले नै उनले कहिल्यै सिकार खेलेनन्। उनलाई कसैसँग युद्ध लड्नु परेन तथापि सामरिक महत्त्वको सामग्रीहरूको ठुलो भण्डार यही राजघोल दरबारलाई बनाएका थिए भन्ने धेरैको मुखबाट सुनिन्छ। राज्यको जुनसुकै भागमा आवश्यक परेको बखत यहींबाट खरखजानासहित हात्ती, घोडा लिएर सैनिकहरू त्यहाँ पुगिहाल्थे। हुन त राजा मुकुन्दसेनले मुकुन्दपुर (नवलपुर), कङ्कालीकोट (चितवन) मा दरबार बनाएका थिए र समयसमयमा त्यहाँ आएर बस्दथे भनेर इतिहास शिरोमणि बाबुराम आचार्यले लेखेका छन्। राजकीय भ्रमणमा आउँदा यी दरबारहरूमा बसेको

बखत एकादशीमा देवघाट स्नान गर्न जान्थे र राजघोल दरबारमा विश्राम लिन्थे । स्थायी रूपमा त्यहाँ बस्ने सिपाहीहरू र हात्ती, घोडा, खर-खजानाको निरीक्षण गर्दथे । एउटा स्मरणीय कुरा के छ भने मुकुन्दसेनले बनाएका मूर्तिहरू जहाँ पनि पत्थरकै हुन्थे र दरै तथा कुमालले बनाएका उनका मन्दिरहरूमा रहेका मूर्तिहरू भने माटाका हुन्थे ।

### राजघोल दरबार : अवलोकन र अध्ययन

भरतपुर महानगरपालिका वडा नं. १२, राइनो तालनजिक जङ्गलमा भग्नावशेषको रूपमा रहेको राजघोल दरबार आजसम्म ओझेलमापरेकोछ।कहीँकतैबाट यसको खोजतलासी भएको देखिँदैन । गत वर्ष नरहरिनाथ आश्रम वागीश्वरीमा नेपाल प्रज्ञाप्रतिष्ठान पूरातत्त्व विभाग काठमाडौँ, महानगरपालिका र यस भेगका विद्वान्, बुद्धिजीवीहरूको उपस्थितिमा 'एक दिने कार्यशाला गोष्ठी' हुँदा पङ्क्तिकारले राजघोल दरबारको बारेमा कुरा उठाउँदै यो पूरातात्त्विक विषय भएकाले नै यसमा चासो लिनुपर्छ भन्दा पूरातत्त्व विभागका प्रतिनिधिले सकारात्मक कुरा राख्नुभएको थियो । यसको अध्ययन-अनुसन्धानको लागि टिम पठाउने समेत प्रतिबद्धता जाहेर गर्नुभएको थियो ।



राजघोल र प्राचीन पानीघाट राइनोताल जोडेर अहिले विशाल ताल बनाइएको छ । यहाँ वनभोज खान र दृश्यावलोकन गर्न भरतपुर, रत्ननगरसम्मका मानिसहरू जान्छन् । तर यो ताल अझै फराकिलो र आकर्षक बनाउन थुप्रै सम्भावनाहरू रहेका छन् । नजिकै रहेको दरबारको भग्नावशेष उत्खनन् गरेर अगाडि बढ्न सकियो भने भरतपुर महानगरपालिकाभित्र रहेको यो पर्यटकीय क्षेत्रले बाह्य तथा आन्तरिक पर्यटकहरूलाई आकर्षण गर्नेछ र यो प्रकृति र पूरातात्त्विक अध्ययनका लागि एउटा महत्त्वपूर्ण थलो बन्नेछ । राजघोल दरबारको भग्नावशेष हेर्न त हिउँदका दिनहरूमा धेरै मानिसहरू जान्छन् । वडा नं. १२ मा यसबारे छलफल चलिरहन्छ । रामवेल सामुदायिक वन समूहभित्र यो दरबार पर्ने भएकाले त्यहाँका समिति र वन हेरालुहरूलाई राजघोल बारे राम्रो जानकारी छ। भर्खरमात्रै उक्त समूहका कोषध्यक्ष पूर्व शिक्षक रामप्रसाद पोखरेलको अगुवाईमा राजघोल र दरबारको भग्नावशेष अध्ययन-अवलोकन गर्न त्यहाँ पुग्यौँ । त्यहाँ खिचेका भग्नावशेषका फोटाहरू यहाँ दिइएको छ ।

चितवनको ऐतिहासक एवम् पूरातात्त्विक परिचयका लेखक तथा अनुसन्धाता डा. विष्णुप्रसाद घिमिरे राजघोलबारे यसरी प्रष्ट पार्नुहुन्छ - चितवनको भरतपुर महानगरपालिकाको वडा नै १२, नौरङ्गेको शिवालयदेखि करिब तीन किलोमिटर पूर्व बरण्डाभारको जङ्गलभित्र राजघोल भनिने क्षेत्रमा पनि प्राचीन इँटाको खण्डहर भेटिएको छ । करिब तीन बिगाहा क्षेत्रफलको उत्तर-दक्षिण लाम्चो परेको केही उच्च जङ्गल क्षेत्रमा प्राचीन कुँदेका प्रस्तर र इँटाको खण्डहरू र विभिन्न स्थानमा खनेका ठुला खाडलहरू देखिन्छन् । यहाँ मानव बस्ती, राजदरबार वा मन्दिर र आश्रमहरूमध्ये कुनै भत्केर पुरिएका र सोही क्षेत्रमा पछि केही पाइन्छ कि भनी कसैले खनेर हेरेको हुनसक्ने

सम्भावना देखिन्छ र यस क्षेत्रमा हाल बाहिर देखिने ऐतिहासिक र पूरातात्त्विक महत्त्वका

**केही प्रमुख बस्तुहरू निम्नलिखित छन् (पृ. ४८) :**

**प्राचीन इँटा** : आगोमा पोली पाको बनाइएका प्राचीन र मध्यकालीन इँटाको ठुलो खण्डहर नै यस क्षेत्रमा रहेको छ। कतै इँटाको र कतै कुँदेका ठुला प्रस्तरको गारोसमेत देखिन्छ। यसमा रहेका इँटा दुई प्रकारका देखिन्छन् :

**ठुला इँटा** : लम्बाइ ९ इन्च, चौडाइ ६.५ इन्च र बाक्लो २ इन्च छन्।

**साना इँटा** : लम्बाइ ८ इन्च, चौडाइ ५ इन्च र बाक्लो २ इन्च छन्।

ठुला इँटाको निर्माण शैलीलाई हेर्दा देवघाट, मनहरि आदि क्षेत्रका प्राचीन इँटाको शैलीसँग मिल्दा देखिन्छन।

**प्राचीन प्रस्तर स्तम्भ** : इँटाको ढिस्कोभित्र पुरिएर रहेको र पछि खनेर बाहिर उतारिएको अनुमान हुने प्राचीन प्रस्तरका स्तम्भ, कुँदेका प्रस्तर आदि पनि देखिन्छन्। यीमध्ये एक टुक्रामा मौलाको आकृति कुँदिएको देखिन्छ। यो प्रस्तर खण्ड मन्दिरको चौकोसको आडमा वा सुरमा उभ्याइएको हुन सक्छ। स्तम्भ चारपाटै भइकन एक पाटाको धारनेर पुनः सानो पाटा निकाली मौलोको आकृति बनाइएको छ। उक्त स्तम्भको गोलाइ करिब ५ फिट रहेको छ।

**प्राचीन बुट्टे शीला** : करिब २.५ मिटर गोलाइको बाटुलो कौ ढुङ्गो उक्त खण्डहरदेखि पूर्वतर्फ घोलमा आधा भाग दलदले माटोमा गढीरहेको छ। यो प्रस्तर बाटुलो मस्याइलो छ। एकापट्टिको भागमा चित्र-विचित्रका बुट्टा भरिएको छ। ती बुट्टा हेर्दा बौद्ध वा हिन्दु हस्तलिखित पुस्तकका गातामा कोरिएका चित्रहरू निकै आकर्षक देखिन्छन्। यसको दक्षिणपट्टि ठुलो पोखरी पुरिएको आभास मिल्दछ।

पश्चिमतर्फको केही उच्च क्षेत्रमा प्राचीन प्रस्तर र इँटाको खण्डहर रहनु, त्यसको पूर्वपट्टि पुरिएको पोखरीको आभास मिल्नु, त्यसै क्षेत्रमा चित्र-विचित्रका बुट्टा भरेको प्राचीन प्रस्तर रहनुजस्ता लक्षणहरूबाट त्यस क्षेत्रमा कुनै प्राचीन राजाको दरबार वा मन्दिर भएको सम्भावना देखिन्छ। त्यस क्षेत्रमा पूरातात्त्विक उत्खनन् भएमा यथार्थ कुराको जानकारी हुन सक्नेछ।



राजघोलको विषयमा आफूले सुने-जानेका कुराहरू समेटेर नौरङ्गेका पुराना जमिन्दार खड्गबहादुरका छोरा नन्दन पन्तले पनि सानो पुस्तिका लेख्नुभएको छ। राजघोल दरबारको बारेमा चासो राखेर पटकपटक त्यहाँ पुगेका नौरङ्गेकै कृष्णप्रसाद पण्डित पनि सरकारले यसको उत्खनन् गरेर सत्य कुरा उजागर गरिदिए भरतपुरबासीलाई सन्तोष लाग्नेथियो भन्नुहुन्छ। साथै महानगरपालिकाको पर्यटनसूचीमा परिसकेको हालको

धनगडा मन्दिर र राजघोल दरबारको निकट सम्बन्ध रहेको देखिन्छ । किनकि त्यहाँका बुढापाकाले यस पङ्क्तिकारलाई भनेअनुसार हरेक एकादशीमा राजा मुकुन्दसेन देवघाट स्नान गर्न जाने र फर्कँदा पीपलको रूखमुनि छहारीमा बसेर पानी खान खोज्दा पानी भेटिएन तसर्थ राजाले श्रमदानबाट उक्त पोखरी खनाएर पानीको व्यवस्था मिलाए र सोही स्थानमा शिवपाञ्चायन मन्दिर बनाएर शीला स्थापना गरे । यो स्थानबाट राजघोल करिब तीन किलोमिटर पूर्व जङ्गलभित्र पर्दछ । यसरी राजघोल दरबारको सम्बन्ध धनगढा मन्दिर, गणेशस्थान, वागीश्वरी, देवघाट, चक्रशीला, शिवघाट, सिखौली, मुकुन्दपुर, बुटवल र तानसेन-पाल्पासँग जोडिएको देखिन्छ ।

**उपसंहार**

प्राचीन मर्यादापुर भनेर चिनिने चितवन सेन राजाको पालासम्म ठाउँठाउँमा सुन्दर बस्ती, नदी, पोखरीका साथै उर्वरभूमि रहेको अनुमान छ । जङ्गल फाँडेर नयाँ बस्ती बसालेको कतिपय गाउँहरूमा पुराना मन्दिर, मूर्तिका भग्नावशेषहरू भेटिएका छन् । चितवन समृद्ध क्षेत्र भएर नै पाल्पाका सेन राजाले यहाँ कब्जा गरे । शासन चलाए । हुन त सेनवंशभन्दा अगाडि सिम्रौनगढका राजाले आफ्नो राज्य नारायणी नदी वारिसम्म फैलाएका थिए भनी इतिहासमा लेखिएको पाइन्छ । केही बुढापाकाहरू राजघोल दरबारलाई सिम्रौनगढका राजहरूसँग पनि जोड्छन् भने केही मणि मुकुन्दसेन प्रथमका कान्छा छोरा लोहाङसेनको नाम पनि लिन्छन् । आफ्ना पिताको देहावसानपछि उनले मकवानपुरको राज्यलाई पूर्वमा तिष्टासम्म पुऱ्याएका थिए भनी इतिहासमा उल्लेख छ । यस विषयमा राजघोल दरबारको अध्ययन, अनुसन्धान र मुरातात्त्विक उत्खननबाट मात्र यकिन गरेर भन्न सकिन्छ । यसको ऐतिहासिक तथ्य अझै गर्भभित्रै छ ।

मणि मुकुन्दसेन प्रथमजस्ता लोकप्रिय राजाको पालामा पाल्पा राज्य मकवानपुरसम्म फैलिएको र ठाउँठाउँमा मन्दिर बनाई प्रस्तर मूर्तिहरू स्थापना गरी जनभावनाअनुसार विकास निर्माणका धेरै काम गरेको देखिन्छ । आफ्नो राज्य शत्रुहरूबाट बचाउनका लागि विभिन्न गढी, किल्ला र युद्ध सामग्रीहरू सञ्चित गरी शक्तिशाली राज्य खडा गरेको अवगत हुन्छ । त्यसैले राजघोल दरबार आफू राजकीय यात्रामा आउँदा बस्ने र घोडा, हात्ती पाल्ने अनि युद्ध सामग्री भण्डारण गर्ने उद्देश्यले बनाएको हुन सक्छ भन्ने अनुमान लगाउने ठाउँ रहेको देखिन्छ । मणि मुकुन्दसेन पाल्पाबाट आई १२ वर्ष देवघाट बसेर यसै भूमिमा प्राण विसर्जन गरेका हुन् । राइनो तालसँग जोडिएको राजघोल र त्यसैको नजिक रहेको दरबारको भग्नावशेषको अनुसन्धान र पूरातात्त्विक उत्खनन् अगाडि बढाउन सकेमा भरतपुर महानगरपालिकामा एउटा ऐतिहासिक जिज्ञासाको पर्दा खुल्नेछ । पर्यटनको नयाँ गन्तव्य स्थल थपिने छ । साथै हाल भएको राइनोताललाई फराकिलो र गहिरो बनाउन सकिने सम्भावना धेरै छन् । यसको सौन्दर्यीकरण गर्न बाँकी नै छ । राजघोल दरबारको उत्खननपछि बनिने संरचनाहरू र प्रकृतिको काखमा अवस्थित सुन्दर राइनो ताल एक-अर्काको परिपूरक बन्ने छन् र भरतपुरको पर्यटन विकासमा यो ठाउँ सुप्रसिद्ध हुनेछ ।

**सन्दर्भ सामग्री**

घिमिरे, विष्णुप्रसाद (२०४५), पाल्पा राज्यको इतिहास भाग १, चितवन : घिमिरे प्रकाशन ।

घिमिरे, विष्णुप्रसाद (२०७०), चितवनको ऐतिहासिक एवम् पूरातात्त्विक परिचय, चितवन : सिर्जनशील अनुसन्धान केन्द्र ।

पन्त, दिनेशराज (२०४१), गोरखाको इतिहास भाग १-२, काठमाडौं : दिनेशराज पन्त ।

मणि मुकुन्द दिग्दर्शन (२०७२), मुकुन्दसेन उद्यान संरक्षण समिति ।

सेन, सूर्यबहादुर (२०७७), सेन वंशीय राज्यको इतिहास ।

卐

निबन्ध

# मेरो सपनाको भरतपुर

सन्तोष सुवेदी*

नेपालको मुटुमा बसेको सहर भरतपुर मेरो सपनामा विशेष स्थान राखेको छ । मेरो सपनाको भरतपुरको मेरो दृष्टिकोण, संस्कृति, प्रकृति र समुदायको जीवन्त रङ्गले रङ्गिएको छ । भरतपुर सहर यसको ऐतहासिक आर्कषण र आधुनिक आकाङ्क्षाहरू सँग सपनाहरूको सुन्दर कल्पना देख्छ, जुन समयले पार गर्दछ ।

भरतपुर नेपालको ठुलो सहरहरू मध्ये एक हो । यो महानगर वाग्मती प्रदेशअन्तर्गतको चितवन जिल्लामा अवस्थित छ । यो महानगर क्षेत्रफलको हिसाबले दोस्रो ठुलो र जनसङ्ख्याको हिसाबले चौथो ठुलो महानगर हो । यो चितवन जिल्लाको सदरमुकाम र तीव्र गतिले विकास भएको व्यापारिक केन्द्र पनि हो । यो महानगरमा २९ वटा वडा रहेका छन् । यसको पश्चिमतर्फका सिमाना नारायणी नदी, दक्षिणतर्फ चितवन राष्टिय निकुञ्ज, पूर्वतर्फ रत्ननगरपालिका, उत्तरतर्फ तनहुँ जिल्ला रहेको छ । भरतपुर महानगरको क्षेत्रफल ४३२.९५ वर्ग किलोमिटर रहेको छ । यहाँ मलेरिया रोगको नियन्त्रण भएपछि जनसङ्ख्या वृद्धि दर बढेको छ । वि.स. २०७३ सालमा चितवन, नारायणी, दुई नगरपालिका दिव्यनगर र कविलाश गाउँपालिका मिलाएर भरतपुर महानगरपालिका स्तरोन्नाति गरिएको थियो । यहाँ विभिन्न जात-जाति, भाषा, धर्म अबलम्बन गर्ने मानिसहरूको बसोबास रहेको छ । भरतपुर महानगर सबै जात, धर्मका मानिसको साझा फूलबारी पनि हो । भरतपुर महानगरको अहिले सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक हरेक हिसाबले तीव्र रूपमा विकास भएको छ । भरतपुरबासीले सुन्दर भरतपुरको कल्पना गरेका छन् ।

मेरो सपनाको भरतपुर सुन्दर, सभ्य र विकसित छ । विकासको बाटोलाई रोजेर अगाडि बढ्दै छ । सबै भरतपुरवासीको मनमा भरतपुरको समुन्नति भएको हेँने मन छ । हरेकले आफ्नो मनमा भरतपुरको उन्नाति र विकास भएको कल्पना गर्छन् । कसैले भरतपुरको कविता लेख्दै हिँड्छन् भने कसैले कथा लेख्दै हिड्छन् । सबैले भोलिको सुन्दर भरतपुरको सुन्दर कल्पना गरेका छन् । त्यस्तै मैले पनि एउटा सुन्दर, संस्कृत, सभ्य र आधुनिकताले भरि पूर्ण मेरो प्यारो भरतपुरको कल्पना गरेको छु ।

मेरो सपनाको भरतपुरमा विकासका पूर्वाधार जस्तै शिक्षा, स्वास्थ, खानेपानी, रोजगारी, यातायात, बाटो आदि सबैको उच्चतम विकास हुने छ । अहिले बाटोको पेटीपटीमा मकै पोल्दै, जुत्ता सिलाउँदै र माग्दै हिडेका कलिला बालबालिका झोला बोकेर विद्यालय जाने छन् र शिक्षाको अवसरबाट बञ्चित हुने छैनन् । यहाँ थुप्रै महाविद्यालय तथा विद्यालयको स्थापना भई उचित शिक्षा दिईने छ । बालबालिकाले नयाँ नयाँ कुराहरू सिक्न पाउने छन् । विद्यालयमा आई.सिटी.का माध्यमद्धारा शिक्षा दिइने छ । प्रत्येक कक्षाकोठामा सिकाइ गर्नका लागी कम्प्युटरको ब्यवस्था हुने छ । घोकन्ते विद्याको अन्त्य भई बालबालिकाहरू सिर्जनशील बन्नेछन् । हरेक विद्यालयले व्यवहारिक र सैद्धान्तिक शिक्षा प्रदान गर्ने छन् । महानगरको परिसरमा रहेका कुनै पनि बालबालिकाले गरिब, जनजाति, दलित, आदि भएको कारण शिक्षाबाट बञ्चित गरिने छैन । महानगरको प्रत्येक कुनाकुनामा रहेका बालबालिकाले शिक्षाको अवसर पाउने छन् । यस्तो शिक्षा दिइने छ कि त्यो सिपसँग सम्बन्धित होस् जुन सिपले रोजगार दिओस् र त्यही रोजगारले उनीहरूको आफ्नो कार्य गर्न सकुन र

* भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानद्वारा **मेरो सपनाको भरतपुर** शीर्षकमा आयोजित चितवन जिल्लास्तरीय निबन्ध प्रतियोगिता २०८० मा प्रोत्साहित निबन्धकार

बेरोजगार हुन नपरोस् ।

मेरो सपनाको भरतपुरमा कुनै पनि मानिस बेरोजगार हुन नपरोस् । रोजगारीका निम्ति परदेशी भूमिमा गएर आफ्नो अमूल्य रगत र पसिना बगाउन नपरोस् । मेरो सपनाको भरतपुरमा उद्योग, कलकारखाना, व्यापार, व्यवसायको थलानी होस् । मानिसहरू सहक पेटीपेटीमा बरालिदै हिड्न नपरोस् । मेरो सपनाको भरतपुरमा सबै मानिसहरू आत्मनिर्भर बन्नेछन् र महानगर हराभरा बन्ने छ । स्वरोजगारको अवसरको उपभोग गर्दै आफ्नो जीवन हाँसी खुसी बिताउने छन् ।

मेरो सपनाको भरतपुरमा हरेक बाटोघाटो पक्की बन्ने छन् । पुलपुलेसा, सडक भवनहरू वैज्ञानिक ढङ्गले स्थापना हुने छ । हरेक भरतपुर बासीले ट्राफिक नियमको पालना गर्ने छन् । जलमार्ग, रज्जुमार्ग, हवाइमार्ग, सडकमार्ग सबैको उच्चतम विकास हुने छ । यहाँका संसारको जुनसुकै कुनामा पनि सजिलै जान सक्नेछन् । मेरो सपनाको भरतपुरमा रेल आउनेछ, पानी जहाज पानीमा तैरनेछ, जहाजहरू आकासमा चरा झै उड्नेछन् । केवलकारहरू हरेक डाडाँ डाँडा पुग्ने छन् ।

मेरो सपनाको भरतपुरमा कोही पनि मानिसहरू स्वास्थ्य सेवा नपाएर ज्यान गुमाउने छैनन् । अन्धविश्वास, धामिझाक्री, झारफुकले भरतपुर महानगरको आँगन बाट बिदा लिनेछन् । मेरो सपनाको भरतपुरमा ठुलाठुला अस्पताल स्थापना हुने छन् । ठुला रोगको उपचार गर्न अन्य स्थान धाउनु पर्ने छैन । सस्तोरूपमा छिटो छरितो रोगको उपचार हुने छ । रोगीहरूले समयमा नै रोगको उपचार पाएर मुस्कुराउने छन् । वृद्धवृद्धाहरू निरोगी भई खुसीले नाच्नेछन् । बालबालिकाहरू निरोगी भई बाच्ने छन् । मेरो सपनाको भरतपुरमा हरेक खेतबारीहरूमा धानहरू लहराउने छन्, तोरीहरू ढकमक्क फूल्ने छन् । किसानहरूले आफ्नो उत्पादनको उचित मूल्य पाउनेछ न् । आधुनिक प्रविधिको प्रयोग गरी खेती गर्नेछन्, हाते ट्र्याक्टरले खेत जोत्ने छ । हाते मेसिनले धान काट्ने छ, महानगरका हरेक बालीमा किसानहरू मुस्कुराउने छन् र आनन्द साथ जिवन बिताउने छन् । ऋण दलदलबाट छुटकरा सबैले पाउने छन् ।

मेरो सपनाको भरतपुरमा सबै प्राणीले स्वतन्त्र साथ सास फेर्न पाउने छन् । मानिसमा हराउदै गएको मानवता फेरि जाग्ने छ । भाइचाराको सम्बन्ध स्थापना हुने छ । मानिसमा मेलमिलाप, सहकार्य, सद्भाव, सहीष्णुता र एकताको वातावरण स्थापना हुने छ । मानिसहरू आफ्नै पसिनाको कमाईबाट बाँच्ने छन् । चोरी, डकैती फटाहा, शोषक, भ्रटचारी, हत्यारा, बलत्कारीहरूले डाँडा काट्ने छन् । सामाजिक विकृति र समस्या समाजबाट हट्ने छ । मेरो सपनाको भरतपुरमा युवायुवतीले मादक पदार्थ सेवन गरी बरालिदै हिड्ने छैनन् । सभ्य र सुसँस्कृत समाजको निमार्ण हुने छ, मानिसहरू मेहनती, परिश्रमी रबहादुर हुने छन् । मेरो सपनाको भरतपुर सपनामा मात्र सिमित रहने छैन । अब आउने दिनहरूमा मेरो भरतपुरको चौतर्फी विकास हुने छ ।

भरतपुर बस्ने मेरो सपना हो र यहाँ कला र संस्कृतिको विकासमा योगदान दिने मरो लक्ष्य रहेको छ । म यहाँ आफ्नो व्यापार खोलेर आत्मनिर्भर हुन चाहन्छु । यस स्थानका जीवन बिताउँदा स्वस्थ र शान्ति पूर्ण भविष्यमा निश्चित रूपमा सन्तुष्ट हुन चाहन्छु । मेरो सपनाको भरतपुरमा सबै मानिसले आफ्नो स्वर्णिम जिन्दगी बिताउन चाहनेछन् । जहाँ सबै जातजाती, धर्म, भाषा र संस्कृतिमा सहीष्णुता समन्वय र एकताको सहकार्य हुन्छ ।

मेरो सपनाको भरतपुरमा धेरै मानिसहरू विकासबाट वञ्चित रहनु पर्दैन । सबै ठाउँमा विकासको सम्भावना बढ्ने छ जस्तै सडक, यातायात, उद्योगधन्दा आदिको विकास गर्नु लगायत अझ पातलो बस्तीलाई फराकिलो बनाउने छौँ । सबै मानिसहरू इमान्दार सहयोगी र निःस्वार्थ भावना भएर अरूको जात, धर्म, लिङ्गमा भिन्नता नगरी आफ्नो मोहको भावना हटाएर सहयोग गर्नुपर्छ । यसो गर्दा भरतपुरको सबै मानिसहरूमा भरतपुरप्रति मोह जाग्ने छ र अस्वभाविक सहरी जनसङ्ख्या र प्रदुषण नियन्त्रण हुनेछ ।

भरतपुरमा रहेको बनजङ्गलहरूमा अनेक जडीबुटीहरू छन् । तिनको प्रशोधन गर्ने क्षमता हामीमा नभएका

कारण यहाँबाट सस्तोमा विदेश पुगेका मृत सञ्जीवनी जडीबुटीहरू प्रशोधन पछीको औषधि महँगो मुल्य तिरेर फेरि किन्नुपर्ने वाध्यता हामीलाई रहेको छ । एकातिर हाम्रो कतिपय प्राकृतिक सम्पदाहरू प्रयोगहीन भएका छन् भने अर्कातिर हाम्रो ऊर्जाशील जनशक्ति बेरोजगारीको भुङ्ग्रोमा पिल्सिएका छन् र मरुभूमिको तातोमा पसिना बगाउन विवस भएका छन् । आज मुट्ठीभर व्यक्तिहरूको स्वार्थका लागि प्रकृतिको दोहन हुन थालेको छ । तर मेरो सपनाको भरतपुरमा बनजङ्गलको जडीबुटीको उचित प्रयोग गर्नेछौं ।

भरतपुरमा बस्ने सम्पूर्ण बासिन्दाहरूले प्राकृतिक सम्पदाको संरक्षण गर्दछ । किनभने प्राकृतिक सम्पदा मानिसका लागि हो । भरतपुरमा सबै मानिसहरूले प्राकृतिक सम्पदाको उचित प्रयोग गर्दछन् । मुख्यत यसको प्रयोग मानिसले नै गर्ने हो । तर मानिस स्वार्थि, अदूरदर्शी तथा लोभी भएका कारण प्राकृतिक सन्तुलनमा खलल पर्न थालेको छ । बाढी, पहिरो, भूक्ष्य जस्ता समस्याहरू बढ्न थालेका छन्। मानिस स्वयंपनि प्राकृतिको एउटा अंश हो । प्रकृतिलाई जोगाउनु मानिसको परम कर्तव्य हो । प्रकृतिले मनुष्यको संरक्षण गर्छ । प्रकृतिमै जीवनको बीज अंकुराउँछ, फुल्छ र फल्दछ । हामी नेपालीहरू प्रकृतिपुजक हौं । हामी नदी, रूखबिरुवा तथा ढुङ्गा माटोमा ईश्वरीय बास देख्छौं । त्यसैले पनि प्रकृतिको संरक्षण गर्दै त्यसबाट आफ्ना आवश्यकताहरू पूरा गर्नु हाम्रो दायित्व हो । त्यसकारण मेरो सपनाको भरतपुरमा मानिसहरू प्राकृतिक सम्पदाको उचित प्रयोग गर्नेछन् र त्यसको संरक्षण पनि गर्नेछन् । मानिसहरू आफ्नो आवश्यक्ताहरू पूरा गर्न सक्छन् ।

बिहानै घामको पहिलो किरणले आकाश चुम्बन गर्दा भरतपुर चराचुरुङ्गीको धुन र स्थानीय परिकार पकाउने सडक बिक्रेताको सुगन्धले व्युँफन्छ । सहरका भीडभाड बजारहरू नेपाली संस्कृतिको समृद्धको झलक प्रदान गर्ने रङ्गहरूको क्यालिडोस्कोप बन्छन् । परम्परागत हस्तशिल्पदेखि सुगन्धित भरतपुरको हरेक कुनाले विगतलाई वर्तमानसँग जोडने कथा सुनाउँछ ।

भरतपुरको बिकास गर्न मानिसहरूको हाम्रो गौरव, हाम्रो शान र स्वाभिमान झनझन चुलिएझैं लाग्छ । देशको मानचित्रमा नियाल्दा मेरो भरतपुर सानो देखिन्छ तर यो सानो भैकन पनि आफैमा सिङ्गो ठाउँ हो । भरतपुरको प्रकृतिले देशकै सौन्दर्य खन्याएझै लाग्दछ । मलाई यस्तो सुन्दर ठाउँको सन्तति हुन पाएकोमा गर्व लाग्छ । मैले भरतपुरको विकास गर्ने स्वर्णिम सपना देखेको छु । निन्द्रामा देखिने कल्पनिय कुरा मात्र सपना होइन । भरतपुरको विकासको भविष्यप्रति म आशावादी छु ।

भोलिको आशामा नबस, मान्छेको भोलि कसले जानेको हुन्छ । भोलिको आशामा बस्नुभन्दा वर्तमान जस्तो छ त्यसमा चित्त बुझाउनुपर्छ । मानिसले भोलि अञ्जान र अकल्पनीय हुन्छ तैपनि भोलिको आशा नगर्ने हो भने मानिस बाँच्नै सक्दैन । मेरो सपनाको भरतपुरमा विसङ्गति र विकृतिले नेटो काट्नेछ, विनासभन्दा विकासको राजनीति हुनेछ । पक्षीहरू विलाप गर्दै चिरविराउने छैनन्, स्वतन्त्रतापूर्वक खुला आकासमा पखेटा फिजाउने छन् । मृगशावकहरूले घाँसेमैदानमा लुकामारी खेल्न पाउँछन् । अनुशासनको पाठ सबैले सिक्नेछन् । सत्ता समीकरणमा भन्दा विकासको समीकरणमा जोड दिइने छ ।

मेरो सपनाको भरतपुरमा निरअपराधीहरूलाई अपराधको दोष लाग्ने छैन । मानिसहरू स्वतन्त्ररूपमा हलगोरु नार्न पाउने छन् । खेतमा खेतालाहरूले आफ्नो कर्म गर्न पाउने छन् । दलित, निमुखा, दरिद्रहरूको भाग्यमा उज्यालो घाम लाग्नेछ । निरो र हिटलरहरूले पुनर्जीवन लिने छैनन् । भैंडीगोठमा भैंडा रम्ने छन् । चौरीखर्कमा चौरी डुल्न पाउने छन् ।

कतिपय मानिसहरू जात, धर्मको आधारमा भेदभाव गर्ने गर्छन् तर मेरो स्वर्णिम सपनाको भरतपुरमा कुनै पनि मानिसले को पहाडी को मधेसी सबैमा भातृत्व र बन्धुत्वको भावना मौलाउने छ । अधिकार र मर्यादितको लागि सकरात्मक खालको क्रान्तिको आवाज उठाउनु पर्दछ ।

मेरो सपनाको भरतपुरमा बाटो नपुगेको ठाउँमा बाटो पुग्ने छ । मोटर नपुगेको ठाउँमा मोटर पुग्ने छ । रोग,

भोक र शोकको सिकार कोही हुने छैन । स्वास्थ्य, शिक्षा, खानेपानी र बाटोघाटोको सुविधा सबैलाई हुनेछ। सबैको घरमा पानीको धारा जोडिने छ। हातहातमा मोबाइल, कम्प्युटर पुग्ने छ । बिजुलीको सुविधाले कुनाकुनामा पनि झलमल्ल उज्यालो भई लोडसेडिङको मार खेप्नु पर्ने छैन । रोगीले समयमा उपचार पाउने छन् । अन्धाले आँखा देख्ने अवसर पाउनेछन्, भोकाले भोजन पाउने छन्। नाङ्गाले न्यानो कपडाले आङ ढाक्ने छन् । अन्यायमा परेकाले न्याय पाउने छन्। निमुखा र लाटाहरूको ओठ खुल्ने छ। कुनै पनि गलत व्याबहारले मानिसको नराम्रो पक्षहरू टेलिभिजनको दृश्यमा नियाल्नुपर्ने छैन साथै समाचारका पृष्ठहरूमा पढ्नुपर्ने छैन । अपराधीलाई दण्ड र कर्मयोगीलाई पुरस्कृत गरिने छ । गोठाला र घाँसेहरू खुल्लारूपले आफ्नो गन्तब्यमा हिड्न पाउने छन् । सन्तान गुमाएर आँखाभरि आँसु टिलपिलाएका बुढाबुढीले पुत्रशोकको पीडा खप्नुपर्ने छैन। मेरो सपनाको भरतपुरमा युवाहरूले विदेशका गल्लीहरूमा झाडु लगाउने, भाडा माझ्ने, साहुमहाजनका श्रीमतीको फरिया धुने तथा दरवान, ढोको र नाङ्ग्रो बुन्नुपर्ने छैन। आन्दोलनको नाममा टायर बालिनेछैन, इँटा फालिने छैन। सडकमा श्रमबिना कसैले पनि प्रगती गर्न सक्दैन भन्ने अभिव्यक्ती सबैले आत्मसाथ गर्नेछन् र कर्ममा जुट्ने छन् । विमानस्थल पराईको गुलाम बन्न जानेको लागि काम लाग्ने छैन। काम, माम र दामको खोजीमा भौतारिनुपर्ने छैन। प्रत्येक मानिसको नसानसामा स्वदेशभक्ति सलबलाउने छ। यही माटो सुन फुल्ने छ फल्ने छ र सारा जीवन पाउने छ।

मेरो सपनाको भरतपुरमा कुनै गिद्धहरूको बास हुने छैन। कुनै पनि गलत मानिसहरूले आफ्नो शासन गर्ने छैन। इमान्दार र अनुशासन भएको मानिस मेयरको रूपमा भरतपुरको विकास गर्न सक्छन्। प्रत्येक घरघरमा शिक्षित मनुष्य भेटिने छन् । जो कोही पनि शिक्षाको न्यानो घामबाट बञ्चित हुनुपर्ने छैन। बौद्धिक वेश्यावृति हुने छैन । गाँउगाँउमा विद्यालय र महाविद्यालय खोलिने छन्। सबै युवाहरूले जीवनोपयोगी, प्राविधिक र व्यावसायिक शिक्षा आर्जन गर्न पाउनेछन्। पिछडिएका वर्गका मानिसहरूले निःशुल्क शिक्षा आर्जन गर्न पाउने छन् । सबै भाषा, जाति र पेसाको सम्मान हुनेछ । मेरो सपनाको भरतपुरमा रोजगारका लागि पराईको मुख ताक्नुपर्ने छैन। सडकपेटीमा बालबालिका वृद्धबृद्धा र अपाङ्गहरूको चित्कार सुन्नुपर्ने छैन। व्यक्ति मात्र धनी हुने होइन भरतपुर लगायत राष्ट्रलाई नै धनी बनाउनुपर्छ। हाम्रो स्वतन्त्रता माथि कसैले पनि औँला ठड्याउने आँट गर्ने छैन। धार्मिक सहीष्णुता र धार्मिक सम्प्रदायिक सद्भाव कायमै हुनेछ। कोही युवायुवतीहरू पनि कुलतमा फस्ने छैनन्। महिलाहरू हिंसाको सिकार हुने छैनन् । सबै क्षेत्रमा महिलाले पुरुष सरह हरेक क्रियाकलापमा सहभागी गराइने छ।

मेरो सपनाको भरतपुरमा पट्रोल, ग्यास, डिजेल र मट्टितेलको हाहाकार मच्चिने छैन, खाद्यान्नको सङ्कट कहिल्यै पर्ने छैन, मूल्य व्यवस्थापन भई कालाबजारीको अन्त्य हुनेछ। पराई भूमिका कोठीहरूमा हाम्रा चेलीहरूले आफ्नो अस्मिता बेच्नुपर्ने छैन । दलित, जनजाति गरिबीको रेखामुनि पिल्सिने छैनन्। कवि, कलाकार, शिक्षक र बुद्धिजीवीहरूको सम्मान हुने छ। श्रमिकले श्रमको मूल्य पाउने छन् । सिप र दक्षताको कदर हुनेछ । विदुवा नारीले पनि सम्मानका साथ आफ्नो जीवन निर्वाह गर्न पाउने छिन् । आजीवन तिरस्कार, मरेपछि पुरस्कार गरिने प्रथाले नेटो काट्ने छ।

मेरो सपनाको भरतपुरमा सुनदेखि नुनसम्मका लागि पराइको मुख ताक्नुपर्ने छैन । केन्द्रीकरणभन्दा विकेन्द्रीकरणमा जोड दिइने छ । जनप्रतिनिधिहरू चुनावमा मात्र गाउँमा झुल्किने छैनन्। कुनै कुराको निर्णय लिन पराईलाई गुहार्नु पर्ने छैन । नीति तथा कार्यक्रम बन्ने मात्र होइनन् कार्यन्वयन हुने छन् । समान सन्धि सम्झौतामा जोड हुने छ। आपराधिक क्रियाकलाप र घुस पैठकको अन्त्य हुने छ। घरघरमा शान्ति छाउने छ। भय र त्रासदीले सदाका लागि बिदा लिने छन्।

मेरो सपनाको भरतपुरमा साझा चाडपर्व र उत्सवहरूले सामुदायिक बन्धनलाई बलियो बनाउँछ। आतिथ्यताको न्यानोपन छिमेकीहरू बिचको सम्बन्धबाट फैलिन्छ। एक घनिष्ठ समाजको निर्माण हुन्छ। जहाँ सबै साथीहरू एक

अर्कामा परिचित हुन्छन् । यो एकताको स्रोत बन्छ र चुनौतीहरूको सामना गर्न लचिलोपनालाई बढुवा दिन्छ। भरतपुरको मुटुमा रहेको चितवन राष्ट्रिय निकुञ्ज प्रकृतिक संरक्षणमा सहरको प्रतिबद्धताको प्रमाणको रूपमा खडा छ। मेरो सपना भनेको आफ्नो प्रकृतिक बासस्थानमा स्वतन्त्र रूपमा घुम्ने राजसी गैडाहरू र घना पातहरूमा लुकेको मायावी बेङ्गल टाइगरको साक्षी हो। भरतपुरमा मानव र वन्यजन्तुबिचको मेलमिलापले दिगो सहअस्तित्त्वलाई प्रतिबिम्बित गर्दछ जुन विश्वको लागि प्रेरणाको रूपमा कार्य गर्दछ।

मेरो सपनाको भरतपुर एउटा सहरमात्र होइन, यो सपना र आकाङ्क्षा वा यहाको जनताले भरिएको एउटा जीवन्त अस्तित्त्व हो । यो एक ठाउँ हो जहाँ परम्परा र प्रगति एकताबद्ध हुन्छ। जहाँ विगत र भविष्य समय समयमा नित्य गर्दछ। जब म आँखा बन्द गर्दछु तब म लगभग मेरो सपनाको भरतपुरको मुटुको धड्कन सुन्न सक्छु । एउटा लय जसले आफ्नो सारमा जरा गाडेर विकास गरिरहने सहरको भावनालाई समेट्छ।

नारायणी नदीमा सूर्य अस्ताउदा परिदृश्यमा सुनौलो चमक छाएको छ । भरतपुर कहिलै नसुतेको सहरमा परिणत भएको छ। जीवन्त रात्रि जीवनले यसका मानिसहरूको गतिशीलता र ऊर्जालाई प्रतिबिम्बित गर्दछ । लोक सङ्गीतको लय परम्परागत नृत्यले घुमाउरोले एम्बुलेन्स सिर्जना गर्दछ। जुन स्फूर्तिदायी र मनमोहक दुबै छ।

सौन्दयताभन्दा बाहिर भरतपुरको मेरो सपनाले सामाजिक प्रगति समावेशितालाई समेट्छ । म एउटा सहरको परिकल्पना गर्छु जहाँ शिक्षा आशाको किरण हो। जसले प्रत्येक व्यक्तिलाई आफनो क्षमता पूरा गर्न सशक्त बनाउछ। खेल मैदानबाट हाँसोको गुञ्जन र कक्षाकोठामा बौद्धिक छलफलको गुञ्जनले भरतपुरका युवाहरूको उज्यालो भविश्य प्रतिज्ञा गरेको छ।

मेरो सपनाको भरतपुरमा कुनै पनि मानिस शिक्षाबाट  बञ्चित रहनु पर्ने छैन । सबैलाई शिक्षाको अवसर प्रदान हुने छ। शिक्षाले विषम परिस्थतिलाई सहज तुल्याउन सक्ने तथा समस्या समाधान गरी भरतपुरको विकासमा योगदान पुऱ्याउने काम गर्छ। शिक्षित व्यक्तिको जीवनशैली आर्कषक बन्ने तथा अशिक्षित व्यक्तिको जीवनशैली असहज बन्दछ । त्यसकारण कुनै पनि व्यक्तिको असहज जीवनशैलीको कारण बाटोबाटोमा भौतारिनुपर्ने बाध्यता हुनेछैन तसर्थ सबै व्यक्तिलाई शिक्षाको महत्त्वबारे जानकारी गराएर व्यक्तिलाई शिक्षाको अवसर प्रदान गर्नुपर्छ। शिक्षाले नै समाजको मुहार परिर्वतन गर्छ। शिक्षाले मानिसलाई कुनै पनि कार्य इमान्दार, अनुशासित भएर कार्य गर्नुपर्छ भन्ने चेतनाको वृद्धि गर्छ । मानिसले गर्दा भइरहेको अस्वाभाविक सहरीकरण, जनसङ्ख्या वृद्धि र प्रदूषण नियन्त्रण गर्न शिक्षाले सहयोग पुऱ्याउने छ। मानिसमा निहित बुद्धि र सक्षमताले आफूसहित सम्पूर्ण भरतपुरलाई विकसित गराउन सक्ने छन्।

अन्त्यमा भरतपुरमा मेरो सपनाले विशेष कार्यमा योगदान दिनुपर्ने कुरालाई समेटेको छ। यहाँको हरियाली वातावरण, सामाजिक विकृतिको अन्त्य भएको शिक्षित व्यक्ति, लगनशील, मेलमिलापको भावना जागृत भएको, एकताको वातावरण भएको, गलत विषयलाई निरुत्साहन गरिएको जस्ता कार्यहरू गरेर भरतपुरलाई आफ्नो राष्ट्रको मातृभूमिको गौरव संसारमा माझसम्म पुऱ्याउने छन्। भरतपुरको विकास गराउने मेरो मात्र सपना होइन यहाँ बस्ने हरेक बासिन्दाको सपना हो । भरतपुरलाई विकसित गराउनको लागि यहाँका प्राकृतिक र धार्मिक स्थलको सुरक्षा साथै आम्दानी खर्च गरेर पर्यटकहरूलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउनु पर्छ । यति कार्य गरेर मात्र भरतपुर सहरलाई विकसित गराउन सम्भव छैन अझै थुप्रै विकसित कार्यहरू गर्नुपर्छ। त्यसका लागि सबै मानिस  एकजुट भएर कार्य गर्नुपर्छ। तसर्थ मेरो सपनाको भरतपुर हरेक सामाजिक, आर्थिक, राजनैतिक हिसाबले भरिपूर्ण हुने छ। अन्याय र अत्याचारको अन्त्य हुने छ। मानिसका दुःख पीडा सबै नारायणी नदीले बगाएर लानेछ। मरो भरतपुर सुन्दर र सभ्य बन्नेछ । मेरो भरतपुरको विकास गर्ने सपना पूरा हुनेछ। भरतपुरको तीब्र विकास हुनेछ अवश्य पनि नयाँ बिहानीसँगैनयाँ युगको जन्म हुनेछ र मेरो सपनाको भरतपुर स्वर्णिम बन्नेछ।

**भरतपुर-५, चितवन**

卐

कथा

# भाग्यको कुरो

समीप खड्का*

भाग्यको कुरा गरौं, म बिलकुल भाग्यवादी मान्छे होइन। तर, जे-जे गर्छु सबै उल्टो मात्रै भइरहेको छ। भर्खरकै एउटा घटना वा दुर्घटनाबारे पढ्नुहोस् ल! पढिसकेपछि भन्नुहोस्, मलाई भएको के हो ? के समस्या मैसँग छ त ?

कथा लेख्दै थिएँ ! अचानक पात्रहरूलाई के भयो कुन्नि ! सबै पात्र प्रतिकारमा उत्रिए र नाराबाजी गर्न थाले।

पात्रको स्वतन्त्रता - जिन्दाबाद ! जिन्दाबाद !!
लेखकीय हैकम - मुर्दाबाद ! मुर्दाबाद !!
परिवर्तनलाई - स्वीकार गर् ! स्वीकार गर् !!
पात्रको एकता - जिन्दाबाद ! जिन्दाबाद !!

अरे ! के भइरहेको यो ? यस्तो बेला लेखकले के गर्नुपर्छ, म अलमलमा परेँ। एक छिनपछि सम्झाएँ तिनीहरूलाई। मैले भने, 'के-केमा चित्त नबुझेको हो ? बसेर वार्ता गरौं र सहमतिको विन्दु खोजौं न !' चित्त बुझाउन भरपूर कोसिस गरेँ। अहँ मानेनन्। मान्दै मानेनन्। केही सिप नलागेर पात्रै परिवर्तन गर्ने धम्की दिएँ। त्यसपछि त पात्रहरू झन् उग्र भए। र, अचानक गायब भए कथाबाट। पूराणका भगवान्‌हरूजस्तै तिनीहरू पनि एकाएक विलुप्त भए। सुरुमा अचम्मित भएँ। एक छिनपछि विस्मित ! के गर्ने, के नगर्ने ? दाँत झरेको थोते बृद्धजस्तै पो देखियो त मेरो कथा।

(पाठकवृन्द ! कल्पना गर्नुस् त, तपाईंले हेरिरहेका सिनेमाबाट अचानक पात्रहरू गायब भए के होला ? तपाईंले हेरिरहेको नाटकका पात्रहरूले लेखकले लेखेभन्दा फरक र आफ्नै मर्जीमा संवाद बोले के होला ? हो तपाईंले कल्पनै नगर्नुभएको घटना मैले त्यस दिन भोगेँ।)

आउनुहोस् कथा पढ्नुहोस् र मसँगै अचम्मित हुनुहोस्। तर, के कथा पढ्ने ? यो सबैभन्दा गम्भीर समस्या हो। कथै पूर्ण भएको छैन। अहिले कथामा पात्रै छैनन्। पात्रबिना यो कथा कसरी अगाडि बढ्ला ? कि पात्रबिनै पनि कथा लेख्न सम्भव छ ? र, यस्तो कथा पढ्दा पाठकले मलाई के भन्लान् ?

अब पात्रसँग वार्ता नगरी नहुने भो। कुनै न कुनै सहमतिको विन्दु त खोज्नैपर्यो। तर, वार्ता गर्ने कसरी ? कसले मध्यस्थता गरिदिन्छ ? तिनीहरू त अलप भए। मेरो सम्पर्कमै छैनन्।

(अहिलेसम्म कुनै लेखकलाई यस्तो भएको छ ? जहाँ लेख्दालेख्दै पात्रहरू गायब हुन्छन् वा भएका छन् ? कि कुनै पाठकलाई यस्तो भएको छ ? जहाँ पढ्दापढ्दै पात्रहरू हराउँछन् ! कथानक रिसाएर चुपचाप अन्तै हिँडिदिन्छ।)

आफैँलाई थकथकी लाग्यो। पात्रहरूसँग व्यर्थै कराएछु भन्ने लाग्यो। झडङ्ग रिसाउने आफ्नै बानीले आफैँलाई कति ठाउँमा धोका दिइरहेको छ। तर, के गर्नु ? नानीमा लागेको बानी गए पो ! पश्चात्तापले आफ्नै हत्केलामा थुकेर आफैँले निधारमा हिर्काउनुपर्ने बनायो। रिसाउनुअघि नै उनीहरूसँग चुपचाप वार्ता गरेको भए समस्या यो तहसम्म आइपुग्ने थिएन। कथा लेख्दालेख्दै रोकिएर अब मध्यस्थकर्ता खोज्नुपर्ने भो। कस्तो भाउँतो आइलाग्यो अचानक। मध्यस्थकर्तालाई आफ्नो कथाको सबै प्लट भन्नुपर्यो। लेख्दै गरेको कथाको प्लट भन्नु भनेको कोरा कागजमा दस्तखत गरेर दिएजस्तै होइन र ? आजकलको छ त्यति विश्वासिलो ? सबैलाई

* भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित **राष्ट्रिय खुल्ला कथा प्रतियोगिता** २०८० का उत्तम ठहरिएका कथाकार

नयाँ-नयाँ कथाको प्लट चाहिएको छ। उनीहरूले व्यर्थैमा मेरा लागि किन दुःख बेसाउलान् र ?
धेरैबेर सोचेँ।

लाग्यो- यो समस्या मेरो हो। आफ्नो समस्या आफैँ समाधान गर्नुपर्छ। हामी जहिल्यै आफ्ना समस्याको समाधान अरूबाटै खोजिरहेका छौं र अरूकै हातका पुतली भइरहेका छौं।

म लेखक हुँ। कसैको पुतली हुन चाहन्नँ। म भेट्छु आफ्ना पात्रहरूलाई। उनीहरूसँग बसेर कुरा गर्छु। आफ्नो कुरा राख्छु र उनीहरूको कुरा सुन्छु। एउटा निष्कर्षमा त कसो नपुगिएला ? वादे वादे जायते तत्त्वबोध :(प्रिय पाठकवृन्द ! के तपाईं पनि मसँगै मेरा पात्रहरूलाई सम्झाउन जानुहुन्छ ? जानेभए हिँड्नुहोस्। सँगै जाऔं। मसँग रिसाएर हिँडेका पात्रहरूलाई फकाइफुल्याई फिर्ता ल्याऔं र यो कथा पूरा गरौं। के फरक पर्छ र ? पहिलोपटक लेखक र पाठक मिलेर एउटा कथा पूरा गरौं। कथाको क्रेडिट पनि आधाआधा लिऔंला हुन्न ?)

तर, पाठकहरू मान्नुहुन्न। भन्नुहुन्छ- 'हामी बेकारमा किन दुःख गर्ने ? लेखक तपाईं, तपाईं नै दुःख गर्नुस्। क्रेडिट पनि तपाईं नै लिनुस्। हामी त कथा पूरा भएपछि एकैचोटि पढ्ने मात्रै हो !'

**पात्र १**

(हस्याङफस्याङ गर्दै हिँड्दै छु। स्याँ स्याँ बढीरहेको छ। फोक्सो मुखबाटै बाहिर आउलाजस्तो भइसक्यो। शरीर सबै पसिनै पसिना भइसक्यो। ऊ त्यो चौतारामा म आफ्नो पात्रलाई देखिरहेको छु। उत्तिनखेरै आफ्नो गतिलाई सकेसम्म बढाउँछु। पाठकवृन्द ! एक छिन धैर्य गर्नुहोस् र यो पात्रको भित्री कुरा थाहा पाउनुहोस्।)

खुसीको कुरा यो पात्रलाई बल्लबल्ल भेट्टाइयो। अब कथा थोरै भए पनि अगाडि बढ्ला कि ! तर, अचम्म ! पात्रको अनुहारमा लेखकप्रति बहुतै ज्यादा घृणा र अपमान देखिरहेछु। यो के भइरहेछ ? कि साहित्यमा पनि कलियुग आइसक्यो ?

लेखक भनेका पात्रहरूका जन्मदाता होइनन् र ? अनि आफ्ना जन्मदाताप्रति यति धेरै आग्रही किन भएँ म ? किन रिसाएँ ? गल्ती के भयो ? कहाँनेर भयो ? स्वयम्मा अचम्मित हुन्छु। लेखकलाई किन यति घृणा गर्नुपर्‍यो पात्रले ? लेखकले के बिगारेको छ ? उसले भन्न चाहेको कुरा कुनै न कुनै पात्रमार्फत् त भन्नुपरेन ? सबै पात्र यसै गरी रिसाएर विद्रोह गर्न थाले भने बरबादै हुन्छ नि ! भोलिका दिनमा अरू लेखकहरूले कथा, उपन्यास कसरी लेख्लान् ? पात्रबिना लेख्न सम्भव छ ? लेखक र पात्र त नङ-मासुजस्तै होइनन् र ? एकले अर्कोप्रति वैरभाव लिएर कसरी चल्छ ? खै एकअर्काप्रति सम्मान र विश्वासको भावना ? यो त ठुलो सङ्कटको कुरा हो। योभन्दा ठुलो लेखकीय सङ्कट के हुन सक्ला ? कि लेखनमा पनि सङ्कटकाल लगाउनुपर्यो अब !

एउटा लेखकका हिसाबले यस्तो अवस्था देखेर साह्रै नमज्जा लाग्यो हेर्नुस्। लेखक हुनुका नाताले मेरा पनि आफ्नै सीमितता छन्। नत्र तपाईंले भनेजस्तै म पनि यी पात्रहरूसँग अँगालो मारेर एक लट मजैसँग रुने थिएँ। आँसु झरेपछि मन-मस्तिष्क हलुङ्गो हुन्छ भन्छन्। के फरक पर्थ्यो ? उसै पनि म नरुने मान्छे होइन क्यारे ! अरूले देख्ने गरी रुने कि एक्लै भन्ने कुरा न हो !

तर, अब रोएर बस्न सम्भव भएन। पात्रलाई कथामा फर्काएर बाँकी कथा अगाडि बढाउनु छ र कथा टुङ्ग्याउनु छ। म लेखकीय उत्तरदायित्वबाट कसैगरी भाग्न र पलायन हुन सक्तिनँ। त्यसैले पात्रसँग संवाद गर्ने छु। उसको असन्तुष्टि के विषयमा रहेछ पत्ता लगाउने छु। र, त्यसको सम्बोधन गर्ने कोसिस गर्ने छु। तर, सुरुमै मेरो कथाकी पात्र मसँग रिसाउँछिन्। भन्छिन्, 'के पात्र, पात्र भनेको ? मेरो नाम छैन ? तपाईं नाम लिएर बोलाउन सक्नुहुन्न ? तपाईंलाई मेरो नाममा त्यत्रो के प्रोब्लम छ हँ ? मेरो नाम तपाईंले पूरै सम्मानका साथ लिनुपर्छ, बुझ्नुभो। त्यस्तो पनि के लेखक, जसले आफ्नै कथाको पात्रलाई सम्मान गर्न सक्तैन, उसले अरूलाई के सम्मान गर्ला ?' म अचम्मित हुन्छु। मैले अहिलेसम्म नसोचेको कुरा मेरो पात्रले

सोचिरहेको रहेछ।

भन्छु, 'ओके सरी ! सम्झनाजी, तपाईं मेरो कथाको एक प्रमुख पात्र हुनुहुन्छ। ल भन्नुस् तपाईं किन रिसाएर हिँड्नुभयो लेख्दालेख्दैको मेरो कथाबाट ?

भन्छु, 'ओके सरी ! सम्झनाजी तपाईं मेरो कथाको एक प्रमुख पात्र हुनुहुन्छ। ल भन्नुस् तपाईं किन रिसाएर हिँड्नुभयो लेख्दालेख्दैको मेरो कथाबाट ? केही गल्ती भए क्षमायाचना गर्छु। आफ्नै कथाको पात्रसँग माफी माग्न केको लाज ?'

'माफी त तपाईंले मसँग मात्रै होइन, सबैसँग माग्नुपर्छ। के सोच्नुहुन्छ हँ तपाईं आफूलाई ? के सोच्छन् हँ आजकलका लेखकहरू ?', कथाकी पात्र सम्झनाको रिस चरमचुलीमा थियो।

'अरे ! किन सबैसँग माफी माग्ने ? सम्झनाजी मैले त तपाईंलाई मेरो कथाको पात्र भनेर सम्मान गरेको। अरूसँग मैले किन माफी माग्ने ? तपाईं त झन् सम्मानको बदलामा मेरो अपमान पो गर्दै हुनुहुन्छ। अब के म बाटामा भेटिएजति सबैलाई हात जोडेर प्लिज मलाई माफ गर्नुहोस् भन्दै हिडूँ ?'

'हेर हेर लेखकीय अहङ्कार बोलेको ! यस्तो अहङ्कार लिएर हिँड्ने लेखकसँग मेरो कुनै कुरै हुँदैन। यस्ता अहङ्कारी लेखकले के खास लेख्लान् र ?, ' सम्झनाजी बहुतै रिसाउनुहुन्छ। मैले भनेँ, 'हेर्नुस् सम्झनाजी ! मैले केही अहङ्कार प्रदर्शन गरेको छैन। आफ्नै तनाबमा छु। लेख्दालेख्दैको कथाबाट सबै पात्र एक्कासि उठेर हिँडिदिए। किन हिँडे मलाई कारण पनि थाहा छैन। उनीहरूलाई के भनेर सम्झाऊँ ? कसरी कथा पूरा गरौं, सोचेरै पागल भइसकेँ। त्यहाँमाथि तपाईं उल्टो तनाब दिइरहनुभएको छ। प्लिज भन्नु न सम्झनाजी। मेरो गल्ती के हो ? किन रिसाएर कथै छोडेर हिँड्नुभो ?'

सम्झनाजीको रिस अझै मरेको छैन। हामी उनको रिस शान्त हुने समयको प्रतीक्षामा छौं। के बोल्ने के ? म लेखक नै यसबेला असमञ्जसमा छु।

यो एक छिनको मौन अवस्थालाई सम्झनाजीले नै ब्रेक थ्रु गरिन्। भनिन्, 'हेलो लेखकज्यू ! के रे नाम तपाईंको ? शैलेन्द्र ? तपाईं कथामा हामीजस्ता पात्रलाई सधैँ किन विभेद गर्नुहुन्छ हँ ? हामीले तपाईंको के बिगारिदिएका छौं ? तपाईं आफ्नो कथालाई चर्चित बनाउन, पाठकको वाहवाही कमाउन किन हामीलाई नै छान्नुहुन्छ ? लाज लाग्दैन तपाईंलाई ?'

म भन्छु, 'मैले कुरै बुझिनँ सम्झनाजी ! अलि स्पष्ट पारेर बताइदिनुहुन्छ कि ! मैले त कहिल्यै कसैलाई भेदभाव गरेँजस्तो लाग्दैन।'

'कुरा स्पष्टै छ नि ! समाजले वास्तविक जीवनमा जजसलाई हेपेको छ, कमजोर बनाएको छ, तपाईं तिनैलाई कमजोर पात्रका रूपमा चित्रण गरिरहनुभएको छ। तपाईंलाई कथामा रुन्चे पात्र चाहिए महिला ल्याउनुहुन्छ। फोहोरी पात्र चाहिए दलित ल्याउनुहुन्छ। तपाईंका साहित्यमा कहिल्यै दलित पात्रले शानदार भूमिका निर्वाह गरेका छन् ? तपाईं साहित्यमा पनि दलितलाई कमजोरै देखाउन चाहनुहुन्छ होइन ? तपाईं लडभीड गर्ने पात्र चाहिएबहादुर ल्याउनुहुन्छ र त्यसको ओठमा कालो जुङ्गा लाइदिनुहुन्छ। के जुङ्गा नहुनीले लड्दैनन् ? तपाईं जनजातिको योगदानलाई किन बिर्सनुहुन्छ वा लुकाउन चाहनुहुन्छ ? राजराजेश्वरीको कथा सुन्नुभएको छैन ? अनि तपाईंलाई कथामा पढेको पात्र चाहिए बाहुन खोज्नुहुन्छ। सेम योर स्टोरी एन्ड योर क्यारेक्टरर्स। तपाईंका यस्ता विभेदपूर्ण चरित्रचित्रण गरिएका भावुकताका वा कुण्ठाका पुलिन्दा पढेर पाठकले आफूलाई किन विकृत बनाउने ?'

म बिस्तारै भन्छु, 'सम्झनाजी ! यसमा मेरो केही दोष छैन। म त यही समाजका कथा लेख्छु। यहाँ जस्तो पात्र भेट्छु, तिनीहरूलाई नै कथामा प्रस्तुत गर्छु। मभन्दा अगाडिका लेखकहरूले पनि यसै गरे। म एक्लैले चलिआएको ट्रेन्डलाई कसरी परिवर्तन गर्न सक्छु ?' सम्झनाजी तत्काल प्रतिवाद गर्नुहुन्छ। भन्नुहुन्छ, 'सबैले म एक्लैले गरेर के हुन्छ, मैले मात्रै चलिआएको ट्रेन्ड कहाँ परिवर्तन गर्न सक्छु र भनेर पूरानै कुरा लेख्ने हो भने समाज कहिले परिवर्तन हुन्छ ? अनि त्यही बासी कुराका लागि तपाईंले लेखेको साहित्य किन पढ्ने ? हेर्नुस् मलाई एकदमै दुःख लागेको छ, तपाईं

र तपाईंजस्ता कथित लेखकहरूका साहित्यमा पात्रको रूपमा प्रयोग हुनुपरेकोमा ।'

'तपाईंजस्तै लेखकहरूले जहिल्यै हामीलाई विभेद सहेर चुपचाप बसिरहने निष्क्रिय पात्रका रूपमा देखाइरहे। कमजोर, अशक्त, अरूले दया-माया गरिदिनुपर्ने, क्षमताविहीन पात्रका रूपमा मात्रै हामीलाई देखाएर तपाईंहरूले आफू शक्तिशाली भएको महसुस गरिरहनुभएको छ ? यही कारण पीडित, उत्पीडितहरूले जहिल्यै आफूलाई दीनहीन पात्रको रूपमा देखिरहे। पढ्नेले पनि त्यस्तै पात्रका रूपमा मात्रै पढिरहे। सदियौंदेखि हरेक लेखकले म र मजस्ता पात्रमाथि यस्तै विभेद गरिरहे। समाज परिवर्तन भयो। राजनीतिक व्यवस्था फेरियो । नयाँ संविधान बन्यो। तर, अहँ लेखकहरूको मानसिकता परिवर्तन भएन। अरूलाई परिवर्तन हुनुपर्छ भनेर उनीहरूले अनेक शैलीमा उपदेशात्मक कुरा लेखिरहे, तर आफू परिवर्तन भएनन्। आफ्नो लेखाइ परिवर्तन गरेनन् । यस्तो गलत डिस्कोर्सको निर्माणमा तपाईं लेखकहरूको पनि शासकहरूको जत्तिकै हात छ बुझ्नुभो ! अब हामी तपाईंको कथामा त्यस्तो दीनहीन पात्रका रूपमा आउँदैनौं। कि त हामीलाई विद्रोही पात्रका रूपमा देखाइयोस्। अत्याचारविरुद्ध लड्ने पात्रका रूपमा देखाइयोस्। अब रोनाधोनाको भूमिका हामीलाई अस्वीकार्य छ।'

म निःशब्द भएँ। हो मैले कस्तो गल्ती गरिरहेको रहेछु। मभन्दा मेरा कथाका पात्र ज्यादा सचेत रहेछन् । आफैंले गरेको गल्ती सम्झेर आफैंलाई हीनताबोध भयो । भनेँ, 'ठिक छ सम्झनाजी ! तपाईंले मेरो लेखनीको गम्भीर गल्तीलाई औंल्याइदिनुभयो। अब म सचेत छु यस्ता विषयप्रति। अब मबाट यस्तो कुनै किसिमको गल्ती हुनेछैन। एउटा लेखकले गल्ती स्विकारेपछि दिएको वचन हो यो । अब तपाईं फर्किनुस् मेरो कथामा। म तपाईंको आत्मसम्मान र अन्य सारा कुराको ख्याल राखेर लेख्नेछु आइन्दा ।'

सम्झनाजी कथामा पात्रको रूपमा फर्किएर आउन राजी भइन। अब अरू पात्रहरूलाई पनि फकाउनु छ। एउटै पात्रले त कथा कसरी अगाडि बढ्ला र ?

**पात्र २**

मेरो कथाको अर्को पात्र हुनुहुन्छ- पप्पु यादवजी। उहाँले त अचम्मै गर्नुभयो भन्या। पात्रका रूपमा एउटा संवाद दिन्छु, उहाँ अर्कै बोलिदिनुहुन्छ। कति सम्झाएँ, कथा अनुसार तपाईंले बोल्नुपर्ने संवाद यस्तो हो भनेर। तर, उहाँ त्यसलाई पूरै बेवास्ता गर्नुहुन्छ। लेखकका नाताले अलि कडिकडाउ कुरा गर्न पनि सक्तिनँ। कडिकडाउ कुरा गर्दा के हुन्छ ? अगाडि सम्झनाजीले पूरै बताइसक्नुभएको छ मलाई। अब के गरूँ ?

कथामा पप्पुजीले बोल्नुपर्ने संवाद यस्तो थियो-

'समग्र मधेस एक प्रदेश
मधेसी मधेसी एक हौं
धोती लाउनेबाहेक जान्दैनौं, टोपी लाउने मान्दैनौं' तर, पप्पुजी यो संवाद बोल्दै बोल्नुहुन्न। उहाँ संवादलाई आफ्नै मर्जीमा परिवर्तन गर्दै बोल्नुहुन्छ। ल भन्नुहोस् त पाठकवृन्द ! यस्तो तालले कथा कसरी अगाडि बढ्छ ? पात्रले मनपरी बोलिदिएर हुन्छ त ?

पप्पुजी माथिको संवादलाई यसरी बोल्नुहुन्छ-

'हिमाल पहाड मधेस, सिङ्गो नेपाल देश
जो जहाँ जहाँको भए नि नेपाली नेपाली एक हौं
धोती लाउने, टोपी लाउने, मैथिली बोल्ने, भोजपुरी बोल्ने, नेपाली बोल्ने, नेवारी बोल्ने, जो-जो जे-जे भए पनि आफ्नो पहिचानसहित सारा नेपाली एक हौं।'

म पप्पुजीलाई सम्झाउँछु, 'पप्पुजी यो संवाद तपाईंको होइन। यो संवाद त तुलसी रिमाल र अजय श्रेष्ठका लागि तयार पारिएको हो। तपाईं अरूको संवाद बोलिदिएर कथालाई किन बिगारिरहनुभएको छ? प्लिज त्यसो नगरिदिनुस् र तपाईंको भागमा परेको संवाद बोलिदिनुस्।' पप्पुजी बहुतै रिसाउनुहुन्छ। भन्नुहुन्छ,

' तपाईं आफ्नो औकातमा बस्नुहोस् महोदय ! भाग लाउने तपाईं को ? के सोच्नुहुन्छ हैं आफूलाई ? तपाईं लेखक हो भन्दैमा मनपरि लेख्न र रुचिअनुसार डिस्कोर्स बनाउन स्वतन्त्र हुनुहुन्न बुझ्नुभो। तपाईं जहिल्यै यी र यस्तै ननसेन्स डाइलग बोल्नुपर्यो भने किन हामीजस्तो पात्र खोज्नुहुन्छ हैं ? कथामा देशद्रोही

पात्र चाहिए, नेपाली राम्रोसँग बोल्न नजान्ने पात्र चाहिए कालो वर्ण खोज्नुहुन्छ। यो देश तपाईंको मात्रै हो ? अलि गोरो छाला, चुच्चो नाक र नेपाली भाषा बोल्नेले मात्रै बनाएको, जोगाएको हो देश यो ?'

'ए...खाली सिसी, पुराना कागत...आयो आलु, प्याज, भन्टा, मुला, टमाटर...यस्ता डाइलग चाहिए हामीलाई सम्झिने ? पात्र हामीलाई राख्ने ? श्रम गर्नु नराम्रो हो ? मासु र रक्सीमा भोट बेच्ने पात्र चाहिए हामीलाई सम्झिने ? छोरी, चेलीबेटी बेच्न पछि नपर्ने तिमीहरूले हामीलाई सम्झाउने ? भाग् बे ! अहिलेसम्म क-कसले नदी बेचे, स्वाभिमान बेचे र कसले सीमा जोगाए, हामीलाई थाहा छैन ? हामीले सीमा जोगाएका कथा लेख्दा तिमीहरूको कलम किन काँप्छ ? अब तिमीहरूले निर्माण गरेको झूटको डिस्कोर्स पुरानो भइसक्यो। बन्द गर यस्ता बकबास खेतीहरू।

आफ्नै पात्रले अश्लील गाली गर्‍यो यार! बहुतै अश्लील ! लेखक हुनु पनि कुनै कोणबाट सजिलो रहेनछ। फेरि सबै बिर्सिएर पप्पुजीले भनेको कुरामा विचार गरेँ, यो झनै संवेदनशील विषय रहेछ। मैले किन कहिल्यै यो कोणबाट सोचिनँ ?

पप्पुजीलाई केही उत्तर दिन भ्याएकै थिइनँ। फेरि सुरु भइहाले, 'हामीलाई विखण्डनवादी नारा जबर्जस्ती बोल्न लगाएर तपाईंहरू आफू देशभक्त देखिने ? नेपाली बोल्नेलाई मात्रै नेपाली ठान्ने तपाईंहरू हानिकारक मान्छे हो। धोती लाउने जति आयातित होइनन् त, तपाईंको विचारमा ? भुँडी लागेका पैसावाल तपाईंलाई मारवाडी लाग्छन्, सम्मान गर्नुहुन्छ। गरिब श्रमिक तपाईंलाई बिहारी लाग्छन्, ओ भैया भन्नुहुन्छ। तपाईंको सम्बोधनमै, लवजमै हामीप्रति घृणा छ बझ्नुभो ! म आफैंलाई घृणा गरिएको संवाद किन बोलूँ ? यस्तो संवाद तपाईंकै छरछिमेक, इष्टमित्र, साथीभाइलाई बोल्न लगाउनुहोस्। तपाईंको डिस्कोर्सले मात्र देशको परिभाषा र परिचय अर्थ्याउँदैन महोदय! यत्ति कुरा बेलैमा बुझिराख्नुस्। अब यसमा कुनै सम्झौता हुँदैन।' गल्ती मेरै थियो, त्यसैले गल्ती सुधार्नुभन्दा अर्को कुनै विकल्प मसँग थिएन। अर्को अचम्म भयो। पात्रहरूसँग गफ गरेर फर्किएको थिएँ। कथानक नै गायब छ। साँच्चै, के भइरहेछ आजकल ?

मेरो दिमागमा अघिसम्म सलल बगिरहेका ती कथाका प्लट एकाएक कता गायब भए ? अचानक कसले फर्म्याट गरिदियो मेरो मस्तिष्क ? अब ती पात्र कसैगरी फर्किहाले पनि म अब के कथा लेखूँ ? कसरी लेखूँ ? सोच्नुस् त ! एउटा लेखकलाई योभन्दा चरम दुःख अरू के हुन सक्छ ?

अब फेरि कथा खोज्न हिँड्नुपर्ने भो। मेरो लेखनीमाथि कसले गरिरहेछ योजनाबद्ध आक्रमण ? किन गरिरहेछ ?

चिन्ता लिनुभन्दा म कथानक खोज्न हिडेँ। सहरभन्दा पर एउटा भट्टीमा रक्सी पिइरहेको इतिहासलाई भेट्टाएँ। मेरो मस्तिष्कमा आएको इतिहासको कथा भट्टीभित्र भटमाससँग लोकल ठर्रा पिइरहेको थियो।

भट्टीमा धेरै कुरा मिल्छ भन्छन्। आफ्नो कथानकलाई फकाउन मैले पनि एक ग्लास मगाएँ। इतिहासले एकपटक घुरेर हेर्‍यो। र, पूरै इग्नोर गर्‍यो।
'के भयो ?, ' मैले नै सोधेँ। सोध्नुपरेन र ?
'यो के खालको जोर जबर्जस्ती हो ?, ' इतिहास पूरै कड्कियो। 'किन र ?,' म थप नम्र बनेँ।

'म अब नलेखिने कसैको कथामा। तपाईंकामा मात्रै होइन, म अब अरू लेखकका‌मा पनि लेखिन्नँ।'
'लेखकहरू ! आफ्नो स्वार्थअनुसार, अनुकूलता हेरेर मलाई लेखिरहन्छन्।

बाङ्गिँदा-बाङ्गिँदा, भाच्चिँदा-भाच्चिँदा म इतिहास कम, आख्यान ज्यादा भइसकेँ। पुग्यो अब। ममाथिको तिमीहरूको मनलाग्दी अब चरमचुलीमा पुगिसक्यो। के तिमीहरूसँग इतिहासको सही पुनर्लेखन गर्ने र त्यसलाई सही ढङ्गले आख्यानीकरण गर्ने क्षमता छ ? छैन भने किन बकबास काम गरिरहेका छौ ?'

त्यस दिन इतिहास मसँग नराम्ररी रिसायो। भन्यो- 'अन्यत्र हेर। कति गर्व गर्छन् आफ्नो इतिहासमा। लेख्नै परे पनि कति सुन्दर, शानदार र भव्य तरिकाले लेख्छन् उनीहरू। तिमीहरू इतिहास लेख्ने नाममा कुण्ठा लेख्छौ। घृणा लेख्छौ। नभए प्रशंसा र स्तुतिगान

लेख्छौ। तिमीहरूको लेखाइले त लाजले पनि आफ्नो मुख ढाक्ला सायद।'

बढो झुर भयो। इतिहास कसैगरे पनि कथामा फर्किन मानेन। इतिहासलाई छोडेर म अब पौराणिक र मिथकीय कथाकहाँ पुगेँ। उनीहरू कुनै पहाडको टुप्पामा बसेर सुदूर क्षितिजतर्फ हेर्दै टोलाइरहेका थिए। उनीहरूले त मेरो प्रणामको जवाफ पनि नफर्काई उल्टै मैलाई थर्काए। 'किन आउनुभएको तपाईं ? गइहाल्नुस्। किन हाम्रो पिछा गरिरहनुभएको ? हामी शान्तसँग बस्न चाहन्छौं आफ्नै संसारमा। हामीलाई लेखिनु छैन तपाईंहरूजस्ता आडम्बरी लेखकको आख्यान र गैरआख्यानमा। हाम्रा कुरालाई आफ्ना बनाएर लेख्नुहुन्छ र हामीमाथि नै मजाक गर्नुहुन्छ। के हामी तपाईंहरूका खेलौना हौं ? खबरदार! यो हामीलाई कदापि सह्य छैन।'

पौराणिक र मिथकीय कथाहरू त झन् घनघोर रिसाए। कहीं कतै केही सिप नलागेपछि म वर्तमानमा ओर्लिएँ, समसामयिक कथाहरू खोज्न। तर, समसामयिक कथाहरूको ताल देखेर म छक्क परेँ। यिनीहरू त कुनै अस्पतालका मानसिक वार्डका बिरामीजस्ता पो भेटिए।

- राजनीतिक कथाहरू विभिन्न वादका खोल ओढेर, विभिन्न पार्टीका झन्डाहरू समातेर जिन्दाबाद-मुर्दाबादका नाराहरू लगाइरहेका थिए।
- मनोवैज्ञानिक कथाहरू युवतीहरूका स्तन, नाभि, कम्मर, नितम्ब आदिको वर्णन गर्दै एकआपसमा सम्भोगमा लिप्त थिए।
- प्रगतिशील कथाहरू सिरक ओडेर रक्सी खाइरहेका थिए। लेख्दा नारा लेखिरहेका थिए। एकअर्कामा हिलो छ्यापाछ्याप गरिरहेका थिए।
- पहिचानका कथाहरू जात, क्षेत्र, लिङ्ग, धर्मका आडमा छेकिएर एकअर्कामा ढुङ्गा हान्दै थिए।
- द्वन्द्वका कथाहरू कतै गोली चलाइरहेका थिए। कतै घाउको पीप निचोरिरहेका थिए। कतै प्राडो, पजेरो चढी आलिसान महलमा पुगेर जुँगामा ताउ दिइरहेका थिए।

  साहित्यमा यो जत्तिको कुरूप दृश्य सत्ते मैले यसअघि कतै देखेको थिइनँ।

...

पात्रहरू एकातिर छन् र कथानक अर्कैतिर। के लेख्ने ? कसरी लेख्ने ?

(प्रिय पाठकवृन्द ! म यहाँ तपाईंसँग माफी चाहन्छु। मैले तपाईंलाई कथा सुनाउन सकिनँ। मेरो कथाका पात्रहरू र कथानक अहिले निकै गम्भीर मनोदशामा छन्। कथानक र चरित्र सही फेला पर्यो भने जरुर हामी फेरि एउटा सुन्दर कथा लेख्नेछौं, पढ्नेछौं। आउनुहोस् त्यो सही समयको प्रतीक्षा गरौं।)

**बेथान-२, रामेछाप**

卐

गीत

# हाम्रो भरतपुर राम्रो भरतपुर

**पुण्यप्रसाद ओली 'सरोज'***

सभ्यताको विहानी – हाम्रो भरतपुर
संस्कृतिको निशानी – राम्रो भरतपुर।

राष्ट्रिय निकुन्ज, पोखरी, ताल जङ्गलको सफारी,
उर्वर जमिन, अन्नको भण्डार हो हाम्रो चिनारी
शिक्षा, स्वास्थ्य, खेलकुद, उद्योग विकासको लहर,
नारायणी किनार, भरतपुर नगर, सूरक्षित सहर।

धरतीको स्वर्ग हो, हाम्रो भरतपुर,
पर्यटनको केन्द्र यो, राम्रो भरतपुर।

देवघाटधाम, विक्रमबाबा वैदिक तपोभूमि
प्रकृति र संस्कृतिको सङ्गम यो स्वसभूमि,
आधुनिक छ रहन सहन मौलिक जनजीवन
अतिथिलाई आदर गर्ने भरतपुर चितवन।

सुन्दरताको खानी हो, हाम्रो, भरतपुर
दुई आँखाको नानी हो, राम्रो भरतपुर।

卐

निबन्ध

# मेरो सपनाको भरतपुर



स्वस्तिक शर्मा*

मेरो सपनाको भरतपुर नेपाल संसारका कुनाकन्दरा सबै डुलें, समुन्द्रको गहिराइ अनि पहाडका चुचुरा सबै नापे । मेरो सपनाको भरतपुर खोज्न म संसारभित्र भित्रै डुले, आखिर मेरो सपनाको भरतपुर आफूभित्रै भेटे ।।

संसारका सबै यावत प्राणीको आफ्नो आफ्नै सपना हुन्छ । सपना बिहीन त केवल निर्जीव वस्तु मात्र हुन्छ । हरेक प्राणी सपनामा रम्नको लागि एक सुन्दर निन्द्राको आवश्यकता पर्दछ त्यस्तै जस्तो मेरो सपनामा मेरो सपनाको भरतपुर छ ।

मेरो सपनाको भरतपुर स्वर्गभन्दा कमी हुने छैन । सम्पूर्ण ठाँउ बहुमूल्य वस्तुबाट सुशोभित हुनेछ र कुनै पनि वास्नाको लागि कस्तुरी झै भौतारिनु पर्दैन । मेरो सपनाको भरतपुरमा विकासको गति वसन्त ऋतुको महकोचाका जस्तोर विकासको लागि जनता वसन्त ऋतुको माधुरीका जस्तो गीतमा लागे छन् अनि यहाँका ग्रहहरू स्वर्गका जस्ता चार द्वार हुनेछन् । मेरो सपनाको भरतपुरमा वनजङ्गल अहिलेको जस्तो नभएर स्वर्गका बगैंचास्वरूप सुगन्धित हुनेछ ।

मेरो सपनाको भरतपुरमा मानव जातिमा अहिले जस्तो जातभातको स्वरूप नभई जम्मा दुई जातले राज्य व्यवस्था चल्नेछ । मेरो सपनाको भरतपुरमा आजको समय सूचक रक्तसञ्चारसँग जोडिने छ र आजको वायु भोलिको प्राण अनि आजको वृक्ष भोलिको सञ्जिवनी हुनेछ ।

मेरो सपनाको भरतपुरमा विकासको गति हावाको चाल समान हुनेछ । यहाँका शासक राजा दशरथ र रामचन्द्र जस्ता हुनेछन् अनि जनता गौतम बुद्ध जस्ता र व्यापारी रामशाहको जस्ता गुण भएका न्यायका मूर्ति हुने छन् । मेरो सपनाको भरतपुरमा कोही भोकले मर्ने छैन । सम्पूर्णमा खाद्यन्नको मिटर हुनेछ । आजको यी घोच्ने काडाँ भोलिका गुलाफ हुने छन् । आजको खोला नाला भोलि अमृत बन्ने छन् आजका विद्यालय भोलिका मन्दिर बन्नेछन आजका शिक्षक भोलिका देवता र आजका विद्यार्थी भोलिका भक्तजन बने छन् र मेरो सपनाको भरतपुरमा आजका चोरफतहा भोलिका साधुजन हुने छन् । मेरो सपनाको भरतपुरमा कोही नाटकी चाटकीको रूपमा फस्ने हैन अनि कोही वेश्यालय र अनाथालयमा बिल्ला भिर्नु पर्ने हैन ।

आजका तिर र चौबाटाका ढुङ्गा भोलिका शालिग्राम शीला बने छन् । मेरो सपनाको भरतपुरमा डाक्टर भावी हुने छन्, भाषा वाणी हुने छन् अनि गाली अर्ति समान हुनेछन् । विकासको लागि सम्पूर्ण जनता कतिबद्ध शुत्रमा बाँधिने छन् अनि विकासको गति हावाको गति जस्तो हुने छ । मेरो सपनाको भरतपुरमा युवा धुरवतारा हुने छन् आफू बलेर समाजलाई उज्यालो छर्ने सामर्थ्य राख्ने छन् । मेरो सपनाको भरनपुर मानव जाति बनि हैन बुद्ध बन्न, क्रिस्चियन छैन जिसस बन्नु, नियालन केलाउन अनि आत्मसाथ गर्ने सक्ने महामानव बन्नेछन् । मेरो सपनाको भरतपुरमा परोपकार पुण्डाय ः पापाय परपीडनम्नको भावनालाई आत्मसाथ गरिने छ ।

मेरो सपनाको भरतपुरमा चोर पुलिस भन्ने कोही हुने छैन, न्यायको लागि कुनै न्यायलयहरू हुने छैनन् । सबै जनता वर्दीबिहीन पुलिस बन्ने छन् अनि सम्पूर्ण घर, टोल, समाज न्यायलय बन्ने छन् । मेरो सपनाको भरतपुरमा पर हाप्ता दिन र १२ घण्टा रात हुने छन् २४ सैं घण्टा अनकण्टार ठाउँमा प्रकाशका रश्मि रहनेछन् अनि सम्पूर्ण वसन्ती धुनमा गुनगुनाउन माधुर्यामा रम्न

** भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानद्वारा **मेरो सपनाको भरतपुर** शीर्षकमा आयोजित चितवन जिल्लास्तरीय निबन्ध प्रतियोगिता २०८० मा प्रोत्साहित निबन्धकार*

अनि मुस्कुराउन पाउनेछन् । मेरो सपनाको भरतपुरमा विज्ञानले भौगोलिक सिमाना मात्र हैन प्रत्येक व्यक्तिको छातीको सिमाना पनि नप्ने छन् । आजका यन्त्र भोलि गुणगानसँग मिल्दाजुल्दा हुने छन् । हिमालका सेता दन्ते लहर चाँदी चमक दिने छन् । पहाडको गर्भमा हिराका ज्वला जन्मनेछन ।

२०२८ वर्ष अगाडिसम्म दुवैईको शेख मोहम्मद बिन रसिद अलसँग दिमागमा घुम्दै गरेको आधुनिक दुवैईको खोलाबाहेक केही थिएन । प्राकृति स्रोतको नाममा एक थोपा पनि थिएन, एक थोपा तेल थिएन, नत रूख थिए नत अन्य कुनै खनिज केही थिए । त सपना थियो, दुवैईलाई नम्बर एकमात्र सहरको रूपमा विकास गर्ने ।

साथसाथै सामूहिक तरकारी खेती तथा पशुपालन, नगदेबाली तथा फलफूल खेती, बाटोघाटोलगायत महानगरले निर्माण नगरी नहुने भौतिक संरचनाको निर्माणकार्य, काष्ठकला तथा शिल्पकला, गलैंचा तथा राडीपाखी उत्पादन कार्य, होटल तथा पर्यटन क्षेत्रलगायतका धेरै कार्यहरूमा युवाहरूलाई सामूहिकरूपमा परिचालन गर्न सकिन्छ । युवाहरूलाई जति व्यस्त बनाउँदै लगियो उतिनै मात्रामा महानगर पनि सक्षम हुँदै जान्छ भने विकृति एवं विसङ्गति पनि क्रमशः न्यून हुँदै जानेछन । यसका लागि महानगरले लगानीका लागि अवसर पनि सिर्जना गर्नुपर्दछ तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय लगानीको लागि उचित कानुनसँगै लगानी मैत्री वातावरण तयार पार्न पनि सक्नुपर्दछ ।

"बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाइ खुर्पाको बिंड" भने झै हामीले प्राकृतिक स्रोतसाधनको यथेष्ठ मात्रामा सही सदुपयोग गर्न सकेका छैनौं । प्रकृतिको अनुपम उपहार हाम्रालागी सुनौलो अवसर हो । यस उपहारको समूचित ब्यस्थापन एवं उपयोग अझ हाम्रा लागि लागि सुवर्ण मार्ग बन्न सक्तछ । हामीलाई प्रकृतिले के पो दिएको छैन र हामी पिछडिएका छौं त? प्रश्न यहाँनेर छ । प्राकृतिक स्रोतको सही उपयोग गरी विश्वका कयौं देशहरू विकासमा फड्को मार्न सफल भएका छन । मलेसियाले आफ्नो जङ्गलबाटै व्यापक लाभ लिन सफल छ भने भारतले फलामखानीको उपयोग गर्दै फलाममा आफ्नोदेशलाई आत्मनिर्भर मात्र नभई विश्व बजारमा पनि भारतमा उत्पादित फलामकै वर्चस्व छ । छिमेकी मुलुक पाकिस्तान छालाजन्य पदार्थको माध्यमद्वारा विश्व बजारमा उपस्थिति जनाएको छ भने नजिकैको छिमेकी देश भुटान जलविद्युत र वनपैदावरको माध्यमद्वारा आर्थिक वृद्धि हासिल गर्न सफल छ । यी त केही उदाहरण मात्र भए । अब भनौं हाम्रोमा प्राकृतिक सम्पदाको कुनै कमी छ र? मात्र इच्छाशक्ति र दूरदर्शिता चाहिन्छ यी प्राकृतिजन्य वस्तुहरूबाट लाभ लिनको लागि र यसका लागि चाहिन्छ सबैभन्दा पहिला राजनैतिक स्थिरता, स्पष्ट विधान अनि सख्त कार्वान्यनको प्रतिवद्धता ।

मेरो सपनाको भरतपुरमा कोही पीडाले रन्थनिएर तपतप आँसु चुहाउने छन्, आतङ्कका कालो बादल मडारिने छैन् असमानताको बाढी हुनेछैन, सङ्गतमा किटाणु फैलिने छैनन् दर्दनाक स्थितिमा रहने छैन । विकासको लहरसँग स्वर्गको अनुभूति हुने छ, स्वदेशको ताकट विदेशी भूमिमा खर्चिनु पर्ने छैन्, महानगरले आफ्नो काया फेर्न सक्ने छ र महानगर सत्यम्, शिवम् सुन्दरम्को आदेशमा पल्लवित हुने छ । मेरो सपनाको भरतपुरमा लुतपात, गुण्डार्गदी, बलत्कार जस्ता सामाजिक अपराधको स्थान हुने छैन, सम्पूर्ण जनता स्वतन्त्र रूपमा रहने छन्, र सत्य युगको बास्ना छरिने छ । सामाजिक कुसंस्कार, अन्धविश्वासको अन्त्य हुनेछ अनि मानवता मुखमा होईन आत्मा र मनमा लागु हुने छ ।

मेरो सपनाको भरतपुरमा शान्तिले छाउने छ । शान्तिको दीप प्रज्वलित गराउन भट्याउन खेल्न पर्ने छैन पहिचान आफै मुस्कुराएर र मौलाएर आउने छ । कसैले कसैको पहिचान देखाउनु पर्ने छैन पहिचान आफैमा फक्रने छ । मेरा सपनाको भरतपुरमा मूलुकको गर्भभिन्न लुकेर रहेका खनिजपदार्थको सही पहिचान हुनेछ र जन्माइने छ, समग्र महानगरको आर्थिक, शैक्षिक र संस्कृतिमा उन्नतिका लागि रथमा महिला पुरुषका पाङ्ग्रा बनाई हाँकिने छ । मेरो सपनाको भरतपुरमा

रूखको हरेक छहारीमा, हावाको हरेक झोकाम फूलको हरेक थुङ्गामा उज्यालो कथा बोकेका हुनेछ । अनि सम्पूर्ण महानगरबासी एकलब्य हुनेछन् । सृजनामा रङ भरिने छन् कमल फूल्ने हिलोमा शान्तिको बिउ छरिने छन् ।

भरतपुर चिया गफको लागि प्रसिद्धी छ, यो मेरो मान्या हो । कार्यालय भन्दा कपी सप र चिया पसलमा धेरै भिड देख्न सकिन्छ । एक कप चिया अनि लामो गफ...............भरतपुरकै विशेषता हो । जो बाट म पनि सन्तुष्टि छैन तिमी र उनी पनि सन्तुष्टि छैन । अनि त्यही चिया गफमा निस्केका युरोपका गफ, दुवैई र अमेरिकाको गफ ।

कहिलेकाही आफ्नो सहरको गफ यस्तै भैदिएको भए मेरो महानगर.. त्यो डट डटमा छुपेका कयौं योजनाहरू उपन्यासका लेखकले गरेका कल्पना भन्दा कम लाग्दैन । हलिउडका फिल्मा देखिने सुकिला मुकिला दृश्य भन्दा भिन्न लाग्दैन । अनि यस्तो भैदिए मेरो सहर भन्दै अन्तिम चियाको घुडकी संगै सकिदै जान्छन् । तर पनि कहिलेकाहीँ त्यो चिया गफले पनि कति सकारात्मक सन्देश, समय सापेक्ष विचारहर सृजित भेटिंदा रहेछन् ।

म चाहन्छु मेरो सहर, मेरो महानगर, मेरो भरखपुर रात्रीकालिन सहर भैदियोस् जहाँ उज्याला, चम्किला बैजनी रङ्गले सहरलाई सजाईएको होस् । सडक छेउमा पैदल यात्री, सडकमा चिल्ला गाडी । सहर भन्दा केही किलोमीटरमा ठुला औद्योगिक प्रतिष्ठान । नगरभरी सरकारी तवरबाट ठुला बस सेवाहरू सञ्चालित हुनेछ जसको स्मर्त काडद्वारा भुक्तानी हुनेछ । जसले गर्दा नगर देखि छोटी दूरीको यात्राका टाङ्गाको आधुनिकीकरण गरिनेछ, जसले आन्तरिक तथा बाहिरए पर्यटनलाई आकर्षित गर्नेछ । नगर भित्र चल्ने अटो, रिक्सा तथा साना ठुला मिनि तथा माइक्रोबस विस्थापित गरिने छ ताकी भरतपुर सहर विश्वमान चित्रमा एउटा पर्यटन गन्तव्यको रूपमा विकास गर्न सकियोस् ।

के सकिएला त भरतपुरलाई यसरी विश्वमान चित्रमा पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न ? सोध्नेले पाक्कै सोधने छन्, के छ र भरतपुरमा एउटा देवघाट मन्दिर बाहेक । केही आशावादी व्यक्तित्व हुनुहुन्छ भने भन्नु होला कि नजिकै चितवन राष्ट्रिय निकुञ्ज छ । अलिक टाढा गए पनि माडी, बन्दीपुर छ। तर ती सबै भरतपुरले आशा गर्ने

ठाउँ मात्रै हुन् । ती ठाँउले विकास नगर्दा सम्मको लागि मात्रै हुन् । म त भरतपुरमै अनेक सम्भावना देख्दछु । म घुमेको मुलुक भारतले जसरी पर्यटनको क्षेत्रमा विकास गर्‍यो । म पुगेको भारतको हैदराबादले जसरी आफूलाई स्थापित गर्‍यो । त्यसरी नै भरतपुरले आफूलाई पर्यटन र औद्योगिक वा अन्य कुनै एक क्षेत्रमा आफूलाई रूपान्तरण गर्नुपर्ने छ । स्थापित गर्नुपर्ने छ ।

भरतपुरसँग त इतिहास छ । भौतिक तथा प्राकृति स्रोत तथा साधन छ । जमिन छ । पानी छ । अर्गानिक पर्यटन सहरको रूपमा बिकास गर्न सक्ने आधार छन् । हामीसंग हाती संस्कृति रहेका छन् । पोसाल र चाडपर्व छन् । यिनै कुराहरू विश्व मानचित्रमा भरतपुर भनेर चिनाउने काफी छ । भरतपुरको सारथी थाने छन् । माडि र गैंडाकोट माडी ओर्गनिक कृषि सहरले चिनिने छ । गैडाकोट औद्योगिक नगरले चिनिने छ । यसैले अत नयाँ शोक र भिजनको आवश्यक छ भरतपुरको लागि । जसले भरतपुरलाई नयाँ परिचय दिन सकेको होस् ।

हैदराबादले आफूलाई आइटी हबको रूपमा स्थापित गर्न सक्छ, दुवैईले विश्व पर्यटनमा आफ्नो एकछत्र राज गर्न सक्छ, मकाउले क्यासिन खोलेरै आफुलाई विश्वमाझ चिनाउन सक्छ भने भरतपुरले किन सक्दैन ? सकिन्छ भन्ने आधार हामीसगँ छन्, बस जिम्मेवारीमा बसेकाले देख्नुपर्‍यो ।

भरतपुरले नसक्ने केही छैन तर भरतपुरले आफ्नो धरातललाई मिलाउनुपर्ने छ, सम्याउनु पर्ने छ र मात्र जग हाल्न सक्षम हुने छ । भरतपुर टालटुल परेका सडक, अव्यवस्थित बजार तथा पार्किङ, छाडा चौपाया, पोलहरमा झुन्डिएका आव्यवस्थित तारहरू र लगातार गाइरहेने बत्ती कस्ता साधारण तर जटिल समस्या समाधान गर्नेतर्फ ध्यान दिने हो भने भरतपुरले आफ्नो

पहिचयानको लागि गन्तव्य कोर्न सक्ने आधार पक्कै तय गर्न छ।

मैले मेरो महानगरमा देखेको प्रमुख समस्या पनि यही नै हो । हामीले काम गर्छौं तर गर्नकै लागि मात्रै गर्छु कि भन्ने आभास हुन्छ। हामीले हरेक कार्यमा उत्कृष्ट दिनसक्नु पर्छ। के मानमा भरतपुर आउने? के मानेमा भरतपुर फरक? के मानेमा भरतपुरमा दुई दिन अनि दुई रात बिताउने ? त्यसको उत्तर भरतपुरले दिन सक्नुपर्छ । अनि मात्र मैले देखेको भरतपुर, तिमीले देखेको भरतपुर र उसले देखेको भरतपुर बन्ने छ।

मेरो सपनाको भरतपुरमा विकासको राजनीति हुने छ । प्रजातन्त्र बादरको हातमा नरिबल जस्तै हुने छैन। जनताको आस्था र विश्वास जितेर निर्वाचित प्रतिनिधिहर व्यक्तिगत चिन्तन अनि सीच बात माथि उठेर स्वच्छ र विकासिल राजनितिक अभियानमा सलग्न हुने छन् । जीवनोपयोगी प्राविधिक व्यवसायिक शिक्षा आर्जन गरेका मानिसहर आत्मानिर्भर बन्ने छन्। महानगर जाति शान्ति र अध्यात्मिक शिक्षाको आलोक विश्वभर फिजाउन उद्यत रहनेछन्। शान्तिको सञ्जीवनी फैलने छ र विश्वबन्धुत्वको भावनालाई दिन अघि बढाउने छ।

मेरो सपनाको भरतपुरमा वीरबीरङगनाहरूले पुर्नजन्म लिनेछ र यहाको माताबाट नयाँ जानकी हिउबाट पासाङ, नालापानीबाट बलभद जन्मने छन् । मेरो सपनाको भरतपुरमा श्रमको उचित सम्मान हुने छ। हरेक पेसालाई उच्च सम्मान दिइने छ। जनताले त्रासबाट मुक्ति पाई शान्ति र चालकासाथ जीवनयापन गर्न पाउने छन् ।

मेरी सपना, मेरी सोचाइ हो, चिन्तन ही, सङ्घर्ष हो, समर्पण हो र लक्ष्य हो । मेरो सपना भनेको मेरो भरतपुरको सुनौलो भविष्यको सुन्दर विपना हो। त्यसैले मेरो भरतपुरको बारेमा मैले देखेको यो सपना वर्तमान भरतपुरलाई सुन्दर र समुन्नत राष्ट्रका रूपमा रूपान्तरित गर्ने सामूहिक अठोट एवम् प्रतिबद्धता कै प्रतिविम्ब हो।

**भरतपुर-५, चितवन**

卐

## भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानबाट प्रदान गरिने विभिन्न पुरस्कारका लागि कृति आह्वान सम्बन्धी सूचना !

भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानले भरतपुर महानगरपालिका वा चितवन जिल्लालाई आधार बनाई यहाँको भाषा-साहित्य, कला-संस्कृति, ऐतिहासिक, पुरातात्त्विक क्षेत्रमा खोज, अनुसन्धान, अन्वेषण गरी प्रकाशित भएका, उत्कृष्ट ठहरिएका मौलिक कृतिलाई नगद राशि रू पचास हजार अठहत्तरसहित एक जनालाई **चित्रवन प्रज्ञा पुरस्कार**, काव्य, आख्यान, नाट्य र निबन्ध विधाका उत्कृष्ट ठहरिएका मौलिक साहित्यिक कृतिलाई विधागतरूपमा अलग-अलग एक-एकजना गरी चारजनालाई प्रतिस्रष्टा नगद राशि रू पच्चीस हजार अठहत्तरसहित **भरतपुर प्रज्ञा पुरस्कार** र नारी स्रष्टाहरूले प्रकाशन गरेका जुनसुकै विधाका कृतिहरूमध्येबाट उत्कृष्ट ठहरिएका मौलिक साहित्यिक कृतिलाई नगद राशि रू पच्चीस हजार अठहत्तरसहित एकजनालाई प्रदान गरिने गरी **वागीश्वरी प्रज्ञा पुरस्कार** स्थापना गरिएको बेहोरा सहर्ष जानकारी गराउँछौं।

उपर्युक्त पुरस्कारहरू मध्ये **चित्रवन प्रज्ञा पुरस्कार**का लागि नेपालभरका जो कोही स्रष्टाका २०८० मा प्रकाशन भएका र **भरतपुर प्रज्ञा पुरस्कार** र **वागीश्वरी प्रज्ञा पुरस्कार**का हकमा भरतपुर महानगरवासी स्रष्टा स्वयम् वा प्रकाशकले सम्वत २०८० सालमा प्रकाशन भएका ३ प्रति पुस्तक २०८१ मंसिर मसान्तसम्ममा प्रज्ञा-प्रतिष्ठानको सचिवालयमा आइपुग्ने गरी दर्ता गराउनु हुन आह्वान गरिन्छ ।

तोकिएको समयभित्र दर्ता भएका पुस्तकहरू मूल्याँङ्कन समितिको सिफारिसलाई आधार मानी प्रज्ञा-प्रतिष्ठानको प्राज्ञ-परिषद्ले सिफारिस गरी महानगरको निर्णयबमोजिम पुरस्कृत कृतिको घोषणा गरिनेछ। र पुरस्कार प्रदान गरिने मिति र कार्यक्रम पछि जानकारी गराइनेछ।

**थप जानकारी तथा समन्वयका लागिः**

सदस्य सचिव श्री बालकृष्ण थपलिया

मोवाइल नं. ९८४५०५११२७, ईमेल :pragyapratisthanbhr078@gmail.com

निबन्ध

# मेरो सपनाको भरतपुर



हरिप्रसाद तिवारी रवि*

गोलाकार भकुण्डोको कुनै केन्द्र हुँदैन तर एउटा जुनसुकै बिन्दुलाई लिएर नाप्दा पनि त्यो केन्द्र बनिदीन्छ। "मेरो सपनाको भरतपुर" पनि संसारकै केन्द्रविन्दु हो। किनकि भरतपुरसँग मेरो सम्बन्ध जन्मजात रूपमा जोडिएको छ। यो सम्बन्ध नङ र मासुको जस्तै अन्योन्याश्रित छ। दुधबाट सेतोपना, रगतबाट रातोपना अनि बोट-विरुवाबाट हरियोपना अलग गर्न सम्भव होला तर मबाट भरतपुरसँगको सम्बन्ध अलग हुन सक्दैन। मैले तोतेबोली बोल्न थालेदेखि नै "भलतपुल" भन्ने गर्थें। पछि क-ख पढ्न थालेपछि अनि अक्षर चिन्न थालेपछि मात्र थाहा भयो कि भलतपुल होइन भरतपुर, नालनघात होइन नारायणघाट, नालायनी होइन नारायणी रैछ। तातेताते हिँड्न थालेदेखि नै पाइला टेकेको, धुलोमैलोमा लडिबुडी खेलेको अनि लुकामारी खेलेको ठाउँ हो। त्यसैले मेरो कल्पनामा, मेरो भावनामा अनि मेरो सपनामा खेलिरहन्छ-रमाइरहन्छ यो भरतपुर। मेरो सपनाको भरतपुरमा म जति रमाउँछु यो सहर पनि मेरो सपनामा त्यतिकै रमाउँछ। तर मेरो परिकल्पनामा यो केवल गाउँ-ठाउँ र सहरमात्र नभई एउटा साम्राज्य हो, मेरो भावनाको साम्राज्य, अनि मेरो परिकल्नाको संसार। आज म संसार देख्नसक्ने भएको छु, संसारका कुनाकाप्चा पुग्नसक्ने भएको छु। यो सबै भरतपुरकै देन हो, वरदान हो।

मेरो देश नेपालकै आधारभूमिको रूपमा रहेको तराई अन्तर्गत पर्ने चितवन जिल्लाको सदरमुकामको रूपमा रहेको छ भरतपुर। केवल जिल्ला सदरमुकाम मात्र होइन देशकै प्रमुख सहर हो यो। त्यतिमात्र होइन असामान्य विशेषता बोकेको छ यसले। सातमध्ये पाँच प्रदेश, पचपन्न भन्दा बढी जिल्ला, सयौँ स्थानीय तह र हजारौँ वडा अनि लाखौँ गाउँ-टोलहरूलाई देशको राजधानीसँग जोड्ने प्रवेशद्वार वा मुलढोका हो यो। पूर्वमेची-पश्चिम महाकाली, तराई-मधेस अनि कर्णालीलाई केन्द्रसँग जोड्ने कडी हो यो। त्यसैले नेपालको लागि खुट्टाको गोलीगाँठो समान छ भरतपुर। कसै-कसैले देशको मुटुसँग तुलना गर्ने गरेको मेरो सहरलाई म त्यतिमै सीमित राख्दिन देशको मेरुदण्ड पनि हो, आधारस्तम्भ हो। देशभरको बहुविविधतालाई समेट्ने यो सहरले अठहत्तरौँ जिल्लाको पहिचान समेत बनाएको छ। पूर्वमा रत्ननगर नगरपालिका, पूर्वोत्तरमा कालिका नगरपालिका र उत्तरमा इच्छाकामना गाउँपालिकासँग सिमाना जोडिएको यो सहर पश्चिमोत्तरमा देवघाटधाम (गण्डकी प्रदेशको तनहुँ जिल्ला) तथा त्रिशूली नदी, पश्चिममा नारायणी नदीले गण्डकी प्रदेशकै नवलपुर जिल्लासँग सिमाना छुट्याएको छ भने पूर्वदेखि दक्षिणपूर्व हुँदै दक्षिणपश्चिमसम्म चितवन राष्ट्रिय निकुञ्ज तथा ठिक दक्षिणमा माडी नगरपालिका रहेको छ। प्राकृतिक तथा सांस्कृतिक सम्पदाले परिपूर्ण रहेको यो सहर आर्थिक, सामाजिक, भौतिक र प्राविधिक दृष्टिले समेत तिव्र गतिमा विकसित भइरहेको छ। तर यत्तिमै सीमित राख्नु छैन मेरो भरतपुरलाई अनि मेरो सपनाको भरतपुरलाई, विश्व-ब्रह्माण्डकै नमूना सहर बनाउनु छ।

दामोदरकुण्डदेखि आएकी कालीगङ्गा यहिँ आएर ठोकिन्छिन् अनि कैलाश पर्वतदेखिको लामो यात्रा पार गरेकि त्रिशूली पनि यसैमा जोडिन्छिन्। दुवैलाई मिलाएर नारायणी बनाईदिन्छ मेरो भरतपुरले। अनि पावनभूमी हरिहरक्षेत्र अर्थात् देवघाटधाम तुल्याईदिन्छ। परापूर्वकालदेखि नै धार्मिक तथा सांस्कृतिक आस्थाको धरोहर बनाई अटल रूपमा राखिदिएको छ। भगवान् विष्णु एवं श्रीकृष्ण (हरि) तथा भगवान् शंकर (हर) को दुर्लव मिलन गराईदिएको यो स्थान अलौकिक (दिव्य) मात्र नभई अनुपम समेत रहेको छ। शालिग्राम कुँद्ने विश्वकै एकमात्र नदी कालीगङ्गाको पवित्र

* भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानद्वारा **मेरो सपनाको भरतपुर** शीर्षकमा आयोजित चितवन जिल्लास्तरीय निबन्ध प्रतियोगिता २०८० का सर्वोत्कृष्ट निबन्धकार

जलले सबको पाप पखालिदिन्छ । अनि भगवान् शंकरको त्रिशुलबाट जन्मिएको त्रिशुलिले त्यो पापलाई बगाइदिन्छ। दुवैको संगमले परिपूर्ण बनेको नारायणी मेरो भरतपुरको काखैबाट बग्दछ। हिमाल, पहाड, पाखा-पखेरा र डाँडा-काँडा चहारेर ल्याएको चिसो हावाले तराईजस्तो गर्मीमा पनि सितलता छरिदिन्छ । छेउमै सजिएको वाल्मिकी आश्रमले रत्नाकरजस्तो डाकुलाई ऋषि (वाल्मिकि) बनाइदिएको प्रतीत हुन्छ। त्यसैले मेरो लागि अयोध्या नगरी पनि यही हो, जनकपुधाम पनि यही हो। मेरो सपनाको भरतपुर तीर्थराज हो, प्रयाग हो। गंगा-जमुना र सरस्वति जस्तै कालि-त्रिशुलि र नारायणी यहीँ छन् । कालीगङ्गाले ल्याएको मुक्तिक्षेत्रको जल सतोपन्थको जलभन्दा कम छैन। त्यसैले त मेरो भरतपुर कुनै चारधामभन्दा कम छैन।

हराभरा चारकोशे झाडीयुक्त चित्रवनलाई आफ्नै छत्रछाँयामा सूरक्षित राखिदिएको छ मेरो भरतपुरले। त्यही चित्रवन भरतपुरकै अभिन्न अङ्ग बनेर चितवन राष्ट्रिय निकुञ्ज कहलाउँछ अनि विश्वसम्पदा बनेर संसारभर सुवास फैलाउँछ। जसले केवल नेपाल र नेपालीको मात्र होइन सारा विश्वको ध्यान आकर्षित गर्दछ। साल, सिसौ, खयरजस्ता बहुमूल्य रूखहरूद्वारा सुसोभित जङ्गलमा प्रकृतिप्रेमिहरू, वातावरणविज्ञहरू अनि पथ-प्रदर्शक तथा पर्यटकहरू वन विहार गर्न लालायित हुन्छन्। धार्मिक भावमा रमाउनेहरू श्रीकृष्णको वृन्दावन, गहवरवन तथा निधिवनको स्मरण गर्दछन्। यस्तो भयावह जङ्गलमा पाण्डवहरूले बाह्र वर्ष अनि राम-लक्ष्मणले चौध वर्ष कसरी गुजारेहोलान् ! त्यो चित्रकुट जङ्गलको याद पनि दिलाईदिन्छ । चुरेडाँडा अनि हरियाली पहाडहरू गोवर्द्धन पर्वतभन्दा कम छैनन्। सिङ्गो नेपालमा पाइने आधाभन्दा बढी चराका प्रजाति यहीँ पाइन्छन् । हात्ती-गैडा अनि पाटेबाघले मदमत्त तालमा लडिबुडि खेल्ने ठाउँ यहि हो । जहाँ हरिण, मृग, रतुवा, कृष्णसार, बँदेल, अजिङ्गर, घडियाल र गोहिजस्ता जनावरहरू लुकामारी खेल्ने गर्छन् । यति ठुलो सहरको नजिक यस्तो घनाजङ्गल अनि हजारौँ वन्यजन्तुको सूरक्षित बासस्थान सारा जगतमै कहाँ पाइन्छ र ? त्यसैले त मेरो भरतपुर अद्वितिय छ। आकर्षणको केन्द्र छ, दिन-प्रतिदिन आगमन बढीरहेको छ।

जनसङ्ख्याको चाप बढेपनि कान्तिपुरी नगरी जस्तो साँघुरो छैन मेरो भरतपुर। फराकिलो भूगोलका साथै विशाल हृदय अनि ठुलो सम्भावना पनि बोकेको छ। यहाँको भूगोलमा काठमाण्डौँजस्ता कैयौँ सहरहरू अटाउन सक्छन् । औद्योगिक-व्यापारिक दृष्टिले राजधानीभन्दा कत्ति पनि कम छैन। अरू सहरहरूको विकासलाई हेर्ने हो भने सयौँ वर्षको परिश्रम पनि जोडिएको हुन्छ तर मेरो भरतपुरको त्यति लामो इतिहास छैन । घना जङ्गलको छेउ अनि नारायणी किनारको फाट्टफुट्ट बस्ति हेर्दाहेर्दै वेलुन फुलेजस्तै भरिभराउ सहर बनेर खडाभयो। बस्तिबाट गाउँ, गाउँबाट सहर, सहरबाट नगर हुँदै महानगर बनिसकेको छ। छेउबाटै बग्ने नारायणीको जलविहारले फेवाताल अनि नैनीतालको याद भुलाइदिन्छ, यस्तो आनन्द पाएपछि गंगाको नौका पनि किन चाहियो र ? किनारै किनारको पदयात्रा अन्नपूर्ण पदमार्ग भन्दा कम छैन। नारायणीको साथमा पूर्वबाट राप्ती पनि सूनमा सुगन्ध थप्न आइपुग्छ । त्यतिमात्र होइन बिसहजारी ताल, राइनोताल र बाटुलि पोखरी पनि तैनाथ छन् । जलबिरे झरनाले तराईबाटै उच्च पहाडको याद दिलाईदिन्छ।

ऐतिहासिक दरबारको रूपमा दियाले बंगला, कसरा दरबार, उपरदाङगढी, कविलासपुरगढी सुसोभित छन् भने धार्मिक स्थलहरू विक्रमबाबा तीर्थस्थल, सितामाई, धनगाढा, गणेशधाम, बागेश्वरी, महाबौद्ध गुम्बा इत्यादी रहेका छन्। यी सबको के ? कसरी ? वयान गर्नु कलमको मसि सकियला तर वर्णन गरेर कहिल्यै सकिँदैन। त्यतिमात्र होइन मानव निर्मित सम्पदाको पनि कुनै कमि छैन। भरतपुर कभर्ड हल, भरतपु महानगर प्रज्ञा प्रतिष्ठान; शिक्षाको क्षेत्रमा नेपालको एकमात्र कृषि तथा वन विज्ञान विश्वविद्यालय, कलेज अफ मेडिकल साइन्स, बालकुमारी कलेज, वीरेन्द्र बहुमुखी क्याम्पस; स्वास्थ्यको क्षेत्रमा मेडिकलसिटि, वि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर अस्पताल, भरतपुर आँखा अस्पताल, चितवन मेडिकल कलेज जस्ता स्वास्थ्य संस्थाले भरिभराउ रहेको छ । कृषि उत्पादनको क्षेत्रमा चिरपरिचित अन्नको भण्डार हो । प्राचिन कालदेखि नै तोरीखेतीमा प्रख्यात यस ठाउँमा च्याउखेति र केराखेति समेत गरिन्छ। त्यसका अलावा गाईपालन, मौरीपालन, माछापालन, कुखुरापालन पनि गरिन्छ। अण्डा उत्पादनको दृष्टिले एग बास्केटको

उपमा पाएको छ। यसै स्थानमा नेपाल कृषि अनुसन्धान परिषद् क्रियासील रही विभिन्न अध्ययन, अनुसन्धान तथा खोजमूलक कार्यहरू गर्दै आएको छ।

पछिल्लो समयमा बढ्दै गइरहेको अव्यवस्थित सहरीकरणले नारायणी र राप्ती, बाग्मती र विष्णुमतिमा परिणत हुनसक्ने खतरा बढ्दै गएको छ। बाग्मति र विष्णुमति होइन मिसिसिप र मिसौरी बनाउनु छ। खेतीयोग्य जमिनको विनास गरी घर-घडेरी र इट्टाभट्टीमा परिणत गर्ने कार्य दिनानुदिन बढ्दै गएको छ। जुन कार्य सुन्दर भविष्यको लागि कालोधब्बा बन्नसक्छ त्यसैले कृषिमा आधुनिकिकरण र कृषकलाई प्रोत्साहन गर्नु आवश्यक छ। राष्ट्रिय निकुञ्जको अवैध चोरी-सिकारी र तस्करी अनि बजार क्षेत्रको कालोबजारी र ठगिधन्दा जस्ता कार्यमा तुरुन्त निगरानी र नियन्त्रण हुनु अपरिहार्य छ। योजनाबद्ध विकासका कार्यहरू अगाडि बढ्न नसक्दा त्यत्तिकै छरपस्ट देखिन्छ त्यतातिर पनि सरोकारवाला निकायले ध्यान दिनु जरुरी छ। विकास निर्माणका क्षेत्रमा लामो समयदेखि व्याप्त रोग हो असारे विकास। स्पष्ट कार्यतालिका बनाएर सिलसिलाबद्ध रूपमा विकासका कार्यलाई अगाडि बढाउनु अनिवार्य छ। चारकोसे झाडी र चुरेक्षेत्रमा दिनानुदिन भइरहेको आक्रमणबाट सुरक्षा प्रदान गर्नु पनि अत्यन्त आवश्यक छ।

मेरो भरतपुर राजधानीकै मूलढोका बनेर खडा नभइदिएको भए के थाहा ? आज हाम्रो देश रसातलमा भासिने पो थियो कि ? पूर्वको छिमेकी देश सिक्किम हेर्दाहेर्दै अर्कै देशको प्रान्त बन्यो अनि पूर्वि पाकिस्तान छुट्टै देश (बंगलादेश) बन्यो। यत्तिकैमा हाम्रो सुस्ता गुम्यो, कालापानी, लिपुलेक, लिम्पियाधुरा र टनकपुर जसरी नै देशका अंग-प्रत्यङ्गहरू लुछिदै-लाछिदै जान के बेर लाग्थ्यो र ! संकटको समयमा मूलढोका बनेर पहरेदारी गर्ने देशकै ढाल हो, तरवार हो मेरो भरतपुर। पुर्खाहरूको सुरता-विरता अनि त्यो खुकुरी, त्यो राष्ट्रभक्तिको प्रतिबिम्ब पनि हो। देशभरका कुनाकाप्चाहरूलाई राजधानीसँग जोडिदिएर नजिक पारिदिने सहजकर्ता हो, मध्यस्थ्यकर्ता हो मेरो भरतपुर। यसको छातिबाट जाने पूर्व-पश्चिम राजमार्गले हिमाल, पहाड र तराईलाई आपसमा जोडिदिन्छ। पुर्वी नेपाल र पश्चिम नेपालको मिलन गराइदिन्छ अनि कर्णाली र मधेसबिचमा पनि सिधा सम्पर्क गराइदिन्छ। पुर्वी तथा पश्चिमी पहाडबाट रक्सौल र रूपैडिया ओर्लिएर उकालो चढ्दै राजधानी पुग्नुपर्ने बाध्यता भरतपुरको जन्मसँगै सकिएर गयो। यसैको शिरबाट जाने उत्तरबाहिनी सडक (नारायणगढ-मुग्लिन) त्रिशुलिको किनारै किनार हुँदै राजधानी चढ्छ। सडक यातायातको दृष्टिले देशकै मुटु हो मेरो भरतपुर। देशका सबै भू-भागहरूलाई एउटै धागोमा बाँध्ने नेपालरूपी फूलमालाको गाँठो हो भरतपुर। सबै नेपाली अनि विदेशीको नजर पर्छ यहाँ, पाइला पर्छ यहाँ, हरियाली बगैँचाको सुन्दर फूल बनि बस्न मन लाग्छ यहाँ। त्यसैले यहाँको आकर्षण दिन दुईगुना रात चौगुनाको दरले बढ्दै गइरहेको छ।

मेरो भरतपुर काठमाण्डौ, पोखरा, दिल्ली, मुम्वई, चेन्नई, कोलकाता र बेइजिङभन्दा कम छैन। न्युयोर्क, लण्डन र टोकियो सबै हो मेरो सपनाको भरतपुर। हरियाली पहाड र चुरेबिचको सेतो पुष्पबाटीका हो। जसका कालोपत्रे सडकहरू अलि टाढाबाट नियाल्दा हरिया डाँठहरूको आभास हुन्छ मलाई। अनि मलाई लाग्छ के यो बेबिलोनियाको झुल्ने बँगैचाभन्दा कम छ र ? अलि टाढा पर्ने हिमाल पनि नजिकैबाट मुस्कुराईरहेको आभास दिलाईदिन्छ। विश्वकै कला साहित्य र संस्कृतिको उद्गमस्थल (विश्वकै सबैभन्दा पुरानो ग्रन्थ वेदका रचनाकार नेपालको तनहुँमा जन्मिएका, उनका संस्कृत रचना पश्चात नै विश्वमा भाषा, धर्म, कला-साहित्य, संस्कृतिको विकास भएको) नेपालको कुनाकाप्चाहरूलाई जोड्ने कडी हो भरतपुर। नेपालको मन-मुटु, मेरुदण्ड, मुलाधार, आधारस्तम्भ, धरातल, गोलीगाँठो सबै विशेषता ओगट्ने मेरो स्वप्न नगरी हो। भरतपुर बिनाको नेपाल जग बिनाको घर भनौँ या ढोका बिनाको घर अथवा ताल्चाबिनाको ढोका। जुनसुकै उपमा दिए पनि जतिसुकै तुलना गरे पनि कमै हुन्छ। अतः मानव सभ्यताको विकासक्रमलाई नियाल्ने हो भने उद्गमस्थलको रूपमा नेपाल रहेको छ। नेपालको पनि मुटुको रूपमा रहेको छ भरतपुर। त्यसैले गहिराइ पूर्वक नियालेर हेर्ने हो भने मेरो सपनाको भरतपुर विश्व ब्रह्माण्डकै केन्द्र हो।

**खैरहनी-१, चितवन**

**भरतपुर महानगरपालिकाद्वारा भरतपुर भ्रमण वर्ष २०२४ का सन्दर्भमा "घुमौं भरतपुर" को भावलाई समेट्नेगरि आह्वान गरिएको खुल्ला गीत प्रतियोगितामा उत्कृष्ट ठहरिएका गीतहरू**

उत्कृष्ट दश

## भरतपुर गान

गोविन्द गोपाल खतिवडा



नेपालको मुटु हो यो, सबैभन्दा राम्रो
उन्नतिको यात्रा गर्छ भरतपुर हाम्रो ।

आँखाभरि समृद्धिको नयाँ चित्र कोर्दै
गोलाघाटमा साँझपख घाम डुबेको हेर्दै
विकासको गीत गाउँछ नारायणीको पानी
शिक्षा, स्वास्थ्य, रोजगारीको यो हो राजधानी ।

अध्यात्मको ज्योति छर्छ यता देवघाट
हात्ती, गैंडा स्वागत गर्छन् फेरि उताबाट
सुनजस्तै धानका बाला लहलह झुल्छन्
यस्तो देख्दा मान्छेहरू सारा संसार भुल्छन् ।

बीसहजारी तालमा पुगी आफैंमा हराउँला
विक्रम बाबा मेला भर्न रमाउँदै जाउँला
प्रकृति र संस्कृतिले भरिपूर्ण ठाउँ
आऊ साथी ! भरतपुरमा अब घुम्न जाऊँ ।

**– पाँचथर, चोकमागु, हाल देवघाट**

卐

उत्कृष्ट दश

## घुमौं भरतपुर

सुरेन्द्र अस्तफल



नेपालको मध्यपुर हो हाम्रो भरतपुर
नारायणी र रापतीको सङ्गम स्वर्णपुर
सयौं भाषा संस्कृतिको मिलन भरपुर
सबै मिली पटकपटक घुमौं भरतपुर ।

देवघाट, गणेशस्थान, बीसहजारी ताल
गोलाघाट, शिवघाट, बाटुलीको घर
पूर्वतर्फ रत्ननगर पश्चिम नवलपुर
पहाडबासी, जनजाति, आदिबासी घर ।

क्रुज चढी नारायणीमा रोपौं प्रेमको रङ्ग
हात्तीपोलो, जिपसफारी मनै हुन्छ दङ्ग
विक्रमबाबा, भोजबाबा, ऋषिहरूको मन
हात्ती, गैंडा, बाघ बस्छन् निकुञ्जको वन ।

कविलास, चौकीडाँडा मनै लोभ्याउने
लहलह बाली फल्छन् तनै अघाउने
चितवनकै मुटुमा छ हाम्रो भरतपुर
सबै मिली पटकपटक घुमौं भरतपुर ।

**भरतपुर-४, बौद्धिकनगर, चितवन**

卐



* उपकुलपति- गैंडाकोट नगर प्रज्ञा-प्रतिष्ठान

* प्राज्ञसभा सदस्य - भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान

उत्कृष्ट दश

# गीत



नवीनराज पौडेल

थेगोःघुमौ भरतपुर २
सफल बनाऔ भ्रमण वर्ष घुमौ भरतपुर १
अन्तराः
भरतपुरबासीको हो साझा अभियान
पर्यटकलाई सबैमिली गरौ है सम्मान

नाच्छन् यहाँका मयुर, मृग, घुम्छन् गैडा पनि
हात्ति चढी हेर्न पाइन्छ पाटे बाघ पनि

काँधमाथि काँध मिलाई बढाएर हर्ष
ऐतिहासिक बनोस् भरतपुर भ्रमण वर्ष ।

मेघौलीको सूर्योदय पटिहानीको अम्ब्रेला
भरतपुरको गौरव बन्यो क्रिकेट रङ्गशाला

देवघाटका मठमन्दिर बीस हजारी ताल
मोटरबोटमा तरौँ लाग्ने नारायणीका छाल ।

ज्ञानेश्वरमा वनभोज खादै चौकी डाककडा पुगौ
जङ्गल सफारी हाम्रो गौरब बन्यजन्तु हेरौ

घुमौ भरतपुर
सफल बनाऔ भ्रमण वर्ष घुमौ भरतपुर

**– भरतपुर-५, चितवन**

卐

उत्कृष्ट दश

# हाम्रो भरतपुर



विष्णुबाबु देवकोटा

आउनुहोस् घुमौं महानगर, आफ्नो आफनो सुरमा
भ्रमण वर्ष मनाऔं मिली, सवले भरतपुरमा ।

पर्यटनको विकासबाट परिवर्तन ल्याउन
लागेको छ महानगर पर्यटक बढाउन
धार्मिक अनि ऐतिहासिक सम्पदाको खानी
संस्कृति र प्रकृतिको यो हो राजधानी ।

वैभवशाली उन्नतिसै वडा केही न केहीमा,
भ्रमण वर्ष मनाऔं मिली, सबले भरतपुरमा ।

स्वास्थ्य, कृषि, सहकारी, उद्योग, निजी क्षेत्र
समृद्धिका आधार यी हुन् महानगर भित्र
चौकीडाँडा, बीसहजारी, घुमौं देवघाटमा
डुब्दो घाम हेर्न जाऔं, दोभान गोलाघाटमा ।

समुन्द्रको आभास हुन्छ, नारायणीको तीरमा,
भ्रमण वर्ष मनाऔं, मिली, सवले भरतपुरमा ।

**– भरतपुर-१३, चितवन**

卐

उत्कृष्ट दश

## हाम्रो भरतपुर

मुक्तिप्रसाद सापकोटा

मयुरको कल्कीमा बुट्टा भरेको ।
पानी खान बाघ र गैडा खोली झरेको ॥
थारु गाँउको झाम्ट्टाभित्र पाङ्दुरेको सुर् ।
हराभरा मनोरम राम्रो भरतपुर ॥
सम्वृद्धिको नमुना, हाम्रो भरतपुर ।

शिरै पर्यो चौकी डाँडा पाऊ गोलाघाट
पर्यटक कुमी रहने दिन होस या रात
तोरी फुल्ने पहेलै प्रत्येक धुर धुर
हराभरा मनोरम राम्रो भरतपुर ॥
सम्वृद्धिको नमुना, हाम्रो भरतपुर ।

नारायणीको बगरमा शिर - शीर् शितल हावा ।
देव भुमि देवघाट जय जय बिक्रम बाबा ॥
खसी हुदै परेवा उडने फुर् फुर् ।
हरा भरा मनोरना राम्रो भरतपुर ॥
सम्वृद्धिको नमुना हाम्रो भरतपुर ॥

**- मेघौली, चितवन**

卐

उत्कृष्ट दश

## भरतपुर गाथाः



पदम अर्याल

चितवनको महानगर भरतपुर हाम्रो
सङ्गम हो, नेपालको मुटु झैं छ राम्रो ।

चिल्ला राम्रा फराकिला सुमार्ग छन् घुम्ने
विकासको लहर छ सगर नै चुम्ने ।

उद्योग र वैभवले अलकाझैं लाग्छ
पौरखीको पसिनाले गरिबी नै भाग्छ ।

गरिमाले जून जस्तै भरतपुर आज
प्रगतिका गीत गाउँछिन् चरी वनको माझ ।

वगेकी छिन् कलकल नारायणी माता
सभ्यता र समृद्धिको मनले गाऔं गाथा ।

नगरका मन्दिरमा शङ्ख -ध्वनि सुन्दा
अलकाझै लाग्छ मलाई भरतपुर घुम्दा ।

बुद्ध, गणेश, देवघाट, वागीश्वरी देवी
वाल्मीकिझैं काव्य लेख्छन् साहित्यका सेवी ।

हात्तीगैंडा मृग हेर्न बारम्बार आऔं
भरतपुरजस्तो सहर अन्त कहाँ पाऊँ ।

सबै मिली विकासका मिठा गीत गाऔं
घुमौं-घुमौं भरतपुर स्वर्गजस्तै ठाउँ ।

**- भरतपुर-९, चितवन**

卐

उत्कृष्ट दश

# भरतपुर भ्रमण वर्ष २०२४ को गीत



विश्ववन्धु गुरुङ्ग

पर्यटकीय, धार्मिकस्थल, संस्कृतिको सहर
अतिथिलाई स्वागत गर्ने नगरबासीको रहर
कविलासगढीदेखि गोलाघाटसम्म ठाउँ
तालतलैया पोखरीहरूका मौलिकपना नाउँ

निकुन्जसग राप्तीदून बनक्षेत्र फैलिएको
जङ्गलसफारी, हाईकिङ र सूर्यास्तले झल्किएको
थारुकल्चर, होमस्टेमय, मेघौली पटिहानी
आत्मनिर्भर बनाउने पर्यटनका अमूल्य खानी

पुण्यभूमि देवघाट, बौद्धगुम्वा विक्रमवाबा
चौकीडाँडा, नारायणीबिचको त्यो शीतल हावा
सौराहाको गोही केन्द्र, पहिलो बखान सहकारी
अर्गानिक एग्रो, प्रर्दशनीकक्ष जनहितकारी

पार्क, कुञ्ज दियालो बङ्गला महानगरको धन
गाजीपुर, वागीश्वरी, बी. पी. शान्तिवन
मनोरन्जनमय अम्ब्रेला स्ट्रिट, नदीमा डुङ्गा सफर
जतिन घुमेनी बसेनि कसैको नि पुग्दैन रहर

**– भरतपुर–२६, चितवन**

卐

उत्कृष्ट दश

# भरतपुर गान



रमेश प्रभात

नेपालको बिचोबिच पर्छ भरतपुर,
नारायणी बग्दैबग्दै झर्छ भरतपुर ।

पूर्व पश्चिम जताबाट आए पनि हुन्छ,
हजुर हिँड्ने पाइतालाले यही माटो छुन्छ,
देवघाट, गोलाघाट अनि गणेशस्थान,
बाटो यही हो मौलाकाली र सौराहा जान ।

स्वागतमा दिल ओछ्याई बस्छ भरतपुर,
नेपालको बिचोबिच पर्छ भरतपुर ।

रातै बस्ने अनि धेरै संस्कृतिमा नाच्ने,
थारु नाच हेर्दै यहाँ जाडोमा घुर ताप्ने,
विदेशीको मात्र होइन नेपालीको पनि,
घुमौँघुमौँ लाग्ने ठाउँ भरतपुरै हो नि ।

सधैँ केही नयाँ काम गर्छ भरतपुर,
नेपालको बिचोबिच पर्छ भरतपुर ।

**– भरतपुर–१०, चितवन**

卐

उत्कृष्ट दश

## घुमौं भरतपुर



बाबुराम पोखरेल

विकासको लहर भेट्न,
सामुद्रिक झल्को मेट्न, केछ तिम्रो शुर
ए साथि ए संगी केछ तिम्रो शुर
जाउँ घुम्न सरर चितवन भरतपुर
.....................
सवैतिर चौडा सडक भईसके चिल्ला
देशको केन्द्र भरतपुर चितवन जिल्ला
आधुनिक सभागृह, क्रिकेट रंगशाला
स्वचालित वत्तिबल्ने सडकपेटी नाला
................
नदी किनार तटवन्धन सुरक्षित सीमा
जन्मिएका छोरीलाई दुईलाखको बीमा
खानेपानी, स्वस्थशिक्षा, सिंचाई घरघर्को
निकुन्जका गैंडाहात्ति गोही हेर्नेको लर्को
...............
बीसहजारी ताल घुम्दै कबिलास गढी
पुण्यभूमी देवघाटको महिमा छ वढी
चौकीडाँडा, पटिहानी, गोलाघाट, हेर्न
व्यवसायिक कृषि हेर्दै जीवनशैली फेर्न

- भरतपुर-९, चितवन

उत्कृष्ट दश

## मध्य नेपालको सुन्दर सहर भरतपुर



विनोद सापकोटा "सौगात"

दिगो विकास पर्यटनको, नगर भरतपुर
शिक्षा स्वास्थ्य औद्योगिकको, आधार भरतपुर
बहुभाषा, सुसंस्कृतको, विस्तार भरतपुर ।

(भरतपुर भरतपुर भरतपुर,
हाम्रो भरतपुर, घुमौं भरतपुर ।।)
अनेकतामा एकताको, कुञ्ज भरतपुर
विकास अनि समृद्धिको, पुञ्ज भरतपुर
कृषिक्षेत्र उत्पादनको, जोड भरतपुर
हरियाली उज्यालोको, मोड भरतपुर ।

रङ्गशाला निर्माण गर्ने, स्थान भरतपुर
देवता र देवालयको, धाम भरतपुर
गैंडाचरा घडियालको, प्रित भरतपुर
सत्यता र यथार्थको, जीत भरतपुर ।

चौकीडाडा गोलाघाट, साझा भरतपुर
राख्न मन लाग्छ मुटु, माझ भरतपुर
नारायणी किनारलाई, चुम्दा भरतपुर
अलौकिक आनन्द छ, घुम्दा भरतपुर ।

- भरतपुर-९, चितवन

**भरतपुर भ्रमण वर्ष २०२४ को सन्दर्भमा आयोजित राष्ट्रिय पर्या कविता प्रतियोगिता २०८० मा उत्कृष्ट ठहरिएका कविताहरू**

प्रथम

## चौतारो : एक आत्मालाप

सुवास सजल



ए भरिया दाइ !
तरेर मझेरी खोलाको साँघु
हिँडेर बेसीटारको हरिया फाँट
बिस्तारै उँभो लाग्दा
बाटैमा पर्ने
म त्यही चौतारो हुँ ।

बोकेर ढाकरभरि सपनाका पोकाहरू
एकैछिन
सुस्ताउन आउँथ्यो बादल मेरो काखमा
निकालेर पानी निधारका कुलाहरूबाट
सिञ्चित गर्थ्यो मेरा जराहरूमा ।

खै के कुरा बुझ्थ्यो बतासले
आएर काउकुती लगाउँथ्यो
मेरा हाँगाहरूमा
हल्लाएर पातहरू
म फुकिदिन्थेँ शीतल हावा
तिम्रो कमिजका कापहरूमा ।

बसेर मेरो आडैमा
कहिले
मुस्कुराउँथ्यो आकाशतिर हेर्दै
कहिले
फत्फताउँथ्यो खै कसको नाममा ?

दाइ, यो बाटो कहाँ पुग्छ ?
'नयाँ बस्ती' भन्ने गाउँ पुग्छ,
निकै सुन्दर छ
कहिले
मार्गदर्शक बन्थ्यो नयाँ बटुवाका लागि ।

घामले आँखा मिच्नुभन्दा अघि
जूनले अन्तिम हाई नकाँढेसम्म

हरेक दिन
तिम्रै हाडछालाको कागजमा
हस्ताक्षरसहित साक्षी बसिदिने
म त्यही चौतारो ।

आज
भेला भएका छन् केही विकासप्रेमीहरू
मेरै वरिपरि
र
छलफल चलेको छ
अन्तिम पटक मलाई साक्षी राखेर ।

निष्कर्ष निकालेको छ भेलाले निम्नानुसार-
बुँदा नम्बर एक- गाउँको बाटो ढलान गर्ने
बुँदा नम्बर दुई- बाटोमा पर्ने चौतारो भत्काउने ।

**- हेटौडा-८, मकवानपुर**

卐

कविता

## उभिएर आफ्नै चिहानमाथि



रेणुका जि सी

आऊ !
भेला भएर यस धराका
हामी महान मान्छेहरू,
विगतदेखि वर्तमानसम्मका
हाम्रा उपलब्धिहरूका हिसाब निकालौं
अनि मनाऔं उत्सव !
पिएर 'कार्बोनेटेड वाटर'
तिनका प्लास्टिक बोतलहरू
मिल्काऔं समुद्रमा
र सदाका लागि निर्मूल गरिदिऔं
जलचरहरूलाई ।
सामूहिक पिकनिकमा जाऔं
र सल्काएर जङ्गलमा डढेलो
आगोको चमत्कारमा मख्ख परौं
अनि नामेट गरिदिऔं
जङ्गली जनावरहरूका बस्ती
र चराका बान्की परेका गुँडहरूलाई ।
त्यसपछि धुवाँ भरिएको आकाशमा
कोरौं कविता,
या हिउँविहीन हिमालको अमूर्त चित्र बनाएर
प्रस्तुत गरौं हाम्रो कल्पनाशीलताको अनुपम उदाहरण ।
बनाऔं हजारौं माइलसम्म प्रहार गर्ने आणविक क्षेप्यास्त्र
र सिध्याइदिऊँ सल्केर बाँकी रहेको पृथ्वीको पल्लो डिलमा बसेर
मायाको अन्तिम गीत लेखिरहेको प्रेमीलाई ।
त्यसपछि
फूल नफुल्ने रोगी माटोमा उभिएर
पृथ्वीलाई आफ्नो सामूहिक चिहान बनायौं भनेर
सगर्व घोषणा गर्दै
भोलिको पुस्तालाई हस्तान्तरण गरौं अँध्यारो,अस्वस्थ संसार,
ताकि हामीले बनाइदिएको चिहानमा
उनीहरू जन्मनुअघि नै मृत्युवरण गरून्
र कहिल्यै लेख्न नसकुन्
हरियो रूख,
रङ्गीचङ्गी फूल
अनि सेतो हिउँका कविताहरू ।

**- चन्द्रनिगाहपुर-४, रौतहट**

卐

कविता

## भेन्टिलेटरको सहर



परिवेश चापागाइ

एक सहर
जहाँ भेटिदैन अलिकति पनि
निलो आकास,
जुन आकाशलाई
चपाइरहेछन्
गगनचुम्बी भवनहरूका
फलामे दाह्राहरूले
यो सहरमा,
चराहरू अक्सिजन मास्क बोकी
उड्न नसकेर दौडिन सिकिरहेछन्
पाटेबाघले आँखा नदेखेर
माइनस दुइका पावरवाला
चस्मा लगाई बृद्धा आश्रममा कैद बसेको छ
यहाँ एउटा रूख काट्दा
मान्छेले अक्सिजन लगाउन बिर्सेको
आरोपमा अदालत जन्मकैद फैसला सुनाइरहेछ
विद्यालयमा भेन्टिलेटर कोठामा जान नपाएर
एक छोरो आफ्नो गरिब बाउलाई सरापिरहेछ
यो भेन्टिलेटर को सहर हो !
यहाँ गल्लीगल्लीमा ढल - नालिहरूमा
सुगन्धित हावा बगिरहन्छ,
र यहाँका मान्छे स्वच्छ हावाका कारण
बिरामी परिरहन्छन्
फोक्सोमा निकोटिन नभेटिएको आरोपमा
बृद्धलाइ एउटा जमातले बौलाहा आरोप लगाई पिटिरहेछ ।
आफ्नै भेन्टिलेटर हुनेहरू
फुटपाथमा स्वच्छ हावा बेच्नेलाई
लखेटी लखेटी पिटिरहेछ्न् ।
यहाँका खोलाहरूमा
फोहोर ढल मिसियका छैनन,
यहाँ सिङ्गो जङ्गल विनाश गरि
कोठा सजाउनलाई बोन्साइ बेचिन्छ ।
यो भेन्टिलेटरको सहर हो !
त्यसैले आऊ हामी
भविष्य जलाएर वर्तमानमा आगो तापेर बसौं ।

**- भरतपुर-२८, चितवन**

卐

प्रोत्साहन

# अनन्त मुस्कान



समर्पण न्यौपाने

डँढेलो सल्किरहेछ हिमालहरूमा
र, हामी बरफ तापिरहेछौँ ।

आफ्नै भविष्यलाई
खुवाएर उत्तराधुनिक लोप्पा
प्रकृतिसँग खेलिरहेछौँ
रसियन रुलेट ।

हामी एक एक गरी
हारिरहेछौँ सबथोक
एउटा हार
उत्तरमा 'पोलार बियर'को नाम
अर्को हार
दक्षिणमा 'एम्पेरर पेङ्गुइन'को नाम
अनवरत खेल र असङ्ख्य हारहरू ।

आर्कटिक पग्लिरहेछ
हामी मौन जमिरहेछौँ ।

जम्नु र निस्तेज जमिरहनु
क्षितिज पछ्याउनेहरूलाई
हुनुहुन्न मन्जुर ।

सारा सभ्यता
मन्थन गरी निस्किएको
सहअस्तित्वको यो इन्द्रेनी तेज
पुऱ्याऔँ सृष्टिको हरेक कुनामा ।

अलिकति प्रेम
अमेजोन जङ्गलमा छरिदिऊँ
हाम्रो प्यास मेटाउँदामेटाउँदै तिर्खाएका काभेरीहरूलाई
हाम्रै मयल धुँदाधुँदै मैलिएका गङ्गा र वाग्मतीहरूलाई
भरिदिऊँ फेरि स्निग्ध जलराशिले
फर्काइदिऊँ हिमाललाई
उसको आदिम शान्ति ।

हामीले पीडा मात्र दिँदा पनि
हामीलाई सबथोक दिने प्रकृतिको नाममा
गरौँ एउटा अन्तिम प्रतीज्ञा-
अब हामी राख्ने छैनौँ
'विवेक' धरौटी
कुनै मल्टिनेसनल कम्पनीमा ।

अनि मात्र
पूर्ववत् हाँस्ने छन् हिमालहरू
नाच्ने छन् मुनालहरू
र आफ्नै पुरातन लयमा
हालेर नवीन चेतनाको भाका
मुस्कुराउने छ सारा सृष्टि
सद्भावको अनन्त मुस्कान ।

- हेटौडा, मकवानपुर

उत्कृष्ट दश

## मान्छे र पृथ्वी

खगेन्द्र अटल



साढे चार अर्व वर्ष आयु भएको पिण्डको अघि
करिब करिब शतक आयु भएको
यौटा चेतनशिल जीवात्माको उत्पत्ति
वडो रहस्यमय छ ।

अचेल
मष्तिष्कमा सिंगो व्रह्माण्डमा बोकी हिड्छ र वताउँछ
आफ्नो मस्तिष्कको औसत उचाइसगरमाथा हो भनि
आफ्नो मस्तिष्कको औसत लम्बाइ नाइल हो भनी
आफ्नो मस्तिष्कको औसत चौडाइ भूमध्येरेखा हो भनि ।

बेलाबेला
कुनै सिपाहीले परेडमा बुट बजारे झैं,
बजार्छ  तिम्रो छातीमा एटमिक बुट
कुनै पुजारीले मन्दिरमा परेवा उडाएँ झैं,
सजिलै उडाउँछ तिम्रो शिरममाथि रकेट
कुनै सिकारीको निशाना झैँ,
ताक्छ तिम्रै निधारमा मेसिनगन
र
गाँउछ तिम्रै महिमा गीत ।

तिमी नै हो मान्छेको न्यानो ओत,
तिमी नै हो हाम्रो जिन्दगिको स्रोत
अपसोच
हामी नै भैदिए दियौ तिम्रै लागि बोझ
अहो ।
आउँ
कुनै उद्घाटनमा रिवन काटे झैँ
काटौं सम्बन्धका दूरीहरू
र
बाँचौ निर्धक
हामी दुवै
आ-आफ्नो आयु ।

– आठविस न.पा.-१, दैलेख

卐

उत्कृष्ट दश

## इन्द्रेणी सपना

भरत थापा



आहा !
माथि माथि शैलुङको रोधीघरमा
लोकभाका गाइरहेको मुनाल
सोइ ढोले नाचिरहेका डाँफे र मारुनीमा मुजुरहरू

राताम्मे गुराँसहरूले स्वागत गरेका
हरिया नागीका रङ्गशालाहरूमा
म्याराथन दौडीरहेका मृग र घोरलहरू

स्यालको विहे जस्तै
घाम र पानी
अनि स्वर्ग छिर्ने गेट बनाएर
टेम्केदेखि मकालुसम्मै फैलिएको इन्द्रेणी
अहो ! कस्तो रङ्गीन सपना देखे मैले
तल अरूणको गणतिरमा सुस्ताएर

ब्युझँदा
फेदीबाट लागेको डढेलो पर्खिरहेको टेम्के
गुराँस भारी हालेर बसाइ हिँड्न लागेजस्तो मैयुम
निख्खर सेतो,  क्रियापुत्री जस्तै
खै कस्को बरखी बारेर मौन बसीरहेजस्तो मकालु
सभ्यता बोकेर बङ्गालको खाडीतिर हतारमा दौडिरहेको
अरूण
आत्महत्या गर्न हामफालिरहेजस्तो ह्यात्रुङ
अनि भ्रमण छोट्याएर
हतारमा भागिरहेका साइबेरियन भंगेराहरू ......!

– महालक्ष्मी-३, धनकुटा

卐

उत्कृष्ट दश

# पर्वतको यात्रामा..



सिजन श्रेष्ठ

सर्वश्रेष्ठ पर्वतहरूमा जाँदा
रूखहरूको खुट्किलै खुट्किला भएर जानू तिमी
जाँदाजाँदै...
कानेखुसी सुन्नू- हाँगाहरूको
डालीघाँसको कपाल सुम्सुम्याउनू
वायुको छायाँलाई पछ्याउनू
छिन-छिनमा संवाद गर्दै रहनू- कुहिरोसँग

जाँदाजाँदै... थकाइ लागेमा
बाटोको एक छेउमा
कपासजस्ता स-साना बिरुवाहरूको हुल बाँधेर
सियाँल बनाउनू
चियाएर हेर्नू- अग्ला-अग्ला हिमशिखरहरूसँगै
फरफराइरहेका लुङ्दरहरू
र, सुस्ताउनू सुन्दै- अन्तरमनको सरसराहट...

एकैछिन निकालेर फुर्सद
जाँदाजाँदै‘
बुढी औँला र चोरी औँलाले
नाप्नू- क्षितिजको फैलावट
र, समेट्नू- आफ्ना दुवै हत्केलामा

जाँदाजाँदै‘
अचानक
बाटो छेकेमा यादहरूले
केलाउनू- सुन्तलाका केस्राहरू जसरी
छोडाउनू- प्याजका पत्रहरू जसरी
- बादललाई
- ढुङ्गालाई
छोडाउनू- हिउँलाई
- पानिलाई
छोडाउनू- आकाशलाई
र, फिँजाउनू- भुइँमा बिस्कुन बनाएर सबैलाई
छाडेर जानू ती यादहरूलाई त्यहीँ
बनाएर त्यही बिस्कुन रुङ्ने गोठालो।

पर्वतको यात्रामा...
जाँदाजाँदै‘ भुलेर पनि तर
चकटीजस्ता न्याना
खेतका गराहरूलाई नछोडाउनू
भुलेर पनि तर
सधैँभरी चलिरहने
अँध्यारो र उज्यालोको
गोप्य वार्तालाई नबिथोल्नू।

भुलेर पनि तर नछोडाउनू-
लसुनको पोटीलाई छोडाए जसरी
सिङ्गो प्रकृतिलाई
एकै पटक
भुलेर पनि
नछोडाउनू तर सिङ्गै पृथ्वीलाई एकै पटक
उही समयमा।

**– पाँचखपन–६, सङ्खुवासभा**

उत्कृष्ट दश

## धर्ती रहेसम्म हो



सुलभ अधिकारी

साँच्चै सृष्टि सुवर्ण सत्य सविता सौन्दर्यकी सारिणी
सारा सागर शैलकी सगरकी सञ्जात सञ्चारिणी
हुन् माटो कविता फुराइरहने माङ्गल्यकी मालिका
मान्छेका मनभित्र मिष्ट ममता माधुर्यकी मल्लिका
॥१॥
प्यारी प्राण प्रदायिनी प्रजनिका पुण्यात्मकी प्राङ्गण
पृथ्वी पावन पार्दछिन् प्रकृतिले पोखेर पञ्चामृत
पक्षीमा पशुमाप्रसाद पलमा पस्केर पद्मासरि
पाल्छिन् पूर्ण प्रमोदमा प्रणयको प्याला पिलाई परी
॥२॥
खर्बौं सूक्ष्म सजीव कीट सबकी हुन् अन्नपूर्णा धरा
कैयौं शब्द सिकाउने हृदयकी हुन् प्रेमकी अप्सरा
भाषा, जीवन, तन्त्र, मन्त्र, तपकी हे सृष्टिकर्ता महान्
अर्बौं भाव विचार बिम्ब रसकी हे जन्मदाता महान्
॥३॥
यी पाखा चुचुरा हिमाल र गरा आफैँ महाकाव्य हुन्
झर्नाका जल, घाम, बोट बिरुवा झन् त्राणका गव्य हुन्
कोर्छिन् कञ्चन काव्य कल्य ककनी काव्यास्त्र कादम्बिनी
हुन् धर्ती प्रतिबिम्ब छन्द लयकी साहित्य सौदामिनी
॥४॥
बाँच्ने जीवन यो समस्त जगमा पानी रहेसम्म हो
नाच्ने मानव नित्य शुद्ध र सफा हावा मिलेसम्म हो
हामीमा कविता प्रफुल्लित हुने भाषा रहेसम्म हो
ए मान्छे ‼ वन फाँड्न छोड् तँ रहने धर्ती रहेसम्म हो ।
॥५॥

**- बर्दघाट-१०, नवलपरासी**

卐

उत्कृष्ट दश

## परलोकको बाटो



बुद्धिबल श्रेष्ठ

यही बाटो हो वधशालाको
जुन बाटो भएर
ग्रीष्मकालभरि हत्यारा आगो अरण्य यात्रा गर्दछ
हुस्सुको बर्को ओढेर हिउँदभरि
शीतलहरले त्रासको कोर्रा बर्साउँछ
ओजोनको पर्दा उघारेर माथिबाट घामले
परावैजनी विकिरण प्रक्षेपण गर्दछ
    सहँदै तातो लुको राप
    अनि धुवाँलोको तानाशाही खेपेर बाँचेको
    यही लुते राजमार्ग हो
    जहाँ किनारको ढलबाट निस्केर दिनदहाडै
    राजरोगले आक्रमण गर्दछ फोक्सोमा
कार्बनमोनोअक्साइड लिएर डुल्ने हावा हिँड्छ यो बाटोबाट
सल्फरडाइअक्साइड पिएर बग्ने नदी बग्छ यो बाटोबाट
    दिगो विकासका पराकम्पहरू
    वृष्टि विविधताका रागहरू
    जलवायु परिवर्तनका प्रलापहरू
    सबै हिँड्ने साझा बाटो हो यो
बनेली अतिक्रमणका आदेशहरू
यही बाटो भएर पत्राचार गर्छन डेमोक्र्याट्सहरू
वृक्ष ध्वंशका कार्ययोजनाहरू
यही बाटोमै तयार गर्छन ब्युरोक्रयाट्सहरू
कङ्क्रिटको बगैँचा
यही बाटोमै खडा गर्छन् हिप्पोक्रयाट्सहरू
यही मानव निर्मित बाटोमै छँन
खोरियै खोरियाले खल्वाँट भएका पहाडहरू
जहाँबाट स्खलित पहिरोले एक दिन पुऱ्याउँन छ
    मान्छेहरूलाई हिटलरको ग्याँस च्याम्बरभित्र
    मिलेमतोको राजमार्ग हो यो
    जुन बाटो जाँदा पुगिन्छ
    आफ्नै सन्ततिको मृत्युपत्रमा हस्ताक्षर गर्ने ठाउँसम्म
यी कृत्य आँखिर मान्छेको दुःस्वप्न हो - मृत्युञ्जय

**- राप्ती न.पा.,चितवन, हाल : नेपालगञ्ज**

卐

उत्कृष्ट दश

# धर्तीको बकपत्र

सुन्दर शिरीष

खै, मेरो शिरमा हिउँको टोपी ?
खै, जङ्गलमा हरियोपन ?
खै, वायुमा हावाको गुञ्जन ?

चिथोरेर डोजरका नङ्ग्राले मेरो छाती
बनाइरहेछौ कङ्क्रिटका बस्ती,
खुवाएर विषादीयुक्त अन्न
जन्माइरहेछौ मृततुल्य मानव
जसले उद्घोष गरिरहेछ- 'विकासका लागि विनाश'

तिम्रो विकासको राजमार्गमा
धाँजा फाटेको छ- नजोडिने गरी
पहिरो बगेको छ- दुषित ढलको
खडेरी पिउँदै छ, राप्ती र नारायणी
बसाइँ सरिसके, डाँफे र कस्तुरी

किन सोच्दैनौ अझैं-
पहाडहरू भत्काएपछि, कहाँ बस्ला पहाड ?
नदीमा घर बनाएपछि, कहाँ बग्ला नदी ?
हरियो नै नभएपछि, कसरी बाँच्ला पृथ्वी ?

ए, मनुष्य
म तिम्रो धर्ती माता
कसरी गरौं आफ्नै कुरूपताको बयान
यत्तिमात्रै भन्न सक्छु-
'मलाई बाँच्न देऊ'
म बाँचे भने बाँच्ने छौ तिमी
र, बचाउने छ प्रकृतिले तिम्रो पुस्ता
यदी 'बाँच्ने र बचाउने' हो भने
गरौं आजैबाट सङ्कल्पको शङ्खनाद

जहाँ-
खोलाहरू बग्न पाउने छन्, आफ्नै बाटोमा
श्रमहरू फुल्न पाउने छन्, मलिलो माटोमा
नाच्नेछन् पन्छीहरू खुला आकाशमा
गाउँने छन् हावाले स्वच्छताको गीत
टुहुरो हुने छैन, जङ्गलका हरियोपन
र, उजाड हुने छैन, पहाडका सिउँदोहरू

**- मांखा -७, सिन्धुपाल्चोक**

卐

भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा, परिषद् तथा विधागत समितिहरूको विवरण तथा सम्पर्क सूची

**प्राज्ञसभा**

| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन |
|---|---|---|---|---|
| १ | कुलपति | श्री रेनु दाहाल | महानगरपालिका | ९८५५०११३११ |
| २ | उपकुलपति | श्री इन्द्रप्रसाद रेग्मी | भरतपुर-११ | ९८४५०५५२९२ |
| ३ | प्राज्ञसभा सदस्य | श्री चित्रसेन अधिकारी | महानगरपालिका | ९८५५०११३०० |
| ४ | प्राज्ञसभा सदस्य | श्री लक्ष्मीप्रसाद पौडेल | महानगरपालिका | ९८५२८३५७५४ |
| ५ | प्राज्ञसभा सदस्य | श्री सुवासचन्द्र आचार्य | महानगरपालिका | ९८५६०४०२५५ |
| ६ | प्राज्ञसभा सदस्य | श्री विष्णुराज महतो | भरतपुर-२२ | ९८५५०९२३२२ |
| ७ | प्राज्ञसभा सदस्य | श्री विष्णुबहादुर भुजेल | भरतपुर-१४ | ९८५५०९२३३७ |
| ८ | प्राज्ञसभा सदस्य | श्री सिर्जना अधिकारी | भरतपुर-१५ | ९८५५०९२३३० |
| ९ | प्राज्ञसभा सदस्य | श्री केदारनाथ खनाल | भरतपुर-१० | ९८५५०५३१२८ |
| १० | प्राज्ञसभा सदस्य | श्री प्रकाश चापागाइँ | भरतपुर-१२ | ९८५५०५९३१७ |
| ११ | प्राज्ञसभा सदस्य | श्री विष्णुदेवी तिवारी उषा | भरतपुर-३ | ९८४५०७५७९५ |
| १२ | प्राज्ञसभा सदस्य | श्री अमृता रामदाम | भरतपुर-२ | ९८२१२६६३३३ |
| १३ | प्राज्ञसभा सदस्य | डा. एकनारायण पौड्याल | भरतपुर-१२ | ९८५५०८२०९७ |
| १४ | प्राज्ञसभा सदस्य | प्रा.डा. कर्णबहादुर बानिया | भरतपुर-१२ | ९८४७०६९३७९ |
| १५ | प्राज्ञसभा सदस्य | डा. केशवराज चालिसे | भरतपुर-९ | ९८५७०६०७३१ |
| १६ | प्राज्ञसभा सदस्य | श्री किसान प्रेमी | भरतपुर-१२ | ९८४५०९०९१२ |
| १७ | प्राज्ञसभा सदस्य | श्री गायत्री श्रेष्ठ | भरतपुर-२ | ९८४५०८१७२० |
| १८ | प्राज्ञसभा सदस्य | डा. धनेश्वर भट्टराई | भरतपुर-१० | ९८४५०८७०४५ |
| १९ | प्राज्ञसभा सदस्य | प्रा.डा.नारायणप्रसाद खनाल | भरतपुर-४ | ९८४५१५४३५७ |
| २० | प्राज्ञसभा सदस्य | श्री पोषराज पौड्याल | भरतपुर-७ | ९८४५०३२२७५ |
| २१ | प्राज्ञसभा सदस्य | श्री भूपेन्द्र खड्का भूपिन | भरतपुर-१२ | ९८५५०५१२८२ |
| २२ | प्राज्ञसभा सदस्य | श्री रमाकान्त सापकोटा | भरतपुर-१० | ९८४५०२४४२६ |
| २३ | प्राज्ञसभा सदस्य | श्री रामहरि श्रेष्ठ | भरतपुर-१ | ९८४५५०५३४५ |
| २४ | प्राज्ञसभा सदस्य | श्री शशिकिरण रेग्मी (रह शर्मा) | भरतपुर-१० | ९८४९५११७०४ |
| २५ | प्राज्ञसभा सदस्य | श्री श्यामजी अतिथि | भरतपुर-१२ | ९८४५१११०८० |
| २६ | प्राज्ञसभा सदस्य | श्री श्रीराम महतो | भरतपुर-२२ | ९८१२२३१२०१ |
| २७ | प्राज्ञसभा सदस्य | श्री सुरेन्द्र अस्तफल | भरतपुर-५ | ९८५५०६१६६१ |
| २८ | प्राज्ञसभा सदस्य | श्री सिर्जन अविरल | भरतपुर-५ | ९८४५०५२२८० |
| २९ | प्राज्ञसभा सदस्य | श्री हरि योञ्जन | भरतपुर-२ | ९८५५०५७९५० |
| ३० | प्राज्ञसभा सदस्य | श्री होमनाथ भण्डारी | भरतपुर-२४ | ९८४५०५५१२९ |
| ३१ | सदस्य सचिव | श्री बालकृष्ण थपलिया | महानगरपालिका | ९८४५०५११२७ |

## प्राज्ञ परिषद्

| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन |
|---|---|---|---|---|
| १ | उपकुलपति | श्री इन्द्रप्रसाद रेग्मी | भरतपुर-११ | ९८४५०५५२९२ |
| २ | परिषद् सदस्य | श्री केदारनाथ खनाल | भरतपुर-१० | ९८५५०५३१२८ |
| ३ | परिषद् सदस्य | श्री प्रकाश चापागाईं | भरतपुर-१२ | ९८५५०५९३१७ |
| ४ | परिषद् सदस्य | श्री विष्णुदेवी तिवारी उषा | भरतपुर-३ | ९८४५०७५७९५ |
| ५ | सदस्य सचिव | श्री बालकृष्ण थपलिया | महानगरपालिका | ९८४५०५११२७ |

## भरतपुर प्रज्ञा जर्नल प्रकाशन समिति

| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन |
|---|---|---|---|---|
| १ | संयोजक | श्री इन्द्रप्रसाद रेग्मी | भरतपुर-११ | ९८४५०५५२९२ |
| २ | प्रधान सम्पादक | डा. केशवप्रसाद चालिसे | भरतपुर-९ | ९८५७०६०७३१ |
| ३ | सम्पादक | डा. एकनारायण पौड्याल | भरतपुर-१२ | ९८५५०८२०९७ |
| ४ | सम्पादक | श्री महेन्द्रप्रसाद पौड्याल | महानगरपालिका | ९८५५०६९९८६ |
| ५ | सम्पादक | श्री रमाकान्त सापकोटा | भरतपुर-१० | ९८४५०२४४२६ |
| ६ | कार्यकारी सम्पादक | श्री बालकृष्ण थपलिया | महानगरपालिका | ९८४५०५११२७ |

## महानगर साहित्य दर्पण अङ्क ३

| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन |
|---|---|---|---|---|
| १ | संरक्षक | श्री रेनु दाहाल | महानगरपालिका | ९८५५०११३११ |
| २ | सल्लाहकार | श्री चित्रसेन अधिकारी | महानगरपालिका | ९८५५०११३०० |
| ३ | सल्लाहकार | श्री लक्ष्मीप्रसाद पौडेल | महानगरपालिका | ९८५२८३८७५४ |
| ४ | सल्लाहकार | श्री इन्द्रप्रसाद रेग्मी | महानगर प्रज्ञाप्रतिष्ठान | ९८४५०५५२९२ |
| ५ | सल्लाहकार | श्री सुवासचन्द्र आचार्य | महानगरपालिका | ९८५६०४०२५५ |
| ६ | प्रधान सम्पादक | श्री केदारनाथ खनाल | भरतपुर-१० | ९८५५०५३१२८ |
| ७ | सम्पादक | श्री प्रकाश चापागाईं | भरतपुर-१२ | ९८५५०५९३१७ |
| ८ | सम्पादक | श्री जगन्नाथ पण्डित | भरतपुर-१२ | ९८४५१४६६६२ |
| ९ | सम्पादक | श्री सुरेन्द्र अस्तफल | भरतपुर-५ | ९८५५०६१६६१ |
| १० | कार्यकारी सम्पादक | श्री बालकृष्ण थपलिया | महानगरपालिका | ९८४५०५११२७ |

| साहित्यकार-कलाकार कोश ( वाङ्मय कोश ) प्रकाशन समिति | | | | |
|---|---|---|---|---|
| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन |
| १ | संयोजक /प्रधान सम्पादक | श्री केदारनाथ खनाल | भरतपुर-१० | ९८५५०५३१२८ |
| २ | सदस्य | श्री विष्णुबहादुर भुजेल | भरतपुर-१५ | ९८५५०९२३३७ |
| ३ | सदस्य | श्री विष्णुदेवी तिवारी उषा | भरतपुर-३ | ९८४५०७५७९५ |
| ४ | सदस्य | श्री प्रकाश थापा 'प्रथा' | भरतपुर-४ | ९८४५५१८२०३ |
| ५ | कार्यकारी सम्पादक | श्री बालकृष्ण थपलिया | महानगरपालिका | ९८४५०५११२७ |
| दर्शन/समाजशास्त्र समिति | | | | |
| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन |
| १ | संयोजक | श्री केदारनाथ खनाल | भरतपुर-१० | ९८५५०५३१२८ |
| २ | सदस्य | प्रा.डा. नारायणप्रसाद खनाल | भरतपुर-४ | ९८४५१५४३५७ |
| ३ | सदस्य | श्री श्यामजी अतिथि | भरतपुर-१२ | ९८४५१११०८० |
| ४ | सदस्य | श्री गायत्री श्रेष्ठ | भरतपुर-२ | ९८४५०८१७२० |
| ५ | सदस्य | प्रा.डा. कर्णबहादुर बानिया | भरतपुर-१२ | ९८४७०६९३७९ |
| भाषा/साहित्य समिति | | | | |
| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन |
| १ | संयोजक | श्री प्रकाश चापागाईँ | भरतपुर-१० | ९८५५०५९३१७ |
| २ | सदस्य | श्री सिर्जना अधिकारी | भरतपुर-१५ | ९८५५०९२३३० |
| ३ | सदस्य | डा. धनेश्वर भट्टराई | भरतपुर-१० | ९८४५०८७०४५ |
| ४ | सदस्य | श्री सुरेन्द्र अस्तफल | भरतपुर-५ | ९८५५०६१६६१ |
| ५ | सदस्य | श्री सिर्जन अविरल | भरतपुर-५ | ९८४५०५२२८० |
| कला संस्कृति समिति | | | | |
| क्र.सं. | पद | नामथर | ठेगाना | टेलिफोन |
| १ | संयोजक | श्री विष्णुदेवी तिवारी उषा | भरतपुर-३ | ९८४५०७५७९५ |
| २ | सदस्य | श्री हरि योञ्जन | भरतपुर-२ | ९८५५०५७९५० |
| ३ | सदस्य | श्री रामहरि श्रेष्ठ | भरतपुर-१ | ९८४५५०५३४५ |
| ४ | सदस्य | श्री प्रभातकुमार जोशी | भरतपुर-१ | ९८५५०५२४९४ |

# पत्रपत्रिकामा प्रज्ञा प्रतिष्ठान



लोकतन्त्र सन्देश — Loktantra Sandesh National Daily — वर्ष १८ अंक १९९ २०८० चैत्र ०२ गते शुक्रबार

## भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानका विभिन्न सम्मान, पुरस्कार तथा प्रतियोगिताका नतिजा सार्वजनिक

भरतपुर/भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानले प्रदान गर्ने विभिन्न सम्मान, पुरस्कार तथा प्रतियोगिताको नतिजा सार्वजनिक गरिएको ... पण्डितको घरबारीमा तोरी फुल्यो कवितासङ्ग्रहलाई, भरतपुर प्रज्ञा पुरस्कार (आख्यान) अष्टदेव खनालको अन्तश्चेतना उपन्यासलाई प्रदान गरिने सदस्य ...

## महानगर साहित्य दर्पण–२' को विमोचन

भरतपुर। नरेन्द्रकुमार रानामगर भरतपुर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हुन्। तर, बुधवार उनी महानगरपालिकाकै सभाहलमा फरक भूमिकामा प्रस्तुत भए। अन्य समयमा सरकारी कर्मचारीको रुपमा काम गर्दै आएका उनलाई बुधबारबाट कविका रुपमा पनि चितवनवासीले चिन्ने मौका पाए।

रुकुम पश्चिम स्थायी घर भएका ...

भरतपुर महानगर प्रज्ञाप्रतिष्ठानले आयोजना गरेको कार्यक्रममा चितवनका स्रष्टाहरू खनाल रेवतीरमण, बालकृष्ण थपलिया र प्रकाश थापागाईंले मगरका एक/एक कविता सुनाएर साथ दिएका थिए।

सोही क्रममा प्रज्ञाप्रतिष्ठानले 'महानगर साहित्य दर्पण–२' नामक पुस्तकको विमोचनसमेत गरेको छ। प्रतिष्ठानकी कुलपति एवम् भरतपुर महानगरपालिकाकी मेयर रेनु दाहाल, उपकुलपति इन्द्रप्रसाद रेग्मी, महानगर– ...

## कवि रानाको 'ऊ र म' कवितासंग्रह लोकार्पण

## मोती जयन्तीमा सांगीतिक गजल साँझ

### छ स्रष्टा एउटै मञ्चमा

## निबन्ध संग्रह लोकार्पण तथा अन्तरक्रिया

## ...प्रतिष्ठानको तेस्रो प्राज्ञसभा

## ...साहित्य दर्पण सार्वजनिक तथा ...नाको एकल कविता वाचन

... महानगर प्रज्ञा प्रतिष्ठानका उपकुलपति इन्द्र रेग्मीको अध्यक्षतामा भएको ... कुमार राना, महानगर प्रज्ञा प्रतिष्ठानका उपकुलपति इन्द्र रेग्मीले संयुक्त रुपमा महानगर साहित्य दर्पण २ पनि सार्वजनिक ...

## भरतपुर प्रज्ञा प्रतिष्ठानद्वारा स्रष्टा सम्मान

भरतपुर/भरतपुर महानगर प्रज्ञा प्रतिष्ठानले स्रष्टालाई सम्मान तथा पुरस्कृत गरेकोछ। आइतबार भरतपुर महानगरपालिकाको सभाहलमा प्रतिष्ठानका कुलपति रेनु दाहाल, महानगरका उपप्रमुख चित्रसेन अधिकारी, प्रमुख प्रशासकीय अधिकृत नरेन्द्र कुमार राना, उपकुलपति इन्द्र रेग्मीले संयुक्त रुपमा स्रष्टाहरूलाई सम्मान तथा पुरस्कृत गर्नु भएको थियो। प्रज्ञा प्रतिष्ठानले वार्षिक रुपमा प्रदान गर्ने विभिन्न सम्मान, पुरस्कार तथा निबन्ध र कथा प्रतियोगितामा पुरस्कृत प्रतिभाहरूलाई सम्मान गरिएको हो। सम्मान कार्यक्रममा भरतपुर प्रज्ञा सम्मान प्रकाश थापा "प्रथा"लाई सम्मान गरिएको हो। भरतपुर–४ चितवन निवासी थापालाई ५० हजार ७८ रुपैयाँ, दोसल्ला र प्रमाण–पत्र प्रदान गरिएको थियो।


त्यसैगरी कृष्णबम मल्ल प्रज्ञा सम्मान प्रा.डा. कर्णबहादुर बानियाँलाई प्रदान गरिएको छ। भरतपुर– १२ निवासी बानियाँलाई ५० हजार ७८ रुपैयाँ दोसल्ला र प्रमाण–पत्रप्रदान गरिएको थियो। त्यसैगरी पुरस्कारतर्फ चित्रवन प्रज्ञा पुरस्कार डि.आर. पोखरेललाई प्रदान गरिएको छ। संस्कृतिको सोपानमा चितवन कृतिका लागि भरतपुर–१० निवासी पोखरेललाई ५० हजार ७८ रुपैयाँ, दोसल्ला र प्रमाण–पत्र प्रदान गरिएको थियो।

त्यस्तै वागीश्वरी प्रज्ञा पुरस्कार सिम्रन क्षेत्रीको भुमर उपन्यासलाई दिइएको छ। भरतपुर–१ नारायणगढ निवासी क्षेत्रीलाई रु. २५ हजार ७८, दोसल्ला र प्रमाण–पत्र प्रदान गरिएको थियो। त्यस्तै भरतपुर प्रज्ञा पुरस्कार (काव्य) जगन्नाथ पण्डितको घरबारीमा तोरी फुल्यो कविता संग्रहलाई दिइएको छ। पुरस्कारको राशि रु. २५ हजार ७८ रुपैयाँ सम्मानपत्र रहेको छ। त्यस्तै भरतपुर प्रज्ञा पुरस्कार (आख्यान) अष्टदेव खनालको

बाँकी अन्तिम पृष्ठमा...

Kayakairan Daily — कायाकैरन दैनिक

## महानगर प्रज्ञाप्रतिष्ठानबाट स्रष्टा सम्मान




शैक्षिक प्रशासन महाशाखाको समन्वयमा महानगर प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित आधारभूत विद्यालय स्तरीय चित्रकला प्रतियोगिता–२०८० मा प्रथम भएको अङ्कुराम एकेमेडीमा  कक्षा ३ मा अध्ययनरत दिविजा रेग्मीको कलाकृति

"मध्य नेपालको सुन्दर शहर, समृद्ध र सुसंस्कृत भरतपुर महानगर"

# "घुमौं भरतपुर"

## सहभागी बनौं ! सफल पारौं ! !




# भरतपुर भ्रमण वर्ष-२०२४

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

इमेलः pragyapratisthanbhr078@gmail.com | वेबसाइटः www.bharatpurmun.gov.np | मो. ९८४५०५११२७

महानगर साहित्य दर्पण, अङ्क-३, २०८१
भरतपुर महानगर प्रज्ञा-प्रतिष्ठान